# लेखापरीक्षण प्रतिवेदन

# काठमाडौँ महानगरपालिका, काठमाडौँ

## आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# काठमाडौँ महानगरपालिका, काठमाडौँ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/42

श्रीमान् नगरप्रमुखज्यू,
काठमाडौं महानगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, काठमाडौं।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/42

मिति : २०८३-१-३०

श्रीमान् नगरप्रमुखज्यू,

काठमाडौं महानगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, काठमाडौं ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**१. कैफियत सहितको रायः**

हामीले यस महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः**

२.१. महानगरपालिकाले स्वीकृत नेपाल सार्वजनिक लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१ अर्ब ७१ करोड २५ लाख ७३ हजार,समावेश गरेको छैन।

२.२. काठमाडौं महानगरपालिकाको आय र व्ययतर्फ रू. २८ अर्ब २९ करोड १३ लाख ८४ हजारको लेखापरीक्षणबाट रू.६९ करोड ९६ लाख ७९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.८ करोड १५ लाख १७ हजार र सम्परीक्षणबाट रू.१६ लाख १ हजार थप समेतगरी असुल गर्नुपर्ने रू.१५ करोड ५६ लाख ३१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ करोड ६५ लाख २ हजार, नियमित गर्नुपर्ने रू. ३२ करोड ७३ लाख २१ हजार र पेश्की बाँकी रू. ५ करोड ३ लाख ९ हजार गरी जम्मा रू.६१ करोड ९७ लाख ६३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रू. ३ अर्ब ३५ करोड ९८ लाख ७५ हजार मध्ये रू. ४२ करोड ४ लाख ९३ हजार सम्परीक्षण तथा रू. १९ लाख ७५ हजार सम्परीक्षणबाट थप समेत यस वर्षको रू. ६१ करोड ९७ लाख ६३ हजार थपसमेत हालसम्म अद्यावधिक बेरुजु रू. ३ अर्ब ५६ करोड ११ लाख १९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. गत वर्षको प्रतिवेदनसम्म फस्यौंट गर्न बाँकी बेरुजु रु. ३ अर्ब ३५ करोड ९८ लाख ७५ हजार हुनुपर्नेमा लगत भिडान गर्दा रु. ७४ करोड ४३ लाख ५६ हजार फरक परेको रकम यो वर्ष समायोजन गरिएको छ ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले महानगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने काठमाडौं महानगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोराः**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३७३ | ४४१ | ६९,९६,७९,२३० | ० | १२२ | ८,१५,१७,०३४ | १६,०१,१२५ | ३७३ | ३१९ | ६१,९७,६३,३२१ | १५,५६,३१,३०५ | ३२,७३,२०,५६० | ८,६५,०२,०८५ | ० | ० | ४१,३८,२२,६४५ | ५,०३,०९,३७१ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ३,३५,९८,७४,७१७ | | ४२,०४,९३,२९७ | २,९३,९३,८१,४२० | १९,७४,६७५ | ६१,९७,६३,३२१ | ३,५६,११,१९,४१६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिकवर्ष | बेरुजुको दफा | बेरुजुकोव्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | १३५.५ | हनुमान ढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम | १८४३१२ |
| २ | २०८१/८२ | ४५ | स्वास्थ्य जोखिम भत्ता | ४३६८९ |
| ३ | २०८१/८२ | ८०.२ | सामाजिक सुरक्षा तथा संरक्षण | ३४५८० |
| ४ | २०८१/८२ | ८९ | विज्ञापन कर | २१९५००० |
| ५ | २०८१/८२ | १०३.८/१०३.९ | वडा नम्बर ३ | ३२५३४८ |
| ६ | २०८१/८२ | १२९.८ | वडा नम्बर २९ | १२०२४२० |
| ७ | २०८१/८२ | १२६.५/१२६.१० | वडा नम्बर २६ | ७१५३५९ |
| ८ | २०८१/८२ | १०८।१२ | वडा नं ८ तर्फ | २८९२५५ |
| ९ | २०८१/८२ | १०७.५/१०७.६/१०७.१० | वडा नं ७ तर्फ | ४६६३० |
| १० | २०८१/८२ | १०६.६/१०६.९ | वडा नं ६ तर्फ | १११५६८ |

| | | | | |
|---|---|---|---|---|
| ११ | २०८१/८२ | १०५.४/१०५.११/१०५.१२ | वडा नं ५ तर्फ | २८१५५३९ |
| १२ | २०८१/८२ | १०२.६/१०२.८ | वडा नं २ तर्फ | ३९६७७५ |
| १३ | २०८१/८२ | १२७.६/१२७.१० | वडा नं २७ तर्फ | १०२१३८ |
| १४ | २०८१/८२ | १२२.७ | वडा नं २२ | १००००० |
| १५ | २०८१/८२ | १०१.४/१०१.५ | वडा नं १ तर्फ | ५४७४८५ |
| १६ | २०८१/८२ | ११९.७ | वडा नं १९ तर्फ | १३२४२ |
| १७ | २०८१/८२ | ११८.६ | वडा नं १८ तर्फ | ६५८३१२ |
| १८ | २०८१/८२ | ११७.६/११७.१३ | वडा नं १७ तर्फ | ११२३४५ |
| १९ | २०८१/८२ | ११०.१ | वडा नं १० तर्फ | १७३८३२ |
| २० | २०८१/८२ | ३२ | म्याद नाघेको पेश्की | ३५५९२३९६ |
| २१ | २०८१/८२ | ६६ | मेनहोल कभर जडान | १८९२२६०८ |
| २२ | २०८१/८२ | ४८.१ | पदाधिकारी सुविधा | ५२८००० |
| २३ | २०८१/८२ | ६७ | नापीमा प्रविष्टी | २८७३९३ |
| २४ | २०८१/८२ | ८८.१/८८.२ | नक्सा पास दस्तुर | १२७०७६६ |
| २५ | २०८१/८२ | ४२ | तलब भत्ता भुक्तानी | ६९६७८ |
| २६ | २०८१/८२ | ४१ | कोष कट्टी | १६८०९ |
| २७ | २०८१/८२ | ७० | कार्य सम्पन्न | ११५००००० |
| २८ | २०८१/८२ | ७५.६/७५.८/७५.९/७५.१० | काठमाडौँ महानगरपालिका ( शिक्षा विभाग ) | ३२६१५५५ |
| २९ | २०८०/८१ | १०१ | स्वास्थ्य केन्द्रको अनुदानः- | ५०००००० |
| ३० | २०८०/८१ | ९६ | स्यानिटरीप्याडः- | ५५९९४४० |
| ३१ | २०८०/८१ | २९ | सामाजिकसुरक्षा कोष कट्टीः- | ९७११५३४ |
| ३२ | २०८०/८१ | १३०.४ | सामाजिकसुरक्षाः- | २३३५९१ |
| ३३ | २०८०/८१ | ९१ | शुन्यविद्यार्थीमा ECD शिक्षकः- | ५४०००० |
| ३४ | २०८०/८१ | ३२ | वैदेशिकभ्रमणः- | ५२५४०७८ |
| ३५ | २०८०/८१ | १४०.५ | वडा नं ९ | ३९८७२६७ |
| ३६ | २०८०/८१ | १३९.५ | वडा नं ८ | २२४८८११ |
| ३७ | २०८०/८१ | १३८.४ | वडा नं ७ | ४९९४००० |
| ३८ | २०८०/८१ | १३७.४ | वडा नं ६ | ७६९०७६२ |
| ३९ | २०८०/८१ | १३५.४/१३५.५ | वडा नं ४ | ४२८९४३५ |
| ४० | २०८०/८१ | १७१.३ | वडा नं ३२ | ६६२००० |
| ४१ | २०८०/८१ | १३३.४ | वडा नं ३ | ४४८७९२८ |
| ४२ | २०८०/८१ | १५८.२/१५८.४/१५८.३ | वडा नं २२ | ४७६३१६५ |

| | | | | |
|---|---|---|---|---|
| ४३ | २०८०/८१ | १५६.२/१५६.५ | वडा नं २१ | ३३८९०५९ |
| ४४ | २०८०/८१ | १५३.४/१५३.५ | वडा नं १८ | ४८८११२१ |
| ४५ | २०८०/८१ | १४६.४/१४६.५ | वडा नं १४ | ५९७८२३६ |
| ४६ | २०८०/८१ | १४४.४ | वडा नं १२ | १५३९२४ |
| ४७ | २०८०/८१ | १६१.३/१६१.४ | वडा २४ | २००९१०९ |
| ४८ | २०८०/८१ | १२५ | रितपूर्वकको कर वीजकः- | १९७०८३५ |
| ४९ | २०८०/८१ | ५९ | बहाल कर सम्झौता | ३६००००० |
| ५० | २०८०/८१ | १२६ | प्रधानमन्त्री रोजगार कार्यक्रमः- | १४८६९६८ |
| ५१ | २०८०/८१ | २५ | पोशाक खर्च | २३९०८५० |
| ५२ | २०८०/८१ | २० | पेश्की बाँकी | ३८९८९०२४ |
| ५३ | २०८०/८१ | ३१ | पदाधिकारीआन्तरिक पर्यटन/भ्रमण कार्यक्रमः- | २६१३९८१ |
| ५४ | २०८०/८१ | ६६ | नपाउने छुट | ४८३७ |
| ५५ | २०८०/८१ | ११० | नन्फाइलर | २५३००४८ |
| ५६ | २०८०/८१ | ५४ | जरिवाना छुट | २४९४९ |
| ५७ | २०८०/८१ | ७२ | जग्गाको मूल्याङ्कन कम भएको | ४०७६३९ |
| ५८ | २०८०/८१ | ५८ | छुट व्यसायकर | ६६००० |
| ५९ | २०८०/८१ | ७१ | घटी करगणना | १६३३८५१ |
| ६० | २०८०/८१ | ९४ | ग्रेड बढी | ८४२५७ |
| ६१ | २०८०/८१ | १०९ | गैर सरकारी संस्थाबाट निर्माण कार्यः- | ३२९०६६१६ |
| ६२ | २०८०/८१ | ८३ | क्षेत्रफल छुट | ९०९६९७ |
| ६३ | २०८०/८१ | ७९ | कवाडी करकोआय ठेक्का | १५५६७९३७ |
| ६४ | २०८०/८१ | ३० | कर्मचारीआन्तरिक पर्यटन/पून:ताजकी कार्यक्रम | १६८९३१०४ |
| ६५ | २०८०/८१ | १२८ | उपभोक्ता समितिबाट सिमाभन्दा बढीको कार्य | ८६३८७६८८ |
| ६६ | २०८०/८१ | १२९ | उपभोक्ता समितिबाट सरकारी संरचना निर्माण | ७०८९७४६ |
| ६७ | २०८०/८१ | ११२ | अमानत | १२२१३०० |
| ६८ | २०८०/८१ | ११८ | अधुरोकार्य स्वीकार | २५९५१२८ |
| ६९ | २०८०/८१ | ९२ | ICT र विज्ञान प्रयोगशाला कार्यक्रमः- | २६००००० |
| ७० | २०८०/८१ | १७६.४ | पेश्की बाँकी | १००००० |
| ७१ | २०८०/८१ | १५१.२ | वडा नं १६ | ३७३५३९७ |
| ७२ | २०८०/८१ | १४१ | गैरसरकारी संस्थाबाट निर्माण कार्य | ५९८४१७८ |
| ७३ | २०७९/८० | ४१ | सम्पत्ति कर | ६०८९९९२ |
| ७४ | २०७९/८० | ४५ | व्यवसाय कर | ८१०००० |

| | | | | |
|---|---|---|---|---|
| ७५ | २०७९/८० | ९९ | वडा तर्फका व्यहोराहरु | ८०१४४२ |
| ७६ | २०७९/८० | ९८ | महानगरपालिकाको पेश्की बाँकी | १८१५४००० |
| ७७ | २०७९/८० | ७३ | बढी ग्रेडरकम भुक्तानी | ३९७५४० |
| ७८ | २०७९/८० | ४४ | घर बहाल करअसूल गर्नुपर्ने | २७५४६७४ |
| ७९ | २०७९/८० | १०४ | आन्तरिक लेखापरीक्षण | ५३६२७२ |
| ८० | २०७८/७९ | ६० | हनुमानढोकादरवार क्षेत्र संरक्षण कार्यक्रम | ९७५ |
| ८१ | २०७८/७९ | ७१ | सम्पत्ति कर | ८२८४७ |
| ८२ | २०७८/७९ | ६५.७/६५.८ | वडा नं ४ तर्फ | ८६७२३६ |
| ८३ | २०७८/७९ | १०५.८ | वडा नं ३२ तर्फ | ९१७०६०० |
| ८४ | २०७८/७९ | १०२.१५ | वडा नं २९तर्फ | ३२१९६३ |
| ८५ | २०७८/७९ | ९७.५/९७.७ | वडा नं २४ | १७५१९७ |
| ८६ | २०७८/७९ | ९५.५ | वडा नं २२तर्फ | १४०००० |
| ८७ | २०७८/७९ | ८९.३ | वडा नं १६ | ४०७९० |
| ८८ | २०७८/७९ | ८५.६ | वडा नं १२तर्फ | ५८५७२५२ |
| ८९ | २०७८/७९ | ३८.२ | मनोहरा जग्गा एकिकरण आयोजना अन्तर्गत | ३००३०१३ |
| ९० | २०७८/७९ | ५०.२ | भौचर परीक्षण ८ | ११५२६ |
| ९१ | २०७८/७९ | ७८ | प्रशिक्षण भत्ता | ५७०० |
| ९२ | २०७८/७९ | ९ | पेश्की बाँकी | ६००००० |
| ९३ | २०७७/७८ | १०७.३ | शिक्षातर्फ | ७८७८० |
| ९४ | २०७७/७८ | ८०.३ | वडा नं ६ | ३००० |
| ९५ | २०७७/७८ | ७४.३ | वडागत खर्च | १४५९७६ |
| ९६ | २०७७/७८ | ८८.३ | वडा १४ तर्फ | ३०६ |
| ९७ | २०७७/७८ | १०९ | प्रमाण पेश हुनुपर्ने | १४७६९३ |
| ९८ | २०७७/७८ | २२.१ | पेश्की ब्यवस्थापन | ६८४०१६ |
| ९९ | २०७७/७८ | ४०.१३/४०.१४ | पूर्वाधार तर्फ | ३८४३४६० |
| १०० | २०७७/७८ | ११३.३ | कर्मचारी भत्ता सम्बन्धमा | २९५१६७ |
| १०१ | २०७७/७८ | १२३.१ | आन्तरीक लेखापरीक्षण | १४४४५४ |
| १०२ | २०७७/७८ | ७८.४ | ४ नं. वडा कार्यालय | ७७६०० |
| १०३ | २०७७/७८ | ९३.९ | १९ नं वडा तर्फ | ६५२० |
| १०४ | २०७७/७८ | ९२.३ | १८ नं वडा तर्फ | ९८३०० |
| १०५ | २०८०/८१ | १४९ | वडा नं १५ | २२७८६१६ |
| १०६ | २०८०/८१ | १७८.४ | हनुमानढोका संरक्षण कार्यक्रम | २६४८८९६ |

| | | | | |
|---|---|---|---|---|
| १०७ | २०८०/८१ | १७८.२ | हनुमानढोका संरक्षण कार्यक्रम | १२७७१३२२ |
| १०८ | २०७५/०७६ | ३६९ | काठमाडौ मोडल अस्पताल | २११२७५९६ |
| ११० | २०७३।७४ | ७ | गत विगतको पेश्की बांकी- नारायण कृष्ण श्रेष्ठ | ३०००० |
| १११ | २०७३।७४ | १७१ | वडा न.१९-बढी पेश्की फछ्र्योट गरेको असुल गर्नु पर्ने – वडा सचिब रविन्द्रलाल श्रेष्ठ | २०००० |
| ११२ | २०७३।७४ | ५९ | सल्लाहकारहरुलाई पारिश्रमिक | ३५८००० |
| ११३ | २०७३।७४ | १०८ | वडा १८- प्रयोजन बेगरको धरौटी सदरस्याहा | ३०५४०२ |
| ११४ | २०७३।७४ | १६७ | वडा नं १८- धरौटी आम्दानी | ३३६८२ |
| ११५ | २०७३।७४ | १६८ | वडा नं १८-निर्माण व्यवसायीबाट अग्रिम कर कट्टा नगरेको | १४६११ |
| ११६ | २०७३।७४ | ३२ | कर समायोजन | २७५८९१ |
| ११७ | २०७४।७५ | ३६४.९ | वडा नं २५- बढी भत्ता भुक्तानी- बाबु राजा महर्जन | ३८०० |
| ११८ | २०७४।७५ | ३६२.११ | वडा नं २३- बढी भत्ता भुक्तानी- प्रमोद अधिकारी | २१०० |
| ११९ | २०७४।७५ | २६५ | वडा नं २४- नपुग घर जग्गा कर निर्मल ज्योती तुलाधर | ७०००६ |
| १२० | २०७४।७५ | २२४ | वडा नं १०- नपुग बहाल कर सरस्वती कार्की ( एम्बिशन एकेडेमी कलेज ) | २४००० |
| १२१ | २०७४।७५ | ३३८ | वडा नं १२- नपुग बहाल कर | २२६६९३ |
| १२२ | २०७४।७५ | २७४ | वडा नं २५- नपुग घरजग्गा कर | १८०० |
| १२३ | २०७४।०७५ | २७१ | वडा नं २५-नपुग वहाल कर | २८५६०० |
| १२४ | २०७४।७५ | ३६४.९ | वडा नं २५- बढी भत्ता भुक्तानी- बाबु राज महर्जन | ३८०० |
| १२५ | २०७५।७६ | ४०५.५ | वडा नं २१- विल भरपाइ बेगरको खर्च | ७६५०० |
| १२६ | २०७५।७६ | ४०२.४ | वडा नं १८- बैंक मौज्दात | ५५२५९७ |
| १२७ | २०७५।७६ | ३५० | वडा नं २५- नपुग सम्पत्ति कर | १८१५ |
| १२८ | २०७५।७६ | २२९ | वडा नं २- छुट सम्पत्ति कर सिभिक अस्पताल प्रा लि | ३२५०९४ |
| १२९ | २०७५।७६ | २२९.१ | वडा नं २- नपुग घर जग्गा कर असुल गर्नुपर्ने – होटल एम्वेस्डर प्रा लि | ४९९५२१ |
| १३० | २०७५।७६ | ३६२ | वडा नं २८- आम्दानी भन्दा राजस्व दाखिला कम | १६१०९ |
| १३१ | २०७५।७६ | २६ | ना सु रेशम बहादुर राना बैठक तथा परिवहन भत्ता वितरण भरपाइ | १८८५०० |
| १३२ | २०७५।७६ | ४०७.२ | वडा नं २३- दायित्व सृजना | ४८४९७ |
| १३३ | २०७५।७६ | ४१२.२ | वडा नं २८- बैंक मौज्दात हिसाब मिलान | ३८९२०० |
| १३४ | २०७५।७६ | २७० | वडा नं ११- सम्पत्ति कर असुल गर्नुपर्ने करदाता विजुली बजार कम्पनी लिमिटेड | ४७५४९० |
| १३५ | २०७५।७६ | २९९ | वडा नं १६- घटी कर दाखिला नगरेको – करदाता शुशिला भट्ट | ३७४७६ |
| १३६ | २०७५।७६ | ४०२.२ | वडा नं १८- सडक बत्ती जडान | २९४३९० |
| १३७ | २०७५।०७६ | २२९.१ | वडा नं २- नपुग घर जग्गा कर ओरियण्टल होटल लि. | ११४५५३३ |
| १३८ | २०७५।७६ | २६२.२ | वडा नं ८- घर बहालरकम | ७१४२८० |
| १३९ | २०७५।७६ | ३८२.३ | वडा नं १- स्ट्रीट लाइट बढी भुक्तानी | २२१७३७ |

| | | | | |
|---|---|---|---|---|
| १४० | २०७६।७७ | ४०.२ | दोहोरो प्रोत्साहन भत्ता भुक्तानी | ९१२० |
| १४१ | २०७६।७७ | ४०.२ | दोहोरो प्रोत्साहन भत्ता भुक्तानी | १८३४० |
| १४२ | २०७६।७७ | २६० | वडा नं १८- नपुग सम्पत्ति कर तिर्थ शोभा महर्जन | १४९५६ |
| १४३ | २०७६।७७ | ४०.२ | दोहोरो प्रोत्साहन भत्ता भुक्तानी स्यानिटेशन सुपरभाइजर उदय श्रेष्ठ | २३५०० |
| १४४ | २०७६।७७ | २६० | वडा नं २- छुट सम्पत्ति कर सिभिक अस्पताल प्रा लि | ३२६१९४ |
| १४५ | २०७६।७७ | ४०.२ | दोहोरो प्रोत्साहन भत्ता भुक्तानी कमल प्रसाद पराजुली | ६६५१० |
| १४६ | २०७६।७७ | २६० | वडा नं ८- घटी सम्पत्ति कर असुल डीयर वाक ग्रुप लि | ४१८४१३ |
| १४७ | २०७६।७७ | २६० | वडा नं १६- सम्पत्ति कर घटी असुल करदाता भरतमणी देवकोटा समेत | ५३२५३ |
| १४८ | २०७६।७७ | २६० | वडा नं १६- नपुग सम्पत्ति कर अष्ट नारायण पिक्चर प्रा. लि. | ८१२४ |
| १४९ | २०७६।७७ | ९४ | उपस्थिति र भरपाइ वेगर भत्ता भुक्तानी | ४२५० |
| १५० | २०७६।७७ | ४०.२ | दोहोरो प्रोत्साहन भत्ता मेकानिकल हेल्पर इन्द्र बहादुर तामाङ | २२१७० |
| १५१ | २०७६।७७ | २५४ | वडा नं ३२- कर समायोजन धर्ती आकास नि से | ३१७९८३ |
| १५२ | २०८०।८१ | १७४.४ | मनोहरा जग्गा एकिकरण आयोजना | ४११४९८ |
| १५३ | २०८०।८१ | १७४.५ | मनोहरा जग्गा एकिकरण आयोजना | २५२२०८१ |
| १५४ | २०८०।८१ | १७८.१ | हनुमानढोका संरक्षणकार्यक्रम | १०८९०६ |
| १५५ | २०८०।८१ | १५१.१ | वडा नं १६ | ७६८५६६४ |
| | | | जम्मा | ५०२०१०३३१ |

# काठमाडौं महानगरपालिका

# ( ८०३३५२०१३०० )

# काठमाडौं महानगरपालिका , काठमाडौं

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस काठमाडौं महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु महानगरपालिकाको उद्देश्य रहेको छ । यस महानगरपालिका अन्तर्गत ३२ वडा, १६५ सभा सदस्य, ५०.६७ वर्ग किलोमिटर क्षेत्रफल तथा ८ लाख ६२ हजार ४ सय जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।३ देखि २०८२। ११।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.२८२९१३८३७९७.५५।-को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा रु.४१,२८,७४१ असुल भई दाखिला भएको प्रमाण पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। काठमाडौ महानगरपालिकाले तयार गरेको आर्थिक कारोबारको एकीकृत विवरण देहाय अनुसार रहेको छ ।

| प्राप्ति | | भुक्तानी | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| सुरु मौज्दात | | चालु तर्फ | |
| १.संचित कोष | १२७८१६७६७५६ | १. पालिका तर्फ | ४७५५८८८६५४ |
| २.धरौटी | ५०१२३६६०३ | २. संघीय सर्शत | १४४२९८०२११ |
| ३.कार्य सञ्चालन कोष | ४०८८९९२५६ | ३. संघीय बिशेष | |
| ४. अन्य कोष प्रकोप व्यव्थापन कोष खाता | ९४२४२३५२ | ४. प्रदेश सर्शत | ३०१६३४७९ |
| यस बर्षको आय | | ५.प्रदेश विशेष | |
| १.आन्तरिक आय | ५९५९६८७१८१ | पुँजीगत तर्फ | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | १. पालिका तर्फ | ६७१०००८५१५ |
| क) समानीकरण अनुदान | ६१९१९६४८० | २. संघीय सर्शत | २५४८६१०८ |
| ख) राजस्व बाँडफाँट | ३३९२११८५४ | ३. संघीय बिशेष | |
| ग) सर्शत अनुदान | १६४४८७५८६० | ४. संघीय समपुरक | |
| घ) समपुरक अनुदान | | ५. प्रदेश सर्शत | २४०२२५३ |
| ङ) विशेष अनुदान | | ६.प्रदेश विशेष | |
| च) रोयल्टी | | ७. .प्रदेश समपुरक | |
| छ) अन्य | | ८. वितिय तर्फ | ७०००००० |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | अन्तर सरकारी अख्तियारी(संघ) | |
| क) समानीकरण अनुदान | ९५२३२००० | क) सामाजिक सुरक्षा | १७१२५७२६७५ |
| ख) राजस्व बाँडफाँट | ३३२२२२६९८ | ख)गरिबसँग विशेश्वर कार्यक्रम | |
| ग) सर्शत अनुदान | ४७३८०००० | | |
| घ) समपुरक अनुदान | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | |
| ङ) विशेष अनुदान | | ऋण फिर्ता | |
| च) रोयल्टी | | ऋणको ब्याज भुक्तानि | |
| छ) अन्य | | धरौटी फिर्ता तथा सदरस्याहा | ८८४४०२७३ |
| ४.अन्तर सरकारी अख्तियारी(संघ) | | कार्यसञ्चान कोषबाट भएको खर्च | १३५४४४४२१ |
| क) सामाजिक सुरक्षा | १७१२५७२६७५ | अन्य कोषबाट भएको खर्च प्रकोप व्यव्थापन कोष खाता | ८४५१६२१ |
| ख)गरिबसँग विशेश्वर कार्यक्रम | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | |
| ………….. | | | |

| | | | |
|---|---|---|---|
| | | अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | अन्य खर्च भएमा | |
| ६. ऋण/ वित्तीय व्यवस्था | | अनुदान फिर्ता | |
| ७. धरौटी आय | २५०२०८६७३ | १. संघ तर्फ | |
| ८. कार्य सञ्चालन कोष आय | ४०००००००० | क) सर्शत अनुदान | १७६४०९५४१ |
| ९. अन्य कोष आय प्रकोप व्यवस्थापन कोष खाता | १०४९६७४४ | ख) समपुरक अनुदान | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | ग) विशेष अनुदान | |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | २. प्रदेश तर्फ | |
| १२. अन्य आय (जन सहभागिता) | २७१७५९१४ | क) सर्शत अनुदान | १४८१४२६८ |
| राजस्व बाँडफाँट स्थानिय | १६८००६१६९९ | ख) समपुरक अनुदान | |
| | | ग) विशेष अनुदान | |
| | | अन्तिम मौज्दात | |
| | | १.संचित कोष | १०२९८५६७४१३ |
| | | २.धरौटी | ६६३००५००३ |
| | | ३.कार्य सञ्चालन कोष | ६७३४५४८३५ |
| | | ४. अन्य कोष प्रकोप व्यव्थापन कोष खाता | ९६२८७४७५ |
| जम्मा | २६९०४३७६७४५ | जम्मा | २६९०४३७६७४५ |

२.१ **प्राप्ति तथा भुक्तानी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ मा सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपाल सरकारवाट स्वीकृत लेखामान बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९।०८।२० को निर्णयवाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ (Nepal Public Sector Accounting Standards-NPSAS) अनुसार यस पालिकाले स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA)मा म.ले.प.फारम नं. २७० व्यवस्था गरेको छ । प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनको विस्तृत विवरण देहाय अनुसार रहेको छ ।

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
|---|---|---|---|
| ११००० | कर | ६६५३३७८६१८.३२ | ६२६८२७८८५१.२६ |
| १३००० | अनुदान | २२४२६३६४४४.४६ | २२३७१९३३९०.२७ |
| १४००० | अन्य राजस्व | १६२७१५१२०५.०६ | २०३८२७६५०८.१९ |
| १५००० | विविध प्राप्ति | ३०६५३६०८.९३ | २४९६८८३७.१२ |
| क | कुल जम्मा प्राप्ति | १०५५३८१९८७६.७७ | १०५६८७१७५८६.८४ |
| ३ | चालु | ६२२९०३२३४४.०४ | ५९०६५२६०१८.९९ |
| २१००० | पारिश्रमिक / सुविधा | ३०८५९६०५०७.०१ | २९१४९७२४७९.३२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | २१८९३१३३९७.८८ | २१५९८६७९२२.३४ |
| २५००० | सहायता (Subsidy) | ३७०९१९३९२.५६ | २५४३१०१३१.२४ |
| २६००० | अनुदान | १२०६९९६९१ | १४६७४८०७८.०६ |
| २७००० | सामाजिक सुरक्षा | ३०४१२१५४१.७१ | ३२१८२५२९१.४२ |
| २८००० | अन्य खर्च | १५८०१७८१३.८८ | १०८८०२११६.६१ |
| ४ | पूंजीगत | ६७३७८९६८७५.८ | ६३८८७८५६४६.३६ |
| ३१११० | भवन तथा संरचना | १२५५४१९७२.१४ | १८८७२३८१.४५ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ३२६६७७९७३.८९ | ४४२६०३४७४ |
| ३११३० | अन्य पूँजीगत खर्च | १२६९८५६८.५४ | ४१९१५७३३.७९ |
| ३११४० | सुरक्षा उपकरण | ३६३१२७२.१ | १२२१५९४७.९१ |
| ३११५० | सार्वजनिक निर्माण | ६२३४९८५९६६.६५ | ५७१७०५३७८६.१५ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १०३१२२८९.८४ | ११२३९१५१.७९ |
| ३११७० | पूँजीगत सुधार खर्च | २३०२२३११.६४ | १४४३८६९१०.२७ |
| ३१२२० | मौज्दात सामानहरु | १०२६५२१ | ४९८२६१ |
| ५ | वित्तीय | ७०००००००० | ५००००००० |
| ३२१४१ | अन्तर सरकारीऋण लगानी | ७०००००००० | ५००००००० |
| ख) | कुल जम्मा भुक्तानी | १३०३६९२९२१९.८४ | १२३४५३११६६५.३५ |
| ग) | बचत / कमी (ग = क-ख ) | -२४८३१०९३४३.०७ | -१७७६५९४०७८.५१ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ४७३१९४१९३.२२ | २६५१५१६८१.५३ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -७१९३१६.८४ | -२४,५९७.७१ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -२००९९१५१४९.८५ | -१५११४४२३९६.९८ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १३८५५६९९५३४.३५ | १५३६७१४१९३१.३३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| | | | |

| | | | |
|---|---|---|---|
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ११८४५७८४३८४.५ | १३८५५६९९५३४.३५ |

प्राप्ती र भुक्तानीको वार्षिक प्रतिवेदन (एकिकृत वित्तीय विवरण) अनुसार कर, अनुदान, अन्य राजस्व र विविध प्राप्ति समेत रु १० अर्ब ५५ करोड ३८ लाख १९ हजार ८७६ प्राप्ती भएकोमा चाल,पूँजीगत र वित्तीय समेत देहाय अनुसार रु १३ अर्ब ३ करोड ६९ लाख २९ हजार २१९ जम्मा भुक्तानी गरेको छ । यो अवधिमा रु २ अर्ब ४८ करोड ३१ लाख ९ हजार ३४३ कोषको मौज्दातबाट भुक्तानी भएबाट गत बर्षको तुलनामा उक्त रकम बराबरको मौज्दातमा कमी आएको छ ।यस सम्बन्धी केही बेहोरा देहाय अनुसार रहेको छ ।

२.२ **दायित्व भुक्तानी-** पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा गरिएका विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु. (७,१९,३१६.८४) देखाएको छ। यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत उक्त रकम सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,१९,३१६.८४ |

२.३ **ऋण तथा शेयर लगानी** – एकीकृत वित्तीय विवरणको टिप्पणी नं. टिप्पणी ४.१ ऋण तथा शेयर लगानी प्रविष्टिको लागि व्यवस्था गरेको छ ।प्राप्त विवरण अनुसार यो बर्षसम्म देहाय अनुसार ऋण तथा शेयर लगानी गरेकोमा उक्त विवरण एकीकृत वित्तीय विवरणमा खुलासा गरेको देखिएन ।

| क्र सं | संस्थाको नाम | लगानी | फिर्ता | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनोहरा जग्गा एकीकरण आयोजना | ३९९०००००० | २८५०३३८०६.९४ | ११३९६६१९३.०६ | ऋण लगानी यो बर्षको रु ७ करोड समेत |
| २ | च मती जग्गा एकीकरण आयोजना | १२१२००००० | ८३८२४६५० | ३७३७५३५० | ऋण लगानी |
| ३ | हनुमानढोका दरबार संरक्षण कार्यक्रम | ३१५०००००० | | | आर्थिक बर्ष २०७७।७८ देखि २०७९।८० सम्म विभिन्न मितिमा लगानी |
| ४ | साझा यातायात सहकारी संस्था लिमिटेड | १५०००००० | | | शेयर लगानी |
| ५ | काठामाडौ उपत्यका खानेपानी लिमिटेड | ९०००००० | | | शेयर लगानी २०६९।७० अगाडी लगानी गरेकोमा सोको शेयर अभिलेख समेत नरहेको |
| ६ | साझा सेवा सहकारी संस्था लि | १०००००० | | | शेयर लगानी |
| | | ९८५२००००० | | | |

ऋण तथा शेयर लगानी शिर्षकमा रु ९८ करोड ५२ लाख रहेकोमा २ जग्गा एकीकरण आयोजनाबाट रु ३६ करोड ८८ लाख ५८ हजार ४५६ फिर्ता भएको देखिन्छ । नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुरुप निकायगत हिसाब देखिने गरी अभिलेख नराखेको कारणले यस्तो प्रकारको अन्य आयोजना वा अन्तर्गतका निकायलाई समेत दिए/नदिएको तथा सापटी मध्ये फिर्ता भई प्राप्त गर्न बाँकी रहे/नरहेको सम्बन्धमा एकिन गर्न नसकिएकोले वित्तीय विवरणले यथार्थ चित्रण गरेको देखिएन ।

२.४ **ऋण साँवा भुक्तानी-** एकीकृत वित्तीय विवरणको टिप्पणी ४.२ मा ऋण साँवा भुक्तानी प्रविष्टीको लागि व्यवस्था गरेको छ । महानगरबाट प्राप्त विवरण अनुसार एशियाली विकास बैंकबाट प्राप्त दिर्घकालीन ऋण रु.३५ करोड ५३ लाख ९७ हजार र एशियाली विकास बैंकबाट नै विष्णुमती लिंक रोडका लागि लिएको रु.६ करोड ६२ लाख १५ हजार समेत गरी जम्मा रु.४२ करोड १६ लाख १२ हजार ऋण विगत वर्षहरु देखि नै रही आएकोमा उक्त वित्तीय विवरणमा ऋण दायित्वको लेखांकन गरेको देखिएन ।

२.५ **भुक्तानी दायित्व-** एकीकृत वित्तीय विवरणको लेखा टिप्पणी नं. १३ मा भुक्तानी दायित्वको विवरण प्रविष्टिको लागि व्यवस्था गरेको छ । पालिकाले गत वर्ष भुक्तानी दिन बाँकी दायित्व रु.१०७१६३०००।- रहेकोमा रु ६५९६३३९०। भुक्तानी गरेकोमा यस बर्ष भुक्तानी दिन बाँकी वित्तीय विवरण (म.ले.प.फा.नं. २७०)को टिप्पणी १३ मा भुक्तानीको दायित्व प्रविष्टि गरेको देखिएन। पालिकाले भुक्तानी दिन बाँकी दायित्व रकम समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

२.६ **लिन/उठ्न बाँकी रकम-** एकीकृत वित्तीय विवरणको लेखा टिप्पणी नं. १५ मा लिन/उठ्न बाँकी रकम प्रविष्टिको लागि व्यवस्था गरेको छ । पालिका आन्तरिक आयतर्फ विभिन्न शीर्षकमा उठ्न बाँकी रकमको विवरण तयार गरी लेखा टिप्पणी नं. १५ मा लिन/उठ्न बाँकी रकम प्रविष्टि गरेको देखिएन । उक्त रकम पालिकाले उक्त विवरण समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

२.७ **सम्पत्तिको मौज्दात विवरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ (६) मा केन्द्रीय निकायले आफ्नो र मातहतको कार्यालयको सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण असोज मसान्तभित्र महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने तथा नियम १०१ मा सम्बन्धित केन्द्रीय निकायले एकीकृत वार्षिक विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । एकीकृत वित्तीय विवरणको टिप्पणी नं. ११ मा सम्पत्तिको मौज्दात रकम प्रविष्टिको लागि व्यवस्था गरेको छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा रु.१७६८०५८०९।९८ मात्रको सम्पत्ती देखिएकोले उक्त प्रणालीमा सबै विवरण नसमेटेको तथा सो बराबरको रकम समेत पालिकाले तयार गरेको वित्तीय विवरण लेखा टिप्पणीमा उल्लेख गरेको देखिएन । पालिकाले वित्तीय विवरणमा सबै सम्पत्ति रकम समावेश गर्नुपर्दछ ।

२.८ **लेखापरीक्षणबाट कायम भएको बेरुजु –** एकीकृत वित्तीय विवरणको टिप्पणी नं. १७ मा आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजु प्रविष्टिको लागि व्यवस्था गरेको छ । पालिकाको पेश गरेको विवरण अनुसार यो बर्षसम्म अन्तिम लेखापरीक्षणबाट कायम बेरुजुमध्ये गरी रु. ३२९७३३५५३४ फस्र्यौट गर्न बाँकी रहेकोमा वितीय विवरणको टिप्पणीमा प्रविष्टि गरेको देखिएन । पालिकाले उक्त विवरण समावेश गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

२.९ **कोषको विवरण प्रविष्टि-** पालिकमा सञ्चालित सबै प्रकारका कोषको जिम्मेवारी, आम्दानी, खर्च र मौज्दात देखिने गरी वित्तीय विवरणमा उल्लेख गर्नुपर्दछ । ,सुत्र प्रणालीमा देहाय अनुसारको कोषको आय व्ययको विवरण देखिन्छ ।

| कोष | जिम्मेबारी सरेको | यो अवधीमा प्राप्त | जम्मा | यो अवधीमा फिर्ता/ भुक्तानी | बाकी |
|---|---|---|---|---|---|
| कर्मचारी कल्याण कोष | ३६७००५६४६.४१ | ४००००००००. | ७६७००५६४६.४१ | १३५४४४४२०.९४ | ६३१५६१२२५.४७ |
| प्रकोप व्यवस्थापन कोष | ९४२४२३५१.९४ | १०४९६७४४. | १०४७३९०९५.९४ | ८४७३१४२. | ९६२८७४७४.९४ |
| बिबिध खर्च खाता/कोष- बैंक (ग २-३/ग २-७) | ६४७६०५४१.०६ | १३१३१७७८. | ७७८९२३१९.०६ | ११७०५१००.३२ | ६६१८७२१८.७४ |
| मर्मत सम्भार कोष | ४१३१११७.६ | ० | ४१३१११७.६ | ० | ४१३१११७.६ |
| वातावरण ब्यवस्थापन कोष | ५८२४९१.६२ | ० | ५८२४९१.६२ | ० | ५८२४९१.६२ |
| जम्मा | ५६७९०२१४८.६३ | ४२३६२८५२२. | ९९१५३०६७०.६३ | १५५६२२६६३.२६ | ८३५९२९५२८.३७ |

तर पालिकाले देहाय अनुसार विभिन्न समयमा विभिन्न प्रकारका कोष खडा गरेको देखिएकोमा उक्त कोषहरुको विवरण सुत्र प्रणालीमा प्रविष्टी गरेको देखिएन ।

| क्र.सं. | कोषको नाम | मौज्दात रकम | कारोबार स्थिति |
|---|---|---|---|
| १ | पर्यटन प्रबर्द्धन कोष | २३३८२००० | निष्क्रिय |
| २ | नेवा जातीय उत्थान कोष कल स्पेशल | ५६६२०८९१.९९ | निष्क्रिय |
| ३ | नेवा जातीय उत्थान कोष | ७४९९.५४ | निष्क्रिय |
| ४ | सम्पदा संरक्षण कोष | ७१७००७२.२१ | निष्क्रिय |
| ५ | के एम सि मर्मत संभार कोष | ४२२१३४५८.५८ | आकस्मिक मर्मत संभारमा बजेट विनियोजन गरी खर्च गर्ने गरेको |
| ६ | इन्द्र जात्रा पर्व संरक्षण अक्षय कोष | ९७०१७१५.९५ | नियमित बजेट विनियोजन गरी खर्च गर्ने गरेको |
| ७ | बाल कोष | १५०००००० | यो बर्ष शुरुवात गरेको |
| जम्मा | | १५४०९५६३७.९५ | |

उल्लिखित ७ कोषमा रु.१५ करोड ४० लाख ९५ हजार ६३७ मौज्दात रहेको देखिन्छ । सबै कोषहरुको विवरण वित्तीय विवरणमा खुलासा नगरेकोले वित्तीय विवरणले यथार्थ चित्रण गरेको देखिएन ।

२.१० **लेखाङ्कनको लागि एक भन्दा बढी सफ्टवेयरको प्रयोग-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८० मा आर्थिक प्रशासन र प्रशासनिक काममा एकरुपता कायम गर्न र पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्न सूचना प्रविधिको ढाँचा तोक्न सक्ने व्यवस्था छ । सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ। पालिकाले कर्मचारी तथा पदाधिकारीको सुविधा तलब भत्ता भुक्तानीको लागि साँग्रिला सफ्टवेयरको प्रयोग गरेको छ । उक्त सफ्टवेयरबाट गणना गरेपश्चात् मात्र सो खर्च बराबरको रकम सुत्र प्रणालीमा प्रविष्टी गर्ने गरेको देखियो । एकै कार्यको लागि दोहोरो सफ्टवेयर प्रयोग गरेको देखिन्छ । साथै राजस्व सङ्कलनको लागि https://tax.kathmandu.gov.np वेभपोर्टलको प्रयोग गरेको छ । आन्तरिक आयतर्फ उक्त सफ्टवेयर अनुसार संकलित रु ५ अर्ब ९५ करोड ९० लाख ९७ हजार ८ सय ९ संकलन भएकोमा एकमुष्ट सुत्र सफ्टवेयरमा इन्ट्रीमात्र गरेको देखिन्छ । सुत्र सफ्टवेयरबाट राजस्व संकलन नगरी मासिकरुपमा साँग्रिला सफ्टवेयरबाट संकलित रकमलाई सुत्र सफ्टवेयरमा प्रविष्टी गरेको देखिन्छ। बैंक विवरण अनुसार यस बर्ष रु ५ अर्ब ९५ करोड ९६ लाख ८७ हजार १८१ संकलन भएको देखिन्छ । जस्ले गर्दा सफ्टवेयर भन्दा बैक दाखिला रु ५ लाख ८९ हजार ३७२ बढी सङ्कलन गरेको देखिएकोले वित्तीय विवरणको शुद्धता देखिएन।

३ **सञ्चितकोष**

सञ्चित कोषको प्राप्ति तथा भुक्तानी विवरणको विगत ३ बर्षको स्थिति देहाय अनुसार रहेको छ ।

| क्र.स./आर्थिक सङ्केत | राजस्व अनुदान र अन्य प्राप्ति | २०८१।८२ | २०८०।८१ | २०७९।८० | २०८०।८१ को तुलनामा २०८१।८२ | २०७९।८० को तुलनामा २०८०।८१ |
|---|---|---|---|---|---|---|
| ११००० | कर | ६६५३३७८६१८ | ६२६८२७८८५१ | ५७२९०९३०४५ | ६ | ९ |
| १३००० | अनुदान | २२४२६३६४४४ | २२३७१९३३९० | २४४७४२३७४२ | ० | -९ |
| १४००० | अन्य राजस्व | १६२७१५१२०५ | २०३८२७६५०८ | २००२२५२३४८ | -२० | २ |
| १५००० | विविध प्राप्ति | ३०६५३६०९ | २४९६८८३७ | २२८९३४० | २३ | ९९१ |
| क | कुल जम्मा प्राप्ति | १०५५३८१९८७७ | १०५६८७१७५८७ | १०१८१०५८४७५ | -०.१४ | ४ |
| ३ | चालु | ६२२९०३२३४४ | ५९०६५२६०१९ | ५२१८६४३६०६ | ५ | १३ |
| ४ | पूंजीगत | ६७३७८९६८७६ | ६३८८७८५६४६ | ३७५५२२६०७२ | ५ | ७० |
| ५ | वित्तीय | ७०००००००० | ५००००००० | २०८५००००० | ४० | -७६ |
| ख) | कुल जम्मा भुक्तानी | १३०३६९२९२२० | १२३४५३११६६५ | ९१८२३६९६७८ | ६ | ३४ |
| ग) | यस अवधिको कोषमा भएको **थप घट (ग = क-ख )** | -२४८३१०९३४३ | -१७७६५९४०७९ | ९९८६८८७९७ | ४० | -२७८ |
| घ) | आर्थिक वर्षको सुरुवातको मौज्दात | १२७८१६७६७५६ | १४५५८२७०८३५ | १३५५९५८२०३८ | -१२ | ७ |
| ङ) | आर्थिक वर्षको **अन्त्यको मौज्दात ( ङ = ग+घ)** | १०२९८५६७४१३ | १२७८१६७६७५६ | १४५५८२७०८३५ | -१९ | -१२ |

गत वर्ष प्राप्ति रु.१० अर्ब ५६ करोड ८७ लाख १७ हजार भएकोमा यो वर्ष रु.१० अर्ब ५५ करोड ३८ लाख १९ हजार रु १ करोड ४८ लाख ९७ हजार न्यून अर्थात ०.१४ प्रतिशत न्यून प्राप्ति र खर्चतर्फ गत वर्ष रु. १२ अर्ब ३४ करोड ५३ लाख ११ हजार भएकोमा यो वर्ष रु. १३ अर्ब ३ करोड ६९ लाख २९ हजार अर्थात ६ प्रतिशत बढी खर्च भएको देखिन्छ। यो आर्थिक वर्षमा कुल रु. १३ अर्ब ३ करोड ६९ लाख २९ हजार खर्च गरेकोमा उक्त खर्चमध्ये नेपाल सरकारको १४ प्रतिशत प्रदेश सरकारको १ प्रतिशत सङ्घीय सरकारको राजस्व बाँडफाँडबाट प्राप्त १३ प्रतिशत र आन्तरिक श्रोतबाट ७२ प्रतिशत (गत बर्षको मौज्दात समेत) खर्च गरेको छ । गत बर्षको बैक मौज्दात रु १२ अर्ब ७८ करोड १६ लाख ७६ हजार मध्ये यस बर्ष रु २ अर्ब ४८ करोढ ३१ लाख ९ हजार खर्च गरेको छ जुन समग्र खर्चको १९ प्रतिशत हुन आउँछ ।२०८०।८१ मा कुल खर्च मध्ये १२ प्रतिशत हिस्सा बचतमा निर्भर रहेकोमा यो बर्ष खर्चको १९ प्रतिशत हिस्सा गत बर्षको मौज्दातमा निर्भर देखिएको छ । २०७९।८० मा सञ्चितकोषको मौज्दात रु १४ अर्ब ५५ करोड ८२ लाख ७० हजार रहेकोमा उक्त हिस्साबाट २०८०।८१ मा १२ प्रतिशत र २०८१।८२ मा १९ प्रतिशतले न्यूनता आई यो बर्षान्तमा सञ्चित कोषको मौज्दात रु.१० अर्ब २९ करोड ८५ लाख ६७ हजार रहेको छ।यसबाट खर्चमा खर्चको लागि विगतको बचतको हिस्सा २०८०।८१ मा १२ प्रतिशत र यो बर्ष १९ प्रतिशत रहेको देखिन्छ ।

३.१ **हिसाब मिलान-** सुत्र विवरण अनुसार सञ्चितकोषको मौज्दात सम्बन्धमा गो भौ नं २११ ।२०८२।३।३२ मा गत बर्षको मौज्दात उल्लेख गरी २०१५०८५८३.२९।आम्दानी जनाएको छ । उक्त रकममध्ये ललितपुर जिल्ला अदालतको आदेशानुसार कालिका प्यासिफिक जे.भी.लाई बुझाउनु पर्ने रकम रू १३३८०८०२.६६ र कविन्द्र सिद्धार्थ जे.भि.लाई बुझाउनु पर्ने रू १५३६३६८७/- गरी जम्मा रकम रू २८७४४४८९/६६ ललितपुर जिल्ला अदालतको नेपाल वैंक लि. ज्वागलको धरौटी खाता नं.०१८०१००००२००३००००१ मा जम्मा भएको र काठमाण्डौ जिल्ला अदालत को आदेश अनुसार साइड वाकर्स ट्रेडर्शलाई महानगरपालिकाबाट दिनुपर्ने क्षतिपुर्ति वापतको रकम राष्ट्रिय वाणिज्य वैंकमा काठमाण्डौ जिल्ला अदालतको धरौटी खाता नं १९६०१००१००२०३००० मा जम्मा भएको रू १४१५३३४०१/- गरी जम्मा रू १७०२७७८९०/६६ महानगरको बिभिन्न खाताबाट भुक्तानी भएको र अदालतको आदेशानुसार रोक्का रहेको रू ३१२५५५१०/३४ समेत जम्मा रू २०१५३३४०१/- रहेको विवरण पेश गरेको छ । खाताबाट भुक्तानी भैसकेको रकमलाई आम्दानी उल्लेख गरी हिसाब मिलान गरेकोमा यसबाट वित्तीय विवरणमा परेको असरको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३.२ **मध्यस्तको निर्णय उपर पुनरावेदन-** मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को परिच्छेद १९ मा पुनरावेदन सम्बन्धी व्यवस्था रहेको छ । जस्को दफा २०५ को उपदफा १ मा शुरु मुद्दा हेर्ने अदालतले गरेको फैसला उपर चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले तीस दिनभित्र सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन गर्न सक्ने उल्लेख छ . साथै दफा २०६ क) मा कानून बमोजिम म्याद प्राप्त वा तामेल भएपछि प्रतिउत्तरपत्र नदिई वा प्रतिवाद नगरी म्याद गुजारेको भएमा पुनरावेदन गर्न नसकिने उल्लेख छ । पालिका सम्बद्ध विभिन्न निर्णय उपर मध्यस्तबाट पालिकाको विपक्षमा भएको फैसला उपर पुनरावेदन सम्बन्धमा निर्णय नगरी म्याद गुजारेकोले शुरु अदालतको फैसला अनुरुप रु २६६१९१९७। रोक्का रहेको र रु १७७६९२९२९। सोझै निवेदकको खातामा रकम जम्मा गरेको देखिन्छ ।

| स्रोत (Source) | खातानं. (Account No.) | रकम (Amount) | रोक्का मिति | व्यहोरा (Particulars) | म्याद तामेल भएको मिति | पुनरावेदन सम्बन्धी निर्णय |
|---|---|---|---|---|---|---|
| १बाँडफाँटबाट प्राप्त राजश्व | १२०५०६१४७५००३ | २१०६७९५५.५२ | ३/२१/२०८१ | सम्मानित जिल्ला अदालतको आदेशानुसार NIC ASIA BANK PVT.LTD. से महानगरपालिकाकोखाताबाट रकम कट्टा गरिएको | विवरण पेश नभएको | निर्णय नगरी म्याद गुज्रेको |
| २बाँडफाँटबाट प्राप्त राजश्व | १२०५०६१४७५००३ | ५८१२१०८९.२७ | ४/२४/२०८१ | | विवरण पेश नभएको | निर्णय नगरी म्याद गुज्रेको |
| ३ आन्तरिकराजश्व | १२०५०६१४७५००२ | ३५७२८५९.४ | ४/२४/२०८१ | | विवरण पेश नभएको | निर्णय नगरी म्याद गुज्रेको |
| ४ आन्तरिकराजश्व | १२०५०६१४७५००२ | ६२३४४३५६.२१ | ३/२१/२०८१ | | विवरण पेश नभएको | निर्णय नगरी म्याद गुज्रेको |
| ५ पूँजिगतखर्च खाता विजोर बर्ष | १२०५०६१४८८००२ | १३३८०८०२.६६ | ४/६/२०८१ | | विवरण पेश नभएको | निर्णय नगरी म्याद गुज्रेको |
| ६ पूँजिगतखर्च खाता विजोर बर्ष | १२०५०६१४८८००२ | २६६१९१९७.६४ | गत आ.व. देखि रोक्का रहेको | सम्मानित जिल्ला अदालतकोआदेशानुसार NIC ASIA BANK PVT.LTD. से महानगरपालिकाको खातामा रकम रोक्काराखेको | विवरण पेश नभएको | निर्णय नगरी म्याद गुज्रेको |
| ७ संघियसरकार वितिय समानीकरण अनुदान | | १९२०५८६४.९८ | को.ले.नि.का. त्रिपुरेश्वरले कट्टा गरी पठाएको | को.ले.नि.का. त्रिपुरेश्वरले कट्टा गरी पठाएको का.म.पा. को खातामा आम्दानी तथा खर्च लेखाकन नभएको | विवरण पेश नभएको | निर्णय नगरी म्याद गुज्रेको |
| **जम्मा** | | **२०४३१२१२६** | | | | |

उल्लेखित रोक्का रकमको सम्बन्धमा मध्यस्तबाट भएको निर्णय तथा सो निर्णयको म्याद बुझेको मिति तथा सो उपर पुनरावेदन लगायतको थप कानूनी दायित्व पुरा भएको देखिने प्रमाण लेखापरीक्षणमा पेश गरेको छैन । प्रचलित कानून बमोजिम अदालतको फैसला उपर तोकिएको समयभित्र पुनरावेदन गर्न सकिने व्यवस्था भएतापनि सो प्रक्रिया पालना भएको देखिएन । स्थानीयतहले अदालतबाट

प्राप्त फैसलाउपर कानुनले तोकेको समयसीमाभित्र पुनरावेदन नगरेको कारण उक्त फैसला अन्तिम भई कार्यान्वयन गर्नुपर्ने अवस्था सिर्जना भएकोले सम्बन्धित निवेदकको खातामा रकम सोझै जम्मा गर्नुपरेको एवं रोक्का रहेको स्थिति छ। अदालतबाट प्राप्त कुनै पनि फैसलामा कानुनी सल्लाह लिई समयसीमाभित्र आवश्यक पुनरावेदन वा अन्य कानुनी प्रक्रिया अवलम्बन गर्नुपर्ने विषयमा जिम्मेवार पदाधिकारीको उत्तरदायित्व स्पष्ट गरिनुपर्दछ ।

३.३ महानगरपालिका र श्री आकाश मेडिसिन डिस्ट्रिब्युटर्स प्रालि काठमाडौं बिच भएको करार ठेक्का न. २६-१५८-०७८-०७९-NCBG "Supply and Delivery of Medicine and Medical Goods at KMC" सम्झौताका सम्बन्धमा उत्पन्न भएको विवाद, सम्वन्धी नेपाल मध्यस्थाता परिषद् (नेप्का) बाट प्राप्त मध्यस्थ ट्राईबुनले दावीकर्ता आकाश मेडिसिन डिष्ट्रिब्युटर्स प्रा.लि. ले काठमाडौं महानगरपालिकालाई आपूर्ति गरेको स्थापित हुन आएको मूल्य अभिवृद्धि कर बाहेक मूल्य रु. २२,९७,४३०।को भुक्तानी निज प्रा.लि. ले पाएको देखिन नआएकोले सो रकम काठमाडौँ महानगरपालिकाबाट दिलाई भराई पाउने ठहर्छ भन्ने मिति २०८१।५।१४ को निर्णय आधारमा पालिकाले पुनरावेदन गर्न पाउने अधिकारको समेत प्रयोग नगरी विपक्षीलाई गो भौ नं ९१७-२०८१।७।४ बाट रु २२९७४३०। भुक्तानी गरेको देखिन्छ । कानुनी प्रक्रिया समयमै पूरा नगर्दा पालिकालाई आर्थिक दायित्व वहन गर्नुपरेको देखिन्छ ।

३.४ **आम्दानी नबाँधेको**- लेखापरीक्षणको क्रममा बैक खाता परीक्षण गर्दा नेपाल राष्ट्र बैक थापाथली शाखामा खाता नम्बर १२०४७०८। ००१।१२०।५२४ मा २०८०।०१।१० (२०२३।४।२३) मा ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व रकम रु २८२८२३०२६।०८ रकम मौज्दात रहेकोमा उक्त रकम सञ्चित कोषमा आम्दानी बाँधेको देखिएन ।उक्त रकम पालिकाको सञ्चित कोषमा आम्दानी बाँधेको नदेखिँदा उक्त रकम पालिकाको सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

३.५ **आर्थिक कारोबारको लेखाङ्कन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नुपर्दछ। स्वीकृत लेखा ढाँचामा विवरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन। पालिकाले, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको विवरण, परिवर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन। स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

३.६ **बैंक हिसाब मिलान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीयतहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाको सुत्र सफ्टवेयर अनुसार श्रेस्ता र बैक खाताको मौज्दात विवरण देहाय बमोजिम रहेको छ।

| क सं | बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|---|
| १ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१६२२६२२ | ग १.१आन्तरिक राजस्व खाता | २००.०० | १००७५२४२५७.४३ |
| २ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१५९२६०२ | ग १.१आन्तरिक राजस्व खाता | ३३७६१५.९८ | |
| ३ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१५९४६०३ | ग १.१आन्तरिक राजस्व खाता | १६७४९८३.३३ | |
| ४ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१५९५६०४ | ग १.१आन्तरिक राजस्व खाता | २२६६३३३.४७ | |
| ५ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१६१४६२९ | ग १.१आन्तरिक राजस्व खाता | २३०९९.८८ | |
| ६ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१६१२६३२ | ग १.१आन्तरिक राजस्व खाता | १९०३५२६२.६० | |
| ७ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१६०४६०७ | ग १.१आन्तरिक राजस्व खाता | १०६९०२९१२.६१ | |
| ८ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१६१६६२८ | ग १.१आन्तरिक राजस्व खाता | १४३४२४.८४ | |
| ९ | एन आई सि एशिया बैंक लि. | १२०५००६१६१३६३० | ग १.१आन्तरिक राजस्व खाता | ३१५००.०० | |
| १० | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१६१८६२७ | ग १.१आन्तरिक राजस्व खाता | ३०००.०० | |
| ११ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१६०९६१० | ग १.१आन्तरिक राजस्व खाता | ३२०३७.३२ | |
| १२ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१४७५००२ | ग १.१आन्तरिक राजस्व खाता | (७४४१३०४३.१६) | |
| १३ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१६१७६२६ | ग १.१आन्तरिक राजस्व खाता | ९८७९८८८.७४ | |
| १४ | एन आई सि एशिया बैंक | ००१२०५००६१४७५००३ | ग १.२बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | लि. | | | | |
| १५ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१४८०००६ | ग १.३आन्तरिक अनुदान खाता | ०.०० | ०.०० |
| १६ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१४८७००२ | ग २.२चालू खर्च खाता- जोर वर्ष | ०.०० | १३६७४६११०७.३० |
| १७ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१४८९००२ | ग २.४पुँजीगत खर्च खाता- जोर वर्ष | ११९६३६३९.७८ | ८५५५५१७३२.१४ |
| १८ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१४९१००२ | ग २.६वित्तीय खर्च खाता- जोर वर्ष | ०.०० | ०.०० |
| १९ | एन आई सि एशिया बैंक लि. | ०१CA०२४१२०NPR००२ | ग २.७विविध खर्च खाता | १४८६२२५३.०८ | ६६०७२२४०.७४ |
| २० | राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १०९०१०००४१६४८०१० | ग २.७विविध खर्च खाता | १११४०५५.३४ | |
| २१ | नबिल बैंक लिमिटेड | ३०६०१७५०००३२ | ग २.७विविध खर्च खाता | ७०६९६८४.६० | |
| २२ | राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १०९०१०००४१६४५०१० | ग २.७विविध खर्च खाता | १२४२३९५.५७ | |
| २३ | राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १०९०१०००४२४०४०१० | ग २.७विविध खर्च खाता | ४७७६२१.३० | |
| २४ | राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १०९०१०००४१६४९०१० | ग २.७विविध खर्च खाता | १११४०५५.३४ | |
| २५ | एन आई सि एशिया बैंक लि. | ००१४१५००६५४०००००२ | ग २.७विविध खर्च खाता | २३३८२०००.०० | |
| २६ | नबिल बैंक लिमिटेड | ३०१०१७५००९१२ | ग २.७विविध खर्च खाता | ३१७३८२२.६५ | |
| २७ | राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | १०९०१०००५७९३१००१ | ग २.७विविध खर्च खाता | १३५७८६०८.४७ | |
| २८ | नबिल बैंक लिमिटेड | ०३०१०१७५००९०९ | ग २.७विविध खर्च खाता | ७३२३९.६५ | |
| २९ | नबिल बैंक | ३८०१०१७५००६३६ | ग २.७विविध खर्च खाता | ९९४८२.७४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | लिमिटेड | | | | |
| ३० | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१४९३००५ | ग ३.१स्थानीय तह धरौटी खाता | ३५७७१२७३०.९९ | ७०४६०२३३७.३३ |
| ३१ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१४९४००२ | ग ४.१स्थानीय तह सञ्चित कोष खाता | १०२२०९७६७७१.२१ | ६८९२५२२९९३.७८ |
| ३२ | नबिल बैंक लिमिटेड | ३०१०१७५००९०६ | ग ५.१स्थानीय तह विविध कोष खाता | ४१३११११७.६० | ६७३४५४८३४.६९ |
| ३३ | नबिल बैंक लिमिटेड | ३८०१०१७५००६३३ | ग ५.१स्थानीय तह विविध कोष खाता | ५८२४९१.६२ | |
| ३४ | एन आई सि एशिया बैंक लि. | ००१४२५००६६०९१००४ | ग ५.१स्थानीय तह विविध कोष खाता | ६३१५६१२२५.४७ | |
| ३५ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६१४९५००२ | ग ६.१स्थानीय तह विभाज्य कोष खाता | २३२२९१०.०० | २३२२९१०.०० |
| ३६ | नबिल बैंक लिमिटेड | ३०६०१७५०००५ | ग ७.२स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २०२९२४५६.९४ | ९७५७२१८१.५६ |
| ३७ | एन आई सि एशिया बैंक लि. | ००१२०५००६३६९८००१ | ग ७.२स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ७५९९५०१८.०० | |
| | जम्मा | | | ११४९४८२२७९५.९६ | ११६६७०८४५९४.९७ |

उल्लेखित खाताहरुमध्ये श्रेस्ता र बैक खाताबीच मौज्दात फरक परेको सम्बन्धमा यकिन गर्नुपर्दछ । समग्रमा स्रेस्ता भन्दा बैक मौज्दात रु १७२२६१७९९।०१ बढी देखिएकोले कारण पहिचान सहित बैंक हिसाब मिलान विवरण तयार गर्नु पर्दछ।

३.७ **कोषको मौज्दात-** महानगरपालिका अन्तर्गत विगतमा विभिन्न कोषहरू खडा गरी रकम जम्मा गरेकोमा उक्त खाता निष्क्रिय अवस्थामा रहेको देखिएको छ । महानगरले विषयगत कार्यहरू पालिकाकै नियमित बजेट व्यवस्थाबाट संचालन हुँदै आएकोमा यस्ता कोषहरूको रकम मौज्दात राख्नु औचित्यपूर्ण देखिँदैन यस सम्बन्धमा विगतको प्रतिवेदनमा बेहोरा औंल्याएकोमा कार्यान्वियन भएको छैन। सम्बद्ध कार्यक्रम सालबसाली बजेट विनियोजन भई खर्च भैरहेकोमा यस्ता अलग अलग कोष राख्नुपर्ने औचित्य देखिँदैन। पालिकाबाट प्राप्त विवरण अनुसार देहाय अनुसारको ६ कोषमा रु १५ करोड ४० लाख ९५ हजार ६३७ मौज्दात रहेको छ । जसमध्ये यो बर्ष बालकोष खडा गरी रु १ करोड ५० लाख जम्मा गरेको देखिन्छ । उक्त कोष सञ्चालन सम्बन्धमा कार्यविधि एवं कानूनी व्यवस्था नभई निष्क्रिय अवस्थामा रहेका कोषको रकम स्थानीय सञ्चितकोष दाखिला गर्नुपर्दछ।

| क्र.सं. | कोषको नाम | मौज्दात रकम | कारोबार स्थिति |
|---|---|---|---|
| १ | पर्यटन प्रबर्द्धन कोष | २३३८२००० | निष्क्रिय |
| २ | नेवा जातीय उत्थान कोष कल स्पेशल | ५६६२०८९१.९९ | निष्क्रिय |
| ३ | नेवा जातीय उत्थान कोष | ७४९९.५४ | निष्क्रिय |
| ४ | सम्पदा संरक्षण कोष | ७१७००७२.२१ | निष्क्रिय |
| ५ | के एम सि मर्मत संभार कोष | ४२२१३४५८.५८ | आकस्मिक मर्मत संभारमा बजेट विनियोजन गरी खर्च गर्ने गरेको |
| ६ | इन्द्र जात्रा पर्व संरक्षण अक्षय कोष | ९७०१७१५.९५ | नियमित बजेट विनियोजन गरी खर्च गर्ने गरेको |
| ७ | बाल कोष | १५०००००० | यो बर्ष शुरुवात गरेको |
| जम्मा | | १५४०९५६३७.९५ | |

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीयतहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशील बमोजिम रहेका छन् ।

- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) मा तोकिए बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेको,
- विद्युत महसुल, खानेपानी बिल समयमा भुक्तानी नगरेबाट जरिवाना समेत भुक्तानी गरेको,
- फोहोर मैला व्यवस्थापनमा प्रयोग हुने सवारी साधनमा मापदण्ड वेगर मागको आधारमा इन्धन उपलब्ध गराएको,
- आयोजना बैंक निर्माण, आवधिक नगर विकास योजना, मध्यकालिन खर्च संरचना कार्यान्वियन नगरेको,
- महानगर भित्र रहेका कतिपय सम्पति करका ठुला करदाता तथा व्यवसाय र बहाल करका करदाताहरु समेत करको दायरा भन्दा बाहिर रहेका,
- सम्पत्ति, व्यवसाय तथा बहाल कर लगायत करारीय राजस्व र प्रदेश सरकारले तोकेका करको प्रशासकीय र नियमन क्षमता सुधार गर्नुपर्ने देखिएको,
- सहकारी ऐनको व्यवस्था बमोजिम पालिकाको कार्यक्षेत्रमा पर्ने सहकारी संस्थाहरुको अनुगमन नभएको,
- महानगरको शिक्षा ऐन तथा आर्थिक ऐनको व्यवस्था अनुसार संस्थागत विद्यालयले आर्जन गरेको शिक्षण शुल्कको पाँच प्रतिशत रकम प्राप्त गरी शिक्षा कोषमा रकम दाखिला नगरेको,
- फोहोरमैला व्यवस्थापन ऐनको अनुरुप निजी क्षेत्रबाट संकलित फोहोरमैला व्यवस्थापन शुल्कलाई आम्दानीको दायरामा ल्याउन नसकेको,
- भवन संहिता बमोजिम भवन संरचनाको नक्सा पास नगरी निर्मित प्रतिष्ठान र संघ संस्थाहरुको भवन निर्माणका लागि अनुदान रकम भुक्तानी भएको,
- बहुवर्षिय योजनाको रुपमा स्विकृत नभएका योजनाहरु समेत अर्को आर्थिक वर्षमा सम्पन्न हुने गरी उपभोक्ता समितिसंग सम्झौता गरी उपभोक्तालाई पेश्की दिएको,
- वित्तीय विवरणको शुद्दता, यथार्थता र विश्वसनीय बनाउन सबै आर्थिक कारोबारहरु समावेश हुने गरी वित्तिय विवरण तयार गर्नुपर्ने देखिएको ।

तसर्थ महानगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई संस्थागत क्षमता अभिबृद्धि गर्नुपर्दछ ।

## ५ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस महानगरपालिकामा उप-प्रमुखले मिति २०८१।०३।१० गते रु.२५ अर्ब ७० करोड ६३ लाख २५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१० मा नै पारित भई समयमै बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

## ६ श्रोतगत बजेट र खर्च

यो आर्थिक वर्षमा कुल रु. १३ अर्ब ३ करोड ६९ लाख २९ हजार खर्च गरेको उक्त खर्चमध्ये नेपाल सरकारको १४ प्रतिशत, प्रदेश सरकारको १ प्रतिशत सङ्घीय सरकारको राजस्व बाँडफाँडबाट प्राप्त १३ प्रतिशत र आन्तरिक श्रोतबाट ७२ प्रतिशत खर्च गरेको छ । नेपाल सरकारबाट विनियोजित रकमको ७७ प्रतिशत र प्रदेश सरकारबाट विनियोजित रकमको ८८.३२ प्रतिशत, सङ्घीय सरकार राजस्व बाँडफाँडबाट रु १ अर्ब ६४ करोड ४१ लाख ४५ हजार ८२.२३ प्रतिशत र आन्तरिक श्रोत रु ९ अर्ब ४९ करोड १६ लाख ९८ हजार ४७.३७ प्रतिशत खर्च भएको छ गत बर्षको बैक मौज्दात रु १२७८१६७६७५६। मध्ये यस बर्ष रु २४८३१०९३४३। खर्च गरेको छ । जुन समग्र खर्चको १९.०४ प्रतिशत हुन आउँछ ।

| क्र.सं. | विवरण | बजेट | बजेट । श्रोत प्रतिशतमा | खर्च | बजेट । खर्च प्रतिशतमा | कुल खर्चमा श्रोतगत प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | २३१९७५९५०० | ९ | १७७५१२८९०० | ७७ | १४ |
| २ | बागमती प्रदेश | १४२६१२००० | १ | १२५९५६५६६ | ८८ | १ |
| ३ | राजस्व बाँडफाँड - प्रदेश सरकार | ३९८४३७५०० | २ | ० | ० | ० |
| ४ | राजस्व बाँडफाँड – स्थानीय | १०५०००००० | ० | ० | ० | ० |
| ५ | राजस्व बाँडफाँड - संघीय सरकार | १९९९२२५००० | ८ | १६४४१४५०५९ | ८२ | १३ |
| ६ | आन्तरिक श्रोत | २००३५७९०००० | ८० | ९४९१६९८६९५ | ४७ | ७२ |
| ७ | जन सहभागिता | ८०००००० | ० | ० | ० | ० |
| ८ | जम्मा | २५००८८२४००० | १०० | १३०३६९२९२२० | ५२ | १०० |

## ७ बजेट खर्चको स्थिति

आर्थिक वर्ष २०८१।८२ को पालिकाको सुत्र सफ्टवेयर अनुसार बजेट विनियोजन तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| खर्च शिर्षक | शुरु बजेट | अन्तिम कायम बजेट | विनियोजन प्रतिशत | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| चालूतर्फ | ९७५४९८७७१८ | ९८२२२२२७१८ | ३९.२८ | ६२२९०३२३४४ | ६३.४२ |
| पूँजीगततर्फ | १५०२२८३७२८२ | १५०६५६०१२८२ | ६०.२४ | ६७३७८९६८७५ | ४४.७२ |
| वित्तीय व्यवस्था | १२००००००० | १२०००००००० | ०.४८ | ७००००००० | ५८.३३ |
| जम्मा | २४८९७८२५००० | २५००७८२४००० | १०० | १३०३६९२९२१९ | ५२.१३ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा अन्तिम कायम बजेट रु.२५ अर्ब ७८ लाख २४ हजार रहेकोमा चालु तर्फ ६३.४२ प्रतिशत र पूँजीगत तर्फ ४४.७२ र वित्तीय व्यवस्थापन तर्फ ५८.३३ प्रतिशत खर्च भई समग्रमा ५२.१३ खर्च भएको छ । समग्र कार्यक्रम र लक्ष्यको तुलनामा वित्तिय प्रगति ५२.१३ दोखदाँ तोकिएको लक्ष्य हासिल हुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

८ **रकमान्तर**

पालिकाको विनियोजन ऐन,२०८१ को दफा ३ को उपदफा (२) मा कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अन्य शिर्षकमा सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने रकमान्तर गर्न पाइने र उपदफा (३) मा उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनुपर्ने उल्लेख छ । पालिकाले यस बर्ष शुरु विनियोजित बजेटको विभिन्न ५६५ कार्यक्रमको रु २१४३४५९०५९।। बजेट घटाई विभिन्न ११०३ कार्यक्रममा रु २१४३४५९०५९। थप गरी रकमान्तर गरेकोमा हिउँदे सभाबाट २०८१।१०।२५ मा स्वीकृत गरेको छ । स्वीकृत क्रियाकलापमा कार्य सम्पादन नहुने र बीच बीचमा विभिन्न शिर्षकमा रकमान्तर गरी खर्च गर्ने परिपाटी अन्त्य गरी बजेट अनुशासन कायम गर्नुपर्दछ ।

९ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रेमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रकम रु. हजार

| पुँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| कूल खर्च | ६७३७८९६ | ९६६६९४ | ८४२०९८ | १२३२३४७ | ३६९६७५६ | २२२१७२७ |
| खर्च प्रतिशत | १०० | १४.३५ | १२.४९ | १८.२९ | ५४.८७ | ३२.९७ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिकमा पूँजीगत खर्चको ५४.८७ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३२.९७ प्रतिशत खर्च भएको छ । त्यसैले तोकिएको समयमा ठेक्का/निर्माण कार्य व्यवस्थापन गरी चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१० **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१५) मा उपनियम १४ बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तलब, महङ्गी भत्ता र स्थानीय भत्ता ,सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम जस्ता रकम मात्र भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मात्र भुक्तानी गर्न पाईने उल्लेख छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित नगरी सभावाट विगत वर्षको भुक्तानी दायित्वका लागि महानगरपालिका वित्ततर्फ केन्द्रीयस्तर क्रमागत योजना तथा कार्यक्रम उल्लेख गरी चालुतर्फ सूचना प्रविधितर्फको रु ७ करोड १५ लाख ७७ हजार र वित्त विभागमा प्राप्त भई भुक्तानी हुन बाँकी रु ३ करोड ५५ लाख ८६ हजार विनियोजन गरी रु ६ करोड ५९ लाख ६३ हजार भुक्तानी भएको देखिन्छ। पालिकाले सभावाट गत वर्षको भुक्तानी दिन बाँकी योजनामा विनियोजन गरी भुक्तानी दिएको भएतापनी नियमित र चालु प्रकृतिका खर्चको खर्चहरु सोही बर्ष भुक्तानी नगरी दायित्व सृजना गरेको मनासिव देखिदैन। बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

११ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यो बर्ष देहाय अनुसार विभिन्न शिर्षकमा रकम विनियोजन गरी बजेट अबण्डा राखेको देखिन्छ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| काठमाडौँ महानगरपालिका (शिक्षा) | | | |
| १ | शिक्षाका क्रमागत योजना | २१५२५३००० | २०७५७५५७ |
| २ | विद्यालय पूर्वाधार विकास कार्यक्रम | २७६०००००० | ० |
| काठमाडौँ महानगरपालिका (सम्पदा) | | | |
| ३ | काठमाडौं रचनात्मक शहर ( UCCN) | २०००००००० | ३०२७८ |
| ४ | सम्पदा क्षेत्रको सरसफाई तथा रंगरोगन सामाग्री खरिद | १०००००००० | ७३७०७९१ |
| ५ | मूर्त सम्पदा संरक्षण सम्बन्धी डि पी आर भएका योजनाहरुको कार्यान्वयन | ३९८४३७५०० | ० |
| ६ | सम्पदा मैत्री मार्ग निर्माण तथा विकास | ५०००००० | ० |
| ७ | विभिन्न परम्परागत फल्चा निर्माण | ३०००००००० | ० |
| ८ | महानगर क्षेत्रलाई क्षेत्रगत विभाजनको आधारमा स्मार्ट टोल तथा स्मार्ट कोलनी विकास | १०००००००० | ० |
| काठमाडौँ महानगरपालिका (सार्वजनिक निर्माण) | | | |
| ९ | आकस्मिक मर्मत तथा रंगरोगन | ४०००००० | ० |
| १० | सुन्दर महानगरका लागि आकस्मिक मर्मत तथा निर्माण कार्य | ५०००००० | ९१५७८२ |
| ११ | विभिन्न खेल मैदान निर्माण तथा मर्मत | १२०००००० | ० |
| १२ | आकस्मिक खेलकुद पूर्वाधार निर्माण तथा मर्मत | २०००००० | ८८०८८८ |
| १३ | विभिन्न स्थानहरुमा खुल्ला व्यायामशाला निर्माण | ६०००००० | ० |
| १४ | सार्वजनिक निर्माण तर्फका क्रमागत योजनाहरु | २५०००००० | ० |
| जम्मा | | १०१८६९०५०० | २९९५५२९७ |

निर्दिष्ट क्रियाकलाप तथा कार्यक्रम उल्लेख नगरी विभिन्न शिर्षकमा रु १ अर्ब १ करोड ८६ लाख विनियोजन गरेकोमा १४ शिर्षकमध्ये ९ शिर्षकमा शुन्य खर्च भएको र ५ शिर्षकमा रु २ करोड ९९ लाख खर्च गरेको देखिन्छ ।साथै वडातर्फ ३२ वडाहरुमा विविध कार्य,भैपरी आउने पूर्वाधार शिर्षक उल्लेख गरी रु ४० करोड ७२लाख विनियोजन गरी रु ३३ करोड ६ लाख खर्च गरेको छ । समग्रमा यो बर्ष महानगर तथा ३२ वडा समेत रु १ अर्ब ४२ करोड५८ लाख ९६ हजार बजेट अबण्डामा राखी रु ३६ करोड ५ लाख ८२ हजार २३६खर्च गरेको छ । अबण्डा बजेटजस्ता तदर्थ विनियोजनमा नियन्त्रण गरी नतिजामा आधारित र पारदर्शी बजेट प्रणाली अपनाउनुपर्ने तथा बजेट तर्जुमा गर्दा निर्दिष्ट कार्यक्रम उल्लेख गरेर मात्र खर्च गर्नुपर्दछ ।

## १२ क्षेत्रगत बजेट र खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र सं | क्षेत्र /उपक्षेत्र | विनियोजन | खर्च | कुल खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७४३९८१००० | ४४७९७०३९९ | ३.४४ |
| २ | सामाजिक विकास | ५१९२२१८७२४ | २५९८०९४३२९ | १९.९३ |
| ३ | पूर्वाधार विकास | ११३९४८१७२८० | ५९८४५३०८९८ | ४५.९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३४७५१८२१८७ | ७६९५४४९७४ | ५.९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४२०२६२४८०९ | ३२३६७८८६१९ | २४.८३ |
| कुल जम्मा | | २५००८८२४००० | १३०३६९२९२१९ | १०० |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ३.४४ प्रतिशत, सामाजिक क्षेत्रतर्फ १९.९३ प्रतिशत, पूर्वाधारतर्फ ४५.९ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ ५.९ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च २४.८३ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ३.४४प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा बजेट विनियोजन एवं खर्च बृद्धि गर्नुपर्दछ। कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा कुल खर्चको २४.८३ प्रतिशत गरेको देखिँदा प्रशासनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

## १३ नीति तथा कार्यक्रम कार्यान्वयन

महानगरपालिकाले २०८१।८२ मा ४ समूह अन्तर्गत ६६ नीति तथा कार्यक्रम उल्लेख गरेकोमा केहीको कार्यान्वयन अवस्था देहाय अनुसार रहेको छ ।

| | नीति तथा कार्यक्रमको बेहोरा | कार्यन्वयन अवस्था |
|---|---|---|
| | (क) आर्थिक विकास क्षेत्रसँग सम्बन्धित | |
| १ | २. काठमाडौँ महानगरपालिकाबाट कार्यान्वयन हुने विकास निर्माण सम्बन्धी कार्यक्रममा आवश्यक जनशक्ति मध्ये कम्तिमा ३० प्रतिशत जनशक्ति महानगरपालिकाको श्रम बैङ्क मार्फत् आपूर्ति गरिने व्यवस्था मिलाइनेछ । श्रम बैङ्क मार्फत आपूर्ति गरिने जनशक्ति मध्ये ५० प्रतिशत जनशक्ति स्थानीयवासीलाई प्राथमिकता दिईनेछ । | ठेक्कामार्फत हुने कार्यमा श्रम बैंकको जनशक्ति आपूर्तिको व्यवस्था नभएको । आ. व. २०८१।८२ मा श्रम बैंकमार्फत ६५० जनालाई महानगरपालिकाले प्रत्यक्ष रोजगारी दिएकोमा कार्यालयसँग सम्बन्धित कार्यक्रममा संलग्न गराएको । |
| २ | ३. महानगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरूको कारोबारलाई विद्युतीय प्रणालीमा आबद्ध गरी प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित बनाइनेछ । महानगर सहकारी सूचना केन्द्रको स्थापना गरी बचत सङ्कलन , ऋण परिचालन तथा संस्थागत सुशासन कार्यला ्इ प्रभावकारी बनाइनेछ । | महानगर सहकारी सूचना केन्द्रको स्थापना नभएको। |
| | (ख) सामाजिक विकास क्षेत्रसँग सम्बन्धित | |
| ३ | ९. विद्यार्थीहरूलाई पढ्दै कमाउँदै अवधारणा बमोजिम पार्ट टाइम काम गर्ने गरी रोजगारी सिर्जनाका लागि आवश्यक कानुनी प्रबन्ध मिलाइनेछ । | कार्यान्वयन नभएको। |
| ४ | १०. काठमाडौँ महानगरपालिका क्षेत्रभित्र शैक्षिक तथा रोजगार परामर्श केन्द्रहरूको अनुमति , नविकरण , नियमन , गुणस्तर परीक्षण र प्रमाणीकरण सम्बन्धी कार्य गर्न काठमाडौँ सीप तथा तालिम परिषद् गठनको लागि कार्यविधि वनाईनेछ। | कार्यविधि तर्जुमा हुन बाँकी रहेको। |
| ५ | १५. काठमाडौँको स्थानीय पहिचान र मौलिक सभ्यताका विषयहरू समेटिएको संक्षिप्त पाठ्यक्रम तयार गरी कक्षा ११ र सो भन्दा माथिल्लो तहका विद्यालय तथा क्याम्पसहरुमा अतिरिक्त कक्षा सञ्चालनका लागि सहजीकरण गरिनेछ । | कार्यान्वयन हुन नसकेको। |
| ६ | १६. विश्वविद्यालयका गोल्ड मेडलिस्टहरूलाई सामुदायिक विद्यालयको रिक्त शिक्षक पदमा करार सेवामा शिक्षण गर्ने प्रबन्ध मिलाइनेछ । काठमाडौँलाई अन्तर्राष्ट्रिय शैक्षिक गन्तव्यको रुपमा विकास गरी विदेशी विद्यार्थीहरूलाई आकर्षित गरिनेछ । | कार्यान्वयन हुन नसकेको। |
| ७ | २०. महानगरपालिकाको क्षेत्राधिकारभित्र रहेका अस्पताल , पोलिक्लिनिक , फार्मेसी लगायतका स्वास्थ्य संस्थाहरूको दर्ता प्रणालीलाई सूचना प्रणालीमा आवद्ध गरी अनुगमन , नियमन कार्यलाई तिव्रता दिइनेछ । | अनलाईन दर्ता प्रणाली शूरूवात गरेतापनि १२० स्वास्थ्य संस्था अनुगमन गरेकोले पर्याप्त अनुगमन तथा नियमन हुन नसकेको । |
| ८ | २३. स्थानीय हस्तकला , काष्ठकला , चित्रकला , मूर्तिकला , थान्का , पौभाचित्र जस्ता रैथाने सिप तथा कलाको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा ब्रान्डिङ गरिनेछ । | कार्यान्वयन नभएको। |
| | (ग) पूर्वाधार विकास क्षेत्रसँग सम्बन्धित | |
| ९ | २६. भु-सूचना प्रणालीमा आधारित सहरी पूर्वाधार सूचक तयार गरी कार्यान्वयनमा ल्याइनेछ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीहरूको गुणस्तर र मापदण्ड सुनिश्चितताका लागि गुणस्तर नियन्त्रण तथा परीक्षण गर्न पूर्वाधार प्रयोगशाला स्थापना गरिनेछ । | कार्यान्वयन नभएको। |
| १० | २७. सडक निर्माण तथा मर्मत कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाउनका लागि आस्फाल्ट प्लाण्ट स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ , साथै पोट होल प्याचिङ भेहिकल प्रयोगमा ल्याइनेछ । सडक तथा फुटपाथ मर्मत सम्बन्धमा कल सेन्टर वा अन्य माध्यमबाट प्राप्त गुनासोको तत्काल सम्बोधन गर्न पूर्वाधार एम्बुलेन्स सञ्चालन गरिनेछ । | पूर्वाधार एम्बुलेन्स कार्यक्रम मार्फत (बाटोघाटो, ढल आदि) मर्मतका कार्यहरू भइरहेकोमा आस्फाल्ट प्लाण्ट स्थापनाको लागि सम्भाव्यता अध्ययन नभएको। |
| | २९. काठमाडौँका प्रमुख सडकहरूमा यूटिलिटी डक्ट निर्माण गरी नेपाल दूरसञ्चार प्राधिकरण र इन्टरनेट सेवा प्रदायक संस्थासँग सहकार्य गरी अव्यवस्थित रुपमा रहेका तारहरूको उचित व्यवस्थापन गरिनेछ । सेयर्ड | "युटिलिटी डक्ट ( Utility Duct) निर्माणका लागि अध्ययन गर्ने कार्य मात्र |

| | | |
|---|---|---|
| | इन्फ्रास्ट्रक्चरको अवधारणा अनुरूप आवश्यक कानुनी प्रबन्ध मिलाई यूटिलिटी सेयरिङ कार्य अगाडि बढाइनेछ । | भएको। |
| ११ | ३०. काठमाडौँ महानगरपालिका क्षेत्रभित्र सार्वजनिक वा निजी प्रयोजनका लागि भौतिक संरचनाहरू निर्माण गर्दा सुरक्षा , सहरको सुव्यवस्था , आवागमनको सुनिश्चितता , उपयुक्त प्रविधि , निर्माण सामग्रीको गुणस्तर , निर्माण गर्ने समय तथा विधि , प्रदुषण नियन्त्रण र वातावरणको संरक्षण जस्ता पक्षलाई आधार मानी भौतिक संरचना निर्माण आचारसंहिता जारी गरी कार्यान्वयनमा ल्याइनेछ । | आचार संहिता जारी नभएको। |
| १२ | ३३. सडकहरूको वैज्ञानिक तथा मौलिक नामाकरण गरी घर नम्बर प्रणालीलाई व्यवस्थित गरिनेछ । महानगर क्षेत्रभित्र कुरियर सेवाको लागि मेट्रो पोष्ट सञ्चालन गरिनेछ । होम डेलिभरी सरकारको अवधारणा अनुरुप सेवा प्रवाहलाई घरघरमा पुर्याइनेछ। | मेट्रो पोष्ट सञ्चालन नभएको । |
| १३ | ३४. साझेदारी अवधारणा , लाभ लागत विश्लेषण , संरचना निर्माण तथा हालको उपयोगको अवस्था , सेवा प्रवाह र त्यसको परिणाम समेतको आधारमा सार्वजनिक निजी साझेदारी प्रारूपमा सञ्चालनमा रहेका परियोजनाहरूको पुनरावलोकन गरिनेछ । सार्वजनिक निजी साझेदारी प्रारूपमा सञ्चालन गर्न उपयुक्त सम्भावित नयाँ परियोजनाहरूको पहिचान गरिनेछ । | कार्यान्वियन हुन नसकेको । |
| १४ | ३६. काठमाडौँ महानगरपालिका क्षेत्र भएर सञ्चालन हुने ठुला सार्वजनिक यातायातका सवारी साधनहरुले काठमाडौँ महानगरपालिकाबाट अनुमति तथा तथा नविकरण गर्ने प्रबन्ध मिलाइनेछ । यस्ता सवारीसाधनहरुमा भौगोलिक अवस्थिति प्रणाली (जीपीएस्) सम्बन्धी उपकरण समेत अनिवार्य रुपमा जडान गर्नुपर्ने व्यवस्था मिलाइनेछ । सार्वजनिक यातायातका सवारी साधनको गुणस्तर कायम गर्न सडकमा गुडाउनयोग्य प्रमाणपत्र ( Road Worthy Certificate) जारी गर्ने प्रणाली कार्यान्वयनमा ल्याइनेछ । | कार्यान्वियनको चरणमा रहेको। |
| १५ | ३७. उपत्यकाभित्र रात्रिकालीन जीवनलाई अधिकतम गतिशिल र सदुपयोग हुनेगरी सार्वजनिक सवारी साधन सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ । विद्युतीय सार्वजनिक यातायातलाई प्रवर्धन गर्दै डिजेल वा पेट्रोलबाट सञ्चालन हुने सार्वजनिक तथा निजी सवारी साधनको प्रयोगलाई क्रमशः घटाउदै लगिनेछ \| चार्जिङ स्टेसन सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । | कार्यान्वियनको क्रममा रहेको । |
| १६ | ४७. काठमाडौं महानगरपालिका वडा नम्वर ३२ तिनकुनेको मुआव्जा वितरण गर्न र अधिकरण गर्न बाँकी जग्गाको मुआव्जाको लागि लाग्ने सम्पूर्ण रकममध्ये काठमाडौं महानगरपालिकाले एकतिहाई र नेपाल सरकारले दुईतिहाई रकम व्यहोर्ने शर्तमा काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को बचत रकमवाट एक तिहाई अंशको कम्तिमा आधा एक किस्ता रकम एवम् आर्थिक वर्ष २०८२।८३ मा बाँकी किस्ता रकम काठमाडौं महानगरपालिकाको वजेटवाट व्यहोर्ने व्यवस्था गरिनेछ । | कार्यान्वियनमा नआएको। |
| १७ | ४८. महानगर क्षेत्रभित्र सार्वजनिक प्रयोगका लागि सञ्चालन हुने निजी तथा सार्वजनिक शौचालयको न्यूनतम मापदण्ड तय गरिनेछ ।निजी , सरकारी तथा गैरसरकारी संस्थाहरूले आफ्नो स्वामित्वमा रहेको शौचालय निःशुल्क रूपमा उपलब्ध गराए वापत प्रोत्साहनको व्यवस्था गरिनेछ । | कार्यान्वियनमा नआएको। |
| १८ | ४९. काठमाडौँको खुलामञ्चलाई खुल्ला गरिनेछ साथै व्यायामस्थल र खेलकुद विकासको लागि उपयोग गरिनेछ । महानगरक्षेत्रभित्र रहेका सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका निजी प्रयोगमा रहेका अनधिकृत संरचना हटाई खुला क्षेत्रको रुपमा विकास गरिनेछ ।खुला क्षेत्रको विस्तार गर्न , संरक्षण गर्न र बहुउपयोग हुने गरी सार्वजनिक प्रयोजनका लागि सार्वजनिक तथा सरकारी जग्गालाई महानगरपालिका मातहत ल्याउन पहल गरिनेछ \| खुला क्षेत्रको विस्तार गर्न , संरक्षण गर्न र बहुउपयोग हुने गरी सार्वजनिक प्रयोजनका लागि सार्वजनिक तथा सरकारी जग्गालाई महानगरपालिका मातहत ल्याउन पहल गरिनेछ \| | कार्यान्वियनमा नआएको। |
| | (घ) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रसँग सम्बन्धित | |
| १९ | ५०. खाद्यपदार्थको गुणस्तर सुनिश्चितता गर्दै एग्रोपुलिङ तथा मेट्रो मार्ट मार्फत विषादीरहित स्वच्छ फलफूल र तरकारी होम डेलिभरी हुने व्यवस्था मिलाइनेछ । महानगर क्षेत्रमा उपभोग हुने खाद्यपदार्थको गुणस्तर सुनिश्चितताका लागि कृषि , खाद्य र भेटेरिनरी परीक्षण प्रयोगशाला स्थापना गरी नियमन कार्यलाई थप प्रभावकारी बनाउदै लगिनेछ । पशुपालनका लागि अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिनेछ । | एग्रो पुलिङ कार्यविधि, २०८१ तर्जुमा भएको तर बिषादी रहित स्वच्छ फलफूल र तरकारी होम डेलिभरी हुने व्यवस्था मिलाउन सकिएको छैन ।खाद्य |

| | | |
|---|---|---|
| | | सम्बन्धी ल्याव बनेको तर खाद्य परिक्षण कार्य हुन सकेको छैन । |
| २० | ५५. फोहोरलाई श्रोतमै वर्गीकरण गर्ने कानुनी व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ। प्रविधिमैत्री एवम् आधुनिक उपकरणको प्रयोगबाट फोहरमैला ट्रान्सफर स्टेशन र अन्तिम विसर्जन स्थलको फोहरलाई फोर आर अर्थात् रिड्यूस , रियूज , रिसाइकल एण्ड रिकोभर गार्बेज विधिबाट व्यवस्थापन गर्न जोड दिइनेछ । फोहरमैला शुल्क एकद्वार प्रणाली मार्फत सङ्कलन गर्ने व्यवस्था मिलाइनेछ । | काठमाडौं महानगरपालिकाले सेवा संचालन गर्ने १० वटा वडाहरुमा स्रोतमा वर्गीकरण गरि संकलन गर्ने अभ्यास भएको। फोहरमैला शुल्क एकद्वार प्रणाली मार्फत सङ्कलन गर्ने व्यवस्था कार्यान्वयन नभएको । |
| २१ | ५९. सामुदायिक ढल प्रशोधन केन्द्रको विस्तार गरिनेछ । नदीनालाहरूमा मिसावट हुने ढल निकासमा एसटीपी ( Sewage Treatment Plant) जडान गर्ने कार्यको थालनी गरिनेछ । | काठमाडौं प्लाजा भवनमा STP जडान गरि संचालन गरिएको अन्यत्र कार्य नभएको । |
| २२ | ६०. नदी किनार तथा अन्य क्षेत्रहरूलाई चराचुरुङ्गी र जीवजन्तुहरूको वासस्थान सुनिश्चितताका लागि संरक्षण कार्यक्रम कार्यान्वयन गरिनेछ । ग्रीन रूफ प्रवर्धनका लागि घरधनीहरूलाई प्रोत्साहित गरिनेछ । | ग्रीन रुफ प्रवर्द्धन कार्यक्रम अन्तर्गत कुनै पनि कार्य नभएको । |
| २३ | ६२. विपद् पूर्व तयारी , जोखिम न्यूनीकरण , प्रतिकार्य एवं पुनर्लाभका लागि आवश्यक सङ्ख्यामा विशेष पहिचानयुक्त तालिम प्राप्त प्रतिकार्य स्वयंसेवक समूह ( Disaster Response Volunteer Team, DRVT) परिचालन गरी सामुदायिक आपतकालीन सञ्चालन केन्द्र सञ्चालनमा ल्याइनेछ । | विशेष पहिचानयुक्त तालिम प्राप्त प्रतिकार्य स्वयंसेवक समूह (Disaster response Volunteer Team, DRVT) गठन गर्न वाँकी रहेको । |
| २४ | ६३. विभिन्न विश्वविद्यालय , सरकारी तथा गैरसरकारी संस्थाको सहकार्यमा स्थानीय विपद् अध्ययन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ । विपद जोखिमलाई न्यूनीकरण गर्न भवन , संरचना तथा व्यवसाय बिमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । | स्थानीय विपद् अध्ययन केन्द्र स्थापना नभएको । |
| २५ | ६४. महानगरको स्थानीय भाषा , कला , संस्कृति तथा असल अभ्यासहरूलाई अन्य स्थानीय तह र विदेशमा समेत रेप्लीकेट गर्न चाहेमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ । | कार्यान्वयन नभएको। |
| २६ | ६६. महानगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन , सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन नतिजामा आधारित एकीकृत अनुगमनको लागि विद्युतीय प्रणालीको विकास गरिनेछ । | कार्यान्वयन हुन बाँकी । |

नगरसभा समक्ष पेश गरिएका ६६ नीति कार्यक्रम मध्ये उल्लेखित नीति तथा कार्यक्रममा आंशिक कार्यान्वयन भएको एवं कार्यान्वयन हुन बाँकी रहेको र केही नीति तथा कार्यक्रमलाई बजेटमा समावेश गरी कार्यान्वयन नभएको विवरण पेश गरेको छ ।घोषित नीति तथा कार्यक्रमलाई बजेट तथा कार्यक्रममा आबद्ध गरी कार्यान्वयन गर्नुपर्दछ ।

## १४ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ अनुसार सघीय संचित कोषबाट स्थानीयतहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्रखर्च नभई बाँकी रहेको शसर्त अनुदानको रकम स्थानीय तहले संघीय संचित कोषमाफिर्ता गर्नुपर्ने व्यवस्था छ ।पालिकाले बर्षान्तमा देहाय अनुसारको संघीय सरकार र प्रदेश सरकार रु १९१२२३८०७। रकम खर्च नभई फिर्ता गरेको छ ।

| श्रोत | प्राप्ति | खर्च | फिर्ता |
|---|---|---|---|
| नेपाल सरकार सशर्त चालू | १५५३६७५८६० | १४४२९८०४८२ | ११०६९५३७८ |
| नेपाल सरकार सशर्त पूँजीगत | ९१२००००० | २५४८५८३९ | ६५७१४१६१ |
| प्रदेश सरकार सशर्त चालु | ३१७२०००० | ३०१६३४७९ | १५५६५२१ |
| प्रदेश सरकार सशर्त पूँजीगत | १५६६०००० | २४०२२५३ | १३२५७७४७ |
| जम्मा | १६९२२५५८६० | १५०१०३२०५३ | १९१२२३८०७ |

## १५ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने र सो प्रतिवेदनले औंल्याएका बेहोरा कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको बेहोरा निम्नानुसार छः

- पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गर्नुपर्नेमा लेखापरीक्षण अवधि सम्म जिन्सी निरीक्षण गरेको छैन । पालिकाले कानूनमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गराई प्रतिवेदनमा जिन्सी सामानको मूल्यांकन गरी मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने जिन्सीको अवस्था एकिन गरी जिन्सीको उचित मर्मत तथा लिलाम तथा संरक्षण गर्नुपर्दछ,
- पालिकाले एकै किसिमको मालसमानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसमानको तुलनात्मक विवरण तयार गरेको छैन,
- पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्बन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार देखिँदैन,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर र जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धित निकायहरूमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त मातहत कार्यालयका सम्पत्ती समेत एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९६ (२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसमान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नु पर्ने व्यवस्था रहेतापनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जिन्सी सामाग्रीको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्यांकन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ,
- पालिकाको स्वामित्वमा रहेका घरजग्गाको विवरण PAMS मा प्रविष्टि गरेको छैन । पालिकाको नाममा रहेका सबै घर जग्गाको मुल्याङ्कन सहितको विवरण PAMS मा अभिलेख राख्नुपर्दछ ।

## १६ खर्च विश्लेषण

खर्च विश्लेषण पालिकाले खर्च गर्दा वजेटको स्रोतको आधारमा अधिकतम मितव्ययी तवरले वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ । पालिकाले गत वर्ष र यो वर्ष निम्नानुसार शिर्षकमा विनियोजन गरेको बजेट र खर्चको अवस्था देहाय वमोजिम रहेको छ ।

| विवरण | वजेट (२०८०/८१) | आ.व २०८०/८१खर्च | वजेट (२०८१/८२) | आ.व २०८१/८२खर्च | वजेट वृद्धि प्रतिशत | खर्च वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| मसलन्द तथा कार्यालय सामाग्री | ९८२२८००० | ८७९६८३७५ | ८९५५०००० | ८६५९८५०३ | -०.०९ | -०.०२ |
| इन्धन कार्यालय प्रयोजन | २२२१००००० | २१७२८४९१९ | २०७६००००० | २०२१४३३९१ | -०.०७ | -०.०७ |
| विविध | ३७१०६४००० | १७७०४३७७९ | १७७५४७००० | १२०५७६०१३ | -०.५२ | -०.३२ |
| मर्मत सवारी साधन | ७१३००००० | ६९९४९४१४ | ५५५००००० | ५०९५२००३ | -०.२२ | -०.२७ |

पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च, विविध, मर्मत खर्च र ईन्धन खर्चमा विगतको तुलनामा हाराहारी नै बजेट विनियोजन गरी खर्च गरेको देखिन्छ ।यो बर्ष सवारी साधन मर्मततर्फ रु. ५,०९,५२,००३। खर्च लेखेको, गत बर्ष विविध तर्फ रु १२,०५,७६,०१३, इन्धन खपत तर्फ रु.२०,२१,४३,३९१। र मसलन्द तथा कार्यालय सामाग्रीतर्फ रु.८,६५,९८,५०३। खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्ने तथा चालु तर्फका खर्चमा नियन्त्रण गर्दै पुँजि निर्माण हुने क्षेत्रमा विनियोजन तथा खर्च गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १७ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । महानगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा देहाय अनुसार बोलपत्र मार्फत खरिद गरेको विवरण पेश गरेको छ ।

| क्र.सं. | विवरण | सम्पन्न योजना संख्या | लागत स्टिमेट | सम्झौता रकम |
|---|---|---|---|---|
| १ | १० करोड भन्दा माथि | ७ | १७६०२८११४६.५१ | १५३८५४६९९७.०९ |
| २ | १० करोड सम्म | ४० | १०३४५८७०३३.५२ | ८२१३३१८१२.८९ |
| ३ | वडा कार्यालय | ५८ | ५९९८४१२१०.७४ | ४११०४१६९५.८९ |
| ४ | मालसामान | ४२ | ३९१७४५८६७. | ३१५३८१८४३.५ |
| | जम्मा | १४७ | ३७८६४५५२५७.७७ | ३०८६३०२३४९.३७ |

लेखापरीक्षणको क्रममा रु रु.५ लाख भन्दा कमका योजना, रु.५ लाख देखि २०लाख सम्मका योजना तथा रु.२० लाख माथिका योजनाको विवरण माग गरेकोमा सोको विवरण पेश गरेको छैन ।महानगरपालिका एवं वडा कार्यालयतर्फ रु १० लाख भन्दा कमका योजनामा टुक्रा खरीद गरेको देखिएकोमा सोको एकमुष्ट विवरण पेश नभएबाट सोको बिश्लेषण गर्न सकिएन । योजना तर्जुमा एवं कार्यान्वयन गर्दा दीर्घकालीन लाभ एवं प्रतिफल प्राप्त हुने योजनामा गर्नुपर्दछ ।

## १८ दिगो विकास लक्ष्यहरुको स्थानीयकरण

दिगो विकास लक्ष्यहरुको स्थानीयकरण राष्ट्रिय योजना आयोगले २०७७ मा दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका जारी गरेको छ जस्मा स्थानीयतहमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण, दिगो विकास लक्ष्यका स्थानीयतहका सूचक एवं स्थानीयतहकको बार्षिक कार्यक्रम तथा बजेटको तयारी सम्बन्धी मार्गदर्शन उल्लेख छ । पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्नुपर्दछ। संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको दिगो विकास लक्ष्य हासिल गर्न

स्थानीयतहले समेत सम्बद्ध सूचकलाई स्थानीयकरण गरी बजेट तर्जुमा गर्नुपर्नेमा गरेको देखिएन । दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

## १९ आयोजना बैँक

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। साथै राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय सरकार सञ्चाल ऐन, २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र तत्सम्बन्धी नियमावली, २०७७ को व्यवस्थाले रणनीतिक महत्वको आयोजनाको पहिचान सँभाव्यता अध्ययन तथा मूल्याँकन प्रतिफलमूखी वित्तीय र आर्थिकरुपमा सँभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार श्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वयनको लागि आयोजना बैक स्थापना गर्न सुझाएको छ । आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने र व्यवस्थित शहरीकरणको लागि आयोजना बैँक तर्जुमा गरेको देखिएन ।पालिकाले स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वियन गर्नुपर्दछ।

## २० कल सेन्टर

पालिकाले काठमाडौं महानगरपालिकामा प्राप्त हुने विभिन्न किसिमका जनगुनासो, राय र सुझावहरुलाई उचित सुनुवाई गरी महानगरपालिकाबाट प्रवाह हुने सेवालाई छिटो छरितो, पारदर्शी र पहुँचयोग्य बनाई शासकीय व्यवस्थामा सुधार गरी जनउत्तरदायी स्थानीय सरकारको रुपमा कार्य गर्ने उद्देश्यका साथ कल सेन्टरको स्थापना गरेको छ। कार्यालयबाट प्राप्त विवरण अनुसार आ.व. २०८१।८२ मा देहाय बमोजिम गुनासो व्यवस्थापन भएको छ।

| नियमित गुनासो पोर्टलमा | |
|---|---|
| जम्मा गुनासो | २११६ |
| · सम्बोधन भएको | २०२६ |
| · पेन्डिङ्ग | ९० |
| सोधपुछ/ जिज्ञासा | ३३८८४ |
| जम्मा कल संख्या | ३६००० |
| हेलो सरकार तर्फ | |
| जम्मा गुनासो संख्या | ९४७ |
| · सम्बोधन भएको | ९३७ |
| · पेन्डिङ्ग | १० |

नियमित गुनासो पोर्टलमा जम्मा गुनासो २११६ प्राप्त भएकोमा ९० वटा पेन्डिङ्गमा रहेका र हेलो सरकार तर्फ ९४७ गुनासो प्राप्त भएकोमा १० वटा पेन्डिङ्गमा रहेका छन्।पेन्डिङ्गमा रहेका गुनासोहरु समेत आवश्यकताका आधारमा क्रमिक रुपमा हुनेगरेको र प्राप्त गुनासाहरुको सम्बोधन सम्बन्धित विभागबाट हुने गरेको देखिन्छ । प्राप्त गुनासोहरुमध्ये सबैभन्दा धेरै गुनासो नगर प्रहरीसँग सम्बन्धी ९९० वटा, वातावरण विभागसँग सम्बन्धित २३९ वटा, सार्वजनिक निर्माण विभागसँग सम्बन्धित २३५वटा, कृषि तथा पशुपन्छी

विभागसँग सम्बन्धित २२३ वटा र शिक्षा विभागसँग सम्बन्धित ५६ वटा रहेको छन्।उचित गुनासोको समयमै फस्र्यौट गर्ने तथा अनुगमन गर्नुपर्दछ।

२१ **आन्तरिक लेखापरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ मा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ।साथै सोही दफाको उपदफा ४ मा आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षणको क्रममा औंल्याएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले अन्तरसरकारी अख्तियारीतर्फको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको छ। पालिका तर्फको आन्तरिक लेखापरीक्षण त्रैमासिकरुपमा गराएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम बेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फस्र्यौट गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

२२ **गौरव तथा स्वर्णिम योजना**

महानगरपालिकाले सेवा प्रवाह, सरसफाई, शिक्षा र स्वास्थ्य तर्फका महत्वपूर्ण तथा जनताको प्रत्यक्ष सरोकारका विषयहरूलाई द्रुत गतिमा सञ्चालन गर्ने उद्देश्यले १० वटा योजनाहरूलाई महानगर गौरवका योजना अन्तर्गत र २५ वटा योजनाहरूलाई महानगर स्वर्णिम योजना घोषणा गरी बहुवर्षिय आयोजनाको रूपमा सम्पन्न गर्ने गरी तयार गरेकोमा यो वर्षको लागि महानगरपालिकाको गौरवको योजना अन्तर्गत "ढल रहित नदी नाला" लाई थप गरी ११ वटा गौरवका योजनाहरूमा शुरु बजेट रु. ३ अर्ब ८० करोड बजेट पेश गरेको तथा "कपडा बैंक", "थेमाटिक स्कूल", "पोखरी मर्मत तथा संरक्षण", "फोहरबाट मल" र "महानगर होमस्टे" लाई थप गरी ३० वटा स्वर्णिम योजनाहरु सञ्चालनमा रहेको देखिन्छ । उक्त योजनाको लागि शुरु बजेट रु. २ अर्ब बजेट विनियोजन गरेकोमा रकमान्तर गरी रु ५ अर्ब ८८ करोड अन्तिम बजेट कायम गरेको देखिन्छ ।

| गौरवका योजना | स्वर्णिम योजना | | |
|---|---|---|---|
| १. गरी खाने शिक्षा, महानगरको इच्छा | १. सुलभ फार्मेशी | १२. विषादी परीक्षण प्रयोगशाला | २३. पर्यटकीय सहर |
| २. सुलभ स्वास्थ्य सेवा, नागरिकलाई टेवा | २. साथी महानगर | १३. मिसन २१०० | २४. सांस्कृतिक सहर |
| ३. सुशासनको लागि अनलाइन सेवा | ३.. स्वच्छ भान्छा | १४. सुन्दर विद्यालय | २५. यातायात तथा ट्राफिक |
| ४. महानगरले देख्छ | ४. एक टोल , एक खेलकुद पुर्वाधार | १५. खेलकुद पूर्वाधार परियोजना | २६. कपडा बैक |
| ५. मेरो रहर, हरित सहर | ५. न्याय चौतारी | १६. एकल सेवा केन्द्र | २७. थेमाटिक स्कुल |
| ६. रोजगारी र आयवृद्धि, महानगरको समृद्धि | ६. डुवान समाधान | १७. पिउने पानी तथा सार्वजनिक शौचालय | २८. पोखरी मर्मत तथा संरक्षण |
| ७. उज्यालो शहर, मेरो महानगर | ७. पुर्वाधार एम्बुलेन्स | १८. इरेण्टल | २९. फोहोरबाट मल |
| ८. धुलो रहित काठमाडौँ | ८. सुन्दर महानगर योजना | १९. ढुङ्गेधारा , हिटी र पोखरी संरक्षण | ३०. महानगर होमस्टे |
| ९.संस्कृति, सम्पदा तथा पर्यटन , महानगरको धन | ८. श्रम बैंक | २०. मेट्रो मार्ट | |
| १० सबैको चाहना, ढुङ्गेधारा , हिटी र पोखरीको पुनर्स्थापना | १०. न्याय चौतारी | २१. अनुसन्धान तथा अन्वेषण केन्द्र | |
| ११ ढल रहित नदी नाला | ११. एग्रोपुलिब | २२. नदी सफाइ | |

- उक्त कार्यक्रमको लागि देहाय अनुसार अन्तिम बजेट रु ५ अर्ब ८८ करोडको तुलनामा रु १ अर्ब ७० करोड अर्थात २९ प्रतिशत मात्र खर्च गरेकोमा देखिएका केही बेहोरा देहाय अनुसार रहेको छ ।

| योजनाको नाम | विनियोजन | खर्च | खर्च प्रतिशत | क्रियाकलाप सङ्ख्या | शुन्य वित्तीय प्रगति |
|---|---|---|---|---|---|
| गौरवका योजना | २६५६७०९००० | १४५१०७११८ | ५ | १४९ | ९७ |
| गौरवका क्रमागत | २१२९२९५००० | १२४४२०६०४४ | ५८ | ६५ | १८ |
| स्वर्णिम योजना | ४८९५५०००० | ७०८८५५७७ | १४ | ५८ | ३८ |
| स्वर्णिम क्रमागत | ६१०४०६००० | २४३२२७३०२ | ४० | १४ | ७ |
| | ५८८५९६०००० | १७०३४२६०४१ | २९ | २८६ | १६० |

- गौरव योजना अन्तर्गत १४९ क्रियाकलापको लागि रु २ अर्ब ६५ करोड ६७ लाख विनियोजन गरेकोमा रु १४ करवड ५१ लाख खर्च भई वित्तिय प्रगति ५ प्रतिशतमात्र रहेको देखिन्छ । सीप कार्यक्रम अन्तरगत ल्याब निर्माणको लागि विद्यालयलाई अनुदानतर्फ रु १० करोड, विद्यालय पूर्वाधार विकासतर्फ रु २७ करोड ६० लाख, सेतोढोका देखि जय बागेश्वरीसम्मको अगाडिको मोहडा परम्परागत शैलीमा पुन निर्माणको लागि रु ५ करोड लगायत विभिन्न ९७ कार्यक्रममा विनियोजित रकम खर्च नभई शुन्य प्रगति देखिएको छ ।
- त्यस्तै गौरव क्रमागततर्फ ६५ योजनाको लागि रु २ अर्ब १२ करोड ९२ लाख बजेट विनियोजन गरेकोमा रु १ अर्ब २४ करोड ४२ लाख खर्च गरि ५८ प्रतिशत वित्तिय प्रगति गरेको छ । डिजिटल शिक्षण सिकाइ सूचना प्रविधिमैत्री विद्यालय निर्माणको रु ५ करोड ६५ लाख, सि.सि. टिभि कन्ट्रोल रुम तर्फ रु २ करोड लगायत विभिन्न १८ कार्यक्रमा विनियोजन गरेको रकम खर्च नभई वित्तिय प्रगति शुन्य देखिएको छ ।
- स्वर्णिम योजनाहरुतर्फ ५८ योजनाको लागि रु ४८ करोड ९५ लाख विनियोजन गरेकोमा रु ७ करोड ८ लाख खर्च गरी १४ प्रतिशत वित्तीय प्रगति गरेको छ । पूर्वाधार निर्माणका लागि रु १ करोड, सम्पदा क्षेत्रको मर्मत सम्भार तथा रंगरोगन कार्यको रु २ करोड, सडक मर्मत सम्भार गर्न Ashphalt/Premix प्लान्ट स्थापनाको लागि रु २ करोड ५० लाख लगायत विभिन्न ३८ कार्यक्रममा विनियोजित रकम खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ ।
- स्वर्णिम क्रमागततर्फ १४ योजनाको लागि रु ६१ करोड ४ लाख विनियोजन गरेकोमा रु २४ करोड ३२ लाख खर्च भई ४० प्रतिशत वित्तीय प्रगति गरेको छ ।मोवाइल ल्याव स्थापना तथा सञ्चालनको लागि रु १ करोड, सुन्दर विद्यालय कार्यक्रमको लागि रु रु ६० लाख लगायत विभिन्न ७ कार्यक्रममा विनियोजित रकम खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ को उपदफा ६ मा गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तया तयार गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाले महानगर गौरव र स्वर्णिम आयोजना ३ वर्षमा सम्पन्न गर्ने गरी घोषणा गरेकोमा उक्त आयोजनाको विस्तृत परियोजना विवरण डिपीआर तयार गरेको देखिएन । विस्तृत परियोजना विवरण तयार नगरी कार्य गर्दा बर्षेनी नयाँ कार्यक्रम थप्दै जाने तथा विगतको कार्यक्रममा न्यून तथा शुन्य प्रगति भएको अवस्था देखिन्छ । आयोजना सञ्चालन पूर्व पर्याप्त तयारी गरेर महानगरपालिकाले आयोजनाको क्षेत्र, आवश्यकता, प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय रुपमा सम्भाव्यता, लाभान्वित जनसंख्या, निर्माण अवधि, रोजगारी सिर्जना, लाभ लागत विश्लेषण लगायतका पक्षलाई विचार गरेर सोको आधारमा योजना पहिचान, छनौट तथा कार्यान्वयन गर्नुपर्दछ ।

## २३ मुद्दा दर्ता र फैसला

महानगरपालिका पक्ष विपक्ष भई अदालतमा रहेका मुद्दाको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | अदालत | मुद्धा दर्ता संख्या | फैसला भएका संख्या | विचाराधिन संख्या |
|---|---|---|---|---|
| १ | सर्वोच्च अदालत | १४८ | २७ | १२१ |
| २ | उच्च अदालत | १६९ | १३१ | ३८ |
| ३ | जिल्ला अदालत | १०६ | २९ | ७७ |
| जम्मा | | ४२३ | १८७ | २३६ |

उपरोक्त विवरण अनुसार महानगरपालिकामा यस अवधि सम्ममा ४२३ वटा मुद्दा दर्ता भएका छन्। जसमध्ये १८७ वटाको फैसला भएको छ भने २३६ वटा विचाराधीन अवस्थामा रहेका छन् । मुद्दाहरु प्रतिरक्षाका लागि पालिकाको कानुन तथा मानव अधिकार विभाग शाखाको कर्मचारीको अतिरिक्त महानगरपालिकाले कानूनी सल्लाहकारको रूपमा ६ जनालाई नियुक्त गरी यस वर्ष रू २४,०४,५०० भुक्तानी गरेको छ । मुद्दाको लिखित जवाफ तयार गर्ने, अदालती बहस पैरवी एवं कानूनी प्रतिरक्षा गर्ने लगायतका कार्यहरु कानूनी सल्लाहकार मार्फत् हुँदै आएको बेहोरा पालिकाले जनाएको छ।

## २४ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फर्स्यौट कारबाही देहाय बमोजिम रहेको छ ।

| निर्णयकर्ता | कुल विवाद संख्या | फर्स्यौट /कारवाही भएका विवाद | फर्स्यौट /कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|
| न्यायिक समिति | ३०९ | १४१ | १६८ |
| प्रमुख | १४३ | ५५ | ८८ |
| प्रमुख प्रशासकीय अधिकृत | १४ | ४ | १० |
| जम्मा | ४६६ | २०० | २६६ |

न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाहीको टुङ्गो लगाउनुपर्दछ ।

## २५ सवारी साधन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । पालिकाले पेश गरेको विवरण अनुसार देहाय अनुसारको सवारी साधनहरु रहेका छन्।

| सवारी साधन किसिम | चालु अवस्थामा रहेका मध्ये प्रयोगमा रहेका | चालु अवस्थामा रहेका मध्ये प्रयोगमा नरहेका | मर्मत र लिलामीमा समावेश नभएका तर चालु हालतमा नरहेको भनी जनाएका | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | मिन्हा गर्नुपर्ने | जम्मा |
|---|---|---|---|---|---|---|---|
| चार पाङ्ग्रे- कार , ट्रक , ब्रुमर , सडक निर्माणमा प्रयोग हुने लगायत | १८० | ३१ | १७ | ० | ४० | ० | २६८ |
| दुई पाङ्ग्रे | १०६ | ० | ४ | ० | २१ | ३ | १३४ |
| जम्मा | २८६ | ३१ | २१ | ० | ६१ | ३ | ४०२ |

उल्लेखित विवरण अनुसार २६८ चार पाङ्ग्रे र १३४ २ पाङ्ग्रे समेत ४०२ थान सवारी साधन रहेका जसमध्ये चालु अवस्थामा रहेका मध्ये प्रयोगमा नरहेका सवारी साधन ३१, मर्मत र लिलामीमा समावेश नभएका तर चालु हालतमा नरहेको भनी जनाएका सवारी साधन २१ र लिलाम गर्नु पर्ने ६१ वटा रहेका छन्। वातावरण विभाग अन्तर्गत फोहोर मैला व्यवस्थापन प्रयोग हुने ट्रक, मिनि ट्रक,ब्रुमर,रोलर लगायतका समेत १२४ वटा सवारी साधन रहेका छन्। जसमध्ये ३५ वटा सवारी साधनका लागि प्रति सवारी साधन मासिक औषत

२४७ ली. का दरले १ लाख ३ हजार ७ सय ६० पेट्रोल खपत भएको छ भने ८९ वटा सवारी साधनका लागि प्रति सवारी साधनका लागि मासिक औषत ८९५ ली का दरले ९ लाख ५५ हजार २ सय ९१ ली डिजेल खपत भएको छ। सवारी साधनमा प्रयोग हुने इन्धनलाई व्यवस्थित र मितव्ययी बनाउन लग बुकलाई व्यवस्थित गरी आवश्कताका आधारमा वितरण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ। लिलाम गर्नुपर्ने ४० थान ४ पाङ्ग्र र २१ थान २ पाङ्ग्रे सवारी साधनको लिलामी प्रक्रिया अगाडी बढाएको देखिएन । सवारी साधनको उचित प्रयोग र व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

२६ **इन्धन खपत**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले इन्धन खर्च वापत गत वर्षको बाँकी भुक्तानी रु १ करोड १३ लाख ९५ हजार र यस वर्ष रु २० करोड २१ लाख ३४ हजार गरी जम्मा रु २१ करोड ३५ लाख २९ हजार खर्च गरेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। इन्धन खर्चलाई मितव्ययी बनाउन लगवुकको प्रयोग गर्ने तथा मापदण्डको सीमाभित्र रहेर मात्र खर्च गर्नुपर्दछ ।

२७ **खेलकुद कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा आफ्नो अधिकारक्षेत्रको विषयमा ऐन बनाउन सक्ने र सो ऐन अन्तरगत रहेर नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले आशिक विषयमा खर्चका मापदण्ड बनाएको सो बाहेक पटके निर्णय निर्णयका आधारमा खर्चको क्षेत्र र अंश तोकी वा नतोकी रकम उपलब्ध गराएको छ । पालिकाले कार्यक्रम सञ्चालनका मापदण्ड तयार गरी कार्यक्रम मितव्ययी र व्यवस्थित रुपमा सञ्चालन गर्नु पर्दछ। पालिकाले आफै, अन्य व्यक्ती तथा संस्था मार्फत विभिन्न खेलकुद कार्यक्रम तथा प्रतियोगिता सञ्चालनमा यो वर्ष रू १३५०५६४५।– खर्च गरेको छ। यस्तो प्रकृतिका कार्यक्रममा प्रकृया तथा खर्चका मापदण्ड र प्रशिक्षकद्धारा प्रशिक्षण, छनोट तथा बन्द प्रशिक्षणमा संलग्न मेडिकल स्वयंसेवक टिम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राविधिक, प्रशिक्षक, निर्णायक, रेफ्री, स्कोरर अम्पायर तथा खेलाडी आदीलाई उपलब्ध गराइने सेवा सुविधाको निर्धारण गरी व्यवस्थित रुपमा खेल सञ्चालन गर्न मापदण्ड तयार गर्नु पर्दछ । खर्चका मापदण्डहरु तयार नगरी कार्यक्रम गर्दा खर्चमा मितव्यीता र एकरुपता कायम भएको देखिएन। पालिकाले यस्ता किसिमका खर्च गर्दा खर्चमा मितव्यीता कायम गर्नुपर्दछ। मापदण्ड बेगर खर्च गरेका केही उदाहरणहरु निम्नानुसार छन्।

| कार्यक्रम | भुक्तानी पाउने | भुक्तानी रकम रु |
|---|---|---|
| प्रथम उपमेयर कम उपत्यकाव्यापी अन्तरपालिका एकायन कराँते प्रतियोगिता २०८१ काठमाडौँ कार्यक्रम आयोजना | नेपाल एकाएन कराते संघ | १५००००० |
| दोस्रो काठमाडौं महानगर उपमेयर कप तेक्वान्दो प्रतियोगिता | न्यू सरस्वति तेक्वान्डो डोजाङ्ग | १५००००० |
| अपाङ्गता लक्षित खेलकुद कार्यक्रम | आयोजक काठमाडौं महानगरपालिका | ८६२५५६ |
| विभिन्न खेलकुद कार्यक्रममा सहभागीताका लागि खेलाडी तथा अन्य व्यवस्थापन खर्च | विभिन्न खेलकुदका पदक विजेता तथा प्रशिक्षकलाई | ११८९६३० |
| पूर्व मेयर पि.एल.सिंह खुला व्यायाम प्रतियोगिता सञ्चालनार्थ नेपाल व्यायाम मन्दिरलाई कार्यक्रम सहयोग | नेपाल व्यायाम मन्दिर | ५०००००० |
| खेलकूद कार्यक्रमको लागि क्लबहरुलाई अनुदान | कार्यालयका लागि आवश्यक समाग्री खरिद बापतको स्वीकृत रकम श्री ओम होम ल्याण्डलाई भुक्तानी गरिएको | ११८३११ |
| विभिन्न खेलकुद कार्यक्रममा सहभागीताका लागि खेलाडी तथा अन्य व्यवस्थापन खर्च | उपत्यका व्यापि अन्तर महानगरपालिका/नगरपालिका/गाँउपालिका खुल्ला दोस्रो गोदावरी मेयर कप प्रतियोगिता २०८१ मा विजय भएका का.म.पा. का खेलाडी तथा अफिसियलहरुलाई पुरस्कार | ५००००० |
| आकस्मिक सामाजिक विकासका कार्यहरु | उपत्यका व्यापी अन्तर महानगरपालिका/नगरपालिका/गाउँ पालिका खुल्ला दोस्रो गोदावरी मेयर कप प्रतियोगिता २०८१ | १२४८१०१ |
| आकस्मिक सामाजिक विकासका कार्यहरु | उपत्यका व्यापी अन्तर महानरपालिका/नगरपालिका/ गाउँ पालिका खुल्ला दोश्रो गोदावरी मेयर कप प्रतियोगिता २०८१ कार्यक्रम संचालन | ७८७०४७ |
| जम्मा रु | | १३५०५६४५ |

## २८ सूचनाको हक कार्यान्वयन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५, ६, ७ र नियमावली, २०६५ को नियम ३, ६, २४क र २४ग मा सार्वजनिक निकायले सूचना वर्गीकरण र अद्यावधिक गर्नुपर्ने सूचना अधिकारी तोक्नुपर्ने तीन-तीन महिनमा विवरणहरु अद्यावधिक विवरण गरी प्रकाशन गर्नुपर्ने वेब साईट अद्यावधिक गर्नुपर्ने माग गरेको सूचना नियमानुसार उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ। पालिकाले अधिकृतस्तर दशौं तहमा कार्यरत नूरनीधि न्यौपानेलाई सूचना अधिकारीको रुपमा तोकेको पाईयो।पालिकाले परिसरमा सूचना अधिकारीको फोटो र सम्पर्क नं सहितको विवरण राखेको छ। सूचना वर्गीकरण र अद्यावधिक गर्ने तर्फ ध्यान नदिएको पाईयो। पालिकाको वेवसाईट अद्यावधिक अवस्थामा रहेको छ भने तीन-तीन महिनामा प्रकाशन गर्नुपर्ने स्वतः प्रकाशनको विवरण प्रकाशन गरेको छैन। यस अवधिमा पालिकासँग विभिन्न १५८ वटा विषयमा सूचना माग भएकोमा सबै फर्स्यौट भएको जनाएको छ।

## २९ अनुदान वितरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड ८ फ मा स्थानीय तहले भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा महानगरपालिकाले नगद अनुदान र सास्कृतिक कार्यक्रम तथा अन्य अमूर्त सम्पदाको संरक्षणको लागि ४७६५२५१३।- भुक्तानी दिएको छ । वितरित रकम अनुदान मध्ये केही अनुदान पटके निर्णयको आधारमा तथा सम्बन्धित

संस्थाहरुको अनुरोधको आधार तथा खर्चको विजकको आधारमा भुक्तानी गरेको देखिन्छ ।सालबसाली दिइने यस्ता भुक्तानीको अनुगमन गर्न लेखापरीक्षण प्रतिवेदन अनिवार्यरुपमा पेश गर्न लगाउने प्रावधानको व्यवस्था गर्नुपर्ने एवं खर्चको मापदण्ड तर्जुमा गरी अनुगमन तथा नियमन संयन्त्र विकास गर्नुपर्दछ ।

| क्र.सं. | गो.भौ.नं. र मिति | बिबरण | भक्तानी पाउने | भुक्तानी रकम रू |
|---|---|---|---|---|
| १ | विभिन्न भौचर र मिति | परम्परागत वाजा सिकाउने गुरूहरूलाई सम्मान | विभिन्न | ७५५०७०२ |
| २ | विभिन्न भौचर र मिति | विभिन्न स्थानीय जात्रा पर्व र परम्परागत पुजा सञ्चालन खर्च | विभिन्न | १२७०३००० |
| ३ | विभिन्न भौचर र मिति | ६३ टोलका परम्परागत गुथि / खलः हरुलाई सम्मान ( दुई लाख का दरले मौलिक संस्कृति संरक्षण) | विभिन्न ६३ गुठी | १२६००००० |
| ४ | ६५-२०८१/०५/०६ | बुद्ध जयन्ती समारोह | बुद्ध जयन्ती समारोह समिति | १९०४९२ |
| ५ | ५२२१-२०८२/०३/०१ | विभिन्न अमूर्त सम्पदा संरक्षण | १२ वडा स्थित आर्यावलकेश्वर करूणामय संरक्षणा समिति | ५९०००० |
| ६ | २९३-२०८१/०५/२० | समता अभियान कार्यक्रम सहयोग | समता अभियान | २५०००० |
| ७ | ५६२-२०८१/०६/०९ | विभिन्न कार्यक्रमहरुको खाजा तथा खाना खर्च तिज विशेष कार्यक्रम | ओम साही क्याटरिङ एण्ड पार्टी प्यालेस प्रा.लि. | ७११९०० |
| ८ | ५५५५-२०८२/०३/११ | बाजा खरिद तथा प्रशिक्षण | नाद संगित पाठशा | ७००००० |
| ९ | ४८४०-२०८१/०७/१२ | नेपाल संबत् न्हूदँ कार्यक्रम मनाउन | नेपाल संवत् न्हूदँ राष्ट्रिय समारोह समिति | २०००००० |
| १० | १०७८ -२०८२/०३/२ | हल्चोक आकाश भैरवको १२ वर्षे जात्रा व्यवस्थापन | हल्चोक आकाश भैरव समाज | ८३८२०० |
| ११ | ६५३५-२०८२/०३/२५ | ज्यापु सांस्कृति विकास कोष अनुदान | ज्यापु सस्कृति विकास कोष | १०००००० |
| १२ | ६४४०-२०८२/०३/२५ | गुठी बाजा खलः भजन खलः जात्रा परम्परागत नाचलाई परम्परागत बाजा व्यवस्थापन र संरक्षण खर्च | मागः भोताहिति त्वाः मुनिकार समाज | ८००००० |
| १३ | ६२४१-२०८२/०३/२४ | हल्चोक आकाश भैरवको १२ वर्षे जात्रा व्यवस्थापन | हल्चोक आकाश भैरवको १२ वर्षे जात्रा व्यवस्थापन समिति | २५४०००० |
| १४ | ६१६६-२०८२/०३/२३ | सेतो मच्छिन्द्रनाथ रथयात्रा व्यवस्थापन | सेतो मच्छिन्द्रनाथ रथयात्रा व्यवस्थापन समिति | २०००००० |
| १५ | ५९९० -२०८२/०३/२० | बालाजु बाईसधारा मेला तथा जात्रा | बालाजु बाईसधारा उद्यान कार्यालयका प्रमुख श्री निरञ्जन विक्रम बस्नेत | १३७८२१९ |
| १६ | ५८९२-२०८२/०३/१८ | मण्डला थ्रियटर नेपालले कार्यक्रम सम्पन्न गरे वापत | मण्डला थ्रिएटर कार्यक्रम | ५००००० |
| १७ | ५८४७-२०८२/०३/१७ | नेपाल संगीत तथा नाटक प्रज्ञा-प्रतिठानले कार्यक्रम सम्पन्न गरे वापत | नेपाल संगीत तथा नाटक प्रज्ञा-प्रतिठान | ५००००० |
| १८ | ५५७८ -२०८२/०३/११ | विभिन्न स्थानीय जात्रा पर्व र परम्परागत पुजा सञ्चालन खर्च | कमलादी गणेश वतु व्यवस्थापन सहयोग समाज | ८००००० |

| | |
|---|---|
| जम्मा रु | ४७६५२५१३ |

३० **संघसंस्थालाई सहयोग**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न संघ सस्थाहरुलाई रु ३७०५००००। अनुदान वितरण गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन । उक्त संस्थाहरुको लेखापरीक्षण प्रतिवेदन पेश गर्न लगाई अनुदान सम्बन्धित क्षेत्रमा खर्च गरे / नगरेको यकिन गरेको छैन । वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| क्र सं | विवरण | बजेट | निकासा |
|---|---|---|---|
| १ | मातृभूमी महिला समाज कार्यक्रम सहयोग | ३००००० | ३००००० |
| २ | नेपाल बाल संगठन कार्यक्रम सहयोग | १००००००० | १००००००० |
| ३ | अटिजम सम्बन्धित संस्था सञ्चालन सहयोग | २०००००० | १५००००० |
| ४ | नेपाल व्यायाम मन्दिर | ५०००००० | ५०००००० |
| ५ | नारायण गोपाल सङ्गीत कोषमा स्टुडियो निर्माण सहयोग | ५०००००० | १२५०००० |
| ६ | सीप मेला सञ्चालनार्थ तालिम व्यवस्थापनको लागि FPTEN लाई अनुदान | ५०००००० | ५०००००० |
| ७ | मानब सेवा आश्रमलाई घर भाडा व्यवस्थापन तथा स्क्रिनिङ अनुदान | १००००००० | १००००००० |
| ८ | नेपाल हस्तकला महासंघ | १०००००० | १०००००० |
| ९ | त्रिविवि नेपाल भाषा विभागमा स्थापना भएको विद्युतीय पुस्तकालय स्तरोन्नती अनुदान | २५००००० | २५००००० |
| १० | नेपालभाषा स्यनेकने फाउण्डेसनलाई सहयोग | ५००००० | ५००००० |
| जम्मा | | ४१३००००० | ३७०५०००० |

३१ **पेश्की**

पेश्कीआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फछ्र्योट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ ।सुत्र सफ्टवेयर अनुसार बर्षान्तमा रु १ अर्ब ९ करोड ५४ लाख २९ हजार १५२ पेश्की फर्स्यौट गर्न बाँकी देखिएको छ । विगतदेखि नै पेश्की बाँकी जिम्मेवारी सार्दै आएकोमा उक्त पेश्की फरस्यौट गर्नुपर्दछ ।

| पेश्की लिने | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|
| पदाधिकारी | ३००००० | २७०००० | ५७०००० |
| कर्मचारी | २१०००० | ५७००० | २६७००० |
| ठेकेदार | ७५६९३२४५६ | ९४०५९१०५ | ८५०९९१५६१ |
| संस्थागत | ४४२०४९२४ | ६८१९५०० | ५१०२४४२४ |
| उपभोक्ता समिति | १४४४८३५८० | ४२९९९३८६ | १८७४८२९६६ |
| व्यक्तिगत | ११००००० | २७३५१६१ | ३८३५१६१ |
| आपूर्तिकर्ता | १२५८०३९ | ० | १२५८०३९ |
| जम्मा | ९४८४८९००० | १४६९४०१५२ | १०९५४२९१५२ |

## ३२ म्याद नाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ ।पालिकाले देहाय अनुसारका यो बर्ष उपलब्ध गराएको रु.३,६५,५९,९५७। म्याद नाघेको पेश्की फर्स्यौट हुनुपर्ने रु

| संस्थागत पूँजीगत तर्फ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | मिति | विवरण | पेश्की लिनेको नाम | रकम रु |
| १ | ०३/२२/२०८२ | मूर्त सम्पदा संरक्षण सम्बन्धी डि.पी.आर. भएका योजनाहरुको कार्यान्वियन | बुद्ध विहार | ५९९७१९१ |
| उपभोक्ता समिति तर्फ | | | | |
| १ | ०६/०९/२०८१ | सम्पदा तथा पर्यटन तर्फका क्रमागत योजनाहरु | तेस्रो आँखा ढुंगेधारा संरक्षण उपभोक्ता समिति | १८११३७३ |
| २ | ०९/०५/२०८१ | मूर्त सम्पदा संरक्षण सम्बन्धी डि.पी.आर. भएका योजनाहरुको कार्यान्वियन | रूद्रेश्वर मन्दिर उपभोक्ता समिति | २१६३००० |
| ३ | १२/२९/२०८१ | सम्पदा तथा पर्यटन तर्फका क्रमागत योजनाहरु | दे भ्वयू गुथि निर्माण उपभोक्ता समिति | २०२६००० |
| ४ | १२/३१/२०८१ | मूर्त सम्पदा संरक्षण सम्बन्धी डि.पी.आर. भएका योजनाहरुको कार्यान्वियन | श्री जालपादेवी मन्दिर संरक्षण समिति | १९७९००० |
| ५ | ०१/०९/२०८२ | मूर्त सम्पदा संरक्षण सम्बन्धी डि.पी.आर. भएका योजनाहरुको कार्यान्वियन | विष्णुमती महादेवखोला संगमस्थल भौतिक सुधार समिति | १९५१००० |
| ६ | २०८२/०२/३० | चण्डोल स्थित ढुंगेधारा निर्माण | बालुवाटार ढुंगेधारा पुन निर्माण समिति | २१६०००० |
| ७ | ०३/०३/२०८२ | काठमाडौँ जिल्ला काठमाडौं महानगरपालिका वडा १५ डल्लु आवास कभर्ड हल परिसर मा पूर्वाधार निर्माण कार्य | डल्लु आवास स्थानीय सहयोग समिति | १९००००० |
| ८ | ०३/१७/२०८२ | वडा नं.०१ अन्तर्गत गैरीधारा लगायत अन्य ढुंगेधाराहरुको मर्मत तथा पुनर्स्थापना कार्य | गैरीधारा उपभोक्त संरक्षण समिति | १२३३००० |
| ९ | ०३/२०/२०८२ | अन्य सार्वजनिक निर्माण तथा मर्मत कार्य | श्रद्धा नगर टोल सुधार समिती | २३००००० |
| १० | ०३/२३/२०८२ | मैतीदेवी मन्दिर परिसर सुधार तथा पुर्ब उत्तरमा रहेको मयुर कुण्ड पुन:निर्माण | श्री मैतीदेबी भोजघर पुनः निर्माण उपभोक्ता समिति | २४१४००० |
| ११ | ०३/२५/२०८२ | मूर्त सम्पदा संरक्षण सम्बन्धी डि.पी.आर. भएका योजनाहरुको कार्यान्वियन | गंगाहिटी हाइट गल्ली उपभोक्ता समिती | १५००००० |
| १२ | ०३/२५/२०८२ | चाबाहिल गणेश ढुंगेधारा | ट्राफिक व्यवस्थापन वातावरण र विकास निर्माण समिति | २३१५००० |
| १३ | ०३/२५/२०८२ | वडा नं.१६ अन्तर्गत बालाजु बनस्थली जनजागृति लगायत अन्य ढुंगेधाराहरुको मर्मत तथा पुनर्स्थापना कार्य | वडा नं. १६ सम्पदा संरक्षण उपभोक्ता समिति | १४१४००० |
| १४ | ०३/२५/२०८२ | वडा नं.१९ अन्तर्गत ढुंगेधाराहरुको मर्मत तथा पुनर्स्थापना कार्य | ऐतिहासिक हिटी संरक्षण उपभोक्ता समिती | ९९६००० |
| संस्थागत (चालु खर्च) तर्फ | | | | |
| १ | ०५/२८/२०८१ | १२ वडा छ्वास:लुवी त्वा: नास: पुजाखलको १२ वर्षे धिमेधुन्या प्रशिक्षण सहयोग | छ्वास लुवि नासः पुजा खलः | ३००००० |
| २ | ०८/२४/२०८१ | दैनिक मर्मत तथा सम्भार कार्यको लागि श्रमबैंक मार्फत जनशक्ति | नेपाल मध्यस्थता परिषद् (नेप्का) | ११४१८४८ |
| ३ | ०८/२८/२०८१ | महानगर दिवस कार्यक्रम (पदक सम्मान तथा पुरस्कार समेत) | इकोज इन द भ्याली | १४०८५४५ |
| ४ | ०१/१५/२०८२ | विभिन्न अमूर्त सम्पदा संरक्षण | ज्यापु महागुथि नेपाः | ३००००० |
| ५ | ०२/०४/२०८२ | नारायण गोपाल सङ्गीत कोषमा स्टुडियो निर्माण सहयोग | नारायणगोपाल संगीत कोष | १२५०००० |
| | | कूल जम्मा | | ३६५५९९५७ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **६,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२,५४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३७९,८४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१,९७८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२,५४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२,४६९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२,५४४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **१,६४९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१,३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **७७८,४४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **१,४४७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **१,६२३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **२,४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **२,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२,४५४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४८०,१०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| पेश्की | ३,६५,५९,९५७ |
|---|---|

३३ **सि.सि.टि.भी. खरिद एवं सञ्चालन**

सि.सि.टि.भी. जडान तथा सञ्चालनलाई व्यवस्थित गर्न नेपाल सरकारबाट जारी सि.सि.टी.भी. जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ अनुसार सार्वजनिक स्थानमा जडान गरिएको सि.सि.टि.भी.को विवरण १५ दिनभित्र सम्बन्धित प्रहरी इकाई वा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष २७ वडाले ६३ पटकमा रु. ६,८८,६९,८८० बराबरको सि.सि.टि.भी. खरिद गरेको देखियो। महानगर अन्तर्गत सि.सि.टि.भी. जडान तथा सञ्चालनका सम्बन्धमा देखिएका केही बेहोरा देहाय अनुसार रहेको छ।

- सम्झौतामा आपूर्तिकर्तासँग मर्मत–सम्भार तथा प्रतिस्थापनको जिम्मेवारी तोकेको देखिएन,
- सर्भिलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि महानगरपालिका र सम्बन्धित निकायबिच समन्वय तथा सहजिकरण हुने गरी एकिकृत नीति तयार गरेको देखिएन,
- महानगरपालिका अन्तर्गतका केही वडाले आफ्नै कार्यालयमा सर्भिलेन्स कक्ष स्थापना गरेको र केही वडाले क्लबलाई हस्तान्तरण गरी सञ्चालन गरेकोले महानगरपालिकाकै कर्मचारीहरूलाई सर्भिलेन्स कार्यमा खटाउँदा सेवा प्रवाहमा असर परेको अवस्था देखियो।

सि.सि.टि.भी. खरिद तथा सञ्चालन कार्य गर्दा सुरक्षा निकायसँग आवश्यक समन्वय, प्राविधिक व्यवस्थापन तथा दीगो सञ्चालनको सुनिश्चितता भएको देखिएन। सि.सि.टि.भी. जडान तथा सञ्चालन गर्दा सुरक्षा निकायसँग समन्वय गरी सर्भिलेन्स कक्षको व्यवस्था, मर्मत–सम्भारको स्पष्ट जिम्मेवारी तथा प्रतिस्पर्धात्मक विधिबाट खरिद प्रक्रिया अवलम्बन गरी दीगो र प्रभावकारी सञ्चालन सुनिश्चित गर्नुपर्ने देखिन्छ।

३४ **सडक बत्ती खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम रु २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। सडक बत्तीको गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुने सम्झौतामा उल्लेख भएकोमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन ।नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा ३२ वडा र एक आयोजनाबाट ८३ पटक रु ६ करोड ९४ लाख ४८ हजार बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । उक्त खरिदमध्ये अधिकाँश रु १० लाखभन्दा कमका टुक्रे खरिद गरेको देखिन्छ । सडक बत्ती खरिदमा मितव्ययीता कायम गर्न बोलपत्रको माध्यममार्फत प्रतिस्पर्धात्मक विधिद्धारा खरिद गर्नुपर्ने एवं वारेन्टी अवधिभित्र आपूर्तकलाई मर्मत सम्भार र प्रतिस्थापनमा जिम्मेवार बनाउने संयन्त्रको विकास गर्नुपर्दछ ।

३५ **प्रशासकीय संगठन, दरबन्दी र पदपूर्ति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ। दफा ८३(६) मा स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न

सकिने छैन भन्ने व्यवस्था रहेको छ। पालिकाको स्वीकृत संगठन संरचना, २०७७ बमोजिम १४ विभाग ३१ महाशाखा ५५ शाखा र ३ सचिवालय रहेकोमा हाल १६ विभाग ३१ माहाशाखा ५५ शाखा र ४ सचिवालय रहेका छन्। कार्यालयले उपलब्ध गराएको दरबन्दी तथा पदपूर्ति विवरणमा कुल दरबन्दी संख्या २६४० मा स्थायी प्रशासनिक तर्फ १८०२ र प्राविधिक तर्फ स्थायी ३४६ र स्वीकृत अस्थायी तर्फ प्रशासनिक दरवन्दी १८८ र प्राविधिक तर्फ ३०४ रहेकोमा प्रशासनिक तर्फ १९९४ जना र प्राविधिक तर्फ २३६ जना कर्मचारीहरू कार्यरत रहेको देखिन्छ।

३६ **तलवी प्रतिवेदन**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा स्थानीय तहहरूले प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ र पालिकाकामा कार्यरत स्थायी कर्मचारीलाई तलब तथा ग्रेड बापत रु. ९३८७१५५९१। खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ। प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा तलबी प्रतिवेदन पठाए पनि प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले स्वीकृत नगरेको पालिकाको भनाई रहेको छ।

३७ **कर्मचारी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।यो बर्षको सङ्कलन गरेको आन्तरिक राजस्व रु ५९५९६८७१८१ को तुलनामा कर्मचारी खर्च मात्रै रु ३२६०४५०५६७ अर्थात ५४.७० रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका केही बेहोरा देहाय अनुसार रहेका छन्।

| क्र.सं. | खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | नेपाल सरकार -शसर्त अनुदान चालु : नेपाल सरकार - नगद अनुदान | | | |
| | २११११ | पारिश्रमिक कर्मचारी | १०७२२०१००० | १०७२१९९४२४ |
| | २११२१ | पोशाक | १२३३६००० | ९७७२००० |
| | २२४१३ | करार सेवा शुल्क | २३५००० | १७३६५० |
| २ | नेपाल सरकार -शसर्त अनुदान चालु : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | | | |
| | २११११ | पारिश्रमिक कर्मचारी | १०२४९९००० | ८५१४७०१३ |
| ३ | नेपाल सरकार -शसर्त अनुदान चालु : आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | | | |
| | २११११ | पारिश्रमिक कर्मचारी | १०००००० | ५४६५६८ |
| ४ | बागमती प्रदेश - शसर्त अनुदान चालु : बागमती प्रदेश - नगद अनुदान | | | |
| | २२४१३ | करार सेवा शुल्क | १२६८०००० | १२६५६३४१ |
| ५ | आन्तरिक श्रोत -आन्तरिक श्रोत : आन्तरिक श्रोत - नगद | | | |
| | २११११ | पारिश्रमिक कर्मचारी | १५२३८१४००० | ९८१६५२७४९ |
| | २११२१ | पोशाक | ३०८६०००० | २११०२६०० |
| | २११२२ | खाद्यान्न | ३००००००० | २७२७५२६९ |
| | २११२३ | औषधी उपचार खर्च | ७५००००० | २१३७४८९ |
| | २११३२ | महंगी भत्ता | ६१०००००० | ३७१८६५८० |
| | २११३३ | फिल्डभत्ता | ५००००००० | ३७४४१५०० |
| | २११३४ | कर्मचारीको बैठक भत्ता | १५२७७००० | १२२४४९७९ |
| | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३०५०००००० | २५०१३७७८५ |
| | २११३९ | अन्य भत्ता | ४७७५२००० | ४०७५९३७७ |
| | २१२११ | कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | २५०००००० | ५४४२३२१ |
| | २१२१२ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ४०००००० | ३९८१०४५ |
| | २१२१३ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | १००५३००० | ७३३७४०० |
| | २१२१४ | कर्मचारी कल्याण कोष (निवृत्तीभरण र उपदान) | ४०००००००० | १३५४४४४२० |
| | २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | १४२१५८८०९ | ८६२४९१५ |
| | २२४१३ | करार सेवा शुल्क | ६८५९००१५८ | ४१०१६८३४३ |
| | २२५११ | कर्मचारी तालिम खर्च | ४६४५०००० | १७२३३८१५ |
| | २७३१३ | सेवा निवृत्तको संचित विदा | ७००००००० | ३६२५५४१७ |
| | २७३१४ | सेवा निवृत्तको औषधी उपचार | ७००००००० | ४५५२९५६७ |
| कुल जम्मा | | | | ३२६०४५०५६७ |

३७.१ **अतिरिक्त कार्य सम्पादन भत्ता-** काठमाडौँ महानगरपालिका कर्मचारी सेवा सुविधासम्बन्धी मापदण्ड, २०८० को दफा १३ को उपदफा (६) मा दफा १२ र उपदफा (२) बमोजिम कार्यालय समयबाहेक अतिरिक्त समय गणना गर्दा प्रति महिना कम्तिमा चालिस घण्टा र

तोकिएको कार्य सम्पादन सूचकको प्रगतिलाई प्रमुख प्रशासकीय अधिकृतले मासिक रूपमा स्वीकृत गरेको आधारमा सुरु तलव स्केलको पचास प्रतिशतले हुन आउने रकम प्रोत्साहन भत्ता उपलब्ध गराइने उल्लेख छ ।पालिकाले कार्य सम्पादन सूचक, कार्य प्रगति र कार्यक्षमताको मूल्यांकन बेगर ४० घण्टा थप हाजिरी भएको आधार लिई आधारभूत तलबको अधिकतम् मासिक ५० प्रतिशतसम्मका दरले हुन आउने गरी यस वर्ष कर्मचारी प्रोत्साहन तथा पुरस्कार शीर्षकबाट रू १६२४२५२७४, अन्य भत्ता (अतिरिक्त समय भत्ता) शीर्षकबाट रु १२४५६०००, तालिम संयोजक (अतिरिक्त समय) शीर्षकबाट रु ५२०९९१ गरी प्रोत्साहन भत्ता वापत जम्मा रु १७५४०२२६५।-खर्च गरेको छ।

| क सं | कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | महानगर भत्ता (हनुमानढोकातर्फ) | १७०००००० | १३३५७५० |
| २ | महानगर भत्ता ( महानगरपालिका) | ८००००००० | ७२३४३७६१ |
| ३ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार (५० प्रतिशतसम्म) | २००००००००० | १६२४२५२७४ |
| ४ | राजश्व लक्ष्यमा आधारित प्रोत्साहन भत्ता (राजश्व विभाग र वडा कार्यालयका कर्मचारीहरुका लागि) | २०००००० | १५२९००० |
| ५ | विपद व्यवस्थापनमा खटिने कर्मचारीहरुको बिमा औषधोपचार जोखिम भत्ता | १०००००००० | ९८६३९५४ |
| ६ | रेडियो कार्यक्रम सञ्चालक सुविधा | २०००००० | २४१६८० |
| ७ | राष्ट्रियस्तरको भिटामिन ए कार्यक्रममा महिला स्वास्थ्य स्वयं सेविका परिचालन एवम् थप प्रोत्साहन | ४०००००० | २३२३३६६ |
| जम्मा | | २९९७०००००. | २५००६२७८५ |

३७.२ **महानगर भत्ता-** महानगरपालिकाले प्रदेश कानूनमा व्यवस्था नभएको महानगरमा कार्यरत कर्मचारीहरुलाई मासिक रु.३०००।-दरले महानगर भत्ता वापत रू७२३४३७६१-खर्च लेखेको छ।

३७.३ **अनुगमन भत्ता तथा बैठक भत्ता**-पालिकाले प्रशासन विभाग तर्फ बैठक भत्ता, करका दर दायरा क्षेत्र पुनरावलोकन समिति बैठक, वातावरण विभागमा हुने बैठक सञ्चालन खर्च, शिक्षा समिति र शिक्षा तथा स्वास्थ्य समितिको बैठक, नियमित बैठक समिक्षा अनुगमन तथा मूल्याङ्कन र प्रतिबेदन, स्रोतकेन्द्रले सञ्चालन गर्ने विद्यालयका प्रधानाध्यापक बैठक र विषयगत समिति बैठक, सामाजिक विकास विभाग अनुगमन तथा बैठक सञ्चालन खर्च, स्वास्थ्य प्रवर्द्धन केन्द्रहरुको मासिक तथा अर्धबार्षिक समिक्षा बैठकमा मात्र रु १२९४२२५० गरि अनुगमन तथा बैठक भत्ता वापत रु १७१६९५४१।खर्च गरेको छ।

३७.४ **कर्मचारी आन्तरिक पर्यटन/पून:ताजकी कार्यक्रम** -बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(२) अनुसार उपदफा (१) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा नतोकोसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । महानगरपालिकाले आन्तरिक पर्यटन प्रर्बद्धन तथा पून:ताजकी गर्ने उद्देश्यले आन्तरिक पर्यटन प्रबर्द्धन कार्यविधि, २०७९ स्वीकृत गरी आन्तरिक पर्यटन भ्रमण/काज वापत यस वर्ष रू ३ करोड बजेट व्यवस्था भएकोमा रू २ करोड ३७ लाख ४६ हजार खर्च गरेको छ ।

महानगरपालिकाले प्रचलित प्रदेश कानूनको व्यवस्था भन्दा थप गरेर गरी स्थानीय कानूनका आधारमा खर्च गरेको छ।प्रोत्साहन भत्ता गणना गर्दा कार्य सम्पादनमा आधारित सूचक तर्जुमा नगरी दैनिक २ घण्टा अतिरिक्त कार्य गरेको हाजिरी प्रमाणितलाई मात्र आधार लिएको देखिन्छ ।अतिरिक्त कार्यको लागि लक्ष्य तोकेर कार्यविवरण उपलब्ध गराई सो का आधारमा सम्पादित कामको प्रतिवेदन लिने

तथा मूल्याङ्कन नगरेको हुँदा कार्य सम्पादन सूचकको आधारमा मात्र अतिरिक्त भत्ता भुक्तानी गर्नुपर्ने तथा संघ तथा प्रदेशको मापदण्डलाई समेत ध्यानमा राखी मापदण्ड बमोजिम थप सुविधा दिनुपर्ने तथा अनुगमन तथा बैठक भत्ता भुक्तानी दिँदा प्रोत्साहन भत्तामा दोहोरो नपर्ने गरी खर्चमा मितव्यिता कायम गर्नु पर्दछ।

### ३८ दरबन्दी भन्दा बढी कर्मचारी

काठमाडौ महानगरपालिकामा कार्यरत कर्मचारीहरूको सेवा सर्त एवं सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७७ को दफा ६ मा दरबन्दी सम्बन्धी व्यवस्था उल्लेख छ ।साथै दफा ७ मा रिक्त स्थायी पदमा पदपूर्ति प्रचलित कानुन बमोजिम प्रदेश लोकसेवा आयोगबाट हुने तथा दफा ९ मा अन्य तरिकाबाट पदपूर्ति गरी नियुक्त गर्न नहुने लगायतको व्यवस्था छ । साथै स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा १४ मा सवारी चालकको लागि रिक्त दरबन्दीमा मात्र व्यक्तिसँग करार गरी सेवा करारमा लिन सक्ने उल्लेख छ । स्वीकृत दरबन्दीभन्दा बढी पदमा कर्मचारी पदस्थापना तथा कामकाजमा लगाई भुक्तानी दिन मिल्ने कानूनी आधार देखिँदैन ।देहाय अनुसार स्वीकृत दरबन्दी भन्दा बढी ३ लेखा अधिकृत, अनमी / सि अनमी २४, अ हे व / सि अ हे व १२, सवारी चालक १७ जना र २२ जना प्रशासनतर्फको समेत ७८ पदमा कर्मचारीलाई तलब,भत्ता, ग्रेड ,महानगर भत्ता, प्रोत्साहन भत्ता समेत रु ६१५६५९२६। भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| कर्मचारी पद | स्वीकृत दरबन्दी | स्थायी | अस्थायी | कार्यरत | बढी | बार्षिक तलब भत्ता लगायत | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| लेखा अधिकृत ७/ ८ | १४ | | | १७ | ३ | ९९२५३० | २९७७५९० |
| अनमी/ सि अनमी. | ३० | ४७ | ७ | ५४ | २४ | ८९७१४७ | २१५३१५२८ |
| अहे व / सिअ हे व | १२ | १८ | ६ | २४ | १२ | ९७९८४८ | ११७५८१७६ |
| सवारी चालक | १४१ | १११ | ३० | १५८ | १७ | ४९७८७४ | ८४६३८५८ |
| अधिकृत छैठौं(४/ ५/ ६ को समग्र) | १०२ | १२४ | | | २२ | ७६५२१७ | १६८३४७७४ |
| जम्मा रु. | | | | | | | ६१५६५९२६ |

| | |
|---|---|
| अनियमित भएको | ६,१५,६५,९२६ |

### ३९ छैठौं तहमा स्तर वृद्धि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुने व्यवस्था रहेको छ। बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(१) मा स्थानीय सेवाका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ। उपदफा (२) मा स्थानीय सेवाका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिमको तलब, भत्ता र अन्य सुविधा लागु हुने व्यवस्था रहेको छ। अर्थ मन्त्रालयले मिति २०७९।४।३० मा जारी गरेको नयाँ तलबमान र सुविधाको बुँदा नं.१ मा सबै तहका निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, स्वास्थ्य सेवा, संसद सेवा, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र प्रदेश तथा स्थानीय तहका कर्मचारीका लागि २०७९ साउन १ गते देखि लागु हुने गरी संलग्न अनुसूची १ देखि ८ सम्मको नयाँ तलवमान एवं ग्रेड कायम गरेर प्रदेश र स्थानीय तह तर्फ कार्यलय सहयोगी, हलुका सवारी चालक र भारी सवारी चालक तर्फ अधिकतम पाँचौ स्तरसम्म कायम गरी तलबमान तोकेको छ। काठमाडौँ महानगरपालिकामा कार्यरत कर्मचारीहरूको सेवा सर्त एवं सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ४ मा सहायकस्तर कर्मचारीको प्रथम देखि छैठौ स्तर रहने उल्लेख छ । पालिकाले सङ्घीय तथा प्रादेशिक कानूनमा उल्लेख नभएको श्रेणीविहिन कर्मचारीको अधिकतम पाउने पाँचौ स्तरभन्दा माथि छैठौ स्तर कायम गरी छैठौ तह कायम गरी भुक्तानी गरेको छ । पालिकाले प्रमुख प्रशासकीय स्तरको २०७९।५।७ निर्णयानुसार कर्मचारीलाई चौथो र पाँचौ स्तरको फरक तलबलाई पाँचौ स्तरको तलबमा जोडी छैठौं स्तरको तलबमान कायम गरी तलब भत्ता भुक्तानी गरेको छ। ग्रेड भुक्तानी, सञ्चयकोष थप उपदान तथा पेन्सन गणना प्रयोजनको गणना

बाहेक तलब भुक्तानीको आधार मात्र लिँदा ४६३ कार्यरत छैठौ स्तरका कर्मचारीलाई यो बर्ष अधिक्तम पाउने स्तरभन्दा रु १७६२१८६४। भुक्तानी भएको देखिन्छ।बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को व्यवस्थामा नरहेको श्रेणीविहिन कर्मचारीको छैठौस्तर कायम गरी भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

| पद नाम | कर्मचारी संख्या | अधिकतम तह वृद्धि | कायम गरेको स्तर | पाँचौ स्तरको तलबमान | छैठौं स्तरमा तोकेको तलबमान | १३ महिनाको फरक तलब रु. |
|---|---|---|---|---|---|---|
| कार्यालय सहयोगी | ३७३ | पाँचौं स्तर | छैठौं स्तर | ३२८५६ | ३५९८४ | १५११६७६७२ |
| हलुका सवारी चालक | ७२ | पाँचौं स्तर | छैठौं स्तर | ३९८१३ | ४१९९८ | २०४५११६० |
| भारी सवारी चालक | १८ | पाँचौं स्तर | छैठौं स्तर | ४१५६१ | ४३३०९ | ४०९०३२ |
| जम्मा | | | | | | १७६२१८६४ |

| | |
|---|---|
| अनियमित भएको | १,७६,२१,८६४ |

## ४० अनिवार्य अवकाशको अवधि

काठमाडौँ महानगरपालिकामा कार्यरत कर्मचारीहरूको सेवा सर्त एवं सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ८०(क) मा प्रदेश कानुनले नतोकेसम्म कर्मचारीको अनिवार्य अवकाशको उमेर ५८ वर्ष हुने व्यवस्था छ। निजामती सेवा ऐन, २०४९ को दफा ३३(२) मा समेत अनिवार्य अवकाशको उमेर ५८ वर्ष उल्लेख गरिएको छ। साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५(२) अनुसार सम्बन्धित सेवा सर्तसम्बन्धी कानून नबनेसम्म समायोजनपूर्वकै सेवा सर्त लागू हुने व्यवस्था छ।तर प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ५६(१) मा ६० वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउने व्यवस्था रहेको आधारमा यस वर्ष २२ जना कर्मचारीको अनिवार्य अवकाश उमेर ५८ वर्षभन्दा थप कायम गरी रु. ११७६०५००। सेवा सुविधा भुक्तानी गरेको देखियो।संघीय निजामती सेवा ऐन तर्जुमा नभएको र स्थानीय तथा प्रदेश कानूनबीच अनिवार्य अवकाशको उमेर सम्बन्धी कानुनी एकरुपता नभएको अवस्थामा ५८ वर्षभन्दा थप अवधिको सेवा कायम गरी सेवा सुविधा भुक्तानी गरेको छ।संघीय कानुनले तोकेको उमेर हद भन्दा बढी सेवा अवधी कायम गरी भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

| क्रस | कर्मचारीकोनाम | तह | ५८ बर्ष उमेरहदको आधारमा अनिवार्य अवकाश मिति | अवकाश भएको मिति | थप कार्य गरेको अवधि | थप अवधिको तलब भत्ता भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | श्याम नेपाली | चतुर्थस्तर | २०८०.११.२७ | २०८१.११.२७ | १ वर्ष | ४८९९२३ |
| २ | रमेश प्रसाद पौडेल | पाँचौ स्तर | २०८०.१२.०५ | २०८१.१२.०५ | १ वर्ष | १६०५९१ |
| ३ | सन्तमाया पोडेनी | पाँचौ स्तर | २०८०.१२.०८ | २०८१.१२.०८ | १ वर्ष | ६९११५६ |
| ४ | दुर्गामाया नेपाली पोडे | पाँचौ स्तर | २०८०.१२.१८ | २०८१.१२.१८ | १ वर्ष | ६९११५६ |
| ५ | शेषकान्त अधिकारी | अधिकृतस्तर छैठौं तह | २०८०.१२.२७ | २०८१.१२.२७ | १ वर्ष | ६२४९८६ |
| ६ | हर्ष बहादुर पोडे | पाँचौ स्तर | २०८१.०१.०४ | २०८२.०१.०४ | १ वर्ष | ६२९७६१ |
| ७ | हरि बहादुर वाइबा | चौथो तह | २०८१.०१.०५ | २०८२.०१.०५ | १ वर्ष | ३६३२२३ |
| ८ | विकास गुरुङ | अधिकृतस्तर छैठौं तह | २०८१.०१.०६ | २०८२.०१.०६ | १ वर्ष | ६६२२८६ |
| ९ | बसन्ती नेपाली | पाँचौ स्तर | २०८१.०१.०६ | २०८२.०१.०६ | १ वर्ष | ६२९७६१ |
| १० | भुई पोडे | पाँचौ स्तर | २०८१.०१.२९ | २०८२.०१.२९ | १ वर्ष | ४७१४५५ |
| ११ | प्रकाश सिलवाल | सहायकस्तरचौंथो तह | २०८१.०३.०५ | २०८२.०३.०५ | १ वर्ष | ५६२६४७ |
| १२ | कपिलरा जपाण्डे | पाँचौ स्तर | २०८१.०३.०९ | २०८२.०३.०९ | १ वर्ष | ५२९४९३ |
| १३ | रुक्मणीदेवी ज्ञवाली सुवेदी | सहायक स्तरपाचौं तह | २०८१.०३.१९ | २०८२.०३.१९ | १ वर्ष | ६३३५१७ |
| १४ | रविन्द्रलाल श्रेष्ठ | अधिकृतसातौं | २०८१.३.२७ | २०८२.३.२७ | १ वर्ष | ६७७९२७ |
| १५ | सरस्वती कारंजित | चतुर्थस्तर | २०८१.५.१ | २०८२.५.१ | ९ महिना | ३२५४६१ |
| १६ | दुरुपति च्यामेनि | छैठौं स्तर | २०८१.१.१८ | २०८२.१.१८ | ७ महिना | ३७८९३३ |
| १७ | राजकुमार पोडे | पाँचौ स्तर | २०८१.०२.२२ | २०८२.०२.२२ | १ वर्ष | ६३७२४८ |
| १८ | नइन्द्र कुमार भुजेल | पाँचौ स्तर | २०८१.०२.३१ | २०८२.०२.३१ | १ वर्ष | ५२९४९३ |
| १९ | रिनेश पोडे | पाँचौ स्तर | २०८१.०३.०३ | २०८२.०३.०३ | १ वर्ष | ४२६८५३ |
| २० | कान्छा तामांग | सहायकस्तरचौंथो तह | २०८१.०३.१२ | २०८२.०३.१२ | १ वर्ष | ५३५५४९ |
| २१ | नानी छोरीपोडे | छैठौं स्तर | २०८१.३.२९ | २०८२.३.२९ | १ वर्ष | ६४०७९२ |
| २२ | बिमला च्यामे | छैठौं स्तर | २०८१.२.१० | २०८१.१०.२३ | ८ महिना | ४६८२८९ |
| जम्मा | | | | | | ११७६०५०० |

| | |
|---|---|
| अनियमित भएको | १,१७,६०,५०० |

४१ **कोष कट्टी**

निवृत्तिभरण कोष ऐन, २०७५ को दफा १०(१) मा कार्यालयले कर्मचारीको मासिक तलबबाट छ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८२ (१) मा निवृत्तभरण कोष ऐन, २०७५ प्रारम्भ भएपछि स्थानीय तहमा नियुक्त भएका वा यो ऐन प्रारम्भ भएपछि स्थानीय सेवामा नियुक्ति हुने कर्मचारीले सो ऐन बमोजिमको योगदान मूलक निवृत्तभरण प्रणाली बमोजिम योगदान मूलक निवृत्तभरण प्रदान गरिनेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले योगदानमूलक निवृत्तभरण कोष कट्टि बापत ६ प्रतिशत कट्टि गर्नुपर्नेमा देहायका कर्मचारीहरुको तलबबाट १० प्रतिशतले कट्टी गरी पालिकाले १० प्रतिशत थप गरी कर्मचारी सञ्चयकोषको योगदानमा आधारित निवृत्तीभरण कोषमा कट्टी गरेको देखिन्छ । ऐनमा उल्लेखित प्रावधान भन्दा बढी कट्टी गरेको कारण पालिकालाई ४ प्रतिशतले बढी व्ययभार परेको देखिन्छ । यसरी तोकिएको भन्दा भन्दा बढी निकासा गरी पालिकालाई बढी व्ययभार परेको रकम समायोजन गर्नुपर्ने रु.

| क्र. सं. | पद | नाम | खाईपाइ आएको तलब | आ.व.२०८१/०८२ को जम्मा थप १० प्रतिशत | ४ प्रतिशतले हुने रकम रु |
|---|---|---|---|---|---|
| १ | लेखापाल | नारायणी पंगेनी अधिकारी | ३८२०४ | ४५२६६ | १८१०६ |
| २ | लेखापाल | पुजन पाण्डे | ३५८८८ | ४२४८७ | १६९९५ |
| ३ | लेखापाल | टेक राज भट्ट | ३५८८८ | ४२४८७ | १६९९५ |
| ४ | लेखापाल | पुष्पराज तिवारी | ३५८८८ | ४२४८७ | १६९९५ |
| ५ | लेखापाल | विनोद शर्मा | ३५८८८ | ४२४८७ | १६९९५ |
| ६ | लेखापाल | गणेश राना | ३५८८८ | ४२४८७ | १६९९५ |
| ७ | लेखापाल | विजय सिंह महरा | ३५८८८ | ४२४८७ | १६९९५ |
| ८ | लेखापाल | उपेन्द्र प्रसाद संज्याल | ३५८८८ | ४२४८७ | १६९९५ |
| ९ | लेखापाल | शान्ति पुन | | ६९४६ | २७७८ |
| १० | लेखापाल | कुसुम पौडेल | ३५८८८ | ४२४८७ | १६९९५ |
| ११ | लेखापाल | झकाश के.सी. | ३५८८८ | ४२४८७ | १६९९५ |
| १२ | लेखापाल | उपेन्द्र प्रसाद उपाध्याय | ३५८८८ | ४२४८७ | १६९९५ |
| १३ | लेखापाल | श्रीप्रसाद सुबेदी | ३५८८८ | ४२४८७ | १६९९५ |
| १४ | लेखापाल | दिपेन्द्र के.सी. | ३५८८८ | ४२४८७ | १६९९५ |
| १५ | लेखापाल | इन्द्रप्रसाद कंडेल | ३५८८८ | ४२४८७ | १६९९५ |
| १६ | लेखापाल | रविन कार्की | ३५८८८ | ४२४८७ | १६९९५ |
| १७ | लेखापाल | हेमन्त डिसी | ३५८८८ | ४२४८७ | १६९९५ |
| १८ | लेखापाल | लोक राज अवस्थी | ३५८८८ | ४२४८७ | १६९९५ |
| १९ | लेखापाल | सरस्वती भण्डारी | ३५८८८ | ४२४८७ | १६९९५ |
| २० | लेखापाल | मन्जुललिम्बु | ३५८८८ | ४२४८७ | १६९९५ |
| २१ | लेखापाल | गजेन्द्र बहादुर थापा | ३५८८८ | ४२४८७ | १६९९५ |
| २२ | लेखापाल | अर्जुन गैरे | ३५८८८ | ४२४८७ | १६९९५ |
| २३ | सहायक स्तर पाचौ | शारदा गौतम | ३५८८८ | ४२४८७ | १६९९५ |
| २४ | सहायक स्तर पाचौ | सागर धामी | ३५८८८ | ४२४८७ | १६९९५ |
| २५ | सहायक स्तरपाचौ | उत्तम लामा | ३५८८८ | ४२४८७ | १६९९५ |
| २६ | सहायक स्तर पाचौ | बिना हमाल | ३५८८८ | ४२४८७ | १६९९५ |
| २७ | सहायक स्तर पाचौ | गणेश पौडेल | ३५८८८ | ४२४८७ | १६९९५ |
| २८ | सहायक स्तर पाचौ | टोप बहादुर कामी | ३५८८८ | ४२४८७ | १६९९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | सहायक स्तरपाचौ | पदम गुरुङ | | २४५४३ | ९८१७ |
| ३० | सहायक स्तर पाचौ | रमा तिमल्सीना | ३५८८८ | ४२४८७ | १६९९५ |
| ३१ | सहायक स्तरपाचौ | विदुर लामिछाने | ३५८८८ | ४२४८७ | १६९९५ |
| ३२ | सहायक स्तरपाचौ | संजिव कुमार सिंह | ३५८८८ | ४२४८७ | १६९९५ |
| ३३ | सहायक स्तरपाचौ | हिमाल लुइटेल | ३५८८८ | ४२४८७ | १६९९५ |
| ३४ | अधिकृत स्तर सातो | शालीक रामवली | | १५००४ | ६००२ |
| ३५ | सहायक स्तर पाचौ | रबिन ढकाल | ३५८८८ | ४२४८७ | १६९९५ |
| ३६ | सिभिल इन्जिनियर सातौं | प्रकाश बस्याल | | ४५८५ | १८३४ |
| ३७ | सिभिल इन्जिनियर सातौं | प्रभु योङआङ | ४७३७९ | ५१५२१ | २०६०८ |
| ३८ | सिभिल इन्जिनियर सातौं | विश्वराज अधिकारी | ४७३७९ | ५१५२१ | २०६०८ |
| ३९ | सिभिल इन्जिनियर सातौं | प्रकाश सुवेदी | ४७३७९ | ५१५२१ | २०६०८ |
| ४० | मेडिकल अधिकृत | दिवश न्यौपाने | ५०३६२ | ५९१३४ | २३६५४ |
| ४१ | सब ईन्जिनियर | दिपक बहादुर शाही | ३५८८८ | ४२०२३ | १६८०९ |
| ४२ | सब ईन्जिनियर | दिलेन्द्र सिंह खाती | ३५८८८ | ४२०२३ | १६८०९ |
| ४३ | सब ईन्जिनियर | पंकज यादव | ३५८८८ | ४२०२३ | १६८०९ |
| ४४ | सबईन्जिनियर | ज्ञानेन्द्र कुशवाहा | ३५८८८ | ४२०२३ | १६८०९ |
| ४५ | सब ईन्जिनियर | गणेश पन्थी | ३५८८८ | ४२०२३ | १६८०९ |
| ४६ | सब ईन्जिनियर | राजु आचार्य | ३५८८८ | ४२०२३ | १६८०९ |
| ४७ | सब ईन्जिनियर | नमुना चापागाई | | ३४७३ | १३८९ |
| ४८ | सब ईन्जिनियर | सुस्मा दाहाल | ३५८८८ | ४२०२३ | १६८०९ |
| ४९ | सब ईन्जिनियर | सुज्यान भारी | ३५८८८ | ४२०२३ | १६८०९ |
| ५० | सब ईन्जिनियर | खोविन्द्र गुरुङ | ३५८८८ | ४२०२३ | १६८०९ |
| ५१ | सब ईन्जिनियर | राम लाल महर्जन | ३५८८८ | ४२०२३ | १६८०९ |
| ५२ | सब ईन्जिनियर | नरेन्द्र बिश्वकर्मा | ३५८८८ | ४२०२३ | १६८०९ |
| ५३ | सब ईन्जिनियर | अंजय कुमार यादव | ३५८८८ | ४२०२३ | १६८०९ |
| ५४ | सब ईन्जिनियर | विशाल श्रेष्ठ | | ३४७३ | १३८९ |
| ५५ | सहायकस्तर पांचौ तह प्राविधिक | शारदा बिष्ट मलासी | ३५८८८ | ४१९०८ | १६७६३ |
| ५६ | सहायकस्तर पांचौ तह प्राविधिक | सुरेश लुङ्गेली मगर | ३५८८८ | ४१९०८ | १६७६३ |
| ५७ | अधिकृत सातौं | नारायण वि.क. | ४५८५१ | ४१२६६ | १६५०६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५८ | अधिकृत सातौं | शिल्पा फुयाल | ४५८५१ | ४१२६६ | १६५०६ |
| ५९ | अधिकृत सातौं | शिव राजजैसी | ४५८५१ | ३६६८१ | १४६७२ |
| ६० | अधिकृतसातौं | सौरभ बस्याल | | ४५८५ | १८३४ |
| ६१ | अधिकृत सातौं | अशोक घले | ४५८५१ | ४५८५ | १८३४ |
| ६२ | अधिकृत सातौं | शालीक रामवली | ४५८५१ | ३६६८१ | १४६७२ |
| ६३ | कम्प्युटर अपरेटर | दिपक रत्नतुलाधर | ३४७३० | २७७८४ | ११११४ |
| ६४ | कम्प्युटर अपरेटर | नकुल चौलागाई | ३४७३० | २७७८४ | ११११४ |
| ६५ | कम्प्युटर अपरेटर | राजन रेग्मी | ३४७३० | २७७८४ | ११११४ |
| ६६ | कम्प्युटर अपरेटर | रेखा हुमागाई | ३४७३० | २७७८४ | ११११४ |
| ६७ | कम्प्युटरअपरेटर | रोमिन रञ्जित | ३४७३० | २७७८४ | ११११४ |
| ६८ | कम्प्युटर अपरेटर | हिरालाल सिं कुसवाह | ३४७३० | २७७८४ | ११११४ |
| ६९ | कम्प्युटर अपरेटर | सुनिता श्रेष्ठ | ३४७३० | २७७८४ | ११११४ |
| ७० | कम्प्युटर अपरेटर | कन्चना महर्जन | ३४७३० | २७७८४ | ११११४ |
| ७१ | कम्प्युटर अपरेटर | शर्मिला बज्राचार्य | ३४७३० | २७७८४ | ११११४ |
| ७२ | कम्प्युटर अपरेटर | चित्रमणि पन्त | ३४७३० | २७७८४ | ११११४ |
| ७३ | कम्प्युटर अपरेटर | प्रबल बज्राचार्य | ३४७३० | २७७८४ | ११११४ |
| ७४ | कम्प्युटर अपरेटर | शैलेश लम्साल | ३४७३० | २७७८४ | ११११४ |
| ७५ | कम्प्युटर अपरेटर | निर्मला महर्जन | ३४७३० | २७७८४ | ११११४ |
| ७६ | कम्प्युटर अपरेटर | अनिरा तुलाधर | ३४७३० | २७७८४ | ११११४ |
| ७७ | टेक्निसियन | सविर अहमद | ३४७३० | २७७८४ | ११११४ |
| ७८ | पत्रकार | केशव प्रसाद नेपाल | ३४७३० | २७७८४ | ११११४ |
| ७९ | पत्रकार | श्रीकृष्ण महर्जन | ३२९०२ | २६३२२ | १०५२९ |
| ८० | सिकर्मी | धर्म महर्जन | ३२९०२ | २६३२२ | १०५२९ |
| ८१ | इलेक्ट्रिसियन सहायक | श्यामशुन्दर बासुकला | ३२९०२ | २६३२२ | १०५२९ |
| ८२ | इलेक्ट्रिसियन सहायक | दिपक थापाक्षेत्री | ३२९०२ | २६३२२ | १०५२९ |
| ८३ | इलेक्ट्रिसियन सहायक | राजमुकुन्द श्रेष्ठ | ३२९०२ | २६३२२ | १०५२९ |
| ८४ | इलेक्ट्रिसियनसहायक | रेशम वहादुर माभी | ३२९०२ | २६३२२ | १०५२९ |
| ८५ | इलेक्ट्रिसियन सहायक | बालगोपाल महर्जन | ३२९०२ | २६३२२ | १०५२९ |
| ८६ | इलेक्ट्रिसियन सहायक | लक्ष्मण ढकाल | ३२९०२ | २६३२२ | १०५२९ |
| ८७ | इलेक्ट्रिसियन | रामगोपाल | ३२९०२ | २६३२२ | १०५२९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | सहायक | महर्जन | | | |
| ८८ | इलेक्ट्रिसियन सहायक | हरिहर सेंढाई | ३२९०२ | २६३२२ | १०५२९ |
| ८९ | भारी सवारी चालक | नवराजसुवेदी | २९७२८ | २३७८२ | ९५१३ |
| ९० | इलेक्ट्रीक हेल्पर | टलक वहादुर स्याङतान | २४७०२ | १९७६२ | ७९०५ |
| ९१ | का.स. | राम बहादुर खत्री | २४७०२ | १९७६२ | ७९०५ |
| ९२ | का.स. | जित बहादुर थापा मगर | २४७०२ | १९७६२ | ७९०५ |
| ९३ | का.स. | कालु प्रसाद कुइकेल | २४७०२ | १९७६२ | ७९०५ |
| ९४ | का.स. | नेपालु थारु | २४७०२ | १९७६२ | ७९०५ |
| ९५ | कुचिकार | घनेन्द्र वहादुर महत | २४७०२ | १९७६२ | ७९०५ |
| ९६ | सिभिल ईन्जिनियर सातौं | सुमित पौडेल | ४५८५१ | ३२०९६ | १२८३८ |
| ९७ | बिल्डिङ एण्ड आर्किटेक्ट | सन्तोष गिरी | ४५८५१ | ३२०९६ | १२८३८ |
| ९८ | बिल्डिङ एण्ड आर्किटेक्ट | जीवन पौडेल | ४५८५१ | ३२०९६ | १२८३८ |
| ९९ | सब ईन्जिनियर | किसन गुरुङ | ३४७३० | २४३११ | ९७२४ |
| | | | | जम्मा रु | १३४३१९१ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१६,८०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,४३,१९१ |

४२ **तलब भत्ता भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६९,६७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **करारका कर्मचारीलाई प्रोत्साहन भत्ता**

काठमाडौं महानगरपालिका सेवा करारमा कर्मचारीमा कर्मचारी पदपूर्ती गर्ने कार्यविधि, २०७९ को दफा (५) मा करारमा नियुक्त हुने कर्मचारीको सेवा अवधि पारिश्रमिक तथा अन्य सुविधा करारनामामा उल्लेख गरे बमोजिम हुने र सामान्यत व्यक्ति करारको विधिबाट नियुक्त भएका सेवा करारका कर्मचारीको पारिश्रमिक महानगरपालिकाका समान पदक अन्य स्थायी कर्मचारीको शुरु तलब स्केल बराबर हुने उल्लेख छ । साथै करारका कर्मचारीसँग भएको सम्झौतामा सोही बमोजिम उल्लेख छ । महानगरपालिका सेवा करारमा कर्मचारी कर्मचारी पदपूर्ती गर्ने कार्यविधि, २०७९ को दफा (५) मा करारमा नियुक्त हुने कर्मचारीको सेवा अवधि पारिश्रमिक तथा अन्य सुविधा करारनामामा उल्लेख गरे बमोजिम हुने र सामान्यत व्यक्ति करारको विधिबाट नियुक्त भएका सेवा करारका कर्मचारीको पारिश्रमिक

महानगरपालिकाका समान पदक अन्य स्थायी कर्मचारीको शुरु तलब स्केल बराबर हुने उल्लेख छ । साथै करारका कर्मचारीसँग भएको सम्झौतामा सोही बमोजिम उल्लेख छ । एवं मिति २०८१।५।१३ मा कार्यपालिकाको निर्णयले पालिकाले अविछिन्न रुपमा करार सेवामा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा योगदान, महङ्गी भत्ता, महानगर भत्ता, चाडपर्व खर्च, पोशाक खर्च उपलब्ध गराउने भनि निर्णय गरेको छ।करारमा कार्यरत कर्मचारीको म्याद थप गर्दा प्रोत्साहन भत्ता उपलब्ध गराउने विषय उल्लेख छैन। करार नियुक्ति करारमा उल्लेख भए बमोजिम निर्धारित समयको लागि नियुक्त हुने र करारनामामा प्रोत्साहन भत्ता पाउने विषय उल्लेख गरेको देखिँदैन । प्रोत्साहन भत्ता गणना गर्दा कार्य सम्पादनमा आधारित सूचक तर्जुमा नगरी दैनिक २ घण्टा अतिरिक्त कार्य गरेको हाजिरी प्रमाणितलाई मात्र आधार लिएको देखिन्छ ।अतिरिक्त कार्यको लागि लक्ष्य तोकेर कार्यविवरण उपलब्ध गराई सो का आधारमा सम्पादित कामको प्रतिवेदन लिने तथा मूल्याङ्कन नगरेको साथै करारको म्याद थप गर्दा उल्लेख नभएको एवं सम्झौता भन्दा बढी सुविधा उपलब्ध गराउँदा पालिकालाई थप व्ययभार पारेको देखिन्छ । पालिकाले यो वर्ष १०३ जना करारमा कार्यरत कर्मचारीहरुलाई सम्झौताको शर्तानामा भन्दा फरक गरेर प्रोत्साहन भत्ता उपलब्ध गराएको रु ७४९४०७७। नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७४,९४,०७७ |

## ४४ तालिम संयोजकको अतिरिक्त भत्ता

काठमाडौँ महानगरपालिकाबाट कार्यान्वयन हुने गौरवको योजना "रोजगारी र आय वृद्धि, काठमाडौंको समृद्धि" अन्तर्गत संचालन हुने तालिमहरुमा तालिम संयोजकको रुपमा कार्य गर्ने गरि दक्ष जनशक्ति प्रथम पक्षलाई उपलब्ध गराउने काठमाडौ महानागरपालिका र Kathmandu University School of Education (KUSOED) बीच सम्झौता गरेको छ ।उक्त विश्वविद्यालयबाट २०८१।८।१६ मा पालिकालाई सम्झौताको शर्त नं २. मा छनौट भएका तालिम संयोजकहरुलाई प्रथम पक्षले अधिकृत स्तर छैठौ तहको शुरु तलब स्केल बरावरको रकम व्यक्तिगत खातामा सोझै उपलब्ध गराउने उल्लेख छ। यो बर्ष गो भौ नं २१८३-२०८१।९।१४, ४५६३-२०८२।२। ५,४१६९-२०८२।१।१९,४१६८-२०८२।१।१९,४५६४-२०८२।२।५,५०७२-२०८२।२।२६,५१६८-२०८२।२।३०, र ६३७४-२०८२।३।२४ बाट देहाय अनुसार करारमा कार्यरत तालिम प्रशिक्षकलाई प्रोत्साहन भत्ता उपलब्ध गराएको छ।

| तालिमसंयोजक | जम्मा रु |
|---|---|
| अनु पण्डित | ७२४४६ |
| अस्मिता पण्डित | १०२७२२ |
| निकेश कुमार साह | ८५४२१ |
| विपिन तामाङ | ५८३८७ |
| सोनम नेपाल | ७७८५१ |
| अजय पौडेल | ६६०६१ |
| देवेन्द्र के.सी. | ५२००५ |
| जम्मा रु | ५१४८९३ |

उल्लेखित तालिम प्रशिक्षकलाई करारमा नियुक्ती गरी महानगर भत्ता, पेट्रोल खर्च मासिक १२ लिटरका अतिरिक्त प्रोत्साहन भत्ता भुक्तानी गरेको देखिन्छ । पालिकाको नियमित प्रकृतीका कार्यका लागि जनशक्ती रहेकोमा निजबाटै सम्पादन गर्नु पर्ने अतिरिक्त कार्यको लागि लक्ष्य तोकेर कार्यविवरण उपलब्ध गराई सो का आधारमा सम्पादित कामको प्रतिवेदन लिने तथा मूल्याङ्कन नगरेको अवस्थामा करारमा कार्यरत कर्मचारीलाई करारमा उल्लेखित सम्झौताका अतिरिक्त भुक्तानी गर्न मिल्ने आधार नदेखिँदा अतिरिक्त भत्ता भुक्तानी भएको रु ५१४८९३। सम्बन्धितबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१४,८९३ |

## ४५ स्वास्थ्य जोखिम भत्ता

पालिकाको कर्मचारी सेवा सुविधासम्बन्धी मापदण्ड, २०८० को दफा १३ (१०) मा यस मापदण्डमा अन्यत्र जेसुकै लेखिएको भए तापनि स्वास्थ्य विभाग अन्तर्गत रहेर प्रत्यक्ष बिरामीको सम्पर्कमा रहने र प्रयोगशालामा कार्यरत कर्मचारीहरूलाई वर्षको दुई महिनाको तलब बराबरको रकम स्वास्थ्य जोखिम भत्ता वापत एकमुष्ट उपलब्ध गराइने व्यवस्था रहेको छ।तर, यसरी जोखिम भत्ता प्राप्त गर्ने कर्मचारीलाई घण्टा गणनाको आधारमा उपलब्ध गराइने अतिरिक्त भत्ता माथि उल्लेख भएको दुई महिनाको अवधिमा उपलब्ध गराइने छैन भन्ने व्यवस्था रहेको छ। पालिकाले प्रत्यक्ष बिरामीको सम्पर्कमा नरहने विभागमा कार्यरत १७ जना कर्मचारीहरुलाई समेत असार महिनामा गो भौ नं ५७३९-२०८२।३। १६ बाट जोखिम भत्ता वापत एक महिनाको तलब बराबरको भत्ता भुक्तानी गरेको छ। मापदण्ड विपरीत विभागमा कार्यरत निम्न १६ जना कर्मचारीहरुलाई एक महिनाको तलब बराबरको रकम स्वास्थ्य जोखिम भत्ता उल्लेख गरी भुक्तानी गरेको असुल गर्नुपर्ने रकम रु.

| सि नं | पद | तह | नाम | कार्यक्षेत्र | आषाढ महिनामा पाएको स्वास्थ्य जोखिम भत्ता |
|---|---|---|---|---|---|
| १ | विभागीयप्रमुख | नवौं | दीपककुमार के.सी. | स्वास्थ्यविभाग | ५२४१७ |
| २ | महाशाखाप्रमुख | आठौ | नःलिबज्राचार्य | स्वास्थ्यविभाग | ४८७३७ |
| ३ | मे.अ. | आठौ | डा.दिवशन्यौपाने | स्वास्थ्यविभाग | ४८७३७ |
| ४ | सहायकनिर्देशक | सातौ | मञ्जुमास्के श्रेष्ठ | स्वास्थ्यविभाग | ४५८५१ |
| ५ | सहायकनिर्देशक | सातौ | मैया सैजु | स्वास्थ्यविभाग | ४५८५१ |
| ६ | सहायकनिर्देशक | सातौ | अञ्जली सिन्धुराकार | स्वास्थ्यविभाग | ४५८५१ |
| ७ | सि.अ.न.मी.निरिक्षक | छैठौ | लक्ष्मी देवकोटा पौडेल | स्वास्थ्यविभाग | ४३६८९ |
| ८ | का.स. | श्रे.बि. | सरस्वतीबलामी | स्वास्थ्यविभाग | २९७२८ |
| ९ | सि.अ.न.मी.निरीक्षक | छैठौ | चन्द्राभट्ट | स्वास्थ्यविभाग | ४३६८९ |
| १० | सि.अ.हे.व. | पाँचौ | दमन बहादुर नेगी | स्वास्थ्यविभाग | ३४७३० |
| ११ | ज.स्वा.नी. | छैठौ | धनेन्द्रश्रेष्ठ | स्वास्थ्यविभाग | ४३६८९ |
| १२ | सि.अ.हे.व. | छैठौ | कमल प्रसादभट्टराई | स्वास्थ्यविभाग | ४३६८९ |
| १३ | ज.स्वा.नि. | छैठौ | प्रकाशपरियार | स्वास्थ्यविभाग | ४३६८९ |
| १४ | हे.अ. | पाँचौ | ऋषि प्रसादभूषाल | स्वास्थ्यविभाग | ३४७३० |
| १५ | हे.अ. | पाँचौ | गौरब बोहरा | स्वास्थ्यविभाग | ३४७३० |
| १६ | का.स. | श्रे.बि. | एलिनाभट्टराई | स्वास्थ्यविभाग | २४७०२ |
| | जम्मा | | | | ६६४५०९ |

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४३,६८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ६,६४,५०९ |
|---|---|

४६ **श्रम बैंक**

काठमाडौं महानगरपालिका श्रम बैंक सञ्चालन कार्यविधि, २०८० को प्रस्तावनामा बेरोजगार र रोजगारदाताहरुबीच सम्बन्ध सेतुको रुपमा रही रोजगारका अवसरहरुको सृजना गर्ने, उचित वितरणको माध्यमबाट महानगरबासीहरुलाई रोजगारीमा आबद्ध गर्ने तथा उत्पादनशील रोजगारीमा पहुँच बृद्धि गर्ने उद्देश्यका साथ श्रम बैंक स्थापना गरी सञ्चालन गर्ने उल्लेख छ। कार्यविधिको दफा १२ मा

महानगरपालिका क्षेत्रभित्र रहेका अन्य सरकारी, सहकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट श्रमिकको माग भई आएमा श्रम बैङ्कले आवश्यक समन्वय तथा सहजीकरण मार्फत रोजगार विनिमय सेवाको सञ्चालन गर्ने व्यवस्था रहको छ। निर्देशिकाको दफा १२ मा महानगरपालिका क्षेत्रभित्र रहेका अन्य सरकारी, सहकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट श्रमिकको माग भई आएमा श्रम बैङ्कले आवश्यक समन्वय तथा सहजीकरण गर्ने कार्य नगरी महानगरपालिका अन्तरगतका विभागमा मात्र परिचालन गरेको देखिन्छ । प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष देहाय बमोजिम जनशक्ति श्रम बैंक मार्फत परिचालन गरको जनाएको छ।

| क्र.सं. | विभाग | कार्य क्षमता | | | |
|---|---|---|---|---|---|
| | | Unskilled | Semi Skilled | Skilled | जम्मा |
| १ | उद्यान तथा हरियालीप्रबर्द्धन आयोजना, काठमाडौं महानगरपालिका | ९७ | १० | ७ | ११४ |
| २ | विपद् व्यवस्थापनविभाग, काठमाडौं महानगरपालिका | ३८ | ० | ३ | ४१ |
| ३ | शहरी योजना आयोगकोसचिवालय, काठमाडौं महानगरपालिका | ० | ० | १४६ | १४६ |
| ४ | सम्पदा तथा पर्यटनविभाग, काठमाडौं महानगरपालिका | १०७ | ० | ११ | ११८ |
| ५ | सहकारी विभाग, काठमाडौं महानगरपालिका | २ | १२ | ० | १४ |
| ६ | सार्वजनिक निजीसाझेदारी एकाइ, काठमाडौं महानगरपालिका | १० | २ | ० | १२ |
| ८ | सूचना प्रविधि विभाग, काठमाडौं महानगरपालिका | ० | ० | ३ | ३ |
| ९ | वातावरण व्यवस्थापनविभाग, काठमाडौं महानगरपालिका | १४७ | ३ | १ | १५१ |
| १० | स्वास्थ्य विभाग, काठमाडौं महानगरपालिका | ० | ० | १८ | १८ |
| ११ | वित्त विभाग, काठमाडौंमहानगरपालिका | ० | ० | १ | १ |
| १२ | सामाजिक विकास विभाग | ० | ० | ४ | ४ |
| १४ | प्रमुखज्यूको सचिवालय, काठमाडौं महानगरपालिका | ० | ० | १ | १ |
| १५ | शहरी व्यवस्थापनविभाग, काठमाडौं महानगरपालिका | ० | ० | २८ | २८ |
| जम्मा | | ४०१ | २७ | २२२ | ६५० |

उल्लेखित विवरण अनुसार पालिकाले श्रम बैंक मार्फत जनशक्ति व्यवस्थापन खर्च, ढुङ्गेधारा हिटि र पोखरी सरसफाई कार्यको लागि श्रम बैंक मार्फत जनशक्ति व्यवस्थापन, पर्यटकीय शहर स्वर्णीम योजनाका लागि श्रम बैंक मार्फत जनशक्ति व्यवस्थापन, टोलको अवस्था सर्भे गर्न श्रम बैंक वा अन्य विधिबाट जनशक्ति नियुक्त गरी परिचालन गर्ने, सडकहरूको वैज्ञानिक तथा मौलिक नामाकरणका लागि श्रम बैंक मार्फत जनशक्ति व्यवस्थापन, दैनिक मर्मत तथा सम्भार कार्यको लागि श्रमबैंक मार्फत जनशक्ति व्यवस्थापन जस्ता कार्यक्रमहरु राखि ६५० जनालाई दैनिक न्यूनतम ७५० देखि १४५६ का दरमा ज्याला भुक्तानी गरी जम्मा रु ७ करोड ८३ लाख ८२ हजार खर्च गरेको

छ। यसका अलवा प्रशासन विभाग अन्तर्गत रु २४ लाख ७८ हजार र सार्वजनिक निर्माण तर्फ रु ५५ लाख २८ हजार समेत गरी कुल जम्मा रु ८ करोड ६३ लाख ८८ हजार खर्च लेखेको छ। उक्त निर्देशिकाको दफा ४ मा श्रम बैङ्क सञ्चालन प्रक्रिया उल्लेख छ जस्को (क) मा सफ्टवेयर प्रणाली र Job Link App विकास गरी बेरोजगार र रोजगारदाताहरूका विच सम्बन्ध राख्ने पुलको रूपमा कार्य गर्ने उल्लेख गरेकोमा श्रम बैङ्कमा आबद्ध भएका कुनै पनि व्यक्तिहरुलाई रोजगारदाताहरुबीच लिङ्क गराई कार्य गरेको देखिएन । श्रम बैंकको अवधारणा र पालिकाको मापदण्ड बमोजिम आन्तरिक र बाह्य रुप माग हुने जनशक्तिको प्रक्षेपण नगरी श्रम बैंकमा आबद्ध ६५० जनालाई नै पालिकाको कार्यालय अन्तर्गत परिचालन गर्दा थप आर्थिक व्ययभर बढेको छ। पालिकाले कार्यविधि बमोजिम बाह्य क्षेत्रसँग समेतको समन्वय र सहकार्य मार्फत् माग र आवश्कताका आधारमा श्रम शक्ति परिचालन गरी आर्थिक मितव्ययितालाई समेत ध्यानमा राखी श्रम बैंकको मर्म अनुरुप व्यवस्थित सञ्चालनमा ध्यान दिनुपर्दछ।

४७ **श्रमिक परिचालन**

बेरोजगार र रोजगारदाताहरूबिच सम्बन्ध सेतुको रूपमा रही रोजगारका अवसरहरूको सृजना गर्ने, उचित वितरणको माध्यमबाट महानगरबासीहरूलाई रोजगारीमा आबद्ध गर्ने तथा उत्पादनशील रोजगारीमा पहुँच वृद्धि गर्ने उद्देश्यका साथ काठमाडौं महानगरपालिका श्रम बैंक सञ्चालन कार्यविधि, २०८० जारी गरेको सोको प्रस्तावनामा उल्लेख छ ।उक्त कार्यविधिको परिच्छेद-४ मा महानगरपालिका अन्तर्गतका देहाय अनुसारका कार्यक्रममा परिचालन गर्न सकिने उल्लेख छ ।(क) विभिन्न आयोजना तथा गौरव र स्वर्णिमका योजना, (ख) पूर्वाधार विकास तथा मर्मत सम्भार, (ग) वातावरण संरक्षण, वृक्षरोपण तथा सरसफाइ, (घ) समाजसेवा, सामाजिक विकास तथा समुदाय परिचालन, (ङ) तालिम, प्रशिक्षण तथा सिप विकास, (च) स्वरोजगार तथा उद्यमशीलता विकास, (छ) अभियान सञ्चालन तथा समूह परिचालन, (ज) अभिलेख व्यवस्थापन, (झ) उपभोक्ताहित, परामर्श सेवा, बौद्धिक सेवा, सुलभ सेवाप्रवाह तथा स्वयम्सेवक परिचालन । श्रम बैङ्क अन्तरगत परिचालन गरेका जनशक्ति मध्ये देहाय अनुसार जनशक्ति कार्यक्रममा परिचालन नगरी पालिकाको विभाग मातहत रही नियमित प्रकृतिको कार्यमा परिचालन गरेको देखिन्छ ।पालिकामा दरबन्दी बढी कर्मचारी कार्यरत रहेको, प्राविधिकतर्फ विज्ञ सहितको शहरी योजना आयोग रहेको, एवं पदपूर्ति नभएको पदमा लोक सेवा आयोगबाट वैकल्पिक उम्मेदवार समेत लिई कार्य सम्पादन गरेको देखिन्छ । अदक्ष कर्मचारीहरु उद्यान, नदी सरसफाई लगायतको कार्य गराएको देखिएकोमा दक्ष तथा अर्धदक्ष व्यक्तिहरुलाई विभागमा पर्याप्त जनशक्ति हुँदाहुँदै पालिकाको विभिन्न शाखामा २५१ जना परिचालन गरेको आधारमा रु ३९५७९०५७। भुक्तानी गरेको छ ।कार्यविधिको उद्देश्य अनुरुप बेरोजगार र रोजगारदाताबीच सम्बन्ध सेतुको कार्य नगरेको एवं परिच्छेद ४ को दफा ९ अनुसारको कार्यक्रममा जनशक्ति परिचालन नभई विभागीय नियमिति कार्यमा आबद्ध गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| विभाग/ पद | Semi Skilled | skilled | संख्या | दैनिक ज्यालादर | कार्यदिन | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|
| उद्यान तथा हरियाली प्रबर्द्धन आयोजना, काठमाडौँ महानगरपालिका | | | | | | |
| सुपरभाईजर | Semi Skilled | | १० | १०२० | ९० | ९१८००० |
| सवईन्जिनियर | | Skilled | ४ | १४५६ | ९० | ५२४१६० |
| सव ईन्जिनियर सिभिल | | Skilled | २ | १४५६ | ९० | २६२०८० |
| सव ईन्जिनियर इलेक्ट्रिस | | Skilled | १ | १४५६ | ९० | १३१०४० |
| विपद व्यवस्थापन विभाग, काठमाडौँ महानगरपालिका | | | | | | |
| सुपरभाइजर/जुनियर इन्जिनियर | | Skilled | २ | ११५८ | ९० | २०८३७९ |
| प्राविधिक/सुपरभाईजर | | Skilled | २ | ११५८ | ९० | २०८४४० |
| शहरी योजना आयोगको सचिवालय, काठमाडौँ महानगरपालिका | | | | | | |
| Civil Engineer | | Skilled | ३५ | १४५६ | १८० | ९१७२८०० |
| आर्किटेक्ट | | Skilled | ३५ | १४५६ | १८० | ९१७२८०० |
| सर्भेयर | | Skilled | ९ | ११५८ | ९० | ९३७७१३ |
| सिभिल इन्जिनियर | | Skilled | २५ | १४५६ | ९० | ३२७६००० |
| सर्भेयर | | Skilled | ५ | ११५८ | १८० | १०४१९०३ |
| इलेक्ट्रिकल इन्जिनियर | | Skilled | ४ | १४५६ | ९० | ५२४१६० |
| आर्किटेक्ट | | Skilled | ३२ | १४५६ | ९० | ४१९३२८० |
| सम्पदा तथा पर्यटन विभाग, काठमाडौँ महानगरपालिका | | | | | | |
| इन्जिनियर | | Skilled | १ | १४५६ | ९० | १३१०४० |
| सुपरभाइजर ( सब ईन्जिनियर) | | Skilled | १० | ११५८ | ९० | १०४२२०० |
| सहकारी विभाग, काठमाडौँ महानगरपालिका | | | | | | |
| फाइलिंग असिस्टेन्ट | Semi Skilled | | १२ | १०९७ | ९० | ११८४७६० |
| सार्वजनिक निजी साझेदारी एकाइ, काठमाडौँ महानगरपालिका | | | | | | |
| सुपरभाईजर | Semi Skilled | | २ | १०२० | ९० | १८३६०० |
| सूचना प्रविधि विभाग, काठमाडौँ महानगरपालिका | | | | | | |
| भिडियोग्राफर | | Skilled | १ | ११५८ | ९० | १०४२२० |
| वातावरण व्यवस्थापन विभाग, काठमाडौँ महानगरपालिका | | | | | | |
| मेकानिकल इन्जिनियर | | Skilled | १ | १४५६ | १४२ | २०६७५२ |
| सुपरभाइजर | Semi Skilled | | ३ | १०२० | ९० | २७५४०० |
| स्वास्थ्य विभाग , काठमाडौँ महानगरपालिका | | | | | | |
| ल्याब टेक्निसियन | | Skilled | १० | ११५८ | ९० | १०४२२०० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| फिजियोथेरापी असिस्टेन्ट | | Skilled | ६ | ११५८ | ९० | ६२५३२० |
| बायोमेडिकल सब ईन्जिनियर | | Skilled | १ | ११५८ | ९० | १०४२२० |
| हेल्थ असिस्टेन्ट | | Skilled | १ | ११५८ | ९० | १०४२२० |
| ल्याब टेक्निसियन | | Skilled | १ | ११५८ | ९० | १०४२२० |
| ल्याब असिस्टेन्ट | | Skilled | ५ | १०९७ | ९० | ४९३६५० |
| ७ नं. वडा कार्यालय, काठमाडौँ महानगरपालिका | | | | | | |
| सहायक कर्मचारी (हेल्प डेस्क) | Semi Skilled | | १ | ५०० | ९० | ४५००० |
| इलेक्ट्रिसियन सहायक | | Skilled!!! | १ | ५०० | ९० | ४५००० |
| प्रमुखज्यूको सचिवालय, काठमाडौँ महानगरपालिका | | | | | | |
| योजना अनुगमन कर्ता | | Skilled!!! | १ | १४५६ | ९० | १३१०४० |
| शहरी व्यवस्थापन विभाग, काठमाडौँ महानगरपालिका | | | | | | |
| GIS Engineer | | Skilled | ५ | १४५६ | ९० | ६५५२०० |
| Senior Surveyor | | Skilled | ५ | ११५७ | ९० | ५२०६५० |
| स्मार्ट सिटि सर्भेक्षक (पाँचौं तह) | | Skilled | ८ | ११५८ | ९० | ८३३७६० |
| स्मार्ट सिटि सहजकर्ता (अधिकृत छैंटौं) | | Skilled | १ | १४५६ | ९० | १३१०४० |
| GIS Engineer | | Skilled | ४ | १४५६ | ९० | ५२४१६० |
| Senior Surveyor | | Skilled | ५ | ११५७ | ९० | ५२०६५० |
| जम्मा | | | | | | ३९५७९०५७ |

| | |
|---|---|
| अनियमित भएको | ३,९५,७९,०५७ |

४८ **पदाधिकारी सुविधा**

स्थानीयतहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची-१ र २ बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।कार्यालयले यस बर्ष पदाधिकारी सुविधापत रु ६९९४४२४०। भुक्तानी दिएको छ । यस सम्बन्धी थप केही बेहोरा देहाय अनुसार रहेको छ।

४८.१ **पदाधिकारी सुविधा-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **६६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **४४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **६६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **६६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **४४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **६६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **४४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८.२ **जनप्रतिनिधि भ्रमण**-काठमाडौ महानगरपालिका जनप्रतिनिधि आन्तरिक भ्रमण कार्यान्वयन निर्देशिका,२०७७ को दफा ३ को उपदफा (ख) मा काठमाडौ उपत्यका बाहिर कम्तीमा ४ दिन र बढीमा ७ दिनको भ्रमण तालिका बनाउनुपर्ने (ग) मा सहभागीहरुले कम्तीमा ४ जनाको समूह बनाएर मात्र भ्रमण गर्न सकिने र सोही निर्देशिकाको दफा ४ को उपदफा (ख) मा कार्यक्रम कार्यान्वयन गर्दा भ्रमण गरिने क्षेत्रको कुनै एक स्थानीयतहमा छलफल/अन्तरक्रियामा भाग लिएको हुनुपर्ने उल्लेख छ । देहाय अनुसार यो बर्ष जनप्रतिनिधि आन्तरिक भ्रमण बापत खर्च गरेकोमा संलग्न भौचरमा जनप्रतिनिधि भ्रमण गर्दा स्थानीयतहमा छलफल/अन्तरक्रियामा भाग लिएको देखिएन । यसरी निर्देशिकामा उल्लेख भए अनुसार स्थानीयतहमा छलफल/अन्तरक्रिया वेगर नै भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| क्र सं | मिति | गो भौ नं | विवरण | खर्च |
|---|---|---|---|---|
| १ | ०८/१७/२०८१ | १५०४ | का.म.पा.वडा नं.२८ का वडा सदस्य श्री विरेन्द्र महर्जन | ३४३१० |
| २ | १२/२६/२०८१ | ३०७७ | का.म.पा. वडा नं.१४का जन प्रतिनिधि श्री अच्युत सापकोटा | ३४०३९ |
| ५ | ०१/१७/२०८२ | ४१४८ | १० जना जनप्रतिनिधिहरुलाई भ्रमण खर्च वापत रु ३ लाख श्री बाबुकाजी महर्जन | ३००००० |
| ६ | ०२/०७/२०८२ | ४६१० | ५ जना जनप्रतिनिधिहरुले भ्रमण | १६६२१० |
| ७ | ०२/०७/२०८२ | ४६१० | स्वीकृत पुनर्ताजगी आदेशानुसार भ्रमण भ्रमण सम्पन्न गर्ने ५ जनाजनप्रतिनिधिहरुले शोभादेवी मानन्धर | ८०००० |
| ९ | ०२/०८/२०८२ | ४६७१ | जनप्रतिनिधि भ्रमण | ४७३५७ |
| १० | ०२/१३/२०८२ | ४८३३ | २९ वडा सदस्य संतोष ढुङ्गेल | ६३७७४९ |
| ११ | ०२/१६/२०८२ | ४८८० | का म पा आन्तर्गत विभिन्न वडाका १० जना जनप्रतिनिधिहरु र जनप्रतिनिधिश्री बाबुकाजी महर्जनको - | ५९८४६४ |
| १३ | ०२/२७/२०८२ | ५०९२ | स्वीकृत पुनर्ताजगी भ्रमण आदेशानुसार मिति २०८२/०१/१७ देखी ०१/२३सम्ममा भ्रमण गर्नुहुने ४ - | १९०००० |
| १४ | ०२/२७/२०८२ | ५०९२ | ४ जना जनप्रतिनिधिहरुलाई दिइएको पेश्की फछ्र्यौट गरी बाँकी भुक्तानी शर्मिता परियार | ८०००० |
| १५ | ०३/२१/२०८२ | ६०५५ | स्वीकृत पुनर्ताजगी भ्रमण आदेशानुसार भ्रमण सम्पन्न गर्ने पदाधिकारी श्री शारदा सुवेदीलाई पुनर्ताजगी भ्रमण वापतको सुविधा भुक्तानी गरियो । - | २५३५० |
| १६ | ०३/२४/२०८२ | ६३२४ | का.म.पा. ३० वडाका वडासदस्य श्री मिलन कुमार खड्का क्षेत्रीलाई भुक्तानी | २९४०० |
| जम्मा | | | | २२२२८७९ |

| | |
|---|---|
| अनियमित भएको | २२,२२,८७९ |

४८.३ **जनप्रतिनिधि तथा कर्मचारी उपचार खर्च-** काठमाडौ महानगरपालिका विकास सहायता कार्यविधि,२०७९ को परिच्छेद ५ मा उपचार सहायता प्राप्त गर्न विशेषज्ञ चिकित्सकको सिफारिस र उपचार गर्दा खर्च भएको बिल भरपाई पेश गर्नुपर्ने सोको रु एक लाख सम्मको हकमा प्रमुखबाट र सो भन्दा बढीको हकमा कार्यपालिकाको निर्णय बमोजिम हुने उल्लेख छ । यो बर्ष कर्मचारी तथा जनप्रतिनिधि उपचार खर्चमा रु २१७३६२८। खर्च गरेको । यस्ता खर्च उपलब्ध गराउँदा आर्थिक रूपले विपन्न भएका कारण आफूलाई लागेको रोगको यथोचित उपचार गर्न लाग्ने रकम जुटाउन नसक्ने अवस्था नखुलाई बिजक पेश गरेको तथा चिकित्सकको सिफारिसको आधारमा मात्र भुक्तानी गरेको देखिन्छ । यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेका छन् ।

| क्र.सं. | मिति | विवरण | खर्च |
|---|---|---|---|
| १ | ०६/ १०/ २०८१-५८१ | जनप्रतिनिधिको उपचार दल बहादुर कार्की र सर्मिलाश्रेष्ठ महतो सुडी | १८५६२० |
| २ | ०७/ ०७/ २०८१-९६२ | का.म.पा. वडा नं. ३ का सदस्य श्री केशवप्रसाद श्रेष्ठ | २७२९५० |
| ३ | ०९/ २४/ २०८१-२३४४ | कर्मचारी श्री सौरभ गौतम | १९२१९८ |
| ४ | १०/ ०२/ २०८१-२३४७ | वातावरण विभागको तोकआदेशका आधारमा श्री सृष्टिश्रेष्ठ | ३०५६ |
| ५ | ०९/ २६/ २०८१-२३९६ | वडा नं. २३ कार्यालयमा अधिकृत छैठौ पदमा कार्यरत श्रीकिरणश्रेष्ठ | ५००००० |
| ६ | ०९/ २६/ २०८१-२३९७ | शहरी व्यवस्थापन विभागमा सहायक निर्देशक श्री पूर्णहिरास्थापित | ५००००० |
| ७ | १०/ ०६/ २०८१-२५२४ | २९ नं. वडा अध्यक्ष श्री कुश ढकाल | २७२०९४ |
| ८ | १०/ ०६/ २०८१-२५२६ | १६ नं. वडाका वडा सदस्य श्री मनिता दियाली | ९८१७९ |
| ९ | १०/ ०७/ २०८१-२५४३ | का म पा २३ वडा सदस्य श्रीसुरेश मानन्धरलाई उपचार खर्च | ५७८७७ |
| १० | १०/८/२०८१-२५४९ | वडा सदस्य श्री मनोज कुमार डंगोल | ३३७७८ |
| जम्मा | | | २१७३६२८ |

गो भौ नं २३५२।२०८१।९।२४, गो भौ नं ३३९८ । २०८१।१२।३१ र गो भौ नं ६०४९।२०८२।३।२१ बाट जनप्रतिनिधिको स्वास्थ्य बीमाको रु ४९९८०००।खर्च गरेको छ ।बीमा गर्नुभन्दा अगावैको रकम उल्लेख गरी जनप्रतिनिधि लगायतको उपचार खर्च भुक्तानी गरेको छ । साथै यो बर्ष ८० प्रतिशत लागत साझेदारीमा छत्रपाटी निशुल्क चिकित्सालयमा चेकजाँच तथा परीक्षण गराइ कर्मचारीहरुको रु २७६७९५६। र जनप्रतिनिधिहरुको रु ४६०५६४। समेत रु ३२२८५२०। भुक्तानी गरेको छ । समयमै बीमा नगर्ने र आर्थिक रुपले विपन्न भएका कारण आफूलाई लागेको रोगको यथोचित उपचार गर्न लाग्ने रकम जुटाउन नसक्ने अवस्था नखुलाई बिजक पेश गरेको तथा चिकित्सकको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नु उपयुक्त देखिँदैन ।समयमै बीमामा आबद्ध भई सोधभर्ना लिने र यस्तो प्रकृतिको खर्च गर्ने कार्यमा सुधार हुनुपर्दछ।

## ४९ गरिब घर परिवार पहिचान तथा परिचपत्र वितरण कार्यक्रम

गरिब परिवार पहिचाको लागि आवश्यक तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने र गरिब परिवारको रुपमा पहिचान भएका परिवारलाई सो को परिचयपत्र वितरण गर्ने प्रक्रियालाई व्यवस्थित गर्न उद्देश्यका साथ नेपाल सरकारले गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ जारी गरेको छ। उक्त निर्देशिकाको दफा ३ मा भूमि व्यवस्था, तथा गरिबी निवारण मन्त्रालयले गरिब परिवार पहिचान तथा परिचयपत्र वितरणको लागि विभिन्न स्थानीय तहमा कर्यक्रम सञ्चालन गर्ने व्यवस्था छ। दफा ६ मा मन्त्रालयले कार्यक्रम सञ्चालन गरेका स्थानीय तह मार्फत् यस निर्देशिका बमोजिम गरिब परिवार छनौट गर्ने व्यवस्था छ। दफा ११(२) मा गणकद्वारा संकलित तथ्याङ्क सुपरीवेक्षकले पुनरावलोकन तथा प्रमाणित गरी विद्युतीय प्रणाली मार्फत यथाशीघ्र मन्त्रालयमा पठाउनुपर्ने उल्लेख छ। दफा १३ मा संकलित तथ्याङ्क विश्लेषण तथा स्वीकृत परिमार्जन सूची समेतका आधारमा गरिब परिवारलाई वर्गीकरण गरी प्रारम्भिक सूची सम्बन्धित स्थानीयतहमा प्रकाशनका लागि पठाउने र दफा १४ बमोजिम परिमार्जित सूची तयार गर्ने र सोका आधारमा आवश्यक प्रक्रिया पश्चात् स्थानीयतह मार्फत परिचयपत्र वितरण गरिने विषय उल्लेख छ। पलिकाले यो वर्ष २०८०।१२।२० देखि शुरु गरेको कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिएको जनाई २०८१।५।२० सम्म सञ्चालित उक्त कार्यक्रम लागि २१ जना सुपरीवेक्षक र २०९ जना गणक नियुक्ति गरि २२ हजार ७ सय २७ गणना गरिएको घरपरिवार संख्या जनाई गरीब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्य एवम् सोको गणक तथा सुपरीवेक्षक भत्ता कार्यक्रम बापत रु १,६५,१७,१९१ खर्च लेखेको छ। गणना गरिएको घरपरिवारको विवरण विद्युतीय प्रणाली मार्फत मन्त्रालयमा पठाईएकोमा तत्पश्चात्को अन्य कार्य नभई गरिब घर परिवार पहिचान भई प्रमाणपत्र वितरण गरेको छैन ।

## ५० अन्य कार्यालयलाई अनुदान तथा खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ । कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र संघिय तथा प्रादेशिक निकायहरुको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरुले खर्च गर्नुपर्ने प्रावधानहरु रहेका छन् । पालिकाले देहाय बमोजिम अन्य निकायहरुको खर्च समेत यस कार्यालयबाट गरेको देखिदा स्थानिय संचित कोषमा थपभार पर्न गएको देखिन्छ।यो वर्ष देहाय अनुसार अन्यत्र कार्यालयको खर्च भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

| गो भौ मिति | कामको विवरण | कार्यालय | भुक्तानी रकम |
|---|---|---|---|
| १६५३.५९१९ | सेवा प्रवाह सुधार | डिल्लीबजार मालपोत कार्यालय | ५०००००० |
| १७०५।२०८२।३।२३ | मर्मत सुधार | डिल्लीबजार मालपोत | १५१४४५८ |
| १५७५,५३६२ न पा चालु | सेवा प्रवाह सुधार | नापी कार्यालय | १०००००० |
| २९६ न पा चालू | विशेष अदालत परिसर निर्माण र सौन्दर्यीकरण | विशेष अदालत | १०००००० |
| जम्मा | | | ८५१४४५८ |

| | |
|---|---|
| अनियमित भएको | ८५,१४,४५८ |

## ५१ **शहरी योजना आयोग**

आयोगले सम्पादन गर्ने प्रमुख कार्यहरुमा दीर्घकालीन शहरी विकास योजना निर्माण, शहरी पूर्वाधार मापदण्ड तयारी, विकास योजनाको अनुगमन मूल्यांकन, गुणस्तरीय पूर्वाधार निर्माण, डि. पि. आर. निर्माण लगायत अन्य पालिकाका अन्य विषयगत कार्यहरुमा सहयोग गर्नु रहेको छ । काठमाडौं महानगरपालिका शहरी योजना आयोग (गठन तथा संचालन कार्यविधि) ऐन, २०७५ को व्यवस्था अनुसार प्रमुख, उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृत सहित १५ जना सदस्यीय शहरी योजना आयोग रहने व्यवस्था भएकोमा हाल उपाध्यक्ष सहित ६ जना पदाधिकारी कार्यरत रहेका छन् । उपाध्यक्ष र सदस्यहरुलाई क्रमश: विशिष्ट श्रेणी र राजपत्रांकित प्रथा श्रेणी सरहको तलब सुविधामा सवारी साधन तथा ईन्धन वापत शत प्रतिशत थप गरी सेवा सुविधा भुक्तानी हुँदैं आएको छ । जस अनुसार यस वर्ष पदिधकारी तलब भत्ता सुविधामा रु.१ करोड ४० लाख ४७ हजार २५६ खर्च भएको छ । आयोगमा विभिन्न विषयका विज्ञका रुपमा छैठौं, सातौं र आठौं तहको तलब भत्ता भुक्तानी हुने गरी १४ सहायक विज्ञहरु कार्यरत रहेकोमा रु.६६ लाख ४१ हजार २५ खर्च भएको छ।

५१.१ **कार्य सम्पादन स्थिति-** सहरी योजना आयोग (गठन तथा सञ्चालन कार्यविधि) ऐन,२०७५ को दफा ७ मा आयोगसँग सम्बन्धिति विभिन्न २७ कार्यहरु उल्लेख छ आयोगमा रु ११ करोड ३० लाख विनियोजन भएकोमा रु ५ करोड ३७ लाख १२ हजार अर्थात ४७.५३ प्रतिशत खर्च भएको छ। यो बर्ष आयोगले सम्पादन गर्नुपर्ने कार्यहरुमध्ये स्टार्ट अप बुट क्याम्प अनुसन्धान केन्द्र सञ्चालन EBIC संचालन खर्च गर्न बिजेट विनियोजन गरेकोमा सो रकम खर्च भएको देखिएन । २०८१/०८२ मा विभिन्न कलेजका २८ जना प्रशिक्षार्थीलाई Internship को अवसर साथै मेट्रोपोलिटन रिसर्च फेलोशिप (MRF) अन्तरगत कार्यक्रमबाट छनौट भएका १० वटा विषयमा कार्यक्रम तयार भई प्रतिवेदन प्राप्त भएको छ ।काठमाडौं, नुवाकोट र धादिङ्ग जिल्लाका स्थानीय जनतामा ल्यान्डफिल्ड साइटद्वारा स्वास्थ्यमा पारेको प्रभावको जोखिम मूल्यांकनः एक तुलनात्मक अध्ययन, काठमाडौंका सार्वजनिक स्थलहरुबाट विधुतिय वाइक उपलब्ध हुने प्रणाली (इलेक्ट्रिक वाइक सेयरिङ्ग सिस्टम ईवीएसएस) को सम्भावना अध्ययन,शहरी डुवान (प्लुवियल) फ्लड को प्राकृतिक समाधान (एनविएस ) का लागी योजना सहयोग प्रणाली (पीएसएस) को प्रयोग सम्बन्धी अध्ययन गरेको छ । प्राप्त प्रतिवेदन अनुरुप संभाव्यता एवं उपयुक्तताको आधारमा कार्यान्वयन गर्नुपर्दछ।

५१.२ **बार्षिक प्रतिवेदन-** सहरी योजना आयोग (गठन तथा सञ्चालन कार्यविधि) ऐन,२०७५ को दफा २८ मा आयोगले प्रत्येक बर्ष बार्षिक प्रतिवेदन तयार गरी आर्थिक बर्ष समाप्त भएको तीन महिनाभित्र प्रमुखमार्फत कार्यापालिकामा पेश गर्नुपर्ने उल्लेख छ। आयोगले यो बर्ष बार्षिक प्रतिवेदन तयार गरेको छैन।तोकिएबमोजिमको प्रतिवेदन तयार गर्नुपर्दछ ।

## ५२ डि.पि.आर. खर्च

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ ।पालिकाले यो बर्ष देहायबमोजिमको कार्य परामर्शदाताबाट रु ५०७७४६० ।मा गराई प्रतिवेदन प्राप्त गरेको छ ।परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा शहरी योजना आयोगमा विज्ञहरु १३ जना रहेको तथा श्रम बैङ्क मार्फत ७० भन्दा बढी कर्मचारीलाई आयोगमा आबद्ध गराई खर्च गरेको छ । उपलब्ध जनशक्तिबाट गराउन नसकिने कार्यहरु मात्र परामर्शदाताबाट गराउनुपर्नेमा प्राविधिक कर्मचारी हुँदाहुँदै बाह्य परामर्शदाताबाट कार्य गराई पालिकालाई अतिरिक्त व्ययभार पारेको देखिन्छ। यसमा सुधार हुनुपर्दछ ।

| क्र सं | गो भौ नं | विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| १ | ११३०-२०८२।१।२५ | Preparation of Detailed Architectural Drawings and Cost Estimate for Reconstruction of Manisam Mahabihar at Musum Baha, KMC-१२ and Reconstruction of BUddhabari Dipankar Buddha Temple KMC- १२ आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR) | रिसोर्स म्यानेजमेन्ट एण्ड ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा ली | ४७९१२० |
| २ | १३२५-२०८२।२।२३ | का म पा १८ स्वेतकाली द्योः छें पुनः निर्माणको लागि DPR तयार गर्ने कार्य | एटिक कन्सलटिङ्ग सर्भिस ठमेल। | ३२९११२ |
| ३ | १८८८-२०८२/०३/२५ | पशुपतिनाथमा शुद्ध जल व्यवस्थापनका लागि बाघद्वार देखि पशुपतिनाथसम्म निर्माण कार्यको DPR तयार गर्ने कार्य | एरागोन मेक्हाईडल एण्ड मल्टि र्भिस प्रा. लि. ललितपुर महानरपालिका -४ | ४९०२३४ |
| ४ | १६९१-२०८२/०३/२३ | काठमाडौं महानगरपालिका वडा नं २८ स्थित बागदरबार भवन रेट्रोफिटिङ्ग गर्न नक्शा डिजाईन र लागत ईस्टिमेट तयार गर्न | अर्थक्वेक रेसिस्टेन्ट टेक्नोलोजी कन्सल्टेन्सी प्रा ली, चाबहिल | १९३५७४६ |
| ५ | १५६८-२०८२।३।१७ | काठमाडौं महानगरपालिकाको मेट्रो कान्ट्रोल रुम प्रणालीका लागी परामर्श सेवा खरिद | एड्रेसग्राफ नेपाल प्रा. लि. लाजिम्पाट | ४८४२६१ |
| ६ | १६६४-२०८२।३।२२ | का.म.पा. Preparation of DPR MEP works for Bagdubar Rectrofitting Building कार्य | सन्जुजैन जियोटेक फर्म प्रा ली, ललितपुर | ४६४६५६ |
| ७ | १०८२-२०८२।१।१६<br>१४९०-२०८२।३।११ | का.म.पा.मा रहेका विभिन्न पोखरीहरुको अवस्थाको अध्ययन प्रतिवेदन तयार गर्ने कार्य | ग्रीन डिसिजन ल्याब्स एण्ड रिसर्च प्रा.लि., गोंगबु | ४२०५७९ |
| ९ | १७०९-२०८२।३।२३ | का.म.पा १२ र १४ जोड्ने पुलको DPR कार्यको परामर्श सेवा खरिद कार्य | इन्फास्ट्रक्चर इन्जिनियरिङ्ग रिसर्च एण्ड कन्सल्ट प्रा.लि, नागार्जुन | ४७३७५२ |
| | जम्मा रु | | | ५०७७४६० |

## ५३ पूँजिगतबाट चालु प्रकृतिको कार्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा तोकिए बमोजिम स्वीकृत भएको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ ले तीनै तहका सरकारको एकीकृत आर्थिक विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयमा रहेको छ। संघ, प्रदेश र स्थानीय सरकारमा लागु हने गरी २०७६।२।१५ मा महालेखा नियन्त्रक कार्यालयबाट एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ जारी गरेको छ । उक्त आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार बजेट तर्जुमा गरी खर्च गर्नुपर्नेमा पालिकाले चालु प्रकृतिका खर्चलाई पूँजीगत खर्चमा समावेश गरी भुक्तानी दिएको देखिन्छ । पूँजीगत शीर्षकबाट चालु प्रकृतिका खर्च लेख्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। यस सम्बन्धि केही उदाहरणहरु देहाय अनुसार छन् ।

| क्र सं | गो भौ नं र मिति | आयोजना। क्रियाकलाप | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ११। २०८१। ५।९ | वातावरण तर्फका क्रमागत योजनाहरु | मिति २०८१।०३।२४ गतेदेखि मिति २०८१।०३।२७ गतेसम्म इन्धनको कुपन वितरण गरेको बील बमोजिम साझा सेवा सहकारी संस्था लि.को नाममा भुक्तानी | १६२८९८७ |
| २ | ५१। २०८१। ५।६ | सम्पदा तथा पर्यटन तर्फका क्रमागत योजनाहरु | इन्द्रजात्रा ब्यवस्थापन समितिलाई आ.ब.२०८०/०८१को दिनु पर्ने इन्द्रजात्रा ब्यवस्थापनको अनुदान रकम र हनुमाढोका दरवार क्षेत्र संरक्षण कार्यक्रम विभिन्न कार्यक्रम सञ्चालन गरेवापत | ५३९३७४० |
| ३ | १८३। २०८१। ६।१८ | शिक्षाका क्रमागत योजना | अनुसार कक्ष ११ को छात्रवृत्ति छनोट परीक्षा केन्द्र संचालन गरी खर्च गरे वापत सामुदायिक विद्यालयहरुलनई निकासा | १०७०३०० |
| ४ | ४४७। २०८१। ९।१६ | शिक्षाका क्रमागत योजना | राष्ट्रिय तथा अन्तराष्ट्रिय सह लगानीमा शैक्षिक सुधार कार्यक्रमहरुको समिक्षा तथा थप सुधारको लागि अन्तराष्ट्रिय स्तरका सहभागी हुने गरी विज्ञहरुको सहभागितामा एक दिने गोष्ठी आयोजनामा व्यवस्था गरी खर्च गरे वापत श्री सोल्टी होटल लिमिटेडलाई भुक्तानी | १४२६१११ |
| ५ | ५९९। २०८१। १०।९ | इन्टरनेट/ इन्ट्रानेट र थप व्याण्डविथ | .म.पा. र नेपाल टेलिकम बिच भएको सम्झौता र सूचना तथा प्रविधि विभागको सिफारीस अनुसार Internet/Intranet/Data Fiber को २०८१ साल मंसिर महिनाको बिलअनुसारको रकम भुक्तानी | १७६१५५१६ |
| ६ | ७६६। २०८१। ११।०६ | परिचयपत्र सम्बन्धित सामाग्री खरिद | परिचय पत्र सम्बन्धी कार्य सम्पन्न गरि पेश बिल भुक्त्तानी सिफारिस | ८८३९४२ |
| ७ | ११३२। २०८२। १।२५ | सीप कार्यक्रमको ललितकला प्रज्ञा प्रतिष्ठान | शिक्षामा सिप कार्यक्रम अन्तरगत Sketching and Sculputure तालिम कार्यक्रम संचालन गरी खर्च गरे वापत नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानलाई भुक्तानी | ११९३२०६ |
| ८ | १४७७। २०८२। ३।१८ | इन्टरनेट/ इन्ट्रानेट र थप व्याण्डविथ | बमोजिम इन्टरनेट बापतको चालु आ.बको मौज्दात रकम नेपाल टेलिकमलाई भुक्तानी | २२८७००० |
| ९ | १६३३। २०८२। ३।२० | परिचयपत्र सम्बन्धित सामाग्री खरिद | परिचय पत्र सम्बन्धी कार्य | ८८३९४२ |
| जम्मा | | | | ३२३८२७४४ |

## ५४ एकै प्रकृतिको खरिद टुक्राएको

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ। ऐनको दफा ६ र नियमावलीको नियम ८ मा वार्षिक खरिद योजना र खरिदको संभावित प्याकेजको सम्बन्धमा उल्लेख छ । कार्यालयले एउटै प्रकृतिको कामको लागि प्याकेज बनाएर लागत अनुमान तयार गरी सार्वजनिक निर्माण गर्नुपर्नेमा सो नगरी एउटै प्रकृतिको काम रु १० लाखभन्दा कमको लागत अनुमान तयार पटक पटक गरी खरिद गरेकोमा लागत अनुमान कै हाराहारीमा भुक्तानी भएको देखिँदा खरिद कार्य मितिव्ययी देखिएन । एकै प्रकृतिका खरिद कार्य पटक पटक टुक्रा गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| एकै प्रकृतिका खरिद | खरिद गरेको पटक | रकम |
|---|---|---|
| मसलन्द तथा कार्यालय मालसामान खरिद | ७८ पटक | ५९६२३८८८ |
| नगर प्रहरी सम्बद्ध सामाग्री खरिद | १३ पटक | ५१३२६६७ |
| फर्निचर सामाग्री | २३ पटक | १८८७९२७९ |
| हार्डवेयर सामाग्री खरिद | १६ पटक | ८८२३३६७ |
| छपाइ सामाग्री खरिद | १६ पटक | ७९५२०६० |
| जम्मा | | १००४११२६१ |

| | |
|---|---|
| अनियमित भएको | १०,०४,११,२६१ |

५५ **धुलो रहित सडक गौरबको योजना**

५५.१ काठमाडौ उपत्यकामा रहेका प्रमुख सडकहरुमा उत्पन्न हुने धुलो नियन्त्रण, यातायात सहजता तथा शहरी पूर्वाधार सुधार गर्ने उद्देश्यले धुलो रहित सडक गौरबको योजना सञ्चालन गरेको देखिन्छ। यस कार्यक्रम अन्तर्गत सडक कालोपत्रे, ढल सुधार खाल्टा खुलल्टी पुर्ने तथा भित्री सडक सुधारका कार्यहरु समावेश गरेको पाइयो।महानगरले उक्त योजनालाई विभिन्न चार प्याकेजमा विभाजन गरी बहुबर्षिय योजनाको रुपमा उक्त योजनालाई कार्यान्वियन गरेको छ।

| प्याकेजको नाम | आ.ब २०८१।८२ को बजेटमा विनियोजन गरेको रकम | लागत अनुमान मू.अ.कर समेत | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| उत्तर क्षेत्र (१-५,२६,२८-३०) | ३० करोड | ८०२३२७४९२। | धुकुछ्रु आर.ए जे.भी | ७३०५१०७०४। ९१ | २०८१। २।१८ | २०८४। २।३० |
| मध्य क्षेत्र (११,१२,१७-२५ र २७) | १५ करोड | ४४९९९१५९९। | अर्याल/यु.एस.जी/आर एस लक्ष्मी जे.भि | ३४३३११९८५ | २०८१। १।२८ | २०८४। २।३१ |
| पूर्व क्षेत्र (६-१०,३१ र ३२ | ३० करोड | ७०५८२०२३१ | वर्ल्ड वाइड कोहिनुर रमिता जे.भि | ७०५८२०२३१ | २०८१। ६।७ | २०८३। ३।३१ |
| पश्चिम क्षेत्र (१३-१६) | २५ करोड | ६६८५९०५४२ | पि.आर.के एण्ड के.जि अम्बुजा जे.भी | ५८१६१७९४४ | २०८२। १।२ | २०८४। १।३० |

५५.२ **कार्यान्वयन अवस्था-** धुलो रहित सडक गौरबको योजनामा मूख्य कार्य अस्पाल्ट कार्य ११२ किलोमिटर मिटर, प्रिमिक्स कार्य ४४.६ किलोमिटर र रिजिड पेभमेन्ट कार्य ११.८ किलोमिटर गर्ने गरी लागत अनुमान तयार गरेकोमा उपलव्ध विवरण अनुसार कार्यक्रम सुरु भएको मिति देखी आ.ब २०८१।८२ को अन्त्य सम्म मुख्य कार्य अस्पाल्ट कङ्क्रीट ५१.५ किलोमिटर, प्रिमिक्स १० किलोमिटर र ढलान कार्य ४ किलोमिटर सडक कालोपत्रे तथा सुधार कार्य सम्पन्न भएको देखिन्छ। क्षेत्रगत रुपमा हेर्दा उत्तर र पूर्व क्षेत्रमा तुलनात्मक रुपमा बढी कार्य प्रगती भएको तथा पश्चिम क्षेत्रमा वित्तीय प्रगती ९.८ प्रतिशत मात्र भएको देखियो। महानगरले वडा कार्यालय तथा अन्तर निकाय समन्वय गरी ढल तथा सडक सुधार कार्यलाई समयमा नै सम्पन्न गर्नुपर्दछ। मौसम, प्राविधिक समन्वय तथा अन्य पूर्वाधार आयोजनासँग तालमेल गरी तोकिएको समय सिमा भित्र निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| प्याकेजको विवरण | लागत अनुमान अनुसार/ मिटर | | | सम्पन्न कार्य/मिटर | | | वित्तीय प्रगती प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | अस्पाल्ट | प्रिमिक्स | रिजिड पेभमेन्ट | अस्पाल्ट | प्रिमिक्स मिटर | रिजिड पेभमेन्ट | |
| उत्तर क्षेत्र (१-५,२६,२८-३०) | ४०००० | १८००० | ३००० | १६१७९ | १९९७ | ४९७ | ३६.६१ |
| मध्य क्षेत्र (११,१२,१७-२५ र २७) | ९००० | ३६०० | २१०० | ४३३.३ | ५७३ | ७६२ | २२.९१ |
| पूर्व क्षेत्र (६-१०,३१ र ३२ | ३४००० | ९७०० | २२०० | ३०००० | ७७०० | २००० | ४०.८५ |
| पश्चिम क्षेत्र (१३-१६) | २९००० | १३३०० | ४५०० | ४९६० | ० | ७१५ | ९.८ |
| जम्मा | ११२००० | ४४६०० | ११८०० | ५१५७२.३ | १०२७० | ३९७४ | |

५५.३ **भेरियसन आदेश र स्वीकृती-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सो सम्झौताको कार्यान्वयनको क्रममा सिर्जना भएमा ऐनको दफा ५४ बमोजिम सोको स्पष्ट कारण खुलाई १० प्रतिशत सम्मको भेरियसन आदेश सम्बन्धित सार्वजनिक निकायको राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको प्रमुखबाट तोकिएको कार्यविधि अपनाई भेरियसन आदेश जारी गर्न सकिने उल्लेख छ । कार्यालयले नियमावली बमोजिम निर्माण कार्यको ड्रईङ डिजाईन तथा स्पेशिफिकेशन, निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन गर्नुपर्ने भएमा तथा खरिद सम्झौता गर्दा पूर्वानुमान गर्न नसकिएको परिस्थिती सृजना भएमा मात्र भेरियसन गर्नुपर्नेमा निर्माण कार्य सुरु हुनुभन्दा अगाडी नै अनुमान गर्न सकिने Clearing and grubbing including uprooting rank, Dismantling of existing structures, Earthwork excavation in cutting roadway लगायताका १३ आइटम थप गरी भेरियसन आदेश स्वीकृत गरेको छ।खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न सकिने यस प्रकारका आइटमहरु समेत समावेश गरी भेरियसन आदेश जारी गरेको उचित देखिएन। यसमा सुधार हुनुपर्दछ।धुलो रहित सडक गौरबको योजनाको भेरियसन आदेश निम्नानुसार रहेको छ।

| क्र.स | ठेक्का नम्बर | ठेक्का विवरण | निर्माणव्यवसायिको नाम | भेरियसन दिइएका मुख्य आइटमहरु | सम्झौतारकम | जम्मा भुक्तानी रकम | भेरियशन पश्चातको रकम |
|---|---|---|---|---|---|---|---|
| १. | ०६-२६ - ०८० - ८१ | मध्य क्षेत्र (११,१२,१७-२५ र २७) | अर्याल/यु.एस.जी/ आर एस लक्ष्मी जे.भि | Providing and laying, fitting and placing HYSD bar, brick masonry work, laying thick old stone लगायत | ३४३३११९८५ | ७८६५५१३६ | ३४३२९०३१८ |

## ५६ आकस्मिक सडक मर्मत

५६.१ **लागत अनुमान-** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूचि-४ बुँदा नम्बर क मा निर्माण कार्यको परिमाण सम्झौता हुदाँका बखत यकिन नभएको वा निर्माण कार्य, प्रति इकाइ कार्य बिल अफ क्वान्टिटीमा उल्लेखित दरमा गराउन एकाइ दरमा सम्झौता गर्न सक्ने व्यवस्था छ। काठमाडौ महानगरको १ देखी ३२ वडाहरुका सडक तथा गल्ली मर्मत कार्यको लागत अनुमानमा सम्झौता हुदाँका बखत सम्पन्न गर्नुपर्ने कार्य परिमाण र कार्यस्थल खुल्ने अवस्था देखिदैन। कार्यालयले लागत अनुमानमा बिटुमिन प्रिमिक्स ओभरल्याप ७५०० वर्गमिटर, विटुमिन प्रिमिक्स/कुलमिक्स फर पोटहोल रिपियरिङ १,२०,००० वर्गमिटर, अस्पाल्ट ७५०० वर्गमिटर, आरसिसि पेभमेन्ट ५००० वर्गमिटर लगायतका कार्य परिमाण राखी लागत अनुमान तयार गरेको देखिन्छ। कार्यालयले तयार गरेको लागत अनुमानको बुदा नम्बर ५ र ६ डिस्मेन्टलिङ अफ एक्जिस्टिङ स्ट्रक्चर कार्य एउटै प्रकृतिको काम दुई पटक छुट्टा छुट्टै शीर्षकमा समावेश भएको देखिन्छ। त्यस्तै बुदाँ नम्बर ४ को क्लियरिङ एण्ड ग्रुविङ कार्य र बुदा नम्बर ७ को अर्थवर्क एक्जाभेसन एकै प्रकृतिको कार्य फरक फरक बुदाँमा समावेश भएको देखिन्छ।त्यस्तै विटुमिनस् वर्क प्रिमिक्स अल्पाल्टमा विटुमिन प्रिमिक्स फर ओभरल्यापिङ र अस्पाल्ट पोटहोल रिपियरिङ बिच कार्य सिमाना स्पष्ट उल्लेख गरी लागत अनुमान तयार गरेको छैन । आकस्मिक प्रकृतिका निर्माण तथा मर्मत कार्य एकाइ

दरमा सम्झौता गरी सम्झौता बमोजिम भए गरेको कार्य परिमाणको नापजाँचका आधारमा भुक्तानी गर्ने गरी लागत अनुमानलाई यथार्थपरक बनाउनुपर्दछ।

५६.२ **कार्य अवस्था-** (ठेक्का नम्बर २१-४५-०८०।८१) बिटुमिन ओभरल्यापिङ कार्य ७५०० वर्गमिटर, विटुमिन प्रिमिक्स/कुलमिक्स फर पोटहोल रिपियरिङ १,२०,००० वर्गमिटर, अस्पाल्ट ७५०० वर्गमिटर, आरसिसि पेभमेन्ट ५००० वर्गमिटर लगायतका कार्य गर्ने गरी लागत अनुमान तयार भएकोमा पोटहोल रिपियरिङ १०० वर्गमिटर, विटुमिन अस्पाल्ट कार्य ३०,००० घनमिटर लगायतका कार्य प्रगति भएको देखिन्छ। महानगरले वडा कार्यालयसँग समन्वय गरी मर्मत गर्नुपर्ने स्थान निर्धारण गरी निर्माण कार्य गरेको र सोही आधारमा निर्माण व्यवसायीलाई भुक्तानी गरेको भनेतापनी कुन वडाबाट कुन सडक तथा गल्ली मर्मतको लागि माग भएको हो, सोको परिमाण कति थियो र कति निर्माण सम्पन्न भयो भन्ने विवरण खुल्ने कागजात श्रेस्तासाथ संलग्न गरेको छैन।

५६.३ **बित्तीय प्रगती-** कार्यालयले लागत अनुमान रु.१९,९८,७१,८०९( मू.अ.कर र पि.यस सहित) रहेको महानगर वडा १ देखी ३२ सम्मको मर्मत कार्यका लागि कार्यालयले सबैभन्दा कम कबोल गर्ने निर्माण व्यवसायी मंगलादेवी सुवास/के एण्ड के.जि/कडेल जे.भीसँग २०८२।९।३० सम्म (प्रथमपटक म्याद थप समेत) मा कार्य सम्पन्न गर्ने गरी २०८१।१।२८ मा सम्झौता भएकोमा २०८२ आषाढ मसान्त सम्ममा रु.१६,६५,२४,७३०। मू.अ.कर समेत भुक्तानी भई ८३.३२ प्रतिशत वित्तीय हासिल गरेको देखिन्छ। खरीद सम्झौतामा उल्लेखित कार्यतालिका र शर्त अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

५६.४ **मर्मत ठेक्काको समायावधि समाप्त नहुदै पुन ठेक्का-** कार्यालयले महानगरको १ देखी ३२ वडा भित्र मर्मत सम्भार कार्य गर्न मिति २०८१।१।२८ मा निर्माण व्यवसायी मंगलादेवी सुवास/के एण्ड के.जि/कडेल जे.भिसँग सम्झौता भएको र सो कार्यको कार्यावधि मिती २०८२।९।३० सम्म भएको अवस्थामा पुन वडा १ देखी ३२ भित्र emergency road maintenance work कार्य भनी आ.ब २०८१।८२ मा ठेक्का नम्बर ७-११-०८१-८२ बाट कम कबोल गर्ने निर्माण व्यवसायी मंगलादेवी सुवास/ के.एण्ड के.जी/के.बि.के जे.भीसंग मू.अ.कर समेत १७,२७,४९,८०३।मा मिति २०८३।१२।३० सम्म कार्यसम्पन्न गर्ने गरी २०८२।१।४ मा सम्झौता भई गो.भौ.नं.१४६०-२०८२।३।९ बाट रु.१,४९,७५,०००। पेश्की दिएको छ। कार्यालयले मर्मत कार्यको लागि आ.ब २०८०।८१ मा कार्यान्वियन गरेको ठेक्काको म्याद २०८२ पौष मसान्त सम्म रहेकोले सो कार्य अवधिसम्म भएको काम र सोको मर्मत सम्भार अवधिसँग दोहोरो नहुने गरी नयाँ ठेक्का कार्यान्वियन गराउनुपर्दछ।

## ५७ निर्मित संरचनाको अभिलेख

पालिका र वडा आफ्नो क्षेत्राधिकारभित्र रहेका भवन, कल्भर्ट, सडक, सडकपेटी,ढल लगायतका संरचनाहरूको निर्माण एवं सञ्चालन अवस्था र लागत खुलाइ अभिलेखाङ्कन अद्यावधिक गरी राख्नु पर्नेमा तद्नुसार अभिलेख राखेको देखिएन । निर्मित संरचना, निर्माणाधीन एवं प्रस्तावित संरचनाको अभिलेख, सोको सञ्चालन अवस्था, मर्मत सम्भार कार्य योजनाका लागि आवश्यकता पहिचान, सर्वेक्षण, विस्तृत डिजाइन तथा लागत अनुमान तयार, जी.पी.एस. को माध्यमले निर्माणस्थल चेनेज पहिचान र अभिलेख खुल्ने व्यवस्था मिलाउने कार्य शुरु भएको छैन । अन्तर निकाय समन्वय गरी संरचना निर्माणमा दोहोरोपनाको अन्त्य गर्न तथा अभिलेख व्यवस्थापनका लागि जी.पी.एस. बाट अभिलेख देखिने व्यवस्था मिलाउनुपर्दछ । त्यसैगरी नयाँ निर्माण भएका र वर्षेनी मर्मत सम्भार गरिएका भवनहरूको अवस्था, लागत तथा मर्मत खर्चसमेत खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ

## ५८ ठेक्का फाराम

कार्यालय सञ्चालनको हिसाब राख्न र खर्चसँग सम्बन्धित विवरणहरु तयार गर्न महालेखा नियन्त्रकको कार्यालयले स्वीकृत म.ले.प फारामहरुको ढाँचा प्रकाशन गरेको छ। अन्य फारामहरुको अतिरिक्त पूर्वाधार विकास सम्बन्धि काम गर्ने कार्यालयहरुले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । कार्यालयले स्वीकृत ढाँचामा विवरण राखेको छैन । लेखापरीक्षणको क्रममा ठेक्कासँग सम्बन्धित आवश्यक सूचना प्राप्त गर्ने प्रयोजनको लागि फाराम उपलव्ध गराएकोमा उक्त फाराम पूर्ण रुपमा भरी उपलव्ध नगराएकोले सञ्चालित ठेक्काहरुको भेरियसन स्वीकृती, म्याद

थपको अवस्था, विमा व्यवस्था, कार्य सम्पादन जमानतको म्याद, पेश्कीको म्याद तथा मूल्य समायोजन सम्बन्धि विश्लेषण गर्न सकिएन । स्वीकृत ढाँचा अनुसारको ठेक्काको विवरण राखेर मात्र खर्च गर्ने गर्नुपर्दछ।

५९ **ठेक्का व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम (७) मा सार्वजनिक कार्यालयले बार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वियन तालिका बनाउँदा कार्यान्वियन गरिने आयोजना वा कार्यक्रमको पूर्वतयारी अवस्था, खरिद विधि तथा छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गरी बोलपत्र गर्ने कार्यहरु प्रथम त्रैमासिकमा सम्पन्न गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार आ.ब २०८१।८२ को प्रथम त्रैमासिकमा कुनै पनि ठेक्का आव्हान गरेको छैन । दोश्रो त्रैमासिक अवधिमा रु.७३ करोड ४४ लाख ३२ हजारको ३३ वटा, तेश्रो त्रैमासिकमा रु. ९५ करोड ४९ लाख ७३ हजारको ४८ वटा र चौथो त्रैमासिकमा रु. १ अर्ब १३ करोड ७९ लाख ९८ हजारका ३७ वटा समेत कुल ११८ ठेक्काको खरिद कार्य बन्दोवस्त गरेको विवरण पेश भएको छ । नियमावलीमा उल्लेखित व्यवस्था अनुसार प्रथम त्रैमासिक भित्र बोलपत्रको माध्यमबाट गरिने खरिद सम्बन्धि कार्यहरु सम्पन्न गरी बार्षिक बजेटले तोकेका लक्ष्यहरु प्राप्त हुने गरी बार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्दछ।

| खरिद कार्यक्रम | जम्मा | | प्रथम त्रैमासिक | | दोश्रो त्रैमासिक | | तेश्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| सार्वजनिक निर्माण विभाग | १२ | ५८८,२२२,४०६.७४ | ० | - | २ | ११९,७२८,३७९.२५ | ६ | २९४,१६०,७४४.३७ | ४ | १७४,३३३,२८३.१२ |
| यातायत तथा सडक सुरक्षा स्वर्णीम योजना | २ | ९,४९६,२५०.०० | ० | - | ० | - | ० | - | २ | ९,४९६,२५०.०० |
| वातावरण व्यवस्थापन विभाग | १० | ९३७,६२६,३३६.६९ | ० | - | २ | ७,६७३,९४१.२५ | ३ | ३०७,१३५,८३६.६५ | ५ | ६२२,८१६,५५८.७९ |
| स्वास्थ्य विभाग | ५ | ६२,०१५,९३०.०० | ० | - | ० | - | २ | ३५,१३९,२३०.०० | ३ | २६,८७६,७००.०० |
| सम्पदा तथा पर्यटन विभाग | १९ | ७४५,८०२,१५३.१९ | ० | | ११ | ४८६,४८८,९३८.९७ | ४ | ८४,०६१,५१६.२० | ४ | १७५,२५१,६९८.०२ |
| विपद् व्यवस्थापन विभाग | १ | १०,३७१,१०७.०० | ० | - | ० | - | ० | - | १ | १०,३७१,१०७.०० |
| उधान तथा हरियाली प्रवर्धन आयोजना | ४ | २५,३७१,६६७.८० | ० | | २ | १२,८०७,३६७.४० | ० | - | २ | १२,५६४,३००.४० |
| जिन्सी शाखा | ३ | ११,३५७,४२५.०० | ० | - | ० | - | २ | ९,३२५,९२५.०० | १ | २,०३१,५००.०० |
| यन्त्र तथा उपकरण महाशाखा | ४ | २६,०९८,८३२.०८ | ० | - | ० | - | २ | १९,२४०,४२५.०० | २ | ६,८५८,४०७.०८ |
| वडा कार्यलायहरु (१ - ३२ ) | ५८ | ४११,०४१,६९५.८९ | ० | - | १६ | १०७,७३३,५८५.३० | २९ | २०५,९०९,७७३.९६ | १३ | ९७,३९८,३३६.६३ |
| | ११८ | २,८२७,४०३,८०४.३९ | ० | - | ३३ | ७३४,४३२,२१२.१७ | ४८ | ९५४,९७३,४५१.१८ | ३७ | १,१३७,९९८,१४१.०४ |

६० **फल्चा बसस्टप निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ मा अधिकतम प्रतिस्पर्धा हुने हदसम्म समग्र खरिदको प्याकेजिङ्ग तथा समूह विभाजन गर्ने व्यवस्था छ । कार्यालयले बसुन्धारा चौकी, ओम हस्पिटल अगाडि, मेडिकेयर अस्पताल अगाडि, विशालनगर लगायत १० स्थानमा फल्चा निर्माण कार्यको लागि रु.३,२७,६१,६२५। मू.अ.कर समेतको लागत अनुमान गरी सबैभन्दा कम कबोल गर्ने निर्माण व्यवसायी गंगा एण्ड सिंह के.बि सन्स् जे.भिसँग मू.अ.कर समेत रु.२,६९,४४,२३५। मा मिति २०८२।१०।५ सम्म निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।९।१९ मा सम्झौता भएको पाइयो। साथै कलंकी, बानेश्वर, बबरमहल लगायत १२ स्थानमा फल्चा निर्माण गर्न रु.४,३५,६४,४४९। मू.अ.कर बाहेकको लागत अनुमान तयार गरी सबैभन्दा कम कबोल गर्ने निर्माण व्यवसायी आर.आर कन्स्ट्रक्सनसँग रु.४,२४,३४,०१८। मा मिति २०८२ माघ ३ सम्ममा निर्माण सम्पन्न गर्ने गरी मिति २०८१।९।२२ मा सम्झौता भएको पाइयो। सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्;

६०.१ **खरिद गुरुयोजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ तथा दफा २५मा योजना छनौट, तर्जुमा तथा कार्यान्वियन गर्दा आवश्यकता पहिचान गरी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी लागत अनुमान, डिजाइन तथा कार्ययोजना सहित निर्माण कार्य गर्नुपर्ने उल्लेख छ। कार्यालयले फल्चा निर्माण कार्यको लागि DPR तयार नगरी वडाहरुको मागलाई आधार बनाई फल्चा

निर्माणको ठेक्का कार्यान्वियन गरेको देखियो । DPR विना निर्माण कार्य गर्दा योजनाको वास्तविक आवश्यकता, लागत प्रभावकारिता, गुणस्तर तथा दिगो उपयोगिता सुनिश्चित हुन नसक्ने हुदाँ आवश्यक पूर्वतयारी तथा बिस्तृत परियोजना प्रतिवेदन तयार गरी सोही अनुसार निर्माण कार्य गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

६०.२ **लागत अनुमान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५ मा नियम १४ बमोजिम स्वीकृत भएको लागत अनुमान अनुसार खरिद नभएमा सार्वजनिक निकायले यस नियमावलीको प्रकृया पुरा गरी प्रत्येक बर्ष लागत अनुमान अद्यावधिक गर्नुपर्ने उल्लेख छ। कार्यालयले कलंकी, बानेश्वर, बबरमहल लगायत विभिन्न १२ स्थानमा फल्चा निर्माण गर्ने कार्यको लागि मिती २०८०।१०।२८ मा रु.४,३५,६४,४४८। लागत अनुमान तयार गरी प्रथम पटकको मिति २०८०।११।१ को सूचना अनुसार बोलपत्र पेश गर्ने ५ निर्माण व्यवसायी र मिति २०८१।१।२३ को दोश्रो पटकको पुन सूचना अनुसार बोलपत्र पेश गर्ने ६ निर्माण व्यवसायीहरु प्राविधिक रुपमा अयोग्य भई तेश्रो पटक २०८१।३।३१ मा पुन सूचना प्रकासन गरेको देखियो। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५ अनुसार उक्त खरिद कार्यको लागत अनुमान पुनरावलोकन गरी खरिद प्रक्रिया सुचारु गर्नुपर्नेमा सो नगरी आर्थिक बर्षको अन्त्यमा बोलपत्र खरिदको पुन सुचना गरेको उचित देखिएन। आर्थिक बर्ष २०८०।८१ मा सालको काठ ८ फिटको प्रति घनमिटर रु.३४८५१२। र ८ देखी १२ फिट सालको काठको प्रतिघनमिटर रु.३,६९,८३३। लागत अनुमान रहेकोमा आ.ब २०८१।८२ मा सो काठको लागत मूल्य क्रमस रु.२,८६,४९७ र रू३,०६,६२५। रहेको छ । जस अनुसार सालको उक्त कार्यमा मात्र प्रति घनमिटर क्रमश रु.६२,०१५। र रु.६३,२०८। बढीको लागत अनुमान तयार भएको देखिन्छ। नियमावलीको व्यवस्था बमोजिम अघिल्लो बर्ष खरिद कार्य सम्पन्न हुन नसकेका निर्माण कार्यहरुको लागत अनुमान अद्यावधिक गरी खरिद गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

६०.३ **खरिद समयावधि**- कार्यालयले कलंकी, बानेश्वर, बबरमहल लगायत विभिन्न १२ स्थानमा फल्चा निर्माण कार्यको लागि मिति २०८०।१०।२८ मा रु.४,३५,६४,४४९। को लागत अनुमान स्वीकृत गरी प्रथम पटक मिति २०८०।११।१ मा सूचना प्रकाशन गरेको देखियो। उक्त सूचना अनुसार पाँच निर्माण व्यवसायीहरुले पेश गरेका बोलपत्रहरुलाई नियमावलीको नियम ५९ बमोजिम २०८०।१२।०१ मा मूल्याङ्कन गर्दा Power of attorney पेश नगरेको तथा line of credit document पेश नगरेको कारण प्राविधिक रुपमा असफल भई पुन दोश्रो पटक २०८१।१।२३ मा सूचना प्रकासन गरी ६ निर्माण व्यवसायीहरुले पेश गरेको बोलपत्र २०८१।२।७ मा मूल्याङ्कन गर्दा Power of attorney पेश नगरेको तथा कार्यालयले राखेको requirement of key activities sal wood work of ३०.४५ cu.m. per year को specific construction experience तथा Construction experience in key activities को मापदण्ड पुरा नगरेकोले पुन ६ वटै फर्म प्राविधिक रुपमा असफल भई तेश्रो पटक २०८१।३।३१ मा पुन सूचना प्रकासन गरी मिति २०८१।४।१५ मा खोलिएको बोलपत्र मुचुल्का अनुसार कार्यालयले मिति २०८१।७।२६ मा गरेको प्राविधिक मूल्याङ्कनमा १ निर्माण व्यवसायी पवन कन्स्ट्रक्सनले विड सेक्यूरिटी पेश नगरेकोले पुर्णताको परिक्षणमा असफल भएको र मिति २०८१।८।१२ मा योग्यता सम्बन्धि मूल्याङ्कनमा २ बोलपत्रदाताहरु दिव्यश्वरी निर्माण सेवाले पेश गरेको specific construction experience तथा Construction experience in key activities कार्यालयले माग गरे अनुसारको अनुभवसंग comply नभएको र S.P Aashreeya Jv ले पेश गरेको Construction experience in key activities र pending litigation not sign भनी अस्वीकृत भएकोले एक मात्र निर्माण व्यवसायी आर.आर कन्स्ट्रक्सन प्राविधिक रुपमा सफल भई मिति २०८१।८।२५ मा आर्थिक मूल्याङ्कन गरी मिति २०८१।९।१६ मा निर्माण सम्झौता भएको देखियो । सो कार्यको लागि कार्यालयले मिति २०८१।१०।२४ मा गएर मात्र कार्यदिश प्रदान गरेबाट उक्त निर्माण कार्यको लागि लागत अनुमान देखी कार्यदिश मिति सम्म ३९१ दिन खर्च भएको देखिन्छ। कार्यालयले पुन सूचना पश्चात खोलेको मूचुल्का अनुसार ढिला गरी प्राविधिक तथा आर्थिक मूल्याङ्कन भएकोले उक्त निर्माण कार्यको लागि बोलपत्र मुचुल्का खोले पश्चात मात्र १५९ दिन लागेको देखिन्छ। बोलपत्र मार्फत हुने खरिद प्रक्रियालाई समयमा नै टुङ्गो लगाई निर्माण कार्यलाई मितव्ययी, छिटो र छरितो बनाउनुपर्दछ।

६०.४ **प्रति फल्चा लागत**- पालिकाले १० फल्चा निर्माणको लागि प्रति फल्चा रु.३२७६१६२ मू.अ.कर समेतको लागत अनुमान तयार गरेकोमा निर्माण व्यवसायी गंगा एण्ड सिंह के.बि सन्स् जे.भिसंग भएको सम्झौता बमोजिम प्रति फल्चा रु. २६,९४,४२४।मा सम्झौता भएको तथा १२ फल्चा निर्माणको लागि प्रति फल्चा ४१,०२,३१९ मू.अ.कर समेतको लागत अनुमान तयार गरेकोमा निर्माण

व्यवसायी आर.आर कन्स्ट्रक्सनसंग भएको सम्झौता बमोजिम प्रति फल्चा मू.अ.कर समेत रु.३९,९५,८७०। लागत लाग्ने देखिन्छ। कार्यालयले तयार गरेको २ फरक प्याकेजको फल्चा निर्माण कार्यको लागत अनुमानमा फरक परेको सम्बन्धमा कार्यालयसँग जानकारी माग गर्दा फल्चा निर्माण हुने स्थानको भुगोल अनुसार लागतमा भिन्नता आएको भनाई रहेको छ।फल्चा निर्माण स्थलमा युटिलिटि डक्टहरु निर्माण भएको वा हुन बाँकी रहेको अवस्था खुल्ने विवरण खुलाएको छैन । फल्चा निर्माणस्थलमा युटिलिटी डक्टहरु निर्माण गर्नुपर्ने अवस्था भएमा खर्चको सार्थकता नहुँने हुँदा निर्माण कार्यको योजना गर्नुपुर्व उक्त पक्ष समेत विचार गरेर मात्र फल्चा निर्माण गर्नुपर्दछ ।

## ६१ संरचना निर्माण

महानगरपालिकाले २०७९।१२।९ देखि नेपाल ट्रष्टको भवन भाडामा लिई मासिक ६० लाख ५० हजारको दरले वार्षिक ७ करोड २६ लाख हुने गरी सम्झौता गरेको देखिन्छ । सम्झौताको शर्त नं ५ मा काठमाडौ प्लाजा भवनको हालको बाहिरी स्वरुप फेरबदल गर्नुपरेमा प्रथम पक्षको स्वीकृति लिनुपर्ने र सम्झौताको शर्तको बुँदा नं १७ मा सम्झौताको अवधि समाप्त भएमा वा सम्झौता रद्द भएमा दोस्रो पक्षले आफ्नो तर्फबाट प्रयोगमा ल्याइएका फर्निचर विभिन्न उपकरण र पार्टेशन आदि लैजान सक्ने र बनाइएका झ्याल ढोका र लिफ्ट समेत चालु हालतमा नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाले वडा नं. १२ स्थित टेकुमा प्रशासकीय भवन निर्माणका लागि ७९,०५,५३,८९१।८३ को लागत अनुमान तयार गरी समानान्तर निर्माण सेवा प्रा. लि. बिच निजले कबोल गरेको अंक रु.७७,९४,९५,८७६।१२ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८/४/११ मा भवन निर्माण सम्झौता भई निर्माण कार्य भैरहेको देखिन्छ । साथै बागदरबार स्थित काठमाडौ महनागरपालिकाको भवनमा रेट्रोफिटिङ कार्यको लागि सम्झौता भएको देखिन्छ ।यो बर्षमात्रै उक्त भवनमा पार्टेशन लगायतको थप संरचना निर्माण कार्यमा देहाय अनुसार रु ६,९२,६९,७६१। खर्च भएको देखिन्छ ।

| क्र सं | गो भौ नं र मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| १ | विभिन्न भौचर | लिफ्ट तथा काठमाडौ प्लाजासँग सम्बन्धित अन्य कार्य | पूर्णलक्ष्मी निर्माण सेवा | ३९९२७९२० |
| २ | विभिन्न भौचर | काठमाडौ प्लाजा पार्टेशन | बिहानी निर्माण सेवा | १७३३९२०६ |
| ३ | १३५०।२०८२।२।२६ | काठमाडौ प्लाजा फुड ल्याब पार्टेशन | सन्ध्या एण्ड ऋषिका कन्स्ट्रक्सन | ८८९९४० |
| ४ | १८३१।२०८२।३।२५ | चमेना गृह निर्माण | के.पि.मल्टी कन्स्ट्रक्सन प्रा.लि | ९४५१९६ |
| ५ | ७६१।२०८१।६।२० | काठमाडौ प्लाजमा ब्युटिफिकेशन | गोल्डेन लाइफ कन्स्ट्रक्सन प्रालि | ५८६५६२ |
| ६ | १०७४।२०८१।१।१५ | फर्निचर एसी जडान | वेष्ट इन्टेरियर्स इन्टरनेशनल प्रालि | ७८२४३७६ |
| ७ | २९०।२०८१।७।६ | कार्यकक्ष मर्मत | डिजाइन क्युब प्रालि | ९५६१८० |
| ८ | १८२६।२०८२।३।२४ | काठमाडौं प्लाजामा सवारी साधन धुने बनाउने कार्य | पि बि पि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ८००३८१ |
| | जम्मा | | | ६९२६९७६१ |

## ६२ निर्माण स्वीकृति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २७ मा नयाँ भवन भवन बनाउने वा पुरानो भवनको संरचना हेरफेर गर्नुपर्दा स्थानीयतहको स्वीकृति लिनुपर्ने उल्लेख छ । त्यसैगरी काठमाडौ महानगरपालिका भवन निर्माण सम्बन्धी कार्यविधि,२०८० को बुँदा ३ मा महानगरपालिका क्षेत्रभित्र निर्माण हुने सम्पूर्ण भवनको eBPS मार्फत नक्सापास गरी भवन निर्माण कार्य गर्नुपर्ने तथा बुँदा ४ मा नक्सामा हेरफेरसम्बन्धी व्यवस्था उल्लेख छ । महानगरपालिकाले २०७९।१२।९ देखि नेपाल ट्रष्टको भवन भाडामा लिई मासिक ६० लाख ५० हजारको दरले वार्षिक ७ करोड २६ लाख हुने गरी सम्झौता गरेको देखिन्छ । सम्झौताको शर्त नं ५ मा काठमाडौ प्लाजा भवनको हालको बाहिरी स्वरुप फेरबदल गर्नुपरेमा प्रथम पक्षको स्वीकृति लिनुपर्ने र संरचना परिवर्तन गर्न नपाइने उल्लेख छ। सम्झौताको शर्त नं ५ मा काठमाडौ प्लाजा भवनको बाहिरी स्वरुप फेरबदल गर्नुपरेमा प्रथम पक्षको स्वीकृति लिनुपर्ने र संरचना परिवर्तन गर्न पाइने

छैन भनी उल्लेख भएकोमा भवनको बाहिर लिफ्ट लगायतको संरचना थप गरेको छ । पालिकाले Reparing and Lift Installation Work at Kathmandu Plaza, KMC-२८ रु ४,०२,०२,०५०/१५ (मु अक सहित) पेश गरेको बोलपत्र स्वीकृत गरेकोमा रु ३,९९,२७,९२०।निर्माण व्यवसायी पूर्णलक्ष्मी निर्माण सेवालाई भुक्तानी गरेको छ । उक्त कार्यमध्ये बाह्य संरचना अर्थात लिफ्ट जडानतर्फ सम्झौतामध्ये आइटम नं ११,१४,१७,१८ र ५८ बाट लिफ्ट निर्माणको लागि मात्र रु ७६,५०,५२७। भुक्तानी गरेको छ । बाह्य संरचना निर्माणको लागि स्वीकृति लिएको एवं नक्सा पास गरेको देखिएन ।

६३ **फुटपाथ निर्माण**

नेपाल शहरी सडक मापदण्ड,२०७६ को ४.३ मा फुटपाथको न्यूनतम स्पष्ट चौडाइ २.० मिटर हुनुपर्ने र यद्यपि यसको चौडाइ २.४ मिटर प्राथमिकता दिनुपर्ने उल्लेख छ । नीति तथा कार्यक्रमको बुँदा नं २९मा काठमाडौंका प्रमुख सडकहरूमा यूटिलिटी डक्ट निर्माण गरी नेपाल दूरसञ्चार प्राधिकरण र इन्टरनेट सेवा प्रदायक संस्थासँग सहकार्य गरी अव्यवस्थित रुपमा रहेका तारहरूको उचित व्यवस्थापन गरिने उल्लेख छ ।विगत बर्षदेखि नै फुटपाथ निर्माण गरिरहेकोमा यो बर्ष समेत महानगरपालिकाले महानगरभित्रका फुटपाथमा एकै किसिमको कलरफुल स्क्वायर ब्लक राखी लागि फुटपाथ निर्माणकोलागि विभिन्न प्याकेजमा ठेक्का व्यवस्थापन गरेको एवं उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गरेको देखिन्छ । विगतमा रहेका हेक्जागोनल ब्लक तथा कर्ब स्टोनको लाइफ स्पान के कति रहेको तथा सोको डिपी आर सम्बन्धमा पालिकामा रेकर्ड राखेको देखिएन । महानगरपालिकातर्फको फुटपाथ निर्माण कार्यको खर्च देहाय अनुसार रहेको छ ।

| क्र सं | कार्यक्रम/आयोजनाको नाम | वडा / स्थान | बजेट | रु हजारमा |
|---|---|---|---|---|
| | | | | खर्च रकम |
| १ | नक्साल भगवती मन्दिर नागपोखरीसम्मको फूटपाथ स्तरोन्नती गर्ने कार्य | १ | ५२४२ | ४०८८ |
| २ | बालुवाटार क्षेत्रमा फूटपाथ निर्माण कार्य | ४ | ३३६९५ | २९७१६ |
| ३ | भगवानपाउँ हुँदै जोडोल मार्गसम्म जोडने वाटोको फूटपाथ निर्माण | १५ | ३२५० | २४४२ |
| ४ | बालाजु चोक देखि जनमैत्री हस्पिटल दायावायाँ हुँदै वालाजु पार्कसम्म , बनस्थली मार्ग , सिद्धार्थ बनस्थली चोक हुंदै बालाजु औद्योगिक क्षेत्रसम्म फुटपाथ निर्माण | १६ | ९२०१ | ३३६३ |
| ५ | भानु टोलमा ब्लक छाप्ने कार्य | १६ | ७४५० | ७१९७ |
| ६ | प्रदर्शनी मार्गमा फूटपाथ निर्माण गर्ने कार्य | २८ | ५००० | ३३८८ |
| ७ | बाल मन्दिर नारायण चौर नागपोखरी जय नेपाल , भाटभाटेनी टंगाल बाल मन्दिर नक्साल भगवती डिल्लीबजारसम्म फूटपाथ स्तरोन्नती गर्ने कार्य | ४, ५ | ६०००० | ११३५१ |
| ८ | थापाथली देखि कलंकीसम्म फूटपाथ निर्माण कार्य | | २०७७० | १५२५१ |
| ९ | बागबजार देखि सिनामंगलसम्म फूटपाथ निर्माण कार्य | | ३४५८१ | २८०८८ |
| १० | त्रिपुरेश्वर देखि लैनचौरसम्म फूटपाथ निर्माण कार्य | | ११०००१ | १६६३६ |
| ११ | फुटपाथ निर्माण तथा मर्मत | | २४९९९६ | ४३१२३ |
| | जम्मा | | ५३९१८६ | १६४६४३ |

एकै किसिमका कलरफुल स्क्वायर ब्लक प्रयोग गरी फुटपाथ निर्माण/सुधारमा रु. १६ करोडभन्दा बढी खर्च गरेको देखिन्छ। तर, उक्त कार्यमा फुटपाथको चौडाइ विस्तार नगरी हेक्सागोनल ब्लक तथा कर्ब स्टोन हटाई नयाँ स्क्वायर ब्लक प्रतिस्थापन गरिएको देखिन्छ। यस क्रममा हटाइएका हेक्सागोनल ब्लकहरू (M२० ग्रेड) को बाँकी आयु (Life Span) सम्बन्धी कुनै प्राविधिक मूल्याङ्कन पेश नगरी उक्त ब्लकहरूको सट्टा उच्च ग्रेडका (M३५ग्रेड) का स्क्वायर ब्लक प्रयोग गरेको देखिन्छ ।

- यस्तै, नीति तथा कार्यक्रमअनुसार यूटिलिटी डक्ट निर्माण गरी तार व्यवस्थापन गर्ने भनिए तापनि सम्बन्धित निकायहरूसँग समन्वय गरी यूटिलिटी डक्ट निर्माण भइसकेको वा सो अनुरूप फुटपाथ डिजाइन गरिएको प्रमाण संलग्न गरेको छैन।
- सेयर्ड इन्फ्रास्ट्रक्चरको अवधारणाअनुरूप आवश्यक कानुनी प्रबन्ध मिलाई युटिलिटी सेयरिङ गरिने उल्लेख गरेकोमा युटिलिटि डक्टहरु निर्माण नभइसकेको स्थानमा समेत उक्त कार्य गर्दा खर्चको सार्थकता हुने देखिँदैन ।
- भविष्यमा यूटिलिटी डक्ट निर्माणका क्रममा पुनः फुटपाथ खन्नुपर्ने अवस्था आएमा यसले दोहोरो खर्चको जोखिम सिर्जना गर्ने देखिन्छ।हटाइएका हेक्सागोनल ब्लकहरू विभिन्न सरकारी निकाय (नेपाल सेना, नेपाल प्रहरी लगायत) लाई वितरण गरिएको देखिए तापनि ती ब्लक पुनः कहाँ र कसरी प्रयोग भए, प्राविधिक रूपमा उपयुक्त थिए वा थिएनन् भन्ने सम्बन्धमा स्पष्ट अभिलेख तथा मूल्याङ्कन गरिएको पाइएन।
- साथै लेखापरीक्षणको क्रममा हटाइएका पुराना हेक्जागोनल ब्लकहरु वडा नं १४ को कार्यालय कलङ्की एवं चमती जग्गा एकीकरण आयोजनाको भवन नजिकै थुपारिएको अवस्थामा रहेको देखिँदा सार्वजनिक श्रोतको उपयोग भएको देखिएन ।

तसर्थ फुटपाथ स्तरोन्नति गर्दा नेपाल शहरी सडक मापदण्डअनुसार फुटपाथको न्यूनतम तथा प्राथमिक चौडाइ सुनिश्चित गर्नुपर्ने, यूटिलिटी डक्ट निर्माणसम्बन्धी कार्य अघि बढाउँदा सम्बन्धित सेवा प्रदायक निकायसँग पूर्वसमन्वय गरी एकीकृत डिजाइनका आधारमा फुटपाथ निर्माण गर्नुपर्ने, विद्यमान ब्लक वा संरचनाको बाँकी आयु र प्राविधिक अवस्था मूल्याङ्कन गरी मात्र प्रतिस्थापन गर्ने, तथा हटाइएका सामग्रीको पुनःप्रयोगलाई योजनाबद्ध, अभिलेखयुक्त र प्राविधिक रूपमा उपयुक्त बनाउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

### ६४ सम्झौता भन्दा फरक निर्माणस्थलमा कार्य

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ को उपनियम मा (३) सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्नु नहुने उल्लेख छ । पालिकाले"Bagmati River Corridor Fencing Works (Thapathali to Dhobikhola Dovan, Tinkune to Sinamangal) KMC-९.१०.११. ३१" कार्य Contract No. : ११-४२-NCBW-०८०-०८१-PWD-KMC का लागि मिति २०८१/०२/०६ मा श्री Sulay Infra pvt. ltd र का.म.पा विच सम्झौता भई मिति २०८१/०२/१३ मा रु ७,००,७१,९०१.७८/- मा कार्यदिश दिइएकोमा तोकिएको स्थानहरुमध्ये तिनकुने देखि सिनामंगल क्षेत्रभित्र खोला छेउमा रहेका अनधिकृत बस्तीहरु स्थानन्तरण नभएको हुँदा सो क्षेत्रभित्रका विभिन्न स्थानहरुमा निर्माण कार्य गर्न सम्भव नदेखिएको, थापाथली देखि धोविखोला दोभानको नदी किनारको निर्माण कार्य काठमाडौं उपत्यका विकास प्रधिकरणद्वारा गरिने भनि जानकारी भएकोले BOQ मा भए अनुसारको कार्य गर्न नसकिने देखिएको निर्माणका क्रममा निर्माण स्थलमा पर्ने अनधिकृत बस्तिका कारण निर्माण कार्यमा अवरोध भएको उल्लेख गरी मिति २०८२/०१/३० कार्यपालिका बाट अनुमोदन हुने गरि निर्णय भए बमोजिम निर्माण स्थल बागमती किनारामा मात्र सिमित नभई का.म.पा भित्र पर्ने अन्य बडा (१-३२) अन्तर्गतका बागमती, विष्णुमति, मनोहरा लगायतका सम्पूर्ण खोला तथा नदि किनाराहरुमा आवश्यकता अनुसार कार्य गर्ने गरी कार्यपालिकाबाट अनुमोदन गरेको देखिन्छ ।सम्झौतामा उल्लिखित स्थानमा आंशिकस्थलमा मात्र कार्य गरी बानेश्वर क्याम्पसबाट सिनामंगलतर्फ एवं थापाथली पुलिस बिट आसपास लगायतको क्षेत्रमा क्याचपिट,ह्युम पाइप,स्टील फेब्रिकेशन लगायतको,कार्य गरेको देखिन्छ ।सो कार्यको लागि गो भौ नं ११२८।२०८२।१।२३ बाट रु १,९९,०१,०५२। भुक्तानी गरेको छ । २०६५ साल जेष्ठ २६ मा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गठन नदी किनारामा ढल निर्माण गर्ने, फोहर पानी प्रशोधन केन्द्रहरुको निर्माण, संचालन तथा संभार गर्ने, नदी कटान नियन्त्रण गर्न तटबन्ध निर्माण, नदी किनारामा सडक निर्माण लगायतको कार्य भैरहेको छ । पालिकाले उक्त स्थानमा कार्य गरिरहेका नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय नगरी तथा निर्माण स्थलको व्यवस्था नभई स्थल परिवर्तन गरी कार्य गराई भुक्तानी गरेको देखिन्छ। निर्माणस्थल सुनिश्चित गरेर मात्र ठेक्का कार्यान्वियन गर्नुपर्दछ।

### ६५ पेलिकान क्रसिङ जडान

पेलिकान क्रसिङ जडान ठेक्का नं. २९-५८-०८०-८१-NCBG-KMC- Supply and installation of Pelican crossings in front of schools कार्यको लागत अनुमान रु. १,९४,०४,३६०। रहेकोमा E३-YARSA JV र काठमाडौँ महानगरपालिका विच कबोल अङ्क

रु १८७३३१४० मूअकर समेत मिति २०८१/०४/११ मा सम्झौता गरी स्वीकृत गरेको छ । साथै पालिकाले ४ महिनाभित्र अर्थात २०८१।९।४ सम्म कार्यसम्पन्न गर्ने गरी २०८१।५।५मा कार्यादिश दिएको छ । पालिकाले गो भौ नं १५२३३।२०८२।३।१३ बाट सम्झौता अनुसार पेलिकान क्रसिङ जडान भएको उल्लेख गरी रु १८७३३१४०। E३- YARSA JV लाई भुक्तानी गरेको छ । विभिन्न ३६ स्थानमा स्पेशिफिकेसनमा उल्लेख गरेको ७mtr MS Pole, Main Horizontal Pole Arm, १२V/६५Ah Gel Battery, ८५०VA Inverter र Inverter battery Cabinet लगायतको सामाग्री जडान भएको विवरण पेश गरेको छ । Supplier ले ४ years warranty in all hardware components Cabinet box, Controller box, Inspection of master & slave Controllers and Lights को प्रत्येक वर्ष कम्तिमा तिन पल्ट Support Service and Schedule Maintenance दिने भनी प्राविधिक स्पेशिफिकेशनमा उल्लेख गरेको छ ।उक्त पेलिकान क्रसिङ् जडान गर्ने कार्यको लागि उक्त खरिद कार्य गरेकोमा उक्त क्रसिङ जडानको कार्य गरेता देहाय अनुसारका १८ स्थानमा पोल जडान कार्य गरेतापनि बिद्युत जडान जेब्रा क्रसिङ तथा जेब्रा क्रसिङ तथा Signange कार्य नभएकोले उक्त पेलिकान क्रसिङ सुचारु भएको देखिएन ।साथै सुचारु भएको स्थानमा समेत पेलिकान क्रसिङले कार्य गरे । नगरेको सम्बन्धमा अनुगमन गरेको छैन । विभिन्न ३६ स्थानमा उक्त संरचना जोडिएकोमा १८ स्थानमा उक्त पेलिकान क्रसिङ उपयोगमा आएको देखिएन ।कुल कार्यको रु १,८७,३३,१४०। भुक्तानी गरेकोमा १८ स्थानमा जडित रु ९३,६६,५७०। को संरचनाहरु उपयोगमा नआएको देखिँदा सम्बन्धित त्रुटीहरु सच्चाई सोको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

| S n. | Site Name | Location | Ward |
|---|---|---|---|
| १ | Shanti Vidya Griha, NIST | Lainchaur | २६ |
| २ | Neelgiri School, Geetanjali School | Sorakhutte | १६ |
| ३ | Whitefield Sec. School | Khusibhu | १६ |
| ४ | Manaslu School/College | Nayabazar | १६ |
| ५ | Times College | Dillibazar | ३० |
| ६ | Vishwaniketan School | Tripureswhor | ११ |
| ७ | Ratna Rajya School | Mid Baneshwor | १० |
| ८ | Padmakanya Vidhyashram School | Dillibazar | २९ |
| ९ | Janakalyan Sec. School | Boudha | ६ |
| १० | Apex Life School | Boudha | ६ |
| ११ | Progressive English School | Boudha | ६ |
| १२ | Camelia H.S School | Kalimati | १३ |
| १३ | Shree Kuleshwor Ma Bhi | Kuleshwor | १३ |
| १४ | Tushal Chowk | Boudha | ६ |
| १५ | Little Star School | Pasupati Sadak | ३० |
| १६ | Columbus HSS | Shankhamul | १० |
| १७ | Manaslu World School | Chuchhepati | ६ |
| १८ | Balaju Industrial Area (Mutiple Schools, Bright Land | Balaju | १६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९३,६६,५७० |

६६ **मेनहोल कभर जडान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१८,९२२,६०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६७ **नापीमा प्रविष्टी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२८७,३९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६८ **बत्ती जडान र मर्मत**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५ को उपनियम (१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने उल्लेख छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ।पालिकाले गो भौ नं ५८२।२०८१।९।१२ बाट अक्षयलोक ट्रेड लिङ्क प्रालिलाई ५० वाटको ५० थान स्ट्रीट लाइट,५०वाट फलोड लाइट, १०० वाटको १४ थानको फ्लोड लाइट लगायतको सामाग्री रु ४९६०२४। मा खरिद गरी भुक्तानी गरेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन. विगतमा यस प्रकृतिका खरिद आपूर्तकबाट गराएकोमा सोको यस बर्ष समेत यस्ता प्रकृतिका खरिद रहेको देखिँदा खरिद गरिएका उक्त बत्तीहरु कुन स्थानमा जडान गरेको हो सो खुल्ने प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९६,०२४ |

६९ **महाङ्काल मन्दिर पुन निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ मा मालसामान आपूर्ति गर्ने बोलपत्रदाताको प्राविधिक क्षमता मालसामान उत्पादन सम्बन्धि रेकर्ड, प्राविधिक स्पेसिफिकेशन, आर्थिक र वित्तीय क्षमता, विगत बर्षहरुमा उस्तै प्रकृतिको काम वा उत्तिकै उत्पादन परिमाणको काम लगायतका कार्य अनुभव समावेश हुनुपर्ने भनी योग्यताको आधार निर्धारण गरेको छ। कार्यालयले महाङ्काल मन्दिरको पुन निर्माण कार्यको लागि बोलपत्रको माध्यमबाट खरिद गर्न मूल्य अभिवृद्धि कर समेत रु.१०,१०,७९,७३५।- को लागत अनुमान स्वीकृत गरी २०८०।११।४ मा सुचना प्रकाशन गरेको देखियो। प्रकाशित सुचना अनुसार पाँच बोलपत्रदाताले बोलपत्र दर्ता गरेकोमा D.R Arisha J.v र C.L harati tm Jv ले power of attorney पेश नगरेको, पचली भैरव र मनकामना निर्माण सेवाले विड डकुमेन्ट हस्ताक्षर नगरेको र सानु सुवाल निर्माण सेवाले status of contract mention नगरेको कारण ४ बोलपत्रदाता प्राविधिक मूल्याङ्कनमा असफल भएको देखियो। प्राविधिक मूल्याङ्कनमा १ मात्र बोलपत्रदाता विनायक-एस.पि.बोहोरा जे.भी सफल भई मिति २०८२।२।२७ को आर्थिक मूल्याङ्कन पश्चात २०८१।३।१४ मा मूल्य अभिवृद्धि कर र पि.एस आइटम समेत रु.१०,१०,१५,०३८। मा सम्झौता भएको देखियो। सार्वजनिक खरिद ऐन २०६३ को दफा २३ बोलपत्र परीक्षणको उपदफा ४ मा सार्वजनिक निकायले बोलपत्रको परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासँग आवश्यक जानकारी माग गर्न सक्ने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६१(६) बमोजिम बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित क्षेत्र, गुणस्तर, विशेषता, शर्त, कार्यसम्पादन वा अन्य कुनै आवश्यकतामा तात्विक फरक र गम्भिर असर नपर्ने सानातिना फरक भएमा बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही मानिने उल्लेख छ। कार्यालयले बोलपत्र मूल्याङ्कनको बखत आवश्यक जानकारी माग गरेको प्रमाण श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले स्वीकृत लागत अनुमानको तुलनामा ०.५६ प्रतिशत मात्र कम कबोल गर्ने बोलपत्रदातासंग खरिद गरेकोले सो खरिद लागत अनुमानसँग तुलना गर्दा न्यून प्रतिस्पर्धा भएको देखियो।

खरिदलाई थप मितव्ययी र प्रतिस्पर्धी बनाउनको लागी पुरातात्विक सम्पदाहरुको बोलपत्र योग्यताको आधार निर्धारण गर्दा बढि भन्दा बढि निर्माण व्यवसायीहरुको सहभागिता हुनसक्ने गरी आधार निर्धारण गरेर खरीद गर्नुपर्दछ ।

७० **कार्य सम्पन्न**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **११,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७१ **फायर हाइड्रेन्ड तथा ड्राइ राइजरको नक्साङ्कन तथा परीक्षण**

महानगरपालिका र भटराइ बिल्डर्सविच भएको सम्झौता अनुसार काठमाडौँ महानगरपालिकाका वडा न-०३, ०६, ०७, ०९, १५, १६, १७ मा "Dry Riser Laying Works for Fire Fighting at KMC, Ward No-०३,०६,०७,०९,१५,१६,१७" कार्यको लागि २०८१/०२/३० मा कार्यदेश भएकोमा लागत अनुमान रु १४९९३२९३।४५ (भ्याट सहित) रहेकोमा रु ११६७५३३२।८९ ठेक्का सम्झौता भएकोमा भेरिएसनबाट केही परिमाण थप भई गो भौ नं १५७।२०८१।६।१६ बाट रु ७३२१६१२६, गो भौ नं ४४५।२०८१।८।९ बाट रु ४९३७२३३ र गो भौ नं ५९६।२०८१।९।१७ बाट रु २३५४६०। समेत रु १२४८४३०६। भुक्तानी भएको छ। उक्त "Fire Hydrant खरिद तथा पाइप लाईन विस्तार तथा जडान गरेको देखिन्छ । साथै वडास्तरमा समेत खरिद गरी यो बर्ष ३, ६, ७, ९, १३, १५,१६, १७, १८, २१, २५ र ३० मा फायर हाइड्रेन्ड तथा ड्राइ राइजर जडान गरेको देखिएको छ । जोडिएका फायर हाइड्रेन्डमा त्रुटी भएको अवस्थामा सुधार गर्न तथा गुणस्तरता सुनिश्चत गर्न आवधिकरुपमा सोको परीक्षण गर्नुपर्नेमा गरेको देखिएन । साथै वडा कार्यालयबाट यस प्रकृतिको खरिद गरी विभिन्न स्थानमा जडान गरेको देखिएकोमा सोको अभिलेख राखेको देखिएन । दमकल प्रवेश गर्न नसक्ने साँघुरा गल्लीहरूमा आगलागीको जोखिम कम गर्न फायर हाइडेन र ड्राइ राइजर जडान गरिएकोमा आगलागी जस्ता विपद्जन्य घटनामा यस्को प्रयोगको लागि जडित संरचनाको नक्साङ्कन गरी सर्वसाधरणलाई सूचित गर्नुपर्ने तथा यस्लाई चालू अवस्थामा राख्न आवधिक परीक्षणको व्यवस्था मिलाउनुपर्दछ ।

७२ **गैर सरकारी संस्थाबाट निर्माण कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ तथा नियमावलीको नियम ९९ अनुसार जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । उक्त व्यवस्था अनुसार गैर सरकारी संस्थाबाट निर्माण कार्य गराउन मिल्ने देखिदैन। लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा महानगरपालिकाले देहाय बमोजिम गैरसरकारी संस्थामार्फत विभिन्न निर्माण जन्य कार्य गराई रु१,२९,७७,२१५। भुक्तानी भएको पाइयो । फरक प्रयोजन तथा उददेश्य बमोजिम गठित एवं कर छुट प्राप्त गैर सरकारी संस्थाहरुले कार्यक्षेत्र भन्दा बाहिर गई कार्य गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रू

| क्र सं | गो.भौनं मिति | कार्य विवरण | गैर सरकारी संस्था | स्थायी लेखा नम्बर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १९३३।२०८२।३।२५ | चावहिल गणेश ढुँगेधारा निर्माण कार्य | ट्राफिक व्यवस्थापन वातावरण र विकास निर्माण समिति | ६२०८२६३५६ | ४८३३००३ | २०८०।१०।४ मा आयकर मा दर्ता देखिएको २०८०।८१ देखि आयकरमा नन्फाइलर रहेको |
| २ | १२०४-०८२/०२/७ | १७ वडा स्थित ढुगेधारा पुन निर्माण | रजक समुदाय विकास सङ्घ | ३०१९९९३९५ | २०३७२१२ | २०६२।८।५ मा दर्ता भएको |
| ३ | ५७३।२०८१।९।११ | ओम नगरसँगै पोखरी निर्माण | सिनामंगल युथ एलाइन्स | ३०४२३७३०६ | १९५२००० | २०६७।१।९ मा दर्ता |
| ४ | १२१४।२०८२।२।७ | ढुंगेधारा र पोखरी मर्मत | ॐ नगर पार्क निर्माण समिति | ६२०३२५८९५ | ३६७४००० | २०८०।५।५। मा दर्ता भई आयकरतर्फ २०८०।८१ र २०८१।८२ मा नन्फाइलर |
| ५ | १४२०-२०८२।३।५ | डि पी आर भएका योजना कार्यान्वयन | मनोहरा सम्पदा समाज नेपाल | ६०३७९२२४९ | ४८१००० | २०७२।९।२० मा दर्ता |
| | जम्मा | | | | १२९७७२१५ | |

| | |
|---|---|
| अनियमित भएको | १,२९,७७,२१५ |

### ७३ गैर सरकारी संस्थालाई अनुदान

पालिकाले गो.भौ. नं. १२ मिति २०८२।१।१० बाट रु. ६०,००,००० र गो.भौ. नं. २६ मिति २०८२।३।२४ बाट रु. ४०,००,००० गरी जम्मा रु. १,००,००,००० Alternative Foundation Nepal लाई भुक्तानी गरेको छ। संस्थाले मिति २०८१।५।१४ मा दिएको निवेदनमा नेपाल सरकारको आ.व. २०८१/०८२ को स्वीकृत बजेटअनुसार R&D Centre सञ्चालन, Brain Gain Centre सञ्चालन, डाटाबेस निर्माण तथा सुशासन सम्बन्धी राष्ट्रिय सूचक निर्माण लगायतका कार्यक्रम कार्यान्वयनका लागि उक्त अनुदान रकम निकासा माग गरेको देखिन्छ।यस सम्बन्धमा पालिका र संस्थाबीच मिति २०८२।१।९ मा डिजिटल पूर्वाधार निर्माणसम्बन्धी कार्य गर्न सम्झौता भएको र खर्च गर्दा सार्वजनिक खरिद नियमावली, २०७९, नेपाल सरकार कार्य सञ्चालन निर्देशिका, २०७७ तथा काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ लगायत प्रचलित कानूनको अधीनमा रही खर्च गर्नुपर्ने उल्लेख गरेको देखिन्छ।संस्थाले पेश गरेको आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन अनुसार प्राप्त रु. १ करोड रकम कार्यालय भाडा, विविध, संस्थागत विकास, सेमिनार/गोष्ठी, संस्था स्तरोन्नति, इ–लाइब्रेरी, अध्ययन अनुसन्धान, डिजिटल प्लेटफर्म निर्माण, कृत्रिम बौद्धिकता सम्बन्धी प्रकाशन तथा Brain Gain Centre सञ्चालन लगायतका शीर्षकमा खर्च गरेको देखिन्छ।

तर गैरसरकारी संस्थाको सञ्चालन तथा चालू प्रकृतिका खर्चका लागि सशर्त अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि सम्बन्धित मन्त्रालयबाट जारी भएको देखिएन। साथै संस्थाले निर्माण गर्ने भनिएको राष्ट्रिय सूचकको वैधता तथा आधिकारिकताका सम्बन्धमा मन्त्रालयसँग कुनै सम्झौता गरेको प्रमाण पेश गरेको छैन। सङ्घीय सरकारबाट हस्तान्तरित सशर्त पूँजीगत अनुदान रकम मन्त्रालयको स्पष्ट कार्यविधि तथा उपलब्धि/नतिजा सुनिश्चित गर्ने व्यवस्था वेगर महानगरपालिका मार्फत संस्थालाई निकासा दिई खर्च गरिएको देखिएकाले उक्त रु. १,००,००,००० खर्च नियमसम्मत देखिएन। यसरी दिइने निकासाबाट खर्च गरिने क्षेत्रबाट प्राप्त हुने उपलब्धिको पहुँच लगायतको विषयमा सम्झौता नगरेको, सङ्घीय कानूनमा यस सम्बन्धी कार्यविधि वेगर निकासा दिएको रकम नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००,००० |

### ७४ लागत सहभागिता शुन्य भएका योजना

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई

निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । साथै नियमावलीको नियम ९७ को उपनियम ३ न(क१) साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान समेत सम्झौतमा खुलाउनुपर्ने उल्लेख छ । संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलिमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन। उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको देखिन्छ । उपभोक्ता समितिको शून्य लागत सहभागिताका आयोजनाहरु सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेका छन् ।

| सि. नं . | उपभोक्ता समिति | आयोजनाको नाम | पालिकाको योगदान | समितिको योगदान |
|---|---|---|---|---|
| १ | स्वयम्भु किम्डोल तामाङ्ग सेवा पेल्मा समाज | किमाडोल स्थित पेल्मा तामाङ्ग समाजको देवी स्थान भवन निर्माण | ७७४५७७५ | ० |
| २ | येमी ग्वयती दिगि द्वोः पुन निर्माण उपभोक्ता समिति का म पा ७ | येमी ग्वयती दिगि द्वोः फाल्चा पूनः निर्माण का म पा ७ | ७७१३९९८ | ० |
| ३ | नित्यनाथ मन्दिर भवन निर्माण उपभोक्ता समिति का म पा १७ | नासः द्योः छेँ पनुः निर्माण कार्य का म पा १७ | ७७११६५४ | ० |
| ४ | अन्नपूर्ण द्यः छे पुनर्निर्माण उपभोक्ता समिति का म पा २७ | भोटाहिटि स्थित अन्नपूर्ण द्यः छे पुनर्निर्माण कार्य | ७६१५६६७ | ० |
| ५ | फल्चा निर्माण उपभोक्ता समिति का म पा १० | का म पा १० स्थित नयाँबानेश्वर चोकमा २ वटा फल्चा निर्माण | ७६०७६१७ | ० |
| ६ | पुरातात्विक हिटी संरक्षण उपभोक्ता समिति वडा नं २० | लुः हिटी श्रोत तथा निकाशा कार्य का म पा २० | ७४८२७७१ | ० |
| ७ | गंगा हिटी गणेश हिटी पुनः निर्माण तथा संरक्षण उपभोक्ता समिति का म पा ७ | गंगा हिटी गणेश हिटी मर्मत का म पा ७ | ७४५२०६१ | |
| ८ | धौःवंगाल कुवा तथा ढुंगेधारा संरक्षण उपभोक्ता समिति, का म पा ३ | धौःवंगाल हिटी आयोजना कार्यान्वयन | ७३७७९४१ | ० |
| ९ | कंग अजिमा तः गुथी छें नर्माण उपभोक्ता समिति का म पा १९ | कंग अजिमा तः गुठी पुनःनिर्माण | ७२६२०७९ | ० |
| १० | श्री ढुङ्गेधारा संरक्षण उपभोक्ता समिती | वडा नं.३ रानीबारीको ढुङ्गेधारा निर्माण | ६९७८४११ | |
| ११ | आनन्द भैरव टोल सुधार उपभोक्ता समिति, ज्ञानेश्वर - ३० | पारसनाथ आनन्द भैरब मन्दिर जिर्णोद्धार | ६३९८६५० | ० |

## ७५ काठमाडौँ महानगरपालिका ( शिक्षा विभाग )

७५.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। शिक्षा विभाग तर्फ यो वर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २२७००७९००० | १३२७७८६५६९ | ५८.४९ |
| पुंजीगत | ७८४३४७००० | २२४४७१४९ | २.८६ |
| जम्मा | ३०५४४२६००० | १३५०२३३७१८ | ४४.२ |

यो वर्ष शिक्षा विभाग अन्तर्गत रु ३ अर्व ५ करोड ४४ लाख २६ हजार विनियोजन गरेकोमा रु.१ अर्व ३५ करोड २ लाख ३३ हजार अर्थात ४४.२ प्रतिशतमात्र खर्च गरेको छ। पालिका अन्तरगत सामुदायिक ८७, संस्थागत ५४७ समेत ६३४ विद्यालय रहेका र सामुदायिक विद्यालयमा ६१६३० र संस्थागततर्फ २२२०८३ विद्यार्थी अध्ययनरत रहेको एवं सामुदायिक विद्यालयतर्फ १७१९ शिक्षक दरबन्दी रहेकोमा १६२६ कार्यरत रहेको देखिन्छ ।यो यो वर्ष सम्पादित प्रमुख क्रियाकलापहरुमा कक्षा ११/१२ मा ३८०१ जना विद्यार्थीहरु संस्थागत विद्यालयको छात्रवृत्तिका लागि मनोनयन भएको, २३२२९ जना विद्यार्थी Book Free Friday कार्यक्रमबाट लाभान्वित भएका, ECD देखि कक्षा ५ सम्म १८१९० र कक्षा ६ देखि १० सम्म २२३२२ जना गरी जम्मा ४०५१२ जना विद्यार्थीले दिवा खाजा नियमित रुपमा प्राप्त गरेको देखिन्छ ।सीप कार्यक्रम अन्तर्गत ल्याव निर्माणको लागी विद्यालयलाई अनुदान कार्यक्रमको रु १० करोड तथा विद्यालय पूर्वाधार विकास कार्यक्रमको रु २७ करोड ६० लाख विनियोजन तथा विद्यालय निर्माणको लागि गुरुयोजना तयारी को लागि विनियोजित रु.१ करोड ६० लाख विनियोजन गरेकोमा सो कार्यक्रम सञ्चालन गरेको छैन।साथै शिक्षाका क्रमागत योजनाको लागि रु २१ करोड ५२ लाख ५३ हजार विनियोजन गरेकोमा रु.२ करोड ७ लाख ५७ हजार बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने कार्यसम्पादन करार गर्ने प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

७५.२ **शिक्षक विद्यार्थी अनुपात-** शिक्षा तथा मानव विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधी २०८१।८२ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। महानगरबाट प्राप्त विवरण अनुसार यो वर्ष समग्र महानगर अन्तर्गतका ८० सामुदायीक विद्यालयमा १५८२ जना शिक्षक र ३७९६० जना विद्यार्थी रहेकोमा समग्रमा औषत शिक्षक विद्यार्थी अनुपात १:२४ रहेको छ ।महानगरभित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ४५ भन्दा माथि हुने विद्यालय ३ वटा मात्र रहेका छन्।शिक्षक विद्यार्थी अनुपात २० भन्दा कम हुने २२ विद्यालयहरु निम्नानुसार रहेका छन्।

| क्र.स. | विद्यालयकोनाम | वडा नं | जम्माशिक्षक | जम्माविद्यार्थी | शिक्षकविद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | बालापिठ आ.वि. | ९ | २ | १८ | १:६ |
| २ | सुस्थामनस्थिति परिवारिक सल्लाह केन्द्र | ९ | ४ | ३१ | १:८ |
| ३ | रुद्रमतीआ. वि. | १० | ७ | ३८ | १:११ |
| ४ | केन्द्रीयबहिरा मा. वि. | १ | २१ | ३०२ | १:१४ |
| ५ | नेपाल युवकमा. वि. | १६ | २३ | ४२९ | १:१४ |
| ६ | परोपकारआदर्श मा. वि. | २० | २५ | ४१२ | १:१४ |
| ७ | नन्दीरात्रि मा. वि. | १ | १३ | १९८ | १:१५ |
| ८ | निर्मल बालविकास आ. वि. | ३१ | ६ | ९० | १:१५ |
| ९ | नवयुग मा.वि. | २१ | १७ | १८८ | १:१५ |
| १० | कुलेश्वरमा. वि. | १४ | १३ | ६४३ | १:१५ |
| ११ | जनसुधर आ.वि. | १५ | ९ | १३५ | १:१५ |
| १२ | पशुपतिमित्र मा. वि. | ७ | ४४ | १०२१ | १:१७ |
| १३ | मंगलादेवीमा.वि. | ९ | १९ | २८५ | १:१७ |
| १४ | बिद्योदयआ. वि. | २३ | १२ | ११३ | १:१७ |
| १५ | गुहेश्वरीबाल शिक्षा मा. वि. | ११ | १९ | २०० | १:१८ |
| १६ | जुद्धोदयमा. वि. | १६ | २० | ४९९ | १:१७ |
| १७ | कमल आ. वि. | १ | ११ | १५० | १:१९ |
| १८ | पञ्चकन्याआ. वि. | ४ | १४ | २४१ | १:१९ |
| १९ | विश्वनिकेतन मा.वि. | ११ | ६० | ४०९७ | १:१९ |
| २० | प्रभात मा.वि. | २५ | २३ | २७४ | १:१९ |
| २१ | लोकहित आ.वि. | २६ | १२ | ८७ | १:१९ |
| २२ | महांकालमा.वि. | २७ | १६ | २०८ | १:१९ |

उल्लिखित विवरण अनुसार महानगरपालिकामा २२ विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:२० भन्दा कम देखिन्छ। सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वियन कार्यविधि,२०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गर्नुपर्दछ।

७५.३ **दरबन्दी र पदपुर्तीको अवस्था-** आर्थिक वर्ष २०८१।८२ मा महानगर भित्रका ८० सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ।

| विद्यालयको तह | स्वीकृत दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत / करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| प्राथामिक तह (१-५) | ७७७ | ६२९ | ७४ | ७४ |
| निम्नमाध्यामिक तह (६-८) | ४६८ | ३५६ | ९६ | १६ |
| माध्यामिक तह (९-१०) | ४३० | ३४६ | ८१ | ३ |
| माध्यामिक तह (११-१२) | ४४ | ० | ४४ | ० |
| जम्मा | १७१९ | १३३१ | २९५ | ९३ |

उल्लेखित विवरण अनुसार महानगरमा जम्मा १७१९ स्वीकृत दरबन्दी रहेकोमा १३३१ स्थायी पदपूर्ति र २९५ राहत/करारमा नियुक्त गरी जम्मा १६२६ पदपूर्ती गरेको देखिन्छ र ९३ पद रिक्त रहेका छन।

७५.४ **एस.ई.ई परीक्षा नतिजा-** शैक्षिक सत्र २०८१ मा यस महानगरपालिका अन्तर्गतका ५८ सामुदायिक माध्यमिक विद्यालयका जम्मा ४०८५ विद्यार्थी एस.ई.ई परीक्षामा सहभागी भएकोमा कुल सहभागीको ३१०९ जना अर्थात् ७६.११ प्रतिशत उत्तीर्ण रहेको देखिन्छ। नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था निम्न बमोजिम रहेको देखिन्छ।

| क्र म | योग्यता सिमा | विद्यार्थी संख्या |
|---|---|---|
| १ | ४ जिपीए ल्याउने विद्यार्थी | १७ |
| २ | ३.६ देखी ४ जीपीए भन्दा कम ल्याउने विद्यार्थी | ७७४ |
| ३ | ३.२ देखी ३.६जीपीए ल्याउने विद्यार्थी | ११५६ |
| ४ | २.८ देखी ३.२ जीपीए ल्याउने विद्यार्थी | ९०२ |
| ५ | २.४ देखी २.८ जीपीए ल्याउने विद्यार्थी | २४६ |
| ६ | २ देखी २.४ जीपीए ल्याउने विद्यार्थी | १४ |
| ७ | नन् ग्रेडिङ विद्यार्थी संख्या | ९७६ |
| | जम्मा | ४०८५ |

कुल सहभागी ४०८५ विद्यार्थीमध्ये नन ग्रेडिङ हुने ९७६ अर्थात २३.८९ प्रतिशत रहेको देखिँदा थप सुधार गर्नुपर्ने देखिन्छ ।

७५.५ **संस्थागत विद्यालयको शुल्क निर्धारण र अनुगमन-** महानगरको शिक्षा ऐन, २०७५ मा तोकिए बमोजिम संस्थागत विद्यालयले शुल्क निर्धारण गर्ने तथा सो बमोजिम शुल्क निर्धारण गरे नगरेको महानगरले अनुगमन गर्ने व्यवस्था छ।महानगरले संस्थागत विद्यालयले लिनुपर्ने र लिएको शिक्षण शुल्कबारे अनुगमन गरेको देखिएन।संस्थागत विद्यालयले स्वीकृत शुल्कको कार्यान्वयन गरे नगरेको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

७५.६ **बढी ग्रेड भुक्तानी-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१२,६२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१२,६२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१२,६२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१५,८७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **३,५१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५.७ **वालविकास सहजकताको तलव निकसा-** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/ ८२ तथा प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्यूनतम २५ जनासम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ।महानगर अन्तर्गत सञ्चालित धार्मिक मदरसा खदिजुत कुबरा २८ मा महानगरले २ वालविकास सहजकर्ताको लागि मासिक रु २१०००। का दरले चैतसम्म तलव खर्च लखेको छ।EMIS प्रतिवेदन,२०८१ अनुसार उक्त मदरसामा विद्यार्थी संख्या शुन्य रहेको देखिन्छ । विद्यार्थी नै नरहेको अवस्थामा वाल विकास सहजकर्ताको तलब भत्ता निकासा दिन मिल्ने देखिँदैन । तसर्थ कार्यविधी विपरीत निकासा दिएको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,४०,००० |

७५.८ (२३७-2082-03-20):

**छात्रवृत्ति अनुदान -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५.९ **प्रति विद्यार्थी लागतमा बढी निकासा-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२९,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५.१० **निशुल्क पाठ्यपुस्तक-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४८,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५.११(२६२-2082-03-24):

**गुरुयोजना अनुसार कार्यसम्पन्न-** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको उपक्रियाकलाप नं ९.५ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनको लागि नमुना विद्यालयको रूपमा छनोट भई शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय सञ्चालन गरिरहेका र यस केन्द्रबाट पहिलो चरणमा विज्ञान विषयका लागि छनोट भएका विद्यालयका लागि विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रु ३० लाख १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय रु ४५ लाख र २५०० भन्दा बढी विद्यार्थी भए प्रति विद्यालय रु ६० लाख अनुदान उपलब्ध गराउने व्यवस्था छ। महानगरपालिकाले विश्व निकेतन माध्यमिक विद्यालयलाई विज्ञान विषयको प्रवर्द्धनका लागि विज्ञान विषय विकास योजना अन्तर्गत आ.व २०८१।०८२ को लागि विज्ञान प्रयोगशाला निर्माण तथा स्तरोन्नती विज्ञान शिक्षकहरुलाई तालिम विद्यालयमा विज्ञान क्लवको गठन सञ्चालन, विज्ञान विषयमा छात्रवृत्तिको व्यवस्था, विज्ञान पुस्तकालय व्यवस्थापन, विद्यालयमा विज्ञान विषय शिक्षक व्यस्थापन जस्ता कार्य सम्पन्न गर्ने कार्यका लागी रु.६००००००।– अनुदान निकासा गरेको छ।विद्यालयले लेखापरीक्षणको अवधीसम्म विज्ञान प्रयोगशाला निर्माण तथा स्तरोन्नति वापत रु. ८१०५४३।– विज्ञान सामाग्रीको खरिद तथा व्यस्थापन वापत रु.३८०२४५।– विद्यालयमा विज्ञान विषयमा छात्रवृत्तिको व्यवस्थापन वापत रु.६८८२५०।- तथा विद्यालयमा विज्ञान विषय शिक्षक व्यवस्थापन वापत रु.२००००००।– गरी जम्मा रु. ३८७९०३८ खर्च गरी सो खर्च विवरण पेश गरेको छ । बाँकी रकम रु. २१२०९५६। को सम्बन्धित कार्यमा खर्च भएको प्रमाण लेखापरीक्षणमा पेश गरेको छैन । विद्यालय तथा महानगरपालिकाबीच भएको सम्झौताका शर्तमा उल्लेख भए बमोजिमको खर्चको विल भरपाई, सामाजिक परीक्षण तथा लेखापरीक्षण सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,२०,९५६ |

७५.१२ **स्यानेटरी प्याड खरिद**-कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं.२.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ।स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को बूँदा नं ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ।यस वर्ष ८७ विद्यालयका सत्यापित १७६८९ छात्रालाई महानगरले वजार दरलाई आधारमानी प्रति प्याड रु.६७ का दरले जम्मा रु.११८५१६३०।- विद्यालयलाई निकासा दिएको छ। स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को बुँदा नं ६(४) अनुसार एक छात्रालाई एक महिनावारी चक्रमा बढिमा १६ वटा प्याड (२ प्याकेट) उपलब्ध गराउने व्यवस्था छ।नमूनाको रुपमा केहि विद्यालयको स्यानेटरी प्याड प्रगति प्रतिवेदन रुजु गर्दा अधिकाँश विद्यालयकोले खरिद गरेका स्यानेटरी प्याडको जिन्सी दाखिला नरहेको जिन्सी मौज्दातको विवरण पेश नगरेको पाईयो।विद्यालयले यसरी खरिद गरेका स्यानिटरी प्याड स्पेशिफिकेशन अनुसार भएको सम्बन्धमा जाँच गर्ने तथा विद्यालयमा रहेका प्याडको बर्षान्तको मौज्दातको अवस्था विश्लेषण गरी खरिद गर्नुपर्दछ।

७५.१३ **निकासा फिर्ता-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१०,४१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५.१४ **कार्यक्रम अनुगमन-** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१/८२ अनुसार विद्यालयलाई उपलब्ध गराउने सम्पूर्ण अनुदानको सोहि प्रयोजनको सुनिश्चितताको लागि स्थानीयतहले अनुगमन गर्नुपर्ने उल्लेख छ।महानगरबाट २०८१।०८२ मा संघीय प्रदेश र आन्तरिक स्रोत गरी शिक्षामा जम्मा खर्च रु.१ अर्व ३५ करोड २ लाख ३३ हजार रहेको देखिन्छ।महानगरको शिक्षामा नियमित प्रकृतिका कार्यक्रम र २०८१।०८२ मा लागु गरेको स्वर्णिम तथा गौरबका योजनाहरु समेत गरी कुल खर्चको करिब ११ प्रतिशत खर्च शिक्षा क्षेत्रमा रहेको छ। महानगरबाट अनुदान उपलब्ध गराइएका शिक्षामा सिप कार्यान्वयनका लागि पुस्तक रहित शुक्रवार सिर्जनशील शिक्षा र वाल सञ्जाल गठन तथा सशक्तिकरण कार्याक्रम, विद्यार्थीको नतिजा सुधार कार्यक्रम, सुन्दर विद्यालय कार्यक्रम, टिचर कलेज कार्यक्रम लगायतका कार्यक्रममा जुन प्रयोजनको लागि उपलब्ध गराईएको हो सो अनुसार खर्च भए नभएको

सम्बन्धमा महानगरले अनुगमन गरी प्रतिवेदन नगरेको र विद्यालयले समेत प्रगती प्रतिवेदन पेश नगरेकोले अनुदानको उपयोग सम्बन्धमा यकिन हुन सकेन।अनुदानको सोही प्रयोग र शिक्षाको गुणस्तरलाई थप सुधार गर्न देहायका प्रमुख अनुदान कार्यक्रमको महानगरले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

| **क्र.स** | **कार्यक्रम** | **प्रयोजन** | **विद्यालय सङ्ख्या** | **रकम** |
|---|---|---|---|---|
| १ | Book free Friday | नियमित रुपमा अतिरिक्त क्रियाकलाप | ८० | २६१००५४३ |
| २ | नतिजा सुधार कार्यक्रम | प्रतिफल तथा उपल्ब्धी | ५६ | २२०८२०० |
| ३ | सुन्दर विद्यालय कार्यक्रम | २०८१ को वार्षिक बजेट तथा कार्यक्रम | ८३ | ४०१२६००० |
| ४ | स्यानिटरी प्याड | गुणस्तरीय खरिद | ८७ | ११८५१६३० |
| ५ | दिवा खाजा (संघीय र आन्तरिक थप) | तोकेको परिणाम र गुणस्तर | ८३ | १६७८९३६९८ |
| ६ | परम्परागत वैकल्पिक धार्मिक विद्यालय अनुदान | विद्यार्थीको अवस्था र शिक्षाको गुणस्तर | ३१ | ३९१६२००० |
| ७ | निशुल्क पाठ्यपुस्तक अनुदान | समयमै उपलब्ध गर्नुपर्ने | ८३ | ११०१८००० |
| ८ | रचनात्मक विद्यालय कार्यक्रम अनुदान | खेलकुद कार्यक्रमको उपल्ब्धी | १९ | २७८३५०० |
| | जम्मा | | | ३०११४३५७१ |

७५.१५ (२५७-2082-03-23):

**शोधभर्ना**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७५.१६ **सुझाउ कार्यान्वयन-** लेखापरीक्षणको क्रममा विद्यालयवाट प्राप्त भएका विद्यालयको लेखापरीक्षणको प्रतिवेदन अध्ययन गर्दा देहायको बेहोरा उल्लेख गरेको छ । अधिकांश विद्यालयमा स्थायी लेखानम्वर नभएका तथा नलिएका शिक्षक तथा कर्मचारीलाई तलब भुक्तानी गरेको शिक्षकहरुको पारिश्रमिक भुक्तानीको सन्दर्भमा कट्टी गर्नुपर्ने सामाजिक सुरक्षा कर तथा परिश्रमिक कर भुक्तानी भएको समयमै कट्टी गरी दाखिला गर्नुपर्नेमा वर्षको अन्तमा हिसाव गरी रकम राजश्व खातामा जम्मा गरेको, विद्यालयले नियमितरुपमा प्रयोगमा ल्याएका फर्निचर तथा शैक्षिक उपकरणहरुको कोडिङ्ग तथा संङ्केतको आधारमा अभिलेखाङ्कन गरी जिन्सी सामग्री तथा सम्पत्ती अद्यावधिक नगरेको, जिन्सी निरीक्षण गरी सो को प्रतिवेदन नगरेको, विद्यालयको नाममा रहेका खर्च भएर जाने तथा खर्च भएर नजाने चल/ अचल सम्पति तथा हस्तान्तरण भई आएका तथा जुनसुकै तरिका वाट प्राप्त भएका जिन्सी सम्पतिको मुल्य समेत खुलाई म.ले प फा नं ४०८ र ४०७ मा अध्यावधिक गर्नुपर्नेमा नगरेको भनि सुझाव दिएकोमा उक्त सुझाव कार्यान्वयन गर्नुपर्दछ।

७५.१७(४६९५-2082-02-08):

**सुन्दर विद्यालय कार्यक्रम**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बील भरपाई प्रमाण कागजात संलग्न हुनुपर्दछ। महानगरको बार्षिक स्वीकृत बजेट कार्यक्रमको वुदाँ नं १४ मा महानगरको स्वर्णिम योजन अन्तर्गत सुन्दर विद्यालय कार्यक्रमको लागि त्यौड माध्यमिक विद्यालयका ३८४ विद्यार्थीलाई रु.४४६०००। निकासा भएकोमा विद्यालयबाट पेश गरकेको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.२७३३६३। खर्च भएको देखिएकोले बाँकी रकम रु.१७२६३७।सम्वन्धित विद्यालयवाट असुल गरी स्थानीय संञ्चितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७२,६३७ |

७६ **काठमाडौ महानगर (सहकारी विभाग)**

७६.१ **बजेट तथा खर्च**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिककारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। सहकारी विभागतर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २५००००००० | ३९८३३४८ | १५.९३ |
| पूँजीगत | ६५००००० | १८५९७०८ | २८.६१ |
| जम्म | ३१५००००० | ५८४३०५६ | १८.५५ |

यो बर्ष सहकारी विभाग अन्तर्गत रु ३ करोड १५ लाख विनियोजन गरेकोमा रु ५८ लाख ४३ हजार अर्थात १८.५५ प्रतिशतमात्र खर्च गरेको छ । मेट्रोमार्ट प्रणालीको लागि विनियोजित रु ४५ लाख तथा मेट्रोमार्ट प्रणालीको स्तरोन्नति तथा एप निर्माणको लागि रु ५ लाख विनियोजन गरेकोमा खर्च नभएको, समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यक्रममा विनियोजित रु ५० लाख एवं निष्क्रिय सहकारी व्यवस्थापनको लागि रु ७० लाख विनियोजन गरेकोमा सो कार्यक्रम सञ्चालन गरेको छैन । बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

७६.२ **सहकारी नियमन**-सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १९१२ वटा सहकारी संस्था रहेका छन जस्मध्ये ७६४ सहकारीले विवरण अद्यावधिक गरेकोमा ११४८ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन।

७६.३ **सहकारी संस्थाको विवरण**- महानगरपालिकाबाट प्राप्त विवरण अनुसार महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ।आर्थिक वर्ष २०८०।८१ सम्म जम्मा १९१२ सहकारी संस्थाको विवरण प्राप्त भएको छ।१९१२ वटा सहकारी संस्थामा १८९५६६ जना शेयर सदस्य रहेका छन् भने उक्त सहकारी संस्थाहरुको शेयर पूँजी रु. ७ अर्ब २४ करोड ५० लाख ७२ हजार, वचत रु.५४ अर्ब २२ करोड ३९ लाख ९७ हजार र ऋण लगानी रु.४२ अर्ब ५ करोड ५७ लाख ८ हजार रहेको छ।

| सि नं | कार्यप्रकृति | संस्था संख्या जम्मा | संचालक संख्या जम्मा | सदस्य संख्या जम्मा | कर्मचारी संख्या जम्मा | शेयर पूजी | निक्षेप | लगानी/ ऋण |
|---|---|---|---|---|---|---|---|---|
| १ | बचत/ ऋण | १५७८ | ११५४४ | १३६२६७ | ५९६३ | ५८८७६५९४७४ | ४५३३२६५९४४९ | ३३८०११००८७२ |
| २ | बहुउद्देश्य | २८६ | २१८० | ४५०७४ | १६४५ | १२११७८१६७३ | ८६३९९५३२४५ | ८०४५१५९८९२ |
| ३ | कृषि | १४ | १३६ | ११८७ | ३२ | ५२२३१७८ | ४८८९११५ | २३१४३६४ |
| ४ | उपभोक्ता | १४ | १३६ | २६७८ | २८ | २५४२७५०५ | १२५८७१९० | १४६३५६९८ |
| ५ | स्वास्थ्य | ५ | ३५ | ७५९ | ९४ | ४५९०२३७१ | | |
| ६ | सीपमूलक | ३ | ४२ | १०२ | ८ | १९३६७९ | ९६८३९६ | ८७३१५४ |
| ७ | शिक्षा | २ | १८ | ७७ | ४ | २१७८३६५ | १०८९२५७४ | ८७१४३५३ |
| ८ | संचार | १ | ९ | ३० | २ | ११७९२४१ | | |
| ९ | श्रमिक | २ | १४ | ८१ | ६ | ३९३७५० | | |
| १० | पर्यटन | १ | ७ | २५८ | | १०८७५०१८ | ५४३७५०९० | ४३५०००७२ |
| ११ | साझा | १ | ७ | ४२८ | ६० | २९२७६९४० | १४६३८४७०० | ११७१०७७६० |
| १२ | चिया | १ | ७ | ३२ | ३ | २६२५००० | | |
| १३ | अन्य | ४ | ३० | २५९३ | २९ | २२३५६२३३ | २१२६९३२५ | २२३०२६६६ |
| जम्मा | | | १४१६५ | १८९५६६ | ७८७४ | ७२४५०७२४२७ | ५४२२३९७९०८४ | ४२०५५७०८८३१ |

७६.४ **समस्याग्रत घोषित सहकारी संस्था** - काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को दफा ७७ अनुसार सहकारी संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने र दफा ७८ मा व्यवस्थापन समितिको गठन सम्बन्धी कानूनी व्यवस्था छ । काठमाडौ महानगरपालिका सहकारी नियमावली,२०८० को नियम को नियम ५५ मा व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा सङ्को सम्पत्ती व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य सम्पन्न गरेको एक महिनाभित्र सदस्यको बचत रकम फिर्ता, भुक्तानी भएको दायित्व, बाँकी रहेको सम्पत्ती तथा दायित्व सम्बन्धी विस्तृत विवरण, लगायतको विवरण खुलाई प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश गर्नुपर्ने उल्लेख छ ।पालिकामा संचालनमा रहेका सहकारी संस्थामा ऋण असूली गर्न, वचत फिर्ता गर्न र ऋण लगानी गर्न नसकेको अवस्थामा कार्यपालिकाको निर्णयानुसार देहायका सहकारी संस्थाहरु समस्याग्रस्त घोषणा गरेको छ।

| सहकारी संस्थाको नाम | अध्यक्षको नाम | सदस्य संख्या | शेयर पूँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष रु. |
|---|---|---|---|---|---|---|
| युनाइटेड सिटिजन्स बहुउद्देश्यीय सहकारी संस्था लि. | प्रविण कुमार शर्मा | ४२२ | ८३,८८,२०० | ८,५१,२३,५१२।५६ | ८,२०,२५,१०७।२६ | २८,८९,१५७।९५ |
| हिरे बहुउद्देश्यीय सहकारी संस्था लि. | सन्तेष तामाङ | १९३ | | - | - | - |
| **जम्मा** | | **६१५** | **८३९०७००** | **८,५१,२३,५१२।५६** | **८,२०,२५,१०७।२६** | **२८,८९,१५७।९५** |

उपरोक्त विवरण अनुसार युनाइटेड सिटिजन्स बहुउद्देश्यीय सहकारी संस्था लि. मा ४२२ जना शेयर सदस्यहरुको शेयर पूँजी रु. ८३ लाख ८८ हजार, बचत रु. ८ करोड ५१ लाख २३ हजार, ऋण लगानी रु. ८ करोड २० लाख २५ हजार र जगेडा कोष रु.२८ लाख ८९ हजार रहेको देखिन्छ । त्यस्तै हिरे बहुउद्देश्यीय सहकारी संस्था लि. मा १९३ जना शेयर सदस्यहरु रहेकोमा सोको अन्य विवरण उल्लेख गरेको छैन। नियमावली अनुरुप समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ती व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धमा प्रतिवेदन पेश गरी सदस्यको बचत रकम फिर्ता, भुक्तानी भएको दायित्व, बाँकी रहेको सम्पत्ती तथा दायित्व सम्बन्धी विस्तृत विवरण, लगायतको विवरण खुलाई प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश गरी कारवाही अगाडी बढाएको पाइएन।

७६.५ **सहकारी संस्थाको अनुगमन**- काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को परिच्छेद १६ अन्तर्गत पालिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था उल्लेख छ ।त्यस्तै गरी काठमाडौ महानगरपालिका सहकारी नियमावली,२०८० को नियम ४० मा महानगरपालिकाले सूचक बनाई सहकारी संस्थाको आवधिक तथा आकस्मिति अनुगमन गर्ने सक्ने उल्लेख छ । पालिकामा १९१२ सहकारी संचालनमा रहेकोमा सहकारीमध्ये टि कार्की एण्ड एसोसियटमार्फत गो भौ नं ६३८४। २०८२।३।२४ मा रु४८८७२५।पालिकाभित्रका ४० सहकारीको अनुगमन गरी प्रतिवेदन पेश गरेको छ । उक्त अनुमन प्रतिवेदन अनुसार संस्थाको शेयर पूँजीभन्दा सञ्चित नोक्सानी बढी भएको , गैर नेपाली नागरिकसँग कारोबार गर्ने गरेको , सदस्य बनेको ३ महिना नपुग्दै ऋण लगानी गरेको, संस्थाले अधिकाँश कर्जा बिना धितो लगानी गर्ने गरेको, ऋणमा लाग्ने ब्याजलाई मूलधनमा पूँजीकृत नगरेको, बचतको अधिकतम र ऋणको अधिकतम ब्याजदरबीचको अन्तर ६ प्रतिशतसम्म हुनुपर्नेमा १३ प्रतिशतसम्म रहेको, प्रदेश सहकारी ऐनको दफा ४६ को उपदफा ३ अनुसार कर्जा लगानीको हकमा १ प्रतिशत तथा नवीकरण गर्द बढीमा ०.२५ प्रतिशत सेवा शुल्क लिन मिल्नेमा कर्जा लगानी तथा नवीकरणको बखत नियम विपरीत २ प्रतिशतसम्म सेवा शुल्क लिएको,जस्ता आर्थिक कारोबारको सम्बन्धमा बेहोरा औंल्याएको छ । सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी सहकारी संस्थालाई जारी गरिएको निर्देशन २०७४ को निर्देशन पालना नभएको, एकीकृत व्यवस्थापन सूचना प्रणाली कोपोमिसमा पठाउनुपर्ने विवरण नियमित नपठाएको, लेखापरीक्षण नियमितरुपमा नभएको जस्ता विधिसम्मत सुधारको पहल गरेको देखिएन ।अन्य कैफियतहरुमा संस्थाले बचत संकलन गर्दा सदस्य नबनाई गैर सदस्यसँग बचत सङ्कलन तथा कर्जा लगानी गर्ने गरेको, संस्थाले संचालक समितिको सदस्यहरुलाई कर्जा लगानी गर्दा संचालक समितिबाट कुनै निर्णय नगरी कर्जा प्रवाह गरेको, संस्थाले कर्जा नवीकरण गर्दा कर्जा उपसमिति तथा संचालक समितिबाट कुनै निर्णय नगरी कर्जा नवीकरण गरेको,संस्थाको संचालक समितिको पदाधिकारी साथै लेखा समिति तथा ऋण उपसमितिका सम्पूर्ण पदाधिकारीहरुलाई दिने गरिएको बैठक भत्ता र अन्य सुविधाहरु साधारण सभाबाट स्वीकृत नभएको, संस्थाको संचालक समितिको पदाधिकारीहरुको संख्यामा ३३% महिलाको संलग्नता नभएको उल्लेख छ । पालिकाले सहकारी संस्था १९१२ को तुलनामा २.०९ प्रतिशत मात्र अनुगमन गरेको देखिन्छ। देखिएका कैफियत सुधारको लागि पालिकाले उक्त ४० सहकारीमध्ये १५ सहकारीलाई निर्देशनात्मक पत्राचार मात्र गरेको देखिन्छ । अनुगमनको दायरा बढाउने एवं सहकारी संस्थाले सुरक्षण, वित्तीय संरचना , सम्पत्तीको स्तर, तरलता, लगानीको क्षेत्र लगायतमा सहकारी विभागले तोकेको मानकहरुको पालनाको नियमित अनुगमन गर्नुपर्ने तथा सोको पालना नगर्ने संस्था उपर कानून बमोजिम कारवाही गर्नुपर्दछ।

७६.६ **गुनासो तथा उजुरी**- काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को दफा ८५ अनुसार कसैले दफा ७९ बमोजिमको कसुर गरेको अवस्थामा ऐन बमोजिम अनुसन्धान गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यवस्था छ।महानगरपालिकासमक्ष को १३७ वटा सहकारी संस्थाहरु उपर ६३९० जना बचतकर्तले रु ४ अर्ब ७७ करोड २ लाख १७ हजार ८४०। बराबरको बचत फिर्ता दिलाईदिन भनी उजुरी तथा गुनासो गरेको देखिन्छ।पालिकाले प्राप्त उजुरीमध्ये ८ सहकारीको सि आइ बि तथा अन्य नेपाल प्रहरीका विभिन्न इकाइहरुमा कारवाहीको लागि पत्राचार गरेको देखिन्छ । पालिकाले प्राप्त उजुरी उपर विस्तृतमा छानवीन गरी समस्या समाधानको लागि पहल गर्नुपर्छ।

## ७७ काठमाडौँ महानगरपालिका (स्वास्थ्य विभाग)

७७.१

**बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ।स्वास्थ्य विभाग तर्फ यो वर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | ६०७६६९३०० | ४११९२१२३५.९० | ६७.७८ |
| पुँजीगत | २९७४८८००० | १३९०००६६२.८७ | ४६.७२ |
| जम्मा | ९०५१५७३०० | ५५०९२१८९८.७७ | ६०.८६ |

यो वर्ष स्वास्थ्य विभाग अन्तर्गत रु.९० करोड ५१ लाख ५७ हजार विनियोजन गरेकोमा रु.५५ करोड ९ लाख २१ हजार अर्थात ६०.८६ प्रतिशतमात्र खर्च गरेको छ। यो वर्ष सम्पादित प्रमुख क्रियाकलापहरुमा नसर्ने स्क्रिनिङ महाअभियान ३२ वटै वडामा ८ पटकमा २५६ स्थानबाट २६०१९ जनाको स्क्रिनिङ भएको, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरुबाट ल्याव, फिजियो थेरापी र जनरल ओपिडी सेवा बाट १९४१९३ सेवा प्रदान गरिएको, किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर (HPV) खोप सञ्चालन गरि ३९२१३ जना किशोरीहरुमा खोप उपलब्ध गराएको, विर अस्पतालसँगको सहकार्यमा स्तन तथा पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ कार्यक्रम सञ्चालन गरि २५६४ महिलाहरको पाठेघर र स्तन क्यान्सर परिक्षण गरिएको, काठमाडौं उपत्यका भित्र २४ घण्टा निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरी १० वटा एम्बुलेन्सबाट ११६०८ जना लाभान्वित भएको देखिन्छ। प्रयोगशालाको उपकरण खरिदको लागि रु १ करोड, सेन्ट्रल ल्याब स्थापनाको लागि रु २ करोड विनियोजन गरेकोमा रु ९ लाख १ हजार मात्र खर्च गरेको तथा सुलभ फार्मेसी संचालनको लागि रु १ करोड विनियोजन भएकोमा रु ९ लाख ९० हजार खर्च भएको छ। बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने कार्यसम्पादन करार गर्ने प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

७७.२ **महानगर एकिकृत एम्बुलेन्स सेवा**-काठमाडौ महानगरपालिका जनस्वास्थ्य सेवा ऐन २०८० को दफा ३९(१) मा महानगरपालिकाले आफ्नै स्रोत र अन्य संस्थाहरुको सहकार्यमा प्रचलित मापदण्ड बमोजिम एम्बुलेन्स सेवा संञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। काठमाडौँ महानगरपालिकाले नेपाल एम्बुलेन्स सेवासँग सम्झौता गरी एकीकृत एम्बुलेन्स सेवा सञ्चालनका लागि प्रति एम्बुलेन्स रु २ लाख ४० हजारकादरले १० वटा एम्बुलेन्स सेवा दिए बापत प्रतिमहिना रु. २४ लाखका दरले यो वर्ष रु. २ करोड ८८ लाख उक्त संस्थालाई रकम उपलब्ध गराएको छ। महानगरले उपलब्ध गराएको विवरण अनुसार यो बर्ष ११६०८ बिरामीले उक्त सेवा लिएको जनाएको छ। सेवा प्रभावकारी बनाउनका लागि सम्झौताअनुसार १० वटै एम्बुलेन्समा जडित GPS को access काठमाडौँ महानगरपालिकालाई पूर्ण रूपमा उपलब्ध गराई नियमित अनुगमन गर्नुपर्छ। बिरामीले सेवा पाउन लाग्ने समय घटाउन response time मापन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

७७.३ **औषधी खरिद-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। साथै सोहि नियमावलीकोँ नियम ३१ को उपनियम १ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्नुपर्दा खुल्ला वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। महानगरले यस वर्ष रु.४ करोड ३६ लाख ४७ हजार मुल्यको औषधी खरिद गरेकोमा रु. ४ करोड ६ लाख ६ हजार मुल्य बराबरको औषधी विद्युतीय बोलपत्रको माध्यम र बाँकी टुक्रा खरिद मार्फत खरिद गरेको एवं जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौबाट रु.१४ लाख १८ हजार वरावर मुल्यको औषधीजन्य सामाग्री प्राप्त भएको विवरण पेश गरेको छ।स्वास्थ्य केन्द्रको माग फारमको आधारमा औषधिको मौज्दात घटाउनुपर्नेमा बर्षान्तमा एकमुष्ट घटाउने गरेको देखिन्छ। औषधिको खरिद,दाखिला तथा निकासाको विवरण अद्यावधिक हुने गरी औषधिहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

| सि नं | गो.भौ.मिती | फर्म वा कम्पनीकोनाम | रकम स्रोत | खरिद विधी | सम्झौता रकम | भुक्तानीरकम |
|---|---|---|---|---|---|---|
| १ | १००-१२/०४ | एस एस मेडिहेल्थ प्रालि | संघिय सशर्त चालु | सोझै खरिद | | ९२४४०० |
| २ | विभिन्न भौचर | नेपाल औषधीलिमिटेड | संघिय सशर्त चालु | G to G एकाई दर | | १३६४९५५ |
| ३ | २३३-०३/१८ | महक मेडिको | संघिय सशर्त चालु | सोझै खरिद | | ७५१७५० |
| ४ | ६४०६-०३।२५<br>३०५७-१२।२६<br>६४२८-०३।२५ | सर्जिमेडडिष्ट्रिब्युटर्स | महानगर चालु | विधुतिय खरिद | २४६१३०७८ | २२६१२११७ |
| ५ | ५६२९-०३।१३<br>४३८७-०१।२८ | डालिमामेडिसेल्स | महानगर चालु | विधुतिय खरिद | १७९५२५०० | १७९९४१५२ |
| | | जम्मा | | | | ४३६४७३७४ |

७८ **काठमाडौँ महानगरपालिका (सूचना तथा प्रविधि विभाग)**

७८.१ **बजेट तथा खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ।सुचना प्रविधी विभाग तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १५६५००००० | ४३९४७०८८.८२ | २८.०८ |
| पूँजीगत | ३८५५००००० | ३१४६३५६५.२६ | ८.१६ |
| जम्मा | ५४२०००००० | ७५४१०६५३.६६ | १३.९१ |

यो बर्ष सूचना तथा प्रविधि विभाग अन्तर्गत रु.५४ करोड २० लाख विनियोजन गरेकोमा रु.७ करोड ५४ लाख १० हजार अर्थात १३.९१ प्रतिशतमात्र खर्च गरेको छ। यो बर्ष सम्पादित प्रमुख क्रियाकलापहरुमा आ.व.२०८१।८२ मा शुरुवात गरिएको अनलाईन सिफारिस आ.व.को अन्तसम्ममा २३९३२ ओटा भएको, अफिस अटोमेशन अन्तरगत ३८७ वटा डिजिटल सिग्नेचर बनाई २२३४ ई टिप्पणी निर्णय सम्पन्न भएको, डिजिटल ठेगाना प्रणाली र घर नम्बर व्यवस्थित गर्नका लागि ८४ वटा नियन्त्रण बिन्दु सहितको ड्रोन सर्वे सम्पन्न भएको देखिन्छ।साथै भौगोलिक सूचना प्रणालीमा आधारित सामाजिक नक्साकंन तथा घरधुरी सर्वेक्षण कार्यको लागि रु ६ करोड ८५ लाख विनियोजन गरेकोमा ९ लाख ५२ हजार, मेट्रो कन्ट्रोल रुम स्थापना लागि रु २ करोड विनियोजन गरेकोमा रु ७ लाख ६६ हजार र वडा कार्यालय र अन्य कार्यस्थलहरुको लागि नेटवर्किङ् खरिद कार्यको लागि रु ८० लाख विनियोजन गरेकोमा रु २० लाख २६ हजार खर्च भएको छ। बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने कार्यसम्पादन करार गर्ने प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

७८.२ **सफ्टवयेर प्रमाणीकरण तथा उपयोग**- सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४ मा सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा प्रणालीसम्बन्धी कागजात तयार गरी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागमा पठाउनुपर्ने र विभागले प्राविधिक समितिबाट जाँचबुझ गरी प्रमाणीकरण गर्ने उल्लेख छ । पालिकामा देहाय अनुसार विभिन्न प्रयोजनका सफ्टवेयर रहेका केही मर्ज गरेको, रु ४ लाख ८३ हजारमा निर्मित पार्किङ्ग व्यवस्थापन प्रणाली प्रयोगमा नआएको, रु ४ लाख लागतको निर्मित IT Conference Website प्रयोगमा नरहेको एवं Plan and Project Management System (PPMS), City Hall Booking System, Metro Mart System लगायतका सफ्टवेयरहरु निर्माणाधीन अवस्थामा रहेका छन् ।केही सफ्टवेयर सङ्घीय सरकारले तर्जुमा गरेकोमा सोको लागत नखुल्ने एवं पालिकाबाट निर्मित २५ सफ्टवेयरको निर्माण लागत रु १ करोड ५० लाख भन्दा बढी रहेको देखिन्छ । पालिकाले विभिन्न समयम खरिद गरेका एवं निर्माणाधीन समेत ४१ प्रकारका सफ्टवेयरहरु विभागबाट प्रमाणीकरण गराएको प्रमाण पेश भएन।

एउटै संस्थामा अत्यधिक संख्यामा सफ्टवेयर तथा वेबसाइटहरू रहेको, तिनबीच समन्वय र एकीकरण (Integration) नहुँदा प्रयोगकर्तालाई सेवा उपयोगमा जटिलता तथा द्विविधा उत्पन्न भएको एवं प्रयोगमा नआएका तथा निर्माणाधीन प्रणालीहरूमा गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त नहुँदा सार्वजनिक स्रोतको प्रभावकारी उपयोग भएको देखिएन। सूचना प्रविधि प्रणालीहरू निर्देशिकाअनुसार प्रमाणीकरण नगरी सञ्चालन तथा निर्माणाधीन अवस्थामा राखिँदा प्रणालीको गुणस्तर, सुरक्षा, एवं दिगोपन नहुँदा खर्चको सार्थकता नहुने हुँदा सबै सूचना प्रविधि प्रणाली तथा सफ्टवेयरहरू निर्देशिकाअनुसार सूचना प्रविधि विभागबाट अनिवार्य रूपमा प्रमाणीकरण गरिनुपर्दछ। साथै, आवश्यकताको स्पष्ट पहिचान गरी प्रयोगमा नआएका वा दोहोरो प्रकृतिका सफ्टवेयरहरू एकीकरण वा खारेजी गर्ने, निर्माणाधीन प्रणालीहरूलाई समयमै सम्पन्न गरी प्रभावकारी रूपमा प्रयोगमा ल्याउने तथा भविष्यमा सफ्टवेयर विकास गर्दा एकीकृत सूचना प्रविधि रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा ७८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७८.३ **सुरक्षा परीक्षण-** सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिकाको बुँदा नं ८ मा सरकारी कार्यालयले सूचना प्रविधि विभागबाट आफ्नो वेबसाइटको विश्वसनीयताको सम्बन्धमा बर्षको कम्तीमा एक पटक गर्ने गरी आवश्यक्ता अनुसार परीक्षण गर्ने गराउने व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिकामा सञ्चालित सफ्टवेयरमध्ये ८ वटाको मात्र सुरक्षा परीक्षण गरेको विवरण उल्लेख गरेको छ।

| SN | Website and app | Domain Name | Critical | High | Medium | Low |
|---|---|---|---|---|---|---|
| १ | KMC Website | https://kathmandu.gov.np/ | ० | ० | ३ | ० |
| २ | Internship Management System | https://internship.kathmandu.gov.np/ | १० | ७ | २ | १ |
| ३ | Tax and Revenue Portal | https://eservice.kathmandu.gov.np/<br>https://tax.kathmandu.gov.np/<br>https://rev.kathmandu.gov.np/ | २ | १ | ० | ० |
| ४ | E-Building Permit System | https://ebps.kathmandu.gov.np/ | २ | १ | २ | ० |
| ५ | KMC Mobile App | https://play.google.com/store/apps/details?id=co.cellapp.smartpalika.kathmandumetropolitancity | ५ | २ | ० | ० |
| ६ | MetroNews Portal | https://metronews.kathmandu.gov.np/ | ५ | ० | १ | ० |
| ७ | Ijalas Management System | https://ijalas.kathmandu.gov.np/ | ५ | १ | ३ | ० |
| ८ | Free Health Software | https://freehealth.kathmandu.gov.np/ | २५ | ११ | ४ | १ |

उक्त सुरक्षा परीक्षणबाट सफ्टवेयरबाट देखिएको सुरक्षा चुनौती देखिएकोमा समाधान गरेको उल्लेख गरेको छ । तर पालिकामा रहेका ४१ सफ्टवेयरमध्ये ३३ सफ्टवेयरको सुरक्षा परीक्षण गरेको देखिएन ।

## ७९ काठमाडौँ महानगरपालिका (कृषि तथा पशुपंक्षी विभाग)

७९.१ **बजेट तथा खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। कृषि तथा पशुपंक्षी विभाग तर्फ यो वर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | ३८९५०००० | १५८९८००९ | ४०.८१ |
| पुँजीगत | २४३५०००० | ३४७४७५ | १.४१ |
| जम्मा | ६३३००००० | १६२४५४८४ | २५.६६ |

यो वर्ष कृषि तथा पशुपंक्षी विभाग अन्तर्गत रु ६ करोड ३३ लाख विनियोजन गरेकोमा रु. १ करोड ६२ लाख ४५ हजार अर्थात २५.६६ प्रतिशतमात्र खर्च गरेको छ। यो वर्ष सम्पादित प्रमुख क्रियाकलापमा ६७० वटा कुकुर बिरालोमा बन्ध्याकरण, १६५६९ वटा कुकुर बिरालोमा रेबिज भ्याक्सिन,१८१२ वटा मृत जनावर व्यवस्थापन, ६०० जनालाई कौशी खेती तथा प्राङ्गारिक मल बनाउने तालिम,४२८५ जनालाई बिउ बिजन वितरणग गर्ने लगायतको कार्य गरेको छ । विषादी परीक्षण प्रयोगशाला स्थापनाको लागी रु १ करोड मृत जनावरको लागी ईन्सीनेटर मेसिन खरिद कार्यक्रमको रु.१ करोड तथा ईलेक्ट्रिक भ्यान खरिद (घाईते जनावर-ओसार-पोसार) को लागि विनियोजित रु.४० लाख विनीयोजन गरेकोमा सो कार्यक्रम सञ्चालन गरेको छैन। बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने कार्यसम्पादन करार गर्ने प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

७९.२ **मृत जीवजन्तु व्यवस्थापन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बील भरपाई प्रमाण कागजात संलग्न हुनुपर्दछ। काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका मृत जीवजन्तु व्यवस्थापन कार्यका लागि महानगरपालिका र सफा नेपाल बिच मिति २०८०।११।२७ मा दुई वर्षको लागि सम्झौता गरी काठमाडौ महानगरपालका भित्रका मृत जीवजन्तु व्यवस्थापन गर्ने सम्झौता पत्र अनुसार कुकुर विरालो बाँदर सानो (जनावर) रु.२२००।– प्रति गोटा र गाई/गोरु (ठुलो जनावर) रु. ३३००।– मूअकर वाहेक प्रतिगोटाको दरले कार्य गर्ने गरी महानगरपालिकाले सफा नेपालसँग सम्झौता गरेकोमा उक्त कार्यको लागि २०८१ फागुनसम्मको रु.७३०७७४.- भुक्तानी दिएको छ।सफा नेपालले सम्झौता अवधी देखि फागुन सम्मको प्रगति विवरण पेश गरेकोमा उक्त प्रगति विवरण अध्ययन गर्दा देहाय अनुसार भुक्तानी वढी देखिएकोले उक्त रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु

| आर्थिकवर्ष | महिना | ठूलो जनावर | सानो जनावर | ठूलो जनावरदर | सानो जनवार | छुट | जम्मा | मूअकर सहितजम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|
| २०८०।०८१ | चैत | ० | १५७ | ३३०० | २२०० | | ३४५४०० | ३९०३०२ |
| | बैशाख | ४ | १४७ | ३३०० | २२०० | | ३३६६०० | ३८०३५८ |
| | जेठ | १ | १६२ | ३३०० | २२०० | | ३५९७०० | ४०६४६१ |
| | असार | ३ | १६८ | ३३०० | २२०० | | ३७९५०० | ४२८८३५ |
| २०८१।०८२ | साउन | ४ | १७० | ३३०० | २२०० | | ३८७२०० | ४३७५३६ |
| | भदौ | ५ | १५१ | ३३०० | २२०० | | ३४८७०० | ३९४०३१ |
| | असोज | १७ | १५१ | ३३०० | २२०० | | ३८८३०० | ४३८७७९ |
| | कार्तिक | २ | १५३ | ३३०० | २२०० | | ३४३२०० | ३८७८१६ |
| | मंसिर | ५ | १५८ | ३३०० | २२०० | | ३६४१०० | ४११४३३ |
| | पौष | २ | १४९ | ३३०० | २२०० | | ३३४४०० | ३७७८७२ |
| | माघ | ४ | १५७ | ३३०० | २२०० | | ३५८६०० | ४०५२१८ |
| | फागुन | १ | १०४ | ३३०० | २२०० | १६८३०० | ६३८०० | ७२०९४ |
| | | | | | मूअकर सहितको फागुन सम्म भुक्तानी हुनुपर्ने रकम रु. | | | ४५३०७३५ |
| आ. व २०८०।०८१ मा रु.२०९०८७३(चैत वैशाख जेष्ठ र असार) आ.व २०८१।०८२ मा रु.५२१६८७१(साउन भदौ असोज कार्तिक मंसिर पौष माघ र फागुन महिना सम्मको खर्च) | | | | | फागुन सम्म भुक्तानी भएको रकम रु. | | | ७३०७७४४ |
| | | | | | वढी भुक्तानी | | | २७७७००९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,७७,००९ |

८० **सामाजिक सुरक्षा तथा संरक्षण**

८०.१ **सामाजिक सुरक्षा-** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली, २०७६ विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ।महानगरले सामाजिक सुरक्षा कार्यक्रमको लागि रु.१७१४३६००००।– बजेट विनियोजन गरी रु.१७१२५७२६७५.२८ खर्च गरेको छ। आर्थिक वर्ष २०८१/०८२ मा महानगरवाट सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहिको विवरण देहाय अनुसार रहेको छ।

| क्र.स. | सामाजिक सुरक्षा भत्ताको किसिम | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक |
|---|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | २७५२९ | २९१५३ | २९७७२ | ३०३२३ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | २४० | ५४९ | २४९ | २४४ |
| ३ | जेष्ठ नागरिक एकल महिला | ३६४८ | ३६९६ | ३६९४ | ३५६६ |
| ४ | विधवा | ४८९२ | ५१४३ | ५२८५ | ५४०२ |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ५६४ | ५७४ | ५८१ | ५८४ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | ६९१ | ७१३ | ७३१ | ७३६ |
| ७ | दलिता बालबालिका | ९६ | ९८ | ९९ | १०० |
| | जम्मा | ३७६६० | ३९९२६ | ४०४११ | ४०९५५ |

८०.२ **मृतकको नाममा निकासा -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रु **३४,५८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८०.३ **निरीक्षण तथा अनुगमन-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुदाँ नं २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन।

## ८१ काठमाडौँ महानगरपालिका (वातावरण विभाग)

८१.१ **बजेट तथा खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ।वातवरण विभाग तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | ३६८४००,००० | २२,२५,९२,३५०.५४ | ६०.४२ |
| पूँजीगत | ७४४०००००० | २६१७३७७६३.२२ | ३५.१७ |
| जम्मा | १११२४०००००० | ४८४३३०११३.२३ | ४३.५३ |

यो बर्ष वातावरण विभाग अन्तर्गत रु.१ अर्व ११ करोड २४ लाख विनियोजन गरेकोमा रु.४८ करोड ४३ लाख ३० हजार अर्थात ४३.५३ प्रतिशतमात्र खर्च गरेको छ।फोहोरमैला स्थानान्तरण केन्द्र निर्माण तथा सञ्चालनको लागि रु.३ करोड, टेकु ट्रान्सफर स्टेसनमा सेड निर्माणको लागि रु १ करोड ५० लाख स्यानिटरी प्याड र डायपर्स जलाउन इन्सिनेटर जडान कार्यको लागि रु.१ करोड विनीयोजन गरेकोमा सो कार्यक्रम सञ्चालन गरेको छैन।बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने कार्यसम्पादन करार गर्ने प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

८१.२ **फोहोरमैला व्यवस्थापन**- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहोरमैलाको व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीयतहको हुने उल्लेख छ । पालिकाबाट पेश भएको विवरण अनुसार कुल नगर फोहोर उत्पादन ८०८.४४ टन प्रतिदिन (अनुमानित) रहेकोमा कुल जैविक फोहोर ४८५.०७ टन प्रतिदिन र कुल अजैविक फोहोर ३२३.३७ टन प्रतिदिन र जैविक फोहोर, अजैविक , जोखिमयुक्त (हाजार्डस) फोहोर र निर्माण तथा ध्वंस गरी ४ प्रकारका फोहोर रहेको उल्लेख छ । महानगरभित्रका १० वडाहरु (वडा नं १२,१८,१९,२०,२१,२२,२३,२४,२५ र २७) मा महानगरपालिकाले महानगरकै कर्मचारीबाट फोहर संकलन गर्ने गरेको भएतापनि बाँकी २२ वटा वडामा निजी क्षेत्रका कम्पनीहरुले फोहर संकलन एव शुल्क असुली गर्दै आएको देखिन्छ। यस सम्बन्धमा देखिएका थप बेहोरा देहाय अनुसार रहेका छन्।

८१.३ **फोहोर सङ्कलन आय** - फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३, ४ र १३(१) ले स्थानीय तह (महानगरपालिका) लाई आफ्नो क्षेत्रभित्र फोहोर व्यवस्थापनको जिम्मेवारी दिएको छ र कसैले पनि स्थानीय तहको अनुमति बिना यो काम गर्न नपाउने व्यवस्था गरेको छ। साथै, दफा १८(१) र (५) ले सेवा शुल्क उठाउने र त्यसबाट भएको आयलाई फोहोर व्यवस्थापनमा नै खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। काठमाडौं महानगरपालिका क्षेत्रभित्र उल्लेखित १० वडा क्षेत्र बाहेक अन्यत्र निजी कम्पनीहरूले महानगरपालिकाको अनुमति बिना नै फोहोर संकलन र व्यवस्थापन गरिरहेका छन्। महानगरपालिकाले आफूले सेवा प्रदान गरेका वडाहरूमा पनि सेवा शुल्क तोकेको छैन र निजी कम्पनीहरूबाट पनि कुनै शुल्क संकलन गरेको छैन। साथै हाल फोहर व्यवस्थापन गरेका महानगरभित्रका संस्थाले महानगरको स्विकृत वेगर मासिक शुल्क न्यूनतम् रु.४००।०० देखि व्यापारिक प्रतिष्ठान, अस्पताल, मार्ट, सटर तथा सिर्जना हुने फोहोरमैलाका आधारमा रु.१,००,०००।०० सम्म लिने गरेको जानकारी प्राप्त भएको छ। सो आधारमा महानगरभित्र २३८९६६ ( ८७८७४ घरधनी, १४७२५५ भाडामा, २२२९ संस्था र अन्य १६०८) घर धुरी रहेकोमा मासिक न्यूनतम् रु.४००।०० का दरले मात्र पनि रु. १ अर्ब २४ करोड २६ लाख २३ हजार संकलन हुन सक्ने देखिन्छ । तर सो वापत महानगरपालिकामा कुनै प्रकारको आम्दानी भएको देखिदैन । महानगरपालिकाले, आफ्नो क्षेत्रभित्र फोहोर व्यवस्थापनको नियमन र निगरानीको प्रभावकारी प्रणाली विकास गर्न नसकेको अवस्था छ । जस्ले गर्दा महानगरपालिकाको आन्तरिक राजस्व गुमेको, फोहोर व्यवस्थापनबाट हुने आयलाई त्यसैको विकासमा लगानी गर्ने कानुनी व्यवस्था लागू हुन सकेको देखिएन। फोहोरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम सबै निजी फोहोर संकलन कम्पनीहरूलाई कानूनी दायरामा ल्याउने, अनिवार्य अनुमति प्रक्रिया लागू गर्ने र सेवा शुल्कको दर तोक्ने संकलित राजस्वलाई फोहोर व्यवस्थापन, वातावरण संरक्षण र प्रभावित क्षेत्रको विकासमा खर्च गर्ने प्रभावकारी संयन्त्र स्थापना गर्नुपर्दछ।

८१.४ **सम्झौता कार्यान्वयन**-फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीयतहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ। यो बर्ष काठमाडौं महानगरपालिकालाई ठोस फोहोर व्यवस्थापनको प्रभावकारिताका लागि ७ वटा क्लस्टरमा विभाजन गरी खुला प्रतिस्पर्धात्मक बोलपत्रमार्फत क्लस्टर १–६ का लागि फोहोर संकलन तथा ढुवानी सेवामा निजी क्षेत्र छनोट गरेको देखिन्छ। मटेरियल रिकभरी फ्यासिलिटी सञ्चालनका लागि निजी क्षेत्र छनोट गरी सम्झौता गरेकोमा साइट पहिचान गरी कार्यान्वयन गरेको देखिएन । सम्झौताको कार्यान्वयन मार्फत फोहोरमैलाको दिगो व्यवस्थापन गर्नुपर्दछ ।

८१.५ **ल्याण्डफिल्ड साइटको खर्च**- यो बर्ष महानगरपालिका स्वयंले ६३९३ ट्रिप र निजी क्षेत्रबाट ६४२८ समेत ७१२२१ ट्रिप फोहोरमैला बन्चरेडाँडाँमा फोहोर विसर्जन गरेको विवरण पेश गरेको छ । बन्चरेडाँडा सेनेटरी ल्यान्डफिल साइट काठमाडौं महानगरपालिकाले आफ्नै वित्तीय स्रोत र व्यवस्थापनमा सञ्चालन गरिरहेको अन्य २३ वटा नगरपालिकाले समेत मिश्रित फोहोर फाल्ने गरेको बेहोरा पालिकाले जनाएको छ ।यो बर्षमात्र सिसडोल तथा बन्चरेडाँडामा फोहोरमैला विसर्जन तथा प्रभावित क्षेत्रको थप कार्यको लागि महानगरपालिकाबाट देहाय अनुसार रु १४ करोड १४ लाख ९६ हजार भन्दा बढी खर्च भएको देखिन्छ।

| क.सं. | कार्यक्रम/ आयोजना/ क्रियाकलापकोनाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | सिसडोल/ बन्चरेडाँडामासुरक्षाकर्मीलाई सुरक्षा भत्ता तथा अन्य सुविधा | ३२००००० | ३०९६१७९ |
| २ | ल्याण्डफिल्ड साईट सूचना प्रविधि व्यवस्थापन | ८००००० | ७९५१८१ |
| ३ | सिसडोल/ बन्चरेडाँडामाकाम गर्ने कामदारहरुको वार्षिक पारिश्रमिक | ११०००००० | १०८०८८०६ |
| ४ | सफाईसामग्री तथा फोहरमा छर्ने औषधी खरिद | ६०००००० | ५९९६४५५ |
| ५ | बन्चरडाँडाल्यान्डफिल साईटमा लिचेट व्यवस्थापन कार्य | १०००००० | ९४२२७८ |
| ६ | मल बनाउनआबस्यक सामाग्री खरिद | ४०००००० | ३१५५६६० |
| ७ | प्रभावितक्षेत्रमा स्वाथ्य बिमा कार्यक्रम | २०००००००० | १३८१८००० |
| ८ | ल्याण्डफिलसाईडको अनुगमन खर्च | ५००००० | १४३८७० |
| ९ | स्वास्थ्यसंस्था जन्य फोहरमैला व्यवस्थापन सम्बन्धी अनुगमन | ५००००० | ४२५०० |
| १० | सवारी साधनदुर्घटना उपचार तथा क्षतिपूर्ति | २०००००० | ३०४४१ |
| ११ | बन्चरडाँडाल्यान्डफिल साईटमा भैपरी आउने कार्य | १०००००० | १३७१५९ |
| १२ | सरसफाईव्यवस्थापन खर्च (रात्री भत्ता र खाना खाजा समेत) | ५००००० | १८७३३० |
| १३ | प्रभावितक्षेत्रमा कार्यरत शिक्षक तलव अनुदान | १५५००००० | १४२५२४७८ |
| १४ | सिसडोलस्वास्थ चौकीको लागि सामाग्री खरिद | १०००००० | ९९९९७२ |
| १५ | सिसडोलस्वास्थ चौकीमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक | ३५००००० | ३०४१७९२ |
| १६ | ल्याण्डफिलसाइट प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बाली तथा जग्गाको क्षतिपुर्ति र घर टहराभाडा क्षतिपुर्ति | ६०००००० | ४६४१२४० |
| १७ | ककनीगाउँपालिका र धुनीबेशी नगरपालिकाको विकास निर्माणार्थ सशर्त अनुदान (वडा तथाकार्यक्रम तोकेर) | ६००००००० | ६००००००० |
| १८ | प्रभावितक्षेत्र तथा अन्य विद्यार्थीहरुलाई क्षतिपुर्ति स्वरुप छात्रबृति | ५००००० | २३४१०० |
| १९ | फोहरमैलाव्यवस्थापनका लागि डोजर लोडरएक्साभेटर तथा गाडीहरुको भाडा | ४०००००० | ७०२०१२ |
| २० | सिसडोलकार्यालय भवन मर्मत | १०००००० | ९४५०४५ |
| २१ | तिनपिप्लेशिसडोल सडक स्तरोन्नति | ३००००००० | १५७९४३८५ |
| २२ | ग्यासभेन्ट पाइप बांस ढुङ्गा फलाम तार आदि खरिद | २०००००० | १७३१६१२ |
| | जम्मा | १७४०००००० | १४१४९६४९४ |

प्रभावित क्षेत्रको पालिकामा रु ६ करोड, प्रभावित क्षेत्रको स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीको लागि रु ३० लाख, प्रभावित क्षेत्रमा स्वाथ्य बिमा कार्यक्रम बापत रु १ करोड ३८ लाख, प्रभावित क्षेत्रमा कार्यरत शिक्षक तलव अनुदान मा रु १ करोड ४२ लाख तथा अन्य विभिन्न शिर्षकमा समेत पालिकाले रु १४ करोड १४ लाख ९६ हजार भन्दा बढी खर्च गरेको देखिन्छ । बहुपालिकाबाट फोहोर विसर्जन भइरहे तापनि सम्पूर्ण सञ्चालन तथा व्यवस्थापन खर्च काठमाडौं महानगरपालिकाले मात्र वहन गरिरहेको अवस्थामा स्पष्ट नीति, सम्झौता वा लागत बाँडफाँडको व्यवस्था नहुँदा काठमाडौं महानगरपालिकामाथि एकपक्षीय वित्तीय दायित्व सिर्जना भएको देखिन्छ।ल्यान्डफिल साइट प्रयोग गर्ने सबै स्थानीयतहहरूसँग फोहोर विसर्जनको परिमाणका आधारमा लागत बाँडफाँड, सेवा शुल्क निर्धारण वा अन्तरपालिका सम्झौता गरी खर्चको न्यायोचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ। साथै, फोहोर व्यवस्थापनसम्बन्धी अन्तरपालिका समन्वय संयन्त्रलाई प्रभावकारी बनाउनुपर्दछ ।

८१.६ **ल्यान्डफिल साइटको व्यवस्थापन-** काठमाडौँ उपत्यकामा उत्सर्जन हुने फोहोरको दिगो व्यवस्थापनको लागि बन्चरेडाँडामा शहरी विकास मन्त्रालयबाट मिश्रित फोहोर विसर्जन गरेमा २० वर्ष र वर्गीकृत फोहोर विसर्जन गरेमा ४० वर्ष सम्म धान्नेगरी २० हजार घन मिटर क्षमताको लिचेट पोखरी र सेडिमेन्टेसन पोखरी समेतको स्यानिटरी ल्याण्ड फिल्ड साइट रू.९६ करोड ३५ लाख ३९ हजार लागतमा निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको देखिन्छ । ल्याण्डफिल साइटमा फोहोरमैलाको उचित व्यवस्थापनको लागि शहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत ल्याण्डफिल साइट सञ्चालन सम्बन्धी कार्य सञ्चालन कार्यविधि अनुसार विसर्जनको लागि ल्याइएको फोहोरको तौल लिई अभिलेख राख्ने, फोहोरसँग जोखिमयुक्त रेडियोधर्मी फोहोरहरु रहे नरहेको जाँच गर्ने, फोहोरलाई तोकिएको निश्चित क्षेत्रमा मात्र खन्याउने, फोहोरको मोटाइ ५० सेन्टिमिटर हुने गरी फिजाउँन लगाई कम्प्याक्सन गराउनुपर्ने, दुर्गन्ध फैलिन नदिन दैनिक १५ सेन्टिमिटर माटोले छोप्नुपर्ने, फोहोर थुपार्दै जाँदा ग्याँस निष्कासनको लागि भेन्ट पाइप थप गर्दै जानुपर्ने प्रावधान रहेकोमा उक्त प्रावधानहरुको पालना भएको देखिएन । फोहोरबाट निस्कने झोल Leachate व्यवस्थापनलाई विशेष ध्यान दिइएको र यस्को व्यवस्थापनको लागि दुइवटा ठूला पोखरीहरु Leachate pond र Sedimentation pond रहेको छ । Leachate Treatment को लागि sedimentation, aeration and recirculation गर्ने प्रक्रिया अवलम्बन गर्ने गरी व्यवस्था गरेको छ । स्थलगत निरीक्षण गर्दा ल्याण्डफिल साइटको उचित व्यवस्थापन नभएको तथा फोहोरको स्रोतमा वर्गीकरण नहुँदा, फोहोर कम्प्याक्सन नगर्दा र लिचेटलाई सर्कुलेसन नगरेको लगायतको कारणले ल्याण्डफिल साइट भरिन लागेको अवस्था छ ।फोहोर कम्प्याक्सन, दैनिक छोपाई, लिचेट व्यवस्थापन, जोखिमपूर्ण फोहोरको जाँच कडाईपूर्वक लागू गर्ने, ल्यान्डफिल साइटको नियमित अनुगमन, मर्मत सम्भार र व्यवस्थापन एवं फोहोरको स्रोतमै वर्गीकरण (सेग्रिगेसन) लागू गरी मिश्रित फोहोरको प्रवाह घटाउने र ल्याण्डफिल्ड साइटको व्यवस्थापन उपयुक्त तरिकाले गरी ल्यान्डफिल साइटको आयु बढाउनुपर्दछ।





| लिचेट पोखरी -लिचेट सर्कुलेसन नभएको | फोहोरको थुप्रोलगाएको अवस्था |
|---|---|

८२ **राजस्व विभाग तर्फ**

**बजेट तथा खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९ को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। राजश्व विभागतर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २, ३२ , ०४ , ००० | २८, ९७ , ४४३ | १२.४८ |
| पूँजीगत | ० | ० | ० |
| जम्मा रु | २, ३२ , ०४ , ००० | २८, ९७ , ४४३ | १२.४८ |

यो बर्ष राजश्व विभाग अन्तर्गत रु २ करोड ३२ लाख ४ हजार विनियोजन गरेकोमा रु २८ लाख ९७ हजार अर्थात् १२.४८ प्रतिशतमात्र खर्च गरेको छ। वहाल करदाताहरुको विवरण संकलनको लागि टिम परिचालन कार्यक्रमका लागि विनियोजित रु ५१ लाख तथा एजेन्सी सुचिकरण गर्ने तथा सेवा संचालनका लागि रु २५ लाख विनियोजन गरेकोमा खर्च प्रगती शून्य रहेको छ। Sutra Tax Model सञ्चालन खर्च (तालीम, अभिमुखीकरण, कर निर्धारण परीक्षण, प्रचार प्रसार) कार्यक्रममा विनियोजित रु ८ लाख ई रेन्टल मोबाइल एप सञ्चालन खर्च (प्रयोगकर्ता तालीम, सुचना प्रविष्टि, अभिमुखीकरण, एजेन्सी व्यवस्थापन, बहाल व्यवसाय प्रवद्र्धन र प्रचार प्रसार कार्यहरु) का लागि रु ३४ लाख विनियोजन गरेकोमा सो कार्यक्रम सञ्चालन गरेको छैन। यसका अलवा अन्य ८ वटा कार्यक्रमको खर्च प्रगति समेत शून्य रहेको छ। आवश्यकताका आधारमा बजेट विनियोजन, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

### ८३ राजस्व अनुमान र प्राप्ति

यो बर्ष समग्रमा रु १२९०६३२५०००। राजस्व अनुमान गरेकोमा रु १०७४४४५४३१३।अर्थात ८३.२५ प्रतिशत यथार्थ प्राप्ति गरेको छ । आफैले संकलन गर्ने राजस्वको अनुमान रु. ८०३५७९००००।रहेकोमा यो बर्ष रु ५९५९०९७८०८। अर्थात ( ७४ प्रतिशत) सङ्कलन गरेको छ। २०७९।८० मा लक्ष्यको तुलनामा १२० प्रतिशत सङ्कलन गरेकोमा २०८०।८१ मा ९५ प्रतिशत र यो बर्ष ७४ प्रतिशत मात्र सङ्कलन भएको देखिन्छ ।राजस्वको लक्ष्य निर्धारण गर्दा वस्तुपरकरुपमा गरी लक्ष्य अनुरुपको राजस्व सङ्कलन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| वार्षिक वर्ष | कुल राजस्व अनुमान रु. | आफैले संकलन गर्ने राजस्वको अनुमान रु. | यथार्थ राजस्व प्राप्ति रु. | आफैले संकलन गरेको यथार्थ राजस्व रु. | आफैले सङ्कलन गर्ने अनुमानको तुलनामा प्राप्ति प्रतिशत |
|---|---|---|---|---|---|
| २०७९/८० | १०४१९५४९००० | ४८५०१००००० | १०२५५५९६४३५ | ५८२६५६३०२२ | १२० |
| २०८०/८१ | १०८०७८२०००० | ६३९२०००००० | १०६४६७९११७० | ६०५०९३८०२४ | ९५ |
| २०८१/८२ | १२९०६३२५००० | ८०३५७९०००० | १०७४४४५४३१३ | ५९५९०९७८०८ | ७४ |

### ८४ करदाता विवरण

आर्थिक ऐन, २०८१ मा सम्पत्ति कर, घर जग्गा कर लगाइने र करदातालाई करको दायरामा ल्याउने व्यवस्था गरेको छ । महानगरपालिकामा सम्पत्ति कर, बहाल कर र व्यवसाय कर तिर्ने करदातालाई मात्र करदाताकोरुपमा दर्ता गरी करदाता नम्बर उपलब्ध गराएको छ । विज्ञापन कर, मनोरञ्जन कर लगायतका कर तिर्ने करदाताको विवरण महानगरको राजस्व प्रणालीमा अभिलेखिकरण भएको देखिदैन। पालिकाबाट प्राप्त विवरण अनुसार करदाताको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.स. | करको किसिम | नविकरण भएको करदाता संख्या | नयाँ करदाता संख्या | कर तिरेको करदाता संख्या | कर नतिरेको करदाता संख्या | जम्मा करदाता संख्या | दर्ता भई कर नतिर्ने प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | बहाल कर | ५३२११ | १५०८७ | ६८२९८ | ६८३९२ | १३६६९० | ५०.०३ |
| २ | व्यवसाय कर | ४८८३१ | १४८०५ | ६३६३६ | ६४४२८ | १२८०६४ | ५०.३१ |
| ३ | सम्पत्ति कर | ७४२३८ | ६४७० | ८०७०८ | ६२०४९ | १४२७५७ | ४३.४६ |
| जम्मा | | १७६२८० | ३६३६२ | २१२६४२ | १९४८६९ | ४०७५११ | ४७.८२ |

उल्लिखित विवरण अनुसार यस वर्ष कुल ४०७५११ दर्ता भएकोमा २१२६४२ अर्थात ५२.१८ प्रतिशतले मात्र कर तिरेको देखिन्छ।दर्ता भएका करदातामध्ये ४७.८२ प्रतिशत करदाताले कर विवरण नबुझाएको देखिँदा कर कानूनको परिपालना कमजोर रहेको देखिन्छ । पालिकाभित्रका संभावित करदातालाई करको दायरामा ल्याउने एवं कर नतिर्ने उपर तरताकेता गर्ने एवं पालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने गरी करको दायरा बृद्धि गर्नुपर्दछ ।

८५ **आन्तरिक राजस्व**

यो बर्षको आफैले संकलन गर्ने राजस्वको अनुमान रु. ८०३५७९००००।रहेकोमा रु ५९५९०९७८०८। अर्थात ७४ प्रतिशत मात्र सङ्कलन गरेको देखिन्छ । यो बर्षको शिर्षकगत असुली देहाय अनुसार रहेको छ ।

| सि.नं. | शिर्षक | २०८१/८२ को प्रक्षेपण (रु.) | २०८१/८२ मा संकलित रकम ( रु.) | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पत्ति कर | १७०००००००० | ११३३९८८२४०.५९ | ६६.७१ |
| २ | भुमिकर/मालपोत | २५०००००० | ११५६९२०९.६१ | ४६.२८ |
| ३ | घरवहाल कर | ३७१८६९०००० | ३१५६३७८५७६.६२ | ८४.८८ |
| ४ | सवारी साधन कर (साना सवारी) | ५००००० | १७२५०. | ३.४५ |
| ५ | अन्य निकायबाट प्राप्त लाभांश | २००००० | १७१०००. | ८५.५ |
| ६ | पर्यटन शुल्क | १८०५००००० | १९४६६१५००. | १०७.८५ |
| ७ | अन्य बिक्रीबाट प्राप्त रकम | ५२००००० | ७७१६७९७.०५ | १४८.४ |
| ८ | अन्य सेवा शुल्क | २०००००००० | २२३६४०७४१.८४ | १११.८२ |
| ९ | न्यायिक दस्तुर | ३००००० | ४४२०६५. | १४७.३६ |
| १० | शिक्षा क्षेत्रको आम्दानी | ६००००० | ५८३९३३८.८७ | ९७३.२२ |
| ११ | परीक्षा शुल्क | ३००००० | १४१०७५४. | ४७०.२५ |
| १२ | अन्य प्रशासनिक सेवा शुल्क | १२०००००० | ८८००७६२.४७ | ७३.३४ |
| १३ | पार्किङ्ग शुल्क | २०००००००० | ० | ० |
| १४ | नक्सापास दस्तुर | १०५०००००००० | ४३०८७७६६५.९७ | ४१.०४ |
| १५ | सिफारिश दस्तुर | ११०००००००० | ९६१९५८२८.६६ | ८७.४५ |
| १६ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | ११७९१००. | ११७.९१ |
| १७ | नाता प्रमाणित दस्तुर | ६०००००० | ५०६७४००. | ८४.४६ |
| १८ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ९५००००००० | ६११२४६३११.०५ | ६४.३४ |
| १९ | प्रशासनिक दण्ड जरिवाना र जफत | २५०००००० | ३८४५४९०६.६९ | १५३.८२ |
| २० | धरौटी सदरस्याहा | ५००००० | ७८६७५१.६४ | १५७.३५ |
| २१ | बेरुजु | ३०००००००० | ३०६५३६०८.९३ | १०२.१८ |
| जम्मा आन्तरिक राजस्व | | ८०३५७९०००० | ५९५९०९७८०८.९९ | ७४.१६ |

समग्र राजस्व सङ्कलनमा घर बहालकरको हिस्सा ५३ प्रतिशत र सम्पत्ती करको हिस्सा १९ प्रतिशत रहेको देखिन्छ । सम्पत्ती करतर्फ ६६.७१ प्रतिशत असुली गरेको एवं पार्किङ्ग शुल्कतर्फ रु २ करोड लक्ष्य लिएकोमा असुली शुन्य रहेको छ।

८६ **स्वीकृति वेगरको सफ्टवेयर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १२९ मा सूचना प्रविधिको प्रयोग सम्बन्धी उल्लेख छ जस्को उपनियम (१) मा ऐनको दफा ६२ को उपदफा (३) बमोजिम कुनै कार्यालयले सम्पादन गर्नु पर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न सूचना प्रविधिमा आधारित वा अन्य कुनै प्रणालीको विकास गर्नु पर्ने भएमा त्यस्तो कार्यालयले सम्बन्धित मन्त्रालय वा तालुक कार्यालयमार्फत महालेखा नियन्त्रक कार्यालय र अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने एवं उक्त प्रणालीको विकास, सञ्चालन र ती प्रणालीको विद्यमान प्रणालीसँगको अन्तर-आबद्धता र सुरक्षा सम्बन्धी व्यवस्था ऐनको दफा ६५ को उपदफा (२) बमोजिम महालेखा नियन्त्रक कार्यालयले बनाएको कार्यविधि बमोजिम हुने र उपनियम (३) सरकारी लेखा सम्बन्धी कारोबार गर्न महालेखा नियन्त्रक कार्यालयले स्वीकृति दिएको बाहेक अन्य प्रणाली विकास गरी सञ्चालन गर्न नपाइने उल्लेख छ । तर महानगरपालिकाले आन्तरिक आय

सङ्कलनको लगि विगत बर्षदेखि नै साँग्रिला इन्फोटेक प्रालिको सफ्टवेयर प्रयोग गर्दै आएकोमा उक्त सफ्टवेयरको उल्लिखित व्यवस्था अनुसार स्वीकृति लिएको देखिएन । स्वीकृत वेगरको सफ्टवेयरको प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आयको यथार्थता र प्रतिवेदनको विश्वसनीयता सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । नियमावलीको पालाना हुनुपर्दछ ।

## ८७ **दोहोरो रसिद**

काठमाडौं महानगरपालिकामा प्रयोगमा रहेको राजस्व प्रणालीबाट जारी हुने रसिद नम्बरहरू क्रमिकरुपमा जारी हुनुपर्ने र एकै रसिद नम्बर दोहोरो नहुनुपर्नेमा आषाढ महिनामा जारी भएका रसिदहरूको विवरण विश्लेषण गर्दा ५८ वटा रसिदमा रसिद नम्बर दोहोरिएको देखिन्छ।एउटै नम्बरको रसिद एकभन्दा बढी कारोबारमा प्रयोग हुँदा राजस्व संकलनको यथार्थता यकिन गर्न सक्ने देखिँदैन तसर्थ, दोहोरो रसिद नम्बर देखिएका तपसिल बमोजिमका ५८ वटा रसिदहरूको वास्तविक अवस्था एकिन गरी राजस्व सङ्कलन रकमको यथार्थता एकिन गरी बैङ्क भिडान गर्नुपर्दछ।यस सम्बन्धी केही उदाहरण जस्तै २०८२।३।१० मा रसिद नं ७५४८१८ जारी भएकोमा २०८२।३।१२ मा ६४९१६ को रसिद जारी भएको देखिन्छ ।

| रसिद नं. | मिति | रसिद नं. | मिति | रसिद नं. | मिति |
|---|---|---|---|---|---|
| ६४९१६ | ०३/१२/२०८२ | ७५५२१७ | ०३/२३/२०८२ | ८५२३०२ | ०३/१७/२०८२ |
| ७५४७१६ | ०३/०८/२०८२ | ७५५२६७ | ०३/२३/२०८२ | ८५२४६५ | ०३/२३/२०८२ |
| ७५४७५४ | ०३/०८/२०८२ | ७५५३३६ | ०३/२४/२०८२ | ८५२७७४ | ०३/३१/२०८२ |
| ७५४८१८ | ०३/१०/२०८२ | ७५५३९५ | ०३/२५/२०८२ | ९३०२२९ | ०३/२२/२०८२ |
| ७५४८९० | ०३/११/२०८२ | ७५५४८६ | ०३/२७/२०८२ | ९३०२४३ | ०३/२२/२०८२ |
| ७५४९१३ | ०३/१२/२०८२ | ७५५५७५ | ०३/२९/२०८२ | १००७१२६ | ०३/३०/२०८२ |
| ७७३४९९ | ०३/१३/२०८२ | ७५५६४७ | ०३/३०/२०८२ | १००७२६० | ०३/३१/२०८२ |
| ७८८०७९ | ०३/०५/२०८२ | ७५५६८४ | ०३/३१/२०८२ | ७८३१८८ | ०३/१६/२०८२ |
| ९२४८६३ | ०३/०८/२०८२ | ७५५८३२ | २०८२/०३/३२ | ७७४०१० | ०३/२९/२०८२ |
| ४२६३६७ | ०३/१८/२०८२ | ७५५१९८ | ०३/२२/२०८२ | | |

## ८८ **नक्सा पास दस्तुर**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची १३ मा नक्सा पास दस्तुर सम्बन्धी व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका केही बेहोरा देहाय अनुसार रहेका छन् ।

### ८८.१ **छुट दस्तुर-**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२०,७२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

### ८८.२ **छुट नक्सा पास दस्तुर-**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **५९१,५११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२०१,९३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१५४,८०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१७३,२१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१००,४५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८८.३ **घटी क्षेत्रफल गणना-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२८,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८८.४ **कर गणना-** काठमाडौँ महानगरपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची १३ (राजस्व सङ्केत नं. १४२४२) अनुसार १०,००० (दस हजार) वर्ग फुटभन्दा बढी क्षेत्रफल भएका जुनसुकै प्रयोजनका लागि बन्ने नयाँ भवनको हकमा प्रति वर्गफुट रु ३५ का दरले नक्सापास दस्तुर लाग्ने व्यवस्था छ। करदाता भरत बहादुर खत्रीले प्रमाणपत्र नं DPC/Resd/०८१-८२/२२२१२-B बाट १०,७०० वर्गफिट क्षेत्रफल भएको भवन निर्माणको स्वीकृति लिएको देखिन्छ। १०,००० वर्गफिट भन्दा बढी क्षेत्रफल भएकोले ऐन बमोजिम प्रति वर्गफिट रु ३५ का दरले कुल रु ३,७४,५०० दस्तुर लाग्नेमा कार्यालयले रु २,०३,१७३.७५ मात्र असुल गरेको छ।तसर्थ, ऐनको व्यवस्था अनुसार १०,००० वर्गफिट भन्दा माथिको भवनमा लाग्ने दस्तुर गणना गर्दा छुट भएको देखिँदा घटी असुल भएको रु १७१३२६। निजबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७१,३२६ |

८९ **विज्ञापन कर**

काठमाडौं महानगरपालिका होडिङ्ग बोर्ड नियमन समितिको मिति २०८१/१०/१५ को निर्णयले प्राविधिक स्थलगत निरीक्षण प्रतिवेदन बमोजिम मापदण्ड भित्र रहेका वा सामान्य सुधार गरी राख्न मिल्ने ९ वटा करदाताहरूको डिजिटल होडिङ्ग बोर्डहरूको हकमा आ.व. २०७९/८० देखि २०८१/८२ सम्मको विज्ञापन कर र जरिवाना असुल गरी नवीकरण गर्ने निर्णय गरेको देखिन्छ । विज्ञापन कर निर्देशिका, २०६४ बमोजिम अनुमति प्राप्त गरी सञ्चालित होर्डिङ बोर्डबाट प्राप्त हुनुपर्ने रकम भन्दा घटी राजस्व दाखिला भएको छ । यस अवधिमा देहाय अनुसार डिजिटल होर्डीङ बोर्ड सञ्चालन गरी आंशिकमात्र कर भुक्तानी गरेको देखिँदा बाँकी रकम रु ३०३७०००। र सोमा नियमानुसार लाग्ने थप जरिवाना समेत असुल उपर गर्नुपर्ने रु.

| करदाताको नाम | तिरेको रकम (रू) | थप तिर्नुपर्ने रकम (रू) |
|---|---|---|
| बतास एडब्राइट प्रा.लि. | २३८००० | ८४२००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **४०६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **८८८,६००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **९००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४२,००० |

९० **उठन बाँकी सम्पत्ती कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ तथा काठमाडौं महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१ को दफा २ बमोजिम महानगरपालिकाको क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल गर्नुपर्ने व्यवस्था उल्लेख छ। महानगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका संभावित करदाताहरूको पहिचान गरी तिनिहरुलाई करको दायरामा ल्याउनुपर्दछ । के कति करदाताबाट सम्पत्ती कर कति उठ्न बाँकी हो भनी सालबसाली गणना गरी लगत अद्यावधिक गरेको देखिएन। महानगरले विगतमा गणना गरी राखेको केही करदाताको राजस्व बक्यौता भनी उल्लेख गरेको छ ।नेपाल सरकारका अधिकाँश स्वामित्व भएका संस्थान, ट्रष्ट, एवं कर छुट प्राप्त संस्थाबाट सम्पत्ति कर उठ्न बाँकी भनी हिसाब गर्ने गरेको तर उठेको देखिएन। यस सम्बन्धमा कानूनी प्रष्टता गरी कर निर्धारण गरी सम्पत्ती कर असुल गर्नुपर्ने देखिन्छ।राजस्व ऐन,२०७५ को दफा १२ मा बक्यौता सम्पत्ति कर असुल नभएमा महानगरपालिकाबाट बक्यौता सम्पत्ती कर भुक्तानीका लागि करदाता समक्ष समय सीमा तोकी कर निर्धारण आदेश पठाउन सक्ने ,करदातालाई प्रदान गरिने सेवा रोक्का गर्ने, करदाताको चल अचल सम्पत्ति रोक्का राख्ने लगायतको प्रावधान उल्लेख गरेको देखिन्छ । समयमा सम्पत्ति कर नबुझाउने उपर ऐनमा उल्लिखित विषयको कार्यान्वियन गरी बक्यौता असुली गर्नुपर्ने एवं सम्पत्ति करको लगत अद्यावधिक गरी उठाउनु पर्ने कर यकिन गरी असुल गर्नुपर्दछ।

९१ **उठन बाँकी बहाल कर**

काठमाडौं-महानगरपालिका-घर-बहाल-व्यवस्था-निर्देशिका-२०७९ को दफा ८ मा घर बहालमा नभएमा विवरण पेस गर्नुपर्ने व्यवस्था छ । उक्त दफाको उपदफा(१) मा क्षेत्रभित्र घर बहालमा दिने व्यक्तिले बहालमा दिने त्यस्तो घर खाली रहेमा, बहालमा लिने व्यक्तिले बहालमा लिन छोडेमा, वहालमा दिएको घर आफैलाई आवश्यक परी खाली गराइएमा वा खाली भएमा वा सम्झौताबमोजिम आफैले हटाएमा वा जुनसुकै कारणले घर खाली भएमा त्यसरी घर खाली भएको मितिले सात दिनभित्र अनिवार्य रूपमा सम्बन्धित वडा कार्यालयमा घर खाली भएको जानकारी गराउनुपर्ने त्यसैगरी उपदफा (२) मा उपदफा (१) बमोजिमको घर खाली भएको विवरण पेस भएपश्चात् सम्बन्धित वडा कार्यालयले सोको जाचँबुझ गरी यथार्थ व्यहोरा अद्यावधिक गरी राख्नुपर्ने र उपदफा (३) वडा कार्यालयमा दर्ता भएको घर खालीको विवरण र अवधिलाई कट्टा गरी बहाल कर निर्धारण गर्नुपर्ने र उपदफा (४) मा आफ्नो घर बहालमा नलागेको वा खाली भएको अवधि सम्बन्धमा सम्बन्धित वडा कार्यालयमा मौकामा विवरण पेस गरी अद्यावधिक नगराएमा बहाल करमा छुट सुविधा नहुने उल्लेख छ ।बहाल बापतको के कति रकम बक्यौता रहेको भनी पालिकाले तथ्याङ्क अद्यावधिक गरेको छैन। विगतमा बहाल करमा दर्ता भई कर तिरेका तत्पश्चात् बहाल कर नतिरेका केही करदाताको विगतमा तिरेको करको आधारमा तिर्न बाँकी उल्लेख गरी गणना गरेको देखिन्छ । महानगरले विगतमा गणना गरी राखेको केही करदाताको राजस्व प्रणाली अनुसार रु.१० लाख भन्दा माथि कर तिर्न बाँकी रहेका १४ ठुला करदाताहरू निम्नानुसार छन् ।

| सि.न | करदाता संकेत न. | करदाताको नाम | कर नातिरेको आ.व | बक्यौता कर रकम |
|---|---|---|---|---|
| १ | ३१–०१–०६२१ | अजयराज सुमार्गी पोखरेल | २०७५/७६ देखी २०७९/८० | १०३९२०६४ |
| २ | ०५-२५-०३१२ | वतास अर्गनाइजेशन प्रा.लि | ०७६/०७७ फाल्गुण देखी ०८१/८२ | ७९५४१६७ |
| ३ | २८–२५–०३४७ | बोन्ड्स नेपाल प्रा.लि. | २०७५/७६ देखी २०७९/८० | ३९४८००० |
| ४ | १०–२०–०७१५ | देबेन्द्र बहादुर भण्डारी समेत | २०७२/७३ देखी २०८०/८१ | ३८८००९२ |
| ५ | २९–१०–०१३० | चैनकेशरी तुलाधर स्थापित | २०७३/७४ देखी २०८१/८२ | ३७२१९२० |
| ६ | २७–३२–००७९ | हरि प्रसाद पौडेल | २०७९/८० देखी २०८१/८२ | २८४५८०६ |
| ७ | ३१–३१–०५०५ | श्री प्रकाश र राज प्रकाश श्रेष्ठ समेत | २०७५/७६ देखी २०८१/८२ | २८२०६७९ |
| ८ | १३–२९–०५५२ | रुपिन्द्र कौर | २०७६/७७ देखी २०७८/७९ | २६७९५६७ |
| ९ | १४-०८-००४९ | गौरी प्रभा श्रेष्ठ | ०७९/८० फाल्गुण देखी ०८१/८२ | २४००७४० |
| १० | २८–०१–००९७ | अनिता अग्रवाल | २०७२/७३ देखी २०७८/७९ | २२०१०७६ |
| ११ | ३२–३२–०२४९ | हिमालयन ह्वाइट हाउस कलेज | २०७६/७७ देखी २०७८/७९ | १७७५००० |
| १२ | १०–०६–००५७ | कल्पना माकाजु | २०७५/७६ देखी २०८१/८२ | १७३९३९१ |
| १३ | ३०-९९-०१२२ | आइ.एन.जि ग्रुप प्रा.लि | ०८०/८१ साउन देखि ०८१/०८२ | १६६३२०० |
| १४ | २१-२५-०१४६ | बासन्ती देवी वज्राचार्य | ०८०/८१ फाल्गुण देखी ८१/८२ | १६३८८८९ |

राजस्व ऐन,२०७५ को दफा २४ मा बक्यौता बहाल कर असुल नभएमा महानगरपालिकाबाट बहाल कर भुक्तानीका लागि करदाता समक्ष समय सीमा तोकी विद्युतीय वा अन्य जुनसुकै माध्यमबाट कर निर्धारण आदेश पठाउने ,करदातालाई प्रदान गरिने सेवा रोक्का गर्ने, करदाताको चल अचल सम्पत्ति रोक्का राख्ने लगायतको प्रावधान उल्लेख गरेको देखिन्छ । निर्देशिकामा उल्लिखित उल्लिखित प्रावधान पुरा नगरी समयमा बहाल कर नबुझाउने उपर राजस्व ऐनमा उल्लिखित विषयको कार्यान्वियन गरी बक्यौता असुली गर्नुपर्दछ ।

## ९२ करको दायरा विस्तार

९२.१ **सम्पत्ती कर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्र एकीकृत सम्पत्ति कर वा घरजग्गा कर लगाउने व्यवस्था छ। एकै व्यक्तिको स्वामित्वमा पालिकाभरि रहेका सम्पूर्ण घरजग्गाको मूल्यांकनलाई एकीकृत (Clubbing) गरी सो कुल मूल्यको आधारमा कर निर्धारण गर्नुपर्नेमा गरेको देखिएन। उदाहरणको लागि लेखापरीक्षणको क्रममा योगेश दास, शैलेन्द्र र संजय राज (करदाता संकेत नं ३१-२८-०१५४) को नाममा १-११-१-० जग्गाको लागि कर दाखिला भएको देखिन्छ, जसमा निजहरूको छुट्टाछुट्टै धनीपुर्जा (क्रमशः २९४.१२, २८६.१७ र २८६.५६ वर्गमिटर) रहेको छ। साथै, निजहरू तीन जना सहित रबिन्द्र राज र योगेन्द्र राज समेत (करदाता संकेत नं ३१-२१-००४७) को नाममा संयुक्त स्वामित्व रहेको ०-१३-२-० जग्गाको छुट्टै कर तिरेको देखिन्छ।यसरी एउटै व्यक्ति (योगेश, शैलेन्द्र र संजय) को स्वामित्व वा हक हिस्सा विभिन्न ठाउँमा वा विभिन्न समूहमा रहेको अवस्थामा ती सबै सम्पत्तिलाई एकीकृत गरी सम्पति कर निर्धारण गर्ने प्रणाली र कार्यविधिमा स्पष्टता देखिँदैन। सम्पत्ति एकीकृत नगर्दा सम्पत्तिको कुल मूल्यांकन कम हुन गई कम स्ल्याब (Slab) को कर लाग्ने र राजस्व गुम्ने स्थिति रहन्छ। तसर्थ, व्यक्तिको एकल स्वामित्व, संयुक्त स्वामित्व र अंशियारहरू बीचको स्वामित्वमा रहेको सम्पत्तिलाई एकीकृत गरी कर निर्धारण गर्ने व्यवस्था गर्नुपर्दछ ।

९२.२ **बहाल कर**- महानगरपालिकाले पेश गरेको विवरण अनुसार बहाल करमा १३६६९० जना करदाता दर्ता भई ६८२९८ जना अर्थात ५० प्रतिशतले मात्र बहाल कर बुझाएको देखिन्छ ।

| क्र.स. | करको किसिम | नविकरण भएको करदाता संख्या | नयाँ करदाता संख्या | कर तिरेको करदाता संख्या | कर नतिरेको करदाता संख्या | जम्मा करदाता संख्या | दर्ता भई कर नतिर्ने प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | बहाल कर | ५३२११ | १५०८७ | ६८२९८ | ६८३९२ | १३६६९० | ५०.०३ |

महानगरपालिका क्षेत्रभित्र नेपाल विद्युत प्राधिकरण तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट सेवा लिने सेवाग्राहीहरू ठूलो संख्यामा रहेको भए पनि ती सेवाग्राहीका भवनहरूबाट प्राप्त घरभाडा आय, कर प्रयोजनका लागि घोषित घरभाडा र प्रचलित बजार मूल्यबीच तुलनात्मक विश्लेषण गरेको देखिएन। बहाल करमा दर्ता भएका करदाताको संख्या सम्पत्ति करमा दर्ता रहेका करदाता १४२७५७ भन्दा न्युन रहेको देखिँदा सम्भावित बहाल कर संकलन हुन सकेको छैन। महानगरपालिकाले नेपाल विद्युत प्राधिकरण तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेडजस्ता सेवा प्रदायक संस्थाबाट प्राप्त सेवाग्राही विवरणको उपयोग गरी घरभाडा आयको तुलनात्मक विश्लेषण गर्नुपर्ने देखिन्छ। साथै, करको दायराबाहिर रहेका नयाँ व्यावसायिक तथा आवासीय भवनहरूको पहिचान गरी घरभाडा कर प्रणालीमा समावेश गर्दै करदाताको दायरा विस्तार गर्नुपर्ने देखिन्छ।

९२.३ **शैक्षिक संस्थाको शुल्क-** काठमाडौँ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन, २०८१ को अनुसूची १३ अनुसार तालिम तथा अनुसन्धान केन्द्र, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र, सिपमूलक तालिम केन्द्र (घरेलु स्तरका) तथा ट्युसन एवम् कोचिङ सेन्टरहरूले महानगरपालिकाबाट अनुमति पत्र लिनुपर्ने र सो बापत रू ५,००० शुल्क बुझाउनुपर्ने व्यवस्था छ। महानगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार महानगर क्षेत्रभित्र १,७१६ वटा त्यस्ता संस्थाहरू दर्ता भई सञ्चालनमा रहेका छन्। तर, महानगरपालिकाले ती संस्थाहरूलाई नियमन गरी ऐन बमोजिमको अनुमति पत्र जारी गरेको र तोकिएको शुल्क लिएको देखिँदैन। उक्त व्यवस्था कार्यान्वियन नहुँदा १७१६ संस्थाहरुबाट प्रति संस्था रू ५०००। का दरले हुन आउने कुल राजस्व रू ८५,८०,००० । सङ्कलन न्युन भएको देखिन्छ । आर्थिक ऐनमा उल्लेख भए बमोजिमको शुल्क असुल उपर गर्नुपर्दछ।

९२.४ **होस्टेलको अभिलेखाङ्कन दस्तुर-** काठमाडौँ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन, २०८१ को अनुसूची १३ अनुसार महानगरपालिका क्षेत्रभित्र सञ्चालित होस्टेलहरूलाई नियमन गरी अनुमति पत्र जारी गर्ने वा अभिलेखिकरण गर्ने र सो बापत रू १०,०००। दस्तुर लिनुपर्ने व्यवस्था छ।महानगरपालिकाको अभिलेख अनुसार महानगर क्षेत्रभित्र ७३३ वटा होस्टेलहरू सञ्चालनमा रहेका छन्। तर, हालसम्म ती होस्टेलहरूलाई नियमन गरी अनुमति पत्र जारी गर्ने वा अभिलेखिकरण गर्ने प्रक्रिया सुरु भएको देखिँदैन। उक्त व्यवस्था कार्यान्वियन नहुँदा ७३३ वटा होस्टेलबाट प्रति होस्टेल रू १०,००० ।का दरले हुन आउने कुल राजस्व रू ७३,३०,००० सङ्कलन न्युन भएको देखिन्छ। आर्थिक ऐनमा उल्लेख भए बमोजिमको दस्तुर असुल गर्नुपर्दछ।

९२.५ **भवनको प्रयोजनको अनुगमन-** काठमाडौँ महानगरपालिकाको आर्थिक ऐन अनुसार भवन निर्माणको नक्सा पास दस्तुर आवासीय प्रयोजनका लागि प्रति वर्गफिट रू २५ र व्यावसायिक, मिश्रित तथा १०,००० वर्गफिट भन्दा बढी क्षेत्रफल भएका भवनहरूका लागि प्रति वर्गफिट रू ३५ का दरले लाग्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा आ.व. २०८१/८२ मा नक्सा पास भएका तपसिलका भवनहरूले 'आवासीय प्रयोजन' उल्लेख गरी प्रति वर्गफिट रू २५ का दरले मात्र दस्तुर बुझाएको देखिन्छ। तर, ती भवनहरूको नक्साको प्रकृति (Layout), अवस्थिति (Location) र कुल क्षेत्रफल विश्लेषण गर्दा १०,००० वर्गफिट भन्दा कम उल्लेख गरी रहेकाले आवासीय नभई व्यावसायिक वा मिश्रित प्रयोजनमा प्रयोग हुने सक्ने देखिन्छ।तसर्थ, उक्त भवनहरूको स्थलगत निरीक्षण गरी वास्तविक प्रयोजन र क्षेत्रफल यकिन गर्नुपर्दछ। यदि भवन व्यावसायिक/मिश्रित प्रयोजनमा रहेको वा १०,००० वर्गफिट भन्दा बढी देखिएमा नियम अनुसार लाग्ने थप दस्तुर (प्रति वर्गफिट रू १० को फरक रकम) सम्बन्धित घरधनीबाट असुल उपर गर्नुपर्दछ।यस सम्बन्धी केही उदाहरण देहाय बमोजिम रहेका छन् जस्तै रेणु अग्रवालको नक्सा अनुसार कमलपोखरी मुल सडकमा लिफ्ट सुविधा र ६ गाडी पार्किङ सुविधा रहेको ९,९४९.६८ वर्गफिटको भवन आवासीय प्रयोजनमा पास भएको देखिन्छ ।

| नाम | निर्माण (Sq ft) क्षेत्रफल |
| --- | --- |
| गोपाल बहादुर बुढाथोकी | ९९६२.५ |
| साङ्मा गुरुङ | ९९५५.७४ |
| रेणु अग्रवाल | ९९४९.६८ |
| मनिषा शाह | ९९३४. |
| रुचि अग्रवाल | ९९३१.९८ |
| अन्जली श्रेष्ठ | ९९१३.८२ |
| विनोद कुमार मानन्धर | ९८३६.७२ |
| प्रकाश कार्की | ९७७६. |
| रितेश गोयल | ९७७३.१४ |
| सुरज कुवँर समेत, सविता राना , | ९७७०.१९ |
| मनी जोशी | ९७४६.२ |
| महेश तिमिल्सिना , रमेश तिमिल्सिना | ९७३१.८ |
| विना कार्की शाही | ९७१०.८८ |

## ९३ **कवाडी करको आय ठेक्का**

महानगरपालिका र मारुती ढुवानी सेवा प्रा. लि. बिच काठमाडौं महानगर क्षेत्रभित्र कबाडी कर संकलन गर्ने सम्बन्धमा २०७८/११/२६ मा ३ वर्षका लागि सम्झौता गरेको छ । सम्झौताको बुँदा नं ३ अनुसार वार्षिक रोयल्टी रु.८,११,११,१११.०० बुझाउनुपर्ने उल्लेख छ। सो रकम बुझाउँदा मासिक रुपमा अर्को महिनाको ७ गते भित्र बुझाउनुपर्ने र तोकिएको समयमा नबुझाएमा मासिक १० प्रतिशत जरिवाना असुल गर्नुपर्ने उल्लेख छ । यो बर्ष सम्झौता अनुरुप यो बर्षको २०८१ श्रावणदेखि २०८१ फागुन २५ अर्थात २३८ दिनको रु ५,२९,६२,१४०। प्राप्त हुनुपर्ने रोयल्टी रकम प्राप्त भएको छैन । यस सम्बन्धमा देखिएका केही बेहोरा देहाय अनुसार रहेको छ ।

- श्री एस. एण्ड एस डेभलपमेन्ट कन्सल्टेन्सी नामक संस्थाबाट अध्ययन गराई सो अध्ययन प्रतिवेदनको आधारमा आय ठेक्काका लागि खरिद प्रकृया अगाडी बढाई मिति २०७८/११/२६ गते काठमाडौँ महानगरपालिका र श्री मारुती ढुवानी सेवा प्राइभेट लिमिटेड बीच ३ वर्षका लागि शुरुमा वार्षिक रु. ८,११,११,१११/- र आर्थिक वर्ष २०७९/८० मा आर्थिक ऐनमा भएको परिवर्तनबाट पछिल्लो पटक कायम भएको वार्षिक रु. ८,१२,२३,९५५/- को ठेक्का सम्झौता भएको देखिन्छ ।
- ठेक्का कबोल गर्ने पक्षबाट २०८० फागुन ३ गतेदेखि बिभिन्न मितिमा सम्झौता पुनरावलोकन गरी पाउन निवेदन दिएको देखिन्छ सो विषय राजस्व परामर्श पेश हुँदा राजस्व परामर्श समितिको मिति २०८१/०१/१२ गतेको निर्णय अनुसार कबाडी करको ठेक्का लिने पक्ष मारुती ढुवानी सेवाले पेश गरेको निबेदन उपर अध्ययन गरी राय सुझाव सहितको सिफारिस प्रतिबेदन दिने गरी राजस्व विभागका प्रमुखको अध्यक्ष्यतामा ५ सदस्य रहेको समिति गठन गरेको देखिन्छ ।
- समितिले २०८१ जेष्ठ ६ गते ठेक्का लगाउने सन्दर्भमा प्रस्तावमा उल्लेख गरिएको कबाडी संकलन व्यवसायीहरुको संख्या र हाल विद्यमान रहेका व्यवसायीहरुको संख्याको अनुपातमा हुने गरी सम्झौतामा उल्लेखित रकमलाई आधार मानी कवाडी कर बुझाउन बाँकी रहेको व्यवसायीको संङ्ख्या र हाल विद्यमान रहेका व्यवसायीहरुको सङ्ख्याको अनुपातमा हुने गरी सम्झौतामा उल्लेखित रकमलाई आधार मानी कबाडी कर बुझाउन बाँकी रहेको अवधिसम्मको राजस्व रकम यकिन गरी पुनरावलोकन गर्ने सम्बन्धमा राजस्व परामर्श समितिको २०८१।२।३१ को बैठकले निर्णय गरेको देखिन्छ ।

- साथै महानगरपालिकाको २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रमको दफा ५६ मा काठमाडौ महानगरपालिकाको आवासीय क्षेत्रबाहेकका स्थानमा मात्र कवाडी तथा निर्माणजन्य सामाग्री बिक्री केन्द्रहरु सञ्चालन गर्न अनुमति दिइने उल्लेख गरेको देखिन्छ ।
- राजस्व परामर्श समितिको मिति २०८१।४।०८ को निर्णय अनुसार राजस्व विभागलाई दिएको निर्देशन बमोजिम मिति २०८१ असार मसान्तसम्मको सम्झौता अनुरुपको सम्पूर्ण रकम असुली गरी पेश भएकोमा राजस्व समितिको निर्णयबाट श्री एस. एण्ड एम. डेभलपमेन्ट कन्सल्टेन्सी नामक संस्थाबाट अध्ययन गराई प्राप्त अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका ८०० मध्ये बाँकी रहेका ३२ वडाबाट सङ्कलन गरिएको विवरण अनुसार १५१ वटा कवाडी व्यवसाय सञ्चालनमा रहेको देखिन्छ। उक्त विवरणका आधारमा संख्यालाई आधार मानी मिति २०८१ जेठदेखि फाल्गुनसम्मको संख्याको अनुपातको आधारमा कर उठाउन उठाउन उपयुक्त हुने भनी मिति २०८१/०२/०६ मा कर सम्बन्धी राय सुझाव सहितको सिफारिस प्रतिवेदनले औल्याएको देखिन्छ ।

सम्झौता संशोधन नगरी व्यवसायीको संख्या मात्रलाई आधार मानी कर असुली निर्धारण गर्ने स्पष्ट कानुनी व्यवस्था देखिँदैन। साथै, व्यवसायीको संख्या घटे पनि संकलन हुने कवाडीको वास्तविक परिमाण (Volume) घटेको वा संकुचित भएको सम्बन्धमा कुनै मात्रात्मक विश्लेषण गरिएको प्रमाण पेश हुन सकेन। यसरी सम्झौताअनुसार तोकिएको रोयल्टी, नीतिगत परिवर्तन तथा व्यवसायी संख्या घटेको अवस्थाबीच स्पष्ट सम्बन्ध र गणनाको आधार स्थापित गर्नुपर्ने देखिन्छ । अत: व्यवसायी संख्या घटे पनि संकलनको परिमाण सीमित संख्यामा स्थानान्तरण भएको हुन सक्ने अवस्थालाई समेत यकिन गरी संकलन हुने कवाडीको वास्तविक परिमाणको तथ्यांक (तौल, ट्रिप, बिक्री विवरण) संकलन गरी वस्तुगत आधारमा राजस्व निर्धारण गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२९,६२,१४० |

## ९४ गोङ्गबु नयाँ बसपार्क

९४.१ महानगरपालिका र लोहोत्से बहुउद्धेश्यीय प्रा. लि. बीच महानगरपालिका वडा नं. २६ गोंगबुमा रहेको नयाँ बसपार्क निर्माण तथा विकास गरी संचालन गर्ने सम्बन्धमा भएको २०५६।१२।२९ को संझौता संशोधन गरी २०७२।४।२५ मा पुरक सम्झौता भएको छ । वार्षिक रोयल्टी रु. ५१,००,०००.०० का दरले ४५ वर्ष लिज अवधि भित्र रु.२७,५४,००,०००.०० र ५ बर्ष पछि वार्षिक ५ प्रतिशत थप रोयल्टी समेत बुझाउने उल्लेख छ । सम्झौताको ६(घ) अनुसार नक्सा पास गरी स्वीकृति लिंदा लाग्ने आवश्यक दस्तुर प्रथम पक्षले मिनाहा दिन सक्ने र यदि प्रथम पक्षले व्यहोर्नु पर्ने कुनै शुल्क वा दस्तुर द्बितीय पक्षले तिरे बुझाएको अवस्थामा उक्त रकम द्बितीय पक्षले प्रथम पक्षलाई तिर्नु पर्ने दस्तुर (रोयल्टी) रकममा कट्टा गरी बुझाउन सक्ने, ६(ढ) मा अनुसार लगानीकर्ताको लगानीलाई समुचित सुरक्षा प्रदान गर्नु प्रथम पक्षको कर्तव्य हुने र सम्झौताको ६(ढ) अनुसार यस करारनामा बमोजिमका कार्यहरु गर्दा दैविक प्रकोप वा काबु बाहिरको परिस्थितिले गर्दा तोकिएको निर्माण अवधिभरमा निर्माणको काम सम्पन्न हुन नसकेमा दुवै पक्षको आपसी सहमतिबाट समयावधि थप गर्न सकिने र कुनै त्यस्तो प्रकृत्तिको वा अन्य कुनै अवस्था पर्न गएको कारण द्बितीय पक्षले करार बमोजिमको कुनै अवधिको लागि बसपार्क वा यसको कुनै भाग भोग गर्न नपाएमा त्यस्तो भोग गर्न नपाएको अवधिको लागि द्बितीय पक्षले कुनै दायित्व व्यहोर्नु नपर्ने लगायतको व्यवस्था उल्लेख छ । मिति २०७२।४।२५ मा महानगरपालिका र कम्पनी बीच मिति २०५६/१२/२९ मा भएको सम्झौताको प्रकरणमा नं ६(प) को व्यवस्थाको आधारमा मुल सम्झौतमा उल्लेखित बुँदाहरुबाट संशोधन गरी पुरक सम्झौता गरेको छ । यस सम्बन्धी थप बेहोरा देहाय अनुसार रहेको छ ।

९४.२ काठमाण्डौ महानगरपालिका र ल्होत्से बहुबर्षिय प्रालि विच कामपा २९ वडा स्थिति गोवंबुमा रहेको नँया बसपार्क निर्माण तथा विकास गरी संचालन गर्न मिति २०५६।१२।२९ को मुल सम्झौतामा संशोधन गरी २०७२।४।२५ मा गरीएको पुरक सम्झौताको सि.न २ अनुसार अवधारणागत डिजाईनमा उल्लेख गरेभन्दा विपरीत निर्माण गरेवापत रु ९ लाख रोयल्टी उपलब्ध गराउनुपर्ने र उल्लेखित थप रोयल्टी समेत गरी यो सम्झौता भएको मितिवाट बार्षिक रोयल्टी रु ९२०७३६३ कायम गरेको र सि.न २(घ)अनुसार मास्टर प्लान

अनुसारको भवन संरचनाहरु निर्माण गरी संचालन गरेवापत रु १८ लाख थप रोयल्टी बुझाउन ल्होत्से बहुउद्देश्यी प्रालिको दायित्व हुने उल्लेख गरेकोमा सो बापतको थप रकम बुझाएको देखिएन । २०७२।४।२५ मा भएको पुरक सम्झौताको खण्ड ३ मा थप निर्माणको सम्बन्धमा उल्लेख छ । जस्को उपखण्ड (क) मा थप निर्माण शुरु गर्नु भन्दा अगावै निर्माण हुने सम्पूर्ण सरचनाको निर्माण गरिने ठाउँ, डिजाइन, निर्माण सम्पन्न हुन लाग्ने समय, जम्मा लाग्ने लगानी समेत स्पष्ट खुलाई स्वीकृतिका लागि द्वितीय पक्षले प्रथम पक्ष समक्ष निवेदन दिनुपर्ने एवं निवेदन पेश भएको मितिले ६० दिन भित्र पेश भएको नक्शा मापदण्ड र प्रचलित कानून वमोजिम स्वीकृत गर्नुपर्ने उल्लेख छ । द्वितीय पक्षले पेश गरेको नक्शा डिजाइन संशोधन गर्नुपरेमा वा फरक खालको पुनः पेश गर्न लगाउनु पर्ने भएमा नक्शा पेश गरेको मितिले ३० दिन भित्रमा प्रथम पक्षले, दोश्रो पक्षलाई लिखितै रुपमा जानकारी गराउनुपर्ने पुनः संशोधित वा फरक नक्शा एक महिना भित्रै द्वितीय पक्षले प्रथम पक्ष समक्ष पेश गरी अन्तिम भए पश्चात एक महिना भित्र प्रथम पक्षले स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा भवन निर्माण मापदण्ड र कामपा ले अवलम्बन गरेको भवन सहिता बमोजिमको नक्शा डिजाइन स्वीकृत गरी द्वितीय पक्षलाई निर्माण गर्न अनुमति दिइ सक्नुपर्ने र (ख) मा पेश भएको नक्शा डिजाइन बमोजिम गुणस्तरीय सामग्री / उपकरण प्रयोग गरी निर्माण गर्नुपर्ने र सोको अनुगमन प्रथम पक्षले गर्नुपर्ने उल्लेख छ । उक्त पुरक सम्झौता अनुरुप थप निर्माण भए । नभएको सम्बन्धमा विवरण पेश गरेको छैन । पुरक सम्झौता एवं मास्टर प्लान अनुरुप निर्माण कार्य भएको अवस्थामा रोयल्टी रकम बापतको रकम असुल गर्नुपर्ने देखिन्छ । लोत्से बहुउद्देश्यीय प्रालिले २०८१।४।१३ मा पालिका समक्ष पेश गरेको कम्पनीको अभिलेख अनुसार कम्पनीले महानगरपालिकालाई कुनै पनि रोयल्टी बुझाउन बाँकी नदेखिएको एवं यस कम्पनीले नक्शा पास वापत त्यस महानगरपालिकालाई बुझाएको रकम रु.८३,८८,३१०।- मूल सम्झौताको बुँदा नं. ६(घ) अनुसार छुट गरी फिर्ता हुनुपर्ने र सोलार बत्ति वापत यस कम्पनीको तर्फबाट जम्मा गरेको रु.१२,५३,६८०।-तोकिएको कार्य सम्पादन हुन नसकेको कारण सो समेत गरी जम्मा रु.९६,४१,९९०।- यस कम्पनीलाई फिर्ता गर्नु पर्नेमा लामो अवधि भई सक्दा समेत फिर्ता नभएकोले महानगरपालिकामा रहेको अभिलेख र यस कम्पनीको रोयल्टी हिसाबको अभिलेख भिडाइ रोयल्टी रकमको वास्तविक यर्थाथता एकिन गरी हिसाव मिलान गर्न पत्राचार गरेकोमा पालिकाले यस सम्बन्धमा यकिन गरेको छैन । पालिकाले यस सम्बन्धमा के कति रकम उक्त प्रालिले मिलान गर्न पाउने हो र उस्ले के कति तिर्न बुझाउन बाँकी रहेको हो उल्लेख गरी असुल गर्ने कार्य गरेको देखिएन। मास्टर प्लान अनुसार थप निर्माण कार्य भएको अवस्थामा सम्झौता अनुरुपको थप रकम समेत देहाय अनुसार रु २२,३५,८४,०९६। प्राप्त गर्नुपर्नेमा रु २०,७०,३७,४८३। मात्र बुझाएको देखिँदा बाँकी रकम रु १,६५,४६,६१३। एकिन गरी असुल गर्नुपर्ने रु.

| २०७२।४।२६ को सम्झौता अनुरुप मास्टर प्लान अनुरुप संरचना थप गरेको अवस्थामा २०८२।४।२४ सम्म बुझाउनुपर्ने किस्ता | बुझाएको किस्ता | फरक रकम |
|---|---|---|
| २२३५८४०९६ | २०७०३७४८३ | १६५४६६१३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६५,४६,६१३ |

## ९५ काठमाडौं टावर पुरानो बसपार्क

पुरानो बसपार्कमा काठमाडौं टावर परियोजना ( बहुउदेश्यीय बहुतल्ले सपिङ् कम्पलेक्स सहितको बस टर्मिनल) निर्माण गर्न Design, Finance, Built, Operate and Transfer (DFBOT) मोडेल अनुसार जलेश्वर स्वच्छन्द विकोइ जे. भि सँग सम्झौता भएको पाइयो । उक्त जे. भि. लाई निर्माण अवधि ५ वर्ष हुने गरी २०७३।४।३० मा कार्यादेश प्रदान गरेको देखिन्छ । सम्झौता अनुसार ५ वर्षभित्र संरचना निर्माणको कार्य सम्पन्न गरी ३० वर्षसम्म भोगचलन गर्ने उल्लेख भएकोमा ९ बर्ष व्यतित भैसक्दा समेत निर्माण कार्य सम्पन्न भएको देखिएन । यस सम्बन्धमा देखिएका केही बेहोरा देहाय अनुसार रहेका छन् ।

(क) सम्झौताको बुँदा नं ३.४ मा प्रथम पक्षद्वारा परियोजनाको जलेश्वर स्वच्छन्द विकोइ जे. भि. सँग कार्यादेश दिएको मितिले ३० वर्ष आयोजनाको लिज अवधि कायम हुने गरी २०७१।११।२२ विस्तृत इन्जिनियरिङ् डिजाइनमा आधारित भई निर्माण प्रारम्भ गर्नुभन्दा पहिले नै दोश्रो पक्षले डिजाइन, निर्माण एवं संचालन तथा मर्मत समेत समावेश गरी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नुपर्ने र DPR बमोजिम गर्नुपर्ने भौतिक संरचनाहरुको नक्शाहरु तयार गरी प्रथम पक्षबाट स्विकृत गरी निर्माण कार्यादेश प्राप्त गरेपछि मात्र निर्माण कार्य प्रारम्भ गर्नुपर्ने दोश्रो पक्षको दायित्व हुने उल्लेख छ । सम्झौताको अनुसूचि २ मा काठमाडौ महानगरपालिकाको मिति २०७१।१।

२० को वोर्ड बैठकबाट स्विकृत DPR संलग्न उल्लेख गरेकोमा उक्त DPR लेखापरीक्षण समक्ष पेश भएको छैन । निर्माण मापदण्ड अनुसार निर्माण कार्य भैरहेको छ छैन भनी सुनिश्चित गर्ने प्रयोजनको लागि दोश्रो पक्षले मापदण्ड अनुसारको सबै आवश्यक अध्ययन तथा आवधिक परीक्षण कार्य गर्नुपर्ने उल्लेख गरेकोमा सो को अनुगमन गरेको विवरण पेश गरेको छैन।

(ख) सम्झौताको बुँदा नं ३.१३ को ३ मा जग्गा लिज भाडा वापत वार्षिक रुपमा ७० लाख प्रत्येक वर्ष दोश्रो पक्षले बुझाउनु पर्ने, उक्त रकममा प्रत्येक ५ वर्षमा १० प्रतिशत बृद्धि हुने र लिज भाडा बुझाउनु अवधि प्रमियम बुझाउने अवधिलाई मानिने उल्लेख भएकोमा उक्त प्रा.ली. ले हालसम्म लिज रकम वापतको रकम बुझाएको पाइएन । बार्षिक लिज रकम कार्यादेश दिएको मितिले ५ वर्ष अर्थात २०७८।४।३० सम्म वार्षिक ७० लाख र त्यसपछिका वर्षको वार्षिक ७७ लाख महानगरपालिकालाई बुझाउनु पर्ने व्यवस्था अनुरुप २०८२।४।३० हालसम्म रु. ६,५८,००,०००.०० असुल गर्नुपर्नेमा सो रकम प्राप्त भएको छैन । उक्त प्रालिबाट प्राप्त हुन बाँकी रकमको सम्बन्धमा विगत बर्षका बेरुजुम समेत बेहोरा औंल्याएकोमा बाँकी रकम असुल भएको देखिएन । सम्झौताको शर्त अनुसार यो बर्षको रु ७७,००,०००। र जरिवाना समेत गणना गरी असुल हुनुपर्दछ ।

(ग) सम्झौताको बुँदा नं ३.१३ को १ मा दोश्रो पक्षले प्रिमियम भुक्तानी गर्दा अनुसूचि ६ को तालिकामा उल्लेख भए बमोजिम निर्माण व्यवसायीले ३० वर्ष सम्म वार्षिक रुपमा बुझाउनु पर्ने प्रिमियम रकमको व्यवस्था गरिएको छ । उक्त अनुसूचि अनुसार कार्यादेश दिएको मितिले रु ९,८३,३३३। बुझाउनुपर्ने र त्यसपछि सम्झौता अनुसार बृद्धि हुँदै जाने देखिन्छ ।उक्त अनुसूचिमा कार्यादेश भएको मितिले २९ वर्ष भित्रको वार्षिक प्रिमियम उल्लेख छ । अनुसूचिको नोट मा कार्यादेश भएको मितिलाई नै वार्षिक प्रिमियम बुझाउने मिति मान्ने उल्लेख छ । सम्झौतामा प्रथम पक्षलाई दिनुपर्ने भुक्तानी मिति भन्दा १५ दिन भन्दा बढी भुक्तानीमा ढिलाई भएमा भुक्तानी कार्यान्वियन हुने दिन सम्म वार्षिक १० प्रतिशतको दरले व्याज व्यहोर्नुपर्ने छ ।महानगरबाट प्राप्त विवरण अनुसार उक्त प्रा .लि. ले सम्झौता अनुसारको २०८२।४।२९ सम्मको प्रिमियम रकम रु.१७,४०,७५,०००। बुझाउनु पर्नेमा २०७८.४.२९ सम्मको रु. ७,७७,५३,३३२.०० महानगरपालिकामा बुझाएको देखिकोले नपुग रु.९,६३,२१,६६८। र सम्झौता अनुसार सो रकममा लाग्ने जरिवाना समेत यकिन गरी असुल हुनुपर्दछ । उक्त प्रालिबाट प्राप्त हुन बाँकी रकमको सम्बन्धमा विगत बर्षका बेरुजुम समेत बेहोरा औंल्याएकोमा बाँकी रकम असुल भएको देखिएन । सम्झौताको अनुसुची ६ बार्षिक प्रिमियम भुक्तानी तालिकाको कार्यादेश दिएको मितिले ९ बर्षभित्र अर्थात यो बर्षको प्रिमियम रु २,७७,०४,१६७।मा जरिवाना समेत गणना गरी असुल गर्नुपर्दछ ।

सम्झौताको शर्त अनुसार निर्माण कार्यको अनुगमन गर्नुपर्ने एवं प्राप्त हुन बाँकी विगतको रोयल्टी र जरिवाना यकिन गरी असुल हुनुपर्ने र यो बर्षको जग्गा भाडा लिज बापतको रु ७७,००,०००। एवं भुक्तानी तालिकामा उल्लेखित प्रिमियम रु २,७७,०४,१६७। समेत रु ३,५४,०४,१६७। मा जरिवाना समेत गणना गरी असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५४,०४,१६७ |

## ९६ सिटी मार्केट संचालन ठेक्का

काठमाडौं महानगरपालिका र गणेश ईलेक्ट्रोनिक्स बीच पूरानो बसपार्क स्थित सिटी मार्केट आय ठेक्का लगाउने सम्बन्धमा मिति २०७९।९।२२ मा ३ वर्षका लागि बार्षिक रु.२,७१,००,०००।०० राजस्व बुझाउने गरी सम्झौता गरेको देखिन्छ । सम्झौताका बखत उक्त इलेक्ट्रोनिक्सले धरौटी बापत रु ६७७५०००। जम्मा गरे पश्चात् शर्त अनुसार हालसम्म सिटी मार्केटको भाडा प्राप्त गरेको देखिएन।उक्त इलेक्ट्रोनिक्ससँग सम्झौता पूर्व विभिन्न १०९ व्यवसायीबाट १३५ पसल कवल (२१४७१.४२ स्क्वायर फिट )बाट रु १२५४८५९। भाडा सङ्कलन भैरहेकोमा २०७८।७९ को लागि एम एम सी एसोसियट्स चार्टड एकाउन्टेन्स संस्थाबाट अध्ययन गराई नयाँ भाडादर रु २००४०००। हुने उल्लेख गरिएको प्रतिवेदन संलग्न गरेको देखिन्छ । पालिकाबाट उक्त सम्झौता कार्यान्वियनको लागि सिटी मार्केटको भूमिगत तल्लामा पार्किङ गर्न दिने गरी २०७९।१२।०२ मा २०७९।१२।१५ देखि २०८२।१२।१४ सम्म लागू हुने गरी कार्यादेश दिएको छ । उल्लेखित सम्झौतामा मुख्य प्रावधानहरु देहाय अनुसार उल्लेख गरेको छ ।

सम्झौताको शर्त नं ४ मा सिटी मार्केटको भूमिगत पार्किङ्ग र पसल संचालनको लागि यस सम्झौता गर्दाको अवस्थामा आवश्यक पर्ने पूर्वाधार निर्माण तथा मर्मत संभार गर्ने दायित्व प्रथम पक्षको हुने,

- सम्झौताको शर्त नं ६ द्वितीय पक्षले सिटी मार्केटको भाडा (वहाल कर समेत) वापत वार्षिक रुपमा रु.२,७१,००,०००/-(दुई करोड एकहत्तर लाख रुपैया मात्र) प्रथम पक्षलाई तिर्न बुझाउनु पर्नेछ । उक्त वार्षिक रकमको अनुपातमा हुने तीन महिनाको वहाल रु. रु.६७,७५,०००हरेक वर्षको (श्रावण, कार्तिक, माघ र वैशाख महिनाको) सात गतेभित्र अग्रिम बुझाउनुपर्नेछ । तोकिएको समयावधिभित्र वहाल रकम नबुझाएमा सो रकमको १० प्रतिशत जरिवाना सहित द्वितीय पक्षले राखेको बैंक धरौटीबाट असुल उपर गरी हिसाव मिलान गरिनेछ । यसरी हिसाव मिलान पश्चात पनि वहाल रकम नबुझाएमा सम्झौता रद्ध गरिने,
- सम्झौताको शर्त नं ३. मा सिटी मार्केटको भुमिगत तल्ला द्वितीय पक्षले सवारी साधनको पार्किङ्ग कार्यको लागि मात्र उपयोग गर्नुपर्नेछ । सर्वसाधारणले सवारी साधन पार्किङ्ग गर्दा द्वितीय पक्षलाई बुझाउनुपर्ने शुल्क काठमाडौं महानगरपालिकाको आर्थिक ऐनमा तोके वमोजिमको हुनेछ,
- शर्त नं ७ द्वितीय पक्षले धरौटी स्वरुप प्रथम पक्षको धरौटी खातामा ३(तीन) महीनाको बहाल स्वरुप रु.६७,७५,०००।-(सठ्सठ्ठी लाख पचहत्तर हजार रुपैया मात्र सम्झौता अवधिसम्म राख्नुपर्ने,
- शर्त नं १२ प्रथम पक्षलाई सिटी मार्केट आवश्यक परेमा ९० (नब्बे) दिनको सूचना द्वितीय पक्षलाई दिएर यस सम्झौता भंग गरी सिटी मार्केट प्रयोग गर्ने । द्वितीय पक्षले सिटी मार्केट छोड्न चाहेमा पनि ९० (नब्वे) दिनको अग्रिम सूचना प्रथम पक्षलाई दिइ सबै भवन खाली गर्न सक्ने,
- शर्त नं १४. उल्लेखित शर्तहरुको परिपालना गर्न दुवै पक्ष बाध्य रहेका छन् । करारको परिपालना गर्दा दुवै पक्षमा कुनै विवाद भएमा सोको जानकारी दुवै पक्षद्वारा एकअर्कालाई लिखित रुपमा दिनु पर्नेछ । साथै उक्त विवाद सकेसम्म आपसी समझदारीद्वारा समाधान गर्नुपर्ने । समझदारीमा समाधान हुन नसके प्रचलित कानून वमोजिम हुने ।

पालिकाबाट २०८०।१२।२१ मा वडा नं २८ को पूर्वतर्फको पूर्वतर्फको भागमा वडा कार्यालय भवन निर्माण तथा आय ठेक्कामा लगाइएको सिटी मार्केटको व्यवस्थापन सम्बन्धमा २८ नं वडा सदस्य विरेन्द्र महर्जनको संयोजकत्वमा उक्त इलेक्ट्रोनिक्सका प्रतिनिधि भरत कुमार भण्डारी समेत सदस्य रहेको ५ सदस्यीय समितिले २०८१।१।५ मा दिएको प्रतिवेदन अनुसार मार्केटको ३ ब्लक मध्ये ए ब्लकमा ५६, बी ब्लकमा ४८ र सी मा ४८ गरी १५२ ब्लक मध्ये ३४ ब्लकमा व्यसाय सञ्चालन भैरहेको, सम्झौता पछी केही सटर खाली गर्न अटेरी गर्ने व्यवसायीका केही सटरमा तालाबन्दी गरेको बेहोरा उल्लेख गरी २०८१।१।५ मा प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदनमा आवश्यक मर्मत संभार कार्यको लागत अनुमान र भुक्तानी प्रथम पक्षले गर्ने र दोस्रो पक्षले मर्मत गर्ने र २८ वडा कार्यालयको भवनको लागि जग्गा कायम गरिसकेपछि हालको बहाल रकमलाई आधार मानी दोस्रो पक्षसँग सम्झौता पुनरावलोकन गर्ने उल्लेख छ ।
राजस्व परामर्श समितिको २०८१।२।३१ को निर्णय बमोजिम कार्यपालिका सदस्य मिना सिँहको संयोजकत्वमा गठित ३ सदस्यीय समितिले उक्त मार्केटको सम्बन्धमा प्रतिवेदन प्राप्त भएको र १५२ सटर मध्ये २७ वटामा व्यवसाय सञ्चालन भएको काठमाडौ महानगरपालिका र सिटी मार्केट भवनको भूमिगत पार्किङ गर्न भएको सम्झौताका शर्तहरु पालना नभएको २७ वटा व्यवसायीको पछिल्लोपटकको सम्झौता बमोजिम भाडा रकमको अनुपातमा भाडा रकम असुल गर्ने लगायतको सिफारिस गरेको देखिन्छ ।
गणेश इलेक्ट्रोनिक्सले २०८१।५।१६ मा पेश गरेको पत्रमा सुझाव समितिको प्रतिवेदन अनुरुप सम्झौता पुनरावलोकन हुन अन्यथा रद्द गर्न आग्रह गरी निवेदन पेश गरेको देखिन्छ ।

- २०७९।९।२२ मा सम्झौता भई आवश्यक मर्मत संभार लगायतको कार्य अवधि गणना गरी २०७९।१२।१५ देखि लागू हुने गरी सम्झौता गरेकोमा कबोलकर्ता गणेश इलेक्ट्रोनिक्सले शर्त अनुसार कबोल गरेको रकम दाखिला गरेको देखिएन । शर्त नं १२ प्रथम पक्षलाई सिटी मार्केट आवश्यक परेमा ९० (नब्बे) दिनको सूचना द्वितीय पक्षलाई दिएर यस सम्झौता भंग गरी सिटी मार्केट प्रयोग गर्नेछ । द्वितीय पक्षले सिटी मार्केट छोड्न चाहेमा पनि ९० (नब्वे) दिनको अग्रिम सूचना प्रथम पक्षलाई दिइ सबै भवन खाली गर्न सक्ने र शर्त नं १४. उल्लेखित शर्तहरुको परिपालना करारको परिपालना गर्दा दुवै पक्षमा कुनै विवाद भएमा सोको जानकारी दुवै पक्षद्वारा एकअर्कालाई लिखित रुपमा दिनु पर्नेछ । साथै उक्त विवाद सकेसम्म आपसी समझदारीद्वारा समाधान गर्नुपर्ने उल्लेख भएकोमा कार्यादिश अवधिदेखि एक बर्षसम्म उक्त प्रावधानको उल्लघंन भएको एवं कार्यान्वियनमा समस्या भएको सम्बन्धमा अर्थात करारको पालनामा भएको विवादको विषय कतै देखिँदैन ।तसर्थ सम्झौताको शर्त अनुसार दोस्रो पक्षले

एक बर्षको भाडा बापतको रु २७१०००००।र शर्त अनुसार समयमा नबुझाएकोमा सोमा लाग्ने १० प्रतिशत जरिवाना समेत गणना गर्नुपर्ने देखिन्छ ।

- सम्झौता कार्यान्वियनको एक बर्ष पश्चात् २०८०।१२।२१मा कबोलकर्ता समेत सम्मिलित सुझाव समितिले दिएको सुझाव अनुरुप सम्झौता पुनरावलोकन नभएको तत्कालीन अवस्थामा ३४ पसल कवल सञ्चालनमा रहेको कुरा स्वयं कबोलकर्ताले स्वीकार गरेको अवस्था छ । साथै उक्त प्रतिवेदनले भूमिगत पार्किङ बापत के कति रकम उक्त इलेक्ट्रोनिक्सले सङ्कलन गरेको हो सो विषयमा उल्लेख गरेको देखिएन । कार्यादेश अनुरुप भूमिगत तलामा पार्किङ शुल्क लिन पाउने व्यवस्था रहेकोमा सो बापत संकलित रकम समेत बुझाएको देखिएन ।

शर्त अनुसार एक बर्षसम्मको सम्झौता अनुरुप रु २७१०००००।गणेश इलेक्ट्रोनिक्सबाट असुल गर्नुपर्ने तत्पश्चात् लागत अनुमान तयार गर्दा संस्थाबाट पेश गरेको प्रतिवेदनमा उल्लिखित १३५ चालु सटर रहेकोमा ३४ पसलकबलबाट आनुपातिक हिसाबले हुने रु ६८२५१८५। बार्षिकरुपमा असुल गर्नुपर्ने देखिन्छ ।पुन गठित समितिले २०८१।८।४ मा दिएको प्रतिवेदनमा २०८१। ०५। १९ गते २७ वट पसल कबल चालु हालतमा रहेको व्यवसायको विवरण उतार गरेको देखिन्छ ।

सम्झौता पुनरावलोकन नगरेको एवं सम्झौता रद्द गरी दोस्रो पक्षले पसल कवल खाली नगरेको एवं विगतमा व्यवसायीहरुबाट प्राप्त गर्दै आएको रकम समेत पालिकालाई नोक्सानी परेको देखिन्छ ।नयाँ आय ठेक्का आव्हान गर्नुपुर्व २०७८।७९ अगाडी १३५ पसलबाट रु १२५४८५९। मासिक भाडा आय भैरहेकोमा महानगरले भाडा अद्यावधिक गर्ने कार्यको लागि एम एम सी एसोसियट् चार्टड एकाउन्टेन्टसबाट अध्ययन प्रतिवेदनले उल्लेख गरेको छ । पुरानै भाडादर कायम रहेको अवस्थामा समेत २०७९।१२।१५ देखि लेखापरीक्षण बर्ष २०८२ आषाढ मसान्तसम्म अर्थात ८३९ दिनको रु३४६१३४८०।पालिकाले प्राप्त गर्ने राजस्वमा न्यून भएको देखिन्छ ।२०८०।१२।१५ देखि २०८१।५।१५ (गणेश इलेक्ट्रोनिक्सले २०८१।५।१६ मा पेश गरेको पत्रमा सुझाव समितिको प्रतिवेदन अनुरुप सम्झौता पुनरावलोकन हुन अन्यथा रद्द गर्न ) अवधि अर्थात ५ महिना १५० दिनको ३४ पसलको आनुपातिक गणनाले हुने रु २८०४८७०। असुल गर्नुपर्दछ ।तत्पश्चात् कायम भएका २७ पसल कबल खाली भएको देखिने प्रमाण नभएको हुँदा २०८२ आषाढ मसान्तसम्म अर्थात ७ महिनाको २७ पसलको आनुपातिक हिसाबले हुने रु ३११८३५६। असुल हुनुपर्दछ ।अत देहाय अनुसारको रकम गणना तथा एकिन गरी निजबाट असुल हुनुपर्ने रु.

| अवधि | रकम | जरिवाना | कैफियत |
|---|---|---|---|
| २०७९।१२।१५ देखि २०८०।१२।१४ | २७१००००० | ५४२०००० | २ बर्षको जरिवाना |
| २०८०।१२।१५ देखि २०८१।५।१४ | २८०४८७० | ५६०९७४ | १३५ पसल कबोलको आधारमा ३४ को आनुपातिक गणनाले हुने ५ महिनाको |
| २०८१।५।१५ देखि २०८२ आषाढ मसान्तसम्म | ३११८३५६ | ३११८३५ | १३६ पसल कबोलको आधारमा २७को आनुपातिक गणनाले हुने ७ महिनाको |
| कुल जम्मा | ३३०२३२२६ | ६२९२८०९ | |
| जम्मा | ३९३१६०३५ | | |

| असुल गर्नुपर्ने | ३,९३,१६,०३५ |
|---|---|

## ९७ सोलार बत्ति जडान तथा विज्ञापन

काठमाडौं महानगरपालिका र वि. के. ट्रेडर्स एण्ड सप्लायर्श बीच सार्वजनिक निजी साझेदारी कार्यक्रम अनुसार ए, बि र सि गरी तीन सेक्टरमा सोलार बत्ति जडान गरी पोलमा विज्ञापन राखे वापत १० वर्षे लिज अवधि भित्र देहाय अनुसार रु. ९ करोड ४३ लाख ९५ हजार (यस रकममा बार्षिक ५ प्रतिशत वृद्धि हुने) महानगरलाई बुझाउने गरी सम्झौता भएको देखिन्छ । शुरु सम्झौता अवधि देखि आर्थिक वर्ष २०८१/८२ सम्म तीनवटै सेक्टरको गरी रु. ७८०१८९४५। बुझाउनुपर्नेमा सेक्टर ए को एक किस्ता वापत रु.

२०,००,०००। मात्र प्राप्त भई रु ७६०१८९४५। बाँकी रहेको छ । विगतका वर्षहरुको लेखापरीक्षण प्रतिवेदनमा समेत रकम असूल हुन नसकेको बेहोरा औंल्याएकोमा उक्त रकम असुल भएको देखिएन ।

| विवरण | सेक्टर | | | जम्मा |
|---|---|---|---|---|
| | ए | बि | सि | |
| | पोल सङ्ख्या ४०० | पोल सङ्ख्या ३०० | पोल सङ्ख्या ३८५ | |
| सम्झौता रकम | ३४८००००० | २६१००००० | ३३४९५००० | ९४३९५००० |
| यस वर्षसम्म बुझाउनुपर्ने | २७५०००७२ | २२१२५०५४ | २८३९३८१९ | ७८०१८९४५ |
| लेखापरीक्षण अवधिसम्म बुझाएको | २०००००० | ० | ० | २०००००० |
| यस वर्षसम्मको बुझाउन बाँकी | २५५०००७२ | २२१२५०५४ | २८३९३८१९ | ७६०१८९४५ |
| आर्थिक वर्ष २०८१/८२ को बाँकी | ३४८०००० | २६१०००० | ३३४९५०० | ९४३९५०० |

सम्झौताको बुँदा नं ३ मा निर्माण अवधि बर्ष बाहेक प्रत्येक बर्ष द्धितिय पक्षले कबोल गरेको अङ्कमा ५ प्रतिशतका दरले रोयल्टी बृद्धि गर्दै जाने एवं काठमाडौ महानगरपालिकाले स्वीकृत गरे अनुसार विज्ञापन कर असुल गर्नुपर्ने उल्लेख गरेको, बुँदा नं ५ मा रोयल्टी र विज्ञापन कर ३।३ महिनाको अग्रिम भुक्तानी गर्नुपर्ने र रोयल्टी भुक्तानी गर्नुपर्ने उक्त म्यादभित्र नबुझाएमा म्याद समाप्त भएको १ महिनासम्म भुक्तानी नगरेमा कार्यसम्पादन जमानतबाट कट्टा गरी सम्झौता खारेज गर्ने प्रक्रिया अगाडी बढाइने एवं बुँदा नं १० मा सोलार लाइट जडान सञ्चालन, अनुगमन मूल्याङ्कन तथा सहजीकरणको लागि प्रशासन विभाग प्रमुख संयोजन र सार्वजनिक निजी साझेदारी इकाइ प्रमुख वा कर्मचारी सदस्य सचिव हुने व्यवस्था रहेकोमा उल्लिखित व्यवस्थाको कार्यान्वयन गरेको छैन । सम्झौताको अवधि १० बर्षमध्ये ९ बर्ष अवधि समाप्त भैसक्दा समेत रोयल्टी बापतको रकम प्राप्त नहुँदा कार्यसम्पादन जमानतबाट कट्टा गर्ने एवं अन्य असुली तथा कारवाहीको प्रक्रिया अगाडी बढाएको देखिएन । सम्झौताको शर्तको पालना हुनुपर्ने एवं विगतको प्राप्त हुनुपर्ने विज्ञापन कर तथा रोयल्टीमा जरिवाना समेत गणना गरी यो बर्षको प्राप्त हुन बाँकी रु ९४३९५००। मा जरिवाना समेत यकिन गरी असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,३९,५०० |

## ९८ आकाशे पुलको सम्झौता

महानगरपालिका र इन्नोभेटिभ कन्सेप्ट नेपाल प्रा. लि. बिच महानगर क्षेत्रमा १२ वटा आकासे पुलको २०५७।७।११ देखि २०६७।१।१० सम्म व्यवसायिक सञ्चालन गरी वार्षिक रु.१,२०,०००.०० बुझाउने गरी सम्झौता भएको देखियो । उक्त सम्झौता पुन: संसोधन गरी कायम हुने अवधि २०८५।१।९ सम्म वार्षिक रोयल्टी रु.२२,००,०००।०० का दरले कायम गरेको र प्रत्येक ५ वर्षमा सम्झौता रकममा ३ प्रतिशतका दरले बृद्धि हुने उल्लेख गरेको छ ।उक्त सम्झौतामा रोयल्टी प्रत्येक आर्थिक वर्षको शुरुको महिनामा एकमुष्ठ बुझाउनुपर्ने, नबुझाएमा प्रथम तीन महिनामा ५ प्रतिशत र सोहि आर्थिक वर्षमा बुझाएमा १५ प्रतिशत जरिवाना लाग्ने उल्लेख छ । महानगरबाट प्राप्त विवरण अनुसार निज कम्पनीले सम्झौता गरेको अवधि २०५७।७।११ देखि २०८१।४।३१ सम्म किस्ता वापत रु.३५०८२५३०.०० राजस्व दाखिला गर्नुपर्नेमा यस अवधिमा जम्मा रु.३,७९,८५,८५४.०० बुझाएको र किस्ता बाहेक गत विगत वर्षमा समयमा किस्ता नबुझाएको कारण सम्झौता अनुसार लाग्ने जरिवाना रु.१,०१,४७,५२८।५८ जरिवाना असुल हुन बाँकी देखिन्छ । उक्त प्रा.लि. को किस्ता अनुसार दाखिला गर्नुपर्ने भन्दा बढी दाखिला भएको रकम तिर्न बाँकी जरिवाना रकममा समायोजन गरी बाँकी जरिवाना समेत असुल उपरको कारबाही गर्नुपर्ने देखिन्छ ।

महानगरपालिका र प्रा.लि. बीच भएको सम्झौताको बुँदा नं ५.२५ मा प्रचलित कानुन बमोजिम आयकर, मूल्य अभिबृद्धि कर, विज्ञापन कर तथा कानूनले तोकेको अन्य कर तिर्ने जिम्मेवारी द्वितीय पक्षको हुने उल्लेख भएकोमा उक्त प्रा.लि बाट महानगरपालिकाले विज्ञापन कर असुल गरेको पाइएन । महानगरपालिकाले विज्ञापन कर समेत असुल गर्नुपर्दछ ।

## ९९ बजार अनुगमन

पालिकाले बजार अनुगमनका सन्दर्भमा काठमाडौं महानगरपालिका बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७७ र अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९ जारी गरेको देखिन्छ । प्राप्त विवरण अनुसार पालिकाले यो बर्ष १०८ वटा मःम बनाउने होटल तथा रेस्टुरेन्ट अनुगमन गर्दा ९७ वटामा सरसफाइमा मुख्य समस्या पाइएको, ७९ वटामा भान्छा र कार्यस्थलको सरसफाइमा कमजोरी देखिएको,२८ वटाले व्यवसाय दर्ता नै नगरिएको पाइएको उल्लेख गरेको छ। ४९७ वटा पसल अनुगमन गर्दा २०० वटाको व्यवसाय दर्ता नभएको,३११ वटामा मूल्यसूचि नराखिएको,१३३ वटामा म्याद सकिएका सामाग्री राखेको, कुच्चिएको, फुटेको, अपारदर्शी लगायतको मापदण्ड विपरीत रहेका प्रशोधित पिउने पानीको जारहरू: १०२८ जार नष्ट गरेको, १६८ पटक पानीको ढुवानी गाडी अनुगमन गरेको तथा पिउने पानी परीक्षण गर्दा विभिन्न १२ वटा पानी कम्पनीको पानी पिउन अयोग्य भनि जरिवाना सहित कारबाही गरेको विवरण पेश गरेको छ । सञ्चालित व्यवसायको तुलनामा बजार अनुगमन न्यून देखिएको एवं अनुगमनबाट कैफियतहरु देखिएको हुँदा बजार अनुगमनको संख्यामा बृद्धि गर्ने र मापदण्डको पालना नगर्ने उपर आवश्यक कारवाही गर्नुपर्दछ ।

१०० **बजार अनुगमन जरिवाना**

जरिवाना पालिकाले काठमाडौं महानगरपालिका बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७७ बमोजिम बजार अनुगमनका क्रममा देहायका पानी उद्योगवाट उत्पादन गरि वितरण गरिएको पिउने पानीको जार नमुना संकलन गरि परिक्षण गर्दा Fecal Coliform देखिएको पिउन अयोग्य पानी वितरण गरेको पाईएको भनि ऐनको दफा ३० (१), (ख) बमोजिम रु दुई लाख जरिवाना गरेको गरि मिति २०८१।६।११ मा सम्बन्धित कम्पनीलाई जरिवाना रकम महानगरको राजश्व खातामा जम्मा गर्न पत्राचार गरेको देखिएकोमा हालसम्म पनि उक्त जरिवानको रकम राजश्व खातामा जम्मा गरेको नदेखिएकोले उक्त जरिवाना वापतको रकम असुल गर्नुपर्ने रु

| क्र. सं. | पानी कम्पनीको नाम | निर्णय मिति। पत्राचार मिति | जरिवाना रकम रु . |
|---|---|---|---|
| १ | श्री उत्तर वाहिनी फुड एण्ड वेभरेज प्रा. लि., कागेश्वरी मनोहरा , ४ , थली , (Aqua Kolbhateswer ) । | ०६/११/२०८१ | २००००० |
| २ | श्री एक्वा सुन्दरी, गोकर्णेश्वर , ७ , काठमाडौं , (Aqua DB ) । | | २००००० |
| ३ | श्री स्नो क्यूव ड्रिङ्किङ वाटर प्रा. लि., कागेश्वरी मनोहरा , ६ , मुलपानी , (Akuwa ) । | | २००००० |
| ४ | श्री स्तुपा ईन्डस्ट्रिज प्रा. लि., गोकर्णेश्वर , १ , सुन्दरीजल , (Cube Processed Drinking water ) । | | २००००० |
| ५ | श्री मुन लाइट स्प्रिङ वाटर ईन्ड्रस्टिज, गोकर्णेश्वर , काठमाडौं , (Aqua Mild ) | | २००००० |
| ६ | श्री एम. के. मिनरल वाटर प्रा. लि., बु. न. पा. , कपन , काठमाडौं , ( Aqua Kapan ) | | २००००० |
| ७ | श्री कोशी मिनरल वाटर उद्योग प्रा. लि., गोकर्णेश्वर , १ , सुन्दरीजल , (Aqua Gaurishankar ) । | | २००००० |
| ८ | श्री पिस स्प्रीङ वाटर प्रा. लि., टोखा , ०८ , काठमाडौं , (Aqua Peace ) । | | २००००० |
| ९ | श्री जम्वुलिङ्गा ग्रुप ईन्ड्रस्टिज प्रा. लि., तार्केश्वर , १० , काठमाडौं , (Aqua Tridev ) । | | २००००० |
| जम्मा रु | | | १८००००० |

| असुल गर्नुपर्ने | १८,००,००० |
|---|---|

१०१ **वडा नं १ तर्फ**

१०१.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नम्बर १ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १७४१८४२० | ९०७६६८० | ५२.१० |
| पूँजीगत | १६२९५०००० | ५४६५६८८० | ३३.५४ |
| जम्मा | १८०३६८४२० | ६३७३३५६० | ३५.३३ |

यस वडामा रु १८ करोड ३ लाख ६८ हजार बजेट विनियोजन गरेकोमा रु. ६ करोड ३७ लाख ३३ हजार अर्थात ३५.३३ प्रतिशतमात्र खर्च गरेको छ । वडा कार्यालयले पूँजिगत तर्फ ७१ कार्यक्रममा विनियोजन गरेको रकममध्ये ३५ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

१०१.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले भैपरी आउने पुँजिगत शिर्षक तर्फ नेपाल सरकार - समानिकरण अनुदानमा रु १८,००,०००।-राजस्व बाँडफाँडमा रु.४३,७५,०००। र आन्तरिक श्रोतबाट रु.९६,२५,०००।- समेत रु.१,५८,००,०००।- अबण्डा राखी रु.१,०८,१६,८११।- खर्च गरेको छ ।बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१०१.३ **जनप्रतिनिधी मार्फत खर्च / पेश्की**- स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|---|
| २२-२०८१।०६।२० | वडा सदस्य | शुभ रत्नखड्गी | | १५०००० | मिती २०८१।०६।०८ गते वडा अध्यक्ष श्री भरत लाल श्रेष्ठ को अध्यक्षतामा वसेको वडा नं १ को वडा समिती बैठकको निर्णय नं २ मा वडा कार्यालयवाट दोस्रो प्रयाग राज सिँह सुवाल स्मृती फुटसल प्रतियोगिता सञ्चालन |
| १४८-२०८२।०२।०३ | दलित महिला वडा सदस्य | मिना सुनार | खेलकुद प्रतियोगिता सञ्चालन | १००००० | मिति २०८२।०२।२७ गते वडा अध्यक्ष श्री भरत लाल श्रेष्ठ को अध्यक्षतामा वसेको वडा नं १ को वडा समिती बैठकको निर्णय नं ३ मा खेलकुद प्रतियोगिता सञ्चालन गर्न वडा सदस्य श्री मिना सुनार लाई रु.१०००००।– रुपैयाँ पेश्की दिने निर्णय गरेको। |
| १७९-२०८२।०३।२७ | महिला सदस्य | रसला तण्डुकार | वडा अन्तर्गत न्यायिक संवाद कार्यक्रम | १००००० | कार्यसम्पन्न प्रतिवेदन पेश नभएको तथा मिती मिति २०८२।०३।१९गते वडा अध्यक्ष श्री भरत लाल श्रेष्ठ को अध्यक्षतामा वसेको वडा नं १ को वडा समिती बैठकको निर्णय नं १ मा न्यायिक संवाद कार्यक्रम सञ्चालन गर्न वडा सदस्य श्रीरसला तण्डुकार लाई रु.१०००००।–रुपैयाँ पेश्की दिने निर्णय गरेको। |
| जम्मा | | | | ३५०००० | |

१०१.४ **गतबर्षको भुक्तानी**-

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३४९,८४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१०१.५ **जिन्सी दाखिला** -

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१९,३२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१८,३१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१०१.६ **अनुदान वितरण**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु. ४,८५,७६४।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमित्का निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १०५- २०८१।११।२८ | शिव रात्री पर्व सञ्चालन | रसाला तण्डुकार | ५०००० |
| १४६- २०८२।०२।२८ | वडा नं १ नक्साल स्थित भैरव मन्दिरमा पुजा तथा शंकर देव किर्ति महाविहार पुजा | जात्रा व्यवस्थापन तथा समाज सेवा समिती | ११७७९९ |
| ११- २०८१।०६।०७ | नागपोखरी परिसरमा नागपञ्चमी को उपलक्ष्यमा पूजाअर्चना कार्यक्रम | नक्साल बक्सिङ्ग क्लव | ५०००० |
| १६०- २०८२।०२।२८ | टुकुचा स्थित टुकुचा आकाश भैरवको पुजा | हरिनारायण समाज | १४५६५ |
| ५१- २०८१।०८।२३ | कमल पोखरीमा छठ पुजा व्यवस्थापन | के के क्याटरिङ्ग टेन्ट हाउस सर्भिस | २०३४०० |
| ६९- २०८१।०८।२७ | खेलकुद कार्यक्रमको लागि ब्याट, बल तथा टि सर्ट वितरण | नक्साल टेबुल टेनिस क्लब | ५०००० |
| जम्मा | | | ४८५७६४ |

१०१.७ **टुक्रा खरिद**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु १० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न स्थानको मर्मत कार्य बापत पटक पटक गरी रु. ८११४७७४।- को सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरी यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वारा भौचर नम्बर मिति | विवरण | फर्मको नाम | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १४२-२०८२।३।१ | प्रहरी वृत माली गाउँको ढल निर्माण तथा मर्मत | पि.आर टी कन्स्ट्रक्सन | ९९८०९१ | ९३६३६८ |
| १४९-२०८२।३।९ | वडा नं.१ अन्तर्गतका पशुपति सडक भित्र जाने विभिन्न सडक पक्की गर्ने कार्य | श्री सूर्यशक्ती कन्स्ट्रक्सन प्रा.ली | ६७१८०९ | ६२८२९४ |
| १६९-२०८२।३।१८ | वडा नम्बर १ का मूल सडकहरुमा मंगल कभर तथा मंगल निर्माण कार्य | विनायक कन्स्ट्रक्सन | ९९६००५ | ९५०८७० |
| १३५-२०८२।२।२८ | वडा भित्रका साना सडक मर्मत कार्य | भाटभटेनी कन्स्ट्रक्सन प्रा.ली | ९४७६४८ | ९०६४२२ |
| १०३-२०८२।२।२ | गैरीधारा मार्गमा ढल सफा तथा अन्य मर्मत कार्य | विश्वजित निर्माण सेवा | ९९३९७८ | ९३४८९३ |
| १४५-२०८२।३।५ | नन्दीकेशरी बगैचामा पानीको व्यवस्था कार्य | काफ्ले कन्स्ट्रक्सन एण्ड निर्माण सेवा प्रा.ली | ९९३०६३ | ९३७०५९ |
| १०४-२०८२।२।५ | नाटेश्वरी गल्लीमा ढल निर्माण तथा बाटो पक्की कार्य | नन्दी केशर कन्स्ट्रक्सन प्रा.ली | ९८९०१७ | ९५२३७९ |
| १०५-२०८२।२।५ | नागपोखरी कोलोनी चामुण्डा मार्ग ढल सफा मंगल निर्माण | तुलसी भुमी निर्माण सेवा | ९९६३३३ | ९३६८१३ |
| १३२-२०८२।२।२७ | शान्ती नगर गल्ली लगायतका ठाउँमा ढल सफा | इशान इभाना कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ९९३०६७ | ९३१६७६ |
| जम्मा | | | | ८११४७७४ |

१०१.८ **विमा अवधि-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) घ र ङ मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि त्रुटि सच्याउने अवधिसम्मको विमा गर्नुपर्ने तथा सोही नियमको उपनियम ६ मा नियममा उल्लिखित प्रावधानको प्रतिकुल हुने गरी वीमको शर्तमा परिवर्तन गर्न स्वीकृति दिएको कारणले हानी नोक्सानी हुन पुगेमा त्यसको जिम्मेवारी त्यस्तो स्वीकृति दिने कार्यमा संलग्न कर्मचारीको हुने उल्लेख छ। कार्यालयले नन्दी सेकेन्डरी स्कुल तथा बहिरा सेकेन्डरी स्कुलमा आवश्यक निर्माण तथा मर्मत कार्यको लागि कम कबोल गर्ने निर्माण व्यवसायीसँग मिति २०८२।२।३० सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।११।२२ मा सम्झौता गरी निर्माण कार्यादेश दिएकोमा कार्यारदेश प्राप्त मिति देखी कार्यसम्पन्न अवधि र सोको मर्मतसम्भार अवधि १३ महिना सहितको जम्मा १६ महिनाको विमा अभिलेख पेश गर्नुपर्नेमा सिद्धार्थ इन्स्यूरेन्स कम्पनीबाट मिति २०८२।१।२२ मा २०८२।२।२२ र मर्मत अवधि १२ महिना समेत १३ महिनाको मात्र विमा गरी रु४०,०००। भुक्तानी देखिएकोले जम्मा विमा हुनुपर्ने अवधि १६ महिनाको आधारमा बिमा नभएको देखिँदा आनुपातिक हिसाबले हुन आउने ति महिना रु.२५००को दरले ३ महिनाको बढी भुक्तानी भएको रु ७५००। असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५०० |

१०१.९ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान

तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष ६ पटक रु ५,३१,७३४। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १५-२०८१।६।२१ | ब्लू एण्ड ट्रेडर्स प्रा.ली | ५० वाटका १५ वटा सडक बत्ती खरिद र जडान | ८४३६० |
| १६-२०८१।६।२१ | वान स्टेप ट्रेडिङ प्रा.ली | ५ थान ५० वाटका सेन्सर सडक बत्ति खरिद र जडान | ८६७३३ |
| १७-२०८१।६।२१ | मेगा कि स्टोन सर्भिसेस प्रा.ली | ३० वाटका २० थान सडक बत्ती खरिद तथा जडान | ७४२३५ |
| ४०-२०८१।९।११ | ब्लू एण्ड ट्रेडर्स प्रा.ली | ५० वाटका १६ थान सडक बत्ति खरिद तथा जडान | ८९९४८ |
| ११२-२०८२।२।१४ | मेगा कि स्टोन सर्भिसेस प्रा.ली | १० वाटका सडक बत्ती, भ्याकुम क्लिनर लगायत खरिद | ९७७४५ |
| ११३-२०८२।२।४ | प्रिफिक्स नेपाल | ५० वाटका एल.इ.डी ब्लब र १५ वाटका सडक बत्ती जडान | ९८७३३ |
| जम्मा | | | ५३१७५४ |

१०१.१ **फूटपाथ निर्माण कार्य** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने उल्लेख छ । वडा कार्यालयले यस बर्ष निम्नानुसार फ्याट ब्रिक, प्लागस्टोन, ब्लक एम ३५ ग्रेड, पेभिङ टाइल/टेक्साइल.र कर्ब स्टोन को कार्य गरी फुटपाथ स्तरोन्नति बापत रु.९०२६७६८।खर्च गरेको छ। वडाले पुरानो हेक्जागोनल ब्लक हटाएर नयाँ रङ्गीन स्क्वायर ब्लकहरु प्रतिस्थापन गरेकोमा उक्त ब्लकको उपयोग स्थिति खुल्ने अभिलेख लेखापरीक्षणमा पेश गरेको छैन । यस क्रममा हटाइएका हेक्सागोनल ब्लकहरू (M20 ग्रेड) को बाँकी आयु (Life Span) सम्बन्धी कुनै प्राविधिक मूल्याङ्कन पेश गरेको छैन। यसबाट पुन प्रयोग गर्न सकिने ब्लक कति वर्गमिटर थियो र कति वडाले नै सञ्चालन गरेका योजनाहरुमा प्रयोग भयो भन्ने विवरण एकिन हुन सकेन। हटाइएका निर्माण सामग्रीको अभिलेख र प्राविधिक मूल्याङ्कन बिना गरिएको प्रतिस्थापन कार्य मितव्ययी भएको देखिएन।

| गोश्वारा भौचर नम्बर | ठेक्का विवरण | फर्मको नाम | कार्य विवरण | | | | | लागत अनुमान | सम्झौता रकम | भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | फ्याट ब्रिक वर्गमिटर | फ्यागस्टोन बर्गमिटर | ब्लक M35 grade वर्गमिटर | पेभिङ टाइल/ टेकटाइल बर्गमिटर | कर्ब स्टोन बर्गमिटर | | | |
| १४-२०८१।६।२० | दुगड मार्ग ल्होत्से मार्ग लगायत मर्मत कार्य | | | | २०५.८६ | | | ९९००९० | ९७१६६० | ९६५ |
| २७-२०८१।७।१२ | नारायणचौर मार्गमा ढलान र ब्लक छाप्ने कार्य | लाल गणेश कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | | | १०५.२ | १४.६८ र ०.६४ | ८.७ | ९९५०५६.६५ | ९७१५०६.८८ | ९६८ |
| ४२-२०८१।९।२२ | हातिसारको दुईवटा बाटो निर्माण तथा मर्मत | अमन विल्डर्स | १६०.२९ | | १६०.२९ | | | ९२८८१८ | ९११८६८ | ९०० |
| ६४-२०८१।११।११ | सानिमा बैङ्क अगाडी फुटपाथ निर्माण | रोमान्टिक मल्टिप्रपोज प्रा.ली | | | १५४.१८ | ४३.२४ | | ९६८५५५ | ९५१८०२ | ९४९ |
| ६६-२०८१।११।१९ | नक्साल भगवती मन्दिर अगाडिको जुन मार्गमा बाटो निर्माण कार्य | नक्साल भगवती कन्ट्रक्सन प्रा.ली | १०४.३१ | १०२.८४ | | | | ८५२४२७ | ८३७८६८ | ८२४ |
| ६७-२०८१।११।१९ | जय नेपाल देखी एन.एम वि बैंक सम्मको फुटपाथ निर्माण कार्य | सन्जन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | | | १५३.३८ | ४०.२६ | | ९९६७८१.३७ | ९७७०२३.८८ | ९५४ |
| ६८-२०८१।११।१९ | मेरियट होटेल अगाडिको बाटो निर्माण कार्य | रुद्रप्रिय कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | | | ११९.६९ | | | ९६१०७० | ९४९६३३ | ९६१ |
| १०३-२०८२।२।२ | गैरीधारा मार्गमा ढल सफा तथा | विश्वजित निर्माण सेवा | | | ९२.५८ | २६.०४ | ६०.६ | ९९३९७८ | ९४१५९१ | ९३४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्य मर्मत कार्य | | | | | | | | | |
| ११५-२०८२।२।१९ | गणेश हिमाल मार्गमा बाटो निर्माण तथा मर्मत कार्य | दिव्यास्त्र कन्स्ट्रक्सन | | | १८७.२७ | | | ९९५२३३ | ९४३७३५ | ९३९२ |
| १४९-२०८२।३।९ | पशुपती सडकका भित्र जाने विभिन्न सडक मर्मत | सूर्य शक्ती कन्स्ट्रक्सन प्रा.लि | | | १३८.०२ | | | ६७१८०८ | ६४९१४९ | ६२८ |
| जम्मा | | | | | | | | | | ९०२६ |

१०१.१ **बहाल कर**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ५७ बमोजिम काठमाडौँ महानगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र बहालकर लगाउन सक्ने व्यवस्था छ ।काठमाडौँ महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको ऐन,२०८१ को दफा ४ बमोजिम का.म.पा. क्षेत्रभित्रका घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, सेड, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले बहालमा लगाई हुने आम्दानीमा बहाल कर लगाई असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ।उक्त ऐनको अनुसूची ६ को उपदफा २ अनुसार करदाताले गरेको स्वयम् घोषणा वा बहाल लिने दिने बिच भएको सम्झौता बमोजिमको बहाल दर वा कुल बहाल रकम सूत्रबाट कायम हुने दर अनुसारको बहाल रकम भन्दा बढी हुन आएमा स्वयं घोषणा वा सम्झौता अनुसारको रकम नै बहाल रकम हुने उल्लेख छ ।उक्त ऐनको अनुसूची ६ को उपदफा ६ अनुसार बहाल करको दर १०% रहेकोमा बहाल कर सम्झौता, श्रेस्ता लगायत प्रमाण कागजात परीक्षण गर्दा देहाय बमोजिमका करदाताले घटी कर दाखिला गरेको देखिँदा बाँकी बहाल कर असुल गर्नुपर्ने रु.

| क्र.सं. | घरधनी | बहालवाला | बहाल तिरेको अवधि | तिर्नुपर्ने रकम | तिरेको रकम | नपुग बहाल |
|---|---|---|---|---|---|---|
| १ | विकास थापा | योम म मा ई मोटर्स प्रा.लि.(०१-२९-०३९०) | ०८० साउन- ०८१ असार | ३५८३३१ | ३०७८०० | ५०५३० |
| २ | सरिता खड्का | हब इन्टरनेशनल एजुकेशन प्रा.लि.(०१-०३-००६०) | ०८० साउन- ०८१ असार | ७२२२२२२ | ६६६६६६ | ५५५५५ |
| ४ | उषा सत्याल | आर डी सप्लायर्स (०१-२९-०४९३) | ०८० साउन – ०८१ असार | ३९१०२९ | ३४१८५६ | ४९१७३ |
| ५ | साइनी खेतान | गुरु ट्राभल्स लि.(०१-०१-००३७) | ०८० साउन – ०८१ असार | ३४५००० | ३००००० | ४५००० |
| ६ | गौरी श्रेष्ठ | सानिमा क्यापिटल लि. (०१-२६-००३७) | ०८१ साउन – ०८२ असार | ३६९६०० | १८४८०० | १८४८०० |
| जम्मा | | | | | | ३८५०५८ |

| असुल गर्नुपर्ने | ३,८५,०५८ |
|---|---|

१०१.१ **पेश्की बाँकी**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ । वडा अन्तरगत देहाय बमोजिम यस वर्ष रु.२७०७१२.१७ पेश्की फर्स्यौट हुन बाँकी रहेको देखिन्छ । विगत बर्षदेखि फर्स्यौट हुन बाँकी पेश्की फर्स्यौट गर्नुपर्ने एव यस बर्षको म्याद नाघेको पेश्की रु ८५८०५१। फर्स्यौट हुनुपर्ने रु.

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | पेश्की |
|---|---|---|---|
| १ | भैपरी आउने खर्च | नेपाल बिधुत प्राधिकरण | ८५८०५१ |
| १ | विविध कार्यक्रम खर्च | नाम नामेसी नखुलाएको विगत बर्षदेखिको | १४१२६६१.१७ |
| जम्मा | | | २२७०७१२.१७ |

| | |
|---|---|
| पेश्की | ८,५८,०५१ |

## १०२ वडा नं २ तर्फ

१०२.१ **बजेट तथा खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नम्बर २ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १०१२५००० | ६९४४३९६ | ६८.५८ |
| पूँजीगत | १२४०००००० | ७६७१८३३१ | ६१.८६ |
| जम्मा | १३४१२५००० | ८३६६२७२७ | ६२.३७ |

यस वडामा रु १३ करोड ४१ लाख २५ हजार बजेट विनियोजन गरेकोमा रु.८ करोड ३६ लाख ६२ हजार अर्थात ६२.३७ प्रतिशतमात्र खर्च गरेको छ।वडा कार्यालयले पूँजिगत तर्फ ६६ कार्यक्रममा विनियोजन गरेको रकममध्ये ९ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१०२.२ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले साइट सुनिश्चित नगरी वडाका विभिन्न स्थानहरुमा ब्लकको छाप्ने कार्य उल्लेख गरी रु १७२०००००। बजेट विनियोजन गरी रु ७५४९४९१। खर्च गरेको छ ।बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१०२.३ **जनप्रतिनिधी मार्फत खर्च/पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | भुक्तानी रकम |
|---|---|---|---|---|
| ९- २०८१/ ०६/ १० | वडा सदस्य | बिमल गुरुङ | खेलकुद सम्बन्धी कार्यक्रम | ९८६८५ |
| २२- २०८१/ ०७/ १३ | | | | ९७७०० |
| ४२- २०८१/ ०८/ २४ | | | | ८४९५७ |
| ९७- २०८२/ ०२/ २६ | | | | १७३०० |
| १११-२०८२/ ०३/ १३ | | | | ६९१७४ |
| | जम्मा | | | ३६७८१६ |

१०२.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, तथा संस्थालाई रु. ६७४०२७। खर्च गरेको देखियो।।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ९१-२०८२/ ०२/ २० | जेष्ठ नागरिकहरुलाई आन्तरिक भ्रमण | फूलवारी क्याटरिङ सर्भिस | २६६६२३ |
| विभिन्न भौचर | जात्रा पर्व सञ्चालन कार्य | विभिन्न युवा समुह तथा संघ संस्था | २३९५४५ |
| १११- २०८२/ ०३/ १३ | विभिन्न संघ संस्था लाई खेलकुद लागायत समाग्री वितरण | बिमल गुरुङ | ६९१७४ |
| ९- २०८१/ ०६/ १० | खेलाडि लाई जर्सी सुज तथा ट्याक सुट वितरण | बिमल गुरुङ | ९८६८५ |
| जम्मा | | | ६७४०२७ |

१०२.५ **टुक्रा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ। ऐनको दफा ६ र नियमावलीको नियम ८ मा वार्षिक खरिद योजना र खरिदको संभावित प्याकेजको सम्बन्धमा उल्लेख छ। वडा कार्यालयले निम्न निर्माण कार्य गर्दा टुक्रा पारी खरिद गरेको देखिन्छ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गोश्वरा भौचर मिती | सामाग्र व्यहोरा | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ६८- २०८१/ १२/ ०६ | होटल सिटीको भित्री गल्लीमा ब्लक तथा मंगाल मर्मत कार्य | गौतम श्री ब्रदर्स कन्ट्रक्सन प्रा लि | ८५३०४८ |
| २४-२०८१/ ०७/ ११ | कामना मर्गमा ब्लक मर्मत कार्य | बिश्वजित निर्माण सेवा | ९३९८८४ |
| ७०-२०८१/ १२/ ०६ | निल सरस्वती मार्गको सहायक मार्गमा ब्लक मर्मत कार्य | सामन्था कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा ली | ९५३६०६ |
| ४४-२०८१/ ०८/ २६ | नानिगञ्जमार्गमा ब्लक छाप्ने र ढल मर्मत गर्ने कार्य | तुलसी भूमी निर्माण सेवा | ९१२८०९ |
| ६-२०८१/ ०६/ २० | श्रीमार्गको सहायक मार्गमा ढल मर्मत गरी ब्लक छाप्ने कार्य | मधुवन निर्माण सेवा | ९२९१५० |
| १०८-२०८२/ ०२/ ११ | खोलागाल मार्गमा जोडीएका गल्लीहरुमा ढल मंगाल मर्मत गरि ब्लक मर्मत गर्ने कार्य | डि जि एस निर्माण सेवा | ९१५९६२ |
| १०५-२०८२/ ०२/ ११ | त्रिशक्ति मार्गको भित्री बाटोमा ढल तथा ब्लक मर्मत कार्य | जे.टि. निर्माण सेवा प्रा.ली. | ९०४०९९ |
| २६-२०८१/ ०७/ ११ | अम्बिका गल्लीबाट नारायणगोपाल सडक निस्कने बाटोमा ब्लक मर्मत गर्ने कार्य | रघुपति निर्माण सेवा | ९४३९४३ |
| जम्मा | | | ७३५२५०१ |

१०२.६ **बिमा अवधि-**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१०,०७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१४,३१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१५,८९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०२.७ **फूटपाथ निर्माण कार्य-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने उल्लेख छ । कार्यमा कार्यालयले यस बर्ष ब्लक एम ३५ ग्रेड १४८१.५९ वर्गमिटर विच्छाए बापत निर्माण व्यवसायी काफ्ले कन्स्ट्रक्सन एण्ड निर्माण सेवा प्रा.ली रु.५९७५०४४। खर्च एवं विभिन्न अन्य ८ निर्माण व्यवसायीबाट रु ७३५२५०१। समेत रु १३३२७५४५। खर्च गरेको छ। वडाले पुरानो हेक्जागोनल ब्लक हटाएर नयाँ ब्लकहरु प्रतिस्थापन गरेकोमा उक्त ब्लकको उपयोग स्थिति खुल्ने अभिलेख लेखापरीक्षणमा पेश गरेको छैन । यस क्रममा हटाइएका हेक्सागोनल ब्लकहरू (M20 ग्रेड) को बाँकी आयु (Life Span) सम्बन्धी कुनै प्राविधिक मूल्याङ्कन पेश गरेको छैन। यसबाट पुन प्रयोग गर्न सकिने ब्लक कति वर्गमिटर थियो र कति वडाले नै सञ्चालन गरेका योजनाहरुमा प्रयोग भयो भन्ने विवरण एकिन हुन सकेन। हटाइएका निर्माण सामग्रीको अभिलेख र प्राविधिक मूल्याङ्कन बिना गरिएको प्रतिस्थापन कार्य मितव्ययी भएको देखिएन ।

१०२.८ **प्रोभिजनल सम-**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **८२,४९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **७४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०२.९ **सडक बत्ती जडान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ।वडाले यस बर्ष रु.८,८३,२७५। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन। वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन। नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| गो भौ नं र मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ८।२०८१।६।२० | काठमाडौ महानगरपालिका २ वडा भित्र विभिन्न स्थानमा नयाँ बत्ति जडान कार्य | ब्राइटसन कम्पनी प्रालि | ८८३२७५ |

१०३ **वडा नम्बर ३**

१०३.१ **बजेट तथा खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नम्बर ३ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १९४१६८०० | १५७८७३०२ | ८१.३ |
| पूँजीगत | १६३२००००० | १००८३११५६ | ६१.७८ |
| जम्मा | १८२६१६८०० | ११६६१८४५८ | ६३.८५ |

यस वडामा रु १८ करोड २६ लाख १६ हजार बजेट विनियोजन गरेकोमा रु.११ करोड ६६ लाख १८ हजार अर्थात ६३.८५ प्रतिशतमात्र खर्च गरेको छ । वडा कार्यालयले पूँजिगत तर्फ ९८ कार्यक्रममा विनियोजन गरेको रकममध्ये ३० कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

१०३.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले भैपरी आउने पुँजिगत शिर्षक तर्फ नेपाल सरकार - समानिकरण अनुदानमा रु१२८००००।, राजस्व

बाँडफाँडमा रु.४३,७५,०००। र आन्तरिक श्रोतबाट रु.२८,२५,०००। समेत रु.२०००००००।- अबण्डा राखी रु.१४४९४१६७। खर्च गरेको छ ।बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१०३.३ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, तथा संस्थालाई रु. ६७६२३२। खर्च गरेको देखियो।।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १७४- ०२। ०४ | धारापाटी सामाजिक सेवा समिती लाई हारमोनियम गितार झ्याली मादल तवला लगायत सामाग्री वितरण | म्युजिक क्राफ्ट सेलर प्रा लि | ९९४९६ |
| १९७- ०३। ०४ | जेष्ठ नागरिक लाई पिकनिक तथा भ्रमण | सीमा क्याटरिङ एण्ड कुकिङ सर्भिस | ३५५८०० |
| २११- ०३। १६ | विभिन्न संस्थाका खेलाडिहरुलाई टीसर्ट वितरण | न्यू शिल्पा उद्योग | ७२०७१ |
| २३२- ०३। २३ | जलेश्वर सहयोगी संस्थालाई लागि खलाडीले लगाउने जर्सी वितरण | कामरु ट्रेडिङ्ग प्रा लि | ९८८६५ |
| २२६- १०। २४ | स्ववियु कप भलिवल प्रतियोगिता २०८१ | अखिल नेपाल स्व वि यु | ५०००० |
| जम्मा रु . | | | ६७६२३२ |

१०३.४ **जनप्रतिनधी मार्फत खर्च/पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ। वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | रकम |
|---|---|---|---|---|
| २३९-०३।२४ | वडा सदस्य | शर्मिला परियार | सार्वजनिक सनुवाई कार्यक्रम(पेश्की) | २००००० |
| ४६-०७।०५ | वडा सदस्य | केशव प्रसाद श्रेष्ठ | कान्ति सास्कृतीक केन्द्र मा दशैमेला सञ्चालन | ९६४१७ |
| ७५-०८।११ | वडा सदस्य | शर्मिला परियार | खेलकुद सामाग्री खरिद गरि बितरण | ६७९९० |
| १०३-०९।१९ | वडा सदस्य | सिता थापा, | फुटसल प्रतियोगिता | २३११८१ |
| २-०५।२४ | वडा सदस्य | सिता थापा, | तिज दर खाने कार्यक्रम | १९९९५ |
| १२४-१०।२३ | वडा सदस्य | सिता थापा, | महिला सचेतना सम्बन्धि १ दिने अभिमुखिकरण | ५०००० |
| २१९-०३।२० | वडा सदस्य | शर्मिला परियार | खेलकुल सामाग्री खरिद गरी विकास नगर टोल सुधार समिती वितरण | ६२७९३ |

१०३.५ **जिन्सी दाखिला-** नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार आर्थिक वर्ष ०७७।०७८ देखि सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) लाई संघ, प्रदेश र स्थानीय तहका सबै कार्यालयहरुले अनिवार्य रुपमा लागू गर्नुपर्ने उल्लेख छ।वडा कर्यालयले निम्न मिती तथा गोश्वरा भौचर वाट खरिद भएका जिन्सी सामाग्री म्यानुअल दाखिला भएको देखिएकोले उक्त सामाग्री (PAMS) मा दाखिला भएको प्रमाण पेश गर्ने रु.

| गो भौ नं मिती | सामाग्रीको नाम | भुक्तानीपाउने | रकम |
|---|---|---|---|
| ११२- १०।०७ | SIP SEVER,9 U Rack,24-Port Patch panel लगायत सामाग्री | नमस्ते ईन्फोटेक | ३५१४८६ |
| २३३- ०३।२३ | वडा भित्र सि सि टि भी जडानको लागी परामर्श सेवा | नेक्सजेन आई. टि सोलुसन्स प्रा लि | १७००६५ |
| | जम्मा | | ५२१५५१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२१,५५१ |

१०३.६ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष रु४,९७,८८७। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा

खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | लागत अनुमान | बत्ती संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ११-२०८१। ८।१४ | केरेन ईन्टरनेशनल | रानिबारि सामाखुशि लगायत वडाका बिभिन्न ढाउमा सडक बत्ति जडान र मर्मत कार्य | लई नबनाएको | ८० | ४९७८८७ |

१०३.७**टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| **गोश्वारा भौचर नम्बर मिति** | **विवरण** | **फर्मको नाम** | **लागत अनुमान** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ६-२०८१।७।८ | शान्तवस्ती गल्लीमा ड्रेन,ब्लक तथा ढुङ्गा छाप्ने कार्य | कस्तुरी कन्स्ट्रक्सन | ९५८७८८ | ९०८०७५ |
| ७-२०८१।७।८ | प्रभु मार्गमा आर.सि.सि सडक निर्माण कार्य | न्यू डिजाइन कन्स्ट्रक्शन प्रा.ली | ९८३७७० | ९५२०४४ |
| ८-२०८१।७।११ | सृजनशिल मार्ग तथा रेउकाई मार्गमा ग्रावेल गर्ने कार्य | आर.एम.पि कन्स्ट्रक्सन तथा सप्लायर्स प्रा.ली | ९९६७२० | ९८३८७३ |
| ९-२०८१।७।११ | खण्डेश्वर मार्ग ढलान बसुन्धारा | डि.जि.एस निर्माण सेवा | ९९४२७० | ९८२९८१ |
| १२५-२०८२.३। २३ | वडा कार्यालय भवन मर्मत सम्भार कार्य | गल्फ कन्स्ट्रक्सन | ४११११२ | ३९७२५७ |

१०३.८**विमा-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६,४३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०३.९**बीमा अवधि-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **३०,०७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०३.१**फूटपाथ निर्माण कार्य-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने उल्लेख छ । वडा कार्यालयले यस बर्ष निम्नानुसार ढुङ्गा तथा ब्लक विच्छाउने कार्य गरी फुटपाथ स्तरोन्नति बापत रु.५६,८१,११४।खर्च गरेको छ। वडाले पुरानो हेक्जागोनल ब्लक हटाएर नयाँ ब्लकहरु प्रतिस्थापन गरेकोमा उक्त ब्लकको उपयोग स्थिति खुल्ने अभिलेख लेखापरीक्षणमा पेश गरेको छैन । यस क्रममा हटाइएका हेक्सागोनल ब्लकहरू

(M20 ग्रेड) को बाँकी आयु (Life Span) सम्बन्धी कुनै प्राविधिक मूल्याङ्कन पेश गरेको छैन। यसबाट पुन प्रयोग गर्न सकिने ब्लक कति वर्गमिटर थियो र कति वडाले नै सञ्चालन गरेका योजनाहरुमा प्रयोग भयो भन्ने विवरण एकिन हुन सकेन। हटाइएका निर्माण सामग्रीको अभिलेख र प्राविधिक मूल्याङ्कन बिना गरिएको प्रतिस्थापन कार्य मितव्ययी भएको देखिएन ।

| गोश्वारा भौचर नम्बर मिति | विवरण | फर्मको नाम | Heavy duty intorlocking ब्लक कार्य वर्ग मिटर लई रु.२०२५.८७ | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ५०-२०८१।१२।२९ | रानीबारी मार्गको शाखा बाटोमा ढुंगा र ब्लक मर्मत कार्य | पहरीखर्क निर्माण तथा ढुवानी सेवा प्रा.लि. | ३८९.३५ (२५८.०७) व.मि पुरानो | ९६२६२७ | ९,४०,४२९ |
| ६३-२०८२।२।२ | कपन मार्ग शाखा बाटो ब्लक छाप्ने कार्य | सिता कन्स्ट्रक्सन् | २५०.९८ | ९९५८८८ | ९,८०,४५३ |
| ७०-२०८२।०२।०८ | जलधारा मार्गमा ब्लक मर्मत कार्य | समृद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | | | ९,४५,७८९ |
| ७६-२०८२।२।२१ | पानीपोखरी पेट्रोलपम्प संगैको बाटोमा ब्लक विच्छाउने कार्य | न्यू ए.टु.जेड कन्स्ट्रक्सन | ११३.४६ | ९६०१४८ | ९४८१७८ |
| ८०-२०८२।२।२७ | तिलिंटार मार्गको शाखा बाटोमा ब्लक मर्मत कार्य | श्रीयशीबिल्डर्सप्रा.लि | ९७.८९ | ९६९९५७ | ९,५७,८१३ |
| ८४-२०८२।२।२७ | इछेश्वोर मार्गको शाखा बाटोमा ब्लक छाप्ने कार्य | हिमनदी कन्स्ट्रक्सन प्रा. लि. | २०२.२३ | ९२१४७३ | ९,०८,४५२ |
| जम्मा रु. | | | | | ५६८१११४ |

१०३.१**कार्य सम्पन्न भन्दा बढी भुक्तानी** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२८८,८३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०३.१**७३-२०-०००१ दिपक निरु कुँवर केसी समेत**- काठमाडौ महानगरपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची-४ मा सम्पत्ती कर गणना गर्ने उल्लेख छ। निज करदाताको सम्पत्ती कर मूल्याङ्कन गर्दा सँगै जोडिएको कित्ताको एकै दररेट लिनुपर्नेमा फरक फरक दररेट लिई गणना गरेकोले आ.ब २०७५।७६ देखी २०८१।८२ सम्म छुट भएको रु.८१,७९५। निजबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ८१,७९५ |
|---|---|

१०४ **वडा नं ४ तर्फ**

१०४.१**बजेट तथा खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नम्बर ४ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २९८६१४००.०० | २२८८७२४४.५० | ७६.६४ |
| पूँजीगत | १५०८००००0.०० | ९७८०७१०८.७१ | ६४.८५ |
| जम्मा | १८०६६१४००.०० | १२०६९४३५३.२१ | ६६.८० |

यो बर्ष वडा नम्बर ४ मा रु. १८ करोड ६ लाख १४ हजार विनियोजन गरेकोमा रु.१२ करोड ६ लाख ९४ हजार अर्थात ६६.८० प्रतिशतमात्र खर्च गरेको छ । वडा कार्यालयले ९९ कार्यक्रमको लागि बजेट विनियोजन गरेकोमा पूँजिगत तर्फ ३८ कार्यक्रममा खर्च नभई शुन्य वित्तीय प्रगती देखिएको छ।आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

१०४.२ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले पुँजिगततर्फ आकस्मिक विभिन्न कार्य शीर्षकमा नेपाल सरकार - समानिकरण अनुदानमा रु १,९८,००,०००।, राजस्व बाँडफाँडमा रु.४३,७५,०००। र आन्तरिक श्रोतबाट रु.७१,४५,०००। समेत रु.३,१३,२०,०००।- अबण्डा राखी रु.२,४४,२०,१८१। खर्च गरेको छ। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.१५ करोड ८ लाखको २१ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१०४.३ **जनप्रतिनधी मार्फत खर्च / पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ८६-१२। २१ | वडा सदस्य | नविन मैनाली | चितवन देवघाटमा जेष्ठ नागरिकहरूलाई १ दिने तिर्थाटन भ्रमण | १२६६६८ | वडा समितिको मिती २०८१।०९।०५ को वडा नं ४ अध्यक्ष दिनेश महर्जनको अध्यक्षतामा वसेको वडा समितीको निर्णय अनुसार |
| १९३-०३। २३ | वडा सदस्य | सन्ध्या देवी खनाल | महिलाहरुलाई हेम्पको झोला,पर्स, बेल्ट बनाउने तालिम २५ जाना महिला लाई १५ दिने तालिम | २४३०३५ | मिती २०८२।०२।२२ मा पेश्की पाँउ भनी निवेदन पेश भएको जस अनुसार कुल लागत खर्चको ३० प्रतिशत रकम रु.८४७५० पेश्की लिई वाँकी रकम रु.१५८२८५ सोधभर्ना दिएको। |
| १८९-०३। २२ | वडा सदस्य | नविन मैनाली | सामुदायिक बिद्यालयका बिद्यार्थीहरु बीच चेस प्रतियोगिता | ४९९५५५ | मिती २०८१।०८।०७ को वडा नं ४ को अध्यक्ष दिनेश महर्जनको अध्यक्षतामा वसेको वडा समितीको निर्णय अनुसार |
| १६८-०३। १३ | वडा सदस्य | सन्ध्या देवी खनाल | मुटु रोग सम्बन्धि सचेतना कार्यक्रम | १५४६०० | मिती २०८२।०१।३१ को वडा नं ४ को अध्यक्ष दिनेश महर्जनको अध्यक्षतामा वसेको वडा समितीको निर्णय अनुसार |
| १७०-०३। १५ | वडा सदस्य | सरु अधिकारीला | कौशी खेती तालिम | २९६१५० | मिती २०८१।१२।०४ को वडा नं ४ अध्यक्ष दिनेश महर्जनको अध्यक्षतामा वसेको वडा समितीको निर्णय अनुसार |
| १६९-०३। १५ | वडा सदस्य | सन्ध्या देवी खना | कौशी खेती तालिम | २९६१५० | मिती २०८१।१२।०४ को वडा नं ४ को अध्यक्ष दिनेश महर्जनको अध्यक्षतामा वसेको वडा समितीको निर्णय अनुसार |
| जम्मा | | | | १६१६१५८ | |

१०४.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समितितथा क्लबहरूलाई रु.३९५६१६२। खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १७४-२०८२।०३।१२ | बाजा सहित अन्य भजनका समान खरिद तथा वितरण | प्रिज्मा मल्टिपर्पोस सप्लायर्स प्रा.लि | ८४६०३१ |
| १६३-२०८२।०३।१२ | चण्डोल कृष्ण मन्दिरमा भजनको लागि विभिन्न समान समान खरिद | जि. एन. इन्टरप्राइजेज | ४८२७३६ |
| १६२-२०८२।०३।१२ | टुँडालदेवी मन्दिर लाई साउण्ड सिस्टम तथा भजनका सामान खरिद | दाजुभाई सप्लायर्स एण्ड सर्जिकल इन्टरप्राइजेज | ४९७६५२ |
| १८३-२०८२।०३।२१ | टुँडाल देवीको जात्रा तथा पुजा व्यवस्थापन | ना. सु. ध्रुब खड्का | १००००० |
| १७७-२०८२।०३।२० | विभिन्न क्लव लाई खेलकुद सामान बितरण | एन. पि. ट्रेड एण्ड जनरल सप्लायर्स | ९३८७५८ |
| १०४-२०८२।०१।२५ | योगा प्रशिक्षणको लागि योगा म्याट खरिद गरी योग सेन्टर लाई वितरण | श्री आर. पि. एस. ट्रेड सप्लायर्स | ५२३४१६ |
| १८७-२०८२।०३।२२ | बागमति प्रदेश पार संघलाई खेल सामाग्री वितरण | यजत कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ५६७५६९ |
| जम्मा | | | ३९५६१६२ |

१०४.५ **धुम्रबराही सतल निर्माण कार्य** - लागत अनुमान रु.४,७०,५९,८४३। (मू.अ.कर र पि.यस सहित) रहेको उक्त निर्माण कार्यका लागि सवैभन्दा कम कवोल गर्ने निर्माण व्यवसायी भुवनेश्वरी-न्यू ए टु जेड-ओम साई जे.भिसँग रु.३,८७,२३,८४१।( भ्याट र पि.एस सहित) मा मिति २०८२।७।१ सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।४।१७ मा सम्झौता भई निर्माण कार्य सुरु भएकोमा आषाढ सम्म रु.१,९३,०७,२०७। को मात्र कार्य ४१.०३ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ। खरीद सम्झौतामा उल्लेखित कार्यतालिका र शर्त अनुसार तोकिएको समयमा तोकिए बमोजिमका निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

१०४.६ **जनसहभागिता शुन्य भएका योजना**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलिमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन। उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार जनसहभागिता हुने कार्यमा मात्र उपभोक्ता समितिबाट कार्य गराउनुपर्दछ।

| भौचर नम्बर | उपभोक्ता समितिको नाम | कार्य विवरण | लागत अनुमान | सम्झौता रकम | भुक्तानी |
|---|---|---|---|---|---|
| १४४-२०८२।३।२२ | धुम्रबराह सिर्जनसिल युवा उ.स | लाखेपाटीमा फल्चा निर्माण | २९८८५६८ | २२२८३१८ | २१७५६७७ |
| २००-२०८२।३।२४ | शिवप्रिया मार्ग सामुदायिक भवन फिनिसिङ कार्य | सामुदायिक भवन फिनिसिङ कार्य | ६१२६८९२ | ४०८३८०४ | ३७३३१४३ |
| २०१-२०८२।३।२४ | युवा विकास उ.स | मिलीजुली टोलमा पर्खाल भत्काई बाटो बनाउने कार्य | १९३१८३५ | १९३१८३५ | १७०८०५५ |

१०४.७ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वारा भोचर नम्बर मिति | विवरण | फर्मको नाम | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| २-२०८१।६।२२ | बिष्णु गल्ली राप्रपा कार्यलय पछाडी ढलान तथा ब्लक छाप्ने कार्य | नोबल इन्जिनियरिङ सोलुसन्स | ९९४८८४ | ९७३६६० |
| ३-२०८१/ ०६/ २२ | कृष्ण गल्लीको भित्री बाटो ढलान कार्य | मेगा सिटी इन्जिनियरिङ्ग प्रा.लि. | ९९९६४४ | ९७११६९ |
| ३५-२०८१।११।९ | दाहाल गाउँमा ढलान कार्य | लाइट रुम प्रा.ली | ९९४७२५ | ९६०१३६ |
| ७१-२०८२/ ०१/ २६ | हनुमान मन्दिरको पश्चिम तर्फ प्रगति टोलको भित्री बाटो ढलान कार्य | अबिधा इन्टरनेशनल प्रा. लि. | ९९७८३६ | ९६२२८८. |
| ८१-२०८२/ ०२/ ०५ | जागरण मार्ग, धुम्बाराही र धोविखोला करिडोरमा ढल तथा ब्लक छाप्ने कार्य | सिता कन्स्ट्रक्सन् | ९९७४३६ | ९,५७,७७६ |
| १०८-२०८२।३।१५ | अर्धचक्र मार्गको बाँकी भागमा ढलान गर्ने कार्य/ ध्रुव दाइको घर जाने बाटो | अतित कन्सट्रक्सन प्रा.लि. | ९९५९२७ | ९६०३१७ |

१०४.८ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष ६ पटक रु.५८,६८,०५३। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २५-२०८१। १०।८ | कर्मशिल कन्स्ट्रक्सन | शितल मार्ग लगायत सहायक गल्लीमा ८५ सडक बत्ती जडान | ९८४२२४ |
| ५८-२०८१। १२।२० | बैगुनधुरा निर्माण सेवा | लम्टंगिन मार्गमा ८५ सडक बत्ती जडान | ९८४२२४ |
| ५९-२०८१। १२।२० | खड्ग ट्रेडिङ सेन्टर | बालुवाटार पश्चिमक्षेत्र र तल्लो बालुवाटार भाटभटेनी लगायत स्थानमा १७५ सडक बत्ती जडान | ९८५०८३ |
| ९६-२०८२। ३।६ | लावन्य कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | वंशीधर मार्ग पूर्व तर्फ भित्री बाटोमा ८५ बत्ती जडान | ९८३२६३ |
| ९७-२०८२। ३।६ | अन्मय कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | राजश्री गल्ली, प्रेम गल्ली लगायत स्थानमा ५० वाटका ८४ बत्ती जडान | ९७१५०६ |
| ११०-२०८२। ३।१० | केराउनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | सुकेधारा नयाँ कोलोनी क्षेत्रमा ८३ सडक बत्ती जडान | ९५९७५३ |
| जम्मा | | | ५८६८०५३ |

१०४.९ **अन्यत्र कार्यालय खर्च**- स्थानीय तहको आर्थिक प्रशासन सम्वन्धि कानुनमा स्थानीय तहले संघीय कार्यालयलाई कार्यक्रम निर्धारण गरी खर्च लेख्ने कानुनी व्यवस्था गरेको छैन। स्पष्ट कानून र हस्तान्तरण प्रकृया स्वीकृत नभएकै अवस्थामा यस वर्ष वडा कार्यालयले मालीगाउँ प्रहरी बृत र महानगर प्रहरी वृतमा एसी जडान भनी गोश्वारा भौचर नम्बर ७५-२०८२।१।२६ बाट रु.२९८४९०।- खर्च गरेको देखियो । स्पष्ट कानुनी व्यवस्था वेगर संघीय कार्यालयलाई स्थानीय तहले अन्यत्र कार्यालयको खर्च भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,९८,४९० |

१०४.१०**४-२३-०६८२ पशुपति रिक्रिएशन प्रा.लि.**-पशुपति रिक्रियसन प्रा.लि. र शिव शक्ति डेभलपर्स प्रा.लि. बीच मिति २०७९/०४/०१ मा भएको बहाल सम्झौताको बुँदा नं ३ मा मासिक बहाल रकम कर कट्टी पश्चात रु ५,००,००० हुने र बुँदा नं ४ मा वार्षिक ५ प्रतिशतले वृद्धि हुने उल्लेख छ।सो सम्झौता अनुसार गणना गर्दा आ.व. २०८१/८२ को कुल बहाल रकम रु ७३,५०,००० हुने देखिन्छ। नियमानुसार सो रकममा १० प्रतिशतले लाग्ने बहाल कर रु ७,३५,००० हुनुपर्नेमा करदाताबाट रु ७,००,००० मात्र असुल भएको देखिन्छ।तसर्थ, सम्झौता बमोजिमको बहाल रकममा कर गणना गर्दा कम असुल भएको रु ३५,०००। र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,००० |

१०४.१**पेश्की बाँकी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । वडाले यस वर्ष नेपाल विद्युत् प्राधिकरण वितरण शाखा महाराजगञ्जलाई रु. ३,७५,०४४.०३। पेस्की दिएकोमा वर्षान्तसम्म पनी फछ्र्यौट नभई म्याद नाघेको देखिएकोले सो पेश्की फस्र्यौट हुनुपर्ने रु.

| पेश्की विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | रकम |
|---|---|---|
| वडाभित्र सडक वत्ती तार व्यवस्थापन कार्य | NEA MAHARAJGUNG DISTRIBUTION CENTER | ३७५०४४.०३ |

| | |
|---|---|
| पेश्की | ३,७५,०४४ |

१०५ **वडा नं ५ तर्फ**

१०५.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा ५ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २,१२,२४,८७० | १,३९,३६,७८३ | ६५.६६ |
| पूँजीगत | ११,२४,००,००० | ६,९४,१८,०९३.२६ | ६१.७५ |
| जम्मा | १३,४६,२४,८७० | ८,३३,५४,८७६.२६ | ६१.९१ |

यस वडामा रु १३ करोड ४६ लाख २४ हजार बजेट विनियोजन गरेकोमा रु.८ करोड ३३ लाख ५४ हजार अर्थात ६१.९१ प्रतिशतमात्र खर्च गरेको छ।वडा कार्यालयले पूँजिगत तर्फ ७२ कार्यक्रममा विनियोजन गरेको रकममध्ये ८ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१०५.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ विविध शिर्षकमा राजस्व बाँडफाँड - संघीय सरकार स्रोतमा रु.३१०००००।- र आन्तरिक श्रोत रु. ६९०००००।-लाख गरी जम्मा रु.१००००००००।- अबण्डा राखी रु.८२२२९०५।- खर्च गरेको छ। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.११ करोड २४ लाख ८.८९ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१०५.३ **अनुदान वितरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनुपर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु.२३८७१२१।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमित्का निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३५-२०८१/ ०८/ ०४ | चोक्ते नारायणको जात्रा पर्वको लागि टिशर्ट छपाई खरिद तथा वितरण | कालिकामाई ईन्टरप्राइजेज | ४२९६८२ |
| ४५-२०८१/ ०८/ १८ | पंचकुमारी मैतिदेवी जात्रापर्व संचालनको लागि झल्कने टिशर्ट छपाई तथा कागजको झल्लर राख्ने कार्य | श्री चण्डीमाई इन्टरप्राईजेज | २६५६०६ |
| ७३-२०८१/ १०/ ०७ | हांडीगाउं स्थित धन गणेश जात्राको लागि आवश्यक सामान खरिद तथा वितरण | श्री कालिकामाई इन्टरप्राईजेज | २५६५८ |
| ८८-२०८१/ ११/ १३ | खत यात्रा तथा पुजाहवनको लागि आवश्यक सामाग्रीहरु उपलब्ध | श्री बेष्ट वल्ड टेडिगं | ३११५८० |
| १५८-२०८२/ ०२/ ३० | गहना खोज्ने जात्राको लागि टिसर्ट वितरण | गौतम रत्न इण्टरप्राइजेज | ४९०९७२ |
| ८०- २०८१/ १०/ २० | खेलकुद सामाग्री वितरण | श्री चण्डीमाई इन्टरप्राईजेज | ३०४६१९ |
| १३८-२०८२/ ०२/ ११ | खेलकुद सामाग्री वितरण | श्री के.सी सुमन इन्टरप्राईजेज | ९७३६० |
| ७९-२०८१/ १०/ २० | बाजाहरु खरिद तथा वितरण | श्री के.सी. सुमन इन्टरप्राईजेज | ४६१६४४ |
| जम्मा | | | २३८७१२१ |

१०५.४ **भुक्तानीमा करकट्टी-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३३,२०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१४,८९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०५.५ **टुक्रा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वरा भौचर मिती | सामाग्रो व्यहोरा | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १००-२०८२/०१/०९ | हांडीगाउंको विभिन्न क्षेत्रहरुमा ढल मर्मत तथा मंगाल सरसफाई | केशर कन्स्टकसन प्रा.लि. | ९३३१११ |
| १५- २०८१/०७/१४ | विभिन्नस्थानहरुमा ब्लक मर्मत तथा ढल मंगाल मर्मत | श्री रुद्रप्रिय कन्स्टक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९५७१६३ |
| १३६-२०८२/०३/१६ | पिपल्स नर्सरी अगाडीको बाटोमा ब्लक छाप्ने तथा ढल मंगाल मर्मत गर्ने कार्य | मिसन कन्स्ट्रक्सन | ५४०३१७ |
| १२७-२०८२/०३/०१ | मर्पुहिटीको उत्तर पट्टीको राजकुलो मार्ग तथा ढल मंगाल मर्मत गर्ने कार्य | सि.आर.पि.कन्स्टक्सन एण्ड सप्लायर्स प्रा.लि. | ७९६०८९ |
| १४७-२०८२/०३/२३ | मालिगाउं सानोगौचरण ढल मंगाल मर्मत संभार गर्ने कार्य | श्री ओमस्टोन कन्स्टक्सन प्रा.लि. | ९३५९५७ |
| १३- २०८१/०७/१४ | हांडीगाउंको विभिन्न क्षेत्रहरुमा ढल तथा मंगाल मर्मत तथा सरसफाई गर्ने कार्य | लाल गणेश सप्लायर्स प्रा.लि | ९८०७०४ |
| | जम्मा | | ५१४३३४१ |

१०५.६ **जनसहभागिता शुन्य भएका योजना-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को (१) क मा रु एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । साथै नियमावलीको नियम ९७ को उपनियम ३ (क१) मा रु साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान समेत सम्झौतमा खुलाउनुपर्ने उल्लेख छ । संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलीमा जनसहभागिता शुन्य हुने वा जनसहभागिता नै नहुने व्यवस्था रहेको देखिँदैन । उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको देखिन्छ । उपभोक्ता समितिको शून्य लागत सहभागिताका आयोजनाहरु सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेका छन् ।

| भौचर नम्बर | उपभोक्ता समितिको नाम | कार्य विवरण | लागत अनुमान ओभरहेड सहित | लागत अनुमान ओभरहेड बाहेक | सम्झौता रकम | भुक्तानी |
|---|---|---|---|---|---|---|
| १५७-२०८२।३।२४ | मालिगाउँ पञ्चकुमारी उ.स | मालिगाउँमा फल्चा निर्माण | २९९४७८१ | २३२०६९७ | २३२०६९७ | २१९२७९५ |
| १६९-२०८२।३।२५ | सामुदायिक भवन निर्माण उ.स | सामुदायिक भवन निर्माण | ९९९८५६१ | ७७५८६९२ | ७७५८६९२ | ७५०८४०८ |
| १७३-२०८२।३।२५ | ढल्कु फल्चा उ.स | ढल्कु चोकमा फल्चा निर्माण | २२५०७९१ | १६९२६०८ | १६९२६०८ | १६७९१८६ |

१०५.७ **पूँजीगतबाट चालु खर्च-** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले यो वर्ष सभाबाट पारित गरी रु. १६,१९,३४९।– चालु खर्च नगरपालिका पुँजीगत वजेटमा समावेश गरेर वितरणमुखी कार्यक्रमहरुमा खर्च लेखेको देखियो। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरी वजेट खर्च लेख्ने तथा वितरणमुखी कार्यक्रमहरुमा गरीने खर्चहरुमा सुधार ल्याउनु पर्दछ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्री विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १३९-२०८२।३।२० | सिनेगो रिल्स | धिमे बाजा प्रशिक्षण कार्यक्रम | ९९४४० | |
| १४३-२०८२।३।२२ | डीजे एस एक्जिम प्रा.ली | डवल स्पिकर, मिक्सर माइक स्टान्ड | ९७५५२९ | नर:दे जीवन्त हाँडिगाउँ समितिलाई हस्तान्तरण गरेकोमा सो समितिले जिन्सी आम्दानी जनाउनुपर्ने |
| १४५-२०८२।३।२२ | स्टुडियो मेमोरीज | हाँडीगाउँका ५ प्राचिन फोटो खरिद | ८४९०० | जिन्सी आम्दानी जनाउनुपर्ने |
| १५१-२०८२।३।२३ | विद्यपुर साँस्कृतिक कला केन्द्र | १२० दिने चर्यानृत्य प्रशिक्षण कार्यक्रम | ४५९४८० | चालु प्रकृति |

१०५.८ **सडक बत्ती जडान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष रु.५,३४,६५० बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

१०५.९ **सि.सि.टि.भी. जडान तथा सञ्चालन-** सि.सि.टि.भी. जडान तथा सञ्चालनको नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७२/०७/२५ मा स्वीकृत सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ जारी गरेको छ । उक्त निर्देशिकाको दफा ३ (क) मा सार्वजनिक सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्देश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने एवं सिसिटिभी सरकारी/सार्वजनिक निकायले नागरिकहरुको सुरक्षा, सरकारी सम्पत्ति सुरक्षा, कारागारहरुको निगरानी, निजामतीस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदि कार्यको लागि CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष सिसिटिभी जडान मर्मत तथा सञ्चालनतर्फ देहाय अनुसार ४ पटक रु ४४,२४,८०१। खर्च गरेको छ । सिसिटिभी खरिद गर्दा सुरक्षा निकायसँग समन्वय गरी सर्भिलेन्स रुमको उपलब्धताको सुनिश्चतता गरेर मात्र प्रतिस्पर्धात्मक विधि मार्फत खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | लागत अनुमान | क्यामेरा संख्या | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १७-२०८१।८।१७ | अल नेपाल सेल्स एण्ड सर्भिस प्रा. लि. | वडा कार्यालयको थप भवन तथा पुरानो भवन समेतमा सि.सि. क्यामेरा जडान तथा मर्मत गर्ने कार्य | ४९५३३५ | ६ थान | ४८४३०६ | |
| ५१-२०८१।१०।१५ | आई.टि सोलुसन प्रा.ली | पन्चेधारा पहेलो पुल एरियामा सि.सि क्यामेरा जडान कार्य | | | ९८५९९२ | |
| १२१-२०८२।२।३० | अल नेपाल सेल्स एण्ड सर्भिस प्रा.ली | १६ थान सिसिक्यामेरा जडान सानोगौचरण टंगाल मनमानेश्वरी एरियामा | ९९९३१० | १६ | ९८६४७४ | |
| १३२-२०८२।३।८ | नेक्सजेन आई.टी. सोलुसन्स प्रा.लि. | भाटभटेनी बिशालनगर धनगणेश एरियामा सि.सि. क्यामेरा जडान गर्ने कार्य | ९९७७१० | १६ | ९८३१३३ | |
| १२४-२०८२।२।३० | सेफ्टी एण्ड सेकुरिटि ट्रेड लिंक | वडा अन्तरगत विभिन्नस्थानहरुमा जडान भएका सि.सि.क्यामेरा थप तथा मर्मत जडान गर्ने कार्यको कार्य | ९९३७५५ | ११ | ९,८४,८९६ | |
| जम्मा | | | | | ४४२४८०१ | |

१०५.१६ **बिमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ११२ बमोजिम रु२० लाख भन्दा माथिको निर्माण कार्यमा बिमा गराउनुपर्ने उल्लेख छ। कार्यालयले निम्न उपभोक्ता समिती मार्फत रु २० लाख भन्दा माथीको लागत अनुमान भएका निर्माण कार्यहरुमा बिमा गरेको देखिएन। नियमावलीको पालना गर्नुपर्दछ ।

| **गोश्वारा भौचर** | **उपभोक्ता समितिको नाम** | **निर्माण कार्यको नाम** | **लागत अनुमान रकम** | **सम्झौता रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| ४९-२०८१।१०।१४ | माघ:गहनापोखरी उ.स | लामो ढुङ्गा मार्गमा ढुंगा छाप्ने कार्य | २३१९३८५ | १७८४८२८ | १७८२९२७ |

१०५.१७ **०५-३१-०६६८ श्रीजना सिंह, प्रेम चन्द्र सिंह, समेत ७ जना -**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२,६३८,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०५.१८ **०५-३१-०६१८ स्वर्णिम होटेल लिमिटेड-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१२८,९६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०५.१९ **०५-१-०२१४ जय राम श्रेष्ठ र अनुशुया श्रेष्ठ समेत**-काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जगाको प्रतिआना दर उल्लेख छ । भाटभटेनी सुपरमार्केट, विशालनगर, चण्डोल हुंदै चप्पलकारखाना धुम्बाराही चोकसम्मका मुलबाटो सग जोडीएका दररेट प्रति आना रु २८ लाख उल्लेख छ । वडाले निज करदाताको १८ कित्तामा निर्मित संरचनामध्ये कित्ता नं ९८,९७,१३,१९ को मूल्याङ्कन २८ लाखले गरी १० प्रतिशत छुट

दिएको छ। उक्त जग्गामा १० प्रतिशत छुट दिने आधार देखिएन।तसर्थ रु २८ लाख प्रति आनाले गणना गर्दा रु २६४३९। न्युन राजस्व असुली भएको देखिन्छ । २०७५।७६ देखिको छुट भएको सम्पत्ति कर पुन गणना गर्दा हुने रु १५८६३४। र सोमा लाग्ने जरिवाना समेत यकिन गरी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५८,६३४ |

१०६ **वडा नं ६ तर्फ**

१०६.१ **बजेट तथा खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड (क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा ६ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | ३५७२२००० | २९२९००८४.१९ | ८१.९९ |
| पूँजीगत | १५०५५०००० | १०७०५२०११.४८ | ७१.१ |
| जम्मा | १८६२७२००० | १३६३४२०९५.६७ | ७३.१९ |

यो बर्ष वडा नं ६ को कार्यालय अन्तर्गत रु १८ करोड ६२ लाख ७२ हजार विनियोजन भएकोमा रु.१३ करोड ६३ लाख ४२ हजार अर्थात् ७३.१९ प्रतिशतमात्र खर्च भएको छ। वडा कार्यालयले पूँजिगत तर्फ ५८ कार्यक्रममा विनियोजन गरेको रकममध्ये १८ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

१०६.२ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ अन्य भैपरी आउने बिबिध आकस्मिक कार्य शिर्षकमा आन्तरिक स्रोतमा ४५००००० लाख अबण्डा राखी रु. ४०३११२६।- खर्च गरेको छ। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.१५ करोड ०५ लाख ५० हजारको २.९८ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१०६.३ **जनप्रतिनधी मार्फत खर्च/पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६५-२०८१/०७/११ | दलित महिला वडा सदस्य | लिला विशुङखे | सेल्फ मेकअप सम्बन्धी कार्यकर्म संचालन | १००२४६ | |
| ३२-२०८१/०६/१४ | महिला वडा सदस्य | गायत्री पुडासैनी | महिला सशत्तीकरण सम्बन्धी कार्यक्रम | १०४२०६ | |
| १२७-२०८१/१०/०९ | वडा सदस्य | नरेन्द्र कुमार थापा | महानगर दिवस कार्यक्रम | ४७२२५ | |
| २२३-२०८२/०२/०७ | महिला वडा सदस्य | गायत्री पुडासैनी | महिला सशक्तिकरण तथा क्षमता सम्बन्धी विकास (नारी दिवस) | ५१८५० | |
| १५८-२०८१/११/२० | महिला वडा सदस्य | गायत्री पुडासैनी | लैङ्गिक हिङ्सा सम्बन्धि कार्यक्रम | ६६८७० | |
| २४९-२०८२/०३/०२ | महिला वडा सदस्य | गायत्री पुडासैनी | समानता तथा सामाजिक समाबेशिकरण सम्बन्धी तालिम कार्यक्रम | ६६३५० | |
| १०-२०८१।०६।२२ | वडा सदस्य | देव सुन्दर बज्राचार्य | विपद् व्यवस्थापन सम्बन्धि २ दिने कार्यक्रम | ३२३०८५ | १५०००० को पेश्की लिएकोमा फस्यौट गरी बाँकी रकम रु.१७३०८५ नपुग रकम सोधभर्ना दिएको। |
| ७१-२०८१/०७/१३ | वडा सदस्य | नरेन्द्र कुमार थापा | न्हुदंया भिन्नुता कार्यक्रम संचालन | १०००००० | गो भौ नं ११९-२०८१/०९/२६ बाट रु.९००००० पेश्की रकम फस्यौट गरी बाँकी रकम रु.१००००० नपुग रकम सोधभर्ना दिएको। |
| | | | जम्मा रु. | १७५९८३२ | |

१०६.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, तथा संस्थालाई रु. ३६३२८८९। खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरीत खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| विभिन्न भौचर | जेष्ठ नागरिक भ्रमण | विभिन्न संघ संस्था | १४००००० |
| २४५-२०८२/०२/२९ | जात्रा पर्व सञ्चालन | बौद्द तामाङ कल्याण गुठि | २५०००० |
| २३२-२०८२/०२/१९ | खेलकुद सामाग्री वितरण | टुसाल युवा क्लबलाई | ७००००० |
| २०९-२०८२/०१/३१ | वाद्दयवादनका सामाग्री खरिद तथा वितरण | प्रारम्भ ट्रेडिङ प्रा.ली | ९८३२१३ |
| २९९-२०८२/०३/२० | बाजागाजा एवम स्पिकर सहायोग | एरो इन्टर प्राइजेज | २९९६७६ |
| | | जम्मा रु. | ३६३२८८९ |

१०६.५ **भुक्तानीमा करकट्टी**- आयकर ऐन २०५८ को दफा ८८ मा सेवा तथा परामर्मूश खरिदको भुक्तानीमा १५ प्रतिशत श्रोतमा कर कट्टि गर्नु पर्ने व्यवस्था छ। वडा कार्यालयले मूल्य अभिबृद्धि करमा दर्ता नभएका निम्न फर्म तथा व्यक्तिहरुलाई १५ प्रतिशत श्रोतमा कर कट्टी नगरी भुक्तानी गरेको देखिएकोले निम्न फर्म वा संस्था वाट नपुग रकम असुल गर्ने रु.

| गौ भौ नं मिती | संस्थाको नाम | व्यहोरा | भुक्तानी रकम | करकट्टि रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| १५७-२०८१/११/१९ | मुस्कान अभियान नेपाल | साइवर अपराध सम्बन्नधी सचेतनामुलक कार्यक्रम | १२५००० | ३४९५ | १५२५५ |
| १४२-२०८१/१०/२४ | बज्रसत्तो थाङका संस्था | बज्रस्वत्व सिपमुलक थाङका तालिम | १००००० | २८२० | १२१८० |
| २५२-२०८२/०३/०४ | आधा आकाश | महिलाहरु लाई ७ दिने उद्धोषण तालिम | १००००० | ३७१४ | ११२८६ |
| २६६-२०८२/०३/१२ | स्वरोजगार उधमशिल परामर्श | ७ दिने उद्धोषण तालिम | १००००० | ९२५५ | ५७४५ |
| २८२-२०८२/०३/१८ | छोरडान महिला समाज | ७ दिने उद्धोषण तालिम | १००००० | ४६६३ | १०३३७ |
| २९६-२०८२/०३/२० | गृहणी महिला संघ | उद्धोष तालिम | १००००० | ७८०८ | ७१९२ |
| २९३-२०८२/०३/२० | इन्टरनेशन्ल होटेल ट्रेनिङ प्रा.ली | बारिस्टा तथा बेकरी तालिम | ४९५००० | ११११२४ | ६३१२६ |
| २९२-२०८२/०३/२० | ओभरसिज एजुकेशन सेन्टर प्रा.लि. | बारिस्टा तथा बेकरी तालिम | ४९५००० | ११२७१ | ६२९७९ |
| २२६-२०८२/०२/०९ | मिराज एन्सटीच्युट | बारिस्टा तथा बेकरी तालिम | ४९६०४० | १०६०१ | ६३८०५ |
| ३१३-२०८२/०३/२३ | स्वरोजगार उध्यमशिल परामर्श तथा तालिम | योग सिविर तथा योग प्रशिक्षक तालिम | २२२००० | ८९६३ | २४३३७ |
| २६८-२०८२/०३/१५ | रामनगर उर्जाशील समूह | योग सिविर तथा योग प्रशिक्षक तालिम | २००००० | ३००० | २७००० |
| १८१-२०८१।१२।२६ | जिवन मन्त्र नेपाल | अटिज्म सम्बन्धि कार्यक्रम | ४९४००० | ३५८५५ | ३८२४५ |
| ३०९-२०८२।०३।२२ | शुभ व्युटीपार्लर | व्युटीपार्लर तालिम | ४९१९४५ | २२४८३ | ५१३०८ |
| | | | | जम्मा रु. | ३९२७९५ |

| असुल गर्नुपर्ने | ३,९२,७९५ |
|---|---|

१०६.६ **पाटिटार शिव मन्दिर, शान्तीटोल तथा मितेरी मार्ग बाटो स्तरोन्नती-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१४,१०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१०६.७ **बिधार्थीहरुको शैक्षिक गुणस्तर बृद्धि कार्यक्रम-** वडा कार्यालयले महेन्द्र बौद्ध मा.बि.का शिशु कक्षा देखि तीनसम्मका बिधार्थीहरुको शैक्षिक गुणस्तर बृद्धी गर्नका लागि CSN ( कोलाब्रेटिभ स्कुल नेटवर्क) संग सहकार्य गरि कार्यक्रम संचालन गर्नेगरी काठमाडौमहानगर पालिका वडा नं ६ को कार्यालय तथा महेन्द्र बौद्ध मा.बि संग सम्झौता गरी गोश्वारा भौचर नं २२८- २०८२/०२/२९ वाट पेश्की स्वरुप विद्यालयको खातामा रु.७००००० निकासा दिएको छ। सम्झौताको शर्तको बुदा नं ४ मा उक्त निकासा भएको रकमको कार्यक्रमहरु सम्पन्न गरी मिती २०८२।०३।१५ गते भित्र सम्पन्न गरी पेश गर्ने र कारणवस उक्त अवधी भित्र निकासा भएको रकम खर्च हुन नसकेमा उक्त रकम काठमाडौ महानगरपालिकाको संञ्चितकोषमा फिर्ता गर्ने उल्लेख छ।तर वडा कार्यालयले भने मिती २०८२।१०।२८ मा उक्त पेश्की फस्यौट गरेको छ। वडा कार्यालयले वर्षान्तको अन्त्यमा उक्त वजेट खर्च गर्न न्यूनतम समयसिमा तोकि बर्षान्तको अन्त्यमा पेश्की दिएको कार्य उचित देखिएन।

१०६.८ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| क सं | गो भौ नंर मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| १ | ६९।२०८१।१२।२७ | ढल लाइनमर्मत | साइनइन्जिनियरिङ | ९८०८१९ |
| २ | ७७।२०८२।१।१५ | ढल लाइनमर्मत | ओम कुवंर निर्माण प्रालि | ९१७९२६ |
| ३ | ९०।२०८२।१२।२ | ढल लाइनमर्मत | फाल्गुनन्द निर्माण सेवा | ९५२६८८ |
| ४ | ९१।२०८२।२।१३ | ढल लाइनमर्मत | खाँडदेवी हाउजिङ्ग बिल्डर्स | ९५९६०५ |
| ५ | ८४।२०८२।२।२५ | ढल लाइनमर्मत | गोसाइकुण्डनिर्माण सेवा | ९३८६९१ |
| जम्मा रु. | | | | ४७४९७२९ |

१०६.९ **विमा-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१७,४६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१०६.१० **सडक बत्ती जडान-** लागत अनुमान रु. ६९,९७,९६४। (मू.अ.कर र पि.एस सहित) रहेको ५० वाटका ३२५ सडक बत्ती र १०० वाटका १३५ सडक बत्तीका लागि सवैभन्दा कम कवोल गर्ने आपूर्तिकर्ता सौर्य विद्युत्त-ब्राइट सन जे.भिसँग रु.६६,२१,०२१।( भ्याट र

पि.एस सहित) मा मिति २०८२।५।२ सम्म कार्य सम्पन्न गर्ने गरी २०८२।२।६ मा सम्झौता भई गोश्वारा भौचर नम्बर ११०-२०८२। २।२८ बाट २८९ वटा ५० वाटका र ४६ वटा १०० वाटका सडक बत्ती जडान भई रु.४२,४८,८३४। भुक्तानी भएको छ। जसअनुसार ६४.१७ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन। वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन। नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन ।

१०६.१ **खरिद कार्य टुक्राएको-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ को उपनियम (१) (क) मा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने विषयमा सार्वजनिक निकायले कुनै खरिदको लागत अनुमान तयार गर्दा देहायको कुरा विचार गर्नुपर्ने उल्लेख छ । लाखेपोखरी कबर्डहल निर्माण कार्यको लागि आधृत कन्स्ट्रक्सन प्रालिलाई यो बर्ष गो. भौ. नं ४।२०८१।६।२० बाट रु ३५३६२०५। र १७।२०८१।८।१९ बाट रु ३५६१२५४। समेत रु ७०९७४५९। भुक्तानी गरेको देखिन्छ । २०८०।८१ मा टेन्डर गरेको उक्त कार्यमा लाखेपोखरी स्थित कभर्डहलको फिनिसिङ तथा फर्निसिङ कार्य उल्लेख गरी गो भौ नं १२७।२०८२।३।१७ बाट लाखेपोखरी कबर्डहल निर्माण उपभोक्ता समितिलाई रु ३१९६८५५। भुक्तानी दिएको छ ।यसरी एकै सम्झौताबाट गर्न सकिने कार्यलाई कन्स्ट्रक्सन कम्पनी मार्फत एवं उपभोक्ता समितिमार्फत छुट्टा छुट्टै कार्य गर्दा सार्वजनिक खरिद मितव्ययी भएको दिखएन । सम्पुर्ण कार्यमा एउटै खरिद सम्झौताबाट हुन सक्नेमा टुक्रा पारि भुक्तानी गरेको रु १०२९४३१४। नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,०२,९४,३१४ |

१०६.१ **०६-२६-0020 भृकुटी देवी इनिसिएटिभ प्रा लि-** काठमाडौं महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ । उक्त अनुसूचीमा बौद्ध स्तुपाको परिक्रमा मार्गसँग जोडिएको जग्गाको दर प्रति आना रु २५ लाख उल्लेख छ । उक्त जग्गाको ७७।७८ मा प्रति आना रु २५ लाख दर लिई गणना गरेकोमा २०८१।८२ मा १० प्रतिशत छुट दिई प्रति आना २२ लाख ५० हजारको दरमा सम्पत्ती कर गणना गरेको छ । रु २५ लाख प्रति आनाको दरले गणना गर्दा रु ४०८१५७। सम्पत्ती कर असुल गर्नुपर्नेमा रु ३५८२०४। गरेकोले घटी गणना गरेको रु ४९९५३ को २०८०।८१ देखि २०८१।८२ सम्मको रु ९९९०६। असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९९,९०६ |

१०६.१ **०६-३१-०७७३ सोनाम छिरिङ लामा-** काठमाडौं महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१ को दफा २ मा काठमाडौं महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा देहाय आधारमा सम्पत्ती कर निर्धारण गरी असुल गरिने तथा अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ। उक्त अनुसूचीको सि नं ११२ मा पर्ने जग्गाको दर रु १५ लाख प्रति आना उल्लेख छ वडाले उक्त जग्गाको १५ लाखको दरले गणना गर्नुपर्नेमा १०प्रतिशत छुट दिई गणना गरेबाट यो बर्ष घटी गणना भएको रु ३४७५०। मा रहेको देखिँदा २०७९।८० देखि २०८१।८२ सम्मको रु १०४२५२। असुल हुनुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०४,२५२ |

१०६.१ **ठेक्कासँग असम्बन्धित खर्च-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने साथै उपनियम ३) मा सार्वजनिक निकायले उपनियम (१) बमोजिम लागत अनुमान तयार गर्दा नियम ५क. बमोजिमको विवरण समेतको आधार लिनु पर्ने उल्लेख छ ।सार्वजनिक लेखा समितिको

२०६९।१।८ को निर्णयमा निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारीसाधन, साइट अफिस भाडाजस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्न निर्देशन दिएको छ । वडा कार्यालयले बौद्ध तामाङ कल्याण गुठीमा धर्मशाला निर्माण कार्यको पिएस आइटममा २ पाङ्ग्र सवारी साधन स्कुटर समावेश गरी भुक्तानी गरेको छ ।गो भौ न् १५३।२०८२।३।२४ मा सृजन कन्स्ट्रक्सन एण्ड प्रालि बौद्ध तामाङ कल्याण गुठीमा धर्मशाला निर्माण कार्यको ठेक्का बापत रु ११४३४७३६। भुक्तानी गरेको छ। उक्त कार्यमा पि एस आइटममा दुई पाङ्ग्रे २ ह्विलर स्कुटर रु ३ लाख उल्लेख गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

१०६.१**७६-२९-०३४९ रामेश्वर संगत**- काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१ को दफा २ मा काठमाडौ महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा देहाय आधारमा सम्पत्ती कर निर्धारण गरी असुल गरिने तथा अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ। निजको जग्गा रहेको स्थानको दररेट रु १८ लाख गणना गर्नुपर्नेमा रु १६ लाख कायम गरी कर गणना गरेबाट। नयाँ दररेट अनुसार बार्षिक रु ३२३९८ कर गणना गर्नुपर्नेमा रु २१७७१। मात्र गणना भएबाट बार्षिकरुपमा रु १०६२६। छुट भएको देखिन्छ । तसर्थ २०७५।७६ देखिको २०८१।८२ सम्मको रु ७४३८२। सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,३८२ |

## १०७ वडा नं ७ तर्फ

१०७.१**बजेट तथा खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नम्बर ७ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २०८४२२०० | १९९९२७९७.४९ | ९५.९२ |
| पूँजीगत | १६३६८९००० | ८०४६०७१३.५७ | ४९.१५ |
| जम्मा | १८४५३१२०० | १००४५३५११.०६ | ५४.४३ |

यो बर्ष वडा नं ७ को कार्यालय अन्तर्गत रु १८ करोड ४५ लाख ३१ हजार विनियोजन भएकोमा रु १० करोड ४ लाख ५३ हजार अर्थात् ५४.४३ प्रतिशतमात्र खर्च भएको छ।वडा कार्यालयले पूँजिगत तर्फ ८१ कार्यक्रममा विनियोजन गरेको रकममध्ये ३१ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१०७.२**अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ वडाका बिभिन्न स्थानमा भैपरी आउने विकास निर्माण सम्बन्धि आकस्मिक कार्यहरु शीर्षकमा नेपाल सरकार-समानिकरण अनुदानमा रु११८०००००।- र आन्तरिक श्रोतबाट रु.८२०००००।-समेत रु.२००००००००।-अबण्डा राखी रु.१९९४२९६५। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.१६ करोड ३६ लाख ८९ हजारको १२.२१ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१०७.३**जनप्रतिनधी मार्फत खर्च**- स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधी मार्फत खर्च गरेको छ। कार्यालयले गोश्वारा भौचर नम्बर २८०-२०८२।०३।२५ बाट महिला वडा सदस्य रुपा थापा क्षेत्रीलाई महिला सञ्जाल

कार्यक्रम सञ्चालन बापत रु.१,००,०००।भुक्तानी गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१०७.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, तथा संस्थालाई रु. १७९४३९०। खर्च गरेको देखियो।।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २७३- २०८२।०३।२४ | विभिन्न भजन समुह लाई भजनका सामाग्री वितरण | म्युजिक क्राफ्ट सेलर प्रा.लि. | ५४५७९० |
| १५४- २०८२।०२।०७ | जेष्ठ नागिरकहरुलाई भजन प्रवचन खाजा खुवाउने जन्म दिन मनाउने | माता पिता सेवा सदन चावहिल | १०००००० |
| ७८- २०८१।०८।२७ | धिमे बाजा मका खलःद्धारा प्रशिक्षित प्रशिक्षार्थीहरुको लागी पोशाक वितरण | कार्यभ सप्लायर्स | २४८६०० |
| जम्मा रु. | | | १७९४३९० |

१०७.५ **भुक्तानीमा करकट्टी-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **५,०५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **८,६६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **६,१३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०७.६ **विमा-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१२,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **८,४८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०७.७ **सि.सि.टि.भी. जडान तथा सञ्चालन-** सि.सि.टि.भी. जडान तथा सञ्चालनको नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७२/०७/२५ मा स्वीकृत सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ जारी गरेको छ । उक्त निर्देशिकाको दफा ३ (क) मा सार्वजनिक सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्देश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने एवं सिसिटिभी सरकारी/सार्वजनिक निकायले नागरिकहरुको सुरक्षा, सरकारी सम्पत्ति सुरक्षा, कारागारहरुको निगरानी, निजामतीस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा,

महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदि कार्यको लागि CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष सिसिटिभी जडान मर्मत तथा सञ्चालनतर्फ देहाय अनुसार ४ पटक रु ३५,२८,९४७।खर्च गरेको छ । वडा कार्यालयले प्रहरी कार्यालय तथा सामुदायिक भवनमा कार्यकक्षमा survilience room स्थापना गरेको देखिन्छ। उक्त निर्देशिकाको व्यवस्था अनुसार सिसिटिभी खरिद गर्दा सुरक्षा निकायसँग समन्वय गरी सर्भिलेन्स रुमको उपलब्धताको सुनिश्चतता गरेर प्रतिस्पर्धात्मक विधि मार्फत खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

| **गोश्वारा भौचर मिति** | **फर्मको नाम** | **सामाग्रीको विवरण** | **लागत अनुमान** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १६-२०८१।८।२५ | रमण ट्रेड लिंक | वडाका विभिन्न स्थानमा ४५ थान क्यामेरा जडान | ९९५४६७ | ९९०९५६ |
| ८५-२०८२।१।२२ | आइ.ओ.टि इन्जिनियरिङ नेपाल प्रा.ली | गोपिकृष्ण चावहिल विजेश्वरी गल्ली बाँकोट शान्ति गोरेटोमा १४ सि.सि.टिभि जडान | ९९९५६३ | ९९५०२५ |
| ८९-२०८२।१।२२ | एस.डि टेक्निकल ट्रेडिङ इन्स्टिच्यूट प्रा.ली | सिफल रातोपुल वरपरको क्षेत्रमा ८ वटा सिसिटिभि राख्ने कार्य | ५८४७२३ | ५८३३४६ |
| १४३-२०८२।३।१० | टेक्नोसिस इनोभेशन सेन्टर प्रा.ली | गौरीघाट मैजुबहाल कुमारीगाल सडक क्षेत्रमा १६ सि.सि टिभि जडान | ९९६७८७ | ९५९६२० |
| **जम्मारु** | | | | ३५२८९४७ |

१०७.८ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| **गोश्वारा भौचर नम्बर मिति** | **विवरण** | **फर्मको नाम** | **लागत अनुमान** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| २७-२०८१।१०।१३ | गौरी नगर मार्ग देखी संगम चोक सम्म साइड ड्रेन निर्माण | ओम निरञ्जना वरदेवी निर्माण सेवा | ९९७४३८ | ९८३६४५ |
| २८-२०८१।१०।१३ | बाँकोट डाँडामा सडक मर्मत कार्य | कमल निर्माण सेवा | ८९४११८ | ८७८१६४ |
| ३०-२०८१।१०।१४ | मैजुबहाल लरेन्स कलेज परिसरमा बाटो मर्मत | कपिलेश्वर निर्माण सेवा | ९९८९५५ | ९८४३१५ |
| ३२-२०८१।१०।१४ | पनेकु मार्ग पन्नहिटी संगमचोक तथा मैजुबहालमा सडक मर्मत | निपेश निर्माण सेवा | ८७५६४२ | ८४८८९९ |
| ९५-२०८२।१।२६ | कुमारीगाल मिसन स्कुल अगाडीको बाटोमा ढल तथा बाटो मर्मत कार्य | बैगुन धुरा निर्माण सेवा | ६८५६०३ | ६५२०९० |
| जम्मा रु | | | | ४३४७११३ |

१०७.९ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान

तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष ७ पटक रु.३९,५५,४८५। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| **गोश्वारा भौचर मिति** | **फर्मको नाम** | **सामाग्रीको विवरण** | **लागत अनुमान** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| २-२०८१। ६।११ | इनटिमेट इन्टरनेशल नेपाल | १८ वाटका १०० वटा सडक बत्ती चिम | | ५९८९० | |
| ४-२०८१।६। ११ | डि. आर. इन्फ्रास्ट्रक्चर (प्रा. लि.) | १८ वाटका १०० वटा सडक बत्ती र अन्य विद्युत्तिय सामाग्री | | ९५८६९ | |
| १९-२०८१। ९।७ | इनटिमेट इन्टरनेशल नेपाल | एसि भोल्ट डिटेक्टर, लिड चिम ५० लगायत | | ९८०२७ | |
| ९९-२०८२। १।२६ | कुटु निर्माण सेवा प्रा.ली | गोपिकृष्ण सरस्वती नगर शान्ती गोरेटो वरपर १०८ सडक बत्ति राख्ने कार्य | ८९४०९० | ८७५०४९ | जडान गरेको स्थान प्रमाणित नभएको |
| १४५-२०८२। ३।१३ | बेनटेक्स इलेक्ट्रिकल्स इन्टरनेशनल प्रा.लि. | गंगाहिटी बुलबुले गणेशस्थानमा ११७ सडक बत्ति राख्ने कार्य | ९६८५९६ | ९४६७७० | जडान गरेको स्थान प्रमाणित नभएको |
| १४७-२०८२। ३।१३ | इन्शारी इन्टरप्राइजेज प्रालि | कुमारी मैजुबहाल सडकमा ११६ सडक बत्ती जडान कार्य | ९६८५९६ | ९३९३२३ | जडान गरेको स्थान प्रमाणित नभएको |
| १५३-२०८२। ३।२३ | डि.सी.बिल्डर्स | चावहिल बजार वरपर ११६ सडक बत्ति राख्ने | ९६२१२७ | ९४०५५७ | जडान गरेको स्थान प्रमाणित नभएको |
| जम्मा रु | | | | ३९५५४८५ | |

१०७.१**परामर्श सेवा खरिद-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **५,८२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०७.११

**वडा कार्यालयको तला थप**- कार्यालयले लागत अनुमान रु.१,९९,८४,२७१। रहेको वडा कार्यालय भवन तला थप गरी स्तरोन्नती कार्यको लागि सबैभन्दा घटी कबोल गर्ने श्री फस्ट ग्रुप अफ कन्स्ट्रक्सन प्रा.लीसँग मिति २०८२।१।३० भित्र कार्य सम्पन्न गर्ने गरी मू.अ.कर समेत रु.१,२६,६९,०१४। मा मिति २०८१।१।१७ मा सम्झौता गरेको छ।यस सम्बन्धमा देखिएका केही बेहोरा देहाय अनुसार रहेका छन्ः

- **नक्सा पास वेगर तला थप**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा नगरपालिकामा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ।वडाले निर्माण गरेको भवनको नक्सा तथा यो बर्ष तला थप गर्ने कार्य गर्दा नक्सा पास वेगर नै भवन निर्माण गरेको देखिन्छ नक्सा पास गरी भवन निर्माण कार्य गराउने निकायले नै नक्सा पास नगरी भवन निर्माण कार्य गर्नु उपयुक्त देखिएन देखिएन।

- **म्याद थप**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तिमा २१ दिन अगावै समब्नधित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले सो कार्य तोकिएको समयावधिमा भवन निर्माण कार्य विविध कारणले सम्पन्न गर्न नसकेको भनी म्याद थपको लागि मिति २०८२।१।७ मा निवेदन दिएको पाइयो। म्याद थप गर्नुपर्नाको कारण उल्लेख नगरी कार्यालयले ३ महिना म्याद थप गरेको छ। तोकेको समयमा निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई जिम्मेवार बनाई समयमा नै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१०७.१२ **०७-३१-०९६१ सुरेशचन्द्र तायल समेत**- काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१ को दफा २ मा काठमाडौ महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा देहाय आधारमा सम्पत्ती कर निर्धारण गरी असुल गरिने एवं अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ ।निज करदाताको अनुसूचीमा उल्लेख भए अनुसार रु १८ लाख प्रति आनाको दरले गणना गर्नुपर्नेमा २० प्रतिशत छुट दिई रु १४४००००। गणना गरेबाट २०७५।७६ देखि छुट भएको रु ११३४०। सम्बन्धित करदाताबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,३४० |

१०७.१३ **०७-२३-०१०३ प्रफुल्ल कुमार काफ्ले**- काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१ को दफा २ मा काठमाडौ महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा देहाय आधारमा सम्पत्ती कर निर्धारण गरी असुल गरिने एवं अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ । करदाताको कित्ता नं १६४ को रु ३२ लाखको दरले गणना हुनुपर्नेमा रु २५ लाख ६० हजारको दरले गणना भएको देखिँदा २०७५।७६ देखि २०८१।८२ सम्मको छुट भएको रु २६८८०। असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,८८० |

१०७.१४ **०७-२५-००७३ बलराम न्यौपाने समेत**- काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१ को दफा २ मा काठमाडौ महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा तोकिए बमोजिम सम्पत्ती कर निर्धारण गरी असुल गरिने एवं अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाथको लागि जग्गाको प्रतिआना दर उल्लेख छ ।निज करदाताको स्टील स्ट्रक्चरको प्रति स्क्वायर फिट रु २४००। का दरले गणना गर्नुपर्नेमा रु २३००। का दरले गणना गरेको देखिँदा यो बर्ष छुट भएको रु १०८६९। र भवन निर्माण अवधि २०७४।७५ देखि २०८१।८२ सम्मको रु ५२१७१। असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,१७१ |

१०७.१५

**०७-१४-००३८ टेक्सास इन्टरनेशनल एजुकेशन नेटवर्क प्रा लि-** काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१ को दफा २ मा काठमाडौ महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा देहाय आधारमा सम्पत्ती कर निर्धारण गरी असुल गरिने एवं अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ ।निज करदाताको अन्य कित्ता सँगै जोडिएको कित्ता नं १६८ को प्रति आना रु ३० लाखको दरले सम्पत्ती कर गणना गर्नुपर्नेमा रु २१ लाख प्रति आनाले गणना गरेबाट २०७५।७६ देखि छुट भएको रु १६३००। सम्बन्धितबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३०० |

१०८ **वडा नं ८ तर्फ**

१०८.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा ८ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १७७२७८०० | १४५७९०४८.९४ | ८२.९४ |
| पूँजीगत | ११,७२,९२,००० | ४,३३,९७,०७२.२८ | ३६.९९ |
| जम्मा | १३,५०,१९,८०० | ५,७९,७६,१२१.२२ | ४२.९३ |

यस वडामा रु १३ करोड ५० लाख १९ हजार बजेट विनियोजन गरेकोमा रु. ५ करोड ७९ लाख ७६ हजार अर्थात ४२.९३ प्रतिशतमात्र खर्च गरेको छ । वडा कार्यालयले पूँजिगत तर्फ ५३ कार्यक्रममा विनियोजन गरेको रकममध्ये २० कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१०८.२ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ वडाका बिभिन्न स्थानमा भैपरी आउने विकास निर्माण सम्बन्धि आकस्मिक कार्यहरु शीर्षकमा आन्तरिक श्रोत रु. ३१००००० ।- र राजस्व बाँडफाँड - संघीय सरकार रु. ३१,००,००० ।-समेत रु.६२०००००।-अबण्डा राखी रु.४७३२९४२। खर्च गरेको छ। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.११ करोड ७२ लाख ९२ हजारको ४.०३ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१०८.३ **जनप्रतिनिधी मार्फत खर्च / पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | रकम |
|---|---|---|---|---|
| ८१- २०८१/ ११/ १३ | वडा सदस्य | सरस्वती राज भण्डारी | कानून सम्बन्धी अभिमुखीकरण कार्यकंम | ९९०६६ |
| १८३-२०८२/०३/१७ | वडा सदस्य | राजलक्ष्मी भुसाल | रिवनबाट बुके बनाउने तालिम | ९८४०० |
| १८४-२०८२/ ०३/ १७ | वडा सदस्य | राजलक्ष्मी भुसाल | स्वास्थ्य सम्बन्धी किशोरीहरुलाई सामग्रीहरु वितरण | ३४४३०० |
| ९३-२०८१/ १२/ २८ | वडा सदस्य | सरस्वती राज भण्डारी | नारी दिवस कार्यक्रम | ४२३०० |
| १८९-२०८२/ ०३/ २० | वडा सदस्य | सरस्वती राज भण्डारी | न्याय सवाद सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ९९७४४ |
| १२५-२०८२/ ०२/ ०६ | वडा सदस्य | सलोनी पराजुली ओडारी | जेष्ठ नागरिक भ्रमण | २२१६८२ |
| जम्मा | | | | ९०५४९२ |

१०८.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, तथा संस्थालाई रु. २६९११६०। खर्च गरेको देखियो।।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४५-२०८१/ ०८/ ०२ | जत्रा पर्वको लागि पोशाक खरिद तथा वितरण | मार्केटिङ्ग लाइन ईन्स | ९१६१४७ |
| २०५-२०८२/ ०३/ २४ | खेलकुद सामाग्री खरिद तथा वितरण | स्वर्ण विजनेश लिक प्रा.ली | ५७१७५७ |
| १९२-२०८२/ ०३/ २० | बाजा खरिद तथा वितरण | जयवागेश्वरी धा बाजा खलः | १८९००० |
| ९१-२०८१/ १२/ २७ | पोशाक खरिद तथा वितरण | मोर्डन बिजनेस प्रा.लि | ६७२५७६ |
| विभिन्न भौचर | जात्रा पर्व सञ्चालन कार्य | विभिन्न संघ संस्था | ३४१६८० |
| जम्मा | | | २६९११६० |

१०८.५ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्य, ढल निर्माण, सडक निर्माण जस्ता कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वारा भौचर नम्बर मिति | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ६८-२०८२।२।२९ | वडा क्षेत्रका ढल तथा मंगाल सफा गर्ने कार्य | यूलिज कन्स्ट्रक्सन प्रा.ली | ९५६१५७ |
| ५६-२०८२।२।१ | शिवपुरी बाबा समाधि मन्दिरको उत्तर तर्फ ढुङ्गाको गाह्रो लगाउने कार्य | करुणा कन्स्ट्रक्सन | ९६४६३१ |
| ९६।२०८२।३।२४ | ढल तथा मंगाल सफा गर्ने कार्य | लालगणेश कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ७६१६२२ |
| ९९।२०८२।३।२४ | नवग्रह परिसरमा मर्मत तथ निर्माण गरी पर्खाल लगाउने कार्य | थानापति निर्माण सेवा | ५२०३१० |

१०८.६ **परामर्श सेवा खरिद-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस वडाले यो बर्ष निम्न कार्यहरुको लागि निम्न परामर्शदाताहरुबाट सेवा लिए बापत निम्नानुसार रु.२,७६,८५०। भुक्तानी गरेको छ। परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै परामर्शदाताबाट कार्य गराई भुक्तानी गरेको छ। कार्यालयले तयार गरेको डि.पि.आरको टि.ओ.आरमा प्रारम्भिक प्रतिवेदन तयारी समय, कार्यालयका पदाधिकारीहरु माझ प्रारम्भिक प्रतिवेदनको छलफल, छलफल पश्चात कायम सुझाब समेटी अन्तिम प्रतिवेदन तयारी लगायतका विषयहरु समेटी टि.ओ.आर तयार नगरेकोले कार्यालयका सुझावहरु समेटी अन्तिम प्रतिवेदन तयार भएको छ भनी आश्वस्त हुन सकिएन। यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेटको हाराहारीमा लागत अनुमान तयार गरी खर्च गरेको देखिन्छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने अभिलेख राखेको छैन । प्राप्त प्रतिवेदन कार्यान्वयनको सुनिश्चितता हुनुपर्दछ।

| गो.भौ.नं मिति | फर्मको नाम | कार्य विवरण | ल.ई | भुक्तानी रकम |
|---|---|---|---|---|
| ६७-२०८२।२।२९ | एस.एम.एस मोर्डन स्ट्रक्चर कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.ली | ताम्रेश्वर पाटी, द्वाखा छे पाटी, मठा फल्चा, वत्सलेश्वरी पाटी र डबलीको डिजाइनिङ ड्रईग तथा लागत अनुमान | २८४३७२ | २७६८५० |

१०८.७ **जनसहभागिता शुन्य भएका योजना-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलिमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन। उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार जनसहभागिता हुने कार्यमा मात्र उपभोक्ता समितिबाट कार्य गराउनुपर्दछ।

| भौचर नम्बर | उपभोक्ता समितिको नाम | कार्य विवरण | लागत अनुमान | सम्झौता रकम | भुक्तानी |
|---|---|---|---|---|---|
| ५२-२०८२।१।२३ | ताम्रेश्वर मन्दिर प्रांगन उ.स | बत्शलेश्वरी दबु तथा फल्चा निर्माण कार्य | ३०८६१०९ | ३०८६१०९ | २९८९३५२ |

१०८.८ **सि.सि.टि.भी. जडान तथा सञ्चालन-** सि.सि.टि.भी. जडान तथा सञ्चालनको नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७२/०७/२५ मा स्वीकृत सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ जारी गरेको छ । उक्त निर्देशिकाको दफा ३ (क) मा सार्वजनिक सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्देश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने एवं सिसिटिभी सरकारी/सार्वजनिक निकायले नागरिकहरुको सुरक्षा, सरकारी सम्पत्ति सुरक्षा, कारागारहरुको निगरानी, निजामतीस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदि कार्यको लागि CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष सिसिटिभी जडान मर्मत तथा सञ्चालनतर्फ देहाय अनुसार ४ पटक रु.२९,९२,८२१।- खर्च गरेको छ । वडाले आफैले वडा कार्यकक्षमा survilience room स्थापना गरेको देखियो। सिसिटिभी खरिद गर्दा सुरक्षा निकायसँग समन्वय गरी सर्भिलेन्स रुमको उपलब्धताको सुनिश्चतता गरेर प्रतिस्पर्धात्मक विधि मार्फत खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १३०-२०८२।३।२१ | सनसाइन टेक्नोलोजी एण्ड आई.टी. सोलुसन प्रा.लि. | गुह्येश्वरी क्षेत्रमा सि.सि. क्यामरा जडान कार्य | ६,४८,९६६.९१ |
| १०५-२०८२।३।१४ | हाई भिजन टेक्नोलोजी प्रा.लि | जय-बागेश्वरी क्षेत्रमा सि.सि क्यामरा जडान | ७,४८,३११.९९ |
| १२९-२०८१/ ०३/ २० | एस.पी. गिगाबाइट सोलुसन्स प्रा.लि. | तिलगंगा क्षेत्रमा सि.सि. क्यामरा जडान कार्य | ६,९८,४००.७४ |
| ८३- २०८१/ ०२/ ३२ | भिजन इन्फोटेक प्रा.लि. | नवलि क्षेत्रमा सि.सि. क्यामरा जडान कार्य | ८,९७,१४४.६० |
| जम्मा | | | २९९२८२१ |

१०८.९ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष ४ पटक रु ३६,३७,६८९। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन ।नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ४८-२०८०/ १२/ २१ | इन्फ्रास्ट्रक्चर कन्स्ट्रक्सन एण्ड ट्रेडिङ कम्पनी नेपाल प्रा.लि. | गुह्येश्वरी क्षेत्रमा वत्ति सम्वन्धि कार्य | ९,३०,५७१ |
| १३१-२०८१/ ०३/ २१ | पोखरा ब्राईट सन कम्पनी प्रा. लि | तिलगंगा क्षेत्रमा वत्ति जडान कार्य | ८,८६,१५६ |
| ८१-२०८१/ ०२/ ३१ | श्री जे.पी.इलेक्ट्रीकल्स प्रा.लि. | जयवागेश्वरी क्षेत्रमा विजुलि सम्बन्धि कार्य | ८,३९,५५७ |
| २३-२०८०/ ०९/ १७ | अमुषा प्रगति निर्माण सेवा | दथु टेल बालकुमारी इटापाखा नवलि टेलमा बत्ति राख्ने कार्य | ९,८१,४०५ |
| जम्मा | | | ३६३७६८९ |

१०८.१ **पूँजीगतबाट चालु खर्च-** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले यो वर्ष सभाबाट पारित गरी देहाय अनुसार चालु खर्च नगरपालिका पुँजीगत वजेटमा समावेश गरेर वितरणमुखी कार्यक्रमहरुमा खर्च लेखेको देखियो। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरी वजेट खर्च लेख्ने तथा वितरणमुखी कार्यक्रमहरुमा गरीने खर्चहरुमा सुधार ल्याउनु पर्दछ ।

| भौचर र मिति | कार्य विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ७९-२०८२।३।२० | बिजुली बत्ती मर्मत ज्याला जेष्ठ र असारको | महेश महर्जन | ५१००० |
| ६४-२०८२।२।२० | बैशाख महिनाको ज्याला | महेश महर्जन | २९५८० |
| ८७-२०८२/ ०३/ २३ | न्यू दया भिन्तुना कार्यक्रम | सन्ध्या पुस्तकालय | २,००,००० |

१०८.१ **मूर्त तथा अमूर्त सम्पदा अभिलेख-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम कुनै पनि सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही लागत अनुमान तयार गर्ने र नियम १४ बमोजिम लागत अनुमान स्वीकृत गरी कार्य गर्नुपर्ने उल्लेख छ।कार्यालयले काठमाडौ महानगरपालिकाको वडा नम्बर ८ भित्रका मूर्त तथा अमूर्त सम्पदाको अभिलेख तयार गर्ने कार्यक्रमको लागि ३ वटा फर्महरुबाट दररेट माग गरी रु.४,९४,३७५। को लागत अनुमान तयार गरी ३ फर्महरुबाट दरभाउपत्र माग गरेकोमा सबैभन्दा कम कबोल गर्ने लाङटाङ मिडिया प्रा.लीबाट कार्य गराई गोश्वारा भौचर नम्बर ५८-२०८२।२।१ बाट रु.४,७१,२१०। भुक्तानी गरेको छ। कार्यालयले पुरातात्विक तथा सम्पदाको क्षेत्रमा विशेष योगदान पुर्‍याउन सक्ने दक्ष र अनुभवि जनशक्ति भएको परामर्शदाताबाट सेवा प्राप्त गर्ने गरी कार्यगत शर्त तयार गर्नुपर्नेमा सो गरेको देखिएन।उक्त कार्यको लागि आवश्यक लागत अनुमान र सोको स्वीकृत, कार्यगत शर्त, मूर्त तथा अमूर्त सम्पदाका सम्बन्धमा तयार भएको प्रारम्भिक प्रतिवेदनको पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको माझमा छलफल र छलफल पश्चात कार्यालयबाट प्राप्त सुझाब समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने विषयहरु समावेश नगरी भुक्तानी दिएको उचित देखिएन। यसमा सुधार हुनुपर्दछ।

१०८.१ **सम्पत्ती कर गणना-** काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१ को दफा २ मा काठमाडौ महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा देहाय आधारमा सम्पत्ती कर निर्धारण गरी असुल गरिने उल्लेख छ साथै अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ सि नं ९७ अनुसार डिल्लीबजार मालपोत क्षेत्रभित्र पर्ने रिङरोडको दाँया बाँया पर्ने जग्गाहरुको दररेट प्रति आना रु ३० लाख उल्लेख गरेकोमा कार्यालयले प्रयोगमा ल्याएको सफ्टवेयरमा उक्त दररेट अपडेट नगरी विगत वर्षदेखि नै रु २८ लाख प्रति आनाको दरले गणना गरेको देखिन्छ। साथै अन्य केहीको सहायक बाटोको हिसाबले १० प्रतिशत मात्र छुट दिन मिल्नेमा २० प्रतिशत छुट दिएबाट घटी कर संकलन भएको देहाय अनुसारको रकम सम्बन्धित करदाताबाट असुल गर्नुपर्ने रु.

| क्र सं | करदाता | विवरण | रकम |
|---|---|---|---|
| १ | ०८-२३-००३० पशुपति भिजन प्रा.लि | रु ३० लाख प्रति आनाको दरले हिसाब गर्नुपर्नेमा रु २८ लाखले गणना गरेबाट रु २५४८४७७। सम्पत्ती कर गणना गर्नुपर्नेमा रु २२३७६५६। कायम गरेबाट घटी गणना भएको यो बर्षको रु ३१०८२१ को २०७५।७६ देखि ६ बर्षको रु १८६४९२६। असुल हुनुपर्ने रु | १८६४९२६ |
| २ | ०८-२०-००६८ देवेन्द्र प्रसाद बजगाई | रु ३० लाख प्रति आनाको दरले सहायक बाटोमा१० प्रतिशत छुट पाउनेमा प्रति आना रु २६६२०००। उल्लेख गरी बढी छुट दिएको छ। रु २७ लाख प्रति आनाको दरले गणना गर्दा यो बर्ष रु ५९९१३७। गणना हुनुपर्नेमा रु ५९२०४३। गणना गरेबाट छुट भएको रु ७०९४ मा २०७५।७६ देखि २०८१।८२ सम्मको रु ४९६५८। असुल हुनुपर्ने रु | ४९६५८ |
| 3 | ०८-०३-०००८ उमेश राज शिवाकोटी | रु ३० लाख प्रति आनाको दरले हिसाब गर्नुपर्नेमा रु २८ लाखले गणना गरेकोमा आर्थिक ऐनमा तोकिएको दर अनुसार गणना गर्दा रु ७८७५८५। असुल गर्नुपर्नेमा रु ७४७२१६ मात्र गणना गरेको देखिँदा यो बर्ष छुट भएको रु ४०३६९ मा ७७।७८ देखिको २०८१।८२ मा गणना गर्दा हुने रु २०१८४५। असुल हुनुपर्ने रु | २०१८४५ |
| 4 | ०८-०१-०००७ अन्जु अग्रवाल | रु ३० लाख प्रति आनाको दरले हिसाब गर्नुपर्नेमा रु २८ लाखले गणना गरेको छ ।आर्थिक ऐनमा तोकिएको दर अनुसार रु ४९४५७६। कर गणना गर्नुपर्नेमा रु ४५९९८०। मात्र गणना गरेबाट घटी गणना भएको रु ३४५९६। मा २०७५।७६ देखि २०८१।८२ सम्मको छुट गणना भएको रु २४२१७२ असुल हुनुपर्ने रु | २४२१७२ |
| 5 | ०८-३१-०५१२ शम्भु प्रसाद पुडासैनी | रु १८ लाख प्रति आना दर रहेकोमा सहायक बाटोमा १० प्रतिशत छुट पाउनेमा २० प्रतिशत छुट भएको देखिँदा यो बर्षको रु ८४५००। गणना गर्नुपर्नेमा रु २६९२८। गणना गरेबाट यो बर्षको छुट रु ५७५७२ को दरले २०७५।७६ देखि २०८१।८२ सम्मको रु ४०३००४। असुल हुनुपर्ने रु | ४०३००४ |
| जम्मा | | | २७,६१,६०५ |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **२८९,२५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,६१,६०५ |

## १०९ **वडा नं ९ तर्फ**

१०९.१ **बजेट तथा खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा ९ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १६५९१८०० | १३१९१३२० | ७९.५ |
| पूँजीगत | १६४८००००० | १२३२३३४६४ | ७४.७७ |
| जम्मा | १८१३९१८०० | १३६४२४७८५ | ७५.२१ |

यो बर्ष वडा नं ९ को कार्यालय अन्तर्गत रु १८ करोड १३ लाख ९१ हजार विनियोजन भएकोमा रु १३ करोड ६४ लाख २४ हजार अर्थात् ७५.२१ प्रतिशतमात्र खर्च भएको छ। जम्मा ११८ कार्यक्रम मध्ये तिरेश्वर महादेव, पिङलास्थान चिल्ड्रेन पार्कमा, एयरपोर्ट प्रतिक्षालय अगाडी ३ स्थान फल्चा निर्माण कार्यक्रमका लागि रु ७० लाख, सिनामगल युथ एलाइन्ससँगै रहेको ढुङगेधारा सरक्षण मर्मत सम्भार सिनामगल बाबुराम सडकमा रहको ऐतिहासिक कुवा उत्खनन गरी सो को पानी ढुङेधारामा खसाल्ने धौलागिरी मार्ग

अन्तर्गत पुरिएका कुवा उत्खनन गरि मर्मत सम्भार र सँगै रहको जग्गामा पार्क निर्माण योजनाका लागि रु. ३० लाख विनियोजन गरेकोमा कुनै कार्यक्रम सञ्चालन गरेको छैन। पूँजीगततर्फ १५ कार्यक्रमको खर्च प्रगति शून्य रहेको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

१०९.२ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। तर वडा कार्यालयले यो बर्ष आकस्मिक पूर्वाधार विकास भैपरी उल्लेख गरी रु ८३०००००। अबण्डा बजेट राखी विभिन्न स्थानमा स्थानीयको मागको आधार लिई रु ७९३४८५८। खर्च गरेको छ । । बजेट अबण्डामा राखी वडा समितिको पटके निर्णयको आधारमा खर्च गरेको देखिन्छ । बजेट तर्जुमा गर्दा निर्दिष्ट कार्यक्रम उल्लेख गरेर मात्र खर्च गर्नुपर्दछ ।

१०९.३ **जनप्रतिनिधी मार्फत खर्च / पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ११४-०१।२१ | वडा सदस्य | टेक राज अधिकारी | जेष्ठ नागरिकहरुलाइ तिर्थाटन पलान्चोक भगवती काभ्रेपलान्चोक | १००००० | गोश्वरा भौचर नं. १२१ - ०२।०१ बाट रु . १००००० फस्यौट गरी वाँकी अपुग रकम रु . ५०००० सोधभर्ना दिएको |

१०९.४ अनुदान वितरण- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु. ४,८५,७६४।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १२०-०२।०१ | जेष्ठ नागरिक हरुलाइ तिर्थाटन | ओम साही क्याटरिङ्ग एण्ड पार्टी प्यालेस प्रा.लि. | १९०००० |
| १७०-०३।२२ | विभिन्न संघ संस्थालाई कराँते म्याट खरिद तथा वितरण | ॐ युनाइटेड ट्रेड कन्सर्न | २२४१९२ |
| ५६-०८।१९ | फुटवल खेलाडी लाई टीसर्ट फुटवल जुत्ता लगायत सामाग्री खरिद | सिन्धु स्पोर्टस् सेन्टर | ९९४४० |
| १८-०६।१६ | विभिन्न सघ संस्थाहरु क्लव लाई खेलकुदका समाग्री वितरण | ॐ युनाइटेड ट्रेड कन्सर्न | ९९३८३ |
| ९-०६।०४ | तिज बिशेष दर खुवाउने कार्यक्रमको | कमल प्रसाद पराजुली | ९८३१२ |

१०९.५ **भुक्तानीमा करकट्टी-** आयकर ऐन २०५८ को दफा ८८ मा सेवा तथा परामर्मूश खरिदको भुक्तानीमा १५ प्रतिशत श्रोतमा कर कट्टि गर्नु पर्ने व्यवस्था छ। वडा कार्यालयले मूल्य अभिबृद्धि करमा दर्ता नभएका निम्न फर्म तथा व्यक्तिहरुलाई १५ प्रतिशत श्रोतमा कर कट्टी नगरी भुक्तानी गरेको देखिएकोले निम्न फर्म वा संस्था वाट नपुग रकम असुल गर्ने रु.

| गौ भौ नं मिती | संस्थाको नाम | व्यहोरा | भुक्तानी रकम | करकट्टि रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| ३५- ०७।१३ | हामी नेपाल | सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम | ५०००० | २७७५ | ४७२५ |
| ४८- ०८।१२ | वटर नेपाल | विहेको सामान बनाउने तालिम | ४५००० | ६७५ | ६०७५१ |
| | जम्मा | | | | १०८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,८०० |

१०९.६ **सडक बत्ती जडान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष ४ पटक रु ३८,८१,४७९। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | बागमती पुलबाट सचार ग्रामसम्मको पुर्विभेगमा सडक बत्ती | १०००००० | ९७१०९८ |
| २ | बागमती पुलबाट दक्षिण गैरीगाउ सम्मकोभेग सडक बत्ति | १०००००० | ९६३५७७ |
| ३ | बत्तिसपुतली पुर्वि भेगमा सडक बत्ति | १०००००० | ९७४३५२ |
| ४ | बत्तिसपुतली पश्चिम भेग सडक बत्ति | १०००००० | ९७२४५३ |
| जम्मा | | ४०००००० | ३८८१४७९ |

१०९.७ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु १० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न स्थानको मर्मत कार्य बापत पटक पटक गरी रु. १३६३१६६१।- को सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरी यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | गैरीगाउ प्रयाग मार्ग मंगल गल्ली तथा सिनामंगलमा ढल तथा सडक मर्मत कार्य | १०००००० | ९७७३३३.६१ |
| २ | भिमनिधि तिवारी मार्गमा प्याचिङ गर्ने तथा ओमनगरमा ग्रावेल हाल्ने कार्य | १०००००० | ९६६९८३.१६ |
| ३ | गैरी गाँउको कवाडी छेउको बाटो आ .सि. सि ढलान तथा ब्लक छाप्ने | १०००००० | ९४६५९४.४ |
| ४ | रुद्रेश्वर मार्गमा ब्लक छाप्ने कार्य | १०००००० | ९७४४३६.०६ |
| ५ | कुमारी मार्गको भित्री बाटो मा ढल निर्माण तथा ब्लक छाप्ने | १०००००० | ९८३२९४.४७ |
| ६ | पिङगलास्थानका मुख्य बाटोमा प्याचिङ गर्ने | १०००००० | ९७६२७८.९८ |
| ७ | पिगलास्थानमा मानव धर्म सेवा समितिको बाटो ढलान | १०००००० | ९८२९६१.४२ |
| ८ | त्रिदेव गल्लीमा ढलान गर्ने कार्य | १०००००० | ९८०५००.६९ |
| ९ | आमेनगर मार्ग र गौचरण गल्ली ब्लक तथा ढल मंगाल मर्मत कार्य | १०००००० | ९८१९९२.८९ |
| १० | गौशाला मुनि रुन्चे डाँडामा ढलान गर्ने कार्य | १०००००० | ९५९१४९.३९ |
| ११ | मञ्जु श्री मार्गमा पिच गर्ने | १०००००० | ९८२४४९.१७ |
| १२ | राम मन्दिर मार्गमा ढल तथा मंगाल निर्माण र रातोपुलमा ब्लक मर्मत | १०००००० | ९७७१२९.९८ |
| १३ | कालमिटी डोल डोल गल्लीमा ढल राख्ने र ब्लक छाप्ने कार्य | १०००००० | ९६०४३५.४२ |
| १४ | गौशाला ओरालोमा ढल राखि फुटपाथ बनाउने | १०००००० | ९८२१२२.१ |

१०९.८ **०९-२८-०००२ युनाइटेड ट्रेडर्स सिन्डिकेट प्रा लि-** काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ को दफा ६ अनुसार सम्पत्ति कर निर्धारण प्रयोजनको लागि भवन संरचनाले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा मूल्याङ्कनमा समावेश गर्नुपर्ने व्यवस्था छ। तर, भवनले ओगटेको क्षेत्रफल एक रोपनी भन्दा बढी भएमा भवनले ओगटेको क्षेत्रफलमा थप एक रोपनी जग्गा मात्र मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिने व्यवस्था छ।लेखापरीक्षणको क्रममा करदाताको तपसिल बमोजिमका कित्ताहरूमा रहेको भवनको प्लिन्थ क्षेत्रफल करदाताको स्व घोसना अनुसार (Plinth of Structure) १२४८.३ वर्गमिटर रहेको देखिन्छ। ऐनको व्यवस्था अनुसार उक्त भवनको क्षेत्रफल एक रोपनी भन्दा बढी भएकोले, कर गणना गर्दा भवनको क्षेत्रफलमा थप एक रोपनी (५०८.७२ वर्गमिटर) जग्गा जोडी जम्मा १७५७.०३ वर्गमिटर (Taxable Plinth) क्षेत्रफल कायम हुनुपर्ने देखिन्छ। यी कित्ताहरूको कुल क्षेत्रफल २६८९ sq m रहेको छ ।

| क्र.सं. | कित्ता नं. | Plinth क्षेत्रफल (वर्ग मिटर) |
|---|---|---|
| १ | ५६७ | ८९.३५१२ |
| २ | ५४० | ३१.५२८६ |
| ३ | ५३९ | ७३.००७ |
| ४ | ५३७ | १७०.८२५ |
| ५ | १४५ | ३९.७१०२ |
| ६ | ४३८ | ३४७.५७ |
| ७ | ४३७ | २८९.७४ |
| ८ | ४३३ | ६७.९६ |
| ९ | ४३१ | ४.९७ |
| १० | ४२९ | ४७.८९ |
| ११ | ४२६ | ७१.७४ |
| १२ | ४२८ | ४१.५३ |
| | जम्मा कर लिएको क्षेत्रफल | १,२७५.८२२ |

तर, पालिकाले कर निर्धारण गर्दा कित्ताहरूको क्षेत्रफलको योगफल १२७५.८२२ वर्गमिटरलाई मात्र आधार मानी कर असुल गरेको देखिन्छ। तसर्थ, गणनामा छुट भएको क्षेत्रफलको प्रति आना रु १८ लाखका दरले आ.व. २०७४/७५ देखि २०८१/८२ सम्मको सम्पत्ति कर पुनः गणना गर्दा अपुग हुन आएको रकम रु १३,०७,४३३.०६ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्ने रु

| असुल गर्नुपर्ने | १३,०७,४३३ |
|---|---|

१०९.९ **०९-३१-०२६९ शशि कान्त अग्रवाल-** काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ को दफा १५ अनुसार १.७५ मिटर (५ फिट) देखि ४ मिटर (१३ फिट) सम्मको ईटा/ब्लक/ढुङ्गा छापिएको वा ढलान वा कालोपत्रे गरिएको बाटोलाई मात्र 'सहायक बाटो' मानिने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा कित्ता नं ३२७, २८९, २८० लगायतका ५-१-३-३ क्षेत्रफल भएको जग्गाको मूल्याङ्कन गर्दा प्रति आना रु ३२ लाखको दरमा सहायक बाटो भनी १० प्रतिशत छुट दिई रु २८,८०,००० कायम गरी कर असुल गरेको देखिन्छ। तर, उक्त जग्गाको नक्सा भिडाएर हेर्दा कित्ता नं ३२७, २८९, २८० लगायतलाई ३९ फिटको सडकले छोएको देखिन्छ। ३९ फिटको फराकिलो सडक सहायक बाटोको परिभाषाभित्र नपर्ने हुँदा १० प्रतिशत छुट दिन मिल्ने देखिँदैन। तसर्थ, उक्त जग्गाको मूल्याङ्कन प्रति आना रु ३२ लाख नै कायम गरी आ.व. २०७६/७७ देखि २०८१/८२ सम्मको कर पुनः गणना गर्दा अपुग हुन आएको रकम रु ४,९७,३०९ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्दछ ।

| असुल गर्नुपर्ने | ४,९७,३०९ |
|---|---|

१०९.१ **०९-२२-०५१२ निर्मला भण्डारी राउत समेत**-काठमाडौं महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१ को दफा २(११) अनुसार व्यावसायिक रूपमा सवारी साधन पार्किङ प्रयोजनका लागि भवन निर्माण गरी प्रयोग गरेमा भवन निर्माण सम्पन्न भएको मितिले पार्किङ प्रयोजनका लागि प्रयोग हुने क्षेत्रफलको दस वर्षसम्म सम्पत्ति कर छुट हुने उल्लेख छ । लेखापरीक्षणको क्रममा करदाताको नक्सा अध्ययन गर्दा बेसमेन्ट तलामा पार्किङ बाहेक अन्य प्रयोजनहरू (स्टोर रुम, गार्ड रुम,

मेकानिकल रुम आदि) को लागि समेत प्रयोग हुने संरचना रहेको देखिन्छ। तर, पालिकाले कर निर्धारण गर्दा ती अन्य प्रयोजनमा प्रयोग हुने भूमिगत तलाको ३९३.३४०३ वर्गमिटर क्षेत्रफलमा समेत पार्किङ सरह छुट दिएको पाइयो। सो क्षेत्रफल समावेश गरी भवनको कुल करयोग्य क्षेत्रफल २,१८६.३५९५ वर्गमिटर कायम गरी कर गणना गर्नुपर्ने देखिन्छ।साथै, करदाताले आ.व. २०७९/८० मा निर्माण स्वीकृति प्राप्त गरेकोमा निर्माण अवधिको २ वर्ष छुट दिई आ.व. २०८०/८१ देखि कर लिनुपर्नेमा आ.व. २०८१/८२ देखि मात्र कर असुली सुरु गरेको देखिन्छ।तसर्थ, पार्किङ बाहेकको प्रयोगमा रहेको छुट क्षेत्रफल र कर असुल गर्न छुट भएको आर्थिक वर्ष २०८०/८१ को समेत गरी प्रति आना रु ३० लाखको दरले गणना गर्दा अपुग हुन आएको रकम रु ३३९५९२.७८ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३९,५९२.७८ |

१०९.१**७९-२२-००५५ नारायण प्रसाद बस्ताकोटी** - काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ को दफा ६ अनुसार सम्पत्ति कर निर्धारण प्रयोजनको लागि भवन संरचनाले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा मूल्याङ्कनमा समावेश गर्नुपर्ने व्यवस्था छ। तर, भवनले ओगटेको क्षेत्रफल एक रोपनी भन्दा बढी भएमा भवनले ओगटेको क्षेत्रफलमा थप एक रोपनी जग्गा मात्र मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिने व्यवस्था छ।लेखापरीक्षणको क्रममा करदाताको नक्सा पास विवरण अनुसार भवनको प्लिन्थ क्षेत्रफल (Plinth Area) ३९५.३७ वर्गमिटर रहेको देखिन्छ। ऐनको व्यवस्था अनुसार भवनको क्षेत्रफलमा सोही बराबरको थप जग्गा जोडी जम्मा ७९०.७४ वर्गमिटर (Taxable Plinth) क्षेत्रफल कायम गरी कर गणना गर्नुपर्ने देखिन्छ।तर, पालिकाले कर निर्धारण निज करदाताको गर्दा ७६५.८३८८ वर्गमिटर क्षेत्रफल मात्र कायम गरी कर असुल गरेको पाइयो। तसर्थ, गणनामा छुट भएको २४.९०१२ वर्गमिटर क्षेत्रफलको प्रति आना रु २७ लाखका दरले आ.व. २०७६/७७ देखि २०८१/८२ सम्मको सम्पत्ति कर पुनः गणना गर्दा अपुग हुन आएको रकम रु ७६,११३ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७६,११३ |

१०९.१**७९-३१-०२४२ शाहारा शाह चन्द-** काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ को दफा ६ अनुसार सम्पत्ति कर निर्धारण प्रयोजनको लागि भवन संरचनाले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा मूल्याङ्कनमा समावेश गर्नुपर्ने व्यवस्था छ। तर, भवनले ओगटेको क्षेत्रफल एक रोपनी भन्दा बढी भएमा भवनले ओगटेको क्षेत्रफलमा थप एक रोपनी जग्गा मात्र मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिने व्यवस्था छ।लेखापरीक्षणको क्रममा करदाताको नक्सा पास विवरण अनुसार भवनको प्लिन्थ क्षेत्रफल (Plinth Area) २९१.९१३४ वर्गमिटर रहेको देखिन्छ। ऐनको व्यवस्था अनुसार भवनको क्षेत्रफलमा सोही बराबरको थप जग्गा जोडी जम्मा ५८३.८२६८ वर्गमिटर (Taxable Plinth) क्षेत्रफल कायम गरी कर गणना गर्नुपर्ने देखिन्छ। तर, पालिकाले कर निर्धारण गर्दा ५४६.८३८४ वर्गमिटर क्षेत्रफल मात्र कायम गरी कर असुल गरेको पाइयो। तसर्थ, गणनामा छुट भएको ३६.९८८४ वर्गमिटर क्षेत्रफलको प्रति आना रु ३० लाखका दरले आ.व. २०७७/७८ देखि २०८१/८२ सम्मको सम्पत्ति कर पुनः गणना गर्दा अपुग हुन आएको रकम रु १,०४,६८४.१५ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०४,६८४ |

१०९.१**७९-०२-०१०६ इन्द्र राज बज्राचार्य समेत-** काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ को दफा ६ अनुसार सम्पत्ति कर निर्धारण प्रयोजनको लागि भवन संरचनाले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा मूल्याङ्कनमा समावेश गर्नुपर्ने व्यवस्था छ। तर, भवनले ओगटेको क्षेत्रफल एक रोपनी भन्दा बढी भएमा भवनले ओगटेको क्षेत्रफलमा थप एक रोपनी जग्गा मात्र मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिने व्यवस्था छ।लेखापरीक्षणको क्रममा करदाताको नक्सा पास विवरण अनुसार भवनको प्लिन्थ क्षेत्रफल (Plinth Area) ७९६.१७ वर्गमिटर रहेको देखिन्छ। ऐनको व्यवस्था अनुसार भवनको क्षेत्रफलमा थप एक रोपनी जग्गा जोडी जम्मा १,३०४.९ वर्गमिटर (Taxable

Plinth) क्षेत्रफल कायम गरी कर गणना गर्नुपर्ने देखिन्छ।तर, पालिकाले कर निर्धारण गर्दा ९९३.९२ वर्गमिटर क्षेत्रफल मात्र कायम गरी कर असुल गरेको पाइयो। तसर्थ, गणनामा छुट भएको ३१०.९८ वर्गमिटर क्षेत्रफलको प्रति आना रु ३० लाखका दरले आ.व. २०७६/७७ देखि २०८१/८२ सम्मको सम्पत्ति कर पुनः गणना गर्दा अपुग हुन आएको रकम रु १०५६१५८.४९ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल हुनुपर्ने रु

| असुल गर्नुपर्ने | १०,५६,१५८ |
|---|---|

१०९.१४**७९-३१-१८३९ सेक्युर हस्पीटालिटी प्रा०लि- काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८१ मा सम्पत्ती करको दर उल्लेख छ।** करदाताले आ.व. २०७७/७८ मा कित्ता न ३३१,३३४,३२९,३३२ निर्माण भएको भवनको निर्माण स्वीकृति प्राप्त गरेकोमा निर्माण अवधिको २ वर्ष छुट दिई आ.व. २०७९/८० देखि कर लिनुपर्नेमा आ.व. २०८०/८१ देखि मात्र कर असुली सुरु गरेको देखिन्छ। कार्यालयले कर निर्धारण गर्दा आ.व. २०८०/८१ देखि मात्र कर असुली सुरु गरेकोले आ.व. २०७९/८० को कर छुट हुन गएको पाइयो। तसर्थ, असुल हुन छुट भएको आ.व. २०७९/८० को सम्पत्ति कर रकम रु ३,५८,२१८ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्ने रु

| असुल गर्नुपर्ने | ३,५८,२१८ |
|---|---|

१०९.१५**पे**श्की बाँकी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । वडाको देहाय बमोजिम विगत वर्ष देखि नै फर्स्यौट हुन बाँकी रहेको रु. ५००००।पेश्की फर्स्यौट हुनुपर्ने रु

| पेश्कीको विवरण | पेश्की लिनेको नाम | कर्मचारी भए पद | पेश्की रकम |
|---|---|---|---|
| स्थानीय न्याय सम्वाद कार्यक्रम - वडा स्तरको न्याय चौतारी व्यवस्थापन | रचना सुनाम | महिला वडा सदस्य | ५०००० |

| पेश्की | ५०,००० |
|---|---|

## ११० **वडा नं १० तर्फ**

११०.१**बजेट तथा खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११९ को खण्ड (क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा १० तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २,९४,८१,४०० | २,४७,८७,८६६.९० | ८४.०७ |
| पूँजीगत | १६,२५,८५,००० | १३,४३,२७,४५३.०८ | ८२.६१ |
| जम्मा | १९,२०,६६,४०० | १५,९१,१५,३१९.९८ | ८२.८४ |

यो बर्ष वडा नं १० को कार्यालय अन्तर्गत रु १९ करोड २० लाख ६६ हजार विनियोजन भएकोमा रु १५ करोड ९१ लाख १५ हजार अर्थात् ८२.८४ प्रतिशतमात्र खर्च भएको छ। जम्मा १४० कार्यक्रम मध्ये धोविखोला सफाई कार्यक्रमका लागि रु १० लाख, गंगादेवी मन्दिरको सतल निर्माण गर्ने कार्य (२०८०-८१) को क्रमागत योजनाका लागि रु. ६३ लाख २० हजार विनियोजन गरेकोमा कुनै कार्यक्रम सञ्चालन गरेको छैन। यस अलवा अन्य ३ कार्यक्रमको खर्च प्रगति शून्य रहेको छ। नृत्य तथा संगित सिकाई कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेकोमा ९८.६५ प्रतिशत खर्च गरेको छ भने युवा उद्यमशिलता कार्यक्रमका लागि रु १५ लाख ६० हजार विनियोजन भएकोमा रु ६ लाख १८ अर्थात् ३८.४६ प्रतिशत खर्च गरेको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट

कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

११०.२ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।

| **शिर्षक** | **विनियोजन** | **खर्च** |
|---|---|---|
| विविध मर्मत | ४०००००० | ३८८५९४८ |
| विविध निर्माण | ४०००००० | ३९९९०६८ |
| अन्य आकस्मिक निर्माण | ५०००००० | ४९९४५१७ |
| विविध कार्य अन्तरगत सडक बत्ती जडान तथा मर्मत गर्ने कार्य | २०००००० | १९१८००२ |
| जम्मा रु | १५०००००० | १४७९७५३५ |

वडाले पुँजीगत तर्फ यस वर्ष विविध निर्माण तर्फ रु ४० लाख, विविध मर्मत तर्फ रु ४० लाख, अन्य आकस्मिक निर्माण तर्फ रु ५० लाख र सडक बत्ती जडान तथा मर्मत गर्ने कार्य तर्फ रु २० लाख गरी जम्मा रु १ करोड ५० लाख अबण्डा राखेको छ। बजेट अबण्डामा राखी निर्णयबाट खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११०.३ **जनप्रतिनधी मार्फत खर्च /पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | भुक्तानी रकम |
|---|---|---|---|---|
| १८-०६।११ | वडा सदस्य | नरोज अर्याल | खेलकुद कार्यक्रम | ७५००० |
| ३१-०७।०७ | वडा सदस्य | सतिस तण्डुकार | विपद व्यवस्थापन | ९७१०० |
| ८४-१२।२९ | वडा सदस्य | सतिस तण्डुकार | नेपाल संम्वतको अवसरमा गरिएको कार्यक्रम | ७४४९० |
| ५६-०८।२८ | वडा सदस्य | सुनिता भित्राकोटी | महानगर दिवस संचालन खर्च | ५०००० |
| | | | जम्मा रु | २९६५९० |

११०.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० को उपनियम (६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु. ४९१३७४३।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १२४-०२। ०२ | वडा नं १० मा वसोवास गर्ने महिलाको लागि ड्राईभिङ कार्यक्रम | ग्रामिण विकासका लागी चेतना समाज | ७८६६२४ |
| १४५-०३। १५ | जेष्ठ नागरिकको लागि वाद्यवादनका समागी हार्मोनियक तवला मादल झ्याली वितरण | ॐ युनाईटेड ट्रेड कन्सर्न | ९८३४३९ |
| ८३-१२। १९ | ट्र्याक सेट जर्सी सेट लागायतका सामाग्री वितरण | वानेश्वर फ्रेण्डसिप क्लव | १५०००० |
| १३७-०३। ०३ | जेष्ठनागरिक लक्षित धार्मिक भ्रमण कार्यक्रम | रानीमहल व्याङ्क्वेट प्रा.लि | ६३२८०० |
| १४१-०३। १० | जेष्ठनागरिक लक्षित धार्मिक भ्रमण कार्यक्रम | पञ्चकुमारी श्रद्धा प्रतिष्ठान | ३८४२०० |
| २०-०६। १३ | विभिन्न संघ संस्था क्लव लाई खेलकुद समाग्री वितरण जस्तै भलिवल फुटवल जर्सी वुट लागायत सामाग्री वितरण | काठमाडौं भ्याली कन्सट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. | ९९०३०३ |
| ११२-०१। २६ | विभिन्न संघ संस्था क्लव लाई खेलकुद समाग्री वितरण जस्तै भलिवल फुटवल जर्सी वुट लागायत सामाग्री वितरण | ग्यालेक्सी बिजनेश हाउस | ९८६३७७ |
| | | जम्मा रु. | ४९१३७४३ |

११०.५ **बारिष्ता तालिम**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८ मा सार्वजनिक निकायले आवश्यक काम गराउनु परेमा तोकिएवमोजिम आवश्यक प्रकृया अपनाई गैर सरकारी संस्था संग त्यस्तो कार्य गराउन सक्ने व्यवस्था छ।वडा कार्यालयले गो भौ न. १७४- ०३।२२ वाट बारिष्ता तालिम सम्बन्धी २० दिने कार्यक्रम सञ्चालन गर्न वडा कार्यालयले दिदी वहिनी कोसेली घरसँग सम्झौता गरी दिदी वहिनी कोसेली घर पान नं (619639578) लाई रु.४०००००।-भुक्तानी दिएको छ । उक्त संस्था लाई वडा कार्यालयले तालिम सञ्चालन गर्ने सम्झौता गर्दा तालिमको लागि प्रशिक्षण वापतको प्रशिक्षकको योग्यता पेश नगरेको तथा लक्षित वर्गको पहिचान खुल्ने विवरण पेश नभएकोले सो तलिमकार्यक्रमको प्रभावकारीता तथा उपलव्धि माथि आवश्वस्त हुने आधार समेत देखिएन।तसर्थ वडा कार्यालयले सो संस्थालाई तालिम सञ्चालन गर्न दिन मिल्ने आधार, लेखापरीक्षण प्रतिवेदन प्रशिक्षकको योग्यता, लक्षित वर्गको पहिचान खुल्ने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

११०.६ **एकै प्रकृतिको खरिद टुक्राएको**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ। ऐनको दफा ६ र नियमावलीको नियम ८ मा वार्षिक खरिद योजना र खरिदको संभावित प्याकेजको सम्बन्धमा उल्लेख छ। वडा कार्यालयले निम्न सामाग्री खरिद गर्दा एकै प्रकृतिका खरिद लाई टुक्रा पारी खरिद गरेको छ । खरिद गर्दा प्रतिस्पर्धात्मक पद्धतिबाट मितव्ययी हुने गरी गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेका छन् ।

| सं. | योजनाको नाम | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १ | लाखेचौर मार्ग गल्लिमा ढल तथा ब्लक राख्ने कार्य | बाईसधारा निर्माण सेवा | ९९२१२४ |
| २ | लाखेचौर मार्ग सहायक गल्लिमाब्लक राख्ने कार्य | माउण्टेन टु तराई कन्सट्रक्सन सर्भिस प्रा.लि. | ९९८६९६ |
| ३ | भक्तीथापा मार्गमा ब्लक राख्ने कार्य | ड्रिमवर्ल्डस कन्सट्रक्सन | ९९६९२१ |
| ४ | मगरगाउँ पञ्चकुमारी मार्गको बाटोमा ढलान गर्ने कार्य | भटौली निर्माण सेवा | ९९८४११ |
| ५ | बोगटी टोलको ढुङ्गेधारा मर्मत कार्य | सेक्रेड कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९९६२७६ |
| ६ | वडा कार्यालय संगैको पार्क व्यवस्थापन | एन. जे. कन्सट्रक्सन प्रा.लि. | ९९९१९७ |
| ७ | नारायणेश्वर मार्गमा पर्खाल स्कर्टिङ्ग र साइडड्रेन मर्मत | डबल ए. मल्टिपर्पोज एण्ड कन्सट्रक्सन प्रा.लि. | ९९८४२८ |
| ८ | सहभागिता मार्गका सर्वजनिक पर्खालहरुमा रंगरोगन गर्ने कार्य | विनायक कन्सट्रक्सन | ९९६४३४ |
| ९ | लाखेचौर मार्गको सहायक गल्लिमा ब्लक राख्ने कार्य | त्रिशुली हाइड्रो कन्सट्रक्सन | ९९८७०१ |
| १० | पाठशाला स्कुल पछाडिको सहायक गल्लिमा ब्लक राख्ने कार्य | मधुवन निर्माण सेवा | ९९८७७० |
| ११ | बुद्धनगर एरियाका का गल्लिहरुमा ब्लक मर्मत गर्ने कार्य | तेस्ला इन्फ्रास्ट्रक्चर प्रा.लि. | ९९४२१३ |
| १२ | तथागत मार्गबाट लक्ष्मी चोक सम्मको ढल निर्माण गर्ने कार्य | पहरिखर्क निर्माण तथा ढुवानि सेवा प्रा.लि. | ९९९४३० |
| १३ | सुवर्ण मार्ग भित्री गल्लिमा ब्लक राख्ने कार्य | के.एण्ड एस. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९९६५१९ |
| १४ | धोविखोला करिडोरमा वाल मर्मत तथा निर्माण कार्य | सलव्या निर्माण सेवा | ९८८५७६ |
| १५ | विभिन्न स्थानमा सडक मर्मत तथा प्याचिङ्ग गर्ने कार्य | एचिइभ स्टार निर्माण सेवा प्रा.लि. | ९९८८६७ |
| १६ | टंकप्रसाद, सरस्वत , सन्तोष मार्गमा सडक प्याचिङ्ग गर्ने कार्य | गौरवशाली कन्सट्रक्सन | ९९७७९७ |
| १७ | लाखेचौर मार्गमा पटहोल मर्मत तथा प्रिमिक्स मर्मत गर्ने कार्य | न्यू ए.टु. जेड कन्सट्रक्सन | ९९९४१२ |
| १८ | हात्तीगौडा मार्ग तथा रोहिणिमार्गमा रोड प्याचिङ्ग गर्ने कार्य | गोल्डेन लाईफ कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९८७२९५ |
| १९ | बिभिन्न स्थानमा ब्लक मर्मत तथा निर्माण गर्ने कार्य | युनिक कन्सट्रक्सन | ९९०६७५ |
| २० | कुमाले धारा मर्मत तथा संरक्षण गर्ने तथा गेट निर्माण गर्ने कार्य | इन्द्रणी इन्फ्रास्ट्रक्चर प्रा.ली. | ९९७५१५ |
| | जम्मा | | १९९२४२५७ |

११०.७ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष ६ पटक रु ५९,०६,२२७। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ।

| क्र सं. | योजनाको नाम | भुक्तानी पाउने | रकम रु |
|---|---|---|---|
| १ | सडक बत्ती मर्मत गर्ने कार्य | बैगुनधुरा निर्माण सेवा | ९९४११७ |
| २ | विभिन्न स्थानमा आकस्मिक सडक बत्ती जडान गर्ने कार्य | अन्मय कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९८२४२२ |
| ३ | वडा अन्तरगत बिभिन्न स्थानहरुमा सडक बत्ती जडान गर्ने कार्य | नेट्रोलायन्स कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९८२४२२ |
| ४ | विविध कार्य अन्तरगत सडक बत्ती जडान गर्ने कार्य | रुद्रप्रिय कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९८२४२२ |
| ५ | बुद्धनगर तथा आसपासका सडक हरुमा सडक बत्ती जडान गर्ने कार्य | माता तुलसी कन्सट्रक्सन प्रा.लि. | ९८२४२२ |
| ६ | शंखमुल तथा आसपासका सडकमा सडक बत्ती जडान गर्ने कार्य | बिज्ञा कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९८२४२२ |
| | | जम्मा रु | ५९०६२२७ |

११०.८ **सामाजिक विकास कार्यक्रम-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।१० वडा कार्यालयले वडा अन्तरगतको स्थानीय वासिन्दा हरुसंगको छलफल कार्यक्रमको लागि २ दिने अन्तरकृया कार्यक्रम गर्नको लागी वडा कार्यालयले गो भौ नं ४९-०८।१० वाट रु. ४५३९७७।-भुक्तानी गरी खर्च लेखेको छ।वडा कार्यालयले स्थानीय वासिन्दा संगको छलफल स्वयं आफ्नो वडा भित्रै नगरी डायमण्ड हिल रिसोट प्रा लि काभ्रेमा गई उक्त कार्यक्रम सञ्चालन गरेको देखियो।वडाकार्यालयले उक्त कार्यक्रम सोहि वडा भित्रै नगरी अन्यत्र कार्यक्रम गर्दा थप व्यायभार परेको देखिन्छ। वडा कार्यालयले आगामी दिनमा यस्ता छलफल सम्बन्धि कार्यक्रम स्वयम स्थानीय स्तरमै सञ्चालन गरी खर्च लाई मितव्ययी वनाउने तर्फ ध्यान दिनु पर्दछ।

११०.९ **१०-२२-०८३६ नेपाल ट्रेडिशनल क्राफ्ट प्रा.ली.-** काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ को दफा ६ अनुसार सम्पत्ति कर निर्धारण प्रयोजनको लागि भवन संरचनाले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा मूल्याङ्कनमा समावेश गर्नुपर्ने व्यवस्था छ। तर, भवनले ओगटेको क्षेत्रफल एक रोपनी भन्दा बढी भएमा भवनले ओगटेको क्षेत्रफलमा थप एक रोपनी जग्गा मात्र मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिने व्यवस्था छ। लेखापरीक्षणको क्रममा करदाताको नक्सा पास विवरण अनुसार भवनको प्लिन्थ क्षेत्रफल (Plinth Area) ८०४.१८ वर्गमिटर रहेको देखिन्छ। ऐनको व्यवस्था अनुसार भवनको क्षेत्रफलमा थप एक रोपनी (५०८.७३ वर्गमिटर) जग्गा जोडी जम्मा १,३१२.९१ वर्गमिटर (Taxable Plinth) क्षेत्रफल कायम गरी कर गणना गर्नुपर्ने देखिन्छ। तर, पालिकाले कर निर्धारण गर्दा १,२७४.०७ वर्गमिटर क्षेत्रफल मात्र कायम गरी कर असुल गरेको पाइयो। तसर्थ, गणनामा छुट भएको ३८.८४ वर्गमिटर क्षेत्रफलको प्रति आना रु २५,६०,००० का दरले आ.व. २०७८/७९ देखि २०८१/८२ सम्मको सम्पत्ति कर पुनः गणना गर्दा अपुग हुन आएको रकम रु ७५,०३१.७६ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,०३१ |

११०.१**१०-३०-००९९ लोप्साङ पाल्देन लामा-**

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१७३,८३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

११०.१**बहाल कर तर्फ-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम काठमाडौँ महानगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र बहालकर लगाउन सक्ने व्यवस्था छ ।काठमाडौँ महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१ को दफा ४ बमोजिम का.म.पा. क्षेत्रभित्रका घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, सेड, जग्गा वा पोखरी, सवारी साधन, यन्त्र वा उपकरण पुरै वा आंशिक तबरले बहालमा लगाई हुने आम्दानीमा बहाल कर लगाई असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त ऐनको

अनुसूची ५ को उपदफा १ अनुसार बहाल करको दर बहाल रकमको वार्षिक १०% रहेको उल्लेख छ । वडा कार्यालयको कारोबारको पेश भएसम्मको सम्झौता र प्रमाण कागजातका आधारमा लेखापरीक्षण गर्दा देहाय बमोजिम करदाताको छुट बहाल कर असुल गर्नुपर्ने रु

| क्रसं | घरधनीको नाम थर | वहालवालाको विवरण (संकेत नं.) | अवधि | तिर्नुपर्ने रकम रु | तिरेको रकम रु | असुल गर्नुपर्ने रु |
|---|---|---|---|---|---|---|
| १ | अभिशेक अधिकारी | घोष्ट राइटिङ नेपाल प्रा.लि. (कमल ढकाल) (१०-०६-०४७७७) | ०८० साउन-०८१ असारसम्म | १२१९२० | ८९६४० | ३२२८० |
| २ | अभिशेक अधिकारी | घोष्ट राइटिङ नेपाल प्रा.लि. (कमल ढकाल) (१०-०६-०४७७७) | ०८१ साउन-०८२ असारसम्म | १२३९५२ | १२१९२० | २०३२ |
| ३ | - | रौसी इन्टरप्राइजेज (१०-२५-१०५०) | ०८० साउन - ०८२ असारसम्म | ३६४८० | ३३६०० | २८८० |
| ४ | राधादेबि श्रेष्ठ | अवेरनेश बचत तथा ऋण सहकारी संस्था लि. (१०-२९-०१४१) | ०८१ साउन -०८२ असार | १६२०० | १५१२० | १०८० |
| ५ | नारायण जोशी लम्साल | ट्रेनर जेम्स इन्स्टिच्युट प्रा.लि.(१०-२९-१२२७) | ०८० साउन -०८२ असार | ११४०० | ९९०० | १५०० |
| ६ | दिलमाया पौडेल | चाइना फास्ट हाइवे इन्जिनियरिङ क.लि. (१०-३०-०३२९) | ०८० साउन -०८२ असार | ३४२०० | ३२७०० | १५०० |
| ७ | चण्डी दाहाल | मेडिको हस्पिटल प्रा.लि. (१०-२३-०३६८) | ०८१ साउन - ०८२ असार | ४३२०० | ३९६०० | ३६०० |
| ८ | रमेश प्रसाद पौडेल | अजी एजुकेशन सर्भिसेज प्रा.लि.(१०-३२-०३२१) | ०७९।४।१-०८२।३।३० | ७१७६० | ६९६०० | २१६० |
| ९ | मंगला देवी श्रेष्ठ | मेगा मार्ट प्रा.लि. (१०-३१-१३२५) | ०८१ साउन - ०८२ असार | ३०१४४५ | २९१०६० | १०३८५ |
| १० | न्हुच्छेलाल महर्जन | शुवारम्भ इन्टरप्राइजेज (१०-३१-०४७५) | ०८० साउन - ०८२ असार | ४२१६६ | ३९८४० | २३२६ |
| ११ | - | पुष्पांश कलेक्सन (१०-०१-०६५८) | ०७९ असार- ०८२ असार | ९३९१५ | ७६०३२ | १७८८३ |
| १२ | - | निलगंगा सपिङ्ग प्रा.लि. (१०-०१-०२८६) | ०८१ साउन - ०८२ असार | १३०६८० | १०८००० | २२६८० |
| | | | | | जम्मा रु. | १००३०६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,३०६ |

## १११ वडा नम्बर ११

१११.१ बजेट तथा खर्च -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नं ११ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १,१९,३८,८०० | ९६,७९,२२७.८९ | ८१.०७ |
| पूँजीगत | १६,७९,५०,००० | १,६८,७८,७३६.८० | १०.०४ |
| जम्मा | १७,९८,८८,८०० | २,६५,५७,९६४.६९ | १४.७६ |

यस वडामा रु १७ करोड ९८ लाख ८८ हजार बजेट विनियोजन गरेकोमा रु.२ करोड ६५ लाख ५७ हजार अर्थात १४.७६प्रतिशतमात्र खर्च गरेको छ।वडा कार्यालयले पूँजिगत तर्फ ५८ कार्यक्रममा विनियोजन गरेको रकममध्ये ४७ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१११.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ वडाका बिभिन्न स्थानमा भैपरी आउने विकास निर्माण सम्बन्धि रु.१२८५००००।-अबण्डा राखी रु.५००२९६३। खर्च गरेको छ। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१११.३ **अनुदान वितरण**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ।वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु.८७३००७।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १०१-२०८२/०१/२१ | जेष्ठ नागरिक मनोरञ्जन, सम्मान तथा नागरिक सुनवाई कार्यक्रम | कालिमाटि ब्यान्क्वेटस प्रा लि | २६८६६८ |
| विभिन्न भौचर | जात्रा पर्व संचालन कार्य | विभिन्न संघ संस्था | २१०१९० |
| | जम्मा | | ४७८८५८ |

१११.४ **जनप्रतिनिधी मार्फत खर्च** - स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई शोधभर्ना खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहायअनुसार रहेको छ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | भुक्तानी रकम |
|---|---|---|---|---|
| ८३- २०८१/१०/२३ | वडा सदस्य | आशा श्रेष्ठ रैनियार | हाम्रो शहर शुन्य फोहर र भान्सा नै औषधालय बनाउने तालिम | २०७३३८ |
| ७५- २०८१/१०/२० | वडा सदस्य | सरोज मुल्मी | महानगर दिवस कार्यक्रम | ५०००० |
| जम्मा | | | | २५७३३८ |

१११.५ **परामर्श सेवा खरिद-** बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस वडाले यो बर्ष निम्न कार्यहरुको लागि निम्न परामर्शदाताहरुबाट सेवा लिए बापत निम्नानुसार रु.९७४४५०। भुक्तानी गरेको छ। परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै परामर्शदाताबाट कार्य गराई भुक्तानी गरेको छ। कार्यालयले तयार गरेको डि.पि.आरको टि.ओ.आरमा प्रारम्भिक प्रतिवेदन तयारी समय, कार्यालयका पदाधिकारीहरु माझ प्रारम्भिक प्रतिवेदनको छलफल, छलफल पश्चात कायम सुझाब समेटी अन्तिम प्रतिवेदन तयारी लगायतका विषयहरु समेटी टि.ओ.आर तयार नगरेकोले कार्यालयका सुझावहरु समेटी अन्तिम प्रतिवेदन तयार भएको छ भनी आश्वस्त हुन सकिएन। यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेटको हाराहारीमा लागत अनुमान तयार गरी खर्च गरेको देखिन्छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने अभिलेख राखेको छैन । प्राप्त प्रतिवेदन कार्यान्वयनको सुनिश्चितता हुनुपर्दछ ।

| गो भौ नं र मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २५। २०८२।२। १२ | ऊँशान्ती पार्क पुनर्निर्माण तथा सौन्दर्यकरण कार्य र त्रिपुरेश्वर स्थित त्रिभुवन शालिकमा अत्याधुनिक फाउन्टेन निर्माण"कार्यको | नारायणी इन्जिनियरीङ्ग कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ४८८१६० |
| २६। २०८२।२। १२ | शिव मार्ग थापाथली रुद्रेश्वर मन्दिरमा फल्चा सौन्दयीकरण तथा घाट निर्माण " कार्यको | जेनेक्स इन्जिनियरिङ्ग सोलुसन्स प्रा.लि. | ४८९२९० |
| जम्मा | | | ९७७४५० |

१११.६ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्य, ढल निर्माण, सडक निर्माण जस्ता कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ नं र मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १०।२०८१।८।२३ | ढल मंगाल मर्मत | सुफियाना कन्स्ट्रक्सन एण्ड मल्टिपर्पोज प्रालि | ९०२६३८ |
| ८।२०८१।८।२३ | ढल मंगाल मर्मत | सतिदेवी निर्माण सेवा | ९२२९११ |
| ६।२०८१।८।२३ | मर्मत | तिरुपति निर्माण सेवा | ९४०८७९ |
| २१।२०८१।१२।२७ | ढल मंगाल मर्मत | दुप्चेश्वर निर्माण सेवा | ९३७५४८ |
| २०।२०८१।१२।२२ | ढल मंगाल मर्मत | समुन्द्री कन्स्ट्रक्सन | ८७०५१३ |
| ४०।२०८२।३।१६ | बाटोर गल्लीहरुको मर्मत संम्भार | गोल्डेन लाईफ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ९५३२१४ |

१११.७ **११-३१-००३३ श्री टि आर रियल स्टेट एण्ड लिजिंग कंप्रा०लि-** काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८१ अनुसार सडकको आधारमा जग्गाको मूल्याङ्कन दर तोकिएको छ। ऐन अनुसार "माइतीघरबाट थापाथली हुँदै त्रिपुरेश्वर जाने मुलसडकसँग जोडिएका जग्गाहरू" को मूल्याङ्कन दर प्रति आना रु ३२ लाख कायम गरिएको छ। लेखापरीक्षणको क्रममा करदाताको कित्ता नं २३३२ र २३३३ को नापी नक्सा र नक्सा पासको साइट प्लान (Site Plan) अध्ययन गर्दा उक्त जग्गाहरू माइतीघरबाट थापाथली हुँदै त्रिपुरेश्वर जाने मुख्य सडक (Main Road) सँग जोडिएको स्पष्ट देखिन्छ।तर, कार्यालयले कर निर्धारण गर्दा उक्त जग्गाको मूल्याङ्कन २० लाख प्रति आनाको दरले गणना गरेको छ। तसर्थ, वास्तविक दररेट (प्रति आना रु ३२ लाख) कायम गरी आ.व. २०७६/७७ देखि २०८१/८२ सम्मको कर पुनः गणना गर्दा अपुग हुन आएको रकम रु १३२२५५८.४९ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,२२,५५८ |

११२ **वडा नं १२ तर्फ**

११२.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा १२ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १७७५३६०० | १५९३०२७४.४७ | ८९.७२ |
| पूँजीगत | ७०५२०००० | ५८८४९६०७.८९ | ८३.४५ |
| जम्मा | ८८२७३६०० | ७४७७९८८२.३६ | ८४.७१ |

यस वडामा रु ८ करोड ८२ लाख ७३ हजार बजेट विनियोजन गरेकोमा रु.७ करोड ४७ लाख ७९ हजार अर्थात ८४.७१ प्रतिशतमात्र खर्च गरेको छ।वडा कार्यालयले पूँजिगत तर्फ ६४ कार्यक्रममा विनियोजन गरेको रकममध्ये २ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

११२.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ आकस्मिक खर्च शिर्षकमा नेपाल सरकार - समानिकरण अनुदान स्रोतमा रु. ३५००००० अबण्डा राखी रु. ३१५३६१५।- खर्च गरेको छ। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.७ करोड ५ लाख २०

हजारको ४.९६ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११२.३ **जनप्रतिनिधी मार्फत खर्च/ पेश्की** - स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहायअनुसार रहेको छ।

| | पद | नाम | व्यहोरा | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २३४-२०८२/०३/२० | वडा सदस्य | नानी हेरा डंगोल | महिला सञ्चाल कार्यक्रम सञ्चालन | ९७७२० | |
| ७९- २०८१/०८/२८ | वडा सदस्य | पुष्परत्न प्रजापति, | महानगर दिवस कार्यक्रम | ५०००० | गोश्वराभौचर नं १०८- २०८१/१०/२८ बाट पेश्की फस्यौट गरेको। |
| ५२-२०८१/०७/१४ | वडा सदस्य | पुष्परत्न प्रजापति, | ऋषि पञ्चमी मेला कार्यक्रम | २९५०० | |
| ९-२०८१/०५/२९ | वडा सदस्य | नानी हेरा डंगोल, | उपाकु जात्रा कार्यक्रम | २००००० | गोश्वराभौचर नं ८४-२०८१/०९/०४ बाट पेश्की फस्यौट गरेको। |
| ७-२०८१/०५/२६ | वडा सदस्य | नानी हेरा डंगोल, | तिज कार्यक्रम | २२००५ | |
| ६-२०८१/०५/१९ | वडा सदस्य | श्याम कृष्ण खड्गी | खेलकुद सम्बन्धी कार्यक्रम | ३९०५१५ | गोश्वराभौचर नं १३९-२०८२/०१/१६ बाट पेश्की फस्यौट गरी नपुग रकम शोधभर्ना लिएको |
| जम्मा | | | | ७८९७४० | |

११२.४ **टुक्रा खरिद**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वरा भौचर मिती | सामाग्रो व्यहोरा | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ५७-२०८२/ ०१/ २८ | ह्यमत नासःचोकमा ब्लक निर्माण कार्य | सेतिदेवी निर्माण सेवा | ७८३६५९ |
| ३६-२०८१/ ११/ ०५ | स्वतांमुग गल्लीमा ब्लक छाप्ने कार्य | समृद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ७६८३१६ |
| ५५-२०८२/ ०१/ २८ | गणेश चोक गल्लीमा ब्लक छाप्ने कार्य | न्यु डिजाइन कन्स्ट्रकशन प्रा.लि | ९५६४४९ |
| ७१-२०८२/ ०२/ ११ | टेकु दोभान मार्गमा ढुङ्गा छाप्ने कार्य | कस्तुरी कन्स्ट्रक्सन | ९४०४४५. |
| ८६-२०८२/ ०३/ ०५ | वर पिपल चौतारा प्रङ्गण भित्र थान गणेश तथा अग्नि शालामा पित्तलको छाना छाप्ने कार्य | सुजन निर्माण सेवा | ८८२१२८ |
| ६-२०८१/ ०६/ २१ | चल्खुको उत्तर तर्फको गल्लीमा ब्लक छाप्ने कार्य | यचीइभ स्टार निमार्ण सेवा प्रा. ली. | ८४७५०६ |
| २२-२०८१/ ०८/ १४ | नट गल्लीमा ब्लक छाप्ने कार्य | माउण्टेन टु तराई कन्स्ट्रक्सन सर्भिस प्रा.लि | ६१८३०३ |
| ३५-२०८१/ ११/ ०५ | खोल्चापाखाबाट ह्युम नास गल्ली जाने भर्याङ्ग डाँछी इट्टा लगाइ सौन्दयीकरण गर्ने कार्य | आकृति निर्माण सेवा | ७८१४८३ |
| जम्मा | | | ६५७८२८९ |

११२.५ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु. १९०२०३१।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| विभिन्न भौचर | जात्रा पर्व सञ्चालन कार्य | विभिन्न संघ संस्था | ३५५७३७ |
| २७-२०८१/ ०६/ १४ | बाजा खरीद तथा वितरण | वान स्टेप ट्रेडिङ्ग प्रा.लि. | ९८३१० |
| २८- २०८१/ ०६/ १५ | बाजागाजा सामाग्री खरिद तथा वितरण | ब्लु एन्ट ट्रेडिङ्ग प्रा.लि | ९८३१० |
| विभिन्न भौचर | जेष्ठ नागरिक बनभोज तथा सम्मान कार्यक्रम | नमस्ते ट्रेडर्स, मेगा कि स्टोन सर्भिस प्रा.लि. | ६६१५१७ |
| २३०-२०८२/ ०३/ २० | जेष्ठ नागरिक तिर्थ यात्रा भ्रमण कार्यक्रम | साहारा क्याटरिङ्ग एण्ड रेण्टल सर्भिस , नमस्ते ट्रेडर्स | ४९२५४४ |
| २४३-२०८२/ ०३/ २३ | खेलकुद सामान वितरण | वान स्टेप ट्रेडिङ्ग प्रा.लि. | ९७९२५ |
| २१६-२०८२/ ०३/ १० | योग सेन्टरको लागि योगको आबश्यक सामाग्री वितरण | मेगा कि स्टोन सर्भिसेस प्रा.लि | ९७६८८ |
| जम्मा | | | १९०२०३१ |

११२.६ **जनसहभागिता शुन्य भएका योजना-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलिमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन। उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार जनसहभागिता हुने कार्यमा मात्र उपभोक्ता समितिबाट कार्य गराउनुपर्दछ।

| भौचर नम्बर | उपभोक्ता समितिको नाम | कार्य विवरण | सम्झौता मिति तथा सम्पन्न हुनुपर्ने मिति | लागत अनुमान ओभरहेड सहित | लागत अनुमान ओभरहेड बाहेक | सम्झौता रकम | भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ८०-२०८२।२।२७ | विकाशको लागि हाम्रो प्रयास उपभोक्ता समिति | च्यागु खलःगुठी घर पुनःनिर्माण कार्य | २०८१।१२।३-२०८२।३।१५ | २३९३१४० | १८६११७५।८८ | १८६११७५।८८ | १७९४११२।५७ |
| ८७-२०८२।३।५ | नास द्योः चाक्ला दवु चौतारा पुन निर्माण उपभोक्ता समिति | पचली भैरव मन्दिर परिसर भित्रको नास द्य,चाकला दबु, तथा चौतारा पुनः निर्माण कार्य | २०८१।१०।७-२०८२।३।२४ | ७९७७९९३ | ६१५०८०३ | ६१५०८०३ | ६०५५८७० |
| १२३-२०८२।३।२० | टेकु विकासको लागि हाम्रो सहभागिता निर्माण उ.स | नकःमी समाज सेवा पुचः(संघ)को मलामी कुरुवा घर तथा पाटी पुनःनिर्माण कार्य | २०८२।१।२-२०८२।६।११ | ६९५९७०४।९१ | ५४३५३२९.६३ | ५४३५३२९.६३ | ५१२३८०५।५४ |

११२.७ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष रु ४,९५,७८२। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन। वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन ।नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद

गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

११३ **वडा नं १३ तर्फ**

११३.१ **बजेट तथा खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा १३ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १,७५,५१,२०० | १,३४,९४,८७८.२९ | ७६.८८ |
| पूँजीगत | १६,४५,२०,००० | ६,६५,८५,२०३.०८ | ४०.४७ |
| जम्मा | १८,२०,७१,२०० | ८,००,८०,०८१.३७ | ४३.९८ |

यस वडामा रु १८ करोड २० लाख ७१ हजार बजेट विनियोजन गरेकोमा रु.८ करोड ८० हजार अर्थात ४३.९८ प्रतिशतमात्र खर्च गरेको छ।वडा कार्यालयले पूँजिगत तर्फ ९० कार्यक्रममा विनियोजन गरेको रकममध्ये ३० कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

११३.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ आकास्मिक कोष भैपरी आउने काम शिर्षकमा नेपाल सरकार - समानिकरण अनुदान स्रोतमा रु.२८,००,००० राजस्व बाँडफाँड - संघीय सरकार रु.४३,७५,००० आन्तरिक श्रोत रु.४६,४५,००० लाख गरी जम्मा रु.११८२००००।- अबण्डा राखी रु.९९९५९८८।- खर्च गरेको छ। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.१६ करोड ४५ लाख २० हजारको ७.१८ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११३.३ **जनप्रतिनिधी मार्फत खर्च/ पेश्की**- स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ। वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहायअनुसार रहेको छ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १६२-२०८२/०३/१६ | वडा सदस्य | राम बाबु कोईराला | धार्मिक कार्यक्रम | ३७६९५ | सोधभर्ना |
| १०२-२०८२/०१/२६ | महिला वडा सदस्य | रजनी महर्जन धौवन्जार, | सामाजिक विकास कार्य | १२९४५४ | रु.१००००० को पेश्की फस्यौट गरी बाँकी सोधभर्ना दिएको। |
| २६-२०८१/०६/२२ | महिलावडा सदस्य | रजनी महर्जन धौवन्जार | मानव बेच बिखान तथा ओसार पसार समिती संचालन तथा जनचेता मुलक तालिम कार्यक्रम | ११११२५ | सोधभर्ना |
| | | | जम्मा रु | १७८२७४ | |

११३.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु.५१२०५२।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १३१-२०८२/०३/०९ | योगका सामाग्री खरिद गरी वितरण | इध्य कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ९९४४० |
| १४४-२०८२/०३/१० | जेष्ठ नागरिक तथा एकल महिलाहरुलाई धार्मिक भ्रमण | बाराही ह्यारीटेज प्रा.ली. | ९७२९३ |
| विभिन्न भौचर | जात्रा पर्व संचालन कार्य | विभिन्न संघ संस्था | १२०००० |
| विभिन्न भौचर | खेलकुदको सामाग्री खरिद तथा वितरण | विभिन्न संघ संस्था | १९५३१९ |
| | | जम्मा रु | ५१२०५२ |

११३.५ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ। ऐनको दफा ६ र नियमावलीको नियम ८ मा वार्षिक खरिद योजना र खरिदको संभावित प्याकेजको सम्बन्धमा उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेका छन् ।

| गोश्वरा भौचर मिती | कामको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १००-२०८२/०३/१२ | पुजामार्ग बिगमाट (स्विमिङ्ग पुल) पछाडिको बाटोमा ढलको स्तरउन्नती गर्ने र ब्लक छाप्ने | राजरोज कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा.लि. | ८११८०३ |
| १२०-२०८२/०३/१९ | पुरानो कालीमाटीका सम्पुर्ण क्षेत्रमा मंगाल बनाई ढल राखी बाटोको स्तरउन्नती गर्ने | केउरानी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ७०३८५५ |
| २३-२०८१/१०/०९ | ताहाचल बगैचा मार्गको बांकी विभिन्न स्थानमा ब्लक बिछ्याउने | सिल्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड | ९६२४९८ |
| २८-२०८१/१२/०४ | चक्खु मार्गमा पर्ने बाटोमा ढलान गर्ने र अन्य निर्माण | पि.एस.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ९६७२०५ |
| ११८-२०८२/०३/१९ | कुमारि गालमा म्युजिम मार्ग स्थित रोयल नर्सरी भित्र ढु.्ग विच्छायर बाटो निर्माण गर्ने | सलव्या निर्माण सेवा | ९४२६४६ |
| ५२-२०८२/०२/०७ | पुजा मार्गमा नया ब्लक मराखन तथा मर्मत कार्य | बटु सफल निर्माण सेवा प्रा.लि | ८२८४६५ |
| ४०-२०८२/०१/११ | मनमति मार्ग सहायक मार्गहरुमा ब्लक मर्मत कार्य | रघुपती निर्माण सेवा | ९६१९७३ |
| ६६-२०८२/०२/१३ | निलबाराही मार्गमा ढलान तथा ब्लक मर्मत कार्य | पशुपतीनाथ कन्स्ट्रक्सन | ९६२७७० |
| | | जम्मा रु | ७१४१२१५ |

११३.६ **भैपरी आउने कार्य खर्च-** कार्यालयले टंकेश्वर सार्वजनिक शौचालय पुन निर्माण तथा आधुनिकरण कार्यको ठेक्का कार्यान्वियन गर्ने अवस्थामा भैपरी आउने खर्चहरु जस्तै खानेपानीको पाइप परिवर्तन, निर्माणस्थलमा रहेका पोलहरुको स्थानान्तरण जस्ता कार्यहरुलाई व्यवस्थापन गर्न बि.ओ.क्यूको रिकन्स्ट्रक्सन एण्ड रिएलोकेसन अफ ड्यामेज पब्लिक युटिलिटीमा रकम विनियोजन गरी निर्माण व्यवसायी समिर नेपाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली लाई गोश्वारा भौचर नम्बर ३०-२०८१।१२।६ बाट रु.१,३०,०००। भुक्तानी गरेकोमा सो कार्यको लागि आवश्यक सामाग्री खरिद विल तथा थप कार्य गरेको प्रमाण पेश गरेको छैन। निर्माण व्यवसायीले निर्माणस्थलमा थप गरेको कार्य गरेको पुष्टाँइको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३०,००० |

११३.७ **फायर एक्सटिङ्गुसर सिलिन्डर खरिद र वितरण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम 111 मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। कार्यालयले मिति २०८१।९।१७ को वडास्तरिय निर्णयबाट विभिन्न गल्लीहरुमा सडक बत्तीका पोलहरुमा आगलागी हुन नदिने हेतुले अक्षयलोक ट्रेड लिङ्कबाट २२० थान फायर एक्सटिङ्गुसर सिलिन्डर रु.४४३५।२५ को दरले खरिद गरी वडा अध्यक्ष र वडा सदस्यहरुले निम्नानुसार भर्पाई गरेर बुझि गोश्वारा भौचर नम्बर २२-२०८१।१०।६ बाट रु.९,७५,७५५। भुक्तानी गरेको पाइयो। कार्यालयले जनप्रतिनिधिहरुलाई भर्पाई गरी भुक्तानी गरेका यस प्रकारका सिलिन्डर कुन कुन स्थानमा जडान भएको हो सो स्थान खुल्ने कार्यसम्पन्न प्रतिवेदन, सिलिन्डर तथा ग्यासको गुणस्तर परीक्षण, वारेन्टी लगायत आवश्यक कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका जिन्सी सामाग्रीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा समेत जिन्सी

अभिलेख राखेको देखिएन।महानगरले तयार गरेको आर्थिक बर्ष २०८१।८२ को बारुणयन्त्र सामाग्रीहरुको दररेटमा सिलिन्डरको आयू १० बर्ष र केमिकलको ४ बर्ष वारेन्टी हुने उल्लेख गरेकोमा सो को प्रमाण भौचर संलग्न गरेको देखिएन । देहाय अनुसार जनप्रतिनिधिमार्फत वितरित फायर एक्सटिङ्ग्युसर विभिन्न टोल विकास समिति तथा व्यक्तीहरुलाई हस्तान्तरण गरेको छ। आगलागी जस्ता आपतकालीन अवस्थामा फायर एक्सटिङ्गुसरको प्रभावकारी उपयोग हुने र जोखिम न्यूनिकरण हुने सुनिश्चितता गर्नुपर्दछ।

| **जनप्रतिनिधिको नाम** | **सिलिण्डर संख्या** | **वितरण भएका टोल संस्थाको नाम** |
|---|---|---|
| अध्यक्ष धुव्र नारायण मानन्धर | ६० | ८ समितिहरु हस्तान्तरण |
| रामबाबु कोइराला | ४० | ५ समिति र १ व्यक्ती |
| रुपेश महर्जन | ४० | ६समिति र विभिन्न व्यक्तीहरुलाई हस्तान्तरण |
| मैया देउजा | ४० | ६ समिति ८ व्यक्ती |
| रजनी महर्जन धौबन्जर | ४० | ७ समिती १० व्यक्ती |
| **जम्मा** | **२२० थान** | |

११३.८ **बढी भुक्तानी-** कार्यालयले डोलमार्गको बाँकी भागमा कलर ब्लक छाप्ने कार्यका लागि पहिलो किस्ताको बापतको रु.१७४३९६२।को पेश्की फछर्योट गरी गोश्वारा भौचर नम्बर १२४-२०८२।३।२२ बाट रु.५३,३७,७९१। डोलमार्ग सरोकार उपभोक्ता समितिलाई भुक्तानी गरेको छ ।वडा कार्यालयले रु.५०,२०,४९९। र उपभोक्ता समितिको रु.२,६४,२३६.८१ नगद सहभागिता सहित रु.५२,८४,७३५। मा कार्य सम्पन्न गर्ने गरी मिती २०८२।१।१७ मा ताहाचल डोलमार्ग सरोकार उपभोक्ता समितिसँग सम्झौता गरेको देखिन्छ । सम्झौताको शर्तभन्दा एवं सम्पन्न कार्य भन्दा रु ५३०५६। ले बढी भुक्तानी भएको रु. ५३०५६।सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,०५६ |

११३.९ **फूटपाथमा ब्लक छाप्ने कार्य-** कार्यालयले यस बर्ष निम्नानुसार ब्लक एम ३५ ग्रेड २८४२.०१ वर्गमिटर कार्य बापत प्रति वर्गमिटर रु.३४४४।२३ को दरले रु.९७,८८,५३६। खर्च गरेको छ। वडाले पुरानो हेक्जागोनल ब्लक हटाएर नयाँ ब्लकहरु प्रतिस्थापन गरेकोमा उक्त ब्लकको उपयोग स्थिति खुल्ने अभिलेख लेखापरीक्षणमा पेश गरेको छैन । यस क्रममा हटाइएका हेक्सागोनल ब्लकहरू (M20 ग्रेड) को बाँकी आयु (Life Span) सम्बन्धी कुनै प्राविधिक मूल्याङ्कन पेश गरेको छैन। यसबाट पुन प्रयोग गर्न सकिने ब्लक कति वर्गमिटर थियो र कति वडाले नै सञ्चालन गरेका योजनाहरुमा प्रयोग भयो भन्ने विवरण एकिन हुन सकेन। हटाइएका निर्माण सामग्रीको अभिलेख र प्राविधिक मूल्याङ्कन बिना गरिएको प्रतिस्थापन कार्य मितव्ययी भएको देखिएन ।

| **गोश्वारा भौचर नम्बर** | **ठेक्का विवरण** | **उ.स. को नाम** | **कार्य विवरण** | **लागत अनुमान** | **सम्झौता रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|
| १२२-२०८२।३।२० | खुसी बहिल ढलान ,मंगल तथा ढकन राख्ने कार्य कलर ब्लक राखी बाटो स्तरोन्नती | खुशीबही उपभोक्ता समिती | ११६३.७५ | ६१६४७४५ | ४७४३९३६ | ४७४३९३६ |
| १२३-२०८२।३।२० | नेवा कोलोनी ढल मंगाल मर्मत कार्य, ढकन फेर्ने र कलर ब्लक विच्छाउने कार्य | नेवा:कोलोनी उ.स | ४६३.१७ | २७४३५७५ | २०७३५३६ | १९९१७८९ |
| १२४-२०८२।३।२२ | डोलमार्गको बाँकी भागमा कलर ब्लक छाप्ने कार्य | ताहाचल डोलमार्ग सरोकार उ.स | १२१५.०९ | ६९७२५१५ | ५२८४७३५ | ५३३७७९१ |
| जम्मा | | | २८४२.०१ | | | १२०७३५१६ |

११३.१**बीमा**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायी तथा सेवा प्रदायकले निर्माण सामाग्री, उपकरण तथा श्रमिकहरुको विमा गराउनुपर्ने उल्लेख छ। कार्यालयले निम्न निर्माण कार्यहरु निम्न उपभोक्ता समिति मार्फत गराएकोमा बीमा गराएको पाइएन। नियमावलीमा व्यवस्था भए बमोजिम निर्माण जोखिम न्यूनिकरण गर्न बीमा गराएर मात्र समयमानै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

| गोश्वारा भौचर र मिति | उपभोक्ता समिती | निर्माण कार्य | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १२२-२०८२।३।२० | खुशीबही उपभोक्ता समिती | खुसीबहिलमा ढलान गर्न ढल मंगल र ढकन राख्ने, कलर ब्लक राखी बाटोको स्तरोन्नती | ६४८८७८९ | ४७४३९३६ |
| १२३-२०८२।३।२० | नेवा: कोलोनी उ.स | नेवा कोलनी ढल मंगाल मर्मत कार्य, ढकन फेर्ने र कलर ब्लक विच्छाउने कार्य | २७४३५७५ | १९९१७८९ |
| १२५-२०८२।३।२३ | योग तथा व्यायामशाला निर्माण उ.स | व्यायामशालाका उपकरण जडान सहित कम्पाउण्ड वाल र अन्य निर्माण कार्य | ४३६०४७६ | ३१०७४३२ |
| | | जम्मा रु | १३५९२८४० | ९८४३१५७ |

११३.१**सडक बत्ती जडान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष रु.९,३०,९२२। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

११३.११**३-२८-००२७ योगेश्वर अमात्य मंगला अमात्य**- काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनको लागि जग्गाको प्रतिआना दर उल्लेख छ ।देहायका करदाताको उक्त अनुसूचीले उल्लेख गरेभन्दा फरक दररेटबाट गणना गरेबाट घटी असुल भएको राजस्व सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| क्र सं | करदाता | विवरण | रकम |
|---|---|---|---|
| १ | १३-२८-००२७ योगेश्वर अमात्य मंगला अमात्य | कित्ता नं ५२ अन्य कित्तासँगै जोडिएको देखिँदा सो कित्ताको दर पनि रु १६ लाख प्रति आना नै हुने र १० प्रतिशतले छुट दिन मिल्ने नदेखिँदा यो बर्ष छुट भएको रु ३४६५०। को २०७५।७६ देखि २०८१।८२ सम्मको रु २४२५५०। सम्बन्धितबाट असुल हुनुपर्ने रु | २४२५५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४२,५५० |

११४ **वडा नं १४ तर्फ**

११४.१ **बजेट तथा खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नम्बर १४ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २२३२८६०० | १६८५४५३३ | ७५.४८ |
| पूँजीगत | १६८३४३००० | १३५९२६३१३ | ८०.७४ |
| जम्मा | १९०६७१६०० | १५२७८०८४६ | ८०.१२ |

यस वडामा रु १९ करोड ६ लाख ७१ हजार बजेट विनियोजन गरेकोमा रु.१५ करोड २७ लाख ८० हजार अर्थात् ८०.१२ प्रतिशत खर्च गरेको छ । वडा कार्यालयले पूँजिगत तर्फ ८३ कार्यक्रममा विनियोजन गरेको रकममध्ये २२ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

११४.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले आकस्मिक भैपरी आउने निर्माण कार्य शिर्षक तर्फ रु.१२३२००००।- अबण्डा राखी रु.१२२६३८४४। खर्च गरेको छ ।बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११४.३ **जनप्रतिनिधी मार्फत खर्च/पेश्की**- स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गो भौ नं | विवरण | जनप्रतिनिधि | भुक्तानी रकम रु |
|---|---|---|---|
| ५५-२०८१/०८/२५ | सामुदायिक विद्यालयमा लैङ्गिक हिंसा विरुद्धको कार्यक्रम संचालनको लागि वडा सदस्य श्री अनिता नेपालीलाई पेश्की | वडा सदस्य श्री अनिता नेपाली | २५,००० |
| १४३-२०८२/०१/१७ | वडाका विभिन्न स्थानहरुमा मानव अधिकार लैङ्गिक हिंसा विरुद्ध तथा मानव बेचविखन विरुद्धको जनचेतनामूलक कार्यक्रम संचालनको लागि वडा सदस्य अनिता नेपालीको नाममा पेश्की | वडा सदस्य श्री अनिता नेपाली | ३३,००० |
| २६३-२०८२/०३/२४ | सामुदायिक विद्यालयहरुमा जातिय विभेद मानव अधिकार लगायतका कार्यक्रम सम्पन्न गरेवापत महिला वडा सदस्य अनिता नेपालीलाई सोधभर्ना उपलब्ध गराईएको | वडा सदस्य श्री अनिता नेपाली | ४९,५०० |
| १५- २०८१/०६/१५ | प्रयागराज सिंह फुटसल प्रतियोगिताको व्यवस्थापन कार्यको लागि | वडा सदस्य अच्युत सापकोटा | २,३१,००० |
| २०१-२०८२/०३/१० | खेलकुद कार्यक्रममा सहभागी व्यवस्थापनको लागि | वडा सदस्य अच्युत सापकोटा | ३५,००० |
| | | जम्मा रु | ३७३,५०० |

११४.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, तथा संस्थालाई रु. ४४५०००। खर्च गरेको देखियो।।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १९-२०८१/०६/१८ | वडा समितिको निर्णय अनुसार श्री कलङ्की मन्दिर संरक्षण तथा समाज सुधार संस्थालाइ रु ५० हजार सहयोग उपलब्ध गराईएको | कलङ्की मन्दिर संरक्षण तथा समाज सुधार संस्था | ५०,००० |
| ३०-२०८१/०७/१ | वडा समितिको निर्णयानुसार सामुदायिक सेवा केद्र कुलश्वरलाई ऋषि पंचमी मेलामा भएको खर्च बापत आर्थिक सहयोग बापत गरिएको | सामुदायिक सेवा केद्र कुलश्वर | ५०,००० |
| ३१-२०८१/०७/११ | रविभवनमा ईन्द्र जात्रा पर्वको दिन परम्परागत लाखे आजु नाचका साथै धार्मिक , सास्कृतिक कार्यक्रमको लागि | माउण्ट एभरेष्ट क्लब | ५०,००० |
| ३३-२०८१/०७/११ | सस्कृति संरक्षण तथा प्रवर्दन कार्यको लागि विभिन्न सास्कृतिक कार्यक्रम संचालनको गर्न पेश्की | कलङकी माँ नेवाः पुच | २,००,००० |
| ८९-२०८१/१०/०९ | कुलेश्वर गणेश मन्दिरमा समयबजी तथा बार्षिक पुजाको लागि | कुलेश्वर गणेश मन्दिर संरक्षण तथा उपभोक्ता समिति | ९५,००० |
| | | जम्मा रु | ४४५,००० |

११४.५ **डि.पि.आर. खर्च-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। यस स्थानीयतहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट रु. ९९०५४८ मा गराई प्रतिवेदन प्राप्त गरेको छ। परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै परामर्शदाताबाट कार्य गराई भुक्तानी गरेको छ।पालिका मातहतकै जनशक्ति मार्फत डि पि आर गर्ने व्यवस्था मिलाई सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

| गो भौ नं | विवरण | भुक्तानीपाउनेको नाम | भुक्तानी रकमरु. |
|---|---|---|---|
| ५६-२०८२/ ०१/ ११ | वडा कार्यालयको विभिन्न स्थानहरुको भौतिक पुर्वाधारहरुसँग सम्बन्धित डिजाईन तथा टेण्डर डकुमेन्ट तयार गर्नका लागि DPR | इन्जिनियर्स वर्ल्ड प्रा.लि. | ४,९७,७२२ |
| ५७-२०८२/ ०१/ ११ | वडा कार्यालयको विभिन्न स्थानहरुको सम्पदा संरक्षणसँग सम्बन्धित डिजाईन तथा टेण्डर डकुमेन्ट तयारगर्नका लागि DPR | मल्टी डिसिप्लिनरी कन्सल्टेन्टस् (प्रा.) लि. | ४,९२,८२६ |
| जम्मा रु | | | ९९०५४८ |

११४.६ **पूँजीगतबाट चालु प्रकृतिका खरिद-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ७६ (२) ले स्थानीय तहले आफ्नो कारोवारको लेखा तोकिए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ ले तीनै तहका सरकारको एकीकृत आर्थिक विवरण तयार गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयमा रहेको छ। संघ, प्रदेश र स्थानीय सरकारमा लागु हने गरी २०७६।२।१५ मा माननीय महालेखापरीक्षकज्युबाट स्वीकृत गरी महालेखा नियन्त्रक कार्यालयबाट एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ जारी गरेको छ । उक्त आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार बजेट तर्जुमा गरी खर्च गर्नुपर्नेमा पालिकाले चालु प्रकृतिका खर्चलाई पूँजीगत खर्चमा समावेश गरी भुक्तानी दिएको देखिन्छ । वडाले पूँजीगत खर्च खाताबाट चालु प्रकृतिको परम्परागत बाजा तथा वाद्यवादन सामाग्री खरिद कार्यक्रम राखी गो भौ नं ८१-२०८२/०३/१७ कामपा १४ वडा कार्यालय परम्परागत बाजा तथा बाद्यबादन सामाग्रीको कार्यको लागि श्री विश्वजित सप्लायर्सलाई रु ९,९२,७६१ भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,९२,७६१ |

११४.७ **फूटपाथ निर्माण कार्य-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने उल्लेख छ । यो वर्ष वडाले वडाका विभिन्न १३ वटा ब्लक छाप्ने कार्यक्रमका लागि मात्र रु ४९७१२२२८ खर्च गरेको छ। । वडाले पुरानो हेक्जागोनल ब्लक हटाएर नयाँ ब्लकहरु प्रतिस्थापन गरेकोमा उक्त ब्लकको उपयोग स्थिति खुल्ने अभिलेख लेखापरीक्षणमा पेश गरेको छैन । यस क्रममा हटाइएका हेक्सागोनल ब्लकहरू (M20 ग्रेड) को बाँकी आयु (Life Span) सम्बन्धी कुनै प्राविधिक मूल्याङ्कन पेश गरेको छैन। यसबाट पुन प्रयोग गर्न सकिने ब्लक कति वर्गमिटर थियो र कति वडाले नै सञ्चालन गरेका योजनाहरुमा प्रयोग भयो भन्ने विवरण एकिन हुन सकेन। हटाइएका निर्माणि सामग्रीको अभिलेख र प्राविधिक मूल्याङ्कन बिना गरिएको प्रतिस्थापन कार्य मितव्ययी भएको देखिएन ।

११४.८ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्युलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा

पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वरा भौचर मिती | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ३५-२०८१/१२/२५ | हात्ती गल्लीमा ब्लक छाप्ने कार्य | रुबि पर्ल इन्टरनेशनल प्रा.लि. | ९,९१,४०६ |
| ४०-२०८१/१२/२५ | वि.पि. मार्गमा ब्लक छाप्ने कार्य | रेणु निर्माण सेवा | ५,९३,०११ |
| ४५-२०८१/१२/२६ | सुनार गाउँ पिपलवोट मार्गको भित्री बाटो ब्लक छाप्ने कार्य | चौलागाई बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | ९,९०,४७७ |
| २०-२०८१/०९/१४ | महर्जन गल्लीमा ब्लक छाप्ने कार्य | गल्फ कन्स्ट्रक्सन | ७,८३,१७३ |
| ४६-२०८१/१२/२६ | सुनुवार मार्ग कलंकीमा ब्लक छाप्ने कार्य | श्री माता सरस्वती निर्माण सेवा | ९,९०,४१५ |
| ३७-२०८१/१२/२५ | कुमारी मार्ग जानकी गल्लीमा ब्लक विछ्याउने कार्य | निलगिरी निर्माण सेवा | ५,९४,५५८ |
| ४७-२०८१/१२/२६ | टाँसीडोल मार्गमा ब्लक छाप्ने कार्य | विश्वजित निर्माण सेवा | ९,९२,८४९ |
| | | जम्मा रु | ५९३५८८९ |

११४.९ **अन्य कार्यालयको खर्च-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने, दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वियन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ। वडा कार्यालयले गो भौ नं १३।२०८१।८।२७ बाट प्रहरी कार्यालय कलङ्कीको भान्छा मर्मत गर्ने कार्यको लागी रु ४९५०२५। भुक्तानी गरेको छ । अन्य निकायको खर्च समेत यस कार्यालयबाट भएको उपयुक्त नदेखिएकोमा बाढीको कारणले डुबान भई प्रहरी कार्यालयमा क्षति पुगेको हुँदा मर्मत गरेको बेहोरा कार्यालयले जनाएको छ ।

११४.१ **गैह सरकारी संस्थाबाट निर्माण कार्य-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जन चेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवलिकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। वडाले ऐनले तोकेको मापदण्ड विपरीत सुनार गाउँमा पाटी पुनः निर्माण कार्य विकासको लागि हाम्रो प्रयास नामक गैह सरकारी संस्थाबाट शून्य प्रतिशत लागत सहभागितामा गराई गो भौ नं ५३- २०८२/०१/०२ बाट रु १४,९२,२५० भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| **गैह सरकारी संस्था** | **आयोजनाको नाम** | **पालिकाको योगदान** | **संस्थाको योगदान** |
|---|---|---|---|
| विकासको लागि हाम्रो प्रयास (गो.भौ.नं.५३-२०८२/०१/०२) | कामपा १४ वडा कार्यालय सुनार गाउ पाटी पुन निर्माण कार्य | १४९८१४३ | ० |

| | |
|---|---|
| अनियमित भएको | १४,९२,२५० |

११४.१ **सडक बत्ती जडान-** खर्च सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। वडाले यस बर्ष बोलपत्र मार्फत ५० वाट र ४० वाटका सडक बत्तीहरु ब्राइटसन कम्पनी प्रालिबाट रु ३६,१६,६००। मा खरिद गरेको देखिन्छ । कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन ।

११४.१ **सि.सि.टि.भी. जडान-** सि.सि.टि.भी. जडान तथा सञ्चालनको नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७२/०७/२५ मा स्वीकृत सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ जारी गरेको छ । उक्त निर्देशिकाको दफा ३ (क) मा सार्वजनिक सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्देश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने एवं सिसिटिभी सरकारी/सार्वजनिक निकायले नागरिकहरुको सुरक्षा, सरकारी सम्पत्ति सुरक्षा, कारागारहरुको निगरानी, निजामतीस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदि कार्यको लागि CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष सिसिटिभी जडान मर्मत तथा सञ्चालनतर्फ रु.९,९९,२८८। खर्च गरेकोमा सो वडा प्रहरी कार्यालयलाई हस्तान्तरण गरेको देखिन्छ। सिसिटिभी खरिद गर्दा सुरक्षा निकायसँग समन्वय गरी सर्भिलेन्स रुमको उपलब्धताको सुनिश्चत गरेर प्रतिस्पर्धात्मक विधि मार्फत खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

११४.१ **१४-२७-०७३४ मिला लैण्ड डेभलपमेन्ट प्रा.ली-** काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ । उक्त अनुसुचीको सि नं १५८ मा रिङरोड खसीबजार बल्खु खोला पुलदेखि कुलेश्वर विश्व विद्यालयपथसम्म लिंकमार्ग पक्की बाटोको दर प्रति आना रु १४ लाख उल्लेख छ । निज करदाताको नाममा रहेको ५९ कित्ता जग्गामध्ये २१ कित्ताको रु १२ लाख र २ कित्ताको रु ९ लाख र बाँकी कित्ताको रु १४ लाखको दरले सम्पत्ती कर गणनाको प्रयोजनको लागि उल्लेख गरेको देखिन्छ। उक्त जग्गाहरु सँगै जोडिएको नक्सामा देखिँदा रु १४ लाख प्रति आनाको दरमा गणना गर्नुपर्नेमा फरक फरक दर उल्लेख गरी गणना गरेबाट सम्पत्ती कर घटी गणना भएको देखिन्छ । २०७९।८० देखि २०८१।८२ सम्म छुट भएको रु ९८०६६५। मा जरिवाना समेत गणना गरी असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,८०,६६५ |

११४.१ **१४-०६-०५९५ कलङ्की डेभलपर्स प्रालि-** काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन,२०८१ को दफा २ मा काठमाडौ महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा देहाय आधारमा सम्पत्ती कर निर्धारण गरी असुल गरिने उल्लेख छ। उक्त प्रालिको २०७६।७७ देखि २०८१।८२ सम्म तिर्न बाँकी सम्पत्ती कर रु.१९०७३३६०। रहेकोमा यो बर्ष रु ९१४००००। सम्पत्ती कर तिरी रु ९९३३३६०। बाँकी रहेको देखिँदा उक्त रकम असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९९,३३,३६० |

११५ **वडा नं १५ तर्फ**

११५.१ **बजेट तथा खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको

जिम्मेवारी हुने उल्लेख छ। वडा १५ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | ५६३७४२०० | ४३४९१३८५.३३ | ७७.१४ |
| पूँजीगत | १२७००००० | ७३७८८६०९.७४ | ५८.०१ |
| जम्मा | १८३३७४२०० | ११७२७९९९५.०७ | ६३.९५ |

यस वडामा रु १८ करोड ३३ लाख ७४ हजार बजेट विनियोजन गरेकोमा रु.११ करोड ७२ लाख ७९ हजार अर्थात ६३.९५ प्रतिशतमात्र खर्च गरेको छ।वडा कार्यालयले पूँजिगत तर्फ ६१ कार्यक्रममा विनियोजन गरेको रकममध्ये ११ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

११५.२ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले वडाको विभिन्न सडकहरुमा नयाँ पिच गर्ने, स्तरोन्नति गर्ने प्याचिङ गर्ने कार्य शिर्षकमा रु १००००००००। विनियोजन गरेकोमा खर्च गरेको छैन ।

११५.३ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, तथा संस्थालाई रु. ३७२८९३८। खर्च गरेको देखियो।।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३६६-२०८२/०३/२२ | आरामदायी सामुदायिक भवनको लागि अफिसटेवल स्टील दराज लागायत समाग्री वितरण | इस्टेट एण्ड कन्स्ट्रक्सन प्रा.लि | ९९१५७० |
| २२९-२०८२/०२/२२ | स्वयम्भु क्लबलाई खेलकुद सम्बन्धी सामान खरिद गरी वितरण | चण्डीमाई इन्टरप्राईजेज | ४९८२१७ |
| ४५-२०८१/०७/१३ | नवरथ यात्रा लगायत विभिन्न कार्यक्रम | नव जागृती क्लव | ९५५३० |
| २७४-२०८२/०३/०५ | ज्यापु समुदायको साँस्करतिक कार्यक्रम | ज्यापु महागुथि नेपाः | ९८००० |
| २१२-२०८२/०२/२० | खेलकुद सम्बन्धी सामान खरिद गरी वितरण | कार्यभ सप्लायर्स | ९००५५३ |
| १६५-२०८२/०१/२५ | लचना बौद्धिक अपाङ्ग संस्थालाई सामान खरिद तथा वितरण | गौतम रत्न इण्टरप्राइजेज | ४८७१३७ |
| ४१- २०८१/०७/०६ | स्वयम्भू डल्लु साईकल पुचः साईकल खरिद वितरण | प्रचिता सप्लायर्स | २८२५०० |
| विभिन्न भौचर | जेष्ठ नागरिक धार्मिक भ्रमण कार्यक्रम | विभिन्न व्यक्ति तथा संस्था | ३७५४३१ |
| | | जम्मा रु | ३७२८९३८ |

११५.४ **उपभोक्ता समितिको म्याद थप-** कार्यालयले उपभोक्ता समितिसँग गर्ने सम्झौताको बुदाँ नम्बर (छ) उपभोक्ता समितिको दायित्व तर्फको बुदाँ नम्बर १६ मा कुनै कारणवश वा काबु बाहिरको परिस्थितिले गर्दा तोकिएको समयभित्र कार्य सम्पन्न हुन नसक्ने भएमा कारण सहित

म्याद थप हुनुभन्दा १५ दिन अगाडि उपभोक्ता समितिको निर्णय समेत राखी म्याद थपको निवेदन दिनुपर्ने उल्लेख छ। कार्यालयले स्वयम्भु स्थित भगवानपाउँ देखी विजेश्वरी सम्म सडक तथा पेटी सुधार कार्यको लागि स्वयम्भु मार्ग १ सडक पेटी निर्माण उपभोक्ता समितिसँग मिति २०८१।३।१५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०८१।२।१८ मा रु.७६,९०,७२१। (भ्याट र ओभरहेड बाहेक) मा सम्झौता भएको पाइयो। उक्त निर्माण उपभोक्ता समितिले समयमा नै कार्य सम्पन्न गर्न नसकेको कारण मिति २०८१।३।१४ मा म्याद थपको लागि निवेदन पेश भई मिति २०८२।३।१७ मा मिति २०८१।९।१५ सम्म म्याद थप गरेको छ। सम्झौताको शर्त बमोजिम म्याद थपको लागि १५ दिन अगावै निवेदन दिनुपर्नेमा ढिला गरी निवेदन दिई म्याद थप गरेको उचित देखिएन। कार्यालयले गोश्वारा भौचर नम्बर १० र ४६-२०८१।९।१० बाट रु.७६,८४,१४०। भुक्तानी गरेकोमा योजनाको एकिकृत नापी तयार गरेको देखिएन। योजनासंग सम्बन्धित कागजातपत्रहरु व्यवस्थित गरी राख्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

११५.५ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु १० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न स्थानको मर्मत कार्य बापत पटक पटक गरी रु. ५८३५२८९।- को सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरी यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वरा भौचर मिती | कामको बेहोरा | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १११-२०८२/०२/० | डल्लु सिद्धार्थ सडक क्षेत्रको बाटो मर्मत सुधार | नयां नेपाल निर्माण सेवा | ९४८७५ |
| ४९-२०८१/१०/१३ | डल्लु चागल क्षेत्रको भित्रीबाटोहरु मर्मत सुधार कार्य | अन्मय कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि | ९६६९२२ |
| ४०-२०८१/०९/०९ | स्वर्णिम वस्तिको सडक र ढल मर्मत सुधार | बैगुनधुरा निर्माण | ९७३७९४ |
| १६-२०८१/०७/१३ | जनसेवा मार्ग भित्रका गल्ली बाटोहरु मर्मत सुधार र अन्य सुधार कार्य | गोरख इन्फ्रास्ट्रक्चर प्रा.लि. | ९५३६२६ |
| ९५-२०८२/०२/०४ | सैनिक आवाश मार्ग क्षेत्रको बाटो मर्मत सुधार कार्य | युनिक कन्स्ट्रक्सन | ९४५५४३ |
| ९३-२०८२/०१/२८ | वडेगाल क्षेत्र भित्र रहेको ढल मर्मत र अन्य सुधार कार्य | के. एण्ड आर कन्स्ट्रक्सन | ९५७७३२ |
| ९७-२०८२/०२/०४ | वडाको विभिन्न स्थानहरुमा फ्लावर बेड मर्मत सुधार कार्य | लावण्य कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९४२७९७ |
| | | जम्मा रु | ५८३५२८९ |

११५.६ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष ४ पटक रु २२,८१,८६६। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन

समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| गोश्वरा भौचर मिती | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १४-२०८१/०७/१३ | १५ वडाका विभिन्न स्थानहरुमा सडक बत्ती जडान कार्य गरे वापतको भुक्तानी | काठमाण्डौं इलेक्ट्रीकल्स एण्ड सप्लायर्स | ९४२०६७ |
| ४७-२०८१/१०/०४ | स्वयम्भू उज्यालो कार्यक्रम अन्तर्गत १५ नं वडाको विभिन्न स्थानहरुमा सडक बत्ती जडान गरेवापतको भुक्तानी | कोरोनेट इनर्जी प्रा.लि. | ९६५२२३ |
| १३४-२०८२/०२/२० | सडक बत्ती मर्मत तथा परिवर्तन गरे वापतको भुक्तानी | कर्मदा ट्रेड एण्ड सप्लायर्स प्रा.लि | ९४४७३ |
| ७३-२०८२/०१/१२ | वडाका विभिन्न स्थानहरुमा विद्युतीय सडक बत्ती मर्मत गरि जडान गर्ने कार्य गरे वापतको भुक्तानी | ए.जे. शाईन कम्पनी प्रा.लि. | २८०१०३ |
| | | जम्मा रु | २२८१८६६ |

११५.७ **१५-२१-००४६ धोर्जे छिरिङ गुरुङ समेत-** काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१ को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ । उक्त ऐनको सि नं ९८ पुस्तिकामा छुट हुन गएको मूलबाटो भनी कायम भएको जग्गाको दर रु २० लाख हुने उल्लेख छ । वडा नं १५ स्थित निजको नाममा रहेको कित्ता नं ४६ र ४७ रिङरोडको दाँयाबाँया जोडिएको जग्गा रहेकोमा स्वयम्भूदेखि बालाजुतर्फको उक्त स्थानको जग्गाको दररेट आर्थिक ऐनमा नखुलेको अवस्थामा वडाले रु २० लाख प्रति आनाको हिसाबले गणना गर्नुपर्नेमा रु १६ लाख प्रति आनाले गणना गर्दा २०८१।८२ मा रु ५२८४१६। सम्पत्ती कर गणना गरेको छ । रु २० लाख प्रति आनाको हिसाबले गणना गर्दा रु ६४५८२३ हुन जाने हुँदा यो बर्ष घटी गणना भएको रु ११७४०६ र विगत बर्षमा समेत सोही हिसाबले न्यून गणना भएको देखिँदा २०७५।७६ देखिको रु ७०४४४०। र सोमा लाग्ने जरिवाना समेत यकिन गरी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,०४,४४० |

११५.८ **१५-२२-०४३४ नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि-** काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनको लागि जग्गाको प्रतिआना दर उल्लेख छ ।करदाताको २०८१।८२ मा विगतको समेत गणना गर्दा तिर्नुपर्ने रु ३४६६१९८। सम्पत्ती कर उल्लेख गरेकोमा लेखापरीक्षण अवधिमा समेत असुल नभएको रकम असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,६६,१९८ |

## ११६ वडा नं १६ तर्फ

११६.१ **बजेट तथा खर्च**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नं.१६ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १५१०४२०० | १३०९९८७४ | ८३.६३ |
| पूँजीगत | ७०१००००० | ५४९५८४५२ | ३२.३० |
| जम्मा | १८५२०४२०० | ६८०५८३२७ | ३६.७४ |

यस वडामा रु १८ करोड ५२ लाख ४ हजार बजेट विनियोजन गरेकोमा रु. ६ करोड ८० लाख ५८ हजार अर्थात ३६.७४ प्रतिशतमात्र खर्च गरेको छ । वडा कार्यालयले पूँजिगत तर्फ वडा भवन अगाडि विष्णुमती खोलामा पुल निर्माण, बनस्थली खरिबोट, समर्पण मार्ग र अन्य सडक निर्माण, खरिबोट र सोह्रखुट्टेमा स्मार्ट ट्वाइलेट निर्माण लगायत ९ कार्यक्रममा विनियोजित रकम रु.१० करोड २८ लाख खर्च नभई शुन्य प्रगती देखिएको छ। वडा कार्यालयले पूँजिगत तर्फ ४४ कार्यक्रममा विनियोजन गरेको रकममध्ये १६ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

११६.२ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले बिबिध तथा वडा भित्रका विभिन्न आकस्मिक भौतिक पुर्वाधार निर्माण गर्ने कार्य उल्लेख गरी रु.१६००००००।- अबण्डा राखी रु.१३७२५९८६। खर्च गरेको छ ।बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११६.३ **जनप्रतिनिधी मार्फत खर्च/पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ।वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कार्यालयले मिती २०८१ असोज १ गते देखि ९ गते सम्म वडा नं २३ को आयोजनामा प्रयाग राज सिह सुवाल स्मृतीमा फुटसल प्रतियोगिता कार्यक्रम संचालनमा वडा नं १६ पनि सहभागी भएकोमा वडा सदस्य हर्क बहादुर खाती लाई वडा समिती निर्णय गरी गौश्वरा भौचर नं ५-२०८१।०५।१९ वाट रु.१००००० पेश्की प्रदान गरेको छ। उक्त खेलकुद कार्यक्रमको लागि मिती २०८१।०५।१६ लागत अनुमान रु.३३२०००० स्वीकृत गरी पारित गरेकोमा मिती २०८१।०५।१३ को वडा समितीको निर्णय नं १ मा वडा फुटसल प्रतियोगितामा वडा नं १६ प्रथम भए वापत उक्त प्रतियोगितामा सहभागी खेलाडि तथा अफिसियलहरुलाई वडा कार्यालय वाट रु.२०००००।– रकम दिने भनी निर्णय गरेको छ। आयोजक वडा नं २३ ले नै पुरस्कारको व्यवस्था गरेकोमा यस वडाबाट समेत पुरस्कार दिने भनि वडा समितीबाट निर्णय भएको देखिन्छ । वडा सदस्य स्वयंले बुझेको पेश्की रकम नपुग उल्लेख गरी रु.४६९७२८ सोधभर्ना समेत रु ५६९७१८। भुक्तानी गरेको छ । कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

११६.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु.४४२८४७। खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ७८-२०८१।१२।२६ | टौडोल परिवार समाजको लागि धिमे वाजा तथा झ्याली वितरण | मेगा कि स्टोन सर्भिसेस प्रा.लि. | ४३३९२ |
| १८८-२०८२।०३।१५ | खैजडी हरमोनियम मादल वितरण म्हय्पी संरक्षण समिती | कार्यभ सप्लायर्स | ५०२८५ |
| ९६-२०८१।१२।२७ | बिभिन्न ७ संस्थालाई २६० थान म्याट सामान खरिद गरी वितरण | कालिकामाई ईन्टरप्राइजेज | २४९७३० |
| १७६-२०८२।०३।०९ | समाज कल्याण खेलकुद केन्द्र क्लवको लागि खेलकुद सामान खरिद गरी वितरण | चण्डीमाई इन्टरप्राईजेज | ९९४४० |
| जम्मा | | | ४४२८४७ |

११६.५ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्युलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| **गोश्वारा भौचर नम्बर मिति** | **विवरण** | **फर्मको नाम** | **लागत अनुमान** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ११०-२०८१।१२।२५ | नयाँ बजार र वसन्तनगरमा सडक निर्माण कार्य | सायन इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्राइभेट लिमिटेड | ७७२५०६ | ७६०५१५ |
| ५३-२०८१।८।१३ | सृजनशिल मार्गमा बाटो ढलान गर्ने कार्य | श्री राम निर्माण सेवा | ९८४६३४ | ९४८९३४ |
| ५६-२०८१।८।१३ | भृकुटी टोलको पुरानो गल्ली निर्माण गर्ने कार्य | रुद्रप्रिय कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. | ९९८६६४ | ९८२७८० |
| ७८-२०८१।९।२५ | का.म पा 16 को बिभिन्न स्थानमा ढल मगल सफा गर्ने कार्य | एन. जे. कन्स्ट्रक्सनप्रा. लि. | ९९५३९४ | ९७७५२८ |
| १२४-२०८२।३।८ | नयाँ बजार बहती र म्हेपी र कुमारी स्थान मार्गमा ढल मंगाल सफा गर्ने कार्य | त्रिशुली हाइड्रो कन्स्ट्रक्सन | ७९८०४४ | ७५०४१४ |
| २०-२०८१।७।६ | वडा भित्रका बिभिन्न स्थानमा मंगाल, ढल, निर्माण तथा मठ निकाल्ने कार्य | गोरख इन्फ्रास्ट्रक्चर प्रा.लि. | ९९५९३७ | ९८२७९९ |

११६.६ **फूटपाथ निर्माण कार्य-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने उल्लेख छ । वडा कार्यालयले यस बर्ष निम्नानुसार ढुङ्गा तथा ब्लक विच्छाउने कार्य गरी फुटपाथ स्तरोन्नति बापत रु. ३३३५८३५।खर्च गरेको छ। वडाले पुरानो हेक्जागोनल ब्लक हटाएर नयाँ ब्लकहरु प्रतिस्थापन गरेकोमा उक्त ब्लकको उपयोग स्थिति खुल्ने अभिलेख लेखापरीक्षणमा पेश गरेको छैन । यस क्रममा हटाइएका हेक्सागोनल ब्लकहरू (M20 ग्रेड) को बाँकी आयु (Life Span) सम्बन्धी कुनै प्राविधिक मूल्याङ्कन पेश गरेको छैन। यसबाट पुन प्रयोग गर्न सकिने ब्लक कति वर्गमिटर थियो र कति वडाले नै सञ्चालन गरेका योजनाहरुमा प्रयोग भयो भन्ने विवरण एकिन हुन सकेन। हटाइएका निर्माण सामग्रीको अभिलेख र प्राविधिक मूल्याङ्कन बिना गरिएको प्रतिस्थापन कार्य मितव्ययी भएको देखिएन।

| गोश्वारा भौचर नम्बर मिति | विवरण | फर्मको नाम | M35ब्लक कार्य वर्ग मिटर लई रु.३४४४ | लागत अनुमान | भुक्तानी रकम | |
|---|---|---|---|---|---|---|
| ९-२०८१। ६।२१ | आदर्श नगर भाटभटेनी पछाडी ब्लक छापी बाटो मर्मत गर्ने कार्य | शिवराम कन्स्ट्रक्सन | पुरानो २३५.७३ र नयाँ १९३.३६ | ८९३४१७ | ८७८५९४ | २०१० 60 mm interlocking block |
| १४-२०८१। ६।२२ | देबु (धबु) मार्गमा ब्लक छापी बाटो मर्मत गर्ने कार्य | तुलसी भूमी निर्माण सेवा | | ५७४८८९ | ५६३६९२ | |
| १७-२०८१। ७।४ | पकनाजोल मार्ग र निर्मल मार्गको शाखा बाटोहरुमा ढल राखी ब्लक छाप्ने कार्य | सयात्री बिल्डर्स प्राइभेट लिमिटेड | १३१.०५ | ९९६०८४ | ९८१२६७ | ३४१० |
| १०६-२०८१। १२।२१ | वडा भित्रका बिभिन्न स्थानमा सड्क गल्लीमा ब्लक र ढुंगा छापेको मर्मत गर्ने कार्य | रमिता इन्फ्रास्ट्रक्चर प्रा.लि. | पुरानो २०७.३६ नयाँ१४९.३९ | ९५७२५६ | ९१२२८२ | २०२५.८७ 60 mm interlocking block |
| | जम्मा | | | | ३३३५८३५ | |

११६.७ **सडक बत्ती जडान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष २ पटक रु १९,६८,५३३। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | लागत अनुमान | बत्ती संख्या | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ६-२०८१।६।२० | सौय विद्युत बिकास प्रा. लि. | का.म.पा.१६ वडा अन्तर्गत बिभिन्न धार्मिक स्थल तथा मन्दिरहरुमा बत्ती राख्ने कार्य | ९९९४०० | ८५ विभिन्न १६ स्थानको माग संख्या ७८ | ९८९७९५ | कार्यदिस २०८१।६।१५ १५ दिन भित्र सम्पन्न गर्नुपर्ने स्थान खुल्ने गरी बत्ती जडानको विवरण तयार नगरी कार्य सम्पन्न तयार २०८१।६।२० विल जारी २०८१।६।२० सामानको स्पेशिफिकेशन तयार नगरेको र गुणस्तर परिक्षण नभएको |
| २३-२०८१।७।६ | अनिल फिटनेश कन्स्ट्रक्सन प्रा.लि. | वडा भित्रका बिभिन्न स्थानमा सडक बत्ती मर्मत गर्ने कार्य | ९९५४८४ | ३६८ बिग्रेको लाइट मर्मत, डे लाइट सेन्सर ९४,२०-३० वाट बत्ती,६६,४०-५० वाटका ५४, २०-३० वाट हाइ क्वालिटी एल.इ.डी ५२ र ४०-५० का ४७ थान | ९७८७३८ | कार्यदिश २०८१।६।२९ १० दिन भित्र सम्पन्न गर्नुपर्ने, कार्य सम्पन्न गरेको तर गुणस्तर परिक्षण नगरेको |

११६.८ **१६-१५-०००१ ठमेल प्लाजा होटेल एण्ड सुइट्स लिमिटेड**-काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ को दफा १५ अनुसार १.७५ मिटर (५ फिट) देखि ४ मिटर (१३ फिट) सम्मको ईटा/ब्लक/ढुङ्गा छापिएको वा ढलान वा कालोपत्रे गरिएको बाटोलाई मात्र 'सहायक बाटो' मानिने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा करदाताको तपसिल बमोजिमका कित्ताहरूले १६ फिटको बाटो (मूल बाटो) छोएको देखिन्छ। तर, पालिकाले कर निर्धारण गर्दा प्रति आना रु ३० लाखको दरमा १० प्रतिशत छुट दिई रु २७,००,००० कायम गरी कर असुल गरेको पाइयो। तसर्थ, उक्त जग्गाको मूल्याङ्कन प्रति आना रु ३० लाख नै कायम गरी आ.व. २०७७/७८ देखि हालसम्मको कर पुनः गणना गर्दा अपुग हुन आएको रकम रु ३,३१,२७३.५८ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्ने रु.

| **क्र.सं.** | **कित्ता नं.** | **क्षेत्रफल (वर्गमिटर)** |
|---|---|---|
| १ | १२४१ | २३४.५ |
| २ | १०४२ | २८६.१७ |
| ३ | १२३९ | २४६.४२ |
| ४ | १०२६ | ६३.५९ |
| ५ | १२४३ | २७६.२३ |
| ६ | १०३५ | ६३.५९ |
| | **जम्मा क्षेत्रफल** | **१,१७०.५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३१,२७३ |

११६.९

**१६-२२-०६७५ निराकार श्रेष्ठ**-लेखापरीक्षणको क्रममा करदाताले पेस गरेको स्वघोषणा विवरण अनुसार आ.व. २०८१/८२ को लागि मासिक बहाल रकम रु ४,५८,३३३ उल्लेख गरेको देखिन्छ। तर, कर दाखिला गर्दा मासिक रु ४,१६,६६७ को दरले मात्र हिसाब गरी कर बुझाएको पाइयो।तसर्थ, स्वघोषणा बमोजिमको वास्तविक बहाल रकममा कर गणना गर्दा अपुग हुन आएको बहाल कर रकम रु ५०,००० र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्ने रु .

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

११६.१**१६-०१-०३२१ अन्जली तामाङ्ग (गुरुङ्ग)/चोङ्टे गुरुङ्ग समेत**-लेखापरीक्षणको क्रममा करदाताको कित्ता नं ४६१, ६८१ र ६८२ मा एउटै भवन तथा परिसर रहेको देखिन्छ। सो परिसरको मुख्य कित्ता नं ४६१ (क्षेत्रफल ०-१०-२-३) को मूल्याङ्कन प्रति आना रु ५० लाख कायम गरिएको छ। तर, सोही परिसरभित्र रहेका अन्य कित्ताहरू ६८१ (०-१-२-०) र ६८२ (०-१-२-०) को मूल्याङ्कन भने प्रति आना रु ४० लाख मात्र कायम गरी कर गणना गरिएको पाइयो।तसर्थ, कित्ता नं ६८१ र ६८२ को समेत मूल्याङ्कन दर प्रति आना रु ५० लाख नै कायम गरी आ.व. २०७६/७७ देखि हालसम्मको कर पुनः गणना गर्दा अपुग हुन आएको रकम रु १,०८,000 र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,००० |

११६.१**१६-१२-०२६७ जनमैत्री अस्पताल**- काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१ को दफा २ मा काठमाडौ महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा देहाय आधारमा सम्पत्ती कर निर्धारण गरी असुल गरिने उल्लेख छ । उक्त अस्पतालको २०६७।६८ देखि २०७४।७५ सम्म तिर्न बाँकी सम्पत्ती कर रु १,०३,२९,९१०। रहेको र आ.ब २०७५।७६ देखी २०८१।८२ सम्म रु.३,४४,९४,९३९।३३ सम्पत्ती कर दाखिला गर्नुपर्नेमा रु.९५,००,०००। मात्र दाखिला गरेकोले बाकी बक्यौता रकम रु.२,४९,९४,९३९।३३ असुल हुनुपर्दछ।

## ११७ वडा नं १७ तर्फ

११७.१**बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा १७ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २,६४,८२,२९० | १,००,२१,७९३.९६ | ३७.८४ |
| पूँजीगत | १०,८५,००,००० | ६,५६,४१,४१२.७५ | ६०.४९ |
| जम्मा | १३,४९,८२,२९० | ७,५६,६३,२०६.७१ | ५६.०५ |

यस वडामा रु १३ करोड ४९ लाख ८२ हजार बजेट विनियोजन गरेकोमा रु.७ करोड ५६ लाख ६३ हजार अर्थात ५६.०५ प्रतिशतमात्र खर्च गरेको छ।वडा कार्यालयले पूँजिगत तर्फ ४४ कार्यक्रममा विनियोजन गरेको रकममध्ये ४ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

११७.२**अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ स्थानमा सडक पिचगर्ने कार्यकोलागि नेपालसरकार-समानिकरण अनुदान रु.५०,००,०००।- विभिन्न स्थानमा ढल मंगाल मर्मत गर्ने कार्य को लागि नेपाल सरकार - समानिकरण अनुदान शिर्षकमा रु. ४२,३०,०००।- आन्तरिक

श्रोत रु. २२,७०,०००।- विभिन्न स्थानमा कलर ब्लक छाप्ने कार्य मा रु.५०,००,००० ।- भैपरी आउने खर्च शिर्षकमा राजस्व बाँडफाँड - संघीय सरकार स्रोतमा रु. ३१,००,०००।-नेपाल सरकार - समानिकरण अनुदान शिर्कषमा रु. ५०,००,०००।- र आन्तरिक श्रोत रु. १४,००,०००।-लाख गरी जम्मा रु.२६००००००।- अबण्डा राखी रु.१८३२२९३०।- खर्च गरेको छ। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.१० करोड ८५ लाख भएकोमा १६.८८ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११७.३ **अनुदान वितरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु.८७१९६४।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| विभिन्न भौचर | जात्रा पर्व सञ्चालन कार्य | विभिन्न संघ संस्था | २९३६१२ |
| २७२-२०८२/०३/२३ | खेलकुद सामाग्री खरिद तथा वितरण | निऋ्मा ट्रेडर्स | १५९२१७ |
| २२६-२०८२/०३/१५ | खेलकुद कार्यक्रमको लागि अनुदान | द राइजिङ युथस क्लब | ९५८०० |
| २६- २०८१/०६/२३ | खेलकुद सामाग्री खरिद तथा वितरण | निभा जनरल सप्लायर्सलाई | १४४१८८ |
| १०७-२०८१/११/२२ | जेष्ठ नागरिकधार्मिक यात्रा | सावित्री श्रेष्ठ | १७९१४७ |
| जम्मा | | | ८७१९६४ |

११७.४ **फेलोसिप कार्यक्रम**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। वडा कार्यालयले वडा अन्तर्गत सूचना प्रविधीमा रोजगारी मुलक नेतृत्व बृद्धि गर्ने कार्यको लागि अभियान्ता फाउन्डेशन लाई उक्त कार्यक्रम कोटेशन विधि वाट सबैभन्दा कम कवोल गर्नेसँग मूअकर समेत रु ११९००००। मा स्विकृत गरी कार्यक्रम सञ्चालन गर्न कार्यादिश दिएकोमा उक्त संस्थाको विजक वेगर गो भौ नं २४३- २०८२।०३।२२ वाट रु.८०००००।-भुक्तानी दिएको देखिँदा उक्त संस्थाको विजक जारी गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,००,००० |

११७.५ **टुक्रा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्युलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वरा भौचर मिती | सामाग्रो व्यहोरा | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ७३-२०८२/ ०१/ ०९ | नःघल क्चाडो स्थित ढल मंगाल मर्मत गर्ने कार्य | श्री सुफियाना कन्स्ट्रक्सन एण्ड मल्टिपर्पोज प्रा लि | ८५१७५० |
| ५८-२०८१/ १२/ ०३ | ढल्को गल्लीमा कलर ब्लक छाप्नेकार्य | श्री डि जि एस निर्माण सेवा | ९६३४७१ |
| ७-२०८१/ ०६/ २१ | कालधारा गल्ली स्थित कलरब्लक छाप्ने कार्य | एकलब्य कन्स्ट्रक्सन | ९८५००४ |
| २-२०८१/ ०६/ २१ | क्वाबहाल डबली स्थित कलर ब्लक छाप्नेकार्य | सूर्यगढी कन्स्ट्रक्सन | ८८३८४५ |
| ४-२०८१/ ०६/ २१ | क्वाबहाल भित्री गल्ली स्थित कलरब्लक छाप्ने कार्य | श्री विश्वजीत निर्माण सेवा | ८०७३११ |
| १२९-२०८२/ ०३/ १३ | कुश्लेचौर भित्रीमार्गमा कलर ब्लक छाप्ने कार्य | गौरेश्वर निर्माण सेवा | ९५१२०९ |
| ३८-२०८१/ ०८/ २४ | कुमारी गल्लीमा ढुङा तथा ब्लक छाप्ने कार्य | जेम्स निर्माण सेवा | ९७९८०७ |
| ९५-२०८२/ ०२/ १२ | खुशीबु पार्कमा स्टिल रेलिङबार तथा ब्लकछाप्ने कार्य | कस्तुरी कन्स्ट्रक्सन | ९३९२९७ |
| | जम्मा | | ७३६१६९४ |

११७.६ **वढी भुक्तानी-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **३,६२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

११७.७ **सि.सि.टि.भी. जडान तथा सञ्चालन-** सि.सि.टि.भी.जडान तथा सञ्चालनको नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७२/०७/२५ मा स्वीकृत सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ जारी गरेको छ । उक्त निर्देशिकाको दफा ३ (क) मा सार्वजनिक सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्वेश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने एवं सिसिटिभी सरकारी/सार्वजनिक निकायले नागरिकहरुको सुरक्षा, सरकारी सम्पत्ति सुरक्षा, कारागारहरुको निगरानी, निजामतीस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदि कार्यको लागि CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष सिसिटिभी जडान मर्मत तथा सञ्चालनतर्फ देहाय अनुसार ३ पटक रु २७,५३,२५५। खर्च गरेको छ । वडाले इन्द्रायणी मन्दिर, सहयोग परिवार क्लव, राधाकृष्ण भजन मण्डल, मानन्धर गुथी भवन, किरण मगैयाको निवास, लगायतको स्थानमा survilience room स्थापना गरेको विवरण पेश गरेको छ। सिसिटिभी खरिद गर्दा सुरक्षा निकायसँग समन्वय गरी सर्भिलेन्स रुमको उपलब्धताको सुनिश्चत गरेर प्रतिस्पर्धात्मक विधि मार्फत खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| ७६-२०८२।१।९ | मेगा कि स्टोन सर्भिसेस प्रा.लि | १५ सेट आउट डोर क्यामेरा जडान | ८२८२३३ | ८१६३५७ |
| ८९-२०८२।२।६ | वान स्टेप ट्रेडिङ्ग प्रा.ली | २० सेट आउट डोर क्यामेरा जडान | ९९७७९० | ९८१३९३ |
| ११७-२०८२।३।११ | ब्लू एण्ट ट्रेडर्स प्रा.ली | १९ सेट आउट डोर क्यामेरा जडान | ९९५४५४ | ९५५५०५ |
| **जम्मा** | | | | २७५३२५५ |

११७.८ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष ६ पटक रु ४,६८,४६८। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ।

.

| गोश्वारा भौचर मिति | सप्लायर्सको नाम | सामाग्री विवरण | रकम |
|---|---|---|---|
| २५-२०८१।७।१२ | निभा:जनरल सप्लायर्स | ३० वाटका सडक बत्ती खरिद ५० वटा | ६०५११ |
| ५७-२०८१।११।२२ | निभा:जनरल सप्लायर्स | ५० वाटका सडक बत्ति खरिद तथा जडान ३६ थान | ६४७२० |
| ६७-२०८१।१।२ | निभा:जनरल सप्लायर्स | सेन्सर २० थान तथा ५० वाटका २० थान | ४०४५४ |
| ६०-२०८१।१२।४ | लुमन्ति जनरल सप्लायर्स | ५० वाटको चिम ४० थान | ४८५३३ |
| ६१-२०८१।१२।४ | निभा:जनरल सप्लायर्स | ३० वाटको चिम ५० थान | ४९९४६ |
| १०९-२०८२।०२।२९ | जि एन इन्टरप्राईजेज | २० watt २० सेट तथा सडक light १०० watt २० सेट | २०४३०४ |
| | | | ४६८४६८ |

११७.९ **पूँजीगतबाट चालु खर्च-** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले यो वर्ष सभाबाट पारित गरी रु. १५,७७,७८८।– चालु खर्च नगरपालिका पुँजीगत वजेटमा समावेश गरेर वितरणमुखी कार्यक्रमहरुमा खर्च लेखेको देखियो। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरी वजेट खर्च लेख्ने तथा वितरणमुखी कार्यक्रमहरुमा गरीने खर्चहरुमा सुधार ल्याउनु पर्दछ।

| भौचर र मिति | कार्य विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४४-२०८१।९।१८ | स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन कार्यक्रम अन्तर्गत अकुपञ्चर शिविर सञ्चालन | स्वास्थ्यकर्मी सरस्वती पनेरु | ३३९२६४ |
| २०१-२०८२।३।२३ | स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन कार्यक्रम अन्तर्गत अकुपञ्चर शिविर सञ्चालन | स्वास्थ्यकर्मी सरस्वती पनेरु | ४५०९२७ |
| ४५-२०८१।९।१८ | इलेक्ट्रिसियन सुर्य विश्वकर्मालाई श्रावण देखी मंसिर सम्मको पारिश्रमिक भुक्तानी | सुर्य विश्वकर्मा | ११९३४० |
| ७१-२०८२।१।७ | स्मार्ट वाड कार्यक्रम बनाउने सम्बन्धमा २ दिने अभिमुखिकरण कार्यक्रम | रोयल भिल्ला रिसोर्ट | ५६२३६९ |
| ११२-२०८२।३।५ | स्थानीय निकाय तथा विद्यालय बीच समन्वयात्मक तालिम कार्य | टनेल हाइट रेष्ट्रो प्रा.ली | १०५८८८ |
| | जम्मा | | १५७७७८८ |

११७.१**कूटपाथमा ब्लक छाप्ने कार्य**-कार्यालयले यस बर्ष निम्नानुसार १३७६.४१ वर्गमिटर ब्लक एम ३५ ग्रेडको कार्य बापत रु.४७,४०,३५६। खर्च गरेको छ। वडाले पुरानो हेक्जागोनल ब्लक हटाएर नयाँ ब्लकहरु प्रतिस्थापन गरेकोमा उक्त ब्लकको उपयोग स्थिति खुल्ने अभिलेख लेखापरीक्षणमा पेश गरेको छैन । यस क्रममा हटाइएका हेक्सागोनल ब्लकहरू (M20 ग्रेड) को बाँकी आयु (Life Span) सम्बन्धी कुनै प्राविधिक मूल्याङ्कन पेश गरेको छैन। यसबाट पुन प्रयोग गर्न सकिने ब्लक कति वर्गमिटर थियो र कति वडाले नै सञ्चालन गरेका योजनाहरुमा प्रयोग भयो भन्ने विवरण एकिन हुन सकेन। हटाइएका निर्माण सामग्रीको अभिलेख र प्राविधिक मूल्याङ्कन बिना गरिएको प्रतिस्थापन कार्य मितव्ययी भएको देखिएन।

| **गोश्वारा भौचर नम्बर** | **ठेक्का विवरण** | **फर्मको नाम** | **ब्लक M35 grade वर्गमिटर** | **लागत अनुमान** | **सम्झौता रकम** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|
| २-२०८१।६।२१ | क्वाबहाल भित्री गल्ली स्थित कलर ब्लक छाप्ने | विश्वजित निर्माण सेवा | १५०.७८ | ८२४५३६ | ८२२१२३ | ८०७३११ |
| ४-२०८१।६।२१ | क्वाबहाल डबली स्थित ब्लक छाप्ने कार्य | सुर्यगढी कन्स्ट्रक्सन | १७१.५ | ८९५१६२ | ८९२६०९ | ८८३८४५ |
| ७-२०८१।६।२१ | कालाधारा गल्लीमा कलर ब्लक छाप्ने कार्य | एकलब्य कन्स्ट्रक्सन | २२५.६८ | ९९६२६६ | ९९४३७८ | ९८५००४ |
| ३८-२०८१।८।२४ | कुमारी गल्लीमा कलर ब्लक छाप्ने कार्य | जेम्स निर्माण सेवा | २२४.६७ | ९९६१३८ | ९९३४१७ | ९७९८०७ |
| ४०-२०८१।८।२४ | प्रधान गल्लीमा ब्लक छाप्ने कार्य | शुभ श्री कन्स्ट्रक्सन क प्रा.ली | २१७.७३ | ९८९६६२ | ९८७७०८ | ९७८७४६ |
| ५८-२०८१।१२।३ | ढल्को गल्लीमा कलर ब्लक छाप्ने कार्य | डि.जि.एस निर्माण सेवा | १७१.८ | ९८९८३० | ९७७८६८ | ९६३४७१ |
| १२९-२०८२।३।१३ | कुश्लेचौर भित्री मार्गमा कलर ब्लक छाप्ने कार्य | गौरेश्वर निर्माण सेवा | २१४.२५ | ९९९८९४ | ९६८१५१ | ९५१२०९ |
| जम्मा | | | १३७६.४१ | | | |

११७.११

**जिन्सी सामानको अभिलेख** -नेपालको सरकारी लेखा फारम (म. ले. प. फाराम, २०७६) पहिलो संशोधन, २०७९ बमोजिम खर्च भएर नजाने जिन्सी मालसामान म. ले. प. फा. नं. ४०८ मा दाखिला गरी आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न खर्च भएर नजाने जिन्सी सामानलाई खर्च भएर जाने जिन्सी खातामा आम्दानी बाँधी दाखिला प्रतिवेदन तयार गरेकोले खर्च भएर नजाने जिन्सी समानलाई म. ले. प. फा. नं. ४०८ मा दाखिला गरी दाखिला प्रतिवेदन तयार गरी प्रमाण पेश गर्नुपर्ने रकम रु.

| गोश्वारा भौचर नम्बर | फर्मको नाम | सामाग्रीको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १५८-२०८२।३।२२ | प्रिफिक्स मिडिया कन्सेप्ट्स प्रा.ली | वडा स्तरीय सुचना प्रविधिका लागि स्मार्ट बोर्ड राख्ने कार्य LED screen ३० mulitmidia 1 लगायत३३ थान | ६६८३९५ | |
| १५९-२०८२।३।२२ | प्रिफिक्स नेपाल | स्मार्ट बोर्ड, टेबल, फाइल क्याविनेट लगायत २४१ थान | ९९०८९७ | नेपाल राष्ट्रिय आधारभुत ढल्कोमा फर्निचर तथा स्मार्ट बोर्ड जडान |
| १६०-२०८२।३।२२ | साइरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ठहिटीमा स्मार्ट एल ई डी स्क्रिन जडान कार्य | ६१४८३३ | |
| १६१-२०८२।३।२२ | खाडादेवी ट्रेड एण्ड सप्लायर्स | इन्द्रायणी मन्दिरमा स्मार्ट एल.ई.डी बोर्ड जडान | ६१३३०७ | |
| १६२-२०८२।३।२२ | नमस्ते इन्फोटेक प्रा.ली | Multifunction 3 in 1 printer with duplex and adf | २६५००० | |
| १७७-२०८२।३।२२ | इमेज इन्टिग्रेटेड टेक्नोलोजी प्रा.ली | Tubular battery लगायत ४५ थान | ६१५८३५ | |
| | | | ३७६८२६७ | |

| प्रमाण पेश नगरेको | ३७,६८,२६७ |
|---|---|

११७.१३ **१७-१८-००५२ तारादेवी महर्जन समेत**-वडा नं १७ स्थित कित्ताँ नं३०३ मा १७४९६.६७ स्क्वायर फिट मा निमित संरचना प्रति स्क्वावयर फिट सुत्रअनुसार रु ८० का दरले मासिक रु १३९९७३३। का हिसाबले बार्षिक रु १६७९६८०३। को १० प्रतिशतले हुने रु १६७९६८०। हुनेमा बार्षिक रु ६ लाख भाडा आय देखाई रु ६० हजार मात्र असुली गरेको देखिँदा यस सम्बन्धमा छानवीन गरी बहाल कर यकिन गर्नुपर्ने देखिन्छ।

११७.१३ **१७-३१-०८९१ श्याम बहादुर सिँह समेत-**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१०८,७१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

११७.१४ **१७-२७-०१९८ मिना श्रेष्ठ**-काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनको लागि जगाको प्रतिआना दर उल्लेख छ ।उक्त ऐनको अनुसुचीको सि नं ९८ मा मूल्याङ्कन पुस्तिकामा प्रस्तुत हुन छुट भएमा मुलबाटोको दाँयाँबाँयाका जग्गाहरुमा रु २० लाख प्रति आना लाग्ने उल्लेख छ ।निज करदाताको वडा नं १३ स्थित कित्ता नं ९४ र ९५ को मुलबाटोमा रहेको एवं उक्त स्थानको मूल्याङ्कन पुस्तिकामा दररेट उल्लेख गर्न छुट भएको देखिँदा रु

२० लाख प्रति आनाले गणना गर्नुपर्नेमा रु १६ लाख प्रति आनाको हिसाबले गणना गरी २०८१।८२ मा न्युन सम्पत्ती कर गणना भएको देखिन्छ । रु २० लाख प्रति आनाको हिसाबले गणना गर्दा रु २९७९६। हुनुपर्नेमा रु १८८२४। मात्र गणना भएकोले घटी असुल भएको रु १०९७१। सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | १०,९७१ |
|---|---|

११८ **वडा नं १८ तर्फ**

११८.१ **बजेट तथा खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नम्बर १८ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १४५५५६०० | ९५२०८३३ | ६५.४१ |
| पूँजीगत | ७२६००००० | ४२९४००१९ | ५९.१४ |
| जम्मा | ८७१५५६०० | ५२४६०८५२ | ६०.१९ |

यो बर्ष रु. ८ करोड ७१ लाख ५५ हजार विनियोजन गरेकोमा रु.५ करोड २४ लाख ६० हजार अर्थात ६०.१९ प्रतिशतमात्र खर्च गरेको छ । वडा कार्यालयले पूँजिगत तर्फ ४२ कार्यक्रममा विनियोजन गरेको रकममध्ये १२ कार्यक्रममा खर्च नभई शुन्य वित्तीय प्रगति देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

११८.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले पुँजिगततर्फ विविध शीर्षकमा रु.१,२०,००,०००। अबण्डा राखी रु.१,१९,९८,५०४। खर्च गरेको छ। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.७ करोड २६ लाखको १६.५२ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११८.३ **अनुदान वितरण**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष खेलकुद कार्यक्रम तथा सामग्री वितरणका लागि कार्यालयले वडा अन्तर्गत सञ्चालित खेलकुद कार्यक्रम, अन्तरवडामा सञ्चालित खेलकुद कार्यक्रम बापत रु.४,३०,०४०। खर्च लेखेको छ । यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १०६-२०८१।१०।७ | ३० जोर जर्सी नरदेवी क्लबलाई हस्तान्तरण | सिल्भर माउन्टेन इन्टरनेशनल | ५५९३५ |
| १०७-२०८१।१०।७ | ३० जोर जर्सी रक्तकाली युथ क्लबलाई हस्तान्तरण | काठमाडौ भ्याली कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.ली | ५५९३५ |

११८.४ **जनप्रतिनिधी मार्फत खर्च / पेश्की**- स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गरी सोधभर्ना

भुक्तानी गरेको छ। कानूनले नै कार्यक्रम कार्यान्वयन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ।

| गोश्वारा भौचर मिति | पद | नाम | व्यहोरा | रकम |
|---|---|---|---|---|
| ३०-२०८१।६।२२ | वडा सदस्य | हेम ज्योती शाक्य | धिमे बाजा प्रशिक्षण | ७३७१२ |
| ५६-२०८१।७।२७ | वडा सदस्य | हेरा शोभा डंगोल महर्जन | नेपाल भाषालाई उत्थान गर्ने उद्देश्यले विविध साँस्कृतिक कार्यक्रम | २६७५२४ |
| १७५-२०८२।१।२८ | वडा सदस्य | हेरा शोभा डंगोल महर्जन | सामाजिक विकास कार्यक्रमबाट जेष्ठ नागरिकहरुलाई धार्मिक भ्रमण | २४३०९० |

११८.५ **टुक्रा खरिद**-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्युलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ।

| **गोश्वारा भौचर नम्बर मिति** | **विवरण** | **फर्मको नाम** | **लागत अनुमान** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| २-२०८१।६।१६ | नयाँ पुल मुनी खेलकुद स्थान निर्माण | बसन्तपुर निर्माण सेवा | ९८४२५४ | ९६२५०३ | |
| १०-२०८१।६।२० | दुगुचा खेल मर्मत सुधार तथा सौन्दयिकरण | सेतीदेवी निर्माण सेवा | ९७४५५५ | ९,६२,५६५ | पान नं ३००१८४९१८ |
| ९६-२०८२।१।२ | वडा कार्यालय अन्तर्गत वैध्य चोकको मन्दिरमा काठको आँखी झ्याल निर्माण | सेतीदेवी निर्माण सेवा | ९९७४४० | ९८६३८४ | पान नं १०३००६२१९ |
| १००-२०८२।१।१० | वडाका विभिन्न २० स्थानको ढल मर्मत कार्य | जालपा निर्माण सेवा | ९९७३६१ | ९६७३३४ | |
| १५६-२०८२।३।१२ | वडाका विभिन्न ७ स्थानको ५१ ठाउँमा पिच प्याचिङ कार्य | प्रफुल्ल निर्माण सेवा | ९९५३०३ | ९७९४४५ | |

११८.६ **जिन्सी अभिलेख-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४८९,९९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२२,१४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४७,२९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **९८,८७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

११८.७ **जनसहभागिता शुन्य भएका योजना-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलिमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन। उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार जनसहभागिता हुने कार्यमा मात्र उपभोक्ता समितिबाट कार्य गराउनुपर्दछ।

| भौचर नम्बर | उपभोक्ता समितिको नाम | कार्य विवरण | लागत अनुमान | सम्झौता रकम | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| १७१-२०८२। ३।२२ | पाछै सत: संरक्षण उ.स | ताम्सीपाखा पाटी पुन: निर्माण | २४९०३२२ | २४९०३२२ | २४७३५२४ | |

११८.८ **उपभोक्ता समितिबाट सरकारी भवन निर्माण**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले रु. ३९,१६,३८२। लागत अनुमान रहेको भक्त विध्याश्रम माबि मा मर्मत सम्भार तथा तल्ला थप निर्माण कार्य उपभोक्ता समिति मार्फत गरी गोश्वारा भौचर नम्बर १४८-२०८२।३।६ बाट रु. ३८६७७८५। भुक्तानी गरेको छ। निर्माण सम्पन्न भए पश्चात निर्मित संरचना उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने कानुनी मान्यता बिपरित सार्वजनिक भवन निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराई उपभोक्ता समितिलाई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३८,६७,७८५ |

११८.९ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष रु.३,३५,८३६। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | लागत अनुमान | खरिद वत्ती संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ११२-२०८२। १।१६ | निश्मा ट्रेडर्स | सडक बत्ति खरिद तथा जडान कार्य | तयार नगरेको | ९० | ३३५८३६ |

११९ **वडा नं १९ तर्फ**

११९.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा १९ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १,५०,९०,८०० | १,३४,६५,५७० | ८९.२३ |
| पूँजीगत | ७,७६,५२,००० | ६,४७,११,५९६ | ८३.३३ |
| जम्मा | ९,२७,४२,८०० | ७,८१,७७,१६६ | ८४.२९ |

यस वडामा रु ९ करोड २७ लाख ४२ हजार बजेट विनियोजन गरेकोमा रु.७ करोड ८१ लाख ७७ हजार अर्थात ८४.२९प्रतिशतमात्र खर्च गरेको छ।वडा कार्यालयले पूँजिगत तर्फ ५७ कार्यक्रममा विनियोजन गरेको रकममध्ये २ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

११९.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ १९ वडा क्षेत्र पूर्वाधार विकास तथा मर्मत सुधार कार्य शिर्षकमा आन्तरिक स्रोतमा ४६,७५,००० तथा राजस्व बाँडफाँड - संघीय सरकार स्रोतमा रु. १८,००,००० लाख अबण्डा राखी रु.६४६८८७३।- खर्च गरेको छ। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.७ करोड ५२ लाख ७६ हजारको ८.५९ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११९.३ **जनप्रतिनिधी मार्फत खर्च/ पेश्की** - स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहायअनुसार रहेको छ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २६-२०८१/०६/२१ | महिला वडा सदस्य | रेणु कमल शाही | जात्रा पर्व कार्यक्रम | १००००० | गो भौ नं १८१-२०८२/०३/२५ बाट पेश्की फस्यौट भएको। |
| १७४-२०८२/०३/२५ | महिला वडा सदस्य | रेणु कमल शाही | न्याय संवाद कार्यक्रम | ५०२०० | सोधभर्ना लिएको। |
| १२४-२०८२/०२/२२ | वडा सदस्य | दिनेश मान जोशी | जेष्ठ नागरिक कार्यक्रम | १६८०० | सोधभर्ना लिएको। |
| ११-२०८१/०६/१० | वडा सदस्य | दिनेश मान जोशी | खेलकुद सम्बन्धी कार्यक्रम | ८७४०० | सोधभर्ना लिएको। |
| १७-२०८१/०६/१४ | वडा सदस्य | चन्द्रमान डंगोल | खेलकुद सम्बन्धी कार्यक्रम | ३२८०० | सोधभर्ना लिएको। |
| जम्मा | | | | ७३७२०० | |

११९.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ।वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु.१८२७३५६।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १३४-२०८२/०३/०३ | जेष्ठ नागरिक धार्मिक भ्रमण | दि अन्नपूर्ण क्याटरिङ्ग | २५०८६० |
| ९३-२०८२/०१/१९ | जात्रापर्व संचाल को लागि विभिन्न सामाग्री वितरण | देउराली गार्मेन्टस | १९७७५० |
| ५७- २०८१/०८/१७ | खेलकुद सामाग्री वितरण | निश्मा ट्रेडर्स | ९८४७९ |
| ११४-२०८२/०२/०७ | खेलकुद सामाग्री वितरण | निश्मा ट्रेडर्स | ९८६२६ |
| ८९- २०८२/०१/१७ | जात्रापर्वको लागि परम्परागत बाजागाजा वितरण | म्युजिक क्राफ्ट सेलर प्रा.लि. | ३२६७९६ |
| ११०-२०८२/०२/०६ | पाँहाचहे जात्रा पर्वको लागि पोशाक वितरण | देउराली गार्मेन्टस | ८५४८४५ |
| | जम्मा | | १८२७३५६ |

११९.५ **टुक्रा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ। ऐनको दफा ६ र नियमावलीको नियम ८ मा वार्षिक खरिद योजना र खरिदको संभावित प्याकेजको सम्बन्धमा उल्लेख छ। वडा कार्यालयले निम्न सामाग्री तथा निर्माण कार्य खरिद गरी खरिद लाई टुक्रा पारेको देखिन्छ।जसका केहि उदाहरण

| गोश्वरा भौचर मिती | सामाग्रो व्यहोरा | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ३-२०८१/ ०६/ ०९ | कोठाननी चोकमा ब्लक छाप्ने, ढल मंगाल बनाउने कार्य | के.ए निर्माण सेवा | ९३३४९० |
| २-२०८१/ ०६/ ०९ | खरेल बाजेको घरदेखि कुमार श्रेष्ठको घरसम्म ब्लक छाप्ने, ढल मंगाल बनाउने कार्य | आर. पि. कन्स्ट्रक्सन तथा सप्लायर्स प्रा.लि. | ९३३१४८ |
| ३०-२०८१/ ०७/ १४ | ढोकाटोलदेखि किरण श्रेष्ठदेखि रिना महर्जनसम्मको चोकमा ब्लक छाप्ने कार्य | जेम्स निर्माण सेवा | ९६२७२२ |
| ६८-२०८२/ ०१/ १९ | यट्खा बहालभित्र चोकमा ६" वोरिङ, पानी तान्ने मोटर जडान, ढल मंगाल तथा ब्लक छाप्ने कार्य | टि.यु.विल्डर्स प्रा.लि | ३१८२७२ |
| ७७-२०८२/ ०२/ ०८ | प्याफल उद्धव दाईको घरसम्म ब्लक छाप्ने कार्य | समृद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ९५०५३६ |
| ३५-२०८१/ ०७/ २७ | नेक्स्ट जेनेरेसन स्कुल अगाडि बारेमा ढुङ्गा छाप्ने कार्य तथा ढल मंगाल बनाउने कार्य | बि.आई.एस.कन्सट्रक्सन प्रा.लि | ९४८१०९ |
| १००-२०८२/ ०३/ १७ | कंकेश्वरी मन्दिर परिसरमा ढुंगा छाप्ने कार्य | कोशिस कन्स्ट्रक्सन प्रा. लि. | ९४२०२० |
| जम्मा | | | ५९८८२९७ |

११९.६ **शैक्षिक विकास कार्यक्रम-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बील भरपाई प्रमाण कागजात संलग्न हुनुपर्दछ।वडा कार्यालयले शैक्षिक विकास कार्यक्रमको लागि अरुणोदय मा वि र कंकेश्वरी आधारभूत विद्यालयको शिक्षकका लागि क्षमता विकास कार्यक्रमको लागि सिलौटी रिसोर्ट प्रालिमा २ दिने कार्यक्रम सञ्चालन गरी गो भौ नं.१३७-२०८२।०३।०५ वाट रु.२८४७००।– भुक्तानी दिएको छ।स्रेस्ता साथ उक्त कार्यक्रमको स्विकृत लागत अनुमान. कार्यादेश कार्यसम्पन्नता, प्रशिक्षकको कार्यपत्र तथा कार्यसम्पन्न प्रतिवेदन लगायका विषयको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८४,७०० |

११९.७ **भुक्तानीमा करकट्टी-**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१३,२४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

११९.८ **उपभोक्ता समिति मार्फत खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम श्रममूलक र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेको छ । कार्यालयले जनश्रमदान नहुने काममा समेत उपभोक्ता समितिबाट पोल सहित सडक बत्ती जडान कार्य गराई पूर्वाधार विकास उपभोक्ता समितिलाई गोश्वारा भौचर नम्बर ६४-२०८२।१।११ बाट रु.१६,८५,६८६। भुक्तानी गरेको छ। कार्यालयले उपभोक्ता समिति मार्फत हुने कार्यहरुमा समेत खरिद कार्य राखी लागत अनुमान तयार गरेको देखियो। सामाग्रीको लागत अनुमान, गुणस्तर परीक्षण, मर्मत सम्भार दायित्व लगायत जटिल र प्राविधिक विषय रहेको सडक बत्ति जडान कार्य उपभोक्ता समिति मार्फत गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,८५,६८६ |

११९.९ **परामर्श सेवा खरिद-**बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस वडाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न कार्यको लागि निम्नानुसारका परामर्शदाताहरुबाट परामर्श सेवा खरीद गरी रु.९,४३,५५०। भुक्तानी गरेको छ। परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै परामर्शदाताबाट कार्य गराई भुक्तानी गरेको छ। कार्यालयले तयार गरेको डि.पि.आरको टि.ओ.आरमा प्रारम्भिक प्रतिवेदन तयारी समय, कार्यालयका पदाधिकारीहरु माझ प्रारम्भिक प्रतिवेदनको छलफल, छलफल पश्चात कायम सुझाब समेटी अन्तिम प्रतिवेदन तयारी लगायतका विषयहरु समेटी टि.ओ.आर तयार नगरेकोले कार्यालयका सुझावहरु समेटी अन्तिम प्रतिवेदन तयार भएको छ भनी आश्वस्त हुन सकिएन। यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेटको हाराहारीमा लागत अनुमान तयार गरी खर्च गरेको देखिन्छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने अभिलेख राखेको छैन । प्राप्त प्रतिवेदन कार्यान्वियनको सुनिश्चितता हुनुपर्दछ।

| **गोश्वारा भौचर र मिति** | **परामर्शदाताको नाम** | **कार्य विवरण** | **रकम** |
|---|---|---|---|
| ३८-२०८१।८।१८ | मेज सोलुसन | कंकेश्वरी मन्दिरमा पुल निर्माण कार्य | ४६८९५० |
| १०१-२०८२।३।१७ | श्री एटिक कन्सल्टिङ सर्भिस | कंकेश्वरी सतल निर्माण तथा मर्मत कार्यको विस्तृत लागत अनुमान | ४७४६०० |

११९.१ **जनसहभागिता शुन्य भएका योजना-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलिमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन। उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार जनसहभागिता हुने कार्यमा मात्र उपभोक्ता समितिबाट कार्य गराउनुपर्दछ।

| भौचर नम्बर | उपभोक्ता समितिको नाम | कार्य विवरण | लागत अनुमान | सम्झौता रकम | भुक्तानी |
|---|---|---|---|---|---|
| ७३-२०८२।२।७ | शाक्यकेतु महाविहार देवस्थान पुन निर्माण उ.स | मरुबहिल कापाछें निर्माण कार्य | ३००००१६ | ३००००१६ | २९९५९०० |
| १०२-२०८२।३।१७ | पताङ्गीनी गणेश संरक्षण उपभोक्ता समिति | यट्खा गणेश मन्दिर गेट निर्माण तथा बालगोपाल भजन मण्डलको छाना निर्माण कार्य | ४९६४२९८ | ४९६४२९८ | ४९२७८७४ |

## १२० वडा नं २० तर्फ

१२०.१ **बजेट तथा खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा २० तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १५१६८६८० | ९९५२८३८ | ६५.६१ |
| पूँजीगत | ७२२५०००० | ४६२८०८९१ | ६४.०५ |
| जम्मा | ८७४१८६८० | ५६२३३७२९ | ६४.३२ |

यो बर्ष वडा नं २० को कार्यालय अन्तर्गत रु ८ करोड ७४ लाख १८ हजार विनियोजन भएकोमा रु ५करोड ६२ लाख ३३ हजार अर्थात् ६४.३२ प्रतिशतमात्र खर्च भएको छ।वडा कार्यालयले पूँजिगत तर्फ ६८ कार्यक्रममा विनियोजन गरेको रकममध्ये १८ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। वडा कार्यालयले पूँजिगत तर्फ तब्ब पाटि निर्माण कार्य, को पु तुमा डाची तथा ढुंगाको कार्यहरु, भउ केबको पाटि र इनार तथा कुमारी मन्दिर बनाउने कार्य, तब्ब गणेश मन्दिर निर्माण कार्य, विष्णुमति खोलाबाट फोहोर तथा माटो निकाली सरसफाई गर्ने कार्य लगायतका कार्यक्रममा खर्च भएको देखिएन । आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

१२०.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले पुँजिगततर्फ आकस्मिक विभिन्न कार्य शीर्षकमा आन्तरिक श्रोतबाट रु.६६,००,०००। अबण्डा राखी रु.६५,३७,५५५। खर्च गरेको छ। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.७ करोड २३ लाखको ८.९ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२०.३ **अनुदान वितरण**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु.६२०४१७। खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरीत खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २१-२०८१/०६/१० | श्री हुस्सु गणेश पचु: सस्था द्वारा गणेश मन्दिर परिसरमा समय बजी ,दिप प्रज्वलन आदि जात्रा पर्व गरेवापत भुक्तानी | श्री हुस्सु गणेश पुचः | ६०,००० |
| २३-२०८१/०६/१३ | २० वडा अन्तर्गत स्थापित खल सस्थाको माग बमोजिम आवश्यक बाजाहरु उपलब्ध गराएबापत निएमानुसार भुक्तानी | म्युजिक क्राफ्ट सेलर प्रा.लि. | ९९,२१४ |
| ३३-०८१/०६/२१ | २० वडा समितिको निर्णय अनुसार कीर्तिपुण्य महाविहार कोहिति शाक्य सर्वसंघले गुंलाबाजा कार्यक्रम गेरबापत आर्थिक सहयोग भुक्तानी | कीर्तिपुण्य महाविहार कोहिति शाक्य सर्व संघ | ४०,००० |
| ४०-२०८१/०७/०१ | २० वडा अन्तरगत समितिको निर्णय अनुसार मरु सत : स्थित १२ बर्षे खांकना रुद्रयणी जात्रामा आवश्यक सहयोग गरेवापत भुक्तानी | निमेश महर्जन | ३४,८०४ |
| ४९-२०८१/०७/१४ | २० वडा अन्तर्गत कोहिटी विकास समितिले इन्द्र जारत्रामा जिवित देवताहरुलाइ पुजाआजा गरेवापत सहयोग भुक्तानी | दि अन्नपूर्ण क्याटरिङ्ग | ९८,३१० |
| ६९-२०८१/०८/१३ | २० वडा अन्तर्गत समितिको निर्णय अनुसार लाखेननीको श्री लाखे आजु को जात्रा मा आवश्यक सहयोग | लुमन्ति जनरल सप्लायर्स | ९८,६४९ |
| १०१-२०८१/११/०६ | २० वडा बाट महानगरदिवस को दिन अशोक विनायकगुथि नामक सस्थाले सास्कृतिक र्याली स्वरुप धिमेबाजा र बासुरी बाजा प्रस्तुति गराइए वापत सहयोग भुक्तानी | श्री अशोक विनायक गुथि | ५०,००० |
| १२८-२०८२/०१/१५ | २० वडा अन्तर्गत मजिपाट लाखेननी टोल सुधार समितिको जात्रा, आदिमा आवश्यक माग तथा समितिको निर्णय अनुसार धीमे बाजा, भुछेयाहा उपलब्द गराए बापत भुक्तानी | म्युजिक क्राफ्ट सेलर प्रा.लि. | ९९,४४० |
| ३३-२०८१/०६/२१ | २० वडा समितिको निर्णय अनुसार कीर्तिपुण्य महाविहारकोहिति शाक्य सर्वसंघले गुंलाबाजा कार्यक्रम गेरबापत आर्थिक सहयोग भुक्तानी | कीर्तिपुण्य महाविहार कोहिति शाक्य सर्व संघ | ४०,००० |
| | | जम्मा | ६२०४१७ |

१२०.४ **जनप्रतिनिधी मार्फत खर्च/पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समितीबाट निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ।कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको अनुगमन नहुने अवस्था श्रृजना हुन जाने देखिन्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गो भौ नं | विवरण | जनप्रतिनिधि | भुक्तानी रकम रु |
|---|---|---|---|
| १०६-२०८१।११।२५ | वडा कार्यालयवाट विपद व्यवस्थापन समितिको लागि विपद व्यवस्थापन सम्बन्धि आवासीय तालिम वापतको सोधभर्न। | वडा सदस्य जनप्रतिनिधि रशेल श्रेष्ठ | १,८९,५६४ |
| ४२-२०८१/०७/०४ | का.म.पा मा दोस्रो प्रयागराज सिंह सुवाल अन्तर वडा फुटसल प्रतियोगितामा भाग लिन आवशयक सामाग्री उपलब्ध गाराए वापतको सोधभर्ना। | वडा सदस्य जनप्रतिनिधि रशेल श्रेष्ठ | ९९,५०० |
| ८५-२०८१/०९/०८ | लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियानको कार्यक्रम सञ्चाल गरे वापत। | वडा सदस्य शोभा देवी मानन्धर | १,००,००० |
| | | जम्मा रु | ३८९०६४ |

१२०.५ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माणसँग सम्बन्धित कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| **गोश्वारा भौचर नम्बर मिति** | **विवरण** | **फर्मको नाम** | **लागत अनुमान** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ३-२०८१।६।१३ | लाखेननी चोक क्षेत्रको स्तारुन्नती तथा पुर्बधार कार्य | एटिक कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ९९४७०१ | ९,७०,१९१ |
| ६-२०८१।६।१८ | इन्द्र जात्रा सडक तथा वडाको विभिन्न सडक, मार्गको सडक मर्मत तथा स्तरउन्नति कार्य | के. एण्ड एस. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९९६२२८ | ९,५६,३७७ |
| १०-२०८१।६।२० | वडा भित्रको मठ मन्दिर पाटी भवन तथा सार्वजनिक संरचना रंगरोगन कार्य | बसन्तपुर निर्माण सेवा | ९९२२०७ | ९५०१३३ |
| ४४-२०८१/०९/२९ | गोकुते महादेव मन्दिर परिसरमा तेलिया इट्टा छाप्ने कार्य | समृद्धिकन्स्ट्रक्सनएण्डसप्लायर्सप्रा.लि. | ९९१७१८ | ९,६६,२०८ |
| ५१-२०८२/०१/०४ | बिच्छे बहालमा तेलिया इट्टाको कार्य | कस्तुरी कन्स्ट्रक्सन | ९८९४०८ | ९,६६,६७८ |
| ५६-२०८२।१।१५ | तब्ब मार्ग कोहिटि स्थित ढुंगा छाप्ने कार्य | मेगा सिटि इन्जिनियरिङ प्रा.ली | | ९५८८९० |
| ५५-२०८२।१।१५ | स्वास्थ्य प्रवर्धन केन्द्रको लागि रंगरोगन तथा पूर्वाधार निर्माण | सेतिदेवी निर्माण सेवा | ९९३९१० | ९६२४५६ |
| ९९-२०८२।२।७ | वडाको विभिन्न मन्दिर पाटि गुठी भवन रंगरोगन सम्बन्धि कार्य | इध्य कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ९९४५३८ | ९७१७३९ |

१२०.६ **सि.सि टि.भि जडान तथा सञ्चालन-** सि.सि.टि.भी. जडान तथा सञ्चालनको नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७२/०७/२५ मा स्वीकृत सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ जारी गरेको छ । उक्त निर्देशिकाको दफा ३ (क) मा सार्वजनिक सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्देश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने एवं सिसिटिभी सरकारी/सार्वजनिक निकायले

नागरिकहरुको सुरक्षा, सरकारी सम्पत्ति सुरक्षा, कारागारहरुको निगरानी, निजामतीस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदि कार्यको लागि CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष सिसिटिभी जडान मर्मत तथा सञ्चालनतर्फ देहाय अनुसार २ पटक रु १४,४३,९३०।खर्च गरेको छ । सिसिटिभी खरिद गर्दा सुरक्षा निकायसँग समन्वय गरी सर्भिलेन्स रुमको उपलब्धताको सुनिश्चत गरेर प्रतिस्पर्धात्मक विधि मार्फत खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

| गो भौ नं | भुक्तानी पाउने | जडान स्थल | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १५८ | नेक्स्ट ट्रेड लिंक प्रा. लि. | चिकामुगल गल्लीमा१० नयाँ सि.सि क्यामेरा जडान तथा २७ सी टि भि मर्मत कार्य | ४८९१०९ | ४,७०,३०६ |
| २७ | इजी आई. टि. सोलुसन प्रा. लि. | विभिन्न स्थानमा ३० सि सि टि भि जडान कार्य | ९९६६३७ | ९,७३,६२४ |

१२०.७ **सडक बत्ती जडान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। वडाले यस बर्ष रु ८११२८३। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए/नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | लागत अनुमान | खरिद वत्ती संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १४० | रोज घिसिङ विल्डर्स एण्ड सप्लायर्स प्रा.लि | सडक बत्ति खरिद तथा जडान कार्य | ८४८४३४ | ९४ | ८११२८३ |

१२०.८ **अन्यत्र कार्यालय खर्च** – स्थानीय तहको आर्थिक प्रशासन सम्वन्धि कानुनमा स्थानीय तहले संघीय कार्यालयलाई कार्यक्रम निर्धारण गरी खर्च लेख्ने कानुनी व्यवस्था गरेको छैन। स्पष्ट कानून नभएकै अवस्थामा यस वर्ष वडा कार्यालयले जनसेवा प्रहरी वृत्तमा भौतिक पुर्बाधार निर्माण कार्य गरेको भनी गोश्वारा भौचर नम्बर ४५-२०८१।९।२९ बाट रु.९,६७,४३८।- प्रफुल्ल कन्स्ट्रक्सन प्रा.लीलाई भुक्तानी गरेको देखियो । स्पष्ट कानुनी व्यवस्था वेगर संघीय कार्यालयलाई स्थानीयतहले कार्यक्रम तथा वजेट उपलव्ध गराई भएको खर्च नियमसम्बत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,६७,४३८ |

१२०.९ **शान्ति निकुञ्ज स्कुलमा विविध पूर्वाधार निर्माण**- लागत अनुमान रु. १,४०,३१,६९४। (मू.अ.कर र पि.यस सहित) रहेको शान्ती निकुञ्ज स्कुलमा विविध पूर्वाधार निर्माण कार्यका लागि सवैभन्दा कम कवोल गर्ने निर्माण व्यवसायी सलव्या निर्माण सेवासँग रु.९०,६०,०३९।( भ्याट र पि.एस सहित) मा मिति २०८२।११।२९ सम्म कार्य सम्पन्न गर्ने गरी २०८२।३।१० मा सम्झौता भई निर्माण कार्य सुरु भएकोमा यस आ.बमा रु.१२,५५,३३९। को मात्र कार्य १३.८५ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ। खरीद सम्झौतामा

उल्लेखित कार्यतालिका र शर्त अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ। सार्वजनिक खरिद नियमावलीको नियम ११२ तथा ठेक्का सम्झौताको शर्त नम्बर १९.१ मा विमा सम्बन्धी व्यवस्था भएतापनि कार्यालयले उक्त कार्यको लागि विमा गरेको देखिएन। नियमावलीमा तोकिए बमोजिम निर्माण कार्यको सम्झौता हुदाको बखत बीमा गराउनु पर्दछ।

## १२१ **वडा नम्बर २१**

१२१.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा २१ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | ३, ४३ , ६५ , ६८० | २, ०० , ३८ , ३००.६६ | ५८.३ |
| पूँजीगत | ५, ४० , ०० , ००० | ३, ६९ , ८४ , ६३४.९० | ६८.४९ |
| जम्मा | ८, ८३ , ६५ , ६८० | ५, ७० , २२ , ९३५.५६ | ६४.५३ |

यस वडामा रु ८ करोड ८३ लाख ६५ हजार बजेट विनियोजन गरेकोमा रु.५ करोड ७० लाख २२ हजार अर्थात ६४.५३ प्रतिशतमात्र खर्च गरेको छ।वडाले आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१२१.२ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ अन्य भैपरी आउने खर्च शिर्षकमा नेपाल सरकार - समानिकरण अनुदान शिर्षकमा रु.६५,००,००० आन्तरिक श्रोतमा रु.४५,४३,०००।- लाख गरी जम्मा रु.११०४३०००।- अबण्डा राखी रु.८३८३७८७।- खर्च गरेको छ। वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.५ करोड ४० लाख भएकोमा १५.५२ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो।यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१२१.३ **जनप्रतिनधी मार्फत खर्च/ पेश्की** - स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहायअनुसार रहेको छ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३६- २०८१/०५/२६ | वडा सदस्य | श्याम शाक्य | खेलकुद सामाग्री खरिद | २, ०३ , ८६० | गौश्वरा भौचर ४२७- २०८२/०३/१० बाट पेश्की फस्यौट भएको। |

१२१.४ **अनुदान वितरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु.१२१९८२२।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।

वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४७१- २०८२/०३/२१ | खेलकुद सामाग्री खरिद तथा वितरण | जि.जि.होजियारी | ४९४३७५ |
| ६०- २०८१/०५/२८ | खेलकुद सामाग्री खरिद तथा वितरण | जैशिदेवल यूथ क्लब | १५०००० |
| १४७- २०८१/०८/१४ | जात्रा पर्व संचालन को लागि सामाग्री खरिद तथा वितरण | म्युजिक क्राफ्ट सेलर प्रा.लि. | १५२५५० |
| विभिन्न भौचर | जात्रा पर्व संचालन खर्च | विभिन्न संघ संस्था | ४२२८९७ |
| | जम्मा | | १२१९८२२ |

१२१.५ **भुक्तानीमा करकट्टी-** आयकर ऐन २०५८ को दफा ८८ मा सेवा तथा परामर्मूश खरिदको भुक्तानीमा १५ प्रतिशत श्रोतमा कर कट्टि गर्नु पर्ने व्यवस्था छ। वडा कार्यालयले मूल्य अभिबृद्धि करमा दर्ता नभएका निम्न फर्म तथा व्यक्तिहरुलाई १५ प्रतिशत श्रोतमा कर कट्टी नगरी भुक्तानी गरेको देखिएकोले निम्न फर्म वा संस्था वाट नपुग रकम असुल गर्ने रु.

| गौ भौ नं मिती | संस्थाको नाम | व्यहोरा | भुक्तानी रकम | करकट्टि रकम | नपुग रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ३८१- २०८२/०२/३० | जेमिनी युनिसेक्स सलोन एण्ड मेकअप स्टुडियो | ७ दिने श्रृङ्गार तालिम कार्यक्रम | १७९६०० | ६४५२ | २०४८८ | भ्याट सहित को दररेट पेश भई स्वीकृत भएको। |
| ४७८- २०८२/०३/२३ | किपा छे | ४५ दिने ग्राफिक्स डिजाईन तालिम सञ्चालन | ४९३१२५ | १८०२८ | ५५९४० | भ्याट सहित को दररेट पेश भई स्वीकृत भएको। |
| ४७७- २०८२/०३/२३ | मोमेन्टोग्राफी | भिडीयोग्राफी तालिम कार्यक्रम | ४, ९५ , ५०० | १५४३२ | ५८८९३ | भ्याट सहित को दररेट पेश भई स्वीकृत भएको। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३५,३२१ |

१२१.६ **इकुबहालमा तेलिया इट्टा विछ्याउने कार्य-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको ताथ संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।कार्यालयले प्रोभिजनल सममा रिकन्स्ट्रक्सन एण्ड रिएलोकेशन ओल्ड ड्यामेज शीर्षकमा रु.१५००००। विनियोजन गरी निर्माण व्यवसायी यचिईभ स्टार निर्माण सेवा प्रा.लि मार्फत कार्य गराई गोश्वारा भौचर नम्बर ५३-२०८२।२।२१ बाट पि.एस रकमरु.९१,९७६। भुक्तानी गरेको देखियो। प्रोभिजनल सममा रहेको उक्त आईटमलाई पुष्टाई गर्ने विल तथा नापी पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९१,९७६ |

१२१.७ **दलाछि गणेश मन्दिर जिर्णोद्धार कार्य-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न

भए वा नभएको ताथ संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रोभिजनल सममा विमा समेत रिकन्स्ट्रक्सन एण्ड रिएलोकेशन ओल्ड ड्यामेज शीर्षकमा रु.१०००००। विनियोजन गरी निर्माण व्यवसायी आदि इञ्जिनियरिङ सर्भिसेज प्रा.ली मार्फत कार्य गराई गोश्वारा भौचर नम्बर ४५-२०८२।१।३ बाट पि.एस रकमरु.९६०००। भुक्तानी गरेकोमा नेको इन्स्युरेन्स प्रा.लीको रु.२४८९३। को मात्र विजक जारी भएकोले बाँकी रकम रु.७११०७। को विजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७१,१०७ |

१२१.८ **सिमा भन्दा बढीको खरिद-** सार्वजनिक खरीद नियमावली ६४ को नियम ८५ (१)ख अनुसार खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने तथा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ पालिकाले वार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा कलर ब्लक बिछ्याउने कार्यको लागि सलब्या निर्माण सेवाबाट रु १७,२१,७९५। को खरिद कार्य गरेको देखिन्छ । एकै निर्माण व्यवसायीबाट रु १० लाख भन्दा बढीको कार्य गराई भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| गोश्वरा भौचर मिती | कामको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १५-२०८१/०६/१४ | महाबिर चोकमा कलर ब्लक बिछ्याउने कार्य | सलब्या निर्माण सेवा | ७६८१६७ |
| २६-२०८१/०८/१८ | दथुननि र नासननिमा कलर ब्लक बिछ्याउने कार्य | सलब्या निर्माण सेवा | ९५३६२८ |
| जम्मा | | | १७२१७९५ |

| | |
|---|---|
| अनियमित भएको | १७,२१,७९५ |

१२१.९ **टुक्रा खरिद -** सार्वजनिक खरीद नियमावली ६४ को नियम ८५ (१)ख अनुसार खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने तथा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ पालिकाले वार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा देहाय अनुसारको निर्माणको खरिद कार्य गर्दा टुक्रा पारी खरिद गरिएको निम्न उदाहरण रहेका छन्।

| गोश्वरा भौचर मिती | कामको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १४- २०८१/०६/१४ | ज्याबहाल जोशी चोकमा कलर ब्लक बिछाउने | विपान कन्स्ट्रक्सन प्रा.ली | ७७६८५० |
| १५- २०८१/०६/१४ | महाबिर चोकमा कलर ब्लक बिछ्याउने कार्य | सलब्या निर्माण सेवा | ७६८१६७ |
| ४६- २०८२/०१/०५ | महादेव चोकमा कलर ब्लक बिछ्याउने कार्य | यूलिज़ कन्स्ट्रक्सन प्रा.ली | ५७०६६८ |
| २९- २०८१/०९/०२ | नकर्मी गल्लीमा कलर ब्लक बिछ्याउने कार्य | पहरीखर्क निर्माण तथा ढुवानी सेवा प्रा.ली | ९७४९०४ |
| १६- २०८१/०६/१५ | थतुननी चोक ज्याबहालमा कलर ब्लक बिछ्याउने कार्य | एटिक कन्स्ट्रक्सन कम्पनी प्रा.ली | ९६६२६० |
| २६- २०८१/०८/१८ | दथुननि र नासननिमा कलर ब्लक बिछ्याउने कार्य | सलब्या निर्माण सेवा | ९५३६२८ |
| २७- २०८१/०८/१८ | लगन आगछेमा कलर ब्लक बिछ्याउने कार्य | सेती निर्माण सेवा प्रा.ली | ३४४६०८ |
| ३१- २०८१/०९/०३ | कोटिननिमा कलर ब्लक बिछ्याउने कार्य | (किशोर एण्ड नबिन कन्स्ट्रक्सन सप्लायर्स | ५८२७०६ |
| ३४- २०८१/०९/२१ | मोहनदास समेत दुई चोकमा कलर ब्लक बिछ्याउने कार्य | के.एण्ड.एस.कन्स्ट्रक्सन एण्ड सप्लायर्सप्रा.ली. | ६२५८३४ |
| | जम्मा | | ६५६३६२५ |

१२१.१० **विमा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) घ र ङ मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि त्रुटि सच्याउने अवधिसम्मको विमा गर्नुपर्ने तथा सोही नियमको उपनियम ६ मा नियममा उल्लिखित प्रावधानको प्रतिकुल हुने गरी वीमाको शर्तमा परिवर्तन गर्न स्वीकृति दिएको कारणले हानी नोक्सानी हुन पुगेमा त्यसको जिम्मेवारी त्यस्तो स्वीकृति दिने कार्यमा संलग्न कर्मचारीको हुने उल्लेख छ। कार्यालयले निम्न निर्माण व्यवसायीसँग निम्नानुसार सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माण कार्यादेश दिएकोमा कार्यादेश प्राप्त मिति देखी कार्यसम्पन्न अवधि र सोको मर्मतसम्भार अवधि १३ महिना सहितको विमा अभिलेख पेश गर्नुपर्नेमा निर्माण कार्य प्रारम्भ भए पश्चात निम्न महिना ढिला तथा कम अवधिको मात्र विमा गरेकोले अनुपातिक रुपमा विमा नभएको अवधिको रु.२७,६५१। कट्टी गरी असुल हुनुपर्ने रु.

| गो.भौ.नं मिति | निर्माण व्यवसायीको नाम | कार्य विवरण | कार्य सुरु मिति | सम्पन्न हुनुपर्ने मिति | विमा कम्पनीको नाम | हुनुपर्ने विमा अवधि | भएको विमा अवधी | विमा हुनुपर्ने महिना | घटी विमा अवधि | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३७-२०८१।११।१ | न्यू कालिका भैरब निर्माण सेवा प्रा.ली | भोटेबहाल चौतारा र ढुङ्गेधारा पुननिर्माण कार्य | २०८१।२।९ | २०८२।१०।३० | सलिको सगरमाथा लुम्बिनी इन्स्यूरेन्स ली | २०८१।२।९-२०८२।१०।३० + १३ महिना | २०८१।९।१२-२०८१।१०।३० + १२ महिना | २१ | ९ | ४९९९९ | २१४२ |
| ५३-२०८२।२।२१ | यचिईभ स्टार निर्माण सेवा प्रा.लि | इकुकहालमा तेलियन ईँटा विछ्याउने कार्य | २०८१।३।३१ | २०८२।३।३१ | आइ.जि.आई प्रुडेन्सियल इन्स्यूरेन्स लि | २०८१।३।३१-२०८२।३।३१ + १३ महिना | २०८२।२।१३-२०८२।२।१३ + १२ महिना | २६ | १४ | १८०५७ | भुक्तानी छैन |
| ४५-२०८२।१।३ | आदि इन्जिनियरिङ सर्भिसेज प्रा.ली | कन्स्ट्रक्सन अफ दलाछी गणेश मन्दिर निर्माण | २०८१।१।१७ | २०८१।८।३० | नेको इन्स्यूरेन्स | २०८१।१।१७-२०८१।८।३ + १३ महिना | २०८१।५।१८-२०८१।१०।३० | २० | ५ | २४८९३ | ६२२३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,६५१ |

## १२२ वडा नं २२

१२२.१ **बजेट तथा खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नम्बर २२ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | ४४५९८००० | ३३२९३३७५ | ७४.६५ |
| पूँजीगत | ९०७००००० | ४१७४०२६९ | ४३.०२ |
| जम्मा | १३५२९८००० | ७५०३३६४४ | ५५.४६ |

यस वडामा रु १३ करोड ५२ लाख ९८ हजार बजेट विनियोजन गरेकोमा रु.७ करोड ५० लाख ३३ हजार अर्थात ५५.४६ प्रतिशतमात्र खर्च गरेको छ । वडा कार्यालयले पूँजिगत तर्फ २९ कार्यक्रममा विनियोजन गरेको रकममध्ये ६ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

१२२.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले भैपरी आउने पूर्वाधार निर्माण शिर्षक तर्फ रु.१०३९९०००।- अबण्डा राखी रु.१००७२९५१। खर्च गरेको छ ।बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२२.३ **अनुदान वितरण**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, तथा संस्थालाई रु. ७३३,९२०। खर्च गरेको देखियो।।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३०- २०८१/०६/२१ | नेवार सांस्कृतिक वाद्यवादनका सामान खरिद वापत वडा समितिको निर्णय पश्चात बील बमोजिमको रकम नेवाः देय् दबुलाई भुक्तानी | नेवाः देय् दवू | १, ०० , ००० |
| ५३ - २०८१/०९/२४ | गणेश चतुर्थीको अवसरमा कार्यक्रम सञ्चालन वापतको रकम ल्यायम्ह धिमे पुचः समाजलाई बील भर्पाइ बमोजिम वडा समितिको निर्णय पश्चात भुक्तानी | ल्यायम्ह धिमे पुचः समाज | १, ०० , ००० |
| ६९- २०८१/१०/२३ | वचु भद्रकाली मिसा पुचलाई बील बमोजिमको रकम भुक्तानी | वंचु भद्रकाली मिसा पुच | ४०,००० |
| ७२- २०८१/१०/२९ | ईन्द्रजात्राको अवसरमा भएको खर्च वापत वडा समितिको निर्णय पश्चात बील बमोजिमको रकम संकटा क्लबलाई भुक्तानी | संकटा क्लब | ९३,९२० |
| ७३- २०८१/१०/२ | काया अष्टमीको पुजा वापत वडा समितिको निर्णय पश्चात बील बमोजिमको रकम वँचु भद्रकाली क्लबलाई भुक्तानी | वँचु भद्रकाली क्लव | ४०,००० |
| ७५- २०८१/१०/३० | ब्यडमिन्टन सामान खरिद वापत बील बमोजिमको रकम वडा समितिको निर्णय पश्चात वतु ब्याडमिन्टन समाजलाई भुक्तानी | वतु ब्याटमिन्टन समाज | ६०,००० |
| ११६ - २०८२/०१/२८ | पाहाँचह्रे पर्वको अवसरमा भएको खर्चको बील बमोजिमको रकम वडा समितिको निर्णय पश्चात साधारण क्लवलाई भुक्तानी | साधारण क्लब | १, ०० , ००० |
| ११७- २०८२/०१/२८ | जात्रा पर्वका अवसरमा भएको खर्चको बील बमोजिम वडा समितिको निर्णय पश्चात वँचु भद्रकाली क्लबलाई रकम भुक्तानी | वँचु भद्रकाली क्लव | १, ०० , ००० |
| १४१- २०८२/०२/०९ | घोडेजात्रा तथा पाहाँचाह्रे पर्वमा भएको खर्चको वडा समितिको निर्णय पश्चात बील बमोजिमको रकम मू धियम्सनांगु खलःलाई भुक्तानी | मू धिमय् सनांगु खलः | १, ०० , ००० |
| जम्मा रु | | | ७३३,९२० |

१२२.४ **जिन्सी दाखिला** - नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार आर्थिक वर्ष ०७७।०७८ देखि सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) लाई संघ, प्रदेश र स्थानीय तहका सबै कार्यालयहरुले अनिवार्य रुपमा लागू गर्नुपर्ने उल्लेख छ।वडा कर्यालयले निम्न मिती तथा गोश्वरा भौचर वाट खरिद भएका जिन्सी सामाग्री म्यानुअल दाखिला भएको देखिएकोले उक्त सामाग्री (PAMS) मा दाखिला भएको प्रमाण पेश गर्ने रु.

| गोश्वारा भौचर मिती | सामाग्रीको नाम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ८१- २०८२।१।९ | Preparation of detail design drawing and cost estimate for the upgradation of existing sewer network within ward 22 | सर्जक कन्सल्टेन्सी डेभलपर्सएण्ड बिल्डर्स प्रा ली | ३३९५६५ |
| ८०- २०८२।१।७ | सुन्धारा देखि न्यूरोड गेटसम्म मूल सडक पेटिमा कलात्मक यात्रु प्रतिक्षालय निर्माण गर्ने कामको DPR | डिजाईन क्यब प्रा. ली | १९१३९९ |
| ६३- २०८१/११/२२ | सडक वत्ती तथा तार खरिद | आस्था इलेक्ट्रीकल्स एण्ड सप्लायर्स | २८७९१२ |
| जम्मा रु | | | ८१८८७६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,१८,८७६ |

१२२.५ **जनप्रतिनिधी मार्फत खर्च / पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गो भौ नं | विवरण | जनप्रतिनिधि | भुक्तानी रकम रु |
|---|---|---|---|
| ५२- २०८१/०९/२२ | यमरी पुर्णिमाको अवसरमा खाजा वापत बील बमोजिमको रकम अनिल हाडालाई भुक्तानी | अनिल हाडा, वडा सदस्य | ३०,००० |
| ६४- २०८१/१०/१५ | ब्याग खरिद गरे वापत वडा समितिको निर्णय पश्चात बील बमोजिमको रकम अनिल हाडालाई शोधभर्ना | अनिल हाडा, वडा सदस्य | १९,८०० |
| २८२- २०८२/०३/२४ | वडि विल्डिङ कार्यक्रम सञ्चालन अघि तथा पछाडि बसेको वैठकको बैठक भत्ता वापतको एकमुष्ट रकम वडा समितिको निर्णय पश्चात वडा सदस्य अनिल हाडालाई भुक्तानी | अनिल हाडा, वडा सदस्य | २, २० , ००० |
| २८३- २०८२/०३/२४ | चेस कार्यक्रम सञ्चालन अगाडी र सम्पन्न पश्चात बसेको बैठकको भता वापतको रकम वडा समितिको निर्णय बमोजिम एकमुष्ट रकम वडा सदस्य अनिल हाडालाई भुक्तानी | अनिल हाडा, वडा सदस्य | १, ८७ , ००० |
| २२०- २०८२/०३/१३ | महिला वडा सञ्जाल बैठक तथा खाजा वापत बील भर्पाई बमोजिमको रकम वडा सदस्य ललिता खड्गीलाई भुक्तानी | ललिता खड्गी महिला वडा सदस्य | ८५,११० |
| ३०३- २०८२/०३/२४ | महिला वडा सञ्जाल बैठक तथा खाजा वापत बील भर्पाई बमोजिमको रकम वडा सदस्य ललिता खड्गीलाई भुक्तानी | ललिता खड्गी, महिला वडा सदस्य | ५८,२०० |
| ६७- २०८१/१०/२२ | इन्भर्टर ब्याट्रि खरिद पश्चात बील बमोजिमको रकम वडा सदस्य चन्द्रमान तुलाधरलाई भुक्तानी | चन्द्रमान तुलाधर, वडा सदस्य | ४५,८०१ |
| ६८- २०८१/१०/२२ | इन्भर्टर ब्याट्रि खरिद पश्चात बील बमोजिमको रकम वडा सदस्य चन्द्रमान तुलाधरलाई भुक्तानी | चन्द्रमान तुलाधर, वडा सदस्य | ७५,५०० |
| १२९- २०८२/०२/०१ | पाचाह्रँका अवसरमा विभिन्न सामाग्री खरिद वापत वडा समितिको निर्णय पश्चात बील बमोजिमको रकम वडा सदस्य चन्मान तुलाधरलाई भुक्तानी | चन्द्रमान तुलाधर, वडा सदस्य | ३५,८०० |
| जम्मा रु | | | ७५७,२११ |

१२२.६ **फुटपाथ निर्माण-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।साथै वडाले पुरानो हेक्जागोनल ब्लक हटाएर नयाँ ब्लकहरु प्रतिस्थापन गरेकोमा उक्त ब्लकको उपयोग स्थिति खुल्ने अभिलेख लेखापरीक्षणमा पेश गरेको छैन । यस क्रममा हटाइएका हेक्सागोनल ब्लकहरू (M20 ग्रेड) को बाँकी आयु (Life Span) सम्बन्धी कुनै प्राविधिक मूल्याङ्कन पेश गरेको छैन। यसबाट पुन प्रयोग गर्न सकिने ब्लक कति वर्गमिटर थियो र कति वडाले नै सञ्चालन गरेका योजनाहरुमा प्रयोग भयो भन्ने विवरण एकिन हुन सकेन। हटाइएका निर्माण सामग्रीको अभिलेख र प्राविधिक मूल्याङ्कन बिना गरिएको प्रतिस्थापन कार्य मितव्ययी भएको देखिएन ।

| गोश्वरा भौ नं र मिति | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १२- २०८१/०६/२१ | ब्लक छाप्ने काम | वसन्तपुर निर्माण सेवा | ९, ८० , ७७८ |
| ९९-२०८२/०१/३१ | ब्लक छाप्ने काम | माङ्काल देवी निर्माण सेवा प्रा.लि | ७, ७३ , २६४ |
| ९७- २०८२/०१/३० | ब्लक छाप्ने काम | आई.एण्ड जि. कन्स्ट्रक्सन प्रा.लि. | ९, ९३ , ७३१ |
| ९६- २०८२/०१/३० | ब्लक छाप्ने काम | रोयल ब्लिङ कन्स्ट्रक्सन प्रा.लि. | ९, ५५ , ९९७ |
| ८५- २०८२/०१/११ | ब्लक छाप्ने काम | एटिक कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | ९, ८२ , २९२ |
| ८४-२०८२/०१/११ | ब्लक छाप्ने काम | लक्की बिल्डर्स प्रा.लि. | ८, ८७ , १८९ |
| ८३- २०८२/०१/११ | ब्लक छाप्ने काम | युनिक ग्लोबल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | ८, ६० , १४९ |
| ५५- २०८१/१०/१८ | ब्लक छाप्ने काम | जय सत्य नारायण कन्स्ट्रक्सन प्रा.लि. | ९, ९३ , ३३२ |
| ५१-२०८१/१०/०६ | ब्लक छाप्ने काम | कोशिस कन्स्ट्रक्सन प्रा. लि. | ६, ०५ , ३५६ |
| जम्मा | | | ८०३२०८८ |

१२२.७ **म्यानहोल कभर जडान-**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१२२.८ **डि.पि.आर. खर्च-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ ।बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। यस स्थानीयतहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट रु. ५३०९६४। मा गराई प्रतिवेदन प्राप्त गरेको छ। परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै परामर्शदाताबाट कार्य गराई भुक्तानी गरेको छ।पालिका मातहतकै जनशक्ति मार्फत डि पि आर गर्ने व्यवस्था मिलाई सार्वजनिक खर्चमा मितव्ययित कायम गर्नुपर्दछ।

| गो भौ नं | विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम रु . |
|---|---|---|---|
| ८१- २०८२।१।९ | Preparation of detail design drawing and cost estimate or the upgradation of existing sewer network within ward 22 DPR | सर्जक कन्सल्टेन्सी डेभलपर्स एण्ड बिल्डर्स प्रा ली | ३३९५६५ |
| ८०- २०८२।१।७ | सुन्धारा देखि न्यूरोड गेटसम्म मूल सडक पेटिमा कलात्मक यात्रु प्रतिक्षालय निर्माण गर्ने कामको DPR | डिजाईन क्युब प्रा. ली | १९१३९९ |
| जम्मा रु | | | ५३०९६४ |

१२२.९ **सम्पत्ती कर-** काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१ को दफा २ मा काठमाडौ महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा देहाय आधारमा सम्पत्ती कर निर्धारण गरी असुल गरिने उल्लेख छ । साथै सोही उदफाको उपदफा (२) मा आर्थिक वर्ष २०४९/५० देखि २०८०/८१ को हकमा घरजग्गा कर तथा सम्पत्ति कर निर्धारण गर्दा साविकको जग्गाको मूल्य, भवनको मूल्याङ्कन दर र भवनको हासकट्टी दरका आधारमा सम्पति कर निर्धारण गर्नुपर्ने उल्लेख छ । साथै आर्थिक ऐन,२०८१ को दफा १७ को उपदफा (४) मा मन्दिर, गुम्बा, मस्जिद, चर्च, सार्वजनिक गुठी, सामाजिक संस्था, सामुदायिक

विद्यालय वा क्याम्पस लगायत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कर नलाग्ने भनी उल्लेख गरिएको संरचनाको आंशिक वा पुरै भाग व्यवसायिक प्रयोजनमा प्रयोग भएको भएमा प्रयोग भएको क्षेत्रले चर्चेको क्षेत्रको सम्पत्ति कर, बहाल कर, व्यवसाय कर र अन्य करसमेत असुल गरिने उल्लेख छ । वडा अन्तरगत यस प्रकृतिका कर छुट प्राप्त संस्थाहरुले व्यवसायिक प्रयोजनमा भवन प्रयोग गर्ने करदाता उपर सम्पत्ति कर संकलन गर्न कारवाही प्रक्रिया अगाडी बढाएको देखिएन ।सम्पत्तीको व्यावसायिक प्रयोजनमा प्रयोग गर्ने कर छुट प्राप्त संस्थाहरु उपर सम्पत्ती कर निर्धारण गरी असुल गर्नुपर्दछ।

१२२.१**२२-२५-०४०० बसुन्धरा तुलाधर समेत-** काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ । उक्त अनुसुचीको सि नं ६० मा हनुमानढोका पूर्व नयाँसडक, पुरानो महानगरपालिका भवनको दक्षिणचोकबाट जुद्धशमशेर सालिक हुँदै ईन्द्रचोकसम्म, न्यूरोड पिपलबोटदेखि दक्षिण आर.बी. कम्प्लेक्स चोक हुँदै पश्चिम पुरानो महानगरपालिका भवन चोकसम्म, न्यूरोड खिचापोखरी, धरहरासम्मको मुलसडकसँग जोडिएका दायाँबायाँका जग्गाहरू को दर रु ५० लाख प्रति आना उल्लेख गरेको छ । तर पालिकाले उक्त मुख्य सडकसँग जोडिएको कित्ता नं ५४४,५४६ र ५१७ नं कित्ताको जग्गा तथा सोमा निर्मित संरचनाको सम्पत्ती कर गणना गर्दा रु ४० लाख प्रति आनाले हिसाब गर्दा २०७७।७८ देखि २०८१।८२ सम्म रु ६३४९१२।छुट भएको देखिन्छ। उक्त छुट रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३४,९१२ |

१२२.१**१२-२९-०९२९ रञ्जना ट्रेड सेन्टर-** काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन,२०८१ को दफा २ मा काठमाडौ महानगरपालिका क्षेत्रभित्रका घरजग्गामा सम्पत्ती कर निर्धारण गरी असुल गरिने उल्लेख छ ।उक्त सेन्टरको २०७६।७७ देखि यो बर्षसम्म तिर्न बाँकी सम्पत्ती कर रु ८३८२४५९। रहेकोमा यो बर्ष रु २५०००००। मात्र तिरेको देखिँदा बाँकी रु ५८८२४५९। असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,८२,४५९ |

१२३ **वडा नं २३ तर्फ**

१२३.१**बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा २३ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | ३,४७,३६,७२० | ३,२६,३०,२०५.२६ | ९३.९३ |
| पूँजीगत | ५,५२,१९,०००. | २,९६,३४,२३७ | ५३.६६ |
| जम्मा | ८,९९,५५,७२० | ६,२२,६४,४४२.२६ | ६९.२१ |

यस वडामा रु ८ करोड ९९ लाख ५५ हजार बजेट विनियोजन गरेकोमा रु.६ करोड २२ लाख ६४ हजार अर्थात ६९.२१ प्रतिशतमात्र खर्च गरेको छ।वडा कार्यालयले पूँजिगत तर्फ ३६ कार्यक्रममा विनियोजन गरेको रकममध्ये १ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्चयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१२३.२

**अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ विविध भैपरी आउने कार्यक्रम शिर्षकमा आन्तरिक श्रोत रु.३००००००० लाख अबण्डा राखी खर्च गरेको छ।वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.५ करोड ५२ लाख १९ हजारको ५.४३ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो।यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१२३.३ **जनप्रतिनिधी मार्फत खर्च/ पेश्की** - स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहायअनुसार रहेको छ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ४-२०८२/०३/१६ | वडा सदस्य | गोपाल नापित | फुटसल कार्यक्रम | १००००० | गोश्वारा भौचर नं ४७-२०८१/०८/१ बाट पेश्की फस्यौट भएको। |

१२३.४ **अनुदान वितरण**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु. २५१२२९३।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १४१-२०८२/०१/२२ | चमति नेवा खलः लाई साउण्ड सिष्टम लागयतका सामाग्री वितरण | म्युजिक इमेज साउण्ड सिष्टम प्रा लि | १७८१९२ |
| १०७-२०८१/१२/१४ | जेष्ठ नागरिक धार्मिक भ्रमण कार्यक्रम | सुर्य मुन विष्ट्रो | ५८८९२८ |
| २२२-२०८२/०३/१५ | बाजा खरिद तथा वितरण | इन्स्टुमेन्टल जोन | २९५९४७ |
| १२०-२०८१/१२/२८ | जेष्ठ नागरिक लाई प्रोटिन पाउडर खरिद तथा वितरण | अल नेपाल हेल्दी होम प्रा.लि. | २९२४९४ |
| २६५-२०८२/०३/२३ | ब्यायम सामाग्रि खरिद तथा वितरण | यज्ञराज बिजनेश हब प्रा लि | ९६६८९२ |
| १४८-२०८२/०२/०५ | विभिन्न बाजा खरिद र हस्तान्तरण कार्यक्रम | इन्स्टुमेन्टल जोन | १८९८४० |
| | जम्मा | | २५१२२९३ |

१२३.५ **टुक्रा खरिद**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका

निर्माण कार्युलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ।

| गोश्वरा भौचर मिती | खरिदको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ३०-२०८१/ १२/ २७ | ब्रम्हचक्र महाविहारलाइ प्रदान गरेको जग्गामा ढुङ्गा छाप्ने कार्य | सि आर पि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ९६१२९९ |
| २३-२०८१/ १२/ २७ | २३ वडाभित्रको विभिन्न स्थानमा ढुगा छाप्ने तथा ढल मर्मत | आजु कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ७३३३०४ |
| १६-२०८१/ ०९/ २९ | दवाका चिकमुगल पोडेगल्लि सडक मर्मत कार्यक्रम | मिशन कन्सट्रक्सन | ९७६९१६ |
| ३-२०८१/ ०६/ १४ | चिलाछे चोकमा ढुगा छाप्ने कार्यक्रम | विनायक विल्डर्स एण्ड सप्लायर्स प्रा लि | ९१७६९२ |
| ३९-२०८२/ ०२/ १६ | यगाल बसन्तपुर लायकुसा सडक निर्माण कार्यक्रम | गौरेश्वर निर्माण सेवा प्रा लि | ९६५७४४ |
| १५-२०८१/ ०९/ २९ | जोरगणेश कोटलाछि बाटो सुधार कार्यक्रम | ॐ निरन्जना वरदेवि निर्माण सेवा | ९७४९३५ |
| १४-२०८१/ ०९/ २९ | कोटलाछि चोक सुधार कार्यक्रम | न्यु शिवशक्ति निर्माण सेवा | ९२८४६७ |
| ५।२०८१।६।१४ | विभिन्न स्थानमा मर्मत | आदित्य आहिस्ता कन्स्ट्रक्सन प्रालि | ७०९५६६ |
| ४।२०८१।६।१४ | विभिन्न स्थानमा मर्मत | छाँयाश्वेरी कन्स्ट्रक्सन प्रालि | ७१७४८९ |
| २।२०८१।६।१४ | विभिन्न स्थानमा मर्मत | किङ लायन एण्ड सप्लायर्स प्रालि | ९२७४१९ |
| १७।२०८१।९।२९ | विभिन्न स्थानमा मर्मत | विज्ञा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ७९८२१६ |
| १६।२०८१।९।२९ | सडक मर्मत कार्य | मिशन कन्स्ट्रक्सन | ९७६९१६ |
| १५।२०८१।९।२९ | बाटो सुधार कार्य | ओम निरन्जना वरदेवी निर्माण सेवा | ९७४९३५ |
| जम्मा | | | ११५६२८९८ |

१२३.६ **शिर्षक फरक पारी खर्च-** महालेखा नियन्त्रक कार्यालयबाट एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ जारी गरेको छ । उक्त आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार बजेट तर्जुमा गरी खर्च गर्नुपर्ने तथा बजेटमा व्यवस्था भएको शिर्षक अन्तरगत रही खर्च गर्नुपर्दछ । गो भौ नं ३३।२०८१।१२।२८ बाट ब्रम्हकुमारी राजयोग उपसेवा केन्द्र भवन निर्माण कार्यको लागि विनियोजित रकमबाट अल हेल्दी होम प्रालिलाई Fire Extinguisher खरिद कार्यको रु ९८४२३०। भुक्तानी गरेको छ । यसरी शिर्षक फरक पारेर भुक्तानी गर्न मिल्ने देखिँदैन । वडा कार्यालयले २६० थान फायर एक्सटिङ्ग्युसर प्रति इकाइ रु ३३५० को दरले रु ८७१०००। र सोको १३ प्रतिशतले हुने मूअकर रु ११३२३०। समेत रु ९८४२३०। भुक्तानी गरेको छ ।आर्थिक सङकेत तथा वर्गिकरण र ब्याख्या, २०७४ विपरित खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,८४,२३० |

१२४ **वडा नम्बर २४**

१२४.१ **बजेट तथा खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नम्बर २४ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २११३१०५२ | १४७६८१५५ | ६९.८८ |
| पूँजीगत | ११३२५०००० | ७०९८१९४९ | ६२.६७ |
| जम्मा | १३४३८१०५२ | ८५७५०१०४ | ६३.८१ |

यस वडामा रु १३ करोड ४३ लाख ८१ हजार बजेट विनियोजन गरेकोमा रु.८ करोड ५७ लाख ५० हजार अर्थात ५५.४६ प्रतिशतमात्र खर्च गरेको छ । वडा कार्यालयले पूँजिगत तर्फ ५८ कार्यक्रममा विनियोजन गरेको रकममध्ये १८ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

१२४.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले आकस्मिक पूर्वाधार शिर्षक उल्लेख गरी रु ७५०००००। विनियोजन गरी रु ६२७४२९८। खर्च गरेको छ । बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२४.३ **अनुदान वितरण**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु. २४९२६७४।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १०३- २०८१।१०।१३ , | जेष्ठ नागरिक लाई धार्मिक भ्रमण | एम ब्याङकेट प्रा.लि, कोटेश्वर पार्टी प्यालेस | ७२३०४७ |
| १५४- २०८२।०१।१९ | | | |
| २११- २०८२।०३।१५ | स्थानिय संघ संस्थालाई वाजा वितरण | म्युजिक क्राफ्ट सेलर | ४५९३४५ |
| १४०- २०८१/१२/२१ | होलिपर्व कार्यक्रम | कुटुम्ब | ४००००० |
| ७२- २०८१/०८/२४ | जात्रापर्व संचालन | श्री आकाश भैरव भजन खल | ९१०२८२ |
| जम्मा | | | २४९२६७४ |

१२४.४ **टुक्रा खरिद**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गोश्वरा भौचर मिती | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ६- २०८१/०६/१४ | भेडासिहं ईन्द्रचोक मखन सडक मर्मत कार्य | न्यू कालिका भैरव निर्माण सेवा प्रालि | ९१९३७० |
| ९१-२०८२/०३/१० | इन्द्रचोक स्थित डिस्को विल्डिङ गल्ली चोक तथा सागाल मर्मत कार्य गरेकोले | गौरबशाली कन्स्ट्रक्सन | ८०६१३५ |
| ७९- २०८२/०२/१३ | चोक मर्मत कार्य | पि.बि.पि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स ( प्रा . लि ) | ९२९०७३ |
| ६३- २०८२/०१/११ | इटुंवहाल स्थित तारादेबी चोकमा मर्मत कार्य | आकृत निर्माण सेवा | ९६८५५७ |
| १२- २०८१/८/५ | फसिकेब चोक मर्मत कार्य गरेको | न्यु बेन्जामिन निर्माण सेवालाई | ९३६२५४ |
| ३- २०८१/०६/११ | किलागल सडक मर्मत कार्य गरेको | रोयल ब्लिङ कन्स्ट्रक्सन प्रा.लि. | ९४५७९५ |
| ९०- २०८२/३/९ | यटखा गणेश मन्दिर संगैको चोक तथा हेपुननी गल्ली मर्मत कार्य | थर्ड आई कन्स्ट्रक्सन | ५५५०४५ |
| ४३- २०८१/११/१२ | गणेश मन्दिर बाहिरी चोक मर्मत कार्य | जेकव मल्टिपर्पोज प्रा. लि. | ९७२५९९ |
| ४०- २०८१।१०।२२ | पप्पुचोक मर्मत | राज निर्माण सेवा | ९६१६३९ |
| जम्मा | | | ८०३२०८८ |

१२४.५ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष रु ९३६१४८। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ८- २०८१।६।२२ | इन्द्रजात्राको अवसरमा बत्ती जडान गरेकोमा रु ६०० का दरले १८ परिमाण २० वाट र २३ वाटको लिड बल्ब खरिद गरेकोमा वारेन्टीको प्रमाण पेश नगरेको | जय किसान इन्भेष्टमेन्ट प्रा लि | ९३६१४८ |

१२४.६ **सि.सि.टि.भी. जडान तथा सञ्चालन-** सि.सि.टि.भी. जडान तथा सञ्चालनको नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७२/०७/२५ मा स्वीकृत सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ जारी गरेको छ । उक्त निर्देशिकाको दफा ३ (क) मा सार्वजनिक सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्देश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने एवं सिसिटिभी सरकारी/सार्वजनिक निकायले

नागरिकहरुको सुरक्षा, सरकारी सम्पत्ति सुरक्षा, कारागारहरुको निगरानी, निजामतीस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदि कार्यको लागि CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष सिसिटिभी जडान मर्मत तथा सञ्चालनतर्फ देहाय अनुसार ३ पटक रु.२८,७३,५५५।- खर्च गरेको छ । वडा कार्यालयले आफ्नै कार्यकक्षमा survilience room स्थापना गरेको जनाएको छ।उक्त निर्देशिकाको व्यवस्था अनुसार सोको लिखित सूचना प्रहरी इकाइलाई दिएको देखिएन । तसर्थ सिसिटिभी खरिद गर्दा सुरक्षा निकायसँग समन्वय गरी सर्भिलेन्स रुमको उपलब्धताको सुनिश्चत गरेर प्रतिस्पर्धात्मक विधि मार्फत खरिद कार्य गर्नुपर्ने देखिन्छ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २९- २०८१।९।२८ | इन्द्रचोक सिसिटिभि जडान | भिजन इन्फोटेक प्रा लि | ९५४५११ |
| ३२- २०८१।९।२८ | किलागल सिसिटिभी जडान | एस पी गिगाबाइट सोलुसन्स प्रालि | ९६५९४० |
| ६४- २०८२।१।१८ | फसिकेब क्षेत्रमा सिसिटिभी जडान | हाइ भिजन टेक्नोलोजी प्रा लि | ९५३१०४ |
| जम्मा | | | २८७३५५५ |

१२४.७ **परामर्श खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बील भरपाई प्रमाण कागजात संलग्न हुनुपर्ने उल्लेख छ। वडा कार्यालयले गो भौ नं ८५।२०८२।२।३० बाट एबल इन्फोटेक प्रालिलाई रु ४,९८,४३८। भुक्तानी गरेको छ । कार्यालयले सफ्टवेयर डेभलप्मेन्ट तथा डाटा इन्ट्री कार्यको लागि २०८२।१।२२ मा उक्त प्रालिसँग रु.४,९८,४३८। मा सम्झौता गरेकोमा कुन कार्यको डाटा इन्ट्री गर्ने एवं के सफ्टवेयर विकास गर्ने र कहिले सम्ममा कार्यसम्पन्न गर्नुपर्ने उल्लेख गरेको देखिएन। एबल इन्फोटेक प्रा.लीले प्रति पेज रु ११५ का दरले २८३२ पेजको रु ३,२५,६८०। र सफ्टवेयर अपग्रेडेसन बापत रु १,१४,०००। समेत रु.४,39,680। र सोको १३ प्रतिशतले हुने रु. ५७,१५८। समेत रु ४,९6,8३८। को दररेट पेश गरेको छ। काम गर्नुपर्ने विस्तृत विवरण नखुलाई सफ्टवेयर अपग्रेडेसनको प्रमाण खुलेको नदेखिँदा सो बापतको रु.१,१४,०००। को १३%ले हुने रु.१४,८२०। समेत रु.१२८८२०। असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२८,८२० |

१२४.८ **२४-२२-०००४ निरन्जन श्रेष्ठ-** काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ को दफा १५ अनुसार १.७५ मिटर (५ फिट) देखि ४ मिटर (१३ फिट) सम्मको ईटा/ब्लक/ढुङ्गा छापिएको वा ढलान वा कालोपत्रे गरिएको बाटोलाई मात्र 'सहायक बाटो' मानिने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा करदाताको वडा नं २ स्थित कित्ता नं १९०, लाजिम्पाट एरियाको सहायक पक्की बाटोमा रु ३२०००००। को दररेटमा १० प्रतिशत मात्र छुट दिई प्रति आना रु २८८००००। ले गणना गर्नुपर्नेमा २० प्रतिशत छुट दिई रु २५६००००। ले गणना गरेबाट १० प्रतिशत छुट दिएको देखिन्छ । १९९९.५६३२ वर्गमिटर क्षेत्रफलको प्रति आना रु ३२००००। घटी गणना गरेबाट ६४।६५ देखि न्यून सम्पत्ती कर असुल भएको पाइयो ।तसर्थ, उक्त जग्गाको मूल्याङ्कनमा २० प्रतिशत छुट नदिई (रु २८८०००० लाख नै कायम गरी) आ.व. २०७६/७७ देखि २०८१/८२ सम्मको कर पुनः गणना गर्दा अपुग हुन आएको रु.६७७५६। असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,७५६ |

१२५ **वडा नं २५ तर्फ**

१२५.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा २५ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १,५४,०८,२०० | १,२७,६३,७०२ | ८२.८३ |
| पूँजीगत | ११,९८,५०,००० | ६,५६,३४,३४४ | ५४.७६ |
| जम्मा | १३,५२,५८,२०० | ७,८३,९८,०४६ | ५७.९६ |

यस वडामा रु १३ करोड ५२ लाख ५८ हजार बजेट विनियोजन गरेकोमा रु.७ करोड ८३ लाख ९८ हजार अर्थात ५७.९६ प्रतिशतमात्र खर्च गरेको छ।वडा कार्यालयले पूँजिगत तर्फ ५६ कार्यक्रममा विनियोजन गरेको रकममध्ये १२ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१२५.२ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ पूर्वाधार तथा आपतकालिन खर्च शिर्षकमा राजस्व बाँडफाँड-संघीय सरकार रु.३१००००० नेपाल सरकार-समानिकरण अनुदान रु.४२३०००० आन्तरिक श्रोतमा रु.७४८५००० गरी जम्मा रु.१४८१५०००।– अबण्डा राखी रु.१४७७९७९१।- राखी खर्च गरेको छ।वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.११ करोड ९८ लाख ५० हजारको १२.३३ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो।यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१२५.३ **जनप्रतिनधी मार्फत खर्च / पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६७-२०८१।१०।३० | महिला वडा सदस्य | रुपा प्रजापति | ४ दिने अचार वनाउने तालिम | १६०११६ | |
| १३४-२०८२/०२/२६ | वडा सदस्य | कृष्ण प्रजापति | धिमे बाजा तालिम कार्यक्रम | २००००० | |
| ३३-२०८१/०८/०६ | वडा सदस्य | लिनोद बिर सिह | फुटसल प्रतियोगिता | १०१९६० | गोश्वरा भौचर नं ३-२०८१/०५/२४ वाट रु.७५००० पेश्की लिई बाँकी रकम सोधभर्ना दिएको। |
| जम्मा | | | | ४६२०७६ | |

१२५.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु.१२२६७६९।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमित्ता निर्धारण गरेको देखिएन।

वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ७०-२०८१/११/०५ | बाजा वितरण कार्यक्रम | म्युजिक प्वाइन्ट | ९९८६३ |
| ८०-२०८१/१२/०६ | बाजा वितरण कार्यक्रम | लुमन्ति जनरल सप्लायर्स | ९९४४० |
| १६६-२०८२/०३/२० | पौडी तालिम कार्यक्रम | बागमती रिक्रियसन प्रा. लि. | ४३७५०० |
| ७९- २०८१/१२/०६ | जेष्ठ नागरिकलाइ धार्मक स्थल भ्रमण | विभिन्न संध संस्था | ५८९९६६ |
| | जम्मा | | १२२६७६९ |

१२५.५**टुक्रा खरिद**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेका छन्।

| गोश्वरा भौचर मिती | खरिदको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ७४-२०८२/०२/२६ | विर सिं जनवहालमा ब्लक छाप्ने कार्य | सिद्ध बाबा कन्स्ट्रक्सन | ६४३१५२ |
| ४०-२०८१/११/११ | इन्द्र चोक, जोशी चोकको सानो ठुलो चोकमा ढल मंगाल ब्लक राख्ने कार्य | जेकव मल्टिपर्पोज प्रा. लि. | ६०३५१४ |
| २२-२०८१/०८/२४ | असन चित्तधर बाजे घर सँगैको बाटोमा ढल मंगाल तथा ब्लक छाप्ने कार्य | बैगुन धुरा निर्माण सेवा | ७०१८०३ |
| ८३-२०८२/०३/१५ | चित्तधर मार्ग राम श्रेष्ठसंगैको चोकमा ढल/मंगाल तथा ब्लक/ढुङ्गा राख्ने कार्य | ॐ निरन्जना वरदेवी निर्माण सेवा | ४०९८३२ |
| २८-२०८१/०९/१२ | न्हुबहाल चोकमा ढल/मंगाल तथा निर्माण तथा मर्मत कार्य | जेन्युइन बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | ४४२७४२ |
| २३-२०८१/०८/२४ | जनचिकिस्सालय गल्लीमा ब्लक/ढुङ्गा राख्ने कार्य | बिहानी निर्माण सेवा | ९३७९५५ |
| ७९-२०८२/०३/०८ | कर्णेल भगवती जाने गल्लीमा ढल/मंगाल/ब्लक/ढुङ्गा राख्ने कार्य | न्यू सृष्टि निर्माण सेवा | ९५१६५७ |
| ६९-२०८२/०२/२१ | कन्या मन्दिर जाने बाटोमा ढल/मंगाल/ब्लक/ढुङ्गा राख्ने कार्य | रुद्रप्रिय कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि | ९१८८११ |
| ५४-२०८२/०१/१२ | विभिन्न स्थानमा पि सि सि वर्क तथा ढुङ्गा छाप्ने कार्य | बरदान इन्फ्रास्ट्रक्चर एण्ड सप्लायर्स प्रा.लि. | ७७९१७४ |
| ७१-२०८२/०२/२२ | नमस्ते किचेन नजिकै ढल मंगाल कार्य तथा ब्लक राख्ने कार्य | बिज्ञा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९१६५९१ |
| जम्मा | | | ७३०५२३१ |

१२५.६ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष ३ पटक रु २८,९६,९७३। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ११।२०८१।७।११ | १०० वाटको १५ र ५० वाटको २३ थान LED AC सडक बत्ती खरिदमा | शोभा भगवती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ९८३२५१ |
| ६७।२०८२।२।१९ | १०० वाटको २१ बत्ती खरिद तथा जडान कार्य | इध्य कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ९५५०८७ |
| ६६।२०८२।२।११ | १०० वाटको २५ र ५० वाटको १३ थान LED AC सडक बत्ती खरिदमा | लावन्य कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ९५८६३५ |
| जम्मा | | | २८९६९७३ |

१२५.७ **सि.सि क्यामेरा जडान-** सि.सि.टि.भी. जडान तथा सञ्चालनको नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७२/०७/२५ मा स्वीकृत सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ जारी गरेको छ । उक्त निर्देशिकाको दफा ३ (क) मा सार्वजनिक सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्वेश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने एवं सिसिटिभी सरकारी/सार्वजनिक निकायले नागरिकहरुको सुरक्षा, सरकारी सम्पत्ति सुरक्षा, कारागारहरुको निगरानी, निजामतीस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदि कार्यको लागि CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनुपर्ने उल्लेख छ ।कार्यालयले यो बर्ष सिसिटिभी जडान मर्मत तथा सञ्चालनतर्फ देहाय अनुसार ४ पटक रु ३८,२९,६६४। खर्च गरेको छ। वडाले भेडासिँग क्लव, जन चिकित्सालय लगायत ११ समिती तथा क्लव हरुमा survilience room स्थापना गरेको विवरण पेशगरेको छ। सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ वमोजिम सिसि टी .भी व्यवस्थापन गर्दै प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्नुपर्दछ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ७- २०८१।६।२२ | सिघल १७ वटा सिसिटिभि जडान | सुस्मन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ९७९२६९ |
| १५।२०८१।८।२ | विभिन्न स्थानमा मर्मत १७ थान | अन्मय कन्स्ट्रक्सन प्रालि | ९४३६०६ |
| ८८।२०८२।३।२० | सि सि टि भी जडान | पि आर टि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ९५०३८६ |
| ८७।२०८२।३।२० | विभिन्न स्थानमा मर्मत | नेट्रो लायन्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ९५६४०३ |
| जम्मा | | | ३८२९६६४ |

१२६ **वडा नम्बर २६**

१२६.१ **बजेट तथा खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९ को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| शिर्षक | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | २६१२७०५८ | २२५७४७४२ | ८३.४ |
| पूँजीगत | १५७६५४७८२ | १०४७२१८०९ | ६६.४२ |
| जम्मा | १८३७८१८४० | १२७२९६५५१ | ६९.२७ |

यस वडा अन्तर्गत रु १८ करोड ३७ लाख ८१ हजार विनियोजन भएकोमा रु १२ करोड ७२ लाख ९६ हजार अर्थात् ६९.२७ प्रतिशतमात्र खर्च भएको वडा कार्यालयले पूँजिगत तर्फ ५३ कार्यक्रममा विनियोजन गरेको रकममध्ये ११ कार्यक्रममा खर्च नभई शुन्य वित्तीय प्रगति देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

१२६.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। तर वडा कार्यालयले यो बर्ष पूँजीगततर्फ विविध कार्य उल्लेख गरी री रु१३००००००। अबण्डा बजेट राखी विभिन्न स्थानमा स्थानीयको मागको आधार लिई रु १२५४४४६२। खर्च गरेको छ । जस्मा विभिन्न २१ वटा पूर्वाधारको योजनामा रु १० लाख भन्दा कमका योजनामा सोझै खरिद गरेको देखिन्छ । बजेट अबण्डामा राखी वडा समितिको पटके निर्णयको आधारमा खर्च गरेको देखिन्छ । बजेट तर्जुमा गर्दा निर्दिष्ट कार्यक्रम उल्लेख गरेर मात्र खर्च गर्नुपर्दछ ।

१२६.३ **अनुदान वितरण**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु. ४,८५,७६४।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २७८- ०३। २५ | तमू समाज तनहुँ काठमाडौ र थवही ल्यायम्ह पुचः मचाः कवा लाई वासुरी धीमे मादल छ्याली झुर्मा लागायत सामाग्री वितरण | प्रचिता सप्लायर्स | ७५७१०० |
| १५५- ०१। ०३ | म्हेपि अजिमाको रथयात्रा गर्दै समे बजि खुवाउने जात्रापर्व संचालन | सामाखुसि युवा संघ क्लब | ७५००० |
| ७९- ०९। ०५ | ठमेलमा लाखे आजु शान्तभैरभ नचाउने तथा समयबजी खुवाउने जात्रा संचालन | ठमेल एकता समूह | ५०००० |
| ४०- ०६। २० | सामाखुशीमा इन्द्रजात्रा मा समय्बजी तथा लाखे नाच | सामाखुशी युवा संघ क्लब | ७०००० |
| ५७- ०७। २८ | इन्द्र जात्राको अवसरमा दक्षिणकाली मन्दिर त्रिवेणि मार्ग लाभाझु मा सम्य बजि राख्ने कार्यक्रम संचालन | नेवा देय् दबू २६ वडा समिति | ७५००० |
| २०४- ०२। ०८ | जेष्ठ नागरिकहरु लाई चन्द्रगरिमा भ्रमण तथा सम्मान कार्यक्रम | रविन कार्की, चन्द्रागिरी हिल्स | ७७७०९० |

१२६.४ **जनप्रतिनधी मार्फत खर्च / पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५५- ०७।१३ | वडा सदस्य | प्रवेश श्रेष्ठ | प्रथम खुल्ला कास्की भेट्रान्स बास्केटबल प्रतियोगिता मा वडाको तर्फ बाट भाग लिन जाने | २००००० | २०८१।०७।१२ को वडा समितीको निर्णय वमोजिम पेश्की प्रदान गरी |
| | | | | | वाँकी रकम रु. ६८१११ सोधभर्ना लिई पेश्की फस्यौट गरेको। |
| २१५- ०२।२७ | वडा सदस्य | प्रवेश श्रेष्ठ | विभिन्न विधामा हुन गईरहेको काठमाडौ जिल्ला बृहत खेलकुद प्रतियोगिता | ३००००० | मिती२०८२।०२।०४ को वडा समितीको निर्णय वमोजिम पेश्की दिई वाँकी रकम रु. १२८११२ सोधभर्ना लिई पेश्की फस्यौट गरेको |
| ९५- ०९।२५ | वडा सदस्य | प्रवेश श्रेष्ठ | फुटसल प्रतियोगिता | १०३४०० | मिती २०८१।०९।१० को वडा समितीको निर्णय बमोजिम |
| ८४- ०९।०९ | वडा सदस्य | प्रवेश श्रेष्ठ | खेलकूद प्रतियोगिता | ४७९७८ | |

१२६.५ **भुक्तानीमा करकट्टी-** आयकर ऐन २०५८ को दफा ८८ मा सेवा तथा परामर्मूश खरिदको भुक्तानीमा १५ प्रतिशत श्रोतमा कर कट्टि गर्नु पर्ने व्यवस्था छ। वडा कार्यालयले मूल्य अभिबृद्धि करमा दर्ता नभएका निम्न फर्म तथा व्यक्तिहरुलाई १५ प्रतिशत श्रोतमा कर कट्टी नगरी भुक्तानी गरेको देखिएकोले निम्न फर्म वा संस्थावाट नपुग रकम असुल गरी संघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| गौ भौ नं मिती | संस्थाको नाम | व्यहोरा | भुक्तानी रकम | करकट्टि रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| ६- ०५।२७ | राष्ट्री एकता समाज | कानुनी शिक्षा अन्तर संवाद कार्यक्रम | १००००० | ५७६७ | ९२३३ |
| १९३- ०२।०१ | मित्रनगर विकास तथा सुधार समिति | ब्यूटि पार्लर सम्बन्धि आधारभुत सिपमूलक तालिम कार्यक्रम संचालन | १५०००० | ४७०७ | १७७९३ |
| १९७- ०२।०५ | जागृती महिला समूह | सिलाई कटाई तालिम संचालन | १६०००० | १०७२५ | १३२७५ |
| जम्मा | | | | | ४०३०१ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **११,९५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **८,१४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१३,६६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **८,३३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **९,५०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **७,५११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१८,३८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१४,८९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१२,२६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **१०,४१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,३०१ |

१२६.६

**विद्यालय भवन उपभोक्ता समितिमार्फत निर्माण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। वडा कार्यालयले देहाय अनुसारको सरकारी भवन उपभोक्ता समितबाट निर्माण कार्य गराई भुक्तानी गरेको छ ।

| क्र सं | विवरण | कामको विवरण | रकम |
|---|---|---|---|
| ७५।२०८२।३।२४ | शान्ति विद्यागृह निर्माण समिति | शान्ति विद्यागृह निर्माण समिति विविध निर्माण भर्याङ लगायत | ३७२८३२७ |
| ६२।२०८२।३।१७ | तुं चुक उपभोक्ता समिति | लोक हित निमावि विद्यालय भवन निर्माण | ३४४८४२८ |
| जम्मा | | | ७१७६७५५ |

उपभोक्ता समिति मार्फत निर्माण भएका निर्मित संरचनाहरुको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने एवं मर्मत संभारको जिम्मेवारी उपभोक्ता समितिको हुने अवस्थामा वडाले विद्यालय भवन उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७१,७६,७५५ |

१२६.७**टुक्रा खरिद**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु १० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न स्थानको मर्मत कार्य बापत पटक पटक गरी रु. १,०२,६२,८४१।- को सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरी यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | भुक्तानी पाउनेको विवरण | खर्च |
|---|---|---|---|
| १ | कपुरधारा भित्रि बाटोमा ब्लक छाप्ने कार्य | जे.बि. एस. इन्फ्रास्ट्रक्चर | ९७००९५ |
| २ | त्रिवेणी मार्गको सहायक बाटो सुधार कार्य | माता सरस्वती निर्माण सेवा | ९३५३०० |
| ३ | पवित्र नगर सुनगाभा टोलमा ढलान गर्ने कार्य | विपु कन्स्ट्रक्सन एण्ड ट्रेडर्स | ८९३९२२ |
| ४ | पवित्रनगर भित्री बाटोमा ब्लक छाप्ने कार्य | एकलब्य कन्स्ट्रक्सन | ९४२०७५ |
| ५ | अल्का बस्ती गैह्राबस्तीको बाटो सुधार कार्य | डि.जि.एस निर्माण सेवा | ९०२३८४ |
| ६ | लैनचौर मार्गको सहायक बाटोहरु सुधार कार्य | मिशन कन्सट्रक्शन | ९३५८३४ |
| ७ | सामाखुशी नवसंगम मार्गको भित्री बाटोमा ढल तथा मंगाल निर्माण तथा ठमेलेश्वर मन्दीर परिसर मर्मत कार्य | बिश्वजित निर्माण सेवा | ९४१५७७ |
| ८ | बसपार्क स्थित सहायक बाटोहरुमा ब्लक निर्माण कार्य | श्रीराम निर्माण सेवा | ९३९५४९ |
| ९ | सामाखुशी भित्री बाटोहरुमा ब्लक छाप्ने कार्य | शिवराम कन्सट्रक्शन | ९४००७० |
| १० | पवित्रनगर इन्द्रकमल टोलको बाटो मर्मत सम्भार गर्ने कार्य | अतित | ९१२९४३ |
| ११ | त्रिपुरा सुन्दरी मार्गमा ढल तथा मंगाल निर्माण कार्य | डिभाइन बिल्डर्स प्रा.लि | ९४९०९२ |
| | | जम्मा | १०२६२८४१ |

१२६.८ **सडक बत्ती जडान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष रु.६१,२६,३१३। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| गो भौ नं र मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १७।२०८१।९।११ | ५० वाटको बत्ती १७५ रु ४९५०। को दरले मूअकर समेत रु ९७८८६२ रहेकोमा | शोभा गोबर ग्याँस कम्पनी प्रालि | ९७८८६२ |
| ८।२०८२।६।३१ | विभिन्न स्थानमा ४० वाटको ५५७ र ५० वाटको ३४१ बत्ती जडान | ब्राइटसन कम्पनी प्रालि | ५१४७४५१ |

१२६.९ **२६-११-००१० छायाँ देबि कम्प्लेक्स प्रा.ली**- काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ । करदाताको २०८१।८२ को सम्पत्ती कर निर्धारण गर्दा रु ६७६८६९६। कायम गरेकोमा ३० प्रतिशतले हुने रु २०३०६०८। छुट दिई रु ४७४४३०५। कर निर्धारण गरेको छ । उक्त कम्प्लेक्समा क्यु एफ एक्स सिनेमा हल, कर्पोरेट हाउस, क्यासिनो वाल्डो लगायतका फरक फरक व्यवसाय सञ्चालन भैरहेको उक्त करदाताको वेभसाइट https://www.chhayacenter.com/ मा उल्लेख छ । अन्य व्यवसायले ओगटेको क्षेत्रफल घटाइ बाँकी होटेल प्रयोजनमा प्रयोग भएको संरचनाको क्षेत्रफलमा मात्र छुट पाउनेमा सबै संरचनाको अर्थात ३६३३११,४१ वर्ग फुट क्षेत्रफलमा छुट दिन मिल्ने देखिँदैन । तसर्थ होटल प्रयोजन बाहेक अन्य प्रयोजनमा प्रयोग भएको संरचनाको क्षेत्रफल यकिन गरी बढी छुट भएको रकम असुल गर्न छुट दिएको रकमको सम्बन्धमा यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,३०,६०८ |

१२६.१ **२६-३१-०३५१ सुमन बिक्रम पाण्डे-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **६००,२८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१२७ **वडा नं २७ तर्फ**

१२७.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा २७ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | ३,४६,७०,८०० | २,६०,४८,९१२.८६ | ७५.१३ |
| पूँजीगत | ५,५१,००,००० | ४,९३,०३,१७८.४२ | ८९.४७ |
| जम्मा | ८,९७,७०,८०० | ७,५३,५२,०९१.२८ | ८३.९३ |

यस वडामा रु ८ करोड ९७ लाख ७० हजार बजेट विनियोजन गरेकोमा रु.७ करोड ५३ लाख ५२ हजार अर्थात ८३.९३ प्रतिशतमात्र खर्च गरेको छ।वडा कार्यालयले पूँजिगत तर्फ १७ कार्यक्रममा विनियोजन गरेकोमा २ कार्यक्रममा शुन्य वित्तीय प्रगति गरेको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१२७.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस वडाले पुँजिगततर्फ आकस्मिक चोक बाटोको ढुगां ब्लक ईटा छपाई लगायत अन्य मर्मत तथा निर्माण कार्य आन्तरिक श्रोत शिर्षकमा रु.४००००००।– वडा क्षेत्र अन्तर्गत विभिन्न स्थानमा ढल मर्मत तथा सफाई गर्ने कार्यको लागि आन्तरिक श्रोत शिर्षकमा रु.५००००००।– गरी जम्मा रु.९००००००।-अबण्डा राखी रु.८९८७४९७।- खर्च गरेको छ।वडा कार्यालयले विनियोजन गरेको कुल पुँजिगत बजेट रु.८ करोड ९७ लाख ७० हजारको १०.०२ प्रतिशत बजेट अवण्डामा राखी खर्च गरेको देखियो।यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१२७.३ **जनप्रतिनिधी मार्फत खर्च/ पेश्की** - स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहायअनुसार रहेको छ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५७-२०८१/ ०८/ २४ | महिला वडा सदस्य | श्रृष्टि कंसाकार(तुलाधर), | बालबालिकाहरुलाई शिप अभिवृद्धिको वाल क्लाइम्बिङ्ग तलिम कार्यक्रम | ३००००० | गोश्वरा भौचर नं १५१-२०८२।०३।१२ पेश्की रकम फस्यौट गरेको । |
| ४५-२०८१/ ०८/ १४ | महिला सदस्य | प्रभा परियार | अन्तर माध्यामिक वक्तृत्त्वकला प्रतियोगिता सञ्चालन | ६०००० | गोश्वरा भौचर नं ६४-२०८१/ ०९/ १८ पेश्की रकम फस्यौट गरेको । |
| ७७-२०८१/ १०/ ०४ | महिला वडा सदस्य | श्रृष्टि कंसाकार(तुलाधर) | विशिष्ट व्यक्तिहरुको सम्मान कार्यक्रम संचालन | ६६३३० | सोधभर्ना |
| जम्मा | | | | ४२६३३० | |

१२७.४ **अनुदान वितरण**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ।वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु. ३४१६३९९।– खर्च गरेको

देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २२७-२०८२/०३/२२ | खेलकुद सामग्रीहरु खरिद तथा वितरण | स्पोर्टस् प्वाइन्ट | ६१६९८ |
| १६७-२०८२/०२/१२ | खेलकुद सामग्री हरु खरिद तथा वितरण | मेगा कि स्टोन सर्भिसिस प्रा.लि | ६१५१७२ |
| विभिन्न भौचर | जेष्ठ नागरिकहरुलाइ धार्मिक भ्रमण | विभिन्न संध संस्था | १२१५३०६ |
| १५२-२०८२/०१/२५ | नेवारी पोशाक खरिद गरी बितरण | डिभा कल्चरल हाउस | ७५१६७६ |
| १७७-२०८२/०२/२८ | संघ संस्था हरुलाई प्लास्टिक कुर्षि,मेच खरिद तथा वितरण | गौतम रत्न इन्टरप्राईजेज | ३९३४३२ |
| २२३-२०८२/०३/२२ | मित्र युवा क्लवलाई कम्प्युटर तथा प्रिन्टर लागायत सामाग्री वितरण | देव आई. सि. टि. इन्फोसिस प्रा.लि. | ३७९११५ |
| | जम्मा | | ३४१६३९९ |

१२७.५ **टुक्रा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ। ऐनको दफा ६ र नियमावलीको नियम ८ मा वार्षिक खरिद योजना र खरिदको संभावित प्याकेजको सम्बन्धमा उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेका छन्।

| गोश्वरा भौचर मिती | कामको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| २-२०८१/०६/१६ | जमल चोकको बाटोको ढुंगा ब्लक ईटा छपाई लगायत अन्य मर्मत तथा निर्माण कार्य | नक्शाल भगवती कन्स्ट्रक्सन प्रा .लि. | ९३५९३५ |
| ४-२०८१/०६/१६ | असन गल्लीमा ढुंगा ब्लक ईटा छपाई लगायत अन्य मर्मत तथा निर्माण कार्य | ओमस्टोन कन्स्ट्रक्सन प्रा.लि. | ८५८३९९ |
| २९-२०८१/०९/२४ | वीर अस्पालको वाटोमा ढुंगा ब्लक ईटा छपाई लगायत अन्य मर्मत तथा निर्माण कार्य | गुरु पेमा निर्माण सेवा प्रा. ली. | ९७९०८७ |
| ३०-२०८१/०९/२४ | आकार कम्पेक्स अगाडी वाटोमा ढुंगा ब्लक ईटा छपाई लगायत अन्य मर्मत तथा निर्माण कार्य | खनाल कन्स्ट्रक्सन | ९७२५२८ |
| ३१-२०८१/०९/२४ | असन वहाल चोक निर ढल मर्मत तथा सफाई गर्ने कार्य | सेतिदेवी निर्माण सेवा | ९७६९९९ |
| ३२-२०८१/०९/२४ | ज्याथा वालकुमारी को वाटोमा र ढल मर्मत तथा सफाई गर्ने कार्य | समुन्द्री कन्स्ट्रक्सन | ९७७१९८ |
| ६-२०८१/०६/१६ | विभिन्न स्थानमा ढल मर्मत तथा सफाई | दुप्चेश्वर निर्माण सेवा | ९०२००६ |
| ३-२०८१/०६/१६ | असन गल्लीमा ढल मर्मत तथा सफाई गर्ने कार्य | लोलाङ्ग निर्माण सेवा | ८५२५२६ |
| | जम्मा | | ७४५४६७८ |

१२७.६ **भुक्तानीमा करकट्टी-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२७,५८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१२७.७ **परामर्श सेवा खरिद-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस वडाले यो बर्ष गो भौ नं ७१।२०८२।३।१६ बाट एटिक कन्सल्टेन्सीबाट महाबौद्ध गैट निर्माणको लागि रु ४३३३५५। भुक्तानी गरेको देखिन्छ। परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै परामर्शदाताबाट कार्य गराई भुक्तानी गरेको छ। कार्यालयले तयार गरेको डि.पि.आरको टि.ओ.आरमा प्रारम्भिक प्रतिवेदन तयारी समय, कार्यालयका पदाधिकारीहरु माझ प्रारम्भिक प्रतिवेदनको छलफल, छलफल पश्चात कायम सुझाब समेटी अन्तिम प्रतिवेदन तयारी लगायतका विषयहरु समेटी टि.ओ.आर तयार नगरेकोले कार्यालयका सुझावहरु समेटी अन्तिम प्रतिवेदन तयार भएको छ भनी आश्वस्त हुन सकिएन। यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेटको हाराहारीमा लागत अनुमान तयार गरी खर्च गरेको देखिन्छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने अभिलेख राखेको छैन । प्राप्त प्रतिवेदन कार्यान्वयनको सुनिश्चितता हुनुपर्दछ।

१२७.८ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३

को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष २ पटक रु ५,८३,०२३। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ९- २०८१।६।१६ | बिजुली बत्ति, आइसिटि सामग्री, सिसिटिभि मर्मत तथा खरिद | टेक्नो वर्ल्ड इक्फोसिस प्रा.लि | ५०३०१९ |
| २८।२०८१।९।४ | बिद्युतिय सामग्री अन्तर्गत Sensor street light li | सुनिभा इलेक्ट्रिकल सप्लायर्स | ८०००४ |

१२७.९ **सि.सि.टि.भी.जडान तथा सञ्चालन-** सि.सि.टि.भी. जडान तथा सञ्चालनको नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७२/०७/२५ मा स्वीकृत सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ जारी गरेको छ । उक्त निर्देशिकाको दफा ३ (क) मा सार्वजनिक सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्देश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने एवं सिसिटिभी सरकारी/सार्वजनिक निकायले नागरिकहरुको सुरक्षा, सरकारी सम्पत्ति सुरक्षा, कारागारहरुको निगरानी, निजामतीस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदि कार्यको लागि CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष सिसिटिभी जडान मर्मत तथा सञ्चालनतर्फ देहाय अनुसार ४ पटक रु २४,१०,२५०। खर्च गरेको छ । वडाले टोल सुधार समितिको कार्यालय, अन्नपूर्ण देय छे, ज्याठा युवा क्लब र असन सेवा समिति समेत ४ समिती तथा क्लवहरुमा survilience room स्थापना गरेको विवरण पेश गरेको छ। सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ वमोजिम सिसि टी .भी व्यवस्थापन गर्दै प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्नुपर्दछ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ५७।२०८२।१।२६ | supply and install light fixtures with solar power system in siddhidas chowk | नेपाल पावर सोलुसन प्रा.लि | १४९०२४ |
| ५५।२०८२।१।३ | surveillance system installation and maintenance in Jyatha and other places, KMC 2 | गो स्मार्ट टेक्नोलोजी प्रा. लि | ९४७३७५ |
| ५६।२०८२।१।३ | supply and installation of ICT at Lunibha Library,KMC27 | देव आई.सि.टि.इन्फोसिस प्रा.लि | ३६१६०० |
| ५९।२०८२।१।२६ | Supply and installation of ICT for Annapurna School and Nepal Red Cross Kmc 27 | के. श्री सप्लायर्स एन्ड ट्रेडेर्स प्रा. लि | ९५२२५१ |
| जम्मा | | | २४१०२५० |

१२७.१**बीमा अवधि-**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **५३,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२१,२५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१२७.१ **घटी गणना** -काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ । देहाय अनुसारका करदाताको कर गणना गर्दा आर्थिक ऐनले तोकेको दररेट भन्दा फरक पारेर गणना गर्दा देहाय अनुसार छुट भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र सं | करदाता | विवरण | रकम |
|---|---|---|---|
| | २७-३१-००११शंकर गुरूङ्ग समेत ३ | करदाताको ज्याठा मुल सडकमा रहेको जग्गाको दररेट रु ५० लाख रहेकोमा उक्त जग्गामा १० प्रतिशत छुट दिई मूल्याङकन गर्दा २०८०।८१ सम्म न्युन असुली भएको रु ३९६१५२। राजस्व सम्बन्धितबाट असुल गर्नुपर्ने रु | ३९६१५२ |
| | २७-०६-००७६कान्तिपुर टेम्पल हाउस प्रा.ली. | करदाताको ९ फिट सडकभएको जग्गामा रु ५० लाख प्रति आनाको जग्गाको दररेट रहेकोमा १० प्रतिशत मात्र छुट दिन मिल्नेमा २० प्रतिशत छुट दिएको देखिँदा ७६।७७ देखिको न्युन असुली भएको रु ५१७२२८। सम्बन्धितबाट असुल हुनुपर्ने रु | ५१७२२८ |
| | २७-३२-००४४ होटल डाइनेष्टी ठमेल प्रा.ली. | करदाताको १२ फिट सडकभएको जग्गामा रु ५० लाख प्रति आनाको जग्गाको दररेट रहेकोमा १० प्रतिशत मात्र छुट दिन मिल्नेमा २० प्रतिशत छुट दिएको देखिँदा ७५।७६ देखिको न्युन असुली भएको रु २२७०१०। सम्बन्धितबाट असुल हुनुपर्ने रु | २२७०१० |
| | २७-२८-००१५यशोधरा बज्राचार्य | करदाताको १२ फिट सडकभएको जग्गामा रु ५० लाख प्रति आनाको जग्गाको दररेट रहेकोमा १० प्रतिशत मात्र छुट दिन मिल्नेमा २० प्रतिशत छुट दिएको देखिँदा ७५।७६ देखिको न्युन असुली भएको रु २००३९६। सम्बन्धितबाट असुल हुनुपर्ने रु | २००३९६ |
| | २७-०१-००५२ अनिल राज कोइराला समेत २ | करदाताको ज्याठा ठमेलकोजग्गा १० प्रतिशत छुट दिएकोमा रु ५० लाख कायम गरी पुन गणना गर्दा २०७७।७८ देखि २०८१।८२ सम्मको रु ३६८५८२। सम्बन्धितबाट असुल हुनुपर्ने रु | २६८५८२ |
| | २७-२९-००५७ रवि राणा समेत २ | करदाताको केशर महल प्रवेशद्धारदेखि पश्चिम ठमेल मुलचोकहुदै क्षेत्रपाटी चोकसम्मको मुलबाटोमा जोडीएका जग्गाहरुमा १० प्रतिशत छुट पाउनेमा २० प्रतिशत छुट दिएकोले प्रति आना रु.४५ लाखको दरले आ.ब २०७८।७९ देखी नपुग कर रु.१०५२७१। असुल हुनुपर्ने रु. | १०५२७१ |
| | | जम्मा | १७१४६३९ |

| असुल गर्नुपर्ने | १७,१४,६३९ |
|---|---|

## १२८ **वडा नं २८**

१२८.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नम्बर २८ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| खर्च शिर्षक | बजेट रकम रु | खर्च रु | प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | १७९३४०५० | ८५५९१६२ | ४७.७२ |
| पुँजिगत खर्च | ११६०००००० | ७९४६०३०८ | ६८.५ |
| जम्मा | १३३९३४०५० | ८८०१९४७० | ६५.७१ |

यस वडामा रु १३ करोड ३९ लाख ३४ हजार बजेट विनियोजन गरेकोमा रु. ८ करोड ८० लाख १९ हजार अर्थात ६५.७१ प्रतिशतमात्र खर्च गरेको छ । वडा कार्यालयले पूँजिगत तर्फ ४१ कार्यक्रममा विनियोजन गरेको रकममध्ये १४ कार्यक्रममा खर्च नभई शुन्य वित्तीय प्रगति देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने कार्यसम्पादन करार गर्ने प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१२८.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस वडाले आकस्मिकरुपमा आउने भैपरी आउने कार्यको लाग खर्च उल्लेख गरी रु १४५०००००। विनियोजन गरेकोमा रु.१०८११९११। खर्च गरेको छ ।बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१२८.३ **टुक्रा खरिद**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ। ऐनको दफा ६ र नियमावलीको नियम ८ मा वार्षिक खरिद योजना र खरिदको संभावित प्याकेजको सम्बन्धमा उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेका छन्।

| गोश्वारा भौचर नम्बर मिति | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २१-२०८१।९।१७ | चुरचुरे गल्लिमा ढल तथा बाटो निर्माण गर्ने कार्य | तिरुपती निर्माण कम्पनी प्रा.लि. | ९८१०५३ |
| ४३-२०८१।१२।१० | डा अन्तरगत विभिन्न स्थानमा साइड ड्रेन तथा ब्लक मर्मत गर्ने | एस.वान्तवा कन्स्ट्रक्सन प्रा.लि. | ९५२८६६ |
| ६६-२०८२।३।४ | शार्वजनिक तथा सामुदायिक भवनका पर्खालहरूमा रंगरोगन गरि नेपालको संस्कृती झल्कने विभिन्न किशिमका चित्रहरू बनाउने कार्य | पि. एम. शान्ति निर्माण सेवा | ९५१२४९ |
| ४१-२०८१।१२।१० | पाछीको अजिमा मन्दिर जिर्णेद्धार तथा पुःन निर्माण गर्ने कार्य | लाल गणेश कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ८९६४४६ |
| ५५-२०८२।१।४ | पद्मोदय माध्यामिक विद्यालयको भवनमा ट्रस्टको छाना निर्माण | विदिप कन्स्ट्रक्सन | ९७२१०९ |

१२८.४ **जनप्रतिनिधी मार्फत खर्च / पेश्की**- स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीयतहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने

अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ।

| गोश्वारा भौचर मिति | पद | नाम | व्यहोरा | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५६-०९। २९ | वडा सदस्य | अरूण तण्डुकार | प्रयाग राज सिह सुवाल स्मृतीमा फुटसल प्रतियोगिता कार्यक्रम | १५०३५६ | मिती २०८१ भाद्र ९ गते को वडा समितीको निर्णय वमोजिम |
| २१-०७। ०८ | वडा सदस्य | अरूण तण्डुकार | तिज कार्यक्रम संचालन | १४०१९९ | मिती २०८१ भाद्र ९ गते को वडा समितीको निर्णय वमोजिम |
| ८८-१२। १३ | वडा सदस्य | अरूण तण्डुकार | एक दिने स्थानीय जेष्ठ नागरिक धार्मिक भ्रमण तथा वनभोज कार्यक्रम | २३९३२५ | २०८१ फागुन ४ गते को वडा समितीको निर्णयले अरूण तण्डुकार लाई पेश्की दिने निर्णय गरेको। |
| ८६-१२। १३ | वडा सदस्य | विरेन्द्र महर्जन | पाँहा चह्रे(घोडे जात्रा) खत जात्रा मनाउने कार्यक्रम | ४०००० | २०८१ चैत १२ को निर्णय वमोजिम विरेन्द्र महर्जनलाई पेश्की दिने निर्णय गरेको |

१२८.५ **सडक बत्ती जडान**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने तथा तथा सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवाको खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले खरिद गरेका सडक बत्तीहरु तोकिए बमोजिमको गुणस्तरयुक्त भए नभएको परीक्षण गरेको कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। यसबाट तोकिए बमोजिमको गुणस्तरयुक्त सडक बत्ती खरिद भयो भनी आश्वस्त हुन सकिएन। यस प्रकार खरिद भएका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन। जडान भएका सडक बत्तीहरु कुन विगतमा जडान भएको तथा कुन यस बर्ष जडान भएको हो भन्ने विवरण अद्यावधिक गरेको छैन। यसबाट त्रुटि सच्याउने अवधि बाँकी नै रहेको सडक बत्ती सम्बन्धित सप्लायर्सबाट समयमा नै मर्मत सम्भार हुने गरी खरिद कार्य व्यवस्थित भएको छ भनी आश्वस्त हुन सकिएन। त्रुटि सच्याउने अवधि बाँकी रहेका सडक बत्तीहरु पहिचान गरी खरिद प्रक्रियालाई मितव्ययी र छरितो बनाउनुपर्दछ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | लागत अनुमान | वत्ती संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ४९।२०८२।०१। ०४ | अक्षयलोक ट्रेड लिंक | वडाका विभिन्न स्थानमा सडक वत्ती जडान तथा खरिद | ९९२१०५ | १७२ | ९५५५२८ |

१२८.६ **फायर हाइड्रेन्ट**- कार्यालयले यस आर्थिक वर्षमा निम्न उपभोक्ता समिति मार्फत १२४०.१ मिटर Fire Hydrant खरिद तथा जडान कार्यका लागि निम्न गोश्वारा भौचरबाट हाइड्रेन्टको रु.६१५६६८०। समेत कुल रु.१,७७,७९,०५७। खर्च गरेकोमा जडान पश्चात प्रणालीको परीक्षण (Testing & Commissioning) गरिएको पुष्टि हुने कुनै परीक्षण प्रतिवेदन पेश गरिएको छैन। खरिद सम्झौता, भुक्तानी भौचर तथा सम्बन्धित कागजात परीक्षण गर्दा अन्तिम भुक्तानी गरिएको भए पनि प्राविधिक रूपमा कार्य सम्पन्न भई सञ्चालनयोग्य रहेको प्रमाण उपलब्ध नभएको पाइयो, जसले आगलागी जस्ता आपतकालीन अवस्थामा प्रणाली प्रभावकारी नहुन सक्ने जोखिम रहेकोले सम्बन्धित आपूर्तिकर्ताबाट आवश्यक प्राविधिक परीक्षण गराई सोको परीक्षण प्रतिवेदन पेश भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र अन्तिम भुक्तानी दिने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

| गोश्वारा भौचर र मिति | उपभोक्ता समितिको नाम | हाइड्रेन्टको लम्बाई | भुक्तानी रकम | हाइड्रेन्टको खर्च |
|---|---|---|---|---|
| ९८-२०८२।३।२३ | यती प्लाजा उ.स | ४२९.०५ मिटर | ७०१००२१ | २०५५४८३ |
| १०२-२०८२।३।२३ | बज्रबिर मार्ग उ.स | ४१६.५५ मिटर | ४६६०८१० | २१९५८३६ |
| १०४-२०८२।३।२४ | थटिनटी गल्ली ढल तथा बाटो निर्माण उ.स | १९५ मिटर | २९९४३११ | १०१०९०५ |
| १०६-२०८२।३।२४ | श्री कुमारी गल्ली उ.स | १९९.५ मिटर | ३११३९१५ | ८९४४५६ |
| जम्मा | | १२४०.१ मिटर | १७७७९०५७ | ६१५६६८० |

१२८.७ **सि.सि.टि.भी.जडान तथा सञ्चालन** - सि.सि.टि.भी. जडान तथा सञ्चालनको नियमन गर्ने प्रयोजनका लागि नेपाल सरकार माननीय मन्त्रीस्तरबाट २०७२/०७/२५ मा स्वीकृत सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२जारी गरेको छ ।उक्त निर्देशिकाको दफा३(क) मा सार्वजनिक सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्वेश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने एवं सिसिटिभी सरकारी/सार्वजनिक निकायले नागरिकहरुको सुरक्षा, सरकारी सम्पत्ति सुरक्षा, कारागारहरुको निगरानी, निजामतीस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सवारी व्यवस्थापन आदि कार्यको लागि CCTV जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी इकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनुपर्ने उल्लेख छ । कार्यालयले यो बर्ष सिसिटिभी जडान मर्मत तथा सञ्चालनतर्फ देहाय अनुसार ५ पटक रु. ४९१४२२५ खर्च गरेको छ । वडाले आफैले वडा कार्यकक्षमा survilience room स्थापना गरेको देखियो। सिसिटिभी खरिद गर्दा सुरक्षा निकायसँग समन्वय गरी सर्भिलेन्स रुमको उपलब्धताको सुनिश्चतता गरेर प्रतिस्पर्धात्मक विधि मार्फत खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

| गोश्वारा भौचर मिति | फर्मको नाम | सामाग्रीको विवरण | लागत अनुमान | वत्ती संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २-२०८१।६।२३ | भिजन इन्फोटेक प्रा.ली | अद्बैद मार्ग, पुलिस हेल्थ क्लब, बालमिकि क्याम्पस अगाडी जडान | ९९८५०७ | १९ वटा | ९८८८०७ |
| १३-२०८१।७।१३ | हाई भिजन टेक्नोलोजी प्रा.ली | कमलादी तथा बागबजार क्षेत्रमा जडान | ९९९६४४ | २० वटा | ९७७४४४ |
| २३-२०८१।९।१८ | सनसाइन टेक्नोलोजी एण्ड आइटि सोलुसन प्रा.ली | इन्छुमती मार्गमा जडान | ९९९७८६ | २० वटा | ९७८७७७ |
| २५-२०८१।९।१८ | कोर भिजन टेक्नोलोजी प्रा.ली | पुतली सडक क्षेत्रमा जडान | ९९९५४४ | २३ वटा | ९८९२२४ |
| ३५-२०८१।१०।२९ | एस.पि गिगाबाइट सोलुसन्स प्रा.ली | धोबिधारा मार्ग, शहिद गल्ली श्रीनाथ गल्ली, चारभुजा मार्ग र कृति गल्लीमा जडान | ९९९९९१ | १८ वटा | ९७९९७३ |
| जम्मा | | | | | ४९१४२२५ |

१२८.८ **परामर्श सेवा खरिद-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस वडाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार कार्यालय भवन निर्माणको लागि माटो परिक्षण तथा पाइल संरचना निर्माणको लागि बाज्रा कन्सल्टेन्सी प्रालीबाट परामर्शदाता सेवा लिए बापत गोश्वारा भौचर नम्बर ६८-२०८२।३।४ बाट रु.४,०६८००। भुक्तानी गरेको छ। परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै परामर्शदाताबाट कार्य गराई भुक्तानी गरेको छ। कार्यालयले तयार गरेको डि.पि.आरको टि.ओ.आरमा प्रारम्भिक प्रतिवेदन तयारी समय, कार्यालयका पदाधिकारीहरु माझ प्रारम्भिक प्रतिवेदनको छलफल, छलफल पश्चात

कायम सुझाब समेटी अन्तिम प्रतिवेदन तयारी लगायतका विषयहरु समेटी टि.ओ.आर तयार नगरेकोले कार्यालयका सुझावहरु समेटी अन्तिम प्रतिवेदन तयार भएको छ भनी आश्वस्त हुन सकिएन। यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेटको हाराहारीमा लागत अनुमान तयार गरी खर्च गरेको देखिन्छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने अभिलेख राखेको छैन।प्राप्त प्रतिवेदन कार्यान्वयनको सुनिश्चितता हुनुपर्दछ।

१२८.९ **२८-९९-००६८ आइ टि ग्लोबल प्रा लि**-काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ को दफा ६ अनुसार सम्पत्ति कर निर्धारण प्रयोजनको लागि भवन संरचनाले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा मूल्याङ्कनमा समावेश गर्नुपर्ने व्यवस्था छ। तर, भवनले ओगटेको क्षेत्रफल एक रोपनी भन्दा बढी भएमा भवनले ओगटेको क्षेत्रफलमा थप एक रोपनी जग्गा मात्र मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिने व्यवस्था छ। लेखापरीक्षणको क्रममा करदाताको निर्माण स्वीकृति विवरण अनुसार भवनको प्लिन्थ क्षेत्रफल १०४६.९५२९ वर्गमिटर रहेको देखिन्छ। ऐनको व्यवस्था अनुसार भवनको क्षेत्रफलमा थप जग्गा जोड्दा सम्पूर्ण जग्गाको क्षेत्रफल नै समावेश भई जम्मा १४९९.५७ वर्गमिटर (Taxable Plinth) क्षेत्रफल कायम गरी कर गणना गर्नुपर्ने देखिन्छ। तर, पालिकाले कर निर्धारण गर्दा केवल १०४६.४८ वर्गमिटर क्षेत्रफल मात्र कायम गरी कर असुल गरेको पाइयो। तसर्थ, गणनामा छुट भएको ४५३.०९ वर्गमिटर क्षेत्रफलको प्रति आना रु ५० लाखका दरले आ.व. २०७९/८० देखि २०८१/८२ सम्मको सम्पत्ति कर पुनः गणना गर्दा अपुग हुन आएको रकम रु १२८२३३०.१९ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,८२,३३० |

१२९ **वडा नम्बर २९**

१२९.१ **बजेट तथा खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा २९ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | ३,३१,०९,१२० | १८३४५३२९.४६ | ५५.४ |
| पूँजीगत | १०२४१२००० | ६२२५४३९६.२८ | ६०.७८ |
| जम्मा | १३५५२११२० | ८०५९९७२५.७४ | ५९.४७ |

यो बर्ष वडा नं २९ को कार्यालय अन्तर्गत रु १३ करोड ५५ लाख १२ हजार विनियोजन भएकोमा रु ८ करोड ५ लाख ९९ हजार अर्थात् ५९.४७ प्रतिशतमात्र खर्च भएको छ। वडा कार्यालयले पूँजिगत तर्फ ६४ कार्यक्रममा विनियोजन गरेको रकममध्ये २३ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वयनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

१२९.२ **अवण्डा वजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले पुँजीगत तर्फ यस वर्ष वडावासीबाट माग भई आउने अति आवश्यक पूर्वाधार निर्माण सम्बन्धि कार्यक्रम राखी रु १ करोड ५१ लाख ८ हजार अबण्डा राखी रु.१ करोड ४४ लाख ८६ हजार कोटेशन वाट खर्च गरेको छ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।सो

१२९.३

**अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, तथा व्यक्तिहरुलाई रु. २२३२६७१।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन।वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १९४- ०३।१६ | जेष्ठ नागरिक तिर्थाटन भ्रमण | स्काई ईभेन्टस् प्राइभट लिमिटेड, सन्तोष ढुङ्गेल | ३७११८४ |
| ९८- ११।०६ | बानेश्वर फ्रेण्डसिप क्लब खेलकुदका सामाग्री वितरण | इन्टिमेट इन्टरनेशनल नेपाल | ८९९७० |
| ३०- ०६।२० | खेलकुदका सामाग्री वितरण | डि.आर. इन्फ्रास्ट्रक्चर | ९५०४४ |
| ११५- १२।०७ | वडा भित्रका जेष्ठ नागरिकहरुलाई मुक्तिनाथ तिर्थाटन /भ्रमण | पाटन होलिडेज प्रा.लि | ११७८१४३ |
| २१७- ०३।२४ | बाताबरण मैत्री झोला खरिद तथा वितरण | शिवाकोटी व्याग उद्योग | ४९८३३० |
| जम्मा | | | २२३२६७१ |

१२९.४ **जनप्रतिनिधी मार्फत खर्च / पेश्की-** स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीयतहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३- ०५।२० | वडा सदस्य | सन्तोष ढुंगेल | अन्तर वडा फुटसल खेल कार्यक्रम | ३०००० | गोश्वरा भौचर नं २३- ०६।०९ वाट पेश्की फस्यौट गरी नपुग रकम रु . १२०७० सोधभर्ना दिएको |
| ४- ०५।२० | वडा सदस्य | अनिल कुमार श्रेष्ठ | योग ध्यान शिविर कार्यक्रम संचाल | ९०००० | गोश्वरा भौचर नं २२- ०६।१४ वाट पेश्की फस्यौट भएको। |
| | | | | | |

१२९.५ **कर दाखिला-** एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार भुक्तानीमा करकट्टी संघिय सञ्चितकोष दाखिला हुनुपर्दछ। कार्यालयले निम्न गैह्र सरकारी संस्थाहरुको भुक्तानीमा करकट्टी बापतको कर रकम रु१,०९,४१७। संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्नेमा स्थानीय सञ्चितकोष दाखिला गरेकोले उक्त कर रकम संघिय सञ्चितकोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| गौ भौ नं मिती | संस्थाको नाम | व्यहोरा | भुक्तानी रकम | करकट्टि रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| १६९-०२।२७ | समाज परिवर्तनको लागि एकता | बालवालिका को क्षमता विकास परामर्श र लैङ्गिक हिँसा विरुद्ध तालिम | २००००० | ७३२० | २२६८० |
| १८०-०३।०३ | निश्चल महिला सशक्तिकरण | मोति तथा क्रिस्टलको माला बनाउनेकार्यक्रम | १८०००० | ५९४० | २१०६० |
| १७०-०२।२७ | सुर्योदय सामुदायिक सिकाइ केन्द्र | फिनेल वनाउने तालिम | १९०००० | ३०५३ | २५४४७ |
| १७१-०२।२७ | नागरिक सामुदायिक सिकाइ केन्द्र | हार्पिक बनाउने तालिम | ३००००० | ४७७० | ४०२३० |
| जम्मा | | | | | १०९४१७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०९,४१७ |

१२९.६ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष २ पटक रु १९,५५,४३६। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| गो भौ नं र मिति | भुक्तानी पाउने | रकम |
|---|---|---|
| २४।२०८१।१०।२१ | कर्मशिल कन्स्ट्रक्सन | ९७४५१२ |
| ११।२०८१।८।४ | खड्ग ट्रेडिङ सेण्टर | ९८०९२४ |
| जम्मा | | १९५५४३६ |

१२९.७ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु १० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न स्थानको मर्मत कार्य बापत पटक पटक गरी रु. ७१९८१७७।- को सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरी यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वरा भौचर मिती | सामाग्रो व्यहोरा | भुक्तानी पाउने | लागत अनुमान स्टिमेट अनुसार | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३३- ०१। १५ | डिल्लीबजार कालिका मार्गको सहायक गल्लीमा ब्लक राख्ने कार्य | श्री थानापती निर्माण सेवा | ५६०१३८।१६ | ५१७३५६ |
| ४५- ०२। ०८ | सयपत्री गल्लीमा ब्लक बिछ्याउने कार्य | कस्तुरी कन्स्ट्रक्सन | ९९६०६६।४१ | ९८६९०३ |
| १०६- ०३।२२ | डिल्लीबजार कालिका मार्गको सहायक गल्ली कुमारी कोलोनी भित्र ब्लक राख्ने कार्य | श्रीदा बिल्डर्स एण्ड कन्सल्टेन्ट्स | ९४०४०३।८५ | ८८६३२३ |
| ५५- ०२। २६ | कामपा २९ वडा कार्यालय अन्तर्गत विभिन्न स्थानहरुमा ढल मंगाल मर्मत कार्य | पैया खेत देवी निर्माण तथा सप्लायर्स् | ९८९९८४।७६ | ९२६८१५ |
| ८७- ०३। १६ | वडाको विभिन्न स्थानमा सडक कालोपत्र, ढलान , सिमिन्ट व्लक छाप्ने तथा ढल मंगल मर्मत गर्ने कार्य | सिल्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड | ९९७५२५।८१ | ९३९५३५ |
| ९४- ०३। २९ | वडाको विभिन्न स्थानमा सडक कालोपत्र, ढलान , सिमिन्ट व्लक छाप्ने तथा ढल मंगल मर्मत गर्ने कार्य | गिरी एण्ड ब्रदर्स मल्टी कम्पनी प्रा.लि | ९९३०७६।६० | ९५५२०८ |
| ८६- ०३। १६ | का.म.पा २९ वडा का विभिन्न सडक गल्लीमा ढल मंगाल मर्मत तथा सफाई कार्य | ब्रम्हपुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ९८९४४०।१८ | ९२४२४६ |
| १३- ०९। १३ | बास्कोटँ गल्लीमा व्लक छापे कार्य | सेती निर्माण सेवा प्राइभेट लिमिटेड | ७७१०८७।३९ | ७०३६८५ |
| जम्मा | | | | ७११९८१७७ |

१२९.८ **२९-०८-०१६८ गणेश मान श्रेष्ठ-**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१,२०२,४२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१२९.९ २९-२५-०५८३ बालाजी होल्डिङ्स् एण्ड होटल प्रा लि- काठमाडौं महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१ को दफा २(७) अनुसार बहुतले आवासीय भवन वा व्यावसायिक भवन वा अपार्टमेन्टमा रहेको एकाइको सम्पत्ति कर निर्धारण गर्दा एकाइले ओगटेको क्षेत्रफल बराबरको जगा र सो क्षेत्रफल बराबर थप जगाको क्षेत्रफल (जम्मा २ गुणा) कायम गरी कर निर्धारण गरिने व्यवस्था छ।लेखापरीक्षणको क्रममा बालाजी होल्डिङ्स (Balaji Holdings) ले सिल्भरसिटी डेभलपर्स (Silver city Developers) बाट कित्ता नं ३२५, ३२६, ३२७, ३२८, ३२९, ३३०, १६७, १६८, १६८१, १६५५ र २८५४ मा रहेको ७१,५११.०५ वर्गफिट क्षेत्रफलको अपार्टमेन्ट भवन मिति २०७७/०७/०२ मा खरिद गरेको देखिन्छ। हाल उक्त भवनका ९८ वटा फ्ल्याटहरू व्यक्तिगतरुपमा नामसारी भइसकेको पाइयो।आ.व. २०८१/८२ को सम्पत्ति कर गणना गर्दा, ऐनको व्यवस्था बमोजिम ती ९८ वटा फ्ल्याटहरूले ओगटेको कुल क्षेत्रफल र सो बराबरको थप जगा समेत जोडी करयोग्य क्षेत्रफल कायम गर्नुपर्नेमा, सो नगरी केवल भुइँ तल्लाको क्षेत्रफल (Ground Floor Area) लाई मात्र आधार मानी कर गणना गर्दा कर छुट भएको देखिन्छ । तसर्थ, ऐनको व्यवस्था बमोजिम छुट भएको क्षेत्रफलको कर पुनः गणना गर्दा आ.व. २०८१/८२ मा अपुग हुन आएको रकम रु ६३८२४२०.४७ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ६३,८२,४२० |
|---|---|

१३० **वडा नं ३० तर्फ**

१३०.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा ३० तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २३१३५४०० | १८०१०६४९.९० | ७७.८४ |
| पूँजीगत | ११३२००००० | ५२३८५६१६.०३ | ४६.२७ |
| जम्मा | १३६३३५४०० | ७०३९६२६५.९३ | ५१.६३ |

यस वडामा रु १३ करोड ६३ लाख ३५ हजार बजेट विनियोजन गरेकोमा रु.७ करोड ३ लाख ९६ हजार अर्थात ५१.६३ प्रतिशतमात्र खर्च गरेको छ। वडा कार्यालयले पूँजिगत तर्फ ३८ कार्यक्रममा विनियोजन गरेको रकममध्ये १४ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य देखिएको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१३०.२ **अबण्डा बजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस वडाले पुँजिगततर्फ आकस्मिक रुपमा तत्काल गर्नुपर्ने विविध भैपरि कार्य शिर्षकमा राजस्व बाँडफाँडमा रु.३१,००,०००। र समानीकरण अनुदान तर्फ७,३०,०००। समेत ३८,३०,०००। अबण्डा राखी रु. २८,३९,६२६। खर्च गरेको छ। यसरी बजेट अबण्डामा राखी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१३०.३ **जनप्रतिनिधी मार्फत खर्च / पेश्की**- स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यिन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहायअनुसार रहेको छ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ७५-२०८१/१०/०७ | वडा सदस्य | मनोज कुमार डंगोल | वडा अध्यक्ष कप प्रथम ब्याडमिण्टन प्रतियागिता | ४४५३७७ | गोश्वारा भौचर ८८-२०८१/१०/२२ वाट रु.२००००० पेश्की फस्यौट गरी बाँकी नपुग रकम रु.२४५३७७ सोधभर्ना लिएको। |

१३०.४ **अनुदान वितरण**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु. ११६८२७१।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ९७-२०८१/११/२८ | जात्रा पर्व संचालन कार्य | भेरब टोल सुधार उपभोक्ता समित | ५०००० |
| १७८-२०८२/०३/१० | जेष्ठ नागरिकहरुलाई भ्रमण/ अवलोकन कार्यक्रम | आशा खड्का | ३६६८१५ |
| १२०-२०८२/०१/१६ | जेष्ठनागरिकहरुलाई सम्मान कार्यक्रम | बिमला थापा | ४८१९११ |
| ११०-२०८२/०१/०४ | खेलकुद सामाग्री वितरण | कुण्डलिनी सप्लायर्स | ९६७०५ |
| १३९-२०८२/०२/०१ | खेलकुद सामाग्री वितरण | अक्डयलोक ट्रेड लिङ्का | ८७८४० |
| १२९-२०८२/०१/१९ | जात्रा पर्व संचालन | धोबिधारा टोल सुधार समिति | ८५००० |
| जम्मा | | | ११६८२७१ |

१३०.५ **कर दाखिला-** एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार भुक्तानीमा करकट्टी सम्बन्धित राजस्व शीर्षकमा दाखिला गर्नुपर्दछ। कार्यालयले निम्न गैह्र सरकारी संस्थाहरुको भुक्तानीमा करकट्टी बापतको कर रकम रु.३४,२२५। संघिय सञ्चितकोषमा दाखिला गर्नुपर्नेमा स्थानीय सञ्चितकोष दाखिला गरेकोले उक्त कर रकम संघिय सञ्चितकोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| गौ भौ नं मिती | संस्थाको नाम | व्यहोरा | भुक्तानी रकम | कट्टी गर्नुपर्ने रकम | करकट्टि रकम | नपुग रकम |
|---|---|---|---|---|---|---|
| १३२-२०८२/०१/२३ | ऐक्सेल एकेडेमी अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट प्रा.लि | १५दिने बेकरी वनाउने तलिम | १,७५,००० | २६२५० | १४२९२ | ११९५८ |
| १३६-२०८२/०१/३१ | दिल साबुन | साबुन तथा सर्फ बनाउने १५दिनेतालिम कार्यक्रम | ३,००,००० | ४५००० | २२७३३ | २२२६७ |
| जम्मा | | | | ७१२५० | ३७०२५ | ३४२२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,२२५ |

१३०.६ **वडा कार्यालय भवन निर्माण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था छ। कार्यालयले लागत अनुमान रु.४,९१,७०,०४१। रहेको वडा कार्यालय भवन निर्माण कार्यको लागि सबैभन्दा कम कबोल गर्ने मान कार्की मनकामना जे.भिसँग मिति २०८२।१०।७ मा कार्य सम्पन्न गर्ने गरी रु.३,६५,३३,०२४। र मिति २०८१।९।२१ मा सम्झौता भएको पाइयो। कार्यालयले व्यक्तिगत गुठीको जग्गा लिजमा लिई भवन निर्माण कार्य सुरु गरेकोमा निर्माणस्थलमा विवाद उत्पन्न भई लेखापरिक्षण अवधि २०८२।११।११ सम्म पनि निर्माण कार्य सुरु भएको छैन। निर्माणस्थलको सुनिश्चितता वेगर खरिद कार्य प्रारम्भ गरी निर्माण कार्य अलपत्र परेको देखिन्छ ।

१३०.७ **विमा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) घ र ङ मा निर्माण व्यवसायीलाई निर्माणस्थञ्ल सुम्पिएको मितिदेखि त्रुटि सच्याउने अवधिसम्मको विमा गर्नुपर्ने तथा सोही नियमको उपनियम ६ मा नियममा उल्लिखित प्रावधानको प्रतिकुल हुने गरी वीमाको शर्तमा परिवर्तन गर्न स्वीकृति दिएको कारणले हानी नोक्सानी हुन पुगेमा त्यसको जिम्मेवारी त्यस्तो स्वीकृति दिने कार्यमा संलग्न कर्मचारीको हुने उल्लेख छ। कार्यालयले निम्न निर्माण व्यवसायीसँग निम्नानुसार सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माण

कार्यादेश दिएकोमा कार्यादेश प्राप्त मिति देखी कार्यसम्पन्न अवधि र सोको मर्मतसम्भार अवधि १३ महिना सहितको विमा अभिलेख पेश गर्नुपर्नेमा निर्माण कार्य प्रारम्भ भए पश्चात निम्न महिना ढिला तथा कम अवधिको मात्र विमा गरेकोले अनुपातिक रुपमा विमा नभएको अवधिको रु.५०७१ कट्टी गरी असुल हुनुपर्ने रु.

| गो.भौ.नं मिति | निर्माण व्यवसायी तथा उ.सको नाम | कार्य विवरण | कार्य सुरु मिति | सम्पन्न हुनुपर्ने मिति | विमा कम्पनीको नाम | हुनुपर्ने विमा अवधि | भएको विमा अवधी | विमा हुनुपर्ने महिना | घटी विमा अवधि | भुक्तानी रकम | ब भु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भैरबस्थान मन्दिरमा भोज भजन घर निर्माण उ.स | भैरबस्थान मन्दिरमा भोज भजन घर निर्माण कार्य | २०८१।३।१५ | २०८१।९।९ | नेको इन्स्यूरेन्स लि | २०८१।३।१५-२०८२।१०।८ | २०८१।७।७-२०८१।९।९ र १३ महिना | १८ | ४ | २२८२० | ५ |
| | | जम्मा | | | | | | | | | ५ |

| असुल गर्नुपर्ने | ५,०७१ |
|---|---|

१३०.८ **टुक्रा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ। ऐनको दफा ६ र नियमावलीको नियम ८ मा वार्षिक खरिद योजना र खरिदको संभावित प्याकेजको सम्बन्धमा उल्लेख छ। कार्यालयले एकै प्रकृतिका निर्माण कार्यहरुलाई प्याकेजिङ गरी खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायी तथा फर्महरुबाट पटक वा पटक पटक गरी सोझै खरिद गरेको पाइयो। लागत अनुमानलाई टुक्रा पारी प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेका छन्।

| गोश्वरा भौचर मिती | कामको बेहोरा | भुक्तानी पाउने | भुक्तानी रकम |
| --- | --- | --- | --- |
| ७०-२०८२/०३/१७ | भिन्न सडक मार्ग, गल्लीहरुमा मर्मत सम्भार तथा सौन्दर्यकरण गर्ने कार्य | अमुल्य निर्माण सेवा | ९४२०६० |
| ९१-२०८२/०३/२४ | नारायणचौर पार्क सौन्द्रयीकरण गर्ने कार्य | दुरपना निर्माण सेवा प्रा लि | ९६१२३७ |
| २-२०८१/०५/२० | शान्ती गल्ली मैतिदेवीमा ढल वनाइ कंक्रिट ब्लक छाप्ने कार्य | शुभ श्री कन्स्ट्रक्सन कं प्रा.लि | ९८२२९८ |
| २५-२०८१/१२/२६ | ब्यायामशाला ब्यबस्थापन गर्ने कार्य | रोज घिसिङ विल्डर्स एण्ड सप्लायर्स प्रा.लि | ९६६४५१ |
| ३०-२०८१/१२/१० | बिभिन्न गल्लीरुको सडक मार्गमा नामाकरण सहितको प्रवेश द्धार निर्माण | त्रिलोक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड | ९६१२३९ |
| ६४-२०८२/०३/०१ | मैतिदेवी मन्दिर परिसरको साविक धर्मशाला भवन भत्काइ मर्मत संभार गर्ने कार्य | जिबन कन्सट्रक्सन | ९६४१९४ |
| ८-२०८१।७।२ | वडाका विभिन्न स्थानमा ढल तथा मंगाल सफा गर्ने कार्य | कपिलेश्वर निर्माण सेवा | ९६७३०६ |
| १९-२०८१।१०।२३ | चिउरी गल्ली र महाकबी मार्गको सहायक गल्लीमा ढलान | ओम कुवंर निर्माण प्रा.ली | ९६७९६७ |
| २०-२०८१।१०।२३ | प्रभात गल्लीमा ब्लक राख्ने कार्य | एस.वान्तवा कन्स्ट्रक्सन प्रा.ली | ९५२९९२ |

१३०.९ **जनसहभागिता शुन्य भएका योजना** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलिमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन। उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार जनसहभागिता हुने कार्यमा मात्र उपभोक्ता समितिबाट कार्य गराउनुपर्दछ।

| भौचर नम्बर | उपभोक्ता समितिको नाम | कार्य विवरण | सम्झौता मिति तथा सम्पन्न हुनुपर्ने मिति | लागत अनुमान | सम्झौता रकम | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६-२०८१।६।९ | श्री आनन्द भैरब टोल सुधार उपभोक्ता समिति | भैरवस्थान मन्दिर परिसरमा भोज भजन घर निर्माण कार्य | २०८१।३।१५-२०८१।९।९ | ४३४१८६७ | ४३४१८६७ | ४३३१७२७ | निर्माण कार्य, फ्लोरिङ कार्य काठको काम |
| ११-२०८१।९।९ | श्री आनन्द भैरव टोल सुधार उपभोक्ता समिति | भैरवस्थान मन्दिर परिसरमा भोज भजन घर निर्माणको बाँकी कार्य | २०८१।६।१५-२०८१।९।१४ | ३४५६७१० | ३४५६७१० | ३४२३४२५ | निर्माण कार्य,झ्याल ढोका, रुफिङ कार्य तथा विद्युत्तीय कार्य |

१३०.१**परामर्श सेवा खरिद-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस वडाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न कार्यको लागि निम्नानुसारका परामर्शदाताहरुबाट परामर्श सेवा खरीद गरी रु.१९,५५,२६७। भुक्तानी गरेको छ। परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा प्राविधिक कर्मचारी हुँदाहुँदै परामर्शदाताबाट कार्य गराई भुक्तानी गरेको छ। कार्यालयले तयार गरेको डि.पि.आरको टि.ओ.आरमा प्रारम्भिक प्रतिवेदन तयारी समय, कार्यालयका पदाधिकारीहरु माझ प्रारम्भिक प्रतिवेदनको छलफल, छलफल पश्चात कायम सुझाब समेटी अन्तिम प्रतिवेदन तयारी लगायतका विषयहरु समेटी टि.ओ.आर तयार नगरेकोले कार्यालयका सुझावहरु समेटी अन्तिम प्रतिवेदन तयार भएको छ भनी आश्वस्त हुन सकिएन। यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेटको हाराहारीमा लागत अनुमान तयार गरी खर्च गरेको देखिन्छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरुको कार्यान्वयन अवस्था खुल्ने अभिलेख राखेको छैन । प्राप्त प्रतिवेदन कार्यान्वयनको सुनिश्चितता हुनुपर्दछ ।

| गोश्वारा भौचर र मिति | परामर्शदाताको नाम | कार्य विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ५-२०८१।६।४ | काष्टमण्डप एशोसियट्स प्रा.ली | निर्माण कार्य सम्बन्धि परामर्श सेवा वडा भवन निर्माणको डि.पि.आर कार्य | ४९०९८५ | भवन निर्माणको डि.पि.आर तयार भएतापनि जग्गा विवादको कारण कार्यान्वयनमा जान नसकेको |
| २९-२०८१।१२।५ | प्रोटाइम कन्स्ट्रक्सन इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली | मैतिदेविमा आकाशे पुलको डि.पि.आर निर्माण | ४९१५५० | बजेट विनियोजन नभएको र सो स्थानमा आकाशे पुल निर्माणमा विवाद भई कार्यान्वयन हुन नसकेको |
| २४-२०८१।११।११ | विजडम इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली | कालधारामा सार्वजनिक पार्कको डि.पि.आर तयार कार्य | ४९०५३३ | आ.ब २०८२।८३ मा ठेक्का कार्यान्वयनमा रहेको |
| ४७-२०८२।१।९ | कनेक्ट अस प्रा.ली | सि.सि टिभि जडान सम्बन्धि कार्य | ९७९९९ | आ.ब २०८२।८३ मा ठेक्का कार्यान्वयनमा रहेको |
| ७८-२०८२।३।२३ | अटस कन्सल्टेन्ट प्रा.ली | वडाका विभिन्न मार्गमा fire hydrant राख्ने कार्यको डि.पि.आर | ३८४२०० | आ.ब २०८२।८३ मा ठेक्का कार्यान्वयनमा रहेको |
| | | | १९५५२६७ | |

१३०.१**अग्रिम कार्यसम्पादन जमानत-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम निर्माण व्यवसायीलाई ऐनको दफा ५२क. को अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने र उपनियम ४ बमोजिम बैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको हुनुपर्ने उल्लेख छ। कार्यालयले ३० नम्बर वडा कार्यालय निर्माण कार्यको लागि निर्माण व्यवसायी मान कार्की मनकामना जे.भिसंग मिति २०८२।१०।८ सम्म कार्य सम्पन्न गर्ने गरी २०८१।९।२१ मा सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म पनि जग्गा विवादको कारण ठेक्का कार्यान्वियन भएको पाइएन। कार्यालयले निर्माण व्यवसायीलाई प्राइम बैङ्क लिमिटेडबाट जारी भएको मिति २०२५ नोभेम्बर १०(२०८२।७।२४) सम्म अवधि रहेको रु.३१,९४,९५७। मूल्यको अग्रिम बैङ्क जमानतको आधारमा गोश्वारा भौचर २६-२०८१।११।२६ बाट पेश्की भुक्तानी दिएकोमा सोको अवधि समाप्त भएको देखियो। निर्माण सम्पन्न गर्ने अवधि समाप्त हुदाँसम्म पनि निर्माण कार्य सुरु नभएको तथा अग्रिम बैङ्क जमानतको अवधि समेत समाप्त भइसकेको देखिँदा पेश्की भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,९४,९५७ |

१३०.१**३०-१२-०११८ ग्यालेक्सी पब्लिक स्कुल**-काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ । स्कुलको वडा नं ३० स्थित १३ कित्ता जग्गाको सहायक बाटो दररेट रु २५२००००। रहेकोमा रु १९३६०००।गणना गरेबाट कर गणना न्यून भएको छ । उक्त दररेट अनुसार खुद लाग्ने कर रु १५००१४६। असुल गर्नुपर्ने देखिन्छ । साथै विगतको बक्यौता समेत रहेकोमा यो बर्ष रु ११६२५९९। मात्र दाखिला गरेको देखिँदा बाँकी रकम समेत यकिन गरी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००,१४६ |

१३०.१**३०-०१-००११ अशोकराज पाण्डे- काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ ।**लेखापरीक्षणको क्रममा करदाताको वडा नं ३० स्थित कित्ता नं १०७८ र १०८० को जग्गाको दररेट रु २२४००००। कायम गरी गणना गरेको देखिन्छ ।उक्त जग्गासँग जोडिएको निजको नाममा रहेका कित्ता नं १०७९,२७३९,२७४० र १०८१ को जग्गाको दररेट रु २५२००००। का दरले गरेको

देखिन्छ ।उक्त एरियाको सहायक पक्की बाटोमा रु २८०००००। को दररेटमा १० प्रतिशत मात्र छुट दिई प्रति आना रु २५२००००। ले गणना गर्नुपर्नेमा २० प्रतिशत छुट दिई रु २२४००००। ले गणना गरेबाट २० प्रतिशत छुट दिएको देखिन्छ ।यसरी तोकिएको दररेट भन्दा न्यून गणना भई यस बर्ष रु ३०४४९ छुट भएको देखियो । विगत ६ बर्षको छुट भएको रकम रु १८२६९४। सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८२,६९४ |

१३०.१५ **३०-१८-००७५ त्रिवेणी प्रोपर्टिज प्रालि- काठमाडौ महानगरपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८१को अनुसूची ४ मा सम्पत्ती कर प्रयोजनाको लागि जग्गाको प्रतिआना दर उल्लेख छ ।** लेखापरीक्षणको क्रममा करदाताको वडा नं ३० स्थित कित्ता नं कित्ता नं ८२९,१६९० र ३८४३ मा १० प्रतिशत छुट हुनेमा २० प्रतिशत छुट दिएको देखिन्छ । उक्त कित्ताको दररेट रु २८००००। मा १० प्रतिशतले हुने छुट कायम गरि रु २५२००००। कायम गर्दा हुने यो बर्षको न्यून असुली रु ६७९८७। मा विगत वर्ष २०७५।७६ देखिको गणना गर्दा हुने रु ४०७९२२। सम्बन्धितबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०७,९२२ |

१३१ **वडा नं ३१ तर्फ**

१३१.१ **बजेट तथा खर्च** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११९को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा ३१ तर्फ यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | १६२५५९११ | ११४०५८३३ | ७०.१६ |
| पूँजीगत | १६५३००००० | ७१३६०३३८ | ४३.१७ |
| जम्मा | १८१५५५९११ | ८२७६६१७१ | ४५.५८ |

यो बर्ष वडा नं ३१ को कार्यालय अन्तर्गत रु १८ करोड १५ लाख ५५ हजार विनियोजन भएकोमा रु ८ करोड २७ लाख ६६ हजार अर्थात् ४५.५८ प्रतिशतमात्र खर्च भएको छ। पूँजीगततर्फ १०७ कार्यक्रममा विनियोजित बजेट मध्ये ४१ कार्यक्रममा खर्च नभई वित्तीय प्रगति शुन्य भएको छ ।आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ।

१३१.२ **अवण्डा वजेट**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय– व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले पुँजीगत वडावासीबाट माग भई आउने अति आवश्यक पूर्वाधार निर्माण सम्बन्धि कार्यमा आन्तरिक श्रोतबाट रु ५० लाख अवण्डा राखी रु.२३,४३,५८१। खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१३१.३ **जनप्रतिनधी मार्फत खर्च / पेश्की**- स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको पदाधिकारीको काम,कर्तव्य र अधिकार तोकिएको छ । वडा कार्यालयले राजनीतिक पदाधिकारीलाई वडा समिती वाटै निर्णय गराई विभिन्न कार्यक्रम सञ्चालन गर्न जनप्रतिनीधीलाई पेश्की प्रदान गरी खर्च गरेको छ। कानूनले नै कार्यक्रम कार्यावन्यन तथा अनुगमनको विशिष्ट जिम्मेवारी दिएका पदाधिकारी मार्फत कार्यक्रम संचालन गर्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने, कार्यक्रम कार्यान्यन पक्षको निष्पक्ष अनुगमन नहुने अवस्था श्रृजना हुन जान्छ ।तसर्थ पदाधिकारी मार्फत कार्य गराई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय अनुसार रहेको छ।

| गोश्वारा भौचर मिती | पद | नाम | व्यहोरा | पेश्की रकम | कैफियत |
|---|---|---|---|---|---|
| २४९-०३।२५ | वडा सदस्य | अप्सरा खनाल | कार्यालयको सार्वजनीक सुनुवाई कार्यक्रम | ९०००० | गोश्वरा भौचर १६२-०३।२९ वाट रु. ९०००० फस्यौट गरेको। |
| ४६-०७।११ | वडा सदस्य | अशोक के.सि.खत्री | अन्तर वडा स्तरिय फूटसल प्रतियोगिता को लागि खेलकुद समाग्री खरिद | ९९८०१ | |

१३१.४ **अनुदान वितरण**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु.६३६५२५।– खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ।

| गो भौ नं / मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ११८-११।२० | पुरुष फुटवलको लागि फुटवल जर्सी वुट लगायतका सामाग्री वितरण | किङ्ग कम स्पोर्टस क्लब | ९७९०४ |
| ५७-०७।१४ | महिला फुटवल को लागि फुटवल जर्सी वुट लगायतका सामाग्री वितरण | किङ्ग कम स्पोर्टस क्लवले | ९९८९९ |
| १९६-०३।१३ | कार्यालयद्वारा जेष्ठनागरिकलाई धार्मिक अवलोकन तथा भ्रमण | मनकामना टेन्ट एण्ड इभेन्ट्स प्रा.ली | ४३८७२२ |
| | जम्मा | | ६३६५२५ |

१३१.५ **टुक्रा खरिद**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु १० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न स्थानको मर्मत कार्य बापत पटक पटक गरी रु. १०५६९१०४।- को सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरी यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ।

| गोश्वरा भौचर मिती | सामाग्रो व्यहोरा | भुक्तानी पाउने | लागत अनुमान स्टिमेट अनुसार | भुक्तानी रकम |
|---|---|---|---|---|
| ५३-११। ०५ | विनायक कन्स्ट्रक्सन | बाटोमा ब्लक/ ढुङ्गा छाप्ने कार्य | ९९८४१० | ९९२६०८ |
| ३७-०९। २५ | गल्फ कन्स्ट्रक्सन | सिस्ट कलेज अगाडिको बाटोमा ढल राखि ब्लक/ ढुङ्गा छाप्ने कार्य | ९९७९०८ | ९७७६३४ |
| ८-०७। ११ | के एण्ड आर कन्स्ट्रक्सन | बानेश्वर स्थित देउराली मार्गमा ढल राखि ब्लक छाप्ने कार्य | ९९८३८१.३९ | ९८०३२९ |
| १०-०७। ११ | ग्लोवल इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि | संगम चोक मार्ग भित्रि बाटो नर्वदेश्वारी सत्याल समेतको घर जाने बाटोमा ढल राखी ब्लक/ ढुङ्गा छाप्ने कार्य | ९९८८१७ | ९९३८९५ |
| २०-०७। ११ | कोशि विल्डर्स प्रा.लि | क्रिकेट एकेडेमी पेशल अधिकारी समेतको घर जाने बाटोमा व्लक छाप्ने कार्य | ९८३९७० | ९६१३६४ |
| ६१-०१। १५ | माउण्टेन टु तराई कन्स्ट्रक्सन सर्भिस प्रा.ली | भिमसेनगाला मार्गको भित्रीबाटो भगवती तण्डुकार समेतको घर जाने बाटोमा ढल राख्ने तथा ढुंगा छाप्ने कार्य | ९९८७०० | ९९३५८५ |
| ६७-१। १५ | विनायक बिल्डर्स एण्ड सप्लायर्स प्रा.ली | गणेश गिरिको घर जाने बाटोमा ढल हाल्ने तथा ब्लक छाप्ने कार्य | ९९८१०१ | ९९२२३२ |
| ७२-०२। १३ | बज्र तारा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | मितेरी मार्गमा सौन्दर्यकरण गर्ने कार्य | ८८७९४२.९४ | ८६७४७० |
| ७०-०२। १३ | विपान कन्ट्रक्सन प्रा.ली | आलोक मध्य मार्ग लगाएका भित्री बाटोको दायाँ बायाँ पर्खालमा सौन्दर्यकरण गर्ने कार्य | ८४१४६५.३३ | ८२३८३८ |
| ६-७। ११ | युनिक कन्स्ट्रक्सन | एकता मार्ग(चिया अड्डा) भित्रि ढल राखि ब्लक छाप्ने कार्य | ९९८३०१.७३ | ९९१५३६ |
| १६-०७। ११ | कोशि विल्डर्सको | पार्वती श्रेष्ठ(मुकुन्द देवकोटा मार्ग)मा ढल राखि ब्लक छाप्ने कार्य | ९९८९१२.०८ | ९९४६१३ |
| | | जम्मा | | १०५६९१०४ |

१३१.६ **सडक बत्ती जडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष २ पटक रु १९,००,३९९। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन

समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ ।

| गो भौ नं र मिति | भुक्तानी पाउने | रकम |
|---|---|---|
| ८१।२०८२।२।२६ | सिजुवा इलेक्ट्रीकल्स सेन्टर | ९६४४८३ |
| ११।२०८१।७।११ | पाथिभरा इलेक्ट्रिक सप्लायर्स | ९३५९१६ |
| जम्मा | | १९००३९९ |

१३२ **वडा नं ३२ तर्फ**

१३२.१ **बजेट तथा खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ११९ को खण्ड ( क) मा मातहतको विभागीय प्रमुख वा अधिकारीबाट स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने, गराउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ। वडा नं ३२ को कार्यालयमा यो बर्षको बजेट तथा खर्चको स्थिति देहाय अनुसार रहेको छ ।

| बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालूतर्फ | २,०७,१०,८०० | १,३९,३८,७८२ | ६७.३ |
| पूँजीगत | १६,४५,००,००० | १२,०३,४३,४७७ | ७३.१५ |
| जम्मा रु | १८,५२,१०,८०० | १३,४२,८२,२५९ | ७२.५ |

यो बर्ष वडा नं ३२ अन्तर्गत रु १८ करोड ५२ लाख १० हजार विनियोजन भएकोमा रु १३ करोड ४२ लाख ८२ हजार अर्थात् ७२.५ प्रतिशतमात्र खर्च भएको छ। जम्मा १२८ कार्यक्रम मध्ये का.म.पा. ३२ का उत्पिडित दलित समुदायका लागि सिपमुलक तालिम तथा सचेतना कार्यक्रमका लागि रु ५ लाख, सचेतना तथा नागरिक सुनुवाई कार्यक्रम २ लाख, भैपरी पूर्वाधारका लागि रु ४८,००,००० विनियोजन गरेकोमा कुनै कार्यक्रम सञ्चालन गरेको छैन। यस अलवा अन्य २६ कार्यक्रमको खर्च प्रगति शून्य रहेको छ। कोटेश्वर महोत्सव कार्यक्रम सहायताका लागि रु १० लाख विनियोजन गरेकोमा शतप्रतिशत् खर्च गरेको छ भने सामाजिक विकास कार्यक्रममा विनियोजित रु ८ लाखबाट रु १ लाख १८ हजार अर्थात् १४.७६ प्रतिशत खर्च गरेको छ। आवश्कताका आधारमा बजेट विनियोजन गर्ने, बजेट कार्यान्वियनको समयबद्ध उपलब्धि सूचकको आधारमा खर्च गर्ने, कार्यसम्पादन करार गर्ने, प्रगति अनुगमन गर्ने एवं तोकिए अनुसारको क्रियाकलाप सम्पादन हुनुपर्दछ ।

१३२.२ **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। तर वडा कार्यालयले यो बर्ष भैपरी पूर्वाधार उल्लेख गरी रु १७६३३०९०। अबण्डा बजेट राखी विभिन्न स्थानमा स्थानीयको मागको आधार लिई रु १५४६६३५४। खर्च गरेको छ । जस्मा विभिन्न २१ वटा पूर्वाधारको योजनामा रु १० लाख भन्दा कमका योजनामा सोझै खरिद गरेको देखिन्छ । बजेट अबण्डामा राखी वडा समितिको पटके निर्णयको आधारमा खर्च गरेको देखिन्छ । बजेट तर्जुमा गर्दा निर्दिष्ट कार्यक्रम उल्लेख गरेर मात्र खर्च गर्नुपर्दछ ।

१३२.३ **भुक्तानीमा करकट्टी-** आयकर ऐन २०५८ को दफा ८८ मा सेवा तथा परामर्मूश खरिदको भुक्तानीमा १५ प्रतिशत श्रोतमा कर कट्टि गर्नु पर्ने व्यवस्था छ। वडा कार्यालयले मूल्य अभिबृद्धि करमा दर्ता नभएका निम्न फर्म तथा व्यक्तिहरुलाई १५ प्रतिशत श्रोतमा कर कट्टी नगरी भुक्तानी गरेको देखिएकोले निम्न फर्म वा संस्था वाट नपुग रकम असुल गर्ने रु.

| गौ भौ नं मिती | संस्थाको नाम | व्यहोरा | भुक्तानी रकम | करकट्टि रकम | नपुग रकम |
|---|---|---|---|---|---|
| | सार्थक प्रयत्न नेपाल | वाल अधिकार तथा वाल संरक्षण सम्बन्धि अन्तरकृया तथा अभिमुखीकरण कार्यक्रम | २०८००२ | ७२१५ | २३९८५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,९८५ |

१३२.४ **अनुदान वितरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४० को उपनियम(६) मा आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनु पर्ने व्यवस्था छ । वडाले यो वर्ष विभिन्न धार्मिक पूजा, सांस्कृतिक कार्यक्रम तथा खेलकुद सामग्री वितरणका लागि विभिन्न समिति, समाज तथा क्लबहरूलाई रु. १२०१६७२। खर्च गरेको देखियो।यस प्रकारका सहायता प्राप्त गर्ने आधार तथा कार्यक्रम छनोट गर्ने मापदण्ड वा प्राथमिक्ता निर्धारण गरेको देखिएन। वितरित खर्चको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन गर्ने प्रणाली नरहेको देखिँदा यस सम्बन्धमा मापदण्ड तर्जुमा गरी सार्वजनिक खर्चलाई मितव्ययी बनाउनुपर्दछ ।

| गो भौ नं /मिति | व्यहोरा | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ४९-२०८१।१२।०८ | खेलाडिहरुलाई जर्सी,फूटवल वुट टि-सर्ट वितरण | लाली गुराँस सप्लायर्स | २५०८२९ |
| ९०-२०८२।०२।२६ | खेलाडिहरु लाई टयाकसुट, जर्सी फूटवल लगायत सामाग्री वितरण | प्लानिङ्ग ब्वाईज युनाईटेड | ५००००० |
| १४-२०८१।०७।०८ | तिज कार्यक्रम | मजेस्टीक बेन्क्युट एण्ड रेष्टुरेन्ट प्रा.लि. | ४५०८४३ |
| | जम्मा | | १२०१६७२ |

१३२.५ **एकै प्रकृतिको खरिद टुक्राएको**-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने विधिहरु उल्लेख छ । उपदफा (२) मा प्रतिस्पर्दा सिमित हुने गरी टुक्रा परी खरिद गर्न नहुने उल्लेख छ। ऐनको दफा ६ र नियमावलीको नियम ८ मा वार्षिक खरिद योजना र खरिदको संभावित प्याकेजको सम्बन्धमा उल्लेख छ । निर्माणसँग सम्बन्धित कार्यमा यो बर्ष रु ४६३०००००। खर्च गरेकोमा रु ९ लाख देखि १० लाख सम्मको सोझै खरिद गरी भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छ।

| सी नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | भुक्तानी पाउने | खर्च |
|---|---|---|---|
| १ | सहयोगीनगर मार्ग सरस्वती मन्दिर नजिक रिटेनिङ वाल निर्माण कार्य | बि.एस. कन्स्ट्रक्सन | ९६८५५८ |
| २ | प्यागोडा फाइन आर्टर्स एकेडेमी जाने बाटो , सतमार्ग , सुविधा मार्गको भित्री शाखा सडकहरु स्तरोन्नती कार्य . | ओमकार निर्माण सेवा | ९६३५१२ |
| ३ | नरेफाँट प्रहरी बिटसँगैको सार्वजनिक जग्गा संरक्षण गर्ने कार्य . | जलसुरी देवी निर्माण सेवा प्रा. लि. | ९५२१६१ |
| ४ | पुरानो सिनामंगल फुटबल ग्राउण्डदेखि उत्तरतर्फ स्वाबलम्बी मार्ग र अदम्य मार्गमा ढल स्तरोन्नती कार्य . | कामधेनु विल्डर्स प्रा.लि | ९५२०६८ |
| ५ | न्हाकटी मार्गमा सडक स्तरोन्नती कार्य . | परिधी ईन्फ्रा प्रा. लि. | ९४२१५१ |
| ६ | पुष्प मार्गको भित्री बाटो , इरानी चिया पसल अगाडीको बाटो र शुभेच्छा मार्गमा ढल र सडक स्तरोन्नती कार्य . | श्री राम निर्माण सेवा | ९३७३३३ |
| ७ | कोटेश्वर महादेवस्थान मार्ग , वासुकी मा्र्ग , सिद्ध मार्ग , गणेश मार्ग , सामुदायिक मार्ग , सुविधा मार्गमा सडक बत्ती जडान तथा मर्मत कार्य . | पानस मल्टि ईन्जिनियरिङ प्रा.लि | ९३६०९२ |
| ८ | कान्जिरोवा स्कुल अगाडी बर्षायामको पानी व्यवस्थापन गर्ने कार्य | तुलसी भूमी निर्माण सेवा | ९३६००४ |
| ९ | मुनिभैरब मार्ग , कान्तिपुर मार्ग , राजा जनक मार्ग , जनगौरब मार्ग , साइराम मार्गहरुमा सडक बत्ती जडान तथा मर्मत कार्य . | क्रिएसन ट्रेडिङ्ग इन्कर्पोरेटेड प्रा.लि. | ९३५०७५ |
| १० | गैह्रीगाउ स्थित शक्तिविनायक मार्ग तथा शाखआ बाटोहरुका ब्लक निर्माण तथा सडक स्तरोन्नति कार्य | पद्मश्री इन्फ्रास्ट्रक्चर प्रा.लि. | ९३४८९८ |
| ११ | ब्लक नं. १ टाउन प्लानिङ अन्नपूर्ण मार्ग (काठमाडौं भेन्यू नजिक) ढल स्तरोन्नती कार्य . | राइजिङ्ग अर्थ कन्ष्ट्रक्सन प्रा.लि. | ९३४३३३ |
| १२ | सहयोगीनगरका शाखा सडकहरु स्तरोन्नती र सरस्वती मन्दिर परिसर मर्मत संभार साथै सँगै रहेको सार्वजनिक जग्गा संरक्षण गर्ने कार्य | एनी निर्माण सेवा | ९३००६९ |
| १३ | मनोहरा कोरिडोर सडक र सृजनशिल टोलमा सडक बत्ती जडान तथा मर्मत कार्य . | ब्राइट सन कम्पनी प्रा.लि. | ९२६३९७ |
| १४ | न्हाकटी पानी पँधेरोमा धारा मर्मत , बगैंचा स्तरोन्नती र भवन मर्मत तथा रङरोगन कार्य . | नेशनल यूनिक विल्डर्स प्रा.लि. | ९१७५७५ |
| १५ | नरेफाँट फेरिल्याण्ड स्कूल अगाडी र चेतना सहायक मार्गमा सडक स्तरोन्नती कार्य . | टुँडाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ९१४३०८ |
| १६ | सागर मार्ग सहायक बाटो स्तरोन्नति र विश्वमित्र मार्गमा मंगाल सफाइ तथा निर्माण कार्य | गुरु पेमा निर्माण सेवा प्रा. ली. | ९१०२७६ |
| १७ | कोटेश्वर चोक देखि भाटभटेनि छेउ सम्मको चक्रपथ पुर्व ट्र्याक रोडमा ढल तथा मंगाल मर्मत र खहरे सेतो घर छेउ ढल तथा ब्लक निर्माण कार्य | श्री गणेश निर्माण सेवा | ९०४२०३ |

१३२.६ **सडक बत्ती जडान**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष ३ पटक रु २५,७२,९६३। बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन

प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ।

| गो भौ नं र मिति | विवरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| १५७। २०८२। ३।२० | मनोहरा कोरिडोर र सृजनशील टोलमा बत्ती जडान | ब्राइटसन कम्पनी प्रालि | ९२६३९६ | २०८२।३।२० मा खरिद गरेकोमा सोको वारेन्टी अवधि २०८३।८।१८ मात्र रहेको देखिँदा वारेन्टी नखामेको सम्झौतामा २ बर्षको वारेन्टी अवधि हुनुपर्ने |
| १९१। २०८२। ३।२४ | फुलबारी मार्ग नमूना टोल आदिमा बत्ती जडान कार्य | एच डि एस पावर एण्ड सप्लायर्स | ९३२२६१ | २०८२।३।२० मा खरिद गरेकोमा भौचर संलग्न विवरण अनुसार युरो ग्लोबल सर्टिफिकेट अनुसार सोको वारेन्टी अवधि २०८३।८।१८ मात्र रहेको देखिँदा वारेन्टी नखामेको सम्झौतामा २ बर्षको वारेन्टी अवधि हुनुपर्ने |
| | ३२ वडा अन्तरगत विभिन्न स्थान जडीबुटी पाल्पाकोट यतिटोल सरस्वती नगरमा बत्ती जडान | पोखरा ब्राइटसन कम्पनी प्रालि | ७१४३०६ | |
| जम्मा | | | २५७२९६३ | |

१३२.७ **३२-२५-०५७७ वरूण विभरेज नेपाल प्रा लि** -वरुण विभरेज नेपाल प्रा.लि. को स्वामित्वमा रहेका कित्ता नं ४६, १२६, १२८ र १२९ एउटै कम्पाउण्डभित्र रहेको र तिनीहरूको प्रवेशद्वार (Entrance) समेत एउटै रहेको देखिन्छ। तर, पालिकाले सम्पत्ति कर गणना गर्दा कित्ता नं ४६ र १२९ मा प्रति आना रु २४,२०,००० को दर लगाएको छ भने, सोही परिसरभित्रको कित्ता नं १२६ र १२८ (क्षेत्रफल ७३०५.१९ वर्गमिटर) मा प्रति आना रु १६,९४,००० को दर लगाई कम मूल्याङ्कन गरेको पाइयो। तसर्थ, कित्ता नं १२६ र १२८ को जग्गालाई पनि प्रति आना रु २४,२०,००० कै दर कायम गरी आ.व. २०८१/८२ को सम्पत्ति कर पुनः गणना गर्दा अपुग हुन आएको रकम रु १०००६७३ र सोमा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल उपर हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००,६७३ |

१३३ **चःमती जग्गा एकीकरण आयोजना**

**परिचय**-काठमाडौं महानगरपालिका भित्र रहेको अव्यवस्थित संरचना र बसोबासलाई व्यवस्थित गर्ने क्रममा छरिएर रहेका जग्गाका कित्ताहरुलाई जग्गा एकीकरण योजनाको माध्यमबाट विकासको लागि समानुपातिक प्रतिशतका दरले जग्गा कट्टा गरी सुविधा सम्पन्न घडेरीमा परिणत गरी सम्बन्धित जग्गा धनीलाई नै फिर्ता दिने कार्यक्रम अनुसार चःमती क्षेत्रमा जग्गा विकास कार्यक्रम लागु गरिएको हो । यो आयोजना काठमाडौं महानगरपालिका वडा नं. १५ र १६ मा पूर्वमा विष्णुमती नदी, पश्चिममा स्वयम्भु भगवान पाउ वनस्थली सडक, उत्तरमा बालाजु वनस्थली चक्रपथ र दक्षिणमा स्वयम्भु भगवानपाउ विजेश्वरी हुँदै भोभा भगवती मन्दिर सम्म रहेको छ । यो क्रार्यक्रम लागु गर्न नेपाल सरकार बाट २०६०।०१।०५ गते आयोजना क्षेत्रको जग्गा अधिग्रहण गरिएको हो । यसको बाटोको नेटवर्क प्लान र डि.पि.आर. स्थानीय सहयोग समितिको सिफारिस अनुसार नेपाल सरकारबाट मिति २०६०।०८।०१ मा स्वीकृत भएको हो ।

१३३.१**वित्तीय विवरण** आयोजनाको २०८१।८२ को वित्तीय विवरण देहाय अनुसार रहेको छ ।

| सि.नं. | आय शीर्षक | रकम | सि.नं. | व्यय शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १. | गत वर्षको जिम्मेवारी | ९५६४४८६१.५१ | १. | तलब, भत्ता र अन्य सुविधा | १२४०७२४९.९६ |
| २. | उपभोक्ता जग्गाधनीको योगदानबाट प्राप्त रकम | १२३३५१८६ | २. | कार्यालय संचालन खर्च | ४७४८९७६.८१ |
| ३. | अन्य विविध आम्दानी | १६०८१२ | ३. | सार्वजनिक निर्माण खर्च | ८८३४४०१२.४१ |
| ४. | कल खाताको ब्याज आम्दानी | ६५६६७३.१३ | ४. | पेश्की खर्च | ३०२१३२४.६२ |
| ५. | खर्च खाताको व्याज आम्दानी | ८९७०६.०८ | ५. | मौज्दात रकम आम्दानी खाता | १८७९७५३२.६४ |
| ६. | गत वर्षको पेश्की रकम अल्या | २०५४५८७९.२८ | ६. | मौज्दात रकम खर्च खाता | २११४०२१.५६ |
| | धरौटीतर्फ | १५४००८२३.८८ | ७. | धरौटी फिर्ता | २२५७८१६. |
| | | | ८. | धरौटी मौज्दात | १३१४३००७.८८ |
| | जम्मा | १४४८३३९४१.८८ | | जम्मा | १४४८३३९४१.८८ |

आयोजनाको मुख्य आयको रुपमा रहेको सर्भिस प्लट तथा संधियार प्लट बिक्री रहेकोमा सो बाट कुनै आय प्राप्त भएको देखिएन । कर्मचारी खर्चतर्फ रु १ करोड २४ लाख ७ हजार तथा कार्यालय सञ्चालन तर्फ रु ४७ लाख ४८ हजार खर्च भएको देखिन्छ ।

१३३.२ **आयोजनाको कार्यसम्पादन-** काठमाडौँ महानगरपालिकाको वडा नं. १५ र १६ मा सञ्चालित जग्गा विकास आयोजनाको वित्तीय वर्ष २०८१/८२ सार्वजनिक निर्माणतर्फ रु ८८३४४०१२।, कर्मचारी खर्चतर्फ रु. १,२४,०७,२४९।९६ तथा कार्यालय सञ्चालन खर्चतर्फ रु. ४७,४८,९७६।८१ खर्च भएको देखिन्छ। आयोजनाको मुख्य आम्दानी स्रोतको रूपमा रहेको सर्भिस प्लट तथा संधियार प्लट बिक्रीबाट यस वर्ष कुनै आम्दानी भएको देखिएन।मूल उद्देश्य पूर्वाधार विकास तथा प्लट व्यवस्थापन रहेकोमा सोतर्फ कुनै कार्य नभएको र प्रशासनिक तथा सञ्चालन खर्चमात्र रहेको देखिन्छ।त्यसैगरी आयोजनाको क्षेत्रभित्र आयोजनाले विकसित गरेको घडेरीहरुको जग्गाको क्षेत्रफल अनुसारको २७०३ वटा जग्गाहरु क्षेत्रफल अनुसारको विवरण देहाय अनुसार रहेको छ

| घडेरीको क्षेत्रफल | संख्या |
|---|---|
| ०– २ – २ – ० सम्म | ५२० |
| ०– २ – २ – ० भन्दा बढी ० – ४ – ० – ० सम्म | ८५६ |
| ०– ४ – ० – ० भन्दा बढी ० – ८ – ० – ० सम्म | ८४५ |
| ०– ८ – ० – ० भन्दा बढी १ – ० – ० – ० भन्दा कम | ३४५ |
| १– ० – ० – ० भन्दा बढी | १३७ |
| जम्मा कित्ता संख्या | २७०३ |

आयोजनाले पेश गरेको विवरण अनुसार स्थापना अवधिदेखि यो बर्षसम्म कूल प्रशासनिक खर्च रु. २५,९९,१०,००२।६६ ऋण तथा सापटी फिर्ता रु.९,६४,४८,४६०। पूँजीगत खर्च रु. १,२१,६७,४३,३९३।१५ समेत कुल खर्च रु. १,५७,३१,०१,८५५।८१ खर्च गरेको उल्लेख छ। महानगरपालिकाबाट विभिन्न मितिमा लिएको ऋणमध्ये रु. ३,७३,७५,३५०।– फिर्ता गर्न बाँकी रहेको देखियो। ऋण फिर्ता कार्य समयमै सम्पन्न नगर्दा आयोजनाको वित्तीय दायित्व लम्बिएको छ।आयोजना निर्धारित समयसीमा (२.५ वर्ष) भित्र सम्पन्न हुन नसकी २३ वर्षसम्म लम्बिँदा लागत वृद्धि, प्रशासनिक खर्च वृद्धि तथा अवसर लागत समेत बढेको देखिन्छ।यसरी आयोजना कार्यान्वयनमा समय व्यवस्थापन, आम्दानी परिचालन तथा वित्तीय अनुशासनको दृष्टिले अपेक्षित कार्यसम्पादन देखिएको छैन।

१३३.३

**आयोजना हस्तान्तरण-** जग्गा विकास आयोजना २०५९।१।१७ मा स्वीकृत भई २.५ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। हालसम्म आयोजना सञ्चालनको २३ वर्ष व्यतित भइसकेको छ। आयोजनाबाट २७०३ वटा घडेरी विकास, सडक सञ्जाल, ढल, वर्षापानी निकास, खानेपानी, विद्युत तथा हरियाली पार्क निर्माण कार्य प्रायः सम्पन्न भएको देखिन्छ। आयोजनाले तयार गरेको विवरण अनुसार देहाय अनुसारको कार्य गर्न बाँकी रहेको देखिन्छ ।

| क्र सं | हस्तान्तरणमा पर्ने थप जिम्मेवारी | प्लट संख्या | क्षेत्रफल |
|---|---|---|---|
| १ | बाकी सर्भिस प्लट | (१४ वटा) | ४–५–०–३ |
| २ | बाकी संधियार प्लट | (१३ वटा) | १–६–३–० |
| ३ | थप जग्गा दिन बाकी (कम्पाउण्ड भित्रको) | | १०–०–०–१ |
| ४ | नपुग जग्गाको क्षेत्रफल | | १–४–३–० |

आयोजनाको बाँकी सर्भिस प्लट (१४), संधियार प्लट (१३), थप दिनुपर्ने जग्गा तथा नपुग क्षेत्रफल सम्बन्धी विवरण यकिन गरी अन्तिम फरफारक प्रक्रिया सम्पन्न गरिएको छैन। साथै, आयोजनासँग सम्बन्धित प्रशासनिक, प्राविधिक तथा वित्तीय प्रतिवेदन महानगरपालिकालाई औपचारिक रूपमा हस्तान्तरण गरी परियोजना समापन गरेको देखिएन।परियोजना दीर्घकालसम्म सञ्चालन गर्दा प्रशासनिक संरचना निरन्तर कायम राख्नुपर्ने, सञ्चालन खर्च थपिँदै जाने तथा दायित्व व्यवस्थापन जटिल हुने जोखिम हुँने हुँदा बाँकी कार्यको यकिन गरी अन्तिम हिसाब फरफारक, ऋण समायोजन, सम्पत्ति हस्तान्तरण तथा आवश्यक कागजात महानगरपालिकालाई हस्तान्तरण गरी आयोजना सम्पन्न गर्नुपर्दछ।

१३३.४ **धरौटी सदरस्याहा-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६६ मा धरौटी रकम फिर्ता सम्बन्धमा उल्लेख छ । उक्त नियमको उपनियम २ मा धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानूनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाण सहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनुपर्ने उल्लेख छ साथै नियम ६७ तथा नियम ६८ मा धरौटी रकम फिर्ता लिन नआएमा राजस्व दाखिला गर्नुपर्ने उल्लेख छ । आयोजनाको धरौटीतर्फको बैक नगदी किताब अनुसार रु १३१४३००७। धरौटी रहेको देखिएकोमा रु ४२७६७४७। को नाम नामेसी खुलाएको तर बाँकी रकम रु ८८६६२६०। नाम नामेसी नखुलेको विगत देखिको अ ल्या गरेको देखियो । नाम नामेसी तथा प्रयोजन नखुलेको विगत देखिको धरौटी उल्लेखित कानूनी आधारमा सदरस्याहा गरी राजस्व खातामा आम्दानी बाँध्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८८,६६,२६० |

१३३.५ **करारका कर्मचारीलाई उपदान-** चमती जग्गा व्यवस्थापन उप समितिको मिति २०७९।५।१० को ४३ औं बैठकले एजेण्डा नं १० बाट करार सेवामा कार्यरत रहेका सबै कर्मचारीलाई अवकाश हुँदा सेवा अवधि गणना गरी प्रतिवर्ष १ महिना अर्थात ३० दिनका दरले हुन आउने एक मुष्ट रकम उपदान वापत उपलब्ध गराउने निर्णय गरी करारमा कार्यरत देहायका कर्मचारीलाई उपदान वापत रु १०७९५२३।- भुक्तानी गरेको छ।यसरी उपदान भुक्तानी गर्दा आयोजनामा थप व्ययभार पारेको देखिन्छ ।

| **नाम पद** | **तलब स्केल** | **सेवा अवधि** | **प्रतिवर्ष १ महिनाका दरले हुन आउने रकम रु** | **गो भौ न** |
|---|---|---|---|---|
| सहायकस्तर पाँचौ रामेश्वर महर्जन | ३४७३० | १८वर्ष ४ महिना | ६३६७१६ | १७- २०८१।५।१८ |
| सहायकस्तर पाँचौ दिलन कुमार शाक्य | ३४७३० | १२ वर्ष ९ महिना | ४४२८०७ | ९२- २०८१।८।१३ |
| | जम्मा रु | | १०७९५२३ | |

१३३.६ **उपभोक्ता समितिको योगदान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम खुलाउनु पर्ने व्यवस्था छ । त्यस्तै काठमाडौं महानगरपालिकाको सार्वजनिक खरिद

नियमावली, २०७९ को नियम ४१ अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा उपभोक्ता समितिको सहभागिता अनिवार्य हुनुपर्ने व्यवस्था छ । आयोजनाले देहायको निर्माण कार्यहरु गर्ने क्रममा उपभोक्ता समितिको योगदान बेगर सम्पूर्ण रकम आयोजनाले नै व्यहोर्ने गरी ५ उपभोक्ता समितिसँग रु ३ करोड ७९ लाख ४९ हजारको सम्झौता गरी रु १ करोड ३४ लाख ७६ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिमार्फत गरिने निर्माणको कार्यमा जनसहभागिताको अंश सुनिश्चित गर्नुपर्दछ ।

| **सि.नं.** | **उपभोक्ता समितिको नाम** | **कार्य विवरण** | **लागत अनुमान⁄ सम्झौता रकम रु.** | **भुक्तानी रकम रु.** | **उपभोक्ता समितिले व्यहोरेको रु.** |
|---|---|---|---|---|---|
| १. | क्यु ब्लक खुल्ला क्षेत्र पार्क उपभोक्ता समिति | खुल्ला पार्क निर्माण | ७४९८५१२ | २७५२०४७ | ० |
| २. | बिनायक बस्ती दुराफाँट उपभोक्ता समिति | खुल्ला पार्क | ७६३९१३२ | २५८९२०३ | ० |
| ३. | खुल्ला क्षेत्र पार्क निर्माण | पार्क निर्माण | ७६८७८५४ | २७२४५८१ | ० |
| ४. | बाल बगैचा पार्क निर्माण उपभोक्ता समिति | पार्क निर्माण | ७४००३८५ | २७२५४९१ | ० |
| ५. | भचाखुशी तटबन्ध निर्माण समिति | तटबन्ध निर्माण | ७६८९०४८ | २६८५०३४ | ० |
| जम्मा | | | ३७९१४९३१ | १३४७६३५६ | ० |

१३३.७ **पेश्की बाँकी-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी, व्यक्ति, फर्म, संस्थाले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था छ । आयोजनाले देहाय अनुसार निम्न संस्थालाई उपलब्ध गराएको १३ बर्षदेखि फर्स्यौट नभई बाँकी देखिएको म्याद नाघेको पेश्की रु. ३०,०६,३२४।६२ फर्स्यौट गर्नुपर्ने देखिन्छ ।

| क्र.सं. | पेश्की लिनेको नाम | पेश्की भुक्तानी मिति | पेश्की रकम |
|---|---|---|---|
| १ | शहिद गंगालाल प्रगति क्लब | ०६९।१२।२० | ३००६३२४।६ |

## १३४ मनोहरा जग्गा एकीकरण आयोजना

**परिचय** - काठमाडौं महानगरपालिकाको साविक वडा नं. ३५ अन्तर्गत सिनामंगल १क, १ख, कोटेश्वर १ख, १ग, २ख, २ग, ५क, ५ख, ५ग, ९ख, ९ग, ९घ र ७क साथै मध्यपुर ठिमी नगरपालिका वडा नं. १६ र १७ अन्तर्गत साविक दिव्येश्वरी ६क, ५ख, ४ख१ र ७ख मा पर्ने मनोहरा क्षेत्रभित्र भइरहेको अनियन्त्रित तथा अव्यवस्थित आवास क्षेत्रलाई योजनाबद्ध तथा व्यवस्थित बसोबासको योजना बनाई कार्यान्वयन गर्न मिति २०५९ असार ३२ को काठमाडौं महानगरपालिकाको बोर्ड बैठकबाट निर्णय भइ जग्गा एकिकरण कार्यक्रम लागु गर्न काठमाडौं उपत्यका नगर विकास समितिबाट मिति २०५९ चैत्र २६ मा योजना स्वीकृत भएको थियो । ५ वर्ष भित्र कार्य सम्पन्न गर्ने लक्ष्य सहित संचालित उक्त कार्यक्रमको अनुमानित लागत रु.७० करोड ९५ लाख रहेकोमा तोकिएको अवधि भन्दा करिब १८ वर्ष भन्दा बढी समयावधि ब्यतित भएको छ ।

१३४.१ **वित्तीय विवरण-** मनोहरा जग्गा एकिकरण आयोजनाको आर्थिक वर्ष २०८१।८२ को वित्तीय विवरण देहाय अनुसार रहेको छ ।

| सि.नं. | आय शीर्षक | रकम | सि.नं. | व्यय शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १. | गत वर्षको जिम्मेवारी | ७४२५०२७ | १. | तलब, भत्ता र अन्य सुविधा | १५९१३०६८ |
| २. | महानगरपालिकाबाट ऋण सापटी | १५००००००० | २. | कार्यालय संचालन खर्च | १७९७५२४२ |
| ३. | अन्य विविध आम्दानी | ६८६३२९ | ३. | सार्वजनिक निर्माण खर्च | १८५६२८३५७ |
| ४. | बिकसित घडेरी विक्रीबाट आम्दानी | १००१२५९९३ | ४. | पेश्की खर्च (गत वर्षको) | १४५२७९९४ |
| ५. | सधियार प्लट बिक्री तथा न्युनतम थप | ८८२००७१६ | ५. | पेश्की खर्च | १९२३६६१९ |
| ६. | गत वर्षको पेश्की रकम अल्या | २०५०२२७९ | ६. | मौज्दात रकम आम्दानी खाता तथा खर्च खाता | १२१०५११६२ |
| ७. | गत वर्षको खर्च खातामा बैंक रकम अ.ल्या. | ७३९२०९८ | ७. | | |
| | जम्मा | ३७४३३२४४३ | | **जम्मा** | ३७४३३२४४३ |

१३४.२ **ऋण फिर्ता** आयोजनाबाट प्राप्त विवरणका आधारमा काठमाडौँ महानगरपालिकाबाट मनोहरा जग्गा एकीकरण आयोजनालाई प्रदान गरिएको ऋण तथा फिर्ता सम्बन्धी विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | मिति | विवरण | रकम रु |
|---|---|---|---|
| १ | क) ऋण दायित्व विभिन्न मितिमा महानगरपालिकाबाट प्राप्त | | ३९९०००००० |
| २ | ग) ०८१।१०।२० कामपालाई ४-३-१-० जग्गा दिएकोले मिति २०८१।९।२० को ३३ औँ जग्गा व्यवस्थापन उप-समितिको बैठकबाट स्वीकृत | | -२८५०३३८०६।९ |
| ३ | ग) बाँकी ऋण रकम | | ११,३९,६६,१९३।०६ |

काठमाडौँ महानगरपालिकाबाट विभिन्न मितिहरुमा आयोजनालाई सापटी दिइएको ऋण मध्ये रु ११,३९,६६,१९३।०६ फिर्ता गर्न बाँकि देखिएको छ ।

१३४.३ **आयोजना हस्तान्तरण-** मिति २०५९ असार ३२ को काठमाडौं महानगरपालिकाको बोर्ड बैठकबाट निर्णय भइ जग्गा एकिकरण कार्यक्रम लागु गर्न काठमाडौं उपत्यका नगर विकास समितिबाट मिति २०५९ चैत्र २६ मा योजना स्वीकृत योजना अनुरुप ५ वर्ष भित्र कार्य सम्पन्न गर्ने लक्ष्य सहित संचालित आयोजना उक्त आयोजना २१ वर्षको अवधिसम्म सम्पन्न भएको देखिएन ।आयोजना निर्धारित समयसीमा (५ वर्ष) भित्र सम्पन्न हुन नसकी २१ वर्षसम्म लम्बिँदा लागत वृद्धि, प्रशासनिक खर्च वृद्धि तथा अवसर लागत समेत बढेको देखिन्छ। आयोजनामा कार्यरत कर्मचारीलाई निजहरुको नियमित कार्य सम्पादनका लागि आयोजना भत्ता वापत यस वर्ष २५ कर्मचारीहरुलाई रु.३०८४९५१।०० भुक्तानी गरेको छ ।यसरी आयोजना कार्यान्वियनमा समय व्यवस्थापन, आम्दानी परिचालन तथा वित्तीय अनुशासनको दृष्टिले अपेक्षित कार्यसम्पादन देखिएको छैन।परियोजना दीर्घकालसम्म सञ्चालन गर्दा प्रशासनिक संरचना निरन्तर कायम राख्नुपर्ने, सञ्चालन खर्च थपिँदै जाने हुँदा बाँकी कार्य तदारुकताका साथ सम्पन्न गरी आयोजना हस्तान्तरण गर्नुपर्दछ ।

१३४.४ **डि.पि.आर. खर्च-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ ।पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट रु ४१७९१८९ ।मा गराई प्रतिवेदन प्राप्त गरेको छ ।परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयमा शहरी योजना आयोगमा विज्ञहरु १३ जना रहेको तथा श्रम बैङ्क मार्फत ७० भन्दा बढी

कर्मचारीलाई आयोगमा आबद्ध गराई खर्च गरेको छ । उपलब्ध जनशक्तिबाट गराउन नसकिने कार्यहरु मात्र परामर्शदाताबाट गराउनुपर्नेमा प्राविधिक कर्मचारी हुँदाहुँदै बाह्य परामर्शदाताबाट कार्य गराई अतिरिक्त व्ययभार परेको देखिन्छ।

| सिन | फर्मको नाम | कामको विवरण | भुक्तानी विवरण |
|---|---|---|---|
| १ | राईजिङग कर्णाली इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | अरनिको उत्तर खण्ड म थि न पा १तर्फको दिव्यश्वरी ५ ख खुल्ला क्षेत्रको विस्तृत डिजाइन र ढलान डिजाइन | १४६०५२५ |
| २ | आर एस जि इन्जिनियरिङ सर्भिस प्रा लि | Consulting Service for preparation of detail engineering survey, report preparation of multi purpose old age citizen park construction design works of J1,I8 and A3 Block Open area desgin KMC 32 | ५५१२१४ |
| ३ | राइट भिजन इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा लि | अरनिको उत्तर खण्ड म थि न पा १ दिव्यश्वरी ४ ख तर्फको विछ्याइएका ढलहरुको सर्भे गरी प्रोफाइल वनाउने कार्य | ११३१०१७ |
| ४ | पावर नेपाल कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा लि | अरिनको राजमार्ग दक्षिण म थि न पा २ साविक दिव्यश्वरी ७ ख तथा ६ क को खोलाको बहाव तथा सिमाङकन कार्य । | ५६३१३५ |
| ५ | एफ आई.टी इन्जिनियरिङ सर्भे कन्सल्टेन्सी प्रा लि | अरनिको उत्तर खण्ड म थि न पा २तर्फको दिव्यश्वरी ७ क सार्वजनिक जग्गाको सिमाकन तथा रेखाकन छुटायाइ दिने सम्वन्धमा । | ४७३२९८ |
| जम्मा | | | ४१७९१८९ |

१३४.५ **उपभोक्ता मार्फत सिमा भन्दा बढीको खरिद-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि उल्लेख छ जसको उपनियम (१)मा रु एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख छ । देहाय अनुसारका ५ उपभोक्ता समितिलाई देहाय अनुसार रु १ करोड भन्दा बढीको योजनामा सम्झौता गरी भुक्तानी गरेको छ । नियमावलीले उल्लेख गरेको सीमाभन्दा रु २४८०६८९८। बढीको कार्य गराई भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु

| सि.नं. | उपभोक्ता समितिको नाम | विवरण | सम्झौता रकम | भुक्तानी रकम | जम्मा | सीमाभन्दा बढीको कार्य |
|---|---|---|---|---|---|---|
| १ | श्री सिद्धीकाली उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाउने कार्य | ७३८८७५१ | ७१६२६२८ | १४४९१५९९ | ४४९१५९९ |
| | श्री सिद्धीकाली उपभोक्ता समिति | उ स अध्यक्ष सुदिप डंगोल सचिव आस्था खड्का | ७८३०९९९ | ७३२८९७१ | | |
| २ | श्री गणेश उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाइ बाटो खोल्ने कार्य | ७७२५४६४ | ७४२६८०३ | २१५८१२८० | ११५८१२८० |
| | श्री गणेश उपभोक्ता समिति | उ स अध्यक्ष रबिन बाडे सचिव दिनेश बाडे | ७५१९५२२ | ७०७७२३९ | | |
| | श्री गणेश उपभोक्ता समिति | | ७५१९५२२ | ७०७७२३९ | | |
| ३ | श्री वगलामुखी उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाइ बाटो खोल्ने कार्य | ७६४२६७० | ७१५०९१२ | १४०९७५०५ | ४०९७५०५ |
| | श्री वगलामुखी उपभोक्ता समिति | उ स अध्यक्षको नाम सबिन ड्डगोल सचिव दिपा कवे | ७२७१६३६ | ६९४६५९३ | | |
| ४ | श्री सफल दिव्यश्वरी उपभोक्ता समिति | विभिन्न ब्लकमा वाँकी बाटोमा ढुगाको सिमा पर्खाल लगाउने कार्य | ७९१६४४५ | ७४९११०५ | १४६३६५१३ | ४६३६५१३ |
| ५ | श्री सफल दिव्यश्वरी उपभोक्ता समिति | उ स अध्यक्ष पुरुषोत्तम खड्का सचिव हरिभक्त हायजु | ७६७८३२७ | ७१४५४०९ | | |
| जम्मा | | | | | | २४८०६८९७ |

| | |
|---|---|
| अनियमित भएको | २,४८,०६,८९७ |

१३४.६ **बत्ती जडान र मर्मत**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पनि सार्वजनिक निकायले खरिदको विकल्प, खरिद कार्य सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम र समय लगायतका विषयहरु संलग्न गरी खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने तथा नियम ३(क) मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने र ३(घ) मा खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने तथा सोही नियमावलीको नियम १११ मा गुणस्तर नियन्त्रण र व्यवस्थापन सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। वडाले यस बर्ष २ पटक रु.२०,७३,२००. बराबरको सडक बत्ती खरिद गरेको देखिन्छ । खरिद गरिएका बत्तीहरुको को गुणस्तर परीक्षण तथा वारेन्टी सम्बन्धि कागजात श्रेस्ता साथ संलग्न गरेको छैन। कार्यालयले खरिद गरेका यस प्रकारका सडक बत्तीहरु सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा समेत जिन्सी अभिलेख राखेको छैन । वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । नयाँ बत्ती जडान गरेको स्थानमा विगत कुन समयमा खरिद गरेको हो र सोको वारेन्टी अवधि भित्र भए। नभएको यकिन गरेर मात्र कार्य गर्नुपर्नेमा गरेको देखिएन साथै उक्त खरिद पटक पटक नगरी प्रतिस्पर्धात्मक विधिमार्फत गर्नुपर्दछ।

| सि.नं. | गो भौ नं | विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १५०।२०८१। ९।८ | ५० वाटको फ्लोड लाइट २७०० को दरले ५० थान | कुण्डलिनि सप्लायर्स | १३५०००० | मनोरम नगर समाजलाई हस्तान्तरण |
| २ | ३३५।२०८२। ३।२८ | ५० वाटको अटो डिमिङ लाइट रु ८००० का दरले ८० थान | रेजिम स्टेशनरी एण्ड जनरल सप्लायर्स | ७२३२०० | मनोरम नगर समाजलाई हस्तान्तरण |
| जम्मा | | | | २०७३२०० | |

१३४.७ **निर्माणजन्य खरिद** - आयोजनाले आर्थिक वर्ष २०८१।८२ मा उपभोक्ता समिति र ठेक्का मार्फत् सम्झौता गरेका कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

| जम्मा योजना संख्या | उपभोक्ता समिति मार्फत | | निर्माण व्यवसायी मार्फत | |
|---|---|---|---|---|
| | योजना संख्या | रकम | योजना संख्या | रकम |
| ४१ | १९ | १२५६४२००४ | २२ | १९४६१८४४ |

यस आर्थिक वर्षमा आयोजनाले सञ्चालन गरेका कुल ४१ योजना मध्ये सोझै खरिद मार्फत् २२ वटा योजनामा रु.१ करोड ९४ लाख ६१ हजारको सम्झौता गरेको छ भने उपभोक्ता समिति मार्फत् सञ्चालित १९ योजनामा रु.१२ करोड ५६ लाख ४२ हजार खर्च गरेको छ । योजना संचालन सम्झौता गरेको छ । आयोजनाले उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेतको विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

१३४.८ **टुक्रा खरिद**- सार्वजनिक खरीद नियमावली ६४ को नियम ८५ (१)ख अनुसार खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने तथा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ पालिकाले वार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउ पत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा निर्माणजन्य खरिद कार्य गर्दा टुक्रा पारी खरिद गरिएको निम्न उदाहरण रहेका छन्।

| गो भौ नं र मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ६५।२०८१।६।१८ | टेवा पर्खाल लगाउने काम | सिम्लेश्वर निर्माण सेवा प्रालि | ९७५३१४ |
| ६३।२०८१।६।१८ | बाटो ग्राभेल गर्ने कार्य | नयन तारा निर्माण सेवा प्रालि | ९७८१५० |
| ५५।२०८१।६।१४ | स्टोन मेसनरी वाल | माम्ती भिमसेन कन्स्ट्रक्सन प्रालि | ८६२२०३ |
| २७३।२०८२।१।१६ | सब ग्रेडिङ तथ रोलिङ | फाल्गुनन्द निर्माण सेवा | ९३२०३९ |
| २८६।२०८२।१।२२ | टेवा पर्खाल लगाउने काम | महालक्ष्मी एण्ड मनकामना माइ निर्माण सेवा | ९२९७२० |
| जम्मा | | | ४६७७४२६ |

१३४.९ **लागत सहभागिता शुन्य भएका योजना**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १क मा एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ तथा सोहि नियमको ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । साथै नियमावलीको नियम ९७ को उपनियम ३ न(क१) साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान समेत सम्झौतमा खुलाउनुपर्ने उल्लेख छ । संघीय तथा प्रादेशिक खरिद ऐन तथा नियमावलिमा जनसहभागिता शुन्य हुने वा जनसहभागितानै नहुने व्यवस्था नरहेको अवस्थामा समेत जनसहभागिता नहुने कार्यमा उपभोक्ता समितिद्धारा कार्य गराउन सकिने देखिदैन। उपभोक्ता समितिबाट गरिने कार्यहरूमा उपभोक्ताहरूको समेत जनसहभागिताको अंश रहने गरी कार्य गराउनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ताबाट हुने जनसहभागिताको अंश समेत भुक्तानी हुँदा पालिकालाई थप व्ययभार पर्न गएको देखिन्छ ।तर आयोजनाले देहायको निर्माण कार्यहरु गर्ने क्रममा उपभोक्ता समितिको योगदान बेगर सम्पूर्ण रकम आयोजनाले नै व्यहोर्ने गरी प्रचलित कानूनी व्यवस्था विपरित खरिद सम्झौता वापत यस वर्ष रु.१२ करोड ५६ लाख ४२ हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिको शून्य लागत सहभागिताका आयोजनाहरु देहाय अनुसार रहेका छन् ।

| सि.नं. | उपभोक्ता समितिको नाम | काम | सम्झौता रकम | भुक्तानी रकम | उपभोक्ताको योगदानको अंश |
|---|---|---|---|---|---|
| १ | श्री मनोरम उपभोक्ता समिति | फुटपाथ निमाण ढल व्यवस्थापन | ५५७०९१० | ५१२०५९२ | ० |
| २ | श्री सिद्धीकाली उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाउने कार्य | ७३८८७५१ | ७१६२६२८ | ० |
| ३ | श्री गणेश उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाई बाटो खोल्ने कार्य | ७७२५४६४ | ७४२६८०३ | ० |
| ४ | श्री मनोहरा क्षेत्र विकास उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाई ह्युम पाईप विछ्याउने कार्य | ६१३४३२४ | ५६५४४३५ | ० |
| ५ | श्री लक्ष्मण उपभोक्ता समिति | सिमा पर्खाल लगाई माटो फिलिङ कार्य । | ७७०४२४८ | ६४८४७३१ | ० |
| ६ | श्री मनोहरा एकता समाज उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाई माटो फिलिङ कार्य । | ६७५५९३९ | ५७४९६१२ | ० |
| ७ | श्री वगलामुखी उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाई बाटो खोल्ने कार्य | ७६४२६७० | ७१५०९१२ | ० |
| ८ | श्री पाल्पाकोट उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाई बाटो खोल्ने कार्य | ८४९६८४९ | ७३५५५७३ | ० |
| ९ | श्री सफल दिव्यश्वरी उपभोक्ता समिति | विभिन्न ब्लकमा बाँकी बाटोमा ढुगाको सिमा पर्खाल लगाउने कार्य । | ७९१६४४५ | ७४९११०५ | ० |
| १० | श्री हनुमानथान उपभोक्ता समिति | ढलान कार्य र खुल्ला क्षेत्रमा माटो फिलिङ्ग कार्य । | ७८४०२७५ | ७७०१६८० | ० |
| ११ | श्री जय गणेश उपभोक्ता समिति | हनुमन्ते किनारामा ढुगाको सिमा पर्खाल लगाउने कार्य | ५३३८९४४ | ४८८६९०५ | ० |
| १२ | श्री ॐ सनातन गुठी भवन उपभोक्ता समिति | दिव्यश्वरी ६ क ८ मी बाटोमा ढुगाको सिमा पर्खाल लगाउने कार्य | ४११५०३७ | ३७१८८४८ | ० |
| १३ | श्री गणेश उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाई माटो फिलिङ्ग गरी बाटो खोल्ने कार्य | ७५१९५२२ | ७०७७२३९ | ० |
| १४ | श्री सफल दिव्यश्वरी उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाई माटो फिलिङ्ग गरी बाटो खोल्ने कार्य | ७६७८३२७ | ७१४५४०९ | ० |
| १५ | श्री पुरानो मनोहरा सभ्यता उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाई माटो फिलिङ्ग गरी बाटो खोल्ने कार्य | ८४११३३८ | ७०१७९१६ | ० |
| १६ | श्री विनायक उपभोक्ता समिति | ढलान तथा ईटाँ सिमाना एजिङ्ग लगाउने कार्य | ८२३११७५ | ७१४४८१५ | ० |
| १७ | श्री वगलामुखी उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाई माटो फिलिङ्ग गरी बाटो खोल्ने कार्य | ७२७१६३६ | ६९४६५९३ | ० |
| १८ | श्री गणेश उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाई माटो फिलिङ्ग गरी बाटो खोल्ने कार्य | ७५१९५२२ | ७०७७२३९ | ० |
| १९ | श्री सिद्धीकाली उपभोक्ता समिति | ढुगाको सिमा पर्खाल लगाई माटो फिलिङ्ग गरी बाटो खोल्ने कार्य | ७८३०९९९ | ७३२८९७१ | ० |
| | | जम्मा | | १२५६४२००४ | ० |

१३४.१**पेश्की बाँकी** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी, व्यक्ति, फर्म, संस्थाले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था छ ।आयोजनाले विभिन्न

प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई उपलब्ध गराएको म्याद नाघेको पेश्की रु.१२४६६३१९।- नियमानुसार पेश्की फछ्यौंट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिनेको नाम | जम्मा पेश्की रकम |
|---|---|---|
| क) | उपभोक्ता समिति तर्फ | |
| १ | जय दिव्यश्वरी उपभोक्ता समिति | २३८०४८६ |
| २ | पाल्पाकोट मनोहरा उपभोक्ता समिति | २६१९६०४ |
| ३ | खानेपानी खरिबोट बाटो स्तरोन्नति उपभोक्ता समिति | २४९१९४४ |
| | जम्मा | ७४९२०३४ |
| ख) | संस्थागत पेश्की | |
| १ | नेपाल विद्युत प्राधिकरण पुरानो बानेश्वर | ४९७४२८५ |
| | फछ्यौंट गर्न बाँकि कूल पेश्की रकम | १२४६६३१९ |

| | |
|---|---|
| पेश्की | १,२४,६६,३१९ |

१३५ **हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रम**

**परिचय** – नेपालको सामाजिक, साँस्कृतिक तथा धार्मिक इतिहास बोकेको हनुमानढोका दरबार क्षेत्रको संरक्षण, सम्बर्द्धन, व्यवस्थापन तथा आन्तरिक र बाह्य पर्यटकहरुलाई सहजिकरण गर्ने उद्देश्यले यस कार्यक्रमको स्थापना २०५८ सालमा भएको हो । हाल यस कार्यक्रमले दरबार क्षेत्रमा आउने बाह्य पर्यटकबाट प्रवेश शूल्क संकलन तथा दरबार क्षेत्रको व्यवस्थान र जात्रा पर्व व्यवस्थापन गर्दै आएको छ ।

**वित्तीय विवरण**- हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको आ.ब २०८१।८२ को वित्तीय विवरण निम्नानुसार छ।

| सि.नं. | आय | रकम | सि.नं. | व्यय | रकम |
|---|---|---|---|---|---|
| १ | गत वर्षको मौज्दात | | १ | तलब पारिश्रमिक तथा अन्य | २९०८१६८१.८ |
| | राजस्व खाता | १११४२२०३१.६४ | २. | कार्यालय संचालन खर्च | १२०३१६६७.२८ |
| | खर्च खाता | ४८८४०२६.३ | ३. | पूँजीगत खर्च | ९८४६६५ |
| | धरौटी तर्फ | ९२८२७८८.३८ | ४. | सांस्कृतिक जात्रा पर्व संचालन खर्च | १०३८०८१८ |
| २ | यस बर्षको आम्दानी | | ५. | सांस्कृतिक सम्पदा संरक्षण तथा पर्यटन प्रवर्द्धन र क्षमता अभिवृद्धि विविध कार्यक्रम | १८९४२४८० |
| | पर्यटन शुल्क | १९४६६१५०० | ६. | जनचेतना अभिवृद्धि तथा सैन्दर्य अभिवृद्धि कार्यक्रम | ५२६०१४ |
| | छाँयाङ्कन र अन्य शुल्क | ७३३९०६ | ७. | हनुमानढोका दरबार संग्राहलय विकास समितिलाई एकल टिकटको रकम भुक्तानी | २९९२४९५० |
| | | | ८. | सार्वजनिक निर्माण तथा पूँजीगत सुधार | ४२३१४४९ |
| | | | ९. | धरौटी फिर्ता | ५८६४१६८ |
| ३ | धरौटी खाता | | १०. | बैंक मौज्दात | |
| | धरौटी आम्दानी | १२०६८९ | ११. | आम्दानी खाता | १५९६१७४३७.६४ |
| | | | १२ | खर्च खाता | ४५९८०३०१.२२ |
| | | | १३ | धरौटी खाता | ३५३९३०९.३८ |
| | जम्मा | ३२११०४९४१.३२ | | जम्मा | ३२११०४९४१.३२ |

१३५.१ **राजश्वको लक्ष्य र प्रगति-** यस हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको आर्थिक वर्ष २०८१।८२ को राजश्वको लक्ष्य र प्रगतिको विवरण देहाय बमोजिम रहेको छ ।

| सि नं | राजश्वको शिर्षक | लक्ष्य | प्रगति | लक्ष्यको तुलनामा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | पर्यटन सेवा शूल्क | १८०००००००० | १९४६६१५०० | १०८.१५ |
| २ | छायाँकन शूल्क तथा अन्य | ५००००० | ७३३९०६ | १४६.७८ |
| | जम्मा | १८०५०००००० | १९५३९५४०६ | १०८.२५ |

उपरोक्त विवरण अनुसार यस कार्यक्रमले पर्यटन सेवा शूल्कमा १८ करोड राजश्व संकलनको लक्ष्य राखेकोमा १९ करोड ४६ लाख ६१ हजार संकलन गरेको देखिन्छ भने छायाँकन शूल्क तथा अन्यमा ५ लाखको राजश्व संकलनको लक्ष्य राखेकोमा ७ लाख ३४ हजार संकलन गरेको देखिन्छ । यस आर्थिक वर्षमा सार्क र विम्स्टेकबाट ५०५३३ र अन्य राष्ट्रबाट १६९३९५ गरी जम्मा २१९९२८ जना पर्यटकले यस हनुमानढोका दरबार क्षेत्रको भ्रमण गरेको देखिन्छ । उक्त पर्यटकबाट प्राप्त पर्यटन सेवा शूल्कमा राजश्व संकलनको लक्ष्यको तुलनामा १०८.१५ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ भने छायाँकन शूल्क तथा अन्यमा लक्ष्यको तुलनामा १४६.७८ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ ।

१३५.२ **निर्माण कार्य व्यवस्थापन** – यस हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको आर्थिक वर्ष २०८१।८२ मा ठेक्का र कोटेशन मार्फत् सम्पन्न गरेको निर्माण कार्यको विवरण देहाय बमोजिम छ ।

| योजना संख्या | ठेक्का मार्फत | | कोटेशन मार्फत | |
|---|---|---|---|---|
| ८ | संख्या | रकम | संख्या | रकम |
| | २ | १७४०१५६ | ५ | २४०२२३५ |

उपरोक्त विवरण अनुसार यस आर्थिक वर्षमा कार्यालयले सञ्चालन गरेका कुल ७ योजनाहरु मध्ये ठेक्का मार्फत् २ वटा योजनामा रु.१७ लाख ४० हजार र कोटेशन मार्फत् ५ योजनामा रु.२४ लाख २ हजार समेत गरी जम्मा रु.४१ लाख ४२ हजार खर्च गरेको छ ।

१३५.३ **टुक्रा खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१)अनुसार रु १० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । नमुना छनौट विधिबाट परीक्षण गर्दा कार्यालयले यस आर्थिक बर्षमा विभिन्न स्थानको मर्मत कार्य बापत पटक पटक गरी रु. ३३,५९,७५३।- को सोझै खरिद गरेको देखियो । प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरी यस प्रकारको खरिदमा नियन्त्रण गर्नुपर्दछ ।

| गोश्वरा भौचर मिती | गोश्वरा भौचर नं. | खरिदको बेहोरा | फर्म/उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|---|---|
| ०६/१६/२०८१ | ८२ | जात्रापर्वमा विभिन्न स्थानमा विजुली बत्ती मर्मत तथा जडान कार्य | वन स्टेप ट्रेडिंग प्रा.लि. | ४५७३२७ |
| ०६/१६/२०८१ | ८३ | इन्द्रजात्रा पर्वको लागि रथ मार्गहरुमा ढुंगा छापिएको सडक तथा बाटो मर्मत कार्य | सेती देवी निर्माण सेवा | ४२७२४४ |
| ०६/२०/२०८१ | ८५ | मठ मन्दिरहरुमा झल्लर राख्ने कार्य | कन्स्ट्रक्सन संसार विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | ९५७५१८ |
| ११/११/२०८१ | २३३ | हनुमानढोका परिसरमा विभिन्न मर्मत कार्य , टेलिया ईटा छाप्ने तथा भुति सःको काठको बार फेर्न कार्य | सिन्धुली गढीमाई कन्स्ट्रक्सन प्रा.लि. | ९१३८९४ |
| ०३/१८/२०८३ | ४४९ | जनसेवको छाना मर्मत कार्य | थानापति निर्माण सेवा | १३८०५६ |
| ०३/२४/२०८२ | ४७८ | कार्यालय अन्तर्गतको भवन , काउन्टर शौचालय आदी मर्मत कार्य | तिरुपती निर्माण कम्पनी प्रा.लि | ४६५७१४ |
| जम्मा | | | | ३३५९७५३ |

१३५.४ **हनुमान ढोकाका विभिन्न मन्दिरहरुमा रंगरोगन कार्यक्रम-** लागत अनुमान तयार गर्दा स्वीकृत दररेट अनुसार बिश्लेषण गरीतयार गर्नुपर्दछ । कार्यालयले डबल कोटेट डबल बोइल लिनसिड आयल पेन्टिङ कार्यको लागि सिपालु ४ जना र अदक्ष कामदार ४ जना तथा लिनसिड आयल ११ लिटर परिमाण लाग्ने गरी प्रति बर्ग फिट ११.३६ को दरले दर विश्लेषण गरेको छ । उक्त कार्यको लागि भवन विभागबाट स्वीकृत नर्म्सको बुदा नम्बर जे ७ मा डबल कोटको लागि २ जना ज्यामी, २ जना दक्ष कामदार र ५ लिटर लिनसिड आयल लाग्ने गरी दर विश्लेषण गरेको छ। जस अनुसार उक्त कार्यको लागि प्रति बर्ग फिट रु.५.६७ मात्र लाग्ने देखिन्छ। कार्यालयले २५४६९.७८ बर्ग फिटमा उक्त कार्य गर्नको लागि रु.११.३६ का दरले रु.२८९३३६। को लागत अनुमान तयार गरेकोमा भवन विभागको नम्स अनुसार रु१४४४१४। मात्र लाग्ने देखिन्छ। भवन विभागबाट स्वीकृत नर्म्स भन्दा बढी संख्यामा कामदार र आयल प्रयोग हुने गरी दर विश्लेषण गरेकोले रु.१४४९२२। बढी व्यय भार परेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४४,९२२ |

१३५.५ **जिन्सी दाखिला -**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **९८,१९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **८६,११५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>भुक्तानीमा करकट्टी - आयकर ऐन, २०५८ को दफा ८९ अनुसार भुक्तानी हुने रकममा १.५ प्रतिशत करकट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले का म पा शहरी योजना आयोगको नीति,योजना र बजेट समिक्षा कार्यक्रम संचालन गर्न प्रतिक श्रेष्ठलाई दिएको पेश्की फर्स्यौट गर्दा गोकर्ण फरेष्टको रु.३,३४,०९५। को विलमा १.५% ले हुने रु ५,०११। करकट्टी गरेको नदेखीएकोले सोको करकट्टी भएको प्रमाण पेश हुनुपर्ने रु</td><td>५,०११</td></tr>
<tr><td>२</td><td>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४(१) मा सार्वजनिक निकायले मालसामान खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाइन, लगायतका विवरणहरु तयार गर्नुपर्ने उल्लेख छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९४(३) मा जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने र उपनियम ४ मा उपनियम १ वा २ बमोजिम कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनामिना नहुने गरी स्रेस्ताको लगत कायम गर्नुपर्ने नियम ९९ बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेकोले खरिद गरेका मेनहोल कभरको स्थिति खुल्ने विवरण लेखापरीक्षण समक्ष प्राप्त भएन। राज एण्ड रिवाज सप्लायर्स प्रालिबाट देहाय अनुसारका मेनहोल कभर खरिद बापत महानगरले गो.भौ.नं. ५७-२०८१।५।३० बाट रु.६०,०१,६६८। र गो.भौ.नं ३१०-२०८१।७।५ बाट रु १,२९,२०,९४०। समेत रु १,८९,२२,६०८। भुक्तानी गरेको छ ।
<table>
<tr><th>S.N.</th><th>Description of works</th><th>Unit</th><th>Quantity</th></tr>
<tr><td>१</td><td>Supplying २४ " dia ७० kg C.I. manhole round cover with square frame (IS १७२६ ) having Kathmandu Metropolitan office logo as per instruction of site Engineer</td><td>Nos</td><td>१०००</td></tr>
<tr><td>२</td><td>Supplying २६ " dia ८५ kg C.I. manhole round cover with square frame (IS १७२६ ) having Kathmandu Metropolitan office logo as per instruction of site Engineer</td><td>Nos</td><td>१४०३</td></tr>
<tr><td>३</td><td>Supplying २८ " dia ११६ kg C.I. manhole round cover with square frame (IS १७२६ ) having Kathmandu Metropolitan office logo as per instruction of site Engineer</td><td>Nos</td><td>७५</td></tr>
</table>
उल्लिखित ३ साइजका मेनहोल कभर खरिद गरेकोमा कार्यालयले प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट १,१३७ मेनहोल कभर जडान गरी प्रति कभर रु.२०,४६३। (मू.अ.कर समेत) मूल्यका ७८ थान जडान गर्न बाँकी रहेको बिवरण पेश गरेकोले बाँकी मेनहोल कभर जडान गरेको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>१५,९६,११४</td></tr>
</table>

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : काठमाडौं महानगरपालिका , काठमाडौं महानगरपालिका , काठमाडौं

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सरोज प्रसाद गुरागाई | २०८१-६-७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | बसन्त अधिकारी | २०७९-५-१० | २०८१-१०-४ |
| कार्यालय प्रमुख | प्रदीप - परियार | २०८०-१०-१० | २०८१-६-७ |
| लेखा प्रमुख | शिव राज अधिकारी | २०७९-८-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १६५,८८८,४३१.७८ | ३२७,३२०,५६० | १२०,५६८,४७०.८४ | ० | ० | ८५,९०१,७६७ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६९९,६७९,२२९.६२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ८१,५१७,०३४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | १,६०१,१२५ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६१९,७६३,३२०.६२ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १३७८६०५४९६७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २२६४०७२३४० | चालु खर्च | ६२२९०३२३४४.०४ |
| प्रदेश सरकारबाट अनुदान | १४२६१२००० | पूँजीगत खर्च | ६८०७८९६८७५.८ |
| राजश्व बाँडफाँट | २३५१४९६२५०.८४ | वित्तीय/अन्य व्यवस्था | २१३६१३२७९९.६६ |
| आन्तरिक आय | ५९५९६८७१८१.४७ | | |
| अन्य आय | २४००४५४००५.७४ | | |
| कुल आय | १३११८३२१७७८.०५ | कुल खर्च | १५१७३०६२०१९.५० |
| बाँकी मौज्दात | | ११७३१३१४७२५.५५ | |

## अनुसूची - २

## बेरूजु दफा ७८.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| s n | System Name | Deparments | System's link | Purpose | Status | Cost (with VAT) | Purchased Date |
|---|---|---|---|---|---|---|---|
| १ | निशुल्क उपचार सहजिकरण सेवा | Health department | http://freehealth.kathmandu.gov.np/ | १० % Free health service in private hospitals record and management. | Running | Health department | Unknown |
| २ | Electronic Health management Information System | Health Department | https://ehirrs.kathmandu.gov.np/ | all ward clinic and KMC hospital -asset management, patient reporting, lab reporting. | Running | Health department | Unknown |
| ३ | स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली | Health Department | https://hims.kathmandu.gov.np/ | | merged to ehirrs system. | Health department | Unknown |
| ४ | Insurance system | Health Department | https://uhpc.kathmandu.gov.np/ | Health insurance reporting system. | Running | Health department | Unknown |
| ५ | फोहरमैला व्यवस्थापन प्रणाली | Environment Department | https://clean.kathmandu.gov.np/ | waste management and collection system of KMC. | Running | ४८५९०० | ६५४८१ |
| ६ | डाटा कलेक्सन प्रणाली | Social Department | https://datacollection.kathmandu.gov.np/ | GIS Data collection, waste data collection and other data collection required. | Running | ४८५९०० | ३/ २४ / २०८० |
| ७ | पार्किङ्ग व्यवस्थापन प्रणाली | सडक यातायात Section | https://parking.kathmandu.gov.np/ | Smart Parking Purpose. | Developed and Hosted in Government Server. Not Started in function. | ४८३६४० | २/ २२ / २०८० |
| ८ | इजलास व्यवस्थापन प्रणाली | Law Department and Wards | https://ijalas.kathmandu.gov.np/ | Mudda files and docs management, Pesi Tarik , faisala notification system. | Running | ४८०००० | १२/ १३ / २०७७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | विद्युतीय नक्शा पास प्रणाली | शहरी व्यवस्थापन विभाग | https://ebps.kathmandu.gov.np/ | Electronic Building Permit purpose. | Running | | |
| १० | महानगर विद्युतीय खबरपत्रिका | IT Department | https://metronews.kathmandu.gov.np/ | Reflecting news and notices of KMC through news portal. | Running | ४९०००० | २/ २२ / २०८१ |
| ११ | आईटी विभाग परियोजना<br>व्यवस्थापन र निगरानी प्रणाली | IT Department | https://itsvms.kathmandu.gov.np/ | Archival of source code of softwares in KMC and software documentation. | Running | ४८८००० | ६५८१५ |
| १२ | Kathmandu Website | IT Department | https://kathmandu.gov.np/ | Information portal of KMC. | Running | ४९१५५० | ६४८३९ |
| १३ | नागरिक बडापत्र प्रणाली<br>(Digital Information Display System) | IT department | https://citizencharter.kathmandu.gov.np/ | Service Information portal for citizens of KMC. | Running | ४८४७७० | ६५९९५ |
| १४ | Card Printing System | IT department | https://card.kathmandu.gov.np/ | ID card printing and documentation system for staffs, elected officials, volunteers, teachers etc. | Running | ४६६६९० | ४/ २७ / २०७८ |
| १५ | KMC Chat Bot System | IT department | https://chatbot.kathmandu.gov.np/ | Integrated in website for service information display . | Running | ४७४६०० | ६४९९३ |
| १६ | कामपा मोवाईल एप | IT department | smartpalika.kathmandumetropolitancity | Integrated mobile application portal of KMC. | Running | ४९५००० | ५/ २४ / २०७९ |
| १७ | GRM system (Call Center) | IT Department Call Center | https://gunaso.kathmandu.gov.np/ | Call center grivances management system. | Running | ४९५००० | ६५३८३ |
| १८ | Office Automation System | Administration Department | https://eoffice.kathmandu.gov.np/ | Online darta, chalani, tippani and letter integrated with | Running | १९९२०९९ | ३/ २४ / २०८१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | digital signature. | | | |
| १९ | सिफारिस तथा प्रमाणित | Administration Department | https://sifarish.kathmandu.gov.np | Online sifaris system for ३२ ward offices. | Running | १९६१२२८ | १२/ २९ / २०७८ |
| | प्रकृया व्यवस्थापन प्रणाली | | https://esifarish.kathmandu.gov.np/ | | | | |
| २० | Attendance software | Administration Department | http://hrm.kathmandu.gov.np/ | Online Attendance management system for staffs of KMC. | Running | ४८८७२५ | ६५१७४ |
| २१ | अनलाइन आवेदन प्रणाली | Administration Department | https://onlineapplication.kathmandu.gov.np/ | Online vacancy application portal of KMC. | Running | Admin Department | Unknown |
| २२ | Intern आवेदन प्रणाली | Administration Department | https://internship.kathmandu.gov.np/ | Application portal for interns. | Running | ४९४३७५ | ५/ १९ / २०७९ |
| २३ | Audit Software | Internal Audit Unit | audit.kathmandu.gov.np | KMC Internal audit management software. | Running | Internal Audit Section | Unknown |
| २४ | कर तथा राजश्व भुक्तानी प्रणाली | Revenue Department | https://eservice.kathmandu.gov.np/ | Online revenue and tax collection from ward levels of KMC. | Running | १९- २० lakh (approx) | |
| | | | https://rev.kathmandu.gov.np/ | | | | |
| | | | https://tax.kathmandu.gov.np/ | | | | |
| २५ | E-rental System | Revenue Department | N/A | Platform for tenant and customer for easy rental management in KMC. | Development Phase | Revenue department | Unknown |
| २६ | कक्षा ११ छात्रवृत्ति आवेदन प्रणाली | Education Department | https://entrance.kathmandu.gov.np/ | Scholarship application and management platform for grade ११ and १२ . | Running | Education Dept | Unknown |
| २७ | परिक्षा सञ्चालन तथा | Education Department | N/A | In use for report generation .This FY iemis used from | In use for report generation . | Education Dept | Unknown |
| | | | | | This FY | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन प्रणाली ( कक्षा ८) | | | Nepal GOV for class ८ Exam | iemis used from Nepal GOV for class ८ Exam | | |
| २८ | Nikasha software | Education Department | N/A | Managing Nikasa of School in Online Platform. | ८०-८१ Used ( This FY not In Use) | Education Dept | Unknown |
| २९ | Public Toilet App | PPP Unit | https://publictoilets.kathmandu.gov.np/ | Record management of Public Toilet and<br>Inventory management of public toilet. | Running | PPP Unit | Unknown |
| ३० | QR Code System | Hanumandhoka Durbar Square Office,<br>Heritage Department | http://qr.kathmandu.gov.np/ | Information dispatch through QR for visitors in hanumandhoka. | Running | ४७४६०० | ६५६३५ |
| ३१ | संस्था दर्ता तथा नवीकरण सूचना प्रणाली | Social Department | Public IP - १०३ . ६९ . १२५ . १३० | Registration of NGO, INGO and social institution . | Running | ४९२००० | १/ १६ / २०७७ |
| ३२ | IT Conference Website | City Planning Comission | kmcitconference.kathmandu.gov.np | For conference program proposed by KMC. | Developed and Hosted in Government Server.<br>Not Started in function. | approx ४ . ५ - ५ lakhs | २०८० |
| ३३ | Contractual Income Management System | PPP Unit | http://१९२ . १६८ . १ . २६ / | Managing the projects of PPP Unit. | Running | approx ४ . ५ - ५ lakhs | २०८० |
| ३४ | Metro Mart System | Cooperative Department | metromart.kathmandu.gov.np | Platform for managing Online Business inside KMC. | On Process | Sahakari Bivag | २०८१-८२ |
| ३५ | Suchi Darta System | Kharid Unit | Suchidarta.kathmandu.gov.np | Suchidarta firms | Running | Kharid Unit | २०८१ |
| ३६ | श्रमबैक आवेदन प्रणाली | | https://jobs.kathmandu.gov.np/ | Job Application portal. | Running | Unknown | २०८२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३७ | City Hall Booking System | Rastrya Sabhagriha | cityhall.kathmandu.gov.np | For managing hall booking of Sabhagriha | Development Phase | approx ४ lakh | २०८२-०६ |
| ३९ | Plan and Project Management System (PPMS) | Public Works Department | N/A | Plan and Project Management for Public Works Department. | Development Phase | Public Works Dept | Unknown |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।